CC-0. In Public Domain. Digitization by eGangotri

देववाणी

DEVAVĀṆĪ

देवघाट धाम विशेषाङ्क

(सनातन संस्कृतिका अभिव्यञ्जक अनुसन्धानात्मक चारभाषा वाङ्मुष्पहरूको संगालो)



देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्

केन्द्रीय कार्यालय भद्रकाली मन्दिर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



नेपालको पहिलो केबुल कार

मनकामना जाने सपना साकार

सत्रौं शताब्दीदेखि मनकामना देवी नेपाल अधिराज्यभरि भगवतीको रूपमा मान्य एवं विशिष्ट देवी रहेकी छिन् । ठूलो जनविश्वास छ कि मनकामना माईले भाकल गरेअनुसार चिताएको कुरा पूरा गर्दछिन् । आजभन्दा पहिले मनकामना जान आँबुखैरेनीघाट पांच घण्टाको ठाडो उकालो चढ्नुपर्थ्यो अब भने भक्तजनहरूको सपना साकार भएको छ । मनको इच्छा पुऱ्याइदिने देवीको दर्शनको साथसाथै प्राकृतिक सौन्दर्यको आनन्द अब सजिलोसंग मनकामना केबुलकार चढेर गर्न सकिन्छ ।

मनकामना दर्शन (प्रा.) लि.

MANAKAMANA DARSAN Pvt.Ltd

पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल

फोन नं. ४३४६१०, ४३४८२५, ४३४८३०

फ्याक्स: ९७७-१-४३४५१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं. ३४१०

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्द्वारा नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा प्रकाशित अनुसन्धानमूलक वार्षिक पत्रिका

देववाणी

संयुक्ताङ्क (५, ६), देवघाट धाम विशेषाङ्क (भाग १)

संरक्षक

बडागुरुज्यू श्री केशरिराज पाण्डे

प्रमुख संस्थापक अध्यक्ष

आचार्य नारायणप्रसाद शर्मा तिम्सिना 'मधुप'

सम्पादक

रामहरि तिमल्सिना

प्रकाशक

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्

भद्रकाली मन्दिर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्
भद्रकाली मन्दिर, काठमाडौं

वर्ष ६	अङ्क ५, ६ (संयुक्ताङ्क, देवघाट धाम विशेषाङ्क, भाग १)	२०६०

प्रकाशित प्रति— १०००

Acc. 25026
26027

मूल्य—
ने. रू. ४५०।- (व्यक्तिगत)
ने. रू. ६००।- (संस्थागत)
भा. रू. ३००।- (व्यक्तिगत)
भा. रू. ४००।- (संस्थागत)

मुद्रक
डबली अफसेट प्रेस
बल्खु, काठमाडौं, फोन नं. ४-२७९६३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

A research oriented annual magazine published by Devaghat Vedic Adhyatmik Seva Parisad in Nepali, Sanskrit, Hindi and English

DEVAVĀṆĪ

Combined Issues, (5th, 6th) Devaghat DhamBisheshank (Part -I)

Patron
Reverend Guru Kesari Raj Pandey

Chief Founder Chairman
Acharya Narayan Prasad Sharma Timsina 'Madhup'

Editor
Ramhari Timalsina

Publisher
Devaghat Vedic Adhyatmic Parisad
Bhadrakali Mandir, Kathmandu

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Publisher
Devaghat Vedic Adhyatmic Seva Parisad
Bhadrakali Mandir, Kathmandu

6th year	5th, 6th issue (Devaghat Dham Special Combined Issue)	2060

Published Copies: 1000

Price:
N.C. Rs. 450/- (individual)
N.C. Rs. 600/- (instutional)
I.C. Rs. 300/- (individual)
I.C. Rs. 400/- (institutional)

Printer
Dabali Offset Press
Valkhu, Kathmandu, Ph. No. 4-279633

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरस्वती श्रुतिमहती महीयताम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुण्येऽस्मिन् देवघट्टे सुरमुनिमहिते वैष्णवीचक्रनद्योः
संस्तुत्ये सङ्गमे यः सकृदपि कुरुते स्नानसन्ध्यादिकृत्यम् ।
माघे मासे प्रयागे सवनयजनतः तीर्थराजे फलं यत्
एकाहेनैव सर्वं तदिह सुकृतिना प्राप्यते निश्चयेन ।।

— सोमनाथोपाध्यायधिमिरे व्यासः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ का महावाणीहरू

बुद्धद्वारा युगौंअघि प्रतिपादित ज्ञानमार्ग समस्त मानव जातिका लागि जीवनबोध गर्ने आदर्शमार्ग हो । शान्ति, सहिष्णुता तथा मानवताका सम्बन्धमा बुद्धका उपदेशहरू द्वन्द्वबाट आक्रान्त आजको समाजमा अझ बढी महत्त्वपूर्ण छन् ।

मानव-मानवबीचको अहं र व्यक्तिवादी प्रवृत्तिबाट सिर्जित आजको यस जटिल परिस्थितिमा भगवान् बुद्धका शान्ति र अहिंसाजस्ता शाश्वत सन्देश अझ सार्थक र मननयोग्य छन् ।

कर्मयोगका प्रतिपादक भगवान् श्रीकृष्णका दिव्य ज्ञानमा अन्तर्निहित सत्य, न्याय, सच्चरित्रताजस्ता नैतिक मान्यतामा अडिग रही सबैलाई शान्ति एवं सत्कर्ममा लाग्न प्रेरणा प्राप्त होस् ।

– श्री ५ ज्ञानेन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं, नेपाल

पौष २३, २०६०

प्रधानमन्त्री

शुभकामना

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्ले "देववाणी" देवघाट धाम विशेषाङ्क प्रकाशनमा ल्याउन देखाएको तत्परताको म प्रशंसा गर्दछु ।

वैदिक तथा आध्यात्मिक ज्ञान-गुनका विषयवस्तुहरूलाई नेपाली समाजमा प्रवाहित गर्दै लाने कार्यमा यस संस्थाले आफ्नो स्थापनाकालदेखि प्रदर्शन गर्दै आइरहेको सक्रियता तथा रचनात्मक सेवा निःसन्देह स्वागतयोग्य छ । म यस परिषद्को धार्मिक तथा सांस्कृतिक सेवाभावको सराहना गर्दछु साथै यस विशेषाङ्क प्रकाशनको पूर्ण सफलताको शुभेच्छा व्यक्त गर्दछु ।

(सूर्यबहादुर थापा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेन्द्रनाथ शुक्ल
मन्त्री
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री ५ को सरकार

अफिस फोन:– ४२२५५७९
फ्याक्स:– ४२२७७५८
E-mail: motca@ntc.net.np
सिंहदरबार, काठमाडौं, नेपाल
आवास फोन:– ५५२४९६०
पुल्चोक, ललितपुर, नेपाल ।

मिति:– २०६०।१०।२

पत्र संख्या:–

शुभकामना

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्द्वारा विभिन्न प्राज्ञ, विद्वान्, विदुषी एवं स्वामीमहाराजहरूको महत्त्वपूर्ण लेखसहितको अनुसन्धानमूलक पत्रिका "देववाणी" पाँचौं अङ्क देवघाट धाम विशेषाङ्क भाग १ प्रकाशित हुन लागेको थाहा पाउँदा मलाई ज्यादै खुसी लागेको छ ।

यस पत्रिकाले महत्त्वपूर्ण ऐतिहासिक, धार्मिक, पौराणिक, पुरातात्त्विक, पर्यटकीय एवं सांस्कृतिक महत्त्वलाई झल्काउनुका साथै विभिन्न अध्ययन एवं अनुसन्धान गर्ने व्यक्ति एवं पाठक वर्गलाई महत्त्वपूर्ण सहयोग पुग्नेछ भन्ने विश्वासका साथ यस पत्रिकाको पूर्ण सफलताको कामना गर्दछु ।

(सर्वेन्द्रनाथ शुक्ल)
मन्त्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्ले २०५५ सालदेखि २०५८ सालसम्ममा देववाणी पत्रिकाको चार अङ्क प्रकाशित गरिसकेको छ । श्रद्धेय पाठकहरूको यसप्रतिको स्नेहले नै यो संभव भएको हो । समाजमा नौलो जागरण आओस् भन्ने हेतुले धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक खोजमूलक कार्यलाई प्रोत्साहित गर्ने उद्देश्यले यो पत्रिकाको प्रकाशन गरिएको छ । यो अङ्क २०५९ र २०६० को संयुक्ताङ्क देवघाट धाम विशेषाङ्क (भाग १)को रूपमा प्रकाशित भएको छ । यस अङ्कमा देवघाट क्षेत्र, धर्म, अध्यात्म, संस्कृति, इतिहास, पर्यटन आदि विविध विषयका लेखहरू समाविष्ट छन् र यस पत्रिकाले विगत अङ्कहरूमा भन्दा निकै ठूलो आकार धारण गरेको छ ।

यस पत्रिकाको गरिमावृद्धिमा सहयोग गर्नुहुने प्राज्ञ-विद्वान्-विदुषी, समाजसेवी, साहु-महाजन, सन्त-स्वामीहरू एवं पत्रकारहरूमा यो परिषद् कृतज्ञता व्यक्त गर्दछ ।

देववाणीको यो ५, ६ अङ्क "देवघाटधाम विशेषाङ्क"लाई महावाणी प्रदान गरिबक्सिनुहुने श्री ५ महाराजाधिराज, सम्माननीय प्रधानमन्त्री सूर्यबहादुर थापाज्यू एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सर्वेन्द्रनाथ शुक्लज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस पत्रिकाको प्रकाशनमा अथक सहयोग गर्नुहुने सम्पादक रामहरि तिमल्सिना, विज्ञापनदाता संस्थाहरू एवं मुद्रणमा सहयोग गर्नुहुने सहयोगीहरूप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै महान् तीर्थस्थल देवघाट धाममा हुने मकर संक्रान्ति मेलाको पावन अवसरमा सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा शुभकामना व्यक्त गर्दछु ।

आचार्य श्री नारायणप्रसाद शर्मा तिम्सिना 'मधुप'
अध्यक्ष
देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्
केन्द्रीय कार्यालय, भद्रकाली मन्दिर, काठमाडौं
सम्पर्क फोन नं. ४-३३२०३१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्को गतिविधि

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्को विधिवत् स्थापना २०५३ साल फाल्गुण ३० गते जि. प्र. का. काठमाडौँमा यो संस्था दर्ता गरी भएको थियो । अहिले यस संस्थाको कार्यालय काठमाडौँको भद्रकालीमा रहेको छ । यस संस्थाबाट संस्थाको उद्देश्यअनुरूप हालसम्म विभिन्न कार्यहरू गरिएका छन् । तीमध्ये प्रमुख कार्यहरूको संक्षेपमा जानकारी प्रस्तुत गरिन्छ–

१. देववाणी पत्रिकाको प्रकाशन

क) प्रथम अङ्क– यो अङ्क २०५५ साल वैशाखमा प्रकाशित भएको थियो । यसमा नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए ।

ख) दोस्रो अङ्क– २०५६ सालमा जेठमा यो अङ्क प्रकाशित भएको थियो । यसमा नेपाली, नेपाल भाषा, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए ।

ग) तेस्रो अङ्क– यो अङ्क २०५७ साल कार्त्तिकमा प्रकाशित भएको थियो । यसमा नेपाली, नेपाल भाषा, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए ।

घ) चौथो अङ्क– यो अङ्क २०५८ साल माघमा प्रकाशित भएको थियो । यसमा नेपाली, नेपाल भाषा संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए ।

ङ) पाँचौँ र छैटौँ अङ्क– यो अङ्क २०६० साल फागुन महिनामा प्रकाशित भएको छ । यसमा नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित छन् । २०५९ सालमा प्रकाशित नभएकोले यो अङ्क संयुक्ताङ्कको रूपमा ठूलो आकारमा प्रकाशित भएको छ ।

२. धार्मिक पूजा–अर्चना

क) २०५६ साल चैत्रमा भद्रकालीमा श्रीमद्देवीभागवत पुराण समारोहको आयोजना ।

ख) २०५९ साल चैत्रमा भद्रकालीमा श्रीमद्देवीभागवत पुराण समारोहको आयोजना ।

३. विद्वान्को अभिनन्दन

क) २०५६ सालमा डा. विष्णुराज आत्रेयको अभिनन्दन ।

यस संस्थाको विधानअनुसार प्रत्येक २/२ वर्षमा कार्यकारिणी पदाधिकारीहरूको निर्वाचन हुन्छ । जसअनुसार २०५९ सालमा गठित कार्यकारिणीको स्वरूप निम्नानुसार छ–

अध्यक्ष– आचार्य श्री नारायणप्रसाद शर्मा तिम्सिना 'मधुप'

उपाध्यक्ष– श्री सीताराम तिमिल्सिना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महासचिव– श्री महेश्वर शर्मा पौडेल
सचिव– श्री गोपालप्रसाद शर्मा लम्साल
सहसचिव– श्री दिलीप अधिकारी
कोषाध्यक्ष– श्री नारायणप्रसाद श्रेष्ठ
सह कोषाध्यक्ष– श्रीमती कामेश्वरी ढुङ्गेल
सदस्यहरू– श्री सुधा पौडेल
श्री रमाकान्त मैनाली
श्री कृष्णमुरारी तिमिल्सिना
श्री शिखरनाथ तिमिल्सिना
श्री भरतलाल श्रेष्ठ

२०५७ सालमा गठन गरिएको सल्लाहकार मण्डलको स्वरूपमा कुनै परिवर्तन भएको छैन । उहाँहरूको नामावली देववाणी अङ्क ३ मा प्रकाशित छ ।

सदस्यता

यस संस्थाको विधानअनुसार सदस्यताको वर्गीकरण यस प्रकार गरिएको छ–

१. प्रवेश सदस्यता शुल्क रू. ११।–
२. साधारण सदस्यता शुल्क रू. १०८।– जम्मा रू. ११९
३. वार्षिक क्रियाशील सदस्यता शुल्क रू. ५०१।– सम्म
४. आजीवन सदस्यता शुल्क रू. ५,००१।–
५. संस्थागत सदस्यता शुल्क रू. १०,००१।–
६. मानार्थ सदस्यता शुल्क रू. २५,००१।–

यस अनुसार वार्षिक क्रियाशील सदस्यता लिनुहुने महानुभावहरूको नामावली–

१. श्री किरण अर्याल, डिल्लीबजार, मुनाल ट्राभल्स, काठमाडौं
२. श्री नारायणभक्त पौडेल, सामाखुशी, काठमाडौं
३. डा. श्री मनीन्द्र बराल, डिल्लीबजार, काठमाडौं
४. डा. श्री डी. बी. कार्की, पुरानो बानेश्वर, काठमाडौं
५. श्री आत्माराम काबरा, पर्सा, बीरगञ्ज
६. श्री चीजकुमार श्रेष्ठ, बेलचोक, नारायणगढ
७. श्री महेशकुमार अग्रवाल, खिंचापोखरी, काठमाडौं
८. महेशकुमार पोद्दार, नारायणगढ, चितवन
९. विजयकुमार कर्ण, नारायणगढ, चितवन
१०. श्री सुनील गोयनका, धर्मपथ, काठमाडौं
११. श्री खगेन्द्र बस्न्यात, चाबहिल, काठमाडौं
१२. श्री थानप्रसाद भट्टराई, सुख्खानगर, बुटवल
१३. श्री दीपककुमार टिवडेवाल, भेंडासिङ्, काठमाडौं
१४. डा. दामोदर पराजुली, नयाँ बानेश्वर, काठमाडौं
१५. श्री शङ्करलाल केडिया, कालिमाटी, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्को गतिविधि

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्को विधिवत् स्थापना २०५३ साल फाल्गुण ३० गते जि. प्र. का. काठमाडौँमा यो संस्था दर्ता गरी भएको थियो। अहिले यस संस्थाको कार्यालय काठमाडौँको भद्रकालीमा रहेको छ। यस संस्थाबाट संस्थाको उद्देश्यअनुरूप हालसम्म विभिन्न कार्यहरू गरिएका छन्। तीमध्ये प्रमुख कार्यहरूको संक्षेपमा जानकारी प्रस्तुत गरिन्छ–

१. देववाणी पत्रिकाको प्रकाशन

क) प्रथम अङ्क– यो अङ्क २०५५ साल वैशाखमा प्रकाशित भएको थियो। यसमा नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए।

ख) दोस्रो अङ्क– २०५६ सालमा जेठमा यो अङ्क प्रकाशित भएको थियो। यसमा नेपाली, नेपाल भाषा, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए।

ग) तेस्रो अङ्क– यो अङ्क २०५७ साल कार्त्तिकमा प्रकाशित भएको थियो। यसमा नेपाली, नेपाल भाषा, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए।

घ) चौथो अङ्क– यो अङ्क २०५८ साल माघमा प्रकाशित भएको थियो। यसमा नेपाली, नेपाल भाषा संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित थिए।

ङ) पाँचौँ र छैटौँ अङ्क– यो अङ्क २०६० साल फागुन महिनामा प्रकाशित भएको छ। यसमा नेपाली, संस्कृत, हिन्दी र अङ्ग्रेजी भाषामा लेखहरू प्रकाशित छन्। २०५९ सालमा प्रकाशित नभएकोले यो अङ्क संयुक्ताङ्कको रूपमा ठूलो आकारमा प्रकाशित भएको छ।

२. धार्मिक पूजा–अर्चना

क) २०५६ साल चैत्रमा भद्रकालीमा श्रीमद्देवीभागवत पुराण समारोहको आयोजना।

ख) २०५९ साल चैत्रमा भद्रकालीमा श्रीमद्देवीभागवत पुराण समारोहको आयोजना।

३. विद्वान्को अभिनन्दन

क) २०५६ सालमा डा. विष्णुराज आत्रेयको अभिनन्दन।

यस संस्थाको विधानअनुसार प्रत्येक २/२ वर्षमा कार्यकारिणी पदाधिकारीहरूको निर्वाचन हुन्छ। जसअनुसार २०५९ सालमा गठित कार्यकारिणीको स्वरूप निम्नानुसार छ–

अध्यक्ष– आचार्य श्री नारायणप्रसाद शर्मा तिम्सिना 'मधुप'

उपाध्यक्ष– श्री सीताराम तिमिल्सिना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

महासचिव– श्री महेश्वर शर्मा पौडेल
सचिव– श्री गोपालप्रसाद शर्मा लम्साल
सहसचिव– श्री दिलीप अधिकारी
कोषाध्यक्ष– श्री नारायणप्रसाद श्रेष्ठ
सह कोषाध्यक्ष– श्रीमती कामेश्वरी ढुङ्गेल
सदस्यहरू– श्री सुधा पौडेल
श्री रमाकान्त मैनाली
श्री कृष्णमुरारी तिमिल्सिना
श्री शिखरनाथ तिमिल्सिना
श्री भरतलाल श्रेष्ठ

२०५७ सालमा गठन गरिएको सल्लाहकार मण्डलको स्वरूपमा कुनै परिवर्तन भएको छैन । उहाँहरूको नामावली देववाणी अङ्क ३ मा प्रकाशित छ ।

सदस्यता

यस संस्थाको विधानअनुसार सदस्यताको वर्गीकरण यस प्रकार गरिएको छ–

१. प्रवेश सदस्यता शुल्क रू. ११।–
२. साधारण सदस्यता शुल्क रू. १०८।– जम्मा रू. ११९
३. वार्षिक क्रियाशील सदस्यता शुल्क रू. ५०१।– सम्म
४. आजीवन सदस्यता शुल्क रू. ५,००१।–
५. संस्थागत सदस्यता शुल्क रू. १०,००१।–
६. मानार्थ सदस्यता शुल्क रू. २५,००१।–

यस अनुसार वार्षिक क्रियाशील सदस्यता लिनुहुने महानुभावहरूको नामावली–

१. श्री किरण अर्याल, डिल्लीबजार, मुनाल ट्राभल्स, काठमाडौं
२. श्री नारायणभक्त पौडेल, सामाखुशी, काठमाडौं
३. डा. श्री मनीन्द्र बराल, डिल्लीबजार, काठमाडौं
४. डा. श्री डी. बी. कार्की, पुरानो बानेश्वर, काठमाडौं
५. श्री आत्माराम काबरा, पर्सा, बीरगञ्ज
६. श्री चीजकुमार श्रेष्ठ, बेलचोक, नारायणगढ
७. श्री महेशकुमार अग्रवाल, खिंचापोखरी, काठमाडौं
८. महेशकुमार पोद्दार, नारायणगढ, चितवन
९. विजयकुमार कर्ण, नारायणगढ, चितवन
१०. श्री सुनील गोयनका, धर्मपथ, काठमाडौं
११. श्री खगेन्द्र बस्न्यात, चाबहिल, काठमाडौं
१२. श्री थानप्रसाद भट्टराई, सुख्खानगर, बुटवल
१३. श्री दीपककुमार टिवडेवाल, भेंडासिङ्, काठमाडौं
१४. डा. दामोदर पराजुली, नयाँ बानेश्वर, काठमाडौं
१५. श्री शङ्करलाल केडिया, कालिमाटी, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१६. डा. ओमकृष्ण मल्ल, मानभवन, ललितपुर
१७. श्री हरिप्रसाद गुरागाईं, धर्मस्थली गा. वि. स. वार्ड नं. ६, काठमाडौँ
१८. श्रीमती शोभा जोशी, यट्खा, काठमाडौँ
१९. लव शर्मा, नक्साल, काठमाडौँ
२०. गणेश वानिया, नयाँबानेश्वर, काठमाडौँ
२१. श्री नूरप्रताप राणा, मैतीदेवी, काठमाडौँ
२२. श्री मणिराम नेपाल, बत्तीसपुतली, काठमाडौँ
२३. पुण्यप्रसाद अधिकारी, शोभाभगवती, काठमाडौँ
२४. श्री टीकाराम चापागाईं, गीतानगर, चितवन
२५. भरतबहादुर बस्नेत, कुपण्डोल, ललितपुर
२६. श्रीमती सुभद्रा शर्मा खतिवडा, ठमेल, काठमाडौँ
२७. बालकृष्ण सिवाकोटी, नयाँ बानेश्वर, काठमाडौँ
२८. श्रीमती गीता खकुरेल, मालीगाउँ, काठमाडौँ
२९. डा. श्री अच्युतबाबु कोइराला, नारेश्वर गा. वि. स. वार्ड नं. १, गोर्खा
३०. श्री रामेश्वर महत, नयाँ बानेश्वर, काठमाडौँ
३१. तीर्थबहादुर प्रधानाङ्ग, कमलादी, काठमाडौँ
३२. सङ्गीतप्रवीण श्रीराम आचार्य, कुमारीगाल, काठमाडौँ
३३. उमेशकुमार सिंह, पुरानोबानेश्वर, काठमाडौँ
३५. ज्यो. पं. श्री चण्डिकाप्रसाद भट्टराई, पुरानो बानेश्वर, काठमाडौँ
३६. श्रीमती इन्दिरा जोशी, डल्लु, काठमाडौँ
३७. श्री किशोर कुमार खनाल, त्रिपुरेश्वर, काठमाडौँ
३८. श्री जनार्दन ढुङ्गाना, ट्याङ्लाफाँट, कीर्तिपुर
३९. श्री चतुर्भुज खरेल, शङ्खमूल, काठमाडौँ
४०. डा. टीकाराम पन्थी, बल्खु, कीतिपुर, काठमाडौँ
४१. श्री भरतलाल प्रधान, पोखरा बसपार्क, नारायणघाट, चितवन
४२. महेश्वरलाल श्रेष्ठ, नारायणगढ, चितवन
४३. श्री रामचन्द्र भट्टराई, कप्रिसचोक, गैंडाकोट, नवलपरासी
४४. डा. विष्णुप्रसाद घिमिरे, कृष्णपुर, चितवन
४५. प्रा. उपेन्द्रकुमार कार्की, कोटेश्वर, काठमाडौँ
४६. आचार्य श्री खेमराज केशवशरण, देवघाट धाम, चितवन
४७. प्रा. मुकुन्दशरण उपाध्याय, गहनापोखरी टङ्गाल, काठमाडौँ
४८. डा. शारदा चतुर्वेदी, सं. सं. वि. वाराणसी, भारत
४९. श्री भरतबहादुर थापा, सातदोबाटो, ललितपुर
५०. श्रीमती उमा श्रेष्ठ "हिमा", मैतीदेवी, काठमाडौँ
५१. श्री उद्धवप्रसाद पौडेल, सुनारगाउँ, कलङ्की, काठमाडौँ
५२. डा. प्रमोदकुमार गौतम, गौशाला, काठमाडौँ
५३. श्रीमती अनु उप्रेती, कुलेश्वर, काठमाडौँ
५४. श्रीमती डा. संजीता वर्मा, अनामनगर, काठमाडौँ
५५. प्रा. शिवगोपाल रिसाल, मानभवन, ललितपुर
५६. श्री केदारनाथ खनाल, सल्यानथान, कीर्तिपुर

आजीवन सदस्यता लिनुहुने महानुभावहरूको नामावली निम्नानुसार छ –

१. श्री सुरेन्द्रकुमार शर्मा, न्युरोड, काठमाडौँ
२. श्रीमती अङ्गुरबाबा जोशी बागबजार, काठमाडौँ
३. श्री बडागुरुज्यू केसरिराज पाण्डे ढोकाटोल, काठमाडौँ
४. श्री सम्माननीय सत्यपाल सचदेवा कालिमाटी, काठमाडौँ
५. स्वामी श्री ब्रह्मानन्द उदासीन महाराज, हात्तीगौंडा, इटलीचोक, काठमाडौँ
६. डा. श्री गोविन्द टण्डन, बत्तीसपुतली, काठमाडौँ
७. प्रा. डा. श्री मुकुन्दराज अर्याल, गैरीधारा, काठमाडौँ
८. श्रीमती अम्बिका श्रेष्ठ बत्तीसपुतली, काठमाडौँ
९. श्री पुरुषोत्तम नेपाल, थापाथली, काठमाडौँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१०. श्री कृष्णप्रसाद न्यौपाने, बुटवल, रूपन्देही
११. श्री जयराम लामिछाने, सातदोबाटो, ललितपुर
१२. श्री शुकदेव सिंह "घिल्लोन" कुलेश्वर, काठमाडौं
१३. श्री अरुणकुमार खण्डेलवाल, ताहाचल, काठमाडौं
१४. श्री उपेन्द्र रिजाल, आँपटारी, नारायणगढ, चितवन
१५. श्री हर्षस्वरूप सिंह, नारायणगढ, चितवन
१६. श्री अजयकुमार मुडभरी, टेकु, काठमाडौं
१७. श्री डा. यादवप्रसाद पन्त
डिल्लीबजार, काठमाडौं
१८. श्री रामनिवास अग्रवाल
पाको न्युरोड, काठमाडौं
१९. श्री लक्ष्मणबाबु श्रेष्ठ, नक्साल, काठमाडौं
२०. श्री महीन्द्रध्वज सिंह "हमाल"
ज्ञानेश्वर, काठमाडौं
२१. श्रीमती अर्चना सिंह कार्की
जाउलाखेल, ललितपुर
२२. डा. हरिकृष्ण उपाध्याय, सानेपा, ललितपुर
२३. श्री महेश्वर शर्मा पौडेल, धापासी, काठमाडौं
२४. श्री रमाकान्त मैनाली, बत्तीस पुतली, काठमाडौं
२५. श्री नारायणप्रसाद श्रेष्ठ, बल्खु, काठमाडौं
२६. श्री स्टिफेन क्लेयर, बूढानीलकण्ठ, काठमाडौं
२७. श्री प्रदीपमान प्रधान, बालाजु, काठमाडौं
२८. श्री रामचन्द्र शर्मा पौडेल "रम्घाली"
बालाजु, काठमाडौं
२९. विष्णुप्रसाद धिताल, पाटनढोका, ललितपुर
३०. श्री वनवारीलाल धानुका (कन्हैया स्वीट्स्)
कुपण्डोल, काठमाडौं
३१. श्री अरुणकुमार अग्रवाल
टेकु, त्रिपुरेश्वर, काठमाडौं
३२. श्री सीताराम तिमिल्सिना, ताहाचल, काठमाडौं
३३. श्री गौतम शाक्य, खिचापोखरी, काठमाडौं
३४. श्रीमती निर्मला पोखरेल
बत्तीसपुतली, काठमाडौं
३५. श्री कमल सरावगी, न्यूरोड, काठमाडौं
३६. श्रीमती विजयश्री गौतम, दरबार मार्ग, काठमाडौं
३७. श्री गौरीशङ्कर अग्रवाल
मक्खन गल्ली, काठमाडौं
३८. श्री ऐश्वर्यधर शर्मा, इन्द्रचोक, काठमाडौं
३९. श्री पूर्णप्रसाद शर्मा, घिमिरे
केउरेनी ३, नवलपरासी
४०. श्री हरिप्रसाद पन्त, बुटवल, रूपन्देही
४१. श्री शालिग्राम भट्टराई, (कान्छाबाजे)
मिलनचोक, बुटवल, रूपन्देही
४२. श्री शङ्करमान डङ्गोल, त्रिपुरेश्वर, काठमाडौं
४३. श्री बाबुलाल चाचान, चाचान इम्पेक्स
पर्सा, बीरगञ्ज
४४. डा. श्री निर्मलकुमार बिष्ट
सातदोबाटो, ललितपुर
४५. श्रीमती भगवती उपाध्याय कुपण्डोल, ललितपुर
४६. श्रीमती डा. दुर्गा पोखरेल
चपली, बूढानीलकण्ठ, काठमाडौं
४७. श्रीमती मन्दिरा पौड्याल
पुतलीसडक, काठमाडौं
४८. श्री नमस्तेलालभूमि श्रेष्ठ
महाराजगञ्ज, चक्रपथ, काठमाडौं
४९. श्री दीपक उप्रेती, मानवसेवा सङ्गठन
कालिकास्थान, डिल्लीबजार, काठमाडौं
५०. श्री अमर राजभण्डारी, दरबारमार्ग, काठमाडौं
५१. सुश्री, भद्रकुमारी घले, मैतीदेवी, काठमाडौं
५२. श्रीमती प्रतिभा राणा, जावलाखेल, काठमाडौं
५३. श्रीमती विजया राणा, एकान्तकुना
जावलाखेल, ललितपुर
५४. श्री नोवल किशोर अग्रवाल, लाजिम्पाट, काठमाडौं
५५. प्रा. डा. लोकविक्रम थापा
कमलपोखरी, काठमाडौं
५६. श्री राधाकृष्ण शर्मा पराजुली ताहाचल, काठमाडौं
५७. आचार्य श्री नारायणप्रसाद शर्मा तिम्सिना
"मधुप", कीर्तिपुर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५८. श्री अंशुका राजोपाध्याय, पिङ्गबहाल पाटन, ललितपुर
५९. श्री मुकुन्द शर्मा पौड्याल नयाँबानेश्वर, काठमाडौं
६०. श्री भगवतीप्रसाद अग्रवाल, कमल साइकल ट्रेडिङ्ग, विराटनगर
६१. डा. शरद शर्मा, महाराजगञ्ज, काठमाडौं
६२. श्री खोमनाथ पुडासैनी, स्वयंभू, काठमाडौं
६३. श्री केदार पुडासैनी, डाँछी गा. वि. स., वडा नं. २, काठमाडौं
६४. रमेशनाथ जोशी, महाराजगञ्ज, काठमाडौं
६५. भू. पू. सांसद, सुश्री मैयादेवी श्रेष्ठ, मेनरोड, नारायणघाट, चितवन
६६. उपरथी श्री भरतकेशर सिंह, कालधारा, काठमाडौं
६७. श्रीमती विमला राणा, क्षेत्रपाटी, धोवीचौर, काठमाडौं
६८. मधुसूदनशम्शेर ज. ब. रा., विक्रमभवन, जावलाखेल, ललितपुर
६९. श्री हरिबोल खनाल, लोकन्थली, भक्तपुर
७०. डा. मृगेन्द्रराज पाण्डे, माइतीघर, काठमाडौं
७१. गोपालप्रसाद पोखरेल, चाबहिल, काठमाडौं
७२. श्रीमती इन्दिरा मल्ल, लाजिम्पाट, काठमाडौं
७३. डा. पुष्करनाथ पन्त, मैतीदेवी, काठमाडौं
७४. श्री भीमबहादुर अधिकारी, लोकन्थली, भक्तपुर
७५. डा. श्री ध्रुव मुडभरी, कपनमार्ग, बाँसबारी, काठमाडौं
७६. श्री वृष बस्नेत, नयाँबानेश्वर, काठमाडौं
७७. श्री पुण्यप्रसाद ओली, हाँडीगाउँ, काठमाडौं
७८. नायब बडागुरुज्यू, प्रा. डा. माधव भट्टराई, अनामनगर, काठमाडौं
७९. श्री हुलासचन्द गोल्छा, गणबहाल, काठमाडौं
८०. ज्यो. पं. श्री राजकुमार सुवेदी, गौरीघाट, काठमाडौं
८१. श्री भोलानाथ योगी, हिन्दू विद्यापीठ नेपाल, घोराही, दाङ्
८२. श्री गणेश श्रेष्ठ, गणेश मोडर्न, नारायणघाट, चितवन
८३. श्री मदनप्रसाद अर्याल, बालांजु बाइपास, काठमाडौं
८४. कन्हैयालाल गुप्ता, बालुवाटार, काठमाडौं
८५. श्री श्यामकृष्ण दाहाल, गोठाटार, काठमाडौं
८६. श्री हेदम पाठक, पर्सा बजार, पूर्वचितवन
८७. श्री विष्णुराज कुसुम, घट्टेकुलो, काठमाडौं
८८. श्री वनवारीलाल मित्तल, ज्ञानेश्वर, काठमाडौं
८९. श्री मङ्गल सिंह गर्ग, त्रिपुरेश्वर, टेकु, काठमाडौं
९०. श्री शिखरनाथ तिमिल्सिना, कटुञ्जे, भक्तपुर
९१. श्रीमती राधादेवी सुनुवार, मैतीदेवी, काठमाडौं
९२. श्री रामप्रसाद शर्मा, कुलेश्वर, काठमाडौं
९३. डा. टीकानिधि ढकाल, शङ्कर आयुर्वेद औषधालय, भरतपुर, चितवन
९४. श्री ठाकुर पिया, नारायणी पाइप इ. प्रा. लि. लीलाचोक, नारायणघाट
९५. श्री गोपालप्रसाद तिमिल्सिना, थापाथली, काठमाडौं

नेपालको धर्म-संस्कृति र देवघाट क्षेत्रको विकासको क्षेत्रमा कार्यरत यस संस्थालाई आफ्नो उद्देश्यअनुरूप अगाडि बढ्नको लागि सहयोग गर्नुहुन सम्पूर्ण महानुभावमा अनुरोध गरिन्छ । साथै देवघाट धाममा गरिने भविष्यको योजनालाई सक्दो सहयोग र सदस्यता अभिवृद्धि गरिदिनुहुन अनुरोध छ ।

देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्

केन्द्रीय कार्यालय, भद्रकाली मन्दिर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय
EDITORIAL

श्रद्धेय पाठक महानुभावहरू ।

देववाणीको यो संयुक्ताङ्क (५, ६) देवघाट धाम विशेषाङ्क (भाग १)को रूपमा प्रकाशित गरी तपाईंहरूको हातमा सुम्पन पाउँदा हामी अत्यन्त खुसी छौँ । देवघाट धाम विशेषाङ्कको दोस्रो भाग आगामी अङ्कको रूपमा प्रकाशित हुनेछ ।

यस अङ्कमा हामीले विशिष्ट लेखकहरूको देवघाट धाम, यस क्षेत्रको विकास, हिन्दू धर्म-संस्कृति आदि क्षेत्रसँग सम्बन्धित लेखहरू समाविष्ट गरेका छौँ । यी विषयहरूमा अध्ययन-अनुसन्धान गर्न चाहने पाठक एवं अनुसन्धाताहरूलाई यस पत्रिकाले अनेक सामग्रीहरू प्रदान गर्नेछ भन्ने हामीले विश्वास लिएका छौँ ।

यो पत्रिका प्रकाशनमा विभिन्न किसिमले सहयोग पुऱ्याउनुहुने विद्वान्हरू, विशिष्ट व्यक्तिहरू, देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्का आजीवन सदस्यहरू एवं विभिन्न विज्ञापनदाता संघ-संस्थाहरूप्रति हामी कृतज्ञता प्रकट गर्दछौँ ।

श्रद्धेया: पाठकवर्या: !

देववाण्या इमं संयुक्ताङ्कं (५, ६) देवघट्टधामविशेषाङ्कस्य प्रथमभागरूपेण प्रकाश्य भवतां हस्तेषु समर्प्य नितरां प्रमुदिता वयम् । अस्य विशेषाङ्कस्य द्वितीयो भाग आगाम्यङ्करूपेण प्रकाशितो भविष्यति ।

अस्मिन्नङ्केऽस्माभिर्विशिष्टानां लेखकानां देवघट्टक्षेत्रम्, अस्य विकास:, नेपालस्य विभिन्ना धर्मसंस्कृतय: संस्कृतमित्यादिविषयनिबद्धा लेखा: प्रकाशिता: । एषा पत्रिका खलु एतेषु विषयेषु ये अध्ययनमनुसन्धानञ्च कर्तुमिच्छन्ति तेभ्य: पाठकेभ्य: अनुसन्धातृभ्यश्च नैकान् विषयान् प्रदास्यतीति वयं विश्वसिम: ।

अस्या: पत्रिकाया: प्रकाशने विशिष्टा: विद्वांस:, विशिष्टा: महानुभावा:, देवघट्टवैदिकाध्यात्मिकसेवा-परिषद आजीवनसदस्या: एवं विज्ञापनदातारो विभिन्ना: संघसंस्थाश्च विभिन्नरूपेण सहयोगमकुर्वन्निति वयं तान् प्रति कृतज्ञा: स्म: ।

श्रद्धेय पाठक महानुभावों !

देववाणी का यह संयुक्ताङ्क (५, ६) देवघाट धाम विशेषांक (भाग १) के रूप में प्रकाशित करके आप लोगों के हाथों मे अर्पण करके हम खुश हो रहे हैं । इस विशेषांक का दूसरा भाग अगले अंक के रूप में प्रकाशित होगा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इस अंक में हमने विशिष्ट विद्वानों का देवघाट धाम और इसके विकास, नेपाल के विभिन्न धर्म, संस्कृति, संस्कृत आदि क्षेत्रों से सम्बन्धित लेख प्रकाशित किया है। इन विषयों मे अध्ययन और अनुसन्धान करने के लिए इच्छुक पाठकों और अनुसन्धाताओं को यह पत्रिका अनेक सामग्रियाँ प्रदान करेगी यह हमारा विश्वास है।

इस पत्रिका के प्रकाशन में विशिष्ट विद्वानों, वरिष्ठ जनों देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्के आजीवन सदस्यों और विभिन्न विज्ञापनदाता संघ-संस्थाओं ने सहयोग किया है। हम उन सब के प्रति आभार प्रकट करते हैं।

Dear readers,

It a matter of pleasure that we succeed to offer you the combined (5th and 6th) issue of Devavani as the Devaghat Dham special issue.

In this issue we have presented the articles of distinguished writers which are related to Devaghat Dham and its development, different religions and cultures of Nepal and Sanskrit. We believe that the articles will provide a lot of materials for the readers and researchers who are interested in this field.

Distinguished scholars, renowned persons, life members of Devagahat Vaidik Adhyatmik Seva Parisad and different agencies who gave advertisements have helped to publish this journal. We are grateful to them.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

CONTENTS

नेपाली खण्ड

१.	तीर्थको महिमा र देवघाट धाम	– प्रा. शिवगोपाल रिसाल	१
२.	देवघाट : विशेषता र सम्भावना	– मोदनाथ प्रश्रित	८
३.	देवघाट धाम : नेपालको ऋषिकेश	– श्रीमती अङ्गुरबाबा जोशी	११
४.	ऐतिहासिक तीर्थस्थल वागीश्वरी	– डा. सूर्यमणि अधिकारी	१५
५.	देवघाट धाम	– ब्रह्मचारी डिल्लीराम बाबा	१७
६.	देवघाट धामसँग मेरो अन्तरङ्ग सम्बन्ध	– ठाकुरराज पाण्डे	१९
७.	देवघाट धामको महिमा	– स्वामी आत्मानन्द गिरि	२१
८.	वैदिक सनातन धर्मको समुन्नतिमा गुरुकुलको महत्त्व	– जगन्नाथ शर्मा त्रिपाठी	२५
९.	मानव जीवनको लक्ष्यप्राप्तिको स्थान देवघाट धाम	– स्वामी रमेश भारती	२९
१०.	देवघाटमा सत्ययुगको अवतरण	– हेमराज ज्ञवाली	३१
११.	देवघाट धामको भौगोलिक अवस्थिति र यसको धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्त्व	– श्रीमती लक्ष्मी शर्मा पोखरेल	३३
१२.	तीर्थस्थलको महत्त्व	– रामचन्द्र पौडेल रंघाली	४५
१३.	एक क्षण देवघाटतिर	– डा. गार्गी शर्मा	४८
१४.	देवघाट	– धर्मराज थापा	५३
१५.	समुन्नत तीर्थस्थल देवघाट धाम	– व्यासाचार्य किशोरकुमार गौतम	५४
१६.	देवघाटस्थित ॐ शान्ति मैयादेवी ट्रष्ट : एक परिचय	– टंक पौडेल	५६
१७.	सनातन धर्ममा जलतीर्थको महत्त्व र देवघाट	– चेतोनाथ शर्मा आचार्य	५८
१८.	देवघाट धामको ऐतिहासिक एवं धार्मिक महत्त्व	– आचार्य लक्ष्मीशरणदेवाचार्य	६१
१९.	देवघाटको कविगोष्ठी	– प्रेमविनोद नन्दन	६३
२०.	देवघाट धाममा भएको अपूर्व कविसम्मेलन	– स. सुश्री भद्रकुमारी घले	६५
२१.	देवघाटको सामाजिक अवस्था	– श्रीमती विजयश्री गौतम	६७
२२.	मुक्तिक्षेत्रका तीन अङ्ग त्रिवेणी धाम, गजग्राह क्षेत्र र देवघाट धाम	– स्वामी राघवेन्द्राचार्य	६९
२३.	देवघाट धाम : रमणीय वृन्दावन	– सूब सेन	७१
२४.	शान्ति एवं सत्यानुभूतिका लागि साधनास्थल देवघाटधाम	– नारायणभक्त पौडेल	७३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२५. देवघाटधामको छोटो परिचय – राजेन्द्र लम्साल 'हिमांशु' ७६
२६. शालग्राम शब्द निर्वचन एवं शालग्राम उत्पत्ति विमर्श – स्वामी गोपालशरण देवाचार्य ७८
२७. देवघाट धामको विकासको लागि गर्नुपर्ने कार्यहरू – विष्णुप्रसाद धिताल ८०
२८. देवघाटधाम र यसको आध्यात्मिक महत्त्व – खोमराज नेपाल ८१
२९. एकताक्षेत्र देवघाटधाम – डा. टीकाराम पन्थी ८५
३०. देवघाट क्षेत्र र धार्मिक पर्यटन विकास – लक्ष्मीकान्त शर्मा (लकाश) पौडेल ८८
३१. वागीश्वरी एवं बृहद् आध्यात्मिक परिषद् : एक परिचय – भरतलाल प्रधान ९६
३२. देवघाटधामदेखि उत्तरी विहारसम्म र यस क्षेत्रको सेरोफेरो – महेश्वरलाल श्रेष्ठ ९८
३३. देवघाट धाम : एक धार्मिक पर्यटकीय स्थल – जनार्दन ढुङ्गाना १०२
३४. देवघाटधामको सेरोफेरोलाई चिन्तन गर्दा – रामचन्द्र भट्टराई १०६
३५. देवघाटधाम – हरिप्रसाद उपाध्याय १०८
३६. देवघाटधामस्थित तीन आश्रमको एक सर्वेक्षण – आचार्य श्री नारायणप्रसाद शर्मा तिम्सिना "मधुप" ११०
३७. देवघाटधाम : नेपालको पवित्र तीर्थस्थल – शारदाप्रसाद घिमिरे ११८
३८. कविशिरोमणि लेखनाथ पौड्याल : अर्घौंअर्चलेदेखि देवघाटसम्म – नारायणप्रसाद खनाल १२२
३९. उपर्दाङ्गढी : एक चिनारी – श्रीमती लक्ष्मी शर्मा पोखरेल १२६
४०. युगकवि सिद्धिचरण श्रेष्ठको "देवघाट" कवितामा गीतादर्शनको प्रभाव – गोविन्दराज विनोदी १३०
४१. देवघाटको मिथकीय एवं पुरातात्त्विक महत्त्व – डी. आर. पोखरेल १३५
४२. देवघाट धाम क्षेत्रको विकासमा निहित नेपालीहरूको उन्नति – सूब सेन १३९
४३. देवघाटसँग योगी नरहरिनाथको आत्मीय सम्बन्ध र योगीको जीवनवृत्तान्त – दीर्घराज प्रसाई १४२
४४. गलेश्वर बाबा र योगी नरहरिनाथ – गोवर्धनबहादुर कार्की १४९
४५. देवघाट धाम र योगी नरहरिनाथको अन्तर्सम्बन्ध – स. श्रीमती सीतादेवी गर्ग १५४
४६. मेरा हजुरबा र गलेश्वर बाबा – डा. दुर्गा पोखेल १५५
४७. गलेश्वर बाबासँगको मेरो भेट – वासुदेव शर्मा लुइँटेल १५७
४८. गलेश्वर बाबाको संझनामा – श्रीकृष्णप्रसाद काफ्ले १५८
४९. कठोरतम अघोर सम्प्रदाय र अघोरी बाबा – मदनमोहन जोशी १५९
५०. गलेश्वर बाबाको प्रथम दर्शन – डा. केशवराज शर्मा आचार्य १६२
५१. स्वामी परमानन्द महाराजको सङ्क्षिप्त जीवनी – देवेन्द्रप्रसाद उपाध्याय १६६
५२. नेपालमा संस्कृत – डा. जयराज आचार्य १६८
५३. मानव जीवनको लक्ष्यप्राप्तिका लागि प्रस्थानत्रयीको महत्त्व – डा. स्वामी रामानन्द गिरि १७३
५४. मानव जीवनमा धर्मको अपरिहार्यता – स्वामी ज्ञानानन्द सरस्वती १७५
५५. मानवता : मूल्याङ्कनको मापदण्ड – आचार्यप्रवर श्री गुलाबजीमहाराज १७९
५६. नेपालमा सांस्कृतिक सम्पदाको सङ्क्षिप्त अध्ययन – डा. विष्णुप्रसाद घिमिरे १८३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५७.	इतिहास जान्नेले ठगिनु पर्दैन	- प्रा. डा. राजाराम सुवेदी	१८८
५८.	गीताको दार्शनिक पृष्ठभूमि	- प्रा. उपेन्द्रकुमार कार्की	१९२
५९.	बलिप्रथाः एक दृष्टि	- दिवाकर बास्तोला	१९७
६०.	सदाचार र शिष्टाचार	- डा. चेतबहादुर कुँवर	२००
६१.	समस्त कोशपरम्परामा संस्कृत र अंग्रेजी कोशको प्रभाव	- प्रा. डा. रामचन्द्र लम्साल	२०२
६२.	पुट्टवर्ती, तिरुपति बालाजी तथा काञ्चीपुरम् यात्रा एक संस्मरण	- आचार्य श्रीनारायणप्रसाद शर्मा तिम्सिना "मधुप"	२१०
६३.	सङ्गीत	- श्रीराम आचार्य	२१३
६४.	चितवन सहित तराईका सात जिल्लाहरूमा सायर रकम माफ गर्न जारी गरिएका दुई इस्तिहारहरू	- डा. देवीप्रसाद शर्मा कडेल	२३०
६५.	पानीमात्रै होइन कालीगण्डकी	- विनयकुमार कसजू	२३५

संस्कृतखण्डः

१.	नेपालगौरवम्	- डा. माधवभट्टराईः	२४१
२.	तीर्थरूपेण गण्डक्या गण्डकीक्षेत्रस्य च महत्त्वम्	- प्रा. चेतोनाथशर्माऽऽचार्यः	२४४
३.	नारायणीं प्रति	- प्रा. मुकुन्दशरणोपाध्यायः	२४७
४.	देवघट्टवैभवम्	- आचार्यः खेमराजकेशवशरणः	२५०
५.	वैदिक-सनातन-वर्णाश्रम-धर्मे सन्न्यासिधर्मो वेदादिशास्त्रप्रामाण्यं च	- सुमोदवर्धनः कौण्डिन्न्यायनः	२५७
६.	कीदृशन्देवघट्टम्	- नारायणप्रसादः खनालः	२९४
७.	देवघट्टमहिमा	- प्रा. डा. ऋषिरामपोखरेलः	२९५
८.	अथर्ववेदस्य वैशिष्ट्यम्	- ऋषिरामरेग्मी	२९६
९.	देवघट्टः	- पद्मप्रसादभट्टराईः	३०२
१०.	संस्कृतशिक्षासन्दर्भे देवघट्टधाम	- डा. गुरुप्रसादसुवेदी	३०९
११.	तीर्थस्थलं देवघट्टः	- डा. बाबुरामपोखेलः	३२३
१२.	तं देवघट्टं भजे	- आचार्यहरिशरणोपाध्यायः	३२५

हिन्दी खण्ड

१.	सप्तगण्डकी क्षेत्र का महान् तीर्थ देवघाट धाम	- मनीषी 'यात्री'	३२९
२.	देवघाट धाम : सृष्टिका सन्दर्भ	- स्वामी पुण्यानन्द गिरिजी महाराज	३४६
३.	देववती धामः एक धार्मिक एवं सांस्कृतिक अध्ययन	- ड़ा. मृदुला शर्मा	३४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. संघर्ष ही जीवन है – जीवन ही संघर्ष है – आचार्यप्रवर श्री गुलाबजी महाराज ३५२
५. मैला आँचल और मिथिला की लोक संस्कृति – ड़ा. संजीता वर्मा ३५७
६. जीवन के शाश्वत पक्ष का परिचायक
मैथिल संस्कृति का लोक संकीर्तन – ड़ा. गङ्गाप्रसाद अकेला ३६०
७. पातञ्जल योगदर्शन : संक्षिप्त परिचय – स्वामी आचार्य श्री ध्रुव ३६४
८. चिकित्साकर्म, पूर्वकर्म, पंचकर्म एवं पश्चात्कर्म एक समीक्षा – ड़ा. के. ड़ी. मिश्र ३६६

ENGLISH SECTION

1. Tourism Development in Devaghat
Problems and Strategies – Prof. Dr. Pushkar Bajracharya 373
2. Foreign Aid and Sustainable Development:
An Examination of Rapti IRDP in Mid-west Nepal – Madhusudan Sharma Subedi 376
3. Great Pilgrimage Devghat Dham:
An Introduction – Narayan Prasad Timsina 'Madhup' 390
4. Astrology : The Science of Science – Astro. Pandit Rajkumar Subedi 405
5. The Stress Management:
An Experiment Based on Osho's Vision – Ramesh Nath Joshi 406
6. Pollution in Narayani River Threatened the Aquatic Life – Chaturbhuj Kharel 413
7. May We See Peace and Feel Peace within Us – Chintamani Yogi 416
8. Ranighat : The Taj of Nepal – Vinaya Kasajoo 421
9. Aesthetics : A Psychological Perspective – Dr. Sharda Chaturuedi 424
10. Rotary Karunalaya : A Home for Aged People – Mr. U. Rijal 430

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली खण्ड

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पवित्र पुण्यस्थल देवघाट
झिल्का झरेको सुखस्वर्गबाट
खोली अँध्यारो मनको कपाट
गराउने झल्ल महाविराट ॥

हिमालको शीतल काख छोडी
ढुङ्गा र चट्टान अनेक फोडी
काली त्रिशूली यही एक ज्यान
नारायणी भैकन थप्छ ज्ञान ॥

— युगकवि सिद्धिचरण श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीर्थको महिमा र देवघाट धाम



✍ प्रा. शिवगोपाल रिसाल

तीर्थ शब्दको व्युत्पत्तिगत अर्थ हुन्छ– जसले पवित्र बनाउँछ त्यो नै तीर्थ हो । योग्य व्यक्ति, पुण्यकाल, पुण्यात्मा, पुण्यको साधन, श्रद्धाका पात्र, यज्ञ, ब्राह्मण, अग्नि, कल्याणकारक उपदेश, उपचार, पुण्यभूमि, देवालय, शिवालय, शक्तिपीठ, नदी, नदीको किनार, देवी-देवता, वेदादि शास्त्र, गुरु, उपाय, पवित्र स्थान आदि सारा तीर्थ हुन् । तरति पापादिकम् यस्मात् अर्थात् जसबाट पापादिबाट पार पाइन्छ त्यही तीर्थ हो । तृप्लवनतरणयोः यस धातुबाट पातृतुदिवचिरिचिसिचिभ्यस्थक् यो उणादि सूत्रद्वारा थक् प्रत्यय (तृ + थ) गर्दा तीर्यते अनेन वा जसबाट तरिन्छ यस अर्थमा तीर्थ शब्द बन्दछ । अमरसिंहले तीर्थ शब्दको यस्तो अर्थ गरेका छन्– निपानागमयोस्तीर्थमृषिजुष्टे जले गुरौ, *(अमरकोश ३, धान्त ८६, प्रक्रमाङ्क २५७१)* । यसअनुसार निपान (इनारका अगलबगलमा पानी अड्याइराख्न बनाइएको जलाशय वा खाल्डो, पानीघाट वा पनेरो, शास्त्र, ऋषिमुनिद्वारा स्नान-सन्ध्या गरिने जलाशय र गुरुलाई तीर्थ शब्दद्वारा जनाइन्छ ।

तीर्थ भन्नाले सन्त-संन्यासीका नामको पछाडि जोडिने एक प्रकारको सम्मानसूचक शब्द (गृहस्थीको थर जोडिएजस्तै) पनि बुझिन्छ । कसैलाई सम्मान गर्दा विद्यातीर्थ, ज्ञानतीर्थ, तीर्थवर्य पनि भनिन्छ । यिनै अर्थमा हाम्रा स्नान, दान आदि गर्ने तीर्थ, पूजा गर्ने तीर्थ, पितृहरूलाई उद्धार गर्ने तीर्थ गया, ब्रह्मकपाली आदि सर्वत्र फैलिएका छन् । नेपालमा ६४ शिवलिङ्ग, भारतमा द्वादश ज्योतिर्लिङ्ग आदि प्रसिद्ध तीर्थस्थलहरू छन् । भनिन्छ तीर्थमा स्नान गर्नाले, दान गर्नाले, जप, पाठ गर्नाले, तीर्थमा वास गर्नाले, त्यहीं बसी तपस्या गर्नाले मन शुद्ध हुन्छ, पुण्य पाइन्छ ।

कुण्ड, नदी, सागर, झरना, धारो आदि जलतीर्थ हुन् । दोभान, त्रिवेणी आदि भए झन् विशेष तीर्थ मानिन्छन् । भारतमा प्रयागराज, देवप्रयाग, रुद्रप्रयाग आदि प्रसिद्ध तीर्थमा गनिन्छन् । हाम्रा देवघाट, वेनीघाट, देवीघाट, पचलीघाट आदि पनि त्यत्तिकै प्रसिद्ध पुण्यप्रद तीर्थ हुन् ।

हाम्रा देवी-देवताहरू पहरामा छन्, छहरामा छन्, हिमालका र पहाडका गुफा-गुफामा, शिखरमा, कन्दरामा, जमिनमा, मूर्तिमा, बालुवामा, जङ्गलमा, जलमा, कुण्डमा, मसानघाटमा, मन्दिरमा अनि सर्वत्र छन् । त्यस कारण जहाँ-जहाँ देवी-देवताको वास छ त्यहीं-त्यहीं तीर्थ बनेका छन् । कुनै प्राकृतिक तीर्थ छन् त कुनै मानवनिर्मित ।

भगवत्प्राप्तिका मार्गमा तीर्थलाई निकै बलियो साधन मानेका छन् हाम्रा पुराणहरूले । तीर्थ स्वयं अत्यन्त पवित्र भएकाले तीर्थ देवी देवता हो । त्यहाँ जाँदा, त्यसको सेवन गर्दा, त्यहाँ शुभ कर्म, पुण्य कर्म, दानादि कर्म गर्नाले मानव मन-मस्तिष्क पवित्र बन्दछ । धार्मिक वातावरणले धार्मिक संस्कार भर्दछ । गङ्गा, गण्डकी आदि नदीहरूलाई स्थूल दृष्टिले चर्मचक्षुले हेर्दा पानी हो, जलराशि वा जलप्रवाह हो र गोसाईंकुण्ड, मानसरोवर जलकुण्ड मात्र हुन् त्यस्तै मूर्ति, मन्दिर, शिवलिङ्ग आदि पार्थिव, भौतिक वस्तु मात्र त हुन् तर तिनलाई आध्यात्मिक वा धार्मिक आँखाले हेर्ने हो भने ती त साक्षात् देवता हुन्, देवताका प्रतिमा वा तिनका प्रतीक हुन् । तीर्थको महिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्नुको कारण के पनि हो भने यसको इतिहासमा पुराणादि साक्षी छन्, कुनै न कुनै अवतारसँग गाँसिएका छन् र वर्तमानमा साधु, सज्जन, महात्मा, ज्ञानी, सन्त आदि त्यहाँ निवास गर्दछन् र ती क्षेत्र अत्यन्त पवित्र बनेका छन् । तसर्थ साधु, सन्त, ऋषिसेवित जलावतार, परमात्माको निःश्वासस्वरूप वेदादि शास्त्र शास्त्रावतार भएकाले तीर्थ मानिएका छन् । भूमि पनि तीर्थ हो, जल पनि तीर्थ हो, वायु पनि तीर्थ हो, अनि शास्त्र वा शब्द पनि तीर्थ हो । यसको कारण के भने यी सबैले मानव मन र मस्तिष्कलाई पवित्र बनाइदिन्छन् ।

प्रत्येक तीर्थसँग कुनै न कुनै अलौकिक घटना, कथा, उपकथा जोडिएका छन्– पुराण, उपपुराण वा इतिहास वा किंवदन्तीमा । त्यसैले यिनमा केही न केही शक्ति लुकेको छ ।

तीर्थलाई तीन भागमा विभाजित गरेको पाइन्छ–

१. नित्यतीर्थ– सधैं रहिरहने तीर्थलाई नित्यतीर्थ भनिन्छ । जस्तै– श्रीपशुपतिनाथ, काशीका विश्वनाथ, कैलास, मुक्तिनाथ, कोशी, गण्डकी, गङ्गा, गोसाईंकुण्ड, केदारनाथ आदि ।

२. भगवदीय तीर्थ– भगवान्को अवतारसँग जोडिएका तीर्थलाई भगवदीय तीर्थ भनिन्छ । यस्ता तीर्थहरू भगवान्का जन्म, कर्म, लीला आदिसँग सम्बद्ध हुन्छन् । जस्तै– अयोध्या, वृन्दावन, लुम्बिनी द्वारका आदि ।

३. सन्ततीर्थ– साधु, सन्त, महात्मा, कारकपुरुष, योगी, ऋषिमुनि आदिको जन्मभूमि, कर्मभूमि, साधनाभूमि आदिलाई सन्ततीर्थ भनिन्छ । पुलहाश्रम, खप्तडलेक, स्वर्गद्वारी आश्रम आदि यस किसिमका तीर्थ हुन् । तीर्थलाई पवित्र र महान् बनाउने त महापुरुष नै हुन् । त्यसैले त्यस्ता असाधारण महापुरुषप्रति उदगार व्यक्त गर्दै भनिन्छ–

तीर्थी कुर्वन्ति तीर्थानि.....
साधूनां दर्शनं पुण्यं तीर्थभूता हि साधवः ।
तीर्थं फलति कालेन सद्यः साधुसमागमः ॥

अर्थात् साधु, सन्त, महात्माहरू त तीर्थस्वरूप भएकाले उनीहरूको दर्शन मात्रले पनि पुण्य प्राप्त हुन्छ । कुनै स्थावर तीर्थमा गरेका पुण्यले त कालान्तरमा गएर फल देला अर्थात् त्यस्ता तीर्थमा गरेका पुण्यका लागि समय पर्खनुपर्ने हुन्छ भने साधु, सज्जनसँगको सङ्गतले त तत्कालै फल दिन्छ ।

सप्तकोशी, सप्तगण्डकी, सप्त कर्णाली आदि नेपालका प्रसिद्ध तीर्थ हुन् । त्यस्तै चार नारायण, चार गणेश, चौसठ्ठी शिवलिङ्ग, चौसठ्ठी योगिनी, चार मसान, थुप्रै घाटहरू हाम्रा तीर्थहरू हुन् । क्षेत्र नामले प्रसिद्ध तीर्थ हुन्– मुक्तिक्षेत्र, बराहक्षेत्र, हरिहरक्षेत्र आदि । नेपालका सबै नदी, सबै हिमशिखर, सबै कुण्डहरू, सबै त्रिवेणी वा दोभानहरू, सबै घाटहरू, सबै मसानहरू, सबै शिवलिङ्गहरू, सबै पीठहरू तीर्थहरू नै हुन् । त्यसै कारण यहाँ मन्दिरै मन्दिर छन्, तीर्थै तीर्थ छन् , धामै धाम छन्, घाटै घाट छन्, पीठै पीठ छन्, विहारै विहार छन्, स्तुपै स्तुप छन् । नेपालका विभिन्न गुफाहरू पनि धार्मिक दृष्टिले महत्त्वपूर्ण मानिएका छन् । घरघरमा भएका तुलसीका मठहरू पनि तीर्थस्वरूप छन् अनि गाईका गोठहरू पनि अत्यन्त पवित्र तीर्थरूपमा मानिन्छन् ।

हामी प्रत्येक तिथिलाई, प्रत्येक बारलाई, प्रत्येक महिनालाई पवित्र मान्दछौं । अक्षर-अक्षरलाई मन्त्र मान्ने, प्रत्येक व्यक्ति मात्र होइन गाई, कुकुर आदि पशु, गरुड आदि पक्षी, माछा आदि जलचर र हुँदा-हुँदा वर-पिपल आदि वृक्ष र वनस्पति र तुलसी आदि झारलाई मात्र होइन निर्जीव जड शालग्राम, र पत्थरहरूलाई समेत पवित्र तीर्थस्थानीय मान्दछौं पूजा गर्दछौं । गौरीशङ्कर पर्वतलाई, कोशी, गण्डकी नदीलाई गोसाईंकुण्ड आदि जल सरोवर, कुण्ड र ताललाई हामी देवताका रूपमा मान्दछौं । हाम्रो दृष्टिकोण व्यापक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देहाभिमानी मनुष्यको उद्धारका लागि देहाभिमान विगलित गराएर स्वरूप साक्षात्कार गराउने सन्दर्भमा चित्तशुद्धिदेखि लिएर सत्सङ्ग, श्रवण, मनन, निदिध्यासन, समाधि, अभ्यास र आखिरमा महावाक्यको व्याख्या आदि गर्नगराउन अजन्मा परमात्मा, परब्रह्म स्वयं शरीर धारण गरी प्रकट हुनुहुन्छ, अवतार लिनुहुन्छ– मनुष्यका रूपमा, जनावरका रूपमा, जलका रूपमा, वृक्षका रूपमा, लिङ्ग, सरोवर, शिखर, नदी, कुण्ड, मठ, पीठ आदिका रूपमा र लीला गर्नुहुन्छ, अनुशासन र मर्यादा पालन गर्नुगराउनुहुन्छ । ती-ती वस्तुको स्थानको घटनाको महिमा देखाइदिनुहुन्छ र मानिसलाई सुमार्गमा, धर्ममार्गमा, अध्यात्ममार्गमा, परोपकारका मार्गमा, मोक्षमार्गमा प्रवृत्त गराइदिनुहुन्छ, पुराण आदि शास्त्रका माध्यमबाट वा साधु, सन्त ज्ञानी गुरुहरूका माध्यमबाट । यी सबै तीर्थ हुन् यिनले मानव कल्याण गर्दछन् ।

तीर्थयात्रामा भगवत्स्मरण हुन्छ । दर्शन, भजन, कीर्तन, नामजप, पूजा, स्नान, पाठ आदि हुन्छ । तप, त्याग, दान, तितिक्षा, स्मरण, श्रवण आदि अनेक लाभ हुन्छ ।

वर्तमान कालमा तीर्थमा पनि युगको प्रभावले होला अनेक प्रकारका विकृति आएका छन् । तिनको सुधारको पनि नितान्त आवश्यकता छ । तीर्थमा सुव्यवस्था, सुधार, सफा-सुग्घर, आध्यात्मिक-धार्मिक वातावरण, तीर्थयात्रीहरूको सेवा-सुविधा र समग्र वातावरण पवित्र, शुद्ध र प्रभावकारी हुनुपर्दछ । नत्र तीर्थमा अनास्था हुन्छ । तीर्थमा नै अनास्था भयो भने हामी कहाँ जाने ?

पण्डाप्रथा स्वयंमा खराब होइन तर आज पण्डा भन्नासाथ यात्रीमा अश्रद्धा आउन थालिसकेको छ । यसको कारण हो पण्डाबाट धेरै सोसिएका, ठगिएका, लुटिएका, पिटिएका छन् । यस्तै तीर्थमा भएका फोहरले यात्रीमा सारै नकारात्मक प्रभाव पारी तीर्थप्रति नै अश्रद्धा हुन्छ । तीर्थ स्वयंको जतिसुकै महिमा भए पनि के गर्ने ? आजका वाग्मती, विष्णुमती नदीलाई हेर्दा हाम्रा विकार, विकृति, अनास्था छर्लङ्ग हुन्छन् ।

धर्म, काम र मोक्षका लागि तीर्थ गरिन्छ । अझ विशेष गरी धर्मपूर्वक मोक्षप्राप्तिका लागि तीर्थ गरिन्छ । सत्त्वगुणी मोक्षका लागि, सत्त्वप्रधान राजसिक मान्छे धर्मका लागि र रजप्रधान सात्त्विक भक्तहरू काम, इच्छापूर्ति (इहलौकिक र पारलौकिक भोग)का लागि तीर्थ गर्दछन् । संसारमा जे-जति तीर्थ छन् ती सबै नै भगवान् र भक्तसँग सम्बद्ध छन् ।

वैदिक सनातनी हिन्दूहरूको तीर्थ, त्यस्तै वैष्णव तीर्थ, शैव तीर्थ, शाक्त, गाणपत्य, सौर्यतीर्थ, कृष्णप्रणामीको तीर्थ, बौद्ध तीर्थ, जैन तीर्थ, सिक्ख तीर्थ, इस्लाम तीर्थ, क्रिस्चियनहरूको तीर्थ सबका तीर्थ हुन्छन् । ती सबै आ-आफ्नो विश्वास, आस्था, श्रद्धाअनुसार तीर्थयात्रा गर्दछन् । चित्तशुद्धिपूर्वक आत्मलाभ गर्दछन् । कवि, साहित्यकार कलाकार आदिका पनि तीर्थ हुन्छन् । तत् तत् स्थानमा गएर उनीहरू शान्ति पाउँछन् । हुन त नदीलाई समग्र रूपमा नै पवित्र मानिएको छ तर पनि दोभान, त्रिवेणी, मन्दिर आदिको सान्निध्य आदिले अझ त्यसको पवित्रतामा वृद्धि गर्दछ । वाग्मती यात्रामा करुवालदहदेखि वाग्द्वारसम्म सयौँ तीर्थ मानेर स्नान-दान गर्ने परम्परा थियो । हिजो-आज पानीको मात्रा कम फेरि अति नै फोहर भएकाले त्यस्तो तीर्थको महिमा अहिले रहेन । यस्तै नदीहरूको उद्गमस्थललाई पनि तीर्थ मान्ने हाम्रो परम्परा चाहिँ आजसम्म छँदैछ । वाग्मतीको उद्गम वाग्द्वार तीर्थ, विष्णुमतीको उद्गम विष्णुपादुका तीर्थ, त्रिशूलीको उद्गम गोसाईंकुण्ड तीर्थ, गङ्गाको उद्गम गोमुख गङ्गोत्री तीर्थ, यमुनाको उद्गम यमुनोत्री तीर्थ, कालीगण्डकीको उद्गम दामोदर कुण्ड तीर्थ आदि आजसम्म पनि अत्यन्त प्रसिद्ध तीर्थ मानिन्छन् र वर्षेनी हजारौँ, लाखौँ मानिस ती स्थानमा तीर्थ गर्न जान्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका गुह्येश्वरी प्रचण्ड शक्तिपीठहरूमध्येकी एक हुन् । 'नेपाले गुह्यकेश्वरी' *(त्रिपुरारहस्य माहात्म्यखण्ड अ. ४८। ७१-७५)* । शिवले सतीको शव लिएर पृथ्वीमा विचरण गर्दा प्रमुख रूपमा ५१ स्थानमा उनका शरीरका अङ्गहरू खसे । जुन ठाउँमा अङ्ग खस्यो त्यहाँ एक-एक शिवलिङ्ग उत्पत्ति भयो र एक-एक शक्तिपीठको पनि प्रादुर्भाव भयो । त्यही क्रममा सतीको गुह्यभाग पतन भएको स्थान गुह्येश्वरी हो । यसरी हाम्रा तीर्थहरूले अनेक प्रकारका कथाहरू, घटनाहरू, आधारहरू बोकेका छन् र तीर्थ बनेका छन् ।

जगज्जननी, भगवती, महामाया, पराम्बा पार्वती महाशक्ति देवी नेपाल र भारतका विभिन्न स्थानमा स्वयं उत्पन्न भएर, कसैका सपनामा देखा परेर भक्त-साधकहरूलाई आ-आफ्ना योग्यता र अधिकारअनुसार सिद्धि प्रदान गर्दछिन् । हाम्रा पुराणहरूमा यसरी भक्त-साधकहरूले आफ्ना साधना, त्याग, तपस्याका बलले अनेक प्रकारका इहलौकिक एवं पारलौकिक फल प्राप्त गरेका कथाहरू थुप्रै पाइन्छन् । अतः साधकको साधनाले एकातिर आफ्नो महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ भने अर्कातिर साधनास्थलको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले तीर्थको महिमा बढेको हो । तर तीर्थ पुण्यकर्मका लागि मात्र हो, पापकर्मका लागि कदापि होइन–

यदन्यत्र कृतं पापं तीर्थे तद् याति लाघवम् ।
न तीर्थकृतमन्यत्र क्वचिदेव व्यपोहति ॥

अर्थात्, अन्यत्र गरेको पाप तीर्थमा गएपछि कम गर्न सकिन्छ, नष्ट गर्न सकिन्छ तर तीर्थमा नै गरेको पापलाई कतै गएर नष्ट गर्न सकिन्न । श्रीमद्भागवत महापुराणमा धर्मराज युधिष्ठिर महात्मा विदुरसँग भन्दछन्–

भवद्विधा भागवतास्तीर्थभूताः स्वयं प्रभोः ।
तीर्थीकुर्वन्ति तीर्थानि स्वान्तःस्थेन गदाभृता ॥ *(१।१३।१०)*

अर्थात्, तपाईंजस्ता भगवद्भक्त स्वयं तीर्थस्वरूप हुनुहुन्छ, किनभने तपाईंहरूले त आफ्ना हृदयमा विराजमान भएका भगवान् गदाधरको प्रभावले तीर्थहरूलाई पनि तीर्थ (पवित्र) बनाइदिनुहुन्छ । स्कन्दपुराण ११।६-७ मा साधुहरूको सत्सङ्ग त तीर्थहरूभन्दा पनि महान् भनी बताइएको छ । यसले अज्ञानरूप अन्धकारलाई ज्ञानालोकद्वारा तत्कालै नाश गरिदिन्छ । अग्नितत्त्व सर्वत्र व्यापक भएझैं तीर्थ पनि पाएलापाइलामा अर्थात् सर्वत्र व्यापक भएर रहेका छन् । तर हामीले मानेका, शास्त्रले भनेका ठाउँमा भने विशेषरूपमा तीर्थ प्रकट भएका हुन्छन् । अतः संस्कारद्वारा सामान्यतः ब्राह्मणतीर्थ, गोतीर्थ, गङ्गातीर्थ, गीतातीर्थ, गायत्रीतीर्थ सबै तीर्थ हुन् । यिनबाट आफू लाभान्वित हुनुमा महानता छ । गङ्गा आदि स्थावर तीर्थ हुन् भने साधु-सन्त जङ्गम तीर्थ हुन् । मनबाट उत्पन्न हुने सद्भावनालाई मानस तीर्थ भनिन्छ भने पृथ्वीका पवित्र तीर्थहरूलाई भौमतीर्थ पनि भनिएको छ ।

शास्त्रमा सत्य, दया, इन्द्रियनिग्रह, सरलता, मृदुभाषण, ब्रह्मचर्य, ज्ञान, दान, धैर्य आदि सारा सद्गुणावलीलाई मासतीर्थ भनिएको छ । मनको शुद्धि नै सर्वोत्तम तीर्थ हो ।

ध्यानपूते ज्ञानजले रागद्वेषमलापहे ।
यः स्नाति मानसे तीर्थे स याति परमां गतिम् ॥ *(स्कन्दपुराण काशीखण्ड पूर्व, ६।४१)*

अर्थात्, ध्यानभन्दा पनि पवित्र ज्ञानरूप जलले भरिएको तथा रागद्वेषरूप मललाई पखालेर शुद्ध बनाइदिने मानसतीर्थमा जसले स्नान गर्दछन् तिनीहरू परमगतिमा प्राप्त हुन्छन् ।

वेदमा पनि तीर्थहरूको ठूलो प्रशंसा गरिएको छ । त्यस कारण तीर्थहरूको महिमा वैदिक कालदेखि नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्दैआएको हो भन्ने थाहा हुन्छ । यजुर्वेदमा भगवान्लाई तीर्थमा, नदीका जलमा, नदीका किनारमा, तटवर्ती छोटाछोटा घाँसमा, कुशका अङ्कुरमा, जलका फिँजमा निवास गर्ने भनी नमस्कार गरिएको छ–

नमस्तीर्थ्याय च कुल्याय च नमः शष्प्याय च फेन्याय छ । *(शुक्लयजुर्वेद १६।४२)*

ब्रह्मपुराण *(७०।१६-१८)*मा दैव, आर्ष, आसुर र मानुष गरी जम्मा चार प्रकारका तीर्थ हुन्छन् भनी तीर्थको वर्गीकरण गरिएको छ । पद्मपुराणमा भनिएको छ–

तत्रैव गङ्गा यमुना च वेणी गोदावरी सिन्धु सरस्वती च ।
सर्वाणि तीर्थानि वसन्ति तत्र यत्राच्युतोदारकथाप्रसङ्गः ॥
यत्रस्थितं नामसहस्रकं तत् । *(पद्मपुराण उत्तर ७२।९-१०)*

अर्थात्, गङ्गा, यमुना, वेणी, गोदावरी, सिन्धु, सरस्वती आदि सम्पूर्ण तीर्थहरू त्यहीँ बस्दछन् जहाँ परमात्मा अच्युतको कथाको, लीलाको, महिमाको प्रसङ्ग चलिरहेको हुन्छ अथवा जहाँ भगवान्को सहस्रनामको चर्चा हुन्छ ।

हाम्रा पुराणहरूमा तीर्थको संख्यासमेत गणना गरिएको छ । गणनाअनुसार वायुपुराणमा ३ करोड ५० लाख तीर्थ छन् भनिएको छ भने वराहपुराण *(१५९।७-११)*मा भने ६६ अरब तीर्थहरूको गणना गरिएको छ । साथै यो संख्या वायु, हनुमान्, वाली, सुग्रीव, ब्रह्मा, लोमश, मार्कण्डेय आदिले गणना गरी पत्ता लगाएको समेत भनिएको छ ।

तीर्थको महिमाकै सन्दर्भमा सम्पूर्ण तीर्थको सार खिचेर भनिएको छ–

सर्वतीर्थमयी गङ्गा सर्वदेवमयो हरिः ।
सर्वशास्त्रमयी गीता सर्वधर्मो दयापरः ॥ *(नृसिंहपुराण ६६।४१)*

अर्थात्, गङ्गा सर्वतीर्थमयी हुन्, सर्वदेवमय हरि हुन्, सर्वशास्त्रमयी गीता हुन् भने सर्वधर्ममय चाहिँ दया हो ।

महाभारतको वनपर्व *(९५।९६)*मा भनिएको छ– गङ्गाजत्तिको अर्को तीर्थ छैन, भगवान् केशवभन्दा महान् अर्को देवता कोही छैनन् ।

न गङ्गासदृशं तीर्थं न देवः केशवात् परः ।

स्मृतिसार समुच्चयको तीर्थप्रकाश *(८।१४)*मा भनिएको छ–

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भेषजे गुरौ ।
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ॥

अर्थात्, मन्त्रमा, तीर्थमा, ब्राह्मण आदिमा, देव-देवीमा, ज्योतिषीमा, औषधिमा, गुरुमा जस्तो-जस्तो भावना, श्रद्धा, विश्वास गऱ्यो त्यस्तै-त्यस्तै फल पाइन्छ ।

अतः तीर्थले फल दिन्छ, सिद्धि दिन्छ तर भावना प्रबल हुनुपर्छ । तीर्थबाट सबै प्रकारका लाभ हात लाग्दछन् । तापनि भगवत्प्राप्तिका लागि भने बुद्धिमान्ले तीर्थयात्रा अवश्य गर्नू भन्ने आदेश दिएको मन्त्र पाइन्छ बृहदारण्यकोपनिषद् *(३।८।१०)*मा ।

पद्मपुराण उत्तरखण्डमा भगवन्नामलाई सर्वोपरि तीर्थ मानिएको छ । त्यसै गरी वह्निपुराणमा भनिएको छ–

तीर्थे तोयं ततः पुण्यं गङ्गातोयं ततोऽधिकम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्, तीर्थहरूको पानी त्यसै पनि पवित्र र पुण्यदायक हुन्छ त्यसमा पनि गङ्गाको पानी त कताकता बढी पवित्र र पुण्यदायक मानिन्छ ।

नवप्रसूत बालकको नाल काट्नुभन्दा अगाडि कसैलाई पनि सूतक लाग्दैन, त्यति वेला दिएको दानको महान् माहात्म्य पुराणहरूमा वर्णन गरिएको पाइन्छ । यस्तो पवित्र समयलाई प्रजातीर्थ भनिन्छ । यसरी प्रजातीर्थमा दिएको दानको पुण्य, फल अक्षय हुन्छ । यसर्थ यहाँ समय, वेला पनि तीर्थ बन्यो । हाम्रा दाहिने हातका हत्केलामा ४ ओटा तीर्थ छन् ।

१. देवतीर्थ– पाँचै औंला जोडेर माझी औंलाको टुप्पोबाट पानी खसाल्ने गरी अर्घद्वारा देवताहरूलाई पानी चढाइन्छ वा तर्पण दिइन्छ । यो तीर्थको नाम देवतीर्थ हो ।

२. ऋषितीर्थ– हत्केलाको माझमा कान्छी औंलाको फेदमा बायाँपट्टि अर्घको टुप्पो (पानी खस्नेपट्टि) पारेर ऋषिहरूलाई तर्पण दिइन्छ । यो ऋषितीर्थ हो ।

३. पितृतीर्थ– ऋषितीर्थको ठीक दायाँपट्टि अर्थात् बुढी औंला र चोरी औंलाको बीचमा अर्घको टुप्पो पारी दायाँपट्टि पानी खसालेर पितृहरूलाई तर्पण दिइन्छ । यो पितृतीर्थ हो ।

४. ब्रह्मतीर्थ (आत्मतीर्थ)– हत्केलाको बीचको भागलाई ब्रह्मतीर्थ भनिन्छ । पञ्चामृत, जल आदि खाँदा यही तीर्थबाट खाइन्छ ।

तीर्थ बाहिर छ, भित्र छ, तल छ, माथि छ, सर्वत्र छ । हृदयलाई पवित्र बनाउनु तीर्थको काम हो । जसको हृदय शुद्ध छ, पवित्र छ उसले सारा तीर्थ गऱ्यो ।

यसर्थ तीर्थ वास्तवमा मनमा छ, शुद्ध मनमा । मानस तीर्थको भूमिका अध्यात्मक्षेत्रमा विशेष महत्त्वपूर्ण मानिन्छ । मनलाई मानसिक धरातललाई पवित्र, शुद्ध र निष्काम बनाउनका लागि नै भौतिक, प्राकृतिक, धार्मिक तीर्थ आदिको आवश्यकता परेको हो ।

नेपाल अधिराज्य स्वयं एक तीर्थ हो, तीर्थै तीर्थको सङ्गमस्थल हो । यहाँका नदी, जलाशय, झरना, पहाड, हिमाल, वन-जङ्गल, मन्दिर, मूर्ति, शिवलिङ्ग, शिला आदि सबै नै तीर्थमय भएकाले आर्यघाट, देवघाट, भस्मेश्वरघाट आदि सबै तीर्थ हुन् । त्यसमा पनि देवघाट त देवताको पालादेखि, सत्ययुगदेखि नै अत्यन्त पवित्र तीर्थस्थल भनेर पुजिँदै आएको हो ।

देवघाट तपोभूमि, यज्ञभूमि देवभूमि हो । आध्यात्मिक धार्मिक दृष्टिले मात्र होइन ऐतिहासिक दृष्टिले समेत देवघाटले महत्त्वपूर्ण स्थान ग्रहण गरेको छ । पौराणिक कालमा पनि यो तीर्थ रामसँग, सीतासँग, कृष्णसँग र अन्य पौराणिक ऋषिमुनिहरूसँग प्रत्यक्ष वा परोक्षरूपमा सम्बद्ध थियो भनिन्छ । वसिष्ठ गुफामा ब्रह्मर्षि वसिष्ठले तपस्या गरेको सीताजी धरतीमा अन्तर्लीन भएको ऋषिहरूले अझ खास गरी राजा भरतले तपस्या गरेको आदि कथाहरू, घटनाहरू देवघाटसँग जोडिएका छन् । पौराणिक कालमा देवघट्ट भनिने यो तीर्थस्थल आज देवघाट नामले प्रसिद्ध भएको छ ।

हिमवत्खण्डको नेपालमाहात्म्यमा स्पष्ट उल्लेख भएको छ–

देवदेवः स्वयं तत्र प्रमथैः सह तिष्ठति ।
देवतीर्थमिति प्रोक्तं तस्मात् सर्वफलप्रदम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्, देवताका पनि देवता महादेव शङ्कर आफन्त प्रमथगणसहित यहीँ बस्नुहुन्थ्यो । त्यसैले यसको नाम रह्यो– देवतीर्थ । देवतीर्थमा जसले तपस्या गर्दछ उसले आफ्नो अनुकूल फल प्राप्त गर्दछ ।

देवघाट (देवतीर्थ, देवघट्ट)लाई सिद्धाश्रम पनि भनिन्थ्यो । यसका दुई अर्थ हुन सक्छन्–

१. सिद्ध महात्माहरू बस्ने स्थान भएकोले सिद्धाश्रम ।

२. यहाँ आएर तपस्या गरेपछि सिद्धि प्राप्त हुने भएकोले सिद्धाश्रम ।

वराहपुराण, स्कन्दपुराण, पद्मपुराण, हिमवत्खण्ड आदि पौराणिक साहित्यअनुसार देवघाट देवताहरूको घाटका रूपमा वा देवत्वप्राप्तिको उपायरूपमा प्रसिद्ध हुँदैआएको हो । देवघाटलाई हरिहरक्षेत्र पनि भनिन्छ । त्यस्तै शालग्राम क्षेत्र, आदिप्रयाग क्षेत्र पनि भनिन्छ ।

सप्तगण्डकी र त्रिशूलीको सङ्गमस्थल देवघाट साँच्चै नै महान् तीर्थ, प्रयाग, त्रिवेणी, दोभान सबै थोक बनेको छ । त्रिवेणी भएपछि त्रिशूली र गण्डकीले नाम बदलेर नारायणी नाम धारण गर्दछन् । यहाँ देवकर्म, पितृकर्म, चूडाकर्म, विवाहकर्म आदि सबै प्रकारका जीवनभर गरिने कार्यदेखि अन्त्येष्टि कर्मसमेत गरिने भएकोले इहलौकिक र पारलौकिक दुवै थरीका कर्मका लागि अनि साधना, त्याग, तपस्या, कल्पवास, सत्सङ्ग, स्वाध्याय, अध्ययन-अध्यापन, आध्यात्मिक अनुसन्धान आदिका लागि पनि उपयुक्त वातावरण पाइन्छ ।

अध्यात्मसाधकहरूका लागि मात्र होइन साहित्य-काव्य साधना, सङ्गीत र कलासाधना आदिका लागि पनि यहाँको अत्यन्त मनोरम, शान्त नदीप्रवाह, प्राकृतिक सौन्दर्य, पहरा, पहाड, वन-जङ्गल आदिले मनग्गे प्रेरणा प्रदान गर्दछन् । त्यस कारण तीर्थको महिमाका सन्दर्भमा देवघाट तीर्थले नेपालका अन्य तीर्थका तुलनामा विशेष उल्लेखनीय भूमिका निर्वाह गरेको छ ।

अनुरोध

१. विद्युत् खपत बढी हुने साँझको समयमा इस्त्री लगाउने, पानी तताउने, लुगा धुने जस्ता विद्युतीय उपकरणहरू सकभर प्रयोग नगरौँ ।

२. कसैले विद्युत् दुरुपयोग गरेको थाहा पाएमा तुरुन्तै नजिकको नेपाल विद्युत् प्राधिकरणको कार्यालयमा खबर गरौँ ।

नेपाल विद्युत् प्राधिकरण
केन्द्रीय कार्यालय, दरबारमार्ग

कृषि विकास बैङ्कले किसान, व्यापारप, उद्यमीहरूलाई ग्रामीण कृषि कर्जा, व्यापार कर्जा र बैकिङ्ग सुविधाहरू प्रदान गर्दछ । आफ्नो सेवालाई विश्वसनीय र व्यावसायिक बनाउँदै अझ विस्तार गर्न यस बैङ्क कटिबद्ध रहेको छ ।

अहिले

–किसानहरूलाई आफूले तिर्न सक्ने जति मात्र ऋण लिनको लागि उत्साहित गरिएको छ ।

–बैङ्क र किसानबीच बढी भेटघाट हुन सक्ने व्यवस्था मिलाइएको छ ।

–बैङ्किङ्ग कार्यालयहरूमार्फत् उत्पादनशील क्षेत्रमा जाने कर्जाहरूलाई प्रोत्साहित गरिएको छ ।

–ऋण र बचतलाई सँसँगै लैजाने नीतिलाई जोडदार रूपमा कार्यान्वयन गरिएको छ ।

–श्री ५ को सरकाको बजेटमार्फत् आउने विभिन्न कार्यक्रमहरू, राहतका प्याकेजहरूजस्ता तत्काल किसानलाई फाइदा पुग्ने कार्यहरू यस बैङ्कले गर्दै आएको छ ।

कृषि विकास बैङ्क परिवार
सिंहदरबार, फोन: ४२५२३५९, ४२५२३६०
E-mail, agrbank@infoclub.com.np, URL: www.adbn.org.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट : विशेषता र सम्भावना

✍ मोदनाथ प्रश्रित

नेपालको मुटुस्थलमा रहेको यस रमणीय ठाउँको नाम देवघाट कसरी रह्यो होला ? के तीर्थवासी भक्तजनहरूको भावनात्मक श्रद्धाभावले मात्र यो नाम रहेको होला? अथवा यसको ऐतिहासिक र वस्तुगत कारण पनि होला ? यसबारे पुराण र इतिहासविद् विभिन्न विद्वान्हरूका विभिन्न अध्ययन र विश्लेषण होलान् । म पनि आफूलाई लागेका केही कुरा यहाँ राख्न चाहन्छु ।

देव या देउता भन्ने कुरा भावनात्मक पनि हो र वस्तुगत यथार्थ पनि हो । प्रचलित एउटा उक्ति छ–

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ।
भावे हि विद्यते देवस्तस्माद् भावो हि कारणम् ॥

(देवता न काठमा छ, न ढुङ्गामा छ, न माटोमा छ । देवता केवल भावनामा मात्रै छ । त्यसैले देवताको मूल कारण भावना नै हो ।)

अर्कातिर देवता वस्तुगत यर्थार्थ पनि हो । राम, कृष्ण, बुद्ध, ईसा सुपरिचित मानव हुन् । तर साहसपूर्ण काम, विशिष्ट चिन्तन र सामाजिक योगदानका कारणले तिनीहरूलाई मानिसले देवता माने । अहिले पनि मानिसहरू जीवित साईबाबालाई देवताको स्थानमा पुऱ्याएर भजन र पूजा गर्दैछन् । समाजका लागि विशिष्ट काम गर्ने मानिसहरूलाई मानिसकै धार्मिक आस्थाले देवताको स्थानमा पुऱ्याउँदोरहेछ ।

पौराणिक इतिहासले हामीलाई बताउँछ प्रचीन कालमा मध्य एसियामा देव भन्ने एउटा जाति नै थियो । उसको प्रमुख निवास क्षेत्र सुमेरु अर्थात् पामीर पठारको वरिपरि थियो । देवहरूका समकालीन अरू जाति थिए– दैत्य, असुर (अरब प्रदेश), नाग (उत्तरी भारत, हिमाली क्षेत्र र तिब्बत), यक्ष, गन्धर्व, किन्नर (हिमाली क्षेत्र) आदि । ती देवहरूको असुर, दानव आदिसित प्राय: वैरभाव रहन्थ्यो तर भूलोक (दक्षिण एसिया)का मनुवंशी मानवहरूसित राम्रै सम्बन्ध थियो । भूलोकका वीरहरू देवलोक (पामीर, कैलाश, तिएन श्यान, कुरुभूमि आदि) तिर जाने-आउने गर्थे भने देवताहरू ठूलाठूला यज्ञ महोत्सवहरूमा मनुष्यलोकतिर पनि आउने गर्थे । त्यसै वेला उनीहरू यहाँ आएर रमाउँदै नुहाउने बस्ने गरेकाले पनि यस सुन्दर ठाउँको नाम देवघाट रहन गएको हुन सक्छ । काली गण्डकीको सिरान मुक्तिक्षेत्रका पुरातात्त्विक जीवाश्म (शालिग्राम) हरूलाई सनातन धर्मले देवता मानेको हुनाले शालिग्रामहरू बग्दै सप्तगण्डकीको समागमस्थलसम्म आइपुग्ने हुनाले पनि यस स्थानको नाम देवघाट रहेको हुन सक्छ ।

यो ठाउँ पहाड, उपत्यका र मधेशको सङ्गमस्थल हो । त्यसैले यो हिमाल, पहाड र मधेशका विभिन्न जातिका मानिसहरूको समागमको थलो पनि हो । त्यस मिलन र मैत्रीले पनि यस ठाउँलाई विशेष महत्त्व दिंदै आइएको होला । सप्तगण्डकीको यो समागमस्थल प्राचीनकालदेखि नै चिन्तक, तपसी, ऋषिमुनिको चिन्तन, अध्ययन र साधनाको स्थल पनि रहँदैआयो । त्यो परम्परा अहिलेसम्म पनि कायमै छ । यहाँ परम्परादेखि धार्मिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यज्ञ, दान, पुण्य, विद्याअध्ययन, तीर्थवास, गोपालन आदिले पनि निरन्तरता पाए होला । यस्तै यस्तै अनेकौं कारणले यस ठाउँले अत्यन्त आकर्षक देवघाट नामसहित ऐतिहासिक तीर्थस्थलको महत्त्व पाएको हुनुपर्छ ।

धेरै दृष्टिले महत्त्वपूर्ण छ देवघाट

देवघाटको सबैभन्दा महत्त्वपूर्ण विशेषता हो– अद्वितीय प्राकृतिक सौन्दर्य । हरियो जङ्गलको बीचमा काली गण्डकी र त्रिशूली नदीको सङ्गमको दृश्य सधैंभरि त्यहीं बसेर हेरिरहूँजस्तो छ । कल्पना गर्नुहोस्– कहाँकहाँका हिमाली खोँचबाट आएका काली, सेती, तादी, मादी, मर्स्याङ्दी, बूढीगण्डकी र त्रिशूलीजस्ता सात गण्डकी मिलेर समवेत विशाल नारायणी बनी सागरतिर यात्रा गरेका विचित्र दृश्यहरू कति साह्रो रमाइला छन् । ती अथाह पानीका अजस्र स्रोतहरू करोडौं वर्षदेखि त्यसरी नै बगिरहेका छन् । त्यो जलस्रोत नेपालको कहिले नसकिने विशाल संपदा हो । त्यसले नेपाल र भारतका करोडौं जनतालाई हरियो जीवन प्रदान गर्दछ । अब भविष्यमा त्यो विशाल जलस्रोतले नेपालको असीम धनसम्पदाको रूपमा बीसौं हजार मेगावाट विजुली उत्पादन गर्नेछ ।

काली गण्डकी किनारका माझीहरूले परम्परादेखि बालुवा धोएर सुन निकाल्ने काम गर्दैआएका छन् । मुक्तिनाथ क्षेत्रका शालिग्रामहरूभित्र पनि सुन पाइने कुरा धेरैलाई थाहा छ । के भविष्यमा यी नदीका किनाराहरूमा सुनका खानीहरूको विकास हुन नसक्ला ?

अरू ठाउँमा बस्दा अनेक शारीरिक र मानसिक रोगले हैरान भएका रोगीहरू देवघाटमा आएर नियमित स्नान गर्दै सुन्दर शान्त तपस्थलमा बस्दा तिनका आधा रोग त त्यसै पनि हराएर जान्छ । बाँकी उपचारको लागि देवघाटलाई प्राकृतिक चिकित्सा र योगकेन्द्रको रूपमा विकसित गरिनु असाध्यै राम्रो हुनेछ । घना जङ्गलले भरिएको यो क्षेत्र विविध वनौषधि (जडीबुटी)हरूको राम्रो उत्पादन क्षेत्र र आयुर्वेद चिकित्साको पनि भव्य केन्द्र बन्न सक्छ । यदि यस ठाउँमा एउटा आयुर्वेद शिक्षण अस्पताल र औषधि उत्पादन केन्द्र पनि सञ्चालन गर्न सकिएमा स्वास्थ्य शिक्षा र सेवाको क्षेत्रमा यो अद्वितीय ठाउँ बन्न सक्नेछ । त्यसो भएमा प्रौढ उमेरमा तीर्थवास गर्नेहरूले आफू पनि स्वस्थ रहने नियमहरूको पालन गर्दै रोगीहरूको पनि सेवा गर्न सक्नेछन् । यस दृष्टिले यस क्षेत्रका सयकडौं जडीबुटीहरूले पनि मानवजाति र पशुपन्छीको समेत स्वास्थ्य सेवा गर्ने राम्रो सुयोग पाउनेछन् ।

जीवनको अधिकांश आयु सांसारिक व्यवहारमा बिताएर, आफ्ना सन्तानलाई घरबार सुम्पी स्वतन्त्र र आनन्दको जीवन बिताउन चाहने वृद्धहरूको लागि देवघाट अद्भुत महत्त्वको ठाउँको रूपमा प्रसिद्ध भैसकेको छ ।

पूर्वपश्चिम राजमार्ग र काठमाडौं-पोखरातिरबाट आउने राजमार्गहरूको मध्यबिन्दुमा पर्ने नारायणघाट यातायातको केन्द्रस्थल बनेको छ । त्यसैले नेपालको मुटुजस्तो ठाउँमा बसेको देवघाट सिङ्गै देश र विदेशका धार्मिक र प्रकृतिप्रेमी मानिसहरूको सङ्गमस्थल बन्दैआएको छ ।

चितवन, नवलपरासी र तनहुँको त्रिघाट परेको यस ठाउँले नेपालका सबैजसो जाति-जनजातिका जनताको मित्रताको गाँठो पनि बलियो बनाउन सक्नुपर्दछ । त्यसनिम्ति यो ठाउँ नेपालका सबै जाति जन-जातिका कला, साहित्य, संस्कृतिको महान् सङ्गम पनि बन्न सक्छ । देशका विभिन्न विषयमा ठूलाठूला विद्वान् वैज्ञानिकहरू पनि यस ठाउँमा आएर स्वच्छ र स्वस्थ वातावरणमा राष्ट्रका ठूलाठूला समस्या समाधान गर्ने चिन्तन र खोजमा ढुक्कसित विचारविमर्श गर्न सक्नेछन् ।

पानी नै जीवनको मूल आधार हो । पानीविना संसारका कुनै पनि प्राणीको (यसमा केही अपवाद होलान्)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन चल्न सक्दैन । त्यसै कारणले नै संसारका सबै प्राचीन सभ्यताहरू नदी या समुद्रको किनारमा नै विकसित भएका थिए । जस्तै– मिश्र- नाइल नदी, मेसोपोटामिया- टाइग्रीस र डेन्युब नदी, मोहनजोदडो- सिन्धु, हडप्पा- रावी, काठमाण्डू- वाग्मती, पटना– काशी, इलाहवाद- गङ्गा, दिल्ली, वृन्दावन- यमुना, चीन- पहेँलो नदी आदि ।

देवघाटको महत्त्व पनि ठूल्ठूला नदीहरूको सङ्गमको कारणले भएको हो । अहिले वाग्मतीको राजधानी प्रदूषित र पानीको काकाकुल हुँदैगएको सन्दर्भमा सबै नेपालीका आँखा चितवन र देवघाटतिर फर्कनु अत्यावश्यक छ ।

साक्षर बनौं, सीप सिकौं

आय आर्जन गरौं, जीवनस्तर उठाऔं

अन्तर्राष्ट्रिय साक्षरता दिवस

श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय

अनौपचारिक शिक्षा केन्द्र

सानोठिमी, भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाम : नेपालको ऋषिकेश

✍ श्रीमती अङ्गुरबाबा जोशी

देवघाटको धार्मिक महत्त्व

तपोभूमि हिमालयको काखमा अवस्थित नेपालको मध्यभागमा अवस्थित देवघाट अत्यन्त पवित्र तीर्थस्थल हो । अर्को प्रसिद्ध तीर्थ मुक्तिनाथबाट प्रकट भएकी पुण्य शालिग्रामकी जननी सुप्रसिद्ध काली गण्डकी एवं आदिदेव महादेवको जटाजूटबाट उद्भव भएकी त्रिशूलीको सङ्गमस्थल देवघाट धाम हरिहर क्षेत्र एवं आदिप्रयागको नामबाट पनि सुप्रसिद्ध छ । नारायणगढ बजारबाट ६ किलोमिटर उत्तर भित्री मदेशमा गण्डकी, लुम्बिनी र नारायणी अञ्चल एवं तनहुँ, चितवन र नवलपरासी तीन जिल्लाको मिलन बिन्दु देवघाट धामको महिमा एवं गरिमाबारे बराहपुराण र स्कन्दपुराणको हिमवत्खण्डमा महत्त्वपूर्ण चर्चा गरिएको पाइन्छ । तदनुसार देवघाटलाई देवतीर्थ, सिद्धाश्रम, शम्भू तपोवन, सप्तर्षि तपोवन, गजेन्द्रतीर्थ, शालिग्राम क्षेत्र, चक्रतीर्थ आदि प्रेरणाप्रद नामबाट समेत उल्लेख गरिएको पाइन्छ । स्कन्दपुराणको हिमवत्खण्डको अध्याय ४४ श्लोक १०६ भन्दछ–

पृथिव्यां यानि तीर्थानि सन्ति फलप्रदानि च ।
कोटीकोटी गुणं तेभ्यः स्नात्वा तत्र प्रलभ्यते ॥

अर्थात्, पृथ्वीमा राम्रा-राम्रा फल दिने जति पनि तीर्थस्थलहरू छन् ती सबैमा भन्दा बढी फल कोटी-कोटी गुणा बढी फलदायी देवघाट सङ्गममा स्नान गर्नाले पाइन्छ । त्यसैले आफ्ना गणहरूसहित श्रीमहादेव पार्वतीदेखि सबै देवी-देवताहरू तथा ऋषिमुनिहरू यहाँ आएर स्नान गर्ने हुनाले यो पवित्र तीर्थस्थललाई देवघाट धाम भनिएको हो । देवघाट क्षेत्रमा कृष्णागण्डकी र त्रिशूली नदीको सङ्गमस्थलमा विवाह, व्रतबन्ध, आदि शुभकार्य गरिन्छ र माघ महिनामा ठूलो मेला लाग्ने गर्दछ ।

त्रिवेणी स्थानको महत्त्वको अतिरिक्त देवघाट धाममा धार्मिक महत्त्वका धेरै दर्शनीय स्थलहरू छन् । चक्रवर्ती दिव्यशिला जसलाई मणिचक्रेश्वर मन्दिर पनि भनिन्छ, सीतागुफा, वशिष्ठगुफा, ज्योतिर्लिङ्गेश्वर शिवालय, गलेश्वर बाबा आश्रम, पशुपति मन्दिर, बौद्ध स्तुप, वागीश्वरी मन्दिर, सिद्धिगणेश मन्दिर, मौलाकालिका मन्दिर, लक्ष्मीनृसिंह दिव्यधाम, शिव मन्दिर, गोपीधाम, सूर्यकुण्ड आदि प्रसिद्ध छन् । देवघाट पुगेर त्रिशूलीको झोलुङ्गे पुलबाट पारिपट्टि तनहुँतर्फ हेर्दा भारतको ऋषिकेश पुगेको कुन व्यक्तिलाई रामझुलाबाट ऋषिकेशको दर्शन गरेको भान नआउला ! ऋषिकेशमा बिहान ६ बजेसम्म बग्ने चिसो हावा देवघाटमा छैन । देवघाटमा बिहानैदेखि मजासँग त्रिवेणीस्नान गर्न सकिन्छ । ऋषिकेशमा जस्तो गर्मीमा ज्यादा गर्मी नहुने र जाडोमा बिहानैदेखि घाम लाग्ने हुनाले त्यति जाडो नहुने अत्यन्तै राम्रो मौसम भएको देवघाट धाम ज्यादै रमणीय छ । त्रिशूलीबाट तनहुँ र चितवन डुङ्गामा वारिपारि गर्दाको आनन्द आफ्नै छ ।

स्नान पश्चात् विभिन्न धार्मिक स्थलहरूको दर्शन गरेर विशिष्ट गुरुजन एवं श्रद्धेय ब्रह्मनिष्ठ स्वामीज्यूहरूको प्रेरणादायी आध्यात्मिक प्रवचन सुन्न पाइने राम्रो प्रबन्ध छ । त्यसपछि विभिन्न आश्रमहरू वा आ-आफ्नो कुटीमा सात्त्विक भोजन गरेर एक-दुई घण्टा आराम गरेपछि दिउँसो र साँझका प्रवचनहरू र आरती मजासँग भ्याउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ । दिन बितेको पत्तै हुँदैन ।

यस्तो पवित्र तीर्थस्थल देवघाटलाई नेपालको ऋषिकेशको रूपमा विकसित गर्नु तीर्थयात्रा पर्यटनको संवर्द्धनमा जुटेका सम्बन्धित सबै संघ-संस्था एवं धार्मिक आस्थावान् सबै जनताको कर्तव्य हुन आएको छ । कविशिरोमणि स्व. श्री लेखनाथज्यूले यही कुराबारे भविष्यवाणी गर्दै देवघाटलाई काशीभन्दा बढी महत्त्वपूर्ण तीर्थ मानेर आफ्नो देह त्याग यहीँ गर्नुभएको स्मरणीय छ ।

प्राकृतिक एवं ऐतिहासिक महत्त्व

धार्मिक दृष्टिकोणले मात्र होइन, प्राकृतिक र ऐतिहासिक दृष्टिकोणले पनि देवघाट अत्यन्त रमणीय एवं दर्शनीय स्थल हो । महेन्द्र राजमार्गबाट देवघाटतर्फ लाग्दा जङ्गलै-जङ्गलको लामो बाटो पस्नेबित्तिकै त्यहाँको स्वच्छ हावामा सास फेर्न थालेपछि एक किसिमको हलुकापन र रमाइलो अनुभव हुन थाल्दछ । शीतल हावाको सुसेली, चराचुरुङ्गीहरूको सङ्गीत, त्रिवेणीको जलतरङ्ग आदि सबै हेर्दा र सुन्दा मनमा एक किसिमको धार्मिक भावहरू उम्लेर आउन थाल्दछन् ।

ऐतिहासिक दृष्टिकोणले पनि देवघाटक्षेत्र महत्त्वपूर्ण छ । विक्रम संवत् १६१० मा पाल्पाका राजा मणि मुकुन्द सेनले ३५ वर्ष राज्य सञ्चालन गरेपछि यही देवघाट स्थित वशिष्ठ गुफामा तपस्या गरी समाधि प्राप्त गर्नुभएको भनिन्छ । जनश्रुतिअनुसार राजाको सुरक्षाको निमित्त मौलाडाँडामा राखिएको सैनिक सुरक्षा टोलीले स्थापना गरेको मौलाकालिका मन्दिर, राजाले तपस्या गरेको ठाउँ वशिष्ठ गुफा, नेपालकी सुपुत्री, नारी सच्चरित्रताकी प्रतीक जगज्जननी सीताले भूमिप्रवेश गरेको मानिने सीतागुफा एवं पाल्पाली सेनवंशी राजाको दरबारको भग्नावशेषहरू समेत पाइएको वागीश्वरी मन्दिर आदि स्थलहरूले देवघाटको ऐतिहासिक महत्त्व दर्साउँछन् ।

देवघाटमा तीर्थयात्री पर्यटकहरूको सुविधाको निमित्त साना-ठूला धर्मशाला एवं गुरुकुल आश्रमहरू पनि सञ्चालित भइरहेका छन् । चितवनतर्फ पुलवारि राम मन्दिर, धर्मशाला, गोरखाली धर्मशाला, यज्ञशाला, शरणागति आश्रम, लक्ष्मीनारायण धर्मशाला आदि स्थानहरूमा तीर्थयात्रीहरूले आश्रय लिन सक्दछन् । सुख-सुविधा मध्यम खालको भए पनि कष्टप्रद छैन । तीर्थयात्रामा तीर्थयात्रीहरू त्यति सुविधाभोगी पनि त हुँदैनन् ।

पुलपारि हरिहर आश्रम तथा गुरुकुल, महेश सन्न्यास आश्रम तथा गुरुकुल एवं गङ्गा तटमा गलेश्वर आश्रम तथा गुरुकुल सञ्चालित भइरहेका छन् । त्यहाँ तीर्थयात्रीहरूको आवश्यकता एवं मागअनुसार आश्रममा भोजन तथा सुत्ने र ओड्ने विछौनाहरूको पनि राम्रो प्रबन्ध छ ।

भावी सम्भावना

समुद्रपारका विदेशी पर्यटकहरूमा बढी निर्भर भएर बस्दा र उनीहरूको रुचितर्फ नै बढी ध्यान दिइएकोमा विगत केही वर्षको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिले हालसम्म उपेक्षित धार्मिक, आध्यात्मिक क्षेत्रतर्फ पशुपति क्षेत्र विकास कोष जस्ता संस्थाहरूको ध्यानाकर्षण हुनुपर्छ । विश्वमा छरिएका विशेषतः दक्षिणतर्फ भारतका करोडौँ हिन्दूहरू एवं उत्तरतर्फ चीन तथा पूर्व एसियाका करोडौँ बौद्धमार्गीहरूको लागि प्राकृतिक सौन्दर्य, तीर्थयात्रामा, योग, ध्यान तथा एकान्तको आनन्द अनुभव गर्न विशेष प्राकृतिक, धार्मिक एवं आध्यात्मिक संपदाले युक्त नेपाल अनुपम नै छ । यस परिप्रेक्ष्यमा देवघाटको भावी संभावना असीमित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिन्दूहरूको निमित्त मात्र होइन, समुद्रपारका भौतिक सुख-सुविधा भोग्दा-भोग्दा पनि जीवनमा अपूर्णताको अनुभव गरिसकेका विदेशी पर्यटकहरूका लागि आन्तरिक सुख-शान्ति र आनन्दको खोजीमा देवघाटजस्तो रमणीय एवं आध्यात्मिक वातावरणले युक्त शान्त एवं पवित्र स्थल ठूलो आकर्षणको केन्द्र बन्न सक्दछ । साथै, राष्ट्रिय रूपमा समग्र पर्यटन उद्योगको विकास एवं विस्तारमा महत्त्वपूर्ण योगदान पुग्न सक्दछ । यसको निमित्त अन्य कुराको अतिरिक्त निम्न प्रकार देवघाटको धार्मिक, आध्यात्मिक एवं तीर्थयात्रा, पर्यटकीय सुख-सुविधाको निमित्त केही पूर्वाधारहरूको व्यवस्था हुनु अत्यावश्यक छ–

१. त्रिशूली र कालीगण्डकीको तीरमा पुलपारि केही उच्चस्तरीय एवं मध्यमस्तरीय दुवै प्रकारका केही थप आश्रमहरू, धर्मशाला एवं स-साना रिसोर्ट तथा लजहरूको निर्माण गरी व्यवस्थित रूपमा सञ्चालन गरिनुपर्दछ । आध्यात्मिक चिन्तन एवं भौतिक मनोरञ्जनको निमित्त पनि पवित्र जलको सान्निध्यको आफ्नै महत्त्व छ ।

२. स्तरीय रूपमा अनुभवी प्रशिक्षक एवं साधकहरूबाट निरन्तर रूपमा योग र ध्यान सिकाउने व्यवस्था गरिनुपर्दछ । यो पनि सकेसम्म गण्डकीतटको समीपमा हुनु वाञ्छनीय हुन्छ ।

३. योग र ध्यान प्रशिक्षणको साथसाथै उपयुक्त भोजनको व्यवस्था सहित आयुर्वेदिक, होमियोप्याथिक एवं प्राकृतिक चिकित्सा सुविधाको व्यवस्था हुनु जनस्वास्थ्यको साथै पर्यटकीय आकर्षणको लागि पनि ज्यादै उपयोगी हुनेछ ।

४. कालीगण्डकी र त्रिशूलीमा नौकाविहारको सुव्यवस्थित कार्यक्रम सञ्चालनबाट पनि पर्यटन उद्योगलाई निकै सघाउ पुग्नेछ ।

५. पुलपारि मोटर जाने कार्यक्रम बनाइनु हुँदैन । त्यस क्षेत्रलाई शान्त प्राकृतिक सौन्दर्ययुक्त स्थलको रूपमा नै विकसित गर्नु हर दृष्टिले लाभप्रद देखिन्छ ।

६. बेला बखतमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त विद्वान्, महात्माहरूको प्रवचन कार्यक्रमहरूले त्यस क्षेत्रका तीर्थयात्री एवं योग-ध्यानमुखी पर्यटकहरूको लागि थप आकर्षण हुनेछ ।

७. देवघाटको महत्त्व एवं गरिमाबारे राम्रोसँग बुझेका मार्गदर्शक(Guide)हरू तयार गरेर पर्यटकहरूको सेवामा राख्न पाएमा साह्रै उपयोगी हुन्छ ।

८. त्रिवेणी स्नान गर्ने ठाउँमा उचित घाट र दान, पुण्य गर्ने व्यवस्था गरिनु आवश्यक छ ।

९. पुलपारि जानेबित्तिकै विभिन्न दर्शनीय स्थानहरूमा जानेबाटो (Walk Way)हरूको सुव्यवस्था हुनु आवश्यक छ । जाडोमा धुलो र वर्षामा हिलैहिलोमा हिँड्नुपर्ने वर्तमान स्थितिमा तुरुन्त सुधार आउनुपर्दछ ।

१०. राष्ट्रिय रूपमा पर्यटन उद्योगको विकास र विस्तार गर्न समर्पित श्री ५ को सरकारको एवं नेपाल पर्यटन बोर्डको ध्यान देवघाट विकासतर्फ जानु र उपर्युक्त एवं थप अन्य कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु अत्यन्त आवश्यक छ ।

११. देवघाटको सही रूपमा विकास-विस्तार गर्ने हो भने राजनैतिक हस्तक्षेपबाट मुक्त, नैतिक, सक्षम, सबल र कटिबद्ध देवघाट क्षेत्र विकास समितिको तुरुन्त गठन गरिनु नितान्त आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१२.पर्यटन उद्योगमा विविधीकरणतर्फ सोच लिएका पर्यटन व्यवसायीहरूको समेत संयुक्त लगानीमा देवघाटलाई नेपालको ऋषिकेश बनाउनमा बेर लाग्ने छैन । साथै देवघाट धाम जस्तो पवित्र स्थलमा धार्मिक, आध्यात्मिक एवं तीर्थयात्री पर्यटकहरू अवश्य आकर्षित हुनेछन् भन्ने कुरा निश्चित छ ।

अन्तर्राष्ट्रिय ट्रंक कल सेवामा विशेष छुट

बजेट कल
रू २५।– प्रति मिनेट
न्यूनतम ८ मिनेटको महशुल रू २००।-
'१४२५ + कन्ट्री कोड + सिटी कोड + टेलिफोन नम्बर
सार्क मुलुकहरूबाहेक अन्य सबै मुलुकहरू
६० सेकेण्डको एक पल्स @ रू. २५।-
(२४ घण्टा सेवा)

बजेट कल
रू ४५।– प्रति मिनेट
'१४४५ + कन्ट्री कोड + सिटी कोड + टेलिफोन नम्बर
सार्क मुलुकहरूबाहेक अन्य सबै मुलुकहरू
४ सेकेण्डको एक पल्स @ रू. २५।-
(२४ घण्टा सेवा)

सार्क मुलुकहरू (भू-उपग्रहमार्फत् भारतसहित)
बिहान ६.०० बजेदेखि बेलुकी ८.०० बजेसम्म रू ४५।– प्रति मिनेट
बिहान ८.०० बजेदेखि बेलुकी ६.०० बजेसम्म रू २२।५० प्रति मिनेट
भारत (टेरेस्ट्रिएल लिङ्क मार्फत्)
बिहान ६.०० बजेदेखि बेलुकी ८.०० बजेसम्म रू ३०।– प्रति मिनेट
बिहान ८.०० बजेदेखि बेलुकी ६.०० बजेसम्म रू १५।– प्रति मिनेट
०० + कन्ट्री कोड + सिटी कोड + टेलिफोन नम्बर

विद्यमान अन्तर्राष्ट्रिय डायलिङ् कोड '००' मार्फत् गरिने अन्तर्राष्ट्रिय ट्रंक कल सेवा तथा सोको महशुल यथावत् छ ।
अन्तर्राष्ट्रिय डायलिङ् कोड '१४२५' तथा '१४४५' को सेवा अपरेटरमार्फत् उपलब्ध छैन ।
संस्थान तथा अन्य सचालकहरूबाट संचालित पि. सि. ओ. हरूमा यो सुविधा उपलब्ध हुनेछ ।
माथि उल्लेखित महशुल दरमा श्री ५ को सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।
यो सुविधा २०६० साल असोज १ गतेदेखि लागु हुनेछ ।

नेपाल दूरसञ्चार संस्थान
केन्द्रीय कार्यालय
व्यापार व्यवस्थापन विभाग
फोन: ४२१०१०८, ४२१०११३, ४२१०२०६.

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी' पाँचौं अङ्क, 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

बाबुराम आचार्य
महानिर्देशक
नापी विभाग
मीनभवन, काठमाडौं

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी' पाँचौं अङ्क, 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

जमिम शाह
अध्यक्ष
स्पेशटाइम नेटवर्क प्रा. लि.
स्पेशटाइम पब्लिकेशन प्रा. लि.
पानीपोखरी, महाराजगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक तीर्थस्थल वागीश्वरी

✍डा. सूर्यमणि अधिकारी

प्रसिद्ध तीर्थस्थल देवघाटदेखि करिब एक कोश दक्षिण पूर्व, दियालो बङ्गला नजिकै, नारायणी नदीको पूर्व तटमा राम नगरतिरबाट आएको ढ्याङ्ग्री खोला र नारायणी नदीको हरीयालीपूर्ण संगमस्थल जंगलबीच वागीश्वरी क्षेत्र पर्दछ । वागीश्वरीमा सडकको पूर्वी किनारमा एउटा ठूलो सिमलको रूखमुनि एक जोडी भाले-पोथी सिंहका प्रस्तर मूर्तीहरू धेरै पहिलेदेखि नै देखिने गरेका थिए । यहाँ अहिलेसम्म पनि बली चढाई सिंहवाहिनी दुर्गाको पूजा गर्ने चलन छ । सिंह अर्थात् बाघ भेटिएकाले त्यो अवश्य पनि शक्तिपीठ हुनुपर्छ भन्ने सोची त्यस स्थानको नामकरण बागेश्वरी गरियो र आजभोलि त्यसै स्थानलाई वागीश्वरी भनिन्छ । हालै त्यस स्थानमा वागीश्वरीको मन्दिर बनाउने भनी उत्खनन गर्दा चूना सुर्खीको जोडाइमा लगाइएका, कुँदिएका ठूला ढुङ्गाहरू भएको मन्दिरको भग्नावशेष भेटियो । भग्नावशेषबाट पखेँटा भएको साँढेको प्रस्तर मूर्ती र खड्गधारिणी भगवती, भैरवको मूर्ती चक्र इत्यादि भेटिएका छन् । बाटोको दक्षिणपट्टि नदी किनारको डिलमा पनि एउटा ठूलो भग्नावशेषको थुप्रो छ । यी दुवै स्थानमा वैज्ञानिक रीतले उत्खनन भएमा धेरै महत्त्वपूर्ण पुरातात्त्विक अवशेषहरू प्राप्त हुने संभावना देखिन्छ ।

नेपालका परम पावन प्रसिद्ध नदीहरू सप्तगण्डकी र कृष्णागण्डकीको सङ्गमस्थल देवघाटभन्दा केही तल महाभारत पर्वत शृङ्खलाको फेदीमा नारायणी नदीको वहावलाई धेरै तलसम्म देखिने स्थानमा सुरम्य हराभरा जङ्गलबीच अवस्थित यस स्थान निश्चय नै तप, साधना र चिन्तनको लागि योग्य छ । यहाँका भग्नावशेषहरूबाट कुनै तिथिमितियुक्त जानकारी नपाइए पनि निर्माण शैलीलाई हेर्दा मध्यकालीन सेन राजाहरूका पालाका हुन् भनी किटान गर्न सकिन्छ ।

पाल्पाका राजा मुकुन्दसेन प्रथम (वि. सं. १५७५-१६१०)ले आफ्नो बुढेसकालमा देवघाटमा आई तपस्या गरेको उल्लेख पाइन्छ । वि. सं. १७७१ मा कश्यप गोत्रीय ब्राह्मण काशीरामले रचना गरेको गण्डकी माहात्म्यमा मुकुन्दसेन प्रथमले देवघाटमा आई विभिन्न धर्म कार्यहरू गरेको वर्णन पाइन्छ । गण्डकीमाहात्म्यमा लेखिएको छ ।

गण्डकी गर्भदेशस्थो राजपुत्रो महामतिः ।
नाम्ना मुकुन्दसेनो हि गोब्राह्मणहिते रतः ॥
देवघट्टे महाक्षेत्रे शुभे हरिहरस्थले ।
चकारोद्यापनं तत्र स्वव्रतस्य यथाविधि ॥

लमजुङ्ग, तनहुँ र गोर्खाबाट भारत निस्कने बाटो देवघाट वागीश्वरी भएर जान्थ्यो । लिच्छवि कालका राजा अंशुवर्माले सोमेश्वर भएर भारत निस्कने बाटो खुलाएका थिए । प्राचीन कालदेखि नै यो बाटो आवत-जावतका लागि चलन चल्तीको भए पनि देवघाट वागीश्वरी क्षेत्रको विकास प्रमुख रूपले पाल्पा र तनहुँका सेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूकै पालामा भएको देखिन्छ । देवघाटमा तनहुँका राजाको शीतकालीन निवासस्थान समेत थियो ।

वागीश्वरीमा प्राप्त भग्नावशेषका कुँदिएका विशाल ढुङ्गाहरू र गजुरलाई समेत दृष्टिगत गर्दा त्यहाँ शिखर शैलीमा बनेका मन्दिरहरू थिए भन्ने निर्क्यौल हुन्छ । वागीश्वरीका मन्दिरहरू शिव-पाञ्चायन पद्धतिसँग सम्बद्ध देखिन्छन् । एउटै भग्नावशेषबाट बसाहा, दुर्गा, भैरव, चक्र आदि भेटिनाले उक्त अनुमानको पुष्टि हुन्छ । पाँच मन्दिरमध्ये माझमा शिवालय र त्यसको सामुन्ने बसाहा राखिएको हुँदो हो । त्यहाँ रहेका युगल सिंहहरू प्रवेशद्वारको दाहिने र वायाँ द्वारपालको रूपमा स्थापित हुँदा हुन् । चार कोणमा सूर्य, गणेश, दुर्गा र विष्णुका मन्दिरहरू हुदाँ हुन् । यज्ञकुण्ड, धर्मशाला वाटिका र वरिपरि पर्खाल भएको सुन्दर तीर्थस्थल हुँदो हो । नेपालको धार्मिक सहिष्णुताको परम्परालाई समेटेको हुँदो हो वागीश्वरी तीर्थस्थलले ।

कालान्तरमा वागीश्वरी भग्नावशेषमा परिणत भयो । भग्नावशेषहरू पनि पृथ्वीका गर्भभित्र लुप्त भए । प्रकट रूपमा रहेका केही अवशेषहरूले मानिसलाई जिज्ञासा पैदा गराए । हाल अव्यवस्थित रूपले भएको सामान्य उत्खननबाट मात्रै पनि धेरै जानकारी प्राप्त हुन गएको छ । २०२५-२६ सालतिर यस क्षेत्रलाई "मुकुन्दपुर" नामकरण गरी बस्ती बसाउन सुरु गरिएको थियो । तर २०२७-२८ सालमा बस्ती उठाई जङ्गल नै रहन दिइयो । अहिले आएर २०५१ सालमा वागीश्वरी क्षेत्रमा प्रवासी भारतीयहरूले श्री ५ को सरकारबाट इजाजत प्राप्त गरी मेडिकल कलेज बनाउँदै छन् । वागिश्वरी क्षेत्रको संरक्षण होइन कि अझ विनाश सुरु भएको छ ।

चितवनमा मेडिकल कलेज नबनोस् भन्न खोजिको होइन तर वागीश्वरीमा नै बनाउन दिँदा त्यस क्षेत्रको हरियाली वनजंगल सखाप भएर पर्यावरणमा प्रतिकूल प्रभाव पर्ने, पवित्र नारायणी नदी प्रदूषित हुने, नदी कटानको खतरा बढ्ने, वन्य जन्तु लोप हुनुका साथै ऐतिहासिक तीर्थस्थलको महत्त्व समाप्त हुने प्रबल संभावना रहेको देखापरेको छ ।

वागीश्वरी क्षेत्रको वैज्ञानिक ढंगले उत्खनन गरी त्यसको उद्धार गर्नु परम आवश्यक भएको छ । हाल वागीश्वरीमा पशुवली चढाउन हुने वा नहुने कुरामा विवाद पैदा भएको छ । वास्तवमा दुर्गा माता हुन् उनी कुनै सजीवको वली खान्नन् । वागीश्वरीमा पशुवली निन्दनीय कुरा हो । एउटा अन्धविश्वास मात्र हो । जहाँसम्म नामको कुरा छ त्यस क्षेत्रलाई वागीश्वरी भनेमा पनि उपयुक्त नै हुनेछ । हिन्दूहरू भगवतीलाई शक्तिकी आराध्य देवी मान्दछन् । विद्या, धन वा बल शक्ति यिनै हुन् । त्यस्तै सरस्वती, लक्ष्मी वा दुर्गा भगवतीकै विविध रूप हुन् । भगवतीका सहस्र नाम छन् ।

चितवनमा बसोबास गरेका वा कार्यरत रहेका नरनारीलाई वागीश्वरीको वरप्रसादले साहित्य साधनामा प्रेरणा प्राप्त होस् भन्ने कामना सहित "चितवन साहित्य परिषद्"को स्थापना गरियो र त्यसको मुखपत्रको नाम पनि "वागीश्वरी" राखियो ।

– साभार– वागीश्वरी, वर्ष ६, अङ्क ?

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

नेपाल औद्योगिक विकास निगम परिवार

दरबारमार्ग, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाम

✍ ब्रह्मचारी डिल्लीराम बाबा

हिमालयका कन्दरा, पर्वत, दामोदर कुण्डबाट आएकी कृष्णा गण्डकी आठ अरू गण्डकी साथमा लिई शालिग्राम भगवान्लाई आफ्नो काखमा लिई देवघाटतर्फ आएकी छिन् । त्यसै गरी शिवका जटाबाट आएकी त्रिशूली गण्डकीले अरू आठ गण्डकी साथमा लिएर आएकी छिन् । यी दुई हरि र हर गण्डकी सूर्य मकर राशिमा गएको वेला यी दुई गण्डकीको भेट देवघाटमा भयो र यी दुई गण्डकी मिलेपछि यिनलाई नारायणी भनिन्छ । देवताहरू यहाँ आई भेला भएको हुनाले यस क्षेत्रलाई देवघाट भनिएको हो । यो क्षेत्रलाई वराह भगवान्को क्रीडास्थल भएकोले वराहक्षेत्र पनि भनिन्छ । सालङ्कायन नाम गरेका मुनि यही देवघाट धाममा बराहको नाम जप गरेर तपस्या गर्दथे भन्ने कुरा पाइन्छ । यस देवघाट धामलाई भूवैकुण्ठ पनि भनिन्छ । चारै काशीमध्ये देवघाटलाई मध्य काशी मानिन्छ भने कलि युगको पाँच हजार वर्ष वितेपछि कृष्णा गण्डकीको तटमा भारतका तीर्थस्थलहरू आउँछन् भन्ने किंवदन्ती छ ।

कुनै तीर्थको महिमा तीन कोससम्मको हुन्छ भने कुनै तीर्थ पञ्चकोस महिमा भएका कुनै सप्तकोस महिमाका, कुनै चौरासीकोस सम्मका र कुनै एक सय त्रिहत्तर कोस महिमा भएका हुन्छन् । तीर्थको महिमा तीर्थको मध्यबिन्दुबाट चारैतर्फ फैलिएर तोकिएको दुरीसम्म फैलिएको हुन्छ । त्यस दूरीलाई तीर्थको परिक्रमाक्षेत्र भनिन्छ । श्री हरिहर क्षेत्र देवघाट धामको परिक्रमा क्षेत्र पाँच कोसको छ भनिन्छ तर पनि यो दूरी यति नै हो भनी निश्चित गर्न सकिने अवस्था छैन । जनकपुरको परिक्रमा १७३ कोसको दूरीलाई मानिन्छ भने वृन्दावनको परिक्रमा ८४ कोसको मानिन्छ । यो दूरीलाई आधारित बनाएर तीर्थको परिक्रमा गर्नुलाई ठूलो पुण्यकार्य मानिन्छ ।

भारतका विभिन्न तीर्थहरूको भ्रमण गरेर २०१७ सालमा म देवघाट धाममा आएँ । त्यति बेला चारैतर्फ हरियाली र मध्यभागमा नीलो नदी बगेको दृश्य ज्यादै सुन्दर देखिन्थ्यो । नदीका किनारमा विभिन्न फूलहरू फुलेका हुन्थे । विभिन्न जङ्गली जनावरहरूको क्रीडास्थल थियो यो भूमि । साधारण सेउला र मूढाको कुटी बनाएर बस्दा रातमा जङ्गली जनावरहरूको आवाजले डर लाग्थ्यो । तपस्या नै दिनचर्या थियो । योगीराज ईश्वरानन्द बाबा २०२० सालमा गलेश्वरबाट देवघाटमा आउनुभयो । हाम्रो बराबर सत्सङ्ग भइरहन्थ्यो । गलेश्वर बाबाको तपस्या अपरम्पार थियो । मैले भारतमा धेरै साधु, सन्तहरूको दर्शन र सङ्गत गरेको थिएँ । तर गलेश्वरबाबामा मैले सच्चा त्यागी योगीको चरित्र पाएँ । म बाबाको दर्शन गर्न गइरहन्थेँ । भगवान्को सामीप्यमा पुग्ने यो एउटा बाटो हो जस्तो लाग्थ्यो मलाई । यसै प्रसङ्गमा बाबा र मेरो देवघाटमा सतबीज छर्ने चलन चलाउने कुरा चल्यो र सोको सुरुवात पनि भयो । बाबा ब्रह्मलीन भएपछि बाबाका चेला आसुतोषानन्द बाबा उहाँका उत्तराधिकारी र मन्दिरको महन्त हुनुभयो । त्यसपछि उहाँ परमानन्दजीलाई मन्दिर सुम्पिएर गलेश्वर जानुभयो र परमानन्दजीले पनि आत्मानन्दजीलाई त्यो मन्दिर सुम्पिएर आफू हरिहर मन्दिरतर्फ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्नुभयो । आत्मानन्दजीले गलेश्वर आश्रम र विद्यालय भव्य रूपमा निर्माण गराउनुभएको छ र चलाउनुभएको छ । श्री परमानन्दजीले हरिहर मन्दिर तयार पारी ज्ञानानन्दजीलाई सो अर्पण गरी आफू ब्रह्मलीन हुनुभयो ।

तीर्थको परिक्रमा गर्ने चलन हुन्छ । त्यसै गरी देवघाट धामको परिक्रमा गर्ने चलन २०४३ साल कार्तिकदेखि सुरु गरियो । भगवान्को मूर्ति, बाजासहित हरिनामकीर्तनका साथ परिक्रमा गर्ने चलन चलिरहेको छ ।

देवघाटको तनहुँको भूभागमा रहेका महत्त्वपूर्ण स्थानहरूमा गलेश्वर मठ, हरिहर मन्दिर र महेश सन्न्यास आश्रम एवं गुरुकुल रहेका छन् । यी तीनैले यहाँ ज्योति फैलाइरहेका छन् ।

देवघाटको चितवनतर्फको भूभागमा यज्ञशाला, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, शङ्कराचार्य मठ आदि प्रमुख छन् ।

यो पृथ्वी ईश्वरको फूलबारी हो । ईश्वरले हामीलाई यहाँ कर्म गर्न पठाउनुभएको हो । त्यसैले हामीले कर्म गर्नुपर्दछ । यहाँ बसी मैले आफूले जो सक्दो देवघाटको विकासको लागि केही काम गरें ।

देवघाट क्षेत्रको विकासको लागि श्री ५ को सरकारबाट देवघाट क्षेत्र विकास समिति स्थापित भएको छ । यस समितिद्वारा केही राम्रा कामको योजना भएको छ । धेरै काम हुन बाँकी छ । अहिले माथिबाट सहयोग कम भएको हो अथवा पदाधिकारीमा कर्मठता नभएको हो जनताको विकासको इच्छामा तुषारापात भएको छ । अब देवघाटको विकासको लागि यहाँ विभिन्न कामहरू हुनुपर्ने देखिन्छ । ती हुन्–

१. गुरुयोजना तयार गरेर देवघाटको योजनाबद्ध विकास गर्नुपर्ने ।
२. दाहसंस्कार स्थललाई निश्चित र सुव्यवस्थित बनाउनुपर्ने । त्यहाँ जाने बाटो पीच हुनुपर्ने, सिँढी बनाइनुपर्ने ।
३. देवघाटमा ऐतिहासिक संग्रहालय बनाइनुपर्ने ।
४. मकर मेला मण्डप र सो मेला लाग्ने क्षेत्रको सुधार मर्मत हुनुपर्ने ।
५. देवघाटमा हाल उपलब्ध खानेपानीको सुविधा अपुग भएकोले पानीको व्यवस्था हुनुपर्ने ।
६. गैंडाकोटतिरबाट देवघाट आउनेबाटो पिच गरिनुपर्ने र काली गण्डकी पारिबाट देवघाट आउन पुल बन्नुपर्ने ।

चिनी विक्रीको सूचना

नेसनल ट्रेडिङ्ग लिमिटेड टेकु, रामशाहपथ र भृकुटीमण्डपबाट निम्न मूल्यमा स्वदेशी चिनी विक्री भैरहेको छ ।

१० क्विन्टलभन्दा बढी खरिद गरेमा प्र. क्वी. रू. २२८५।-

१ क्विन्टलदेखि ९ क्वी. सम्म खरिद गरेमा प्र. क्वी. रू. २३२५।-

खुद्रा विक्री मूल्य प्रति के. जी. रू. २५।-

नेशनल ट्रेडिङ्ग लिमिटेड

फोन नं. ४२४४९६२, ४२२८७६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धामसँग मेरो अन्तरङ्ग सम्बन्ध

✍ ठाकुरराज पाण्डे

मेरो पुर्ख्यौली जन्मथलो गोरखा भए पनि सानैदेखि मेरो पठन-पाठन र रहनसहन एवं काम पनि काठमाडौँमै भयो । जाडो बिदामा गोरखा जाँदा त्यहाँका धेरै गाउँले छिमेकी एवं इष्टमित्रहरू कुम्लो कुटुरो बोकी माघे संक्रान्ति मेला भर्न देवघाट जाने भनी लस्कर लागेर गएको देख्दा बालसुलभ कौतुहल जाग्थ्यो र कहाँ होला देवघाट कति रमाइलो ठाउँ होला भन्ने लाग्थ्यो । आफूभन्दा ठूलालाई सोध्दा उनीहरू ऊ त्यता पर्छ देवघाट भनी डाँडाको टुप्पोतिर देखाउँथे । मेरो मनमा लाग्थ्यो सायद त्यही डाँडाको पल्लो फेदीतिर कतै रहेछ देवघाट । त्यति बेलादेखि नै मलाई देवघाट जान अत्यन्तै मन लागेको थियो ।

रापती दून विकासको अभियान चलेपछि २०१३-१४ सालतिर नुवाकोट, धादिङ्ग, गोरखा, तनहुँ, लम्जुङ्ग लगायतका धरै पहाडवासीहरू चितवनतर्फ झरे । यसै क्रममा पुस्तौली मुखिया जिम्मलको पदवीसमेत छाडी मेरा हजुरबुबा चितवनतर्फ झर्नुभयो । हजुरबुबाले चितवनको बर्दाहामा खेती जग्गा र नारायणघाटमा घडेरी जोडिसक्नुभएको थियो । २०२१ सालमा भूमिसुधार लागु भएपछि हजुबुबाले चितवनको जग्गा घडेरी वा पहाडको घरजग्गामध्ये एउटा रोज्नुपर्ने भयो । यसमध्ये हजुरबुबाले आफ्नो पुर्ख्यौली गोरखाको घरजग्गा रोजी चितवनको जग्गा र घडेरी बेचिदिनुभयो र देवघाटमा लक्ष्मीनारायण मन्दिरको स्थापनार्थ गुरु जनार्दन आचार्यसँगै जुट्नुभयो र सपत्नीक (हजुरमुमा समेत) देवघाटमा नै तीर्थवासीको रूपमा बस्न थाल्नुभयो ।

२०२५-२६ सालमा त्रिचन्द्र कलेजमा पढ्दा सामाजिक अध्ययनको क्रममा विभिन्न स्थान रोज्नु पर्ने भयो । मलाई चितवनको देवघाटको सम्झना भयो । मैले साथीहरूमाझ देवघाटमा अध्ययनको लागि जाने प्रस्ताव राखें । सबै साथीहरूबीच सहमति भयो र हामी देवघाटतर्फ लाग्यौं ।

त्यस बेलासम्म काठमाडौँबाट चितवन जाँदा त्रिभुवन राजपथ हुँदै हेटौँडाबाट नारायणघाटतर्फ जानुपर्थ्यो । बिहान ७ बजे काठमाडौँ छोडेपछि बेलुका ७-८ बजे मात्र नारायणघाट पुगिन्थ्यो । यसरी हामी पनि काठमाडौँबाट हेटौँडा हुँदै राती भरतपुर पुग्यौं र सरकारी अतिथिगृहमा बास बस्यौं । भोलिपल्ट बिहानको चियापानपछि नारायणघाट बजारतर्फ लाग्यौं । त्यस बेला नारायणघाट एउटा सहर नभएर एउटा बजारको रूपमा थियो । नारायणी नदीमा डुङ्गा चल्थ्यो । बजारवासीहरूको नुहाइधुवाइको लागि पानी र खानेपानी समेत नारायणी नदीको पानी नै थियो । बिहानको खानापछि हामी देवघाटतर्फ नारायणीको किनारै-किनार लाग्यौं । करिब डेढ-दुई घण्टाको हिँडाइपछि हामी त्रिशूली र काली गण्डकीको पवित्र सङ्गमस्थल देवघाट पुग्यौं । चारैतिर घना जङ्गल, नदीको सुमधुर आवाज र पारि डाँडाको टुप्पामा साधुहरूको आश्रम देवघाट पुराणहरूमा वर्णित तपोभूमिजस्तो लाग्यो ।

यसरी देवघाटको प्रथम दर्शन गरेपछि मलाई नदीको सङ्गमबाट डुङ्गा तरी पारि जाने कौतुहल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्यो। सबै साथीहरू साथमा डुङ्गा तरी पारि गएपछि केही उकालो चढी गलेश्वर आश्रमतर्फ लाग्यौं। गलेश्वर बाबासँग केही जिज्ञासा प्रकट गरियो। आफ्नो जीवनीबारे बाबाले भन्नुभयो– "मेरो बाबा आमा सानैमा बित म जोगी भएर हिँडें। देशदेशान्तर घुम्ने क्रममा म बम्बई पुग्दा काका रणोद्दीप सिंहलाई मारी वीर शमशेर प्र ३ भए भन्ने सुनें।" साथीहरू कोही इतिहास विधाका पनि हुनुहन्थ्यो। उहाँहरूले हिसाब गर्न थाल्नुभयो– अह गलल्ल हाँसे। "ईश्वर कहाँ छ, बाबा" भनी सोध्दा उहाँले भन्नुभयो– "तिमीमा पनि छ, ममा पनि छ, तिमीम भएको ईश्वर र ममा भएको ईश्वरबीच कुराकानी पनि भैसक्यो।" यसरी बाबाले उत्तर दिँदा हामी छक्क पर्‍यौं। घाम ओरालो लाग्न थालेपछि बाबा सन्ध्यातर्फ लाग्नुभयो। हामी हजुरबुबा हजुरमुमाको कुटीमा गई नास्ता गरी फर्क्यौं। पन्ध्र दिनको चितवन बसाइपछि हाम्रो टोली काठमाडौं फर्क्यो।

देवघाटको दोस्रो दर्शन मेरो २०३५-३६ सालतिर भयो जुन बेला म राष्ट्रिय विकास सेवाअन्तर्गत चितवन गएको थिएँ। मेरो क्षेत्र पटिहानी गा. वि. स. थियो। तापनि हामी माघे संक्रान्तिको मेलामा देवघाटधाम आएका थियौं। पौष मसान्तको रातिदेखि तनहुँ, लम्जुङ्, गोर्खा, धादिङ् जस्ता छिमेकी जिल्ला आसपास क्षेत्रका सम्पूर्ण तीर्थयात्रीहरूको ओहोरोदोहोरो चलिरहेको थियो भने पिँडालु, तरुल, भोगटे, मास जस्ता फलफूल र नगदे बालीहरू विक्रीको लागि राखिएको देखिन्थ्यो। भजन, चुड्का, झ्याउरे, सोरठी, मारुनी जस्ता लोकभाकाले रात रङ्गिएको थियो। तातो चिया र खरो रक्सीले न्यानो थपेको थियो। यसै क्रममा रमाइलो ठट्टा र हल्का-फुल्का झगडाले रात मात्तिँदैगएको थियो। तँछाड-मछाड लडाई झगडादेखि टाढा रहने आफ्नो स्वभाववश रातको १२ बजेतिर लक्ष्मीनारायण मन्दिरको शरणमा गई हामी आराम गर्न पुग्यौं। सबेरै ब्राह्म मुहूर्तमा स्नान गरी हामी आफ्नो गन्तव्यतर्फ लाग्यौं।

देवघाट धामको तेस्रो दर्शन गत २०५९ को माघे संक्रान्तिमा मैले गरें। कार्यालयको कामको सिलसिलामा म मध्यमर्स्याङ्दी परियोजनाबाट फर्किंदै थिएँ। साथमा श्रीमती र छोरी पनि थिए। हामीहरूबीच देवघाट जाऔं भनी कुरा भयो। मुग्लिन आइपुगेपछि हाम्रो गाडी पूर्वतिर नलागेर दक्षिणतर्फ मोडियो। एक डेढ घण्टा पछि नै हामी देवघाट पुग्यौं। दिनको करिब १२-१ बजे हामी देवघाट पुग्यौं। यात्रीहरू मेला भरेर फर्कंदै थिए। हामी त्रिशूली र कालीको सङ्गममा पुग्यौं र पञ्चस्नानपछि राममन्दिर, लक्ष्मीनारायण मन्दिर हुँदै आफ्नो सवारी भएछेउ आइपुग्यौं र सोही दिन काठमाडौं फर्क्यौं।

यसरी मैले तीस पैंतीस वर्षको अन्तरालमा तीन पटक देवघाट धामको दर्शन गरें। यसमा मैले सुनसान अवस्थामा रहेको देवघाट, मेलाको चहलपहलमा रहेको देवघाट, बिहानको ब्राह्ममुहूर्तको देवघाट, मेला सिद्धिन लागेको मध्याह्न अवस्थाको देवघाट गरेर मेरो मानसपटलमा एउटा सिङ्गो देवघाटको तस्वीर अङ्कित भएको छ। पहिले सडक थिएन, सडक पुग्यो, बिजुली थिएन, बिजुली पुग्यो, स्वास्थ्य चौकी थिएन, स्वास्थ्य चौकी पुग्यो, पारि जाने पुल थिएन, पुल पुग्यो, तर पनि मलाई सधैं लाग्छ जुन पहिले थिएन अहिले भयो, जुन पहिले थियो, त्यो अहिले छैन। मभित्रका भावना यसरी नै तरङ्गित भइरहन्छन्, सप्तगण्डकीमा बहने जलजस्तै प्रवाहित हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धामको महिमा

✍ स्वामी आत्मानन्द गिरि

नेपाल विश्वमा नै एकमात्र हिन्दुराष्ट्र हो । समस्त भारतवर्षमा नेपाल सदाकालदेखि देवता र ऋषिमुनिहरूको आकर्षणको केन्द्र रहिआएको छ । वराह पुराण, स्कन्द पुराण (हिमवत्खण्ड र नेपाल माहत्म्य) जस्ता पौराणिक ग्रन्थमा नेपालको विशेष चर्चा छ । नेपाल धरती देवभूमि, पुण्यभूमि तथा मोक्षभूमिको नामले पनि विभूषित छ ।

नेपालभित्र महत्त्वपूर्ण विभिन्न तीर्थस्थलहरू छन् । यिनीहरूमा श्रीपशुपतिनाथ, श्रीमुक्तिनाथ, जनकपुर, वराह क्षेत्र, गोसाईं कुण्ड, देवघाट आदि महत्त्वपूर्ण तीर्थस्थलहरू हुन् । यो सानो लेखमा देवघाट धामको मात्र चर्चा गरिएको छ ।

देवघाट धाम नेपालको मध्य क्षेत्रमा पर्दछ । यो स्थल नेपालको हृदयप्रदेश र समस्त पृथ्वीको भू-स्वर्ग हो । यो स्थलको महत्त्व विभिन्न पुराण तथा उपपुराणहरूमा उच्च रूपमा वर्णन गरिएको पाइन्छ । परापूर्व कालदेखि नै महर्षि र देवताहरूको आश्रयले गर्दा देवघाट धाम आजको रूपको तीर्थमा पुगेको हो । किनकि तीर्थहरू, देवताहरू र महर्षिहरूको सद्गुणले पवित्र भएका हुन्छन् । तीर्थप्रतिको गुणानुराग, दुष्कर्म-विरति, पुण्योदय र पापनिवारण तीर्थका प्रत्यक्ष लाभ हुन् ।

वराह पुराण, स्कन्द पुराण, पद्म पुराण, हिमवत्खण्ड आदिमा यो धामको धार्मिक महत्त्व उच्च रूपमा वर्णित छ । देवघाट क्षेत्र यो धाममा ऋषिमुनिहरू र देवताहरू आई स्नान गर्ने र यो ठाउँ देवताको अटन अर्थात् भ्रमण क्षेत्र भएकाले यसको नाम देवाट रहेको पछि त्यसैको अपभ्रंश हुन गई देवघाट भन्ने नाम रहेको देखिनछ । भगवान् विष्णुको गण्डस्थलबाट प्रवाहित कृष्णा नदी र भगवान् शङ्करको त्रिशूलभेदनबाट प्रवाहित त्रिशूली नदी सहितका थुप्रै अन्य नदीको सङ्गम परेकाले यो धाम अझ धेरै पवित्रतम हुन पुगेको छ ।

त्रिशूली र कृष्णा गण्डकी यी दुई नदीहरूलाई सप्त गण्डकी पनि भनिन्छ । यी नदीहरूमा अन्य नौ-नौ नदीहरू मिलेका छन् । त्रिशूली गण्डकीमा मादी, मर्स्याङ्दी, चेपे, दरौंदी, बूढी गण्डकी, आँखु, शुल्ला गण्डकी, वेत्रावती र तादी नदीहरू मिलेका छन् । त्यसै गरी कृष्णा गण्डकीमा रुरु, रुद्रावती, रहु (अन्धावती, आँधी (हैमवती), सेती, मोदी, मङ्गला (म्याग्दी) र मृषा नदी मिलेका छन् । यसरी त्रिशूली र कृष्णा गण्डकी मिली बनेको सङ्गमलाई देवघाट धामको सङ्गम मानिएको हो । यसलाई आदिप्रयाग पनि भनिएको छ ।

सङ्गम अगाडि प्रवाहित हुने एकत्रित नदी प्रवाहलाई भगवान् नारायणकै प्रतिरूप मानी नारायणी नदीको नामले लोकव्यवहार हुने गरेको छ ।

वृहत्संहितामा यस्ता सङ्गम र जलाशय वा नदीतटमा आश्रम तथा देवालयहरू बनाउनुपर्ने निर्देशनहरू छन् । यस्ता मनोरम क्षेत्रहरूमा ठूला-ठूला ऋषि-महर्षि एवं देवगण बेलाबेलामा आई निवास गर्दछन् भन्ने प्रबल वैदिक मान्यता रहेको छ । यति मात्र होइन यस्ता प्रदेशमा विद्यार्थीहरूले विद्यार्जन गर्दछन् भने मुमुक्षु एवं साधकहरू भगवत् चिन्तन र आध्यात्मिक पिपासा मेट्न समर्थ हुन्छन् । हाम्रा पूर्वजहरूले जलको महत्त्व बुझेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले नै उनीहरूले मानव सभ्यताको विकासका लागि भारतीय उपमहाद्वीप एवं अन्यत्र सर्वत्र नदी तट नै चयन गरेका हुन् ।

सप्तगण्डकीको पावन सङ्गम क्षेत्र देवघाट धामका बारेमा शास्त्रहरूमा विशद चर्चा भएको कुरा माथि पनि उल्लेख भइसकेको छ । त्यस्तै स्कन्दपुराणमा पनि यस क्षेत्रको महिमाको विशेष चर्चा छ ।

गण्डकीले पुत्ररूपमा आफ्नो गर्भमा वास गर्न भगवान्सँग प्रार्थना गरेकीले भगवान्ले पनि उनको प्रार्थना स्वीकार गरेको कथा वराहपुराणमा यस प्रकार छ–

उहिले गण्डकी देवीले दश हजार वर्षपर्यन्त घोर तपस्या गरिन् । गण्डकीले पहिले सुकेको पातको आहार र फेरि एक सय दिव्य वर्षसम्म केवल वायु मात्र पिएर तपस्या गरिन् । यस्तो किसिमको गण्डकीको कठोर तपस्याबाट प्रसन्न भई भगवान् नारायण प्रकट भएर तिमीले बहुतै कठोर तपस्या गऱ्यौ, तिम्रो कठोर तपस्याबाट म प्रसन्न भएँ, वर माग भन्दा हर्षविभोर भई गण्डकी बोल्न सकिनन् । मसँग सङ्कोच मान्नु पर्दैन भनेर नारायणले सम्झाएपछि गण्डकीले हजुर मेरो गर्भगत भएर पुत्र भई रहनुहोस् म यो वर माग्दछु भनेपछि भगवान्ले पनि म शालिग्राम शिलारूपले सदा तिम्रो गर्भमा निवास गरिरहुँला भनी गण्डकीलाई वर दिनुभयो ।

त्यसै कारणले गर्दा भगवान् नारायण आज पनि शिलारूपमा गण्डकीमा रहनुभएको देखिन्छ । गण्डकी र शालिग्रामसम्बन्धी अन्य रोचक कथा पनि विभिन्न पुराणमा भेटिन्छन् ।

वाराह पुराणमा भगवान् वराह र पृथ्वीको रोचक संवादको केही अंश तल उद्धरण गरिएको छ–

अहं यत्र शिवस्तत्र शिवो यत्र वसुन्धरे ।
तत्राहमपि तिष्ठामि आवयोर्नान्तरं क्वचित् ॥ *(वराह पुराण ३।१४५। ११०)*

अर्थ– हे पृथ्वी ! म जहाँ हुन्छु शिव त्यहीँ हुनुहुन्छ, शिव जहाँ बस्नुहुन्छ, म त्यहीँ बस्छु । हामी दुईको बीचमा कहिल्यै भेद रहँदैन ।

इत्थमादिप्रयागाख्यमादिभूतं मम प्रियम् ।
भुक्तिमुक्तिप्रदं नृणां मम सायुज्यदायकम् ॥

अर्थ– तीर्थहरूमा प्राचीन यो आदि प्रयाग मेरो अति प्रिय क्षेत्र हो । यो क्षेत्रले मनुष्यहरूलाई भुक्ति र मुक्ति प्रदान गर्नुको साथै मेरो सायुज्यमुक्ति समेत प्रदान गर्दछ ।

माघमासे पुनः स्नात्वा प्रयागस्नानजं फलम् ।

अर्थ– माघ महिनाको मकर संक्रान्तिमा यहाँ स्नान गर्नाले तीर्थराज प्रयागको त्रिवेणीमा स्नान गर्दा प्राप्त हुने फल पाइन्छ ।

प्राचीन कालमा भगवान् राम नेपाल आई गण्डकी सङ्गममा नुहाएको प्रसङ्ग आनन्द रामायण यात्रा काण्ड ६।७१।७२ मा उल्लेख छ–

गण्डकीसङ्गमे स्नात्वा नेपाले जगदीश्वरम् ।
दृष्ट्वा हरिहरक्षेत्रं ययौ रघुकुलोद्वहः ॥

अर्थ– गण्डकी सङ्गममा नुहाई भगवान् राम नेपाल जानुभयो । त्यहाँ भगवान् पशुपतिनाथको दर्शन गरेर उहाँ हरिहर क्षेत्र (सप्तगण्डकी प्रदेश)मा फर्कनुभयो ।

यसबाट पनि यो धाम र गण्डकी सङ्गम कति पवित्र रहेछन् सहजै बुझ्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस धामलाई पवित्रतम तुल्याउने आधुनिक युगका प्रथम व्यक्ति वेदनिष्ठ नैष्ठिक आबाल ब्रह्मचारी श्री ईश्वरानन्द नै हुनुहुन्थ्यो । पूर्वमा जन्मेर म्याग्दी जिल्लाको गलेश्वर क्षेत्र, काठमाडौँको शिवपुरी एवं अन्यान्य ठाउँमा बसे तापनि उहाँले मुख्य रूपमा यसै ठाउँलाई आफ्नो साधना एवं तपस्थली बनाउनुभएको प्रष्ट हुन्छ । १२६ वर्षसम्म जीवित हुनुभएको उहाँ उच्च योगबलले सम्पन्न सिद्ध योगी महापुरुष हुनुका साथै एक महान् कर्मयोगी पनि हुनुहुन्थ्यो । उहाँकै समयमा स्थापना भएको वेद-वेदाङ्ग विद्यालय आज पनि कर्मकाण्ड लोप नहोस् भन्ने उहाँको सदिच्छा पूरा गर्न कटिबद्ध छ । उहाँले नै स्थापना गर्नुभएको आश्रम र कल्पवास क्षेत्र आज गलेश्वर आश्रम एवं गलेश्वर क्षेत्रको नामले अगाडि बढिरहेको छ । वैदिक धर्म र संस्कृतिलाई जोगाउने र अक्षुण्ण राख्ने उहाँको सङ्कल्प नै आज हामी सबैको सङ्कल्प भएको छ । थोरै शब्दमा भन्नुपर्दा उहाँ महामानव नै हुनुहुन्थ्यो । उहाँको अलौकिक सिद्धिहरूसँग परिचित हुने थुप्रै नेपालीहरू अद्यापि जीवित नै छन् ।

सृष्टिको विकासमा समय-समयमा उतार-चढाव, उन्नति-अवनति भइ नै रहन्छन् त्यही क्रममा देवघाट धामले पनि धेरै उथलपुथलको अनुभव गर्नु स्वाभाविकै हो । देवघाट धाम पहिलेको अपेक्षा धेरै विस्तृत हुँदैगएको छ । स्तरीय आश्रमहरू खुलेका छन् । गुरुकुलहरूको व्यवस्था भएको छ । थोरबहुत रूपमा अन्न क्षेत्र खुलेका छन् । कल्पवास क्षेत्रमा पनि कुटीहरूको संख्या अत्यधिक बढेको छ । नजीकका बस्तीहरूमा आवास व्यवस्था पनि बढेकै छ । सर्वत्र सत्सङ्ग, पूजा, अर्चना, भजन, कीर्तन नियमित क्रिया नै बनेका छन् । यस क्षेत्रमा तीर्थयात्रुहरूको आउने-जाने संख्या अत्यधिक बढेको छ । विकृतिहरू केही मात्रामा बढ्न थालेको अनुभव गरिँदैछ । यहाँ रहेका आश्रम तथा विभिन्न सामाजिक संघ-संस्था र क्लबहरूको भावनाविरुद्ध यहाँ हुने गरेको जाँड-रक्सी र माछा-मासुको बेच-बिखन जस्तो विकृतिले यो पवित्र धामप्रतिको श्रद्धामा कमी आएको कुरा यत्र-तत्र सर्वत्र महसुस गरिएको छ ।

देवघाट धाम विशुद्ध तपोभूमि हो । यसलाई विशुद्ध आर्यसंस्कृति, आर्य तपोभूमिको रूपमा घोषणा गरिनुपर्छ । यो स्थान ऐतिहासिक, धार्मिक, आध्यात्मिक एवं पुरातात्त्विक दृष्टिले अत्यन्त महत्त्वपूर्ण तीर्थस्थल भएकोले यसलाई हरिद्वार, ऋषिकेश, उत्तरकाशीजस्तो तपोभूमि वा वृन्दावनजस्तो पावन धाम बनाउने वा वैदिक धर्म-संस्कृतिलाई जोगाउन सरकारलगायत संबद्ध सबै पक्षले विशेष गरी निम्न कुराहरूमा अहिलेदेखि नै ध्यान पुऱ्याउनु अत्यावश्यक देखेको छु–

१. पूर्वाग्रह विना यसको एउटा व्यावहारिक गुरुयोजना बनाउने र कार्यान्वयनमा ल्याउने ।
२. देवघाट धाम भित्रको पुल पक्की बनाई बाटो ग्राभेलयुक्त बनाउने ।
३. देवघाट धाममा आजसम्म पक्की घाट नबनेकोले काशी वा हरिद्वारमा भएजस्तो आकर्षक र खतरामुक्त पक्की घाट बनाउने ।
४. तपोभूमिलाई तपोवनको रूपमा पनि विकसित गर्नुपर्ने भएकोले पूर्णतया देवघाट धामको चारैतिर वनजङ्गलको संरक्षण र खाली ठाउँमा वृक्षारोपण गरी हराभरा बनाउने ।
५. खानेपानीको पर्याप्त व्यवस्था, स्वास्थ्यका एकाइहरूको प्रबन्ध र टेलिफोनको व्यवस्था गर्ने ।
६. सरसफाइ र ढलको समुचित व्यवस्थातर्फ अहिलेदेखि नै सचेत हुनुपर्ने ।
७. यस क्षेत्रको प्रामाणिक रूपमा जानकारी दिने गाइडको व्यवस्था गर्ने ।
८. यो स्थल र काली एवं त्रिशूली नदीका स्रोतहरूदेखि लिएर नेपालभूमि नकटेसम्मका क्षेत्रहरूमा कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमको प्रदूषण हुन नदिने ।

९. देवघाट क्षेत्रको चौतर्फी विकास गर्ने सरकार र संबद्ध पक्षको दृढ विचार छ भने आफूले नै सम्पूर्ण कार्य गर्न सक्ने गरी विशेष ऐनअन्तर्गत देवघाट प्राधिकरण गठन गरी अविलम्ब कार्य गर्ने-गराउने ।

गलेश्वर आश्रमसँग सुरक्षित २०३० शिवरात्रिको पुनीत अवसरमा पशुपति क्षेत्रमा आयोजित अखिल नेपाल हिन्दु धर्म सम्मेलनका अवसरमा गलेश्वर आश्रम देवघाट धामका जन्मदाता श्रद्धेय गलेश्वर बाबा ईश्वरानन्द ब्रह्मचारीद्वारा प्रस्तुत सम्मेलनबाट समर्थित निम्न प्रस्ताव आज पनि उत्तिकै सान्दर्भिक देखिएकोले यसमा मैले सबैको विशेष ध्यान जानुपर्ने देखेको छु–

१. समय-समयमा ठाउँ-ठाउँमा यस्ता हिन्दु सम्मेलन हुँदैरहून् र धर्मको प्रचार हुँदैरहोस् ।

२. हाम्रा देशमा तथा विश्वमा सुख-शान्ति रहोस् ।

३. अध्यात्म धर्मको सर्वत्र प्रचार होस् ।

४. आरोग्य आयुर्बल बढाउन योगाभ्यास होस् ।

५. मद्यपान एवं माछा-मासुको सर्वथा निषेध होस् ।

६. एक लाख प्रति मनुस्मृति, कोमलगीता, भानुभक्त रामायण जस्ता पुस्तकको प्रकाशन गरी विना मूल्य सर्वत्र प्रचार होस् । मनुष्य मात्रले घर-घरै पठन-पाठन गरून् ।

७. सबैमा धर्मको ज्ञान होस् ।

८. ज्ञान नभईकन हेय र उपादेय छुट्याउन सकिन्न । "ऋते ज्ञानान्न मुक्तिः" ज्ञान नभईकन मुक्ति पनि हुँदैन ।

९. भुक्ति र मुक्तिका लागि धर्मज्ञान, कर्मज्ञान र ब्रह्मज्ञान हुनुपर्दछ ।

१०. राजा, प्रजा, देश, विदेश सबैमा सुख-शान्ति होस् ।

११. सबैको आयुर्बल बढोस् ।

१२. हातले काम मुखले राम, पाँच मिली करे काज, हारे जीते टरे लाज ।

– साभारः हरिहर संन्यास आश्रम स्मारिका, २०५६

हिन्दूहरूको महान् चाड विजया दशमी तथा दीपावली २०६० को सुखद उपलक्ष्यमा देववाणी देवघाट धाम विशेषांक पाँचौं अङ्क प्रकाशित हुन लागेको सुखद घडीमा तीर्थस्थल देवघाट धामको उत्तरोत्तर विकासका लागि शुभकामना व्यक्त गर्दछौं ।

हिमालय सहकारी संस्था लि.
नेपाल राष्ट्र बैङ्कबाट स्वीकृतिप्राप्त
पुरानो बानेश्वर, काठमाडौं,
फोन नं. ४४८७७२६, ४४८८९९४

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।

दुग्ध विकास संस्थान
केन्द्रीय कार्यालय, लैनचौर
पो. ब. ८०३८, फोन नं. ४४४१४८१, ४४१३६९६,
फ्याक्स नं. ९७७, १-४४१७२१५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक सनातन धर्मको समुन्नतिमा गुरुकुलको महत्त्व

✍ जगन्नाथ शर्मा त्रिपाठी

वैदिक सनातन धर्म आचारमूलक छ । वैदिक शिक्षा पनि आचारपूर्वक लिने-दिने गरिन्छ, त्यसैले सैद्धान्तिकरूपमा नै भनिन्छ, "आचारप्रभवो धर्मः " अर्थात्, धर्मको उत्पत्ति आचारबाट हुन्छ । त्यो आचारपूर्वकको शिक्षा कि त व्यक्तिगत रूपमा वैदिक गुरुका सान्निध्यमा हुन्छ भने मुख्य र व्यापक रूपमा त्यो आचारमूलक शिक्षा गुरुकुलमा प्राप्त हुन्छ । किनभने गुरुकुलका गुरुहरूलाई मनु महाराजको आदेश छ– उपनीय गुरुः शिष्यं शिक्षयेच्छौचमादितः । अर्थात्, गुरुले शिष्यलाई आफ्ना समीपमा ल्याएर (उपनयन कर्म गरेर) आरम्भदेखिका शौच, आचमन आदिको शिक्षा दिनू । यस्ता शौच वा शद्धिहरू अनेक किसिमका छन् । मनुको उक्त "आदितः" शब्दले यी सबै शुद्धिहरूलाई लक्ष्य गरेको हो । यी शुद्धिहरूमा प्रारम्भिक शुद्धि हो शरीर शुद्धि । यसभित्र दन्तधावन, हस्तपादादिको सम्यक् मृत्तिका लेपनपूर्वकको प्रक्षालन, पायूपस्थादिको विधिपूर्वकको प्रक्षालन र स्नान आदि । त्यसपछिको आचारमा क्रम आउँछ क्रियाशुद्धिको । यसभित्र सत्कर्महरूको अनुष्ठान, दुष्कर्मको त्याग, देवविग्रहादिको दर्शन, तीर्थहरूको अटन र सेवन, मुख्यरूपमा गुरुजन र सत्पुरुषहरूको अनि व्यापाकरूपमा प्राणीमात्रको सेवा, सत्कर्मअन्तर्गत यज्ञादिको अनुष्ठान तथा अन्य देवकर्म र पितृहकर्महरू पर्दछन् । सत्शास्त्रहरूको र सत्पुरुषका उपदेशहरूको श्रवण, मनन र निदिध्यासन आदिले मन शुद्ध हुन्छ । मन शुद्धि नै सर्वार्थलाभको मध्यसोपान हो । पूर्वोक्त शरीरशुद्धिका अरु अङ्गहरू पनि छन् र ती हुन् आहार-विहार आदि व्यवहारहरू ।

गुरुले शिष्यलाई आफ्ना सन्निधिमा ल्याएर यी कुराहरूको शिक्षा दिएर उपर्युक्त कुराहरूबाट विचलिन नहुने बनाउनुलाई व्रतबन्ध गर्नु भनिएको हो । यसरी शिष्यलाई व्रतबन्ध गरेर उसलाई व्रतबद्ध बनाएपछि गुरुले त्यस शिष्यलाई वेदाध्यायको स्वशाखीय अध्यापन सुरु गर्दछन् । यसरी स्वाध्यायको अध्यापन गरिसकेपछि त्यस स्वाध्यायलाई शुद्धरूपमा स्थापना गर्नाका निम्ति शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष यी षड्शास्त्रहरूको विधिवत् अध्ययन गराइन्छ । वेद श्रुतिमूलक हुनाले पहिले अध्याय, त्यसपछि शास्त्र– यो नियम गुरुकुलमा बाँधिएको हुन्छ र अध्यायका सुरुमा यी-यी शास्त्रहरूको सामान्य परिचय दिइन्छ । यी ६ शास्त्रहरू वेदका षडङ्ग अर्थात् ६ अङ्ग मानिन्छन् । जसरी योगशास्त्रमा योगका अङ्गहरू कतै सात, कतै आठ र कतै एघार बताइएका छन् र तीमध्ये आठ अङ्ग प्रसिद्ध छन् र ती आठ अङ्गहरूले युक्त वा पूर्ण योगलाई अष्टाङ्गयोग भन्दछन्, त्यसरी नै सम्पूर्ण शास्त्रहरू वेदका अङ्ग हुन् । तिनको संख्या विभिन्न ठाउँमा विभिन्न बताइएको छ र रामायण, पुराणहरू र महाभारतले पनि वेदका अङ्ग मानिएका छन्– "इतिहासपुराणाभ्यां वेदं चैवोपबृंहयेत्" भन्ने वचनद्वारा, तथापि परम आवशयक अङ्गहरू उक्त ६ शास्त्र मानिएका छन् । गुरुकुलमा उक्त स्वाध्याय र ती शास्त्रहरूको अध्यापन गरिसकेपछि छात्रको मेधा हेरेर अरू शास्त्रहरूको अध्यापन गरिन्थ्यो ।

वचनशुद्धिमा पनि त्यत्तिकै महत्त्व दिइन्थ्यो । किनभने वचनगत अशुद्धि मानसिक अशुद्धिको द्योतक हो । त्यस कारण अध्ययन समाप्त गरेर विदा हुन लागेका शिष्यलाई अन्तिम उपदेश दिने क्रममा तैत्तिरीयोपनिषद्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वभन्दा पहिलो उपदेश "सत्यं वद" का रूपमा व्यक्त भएको छ ।

अहिले प्राचीन गुरुकुल परम्परा प्रायः लुप्त भइसकेको छ । हामी मानव हुनाले मनुका सन्तति हौं, मनोरपत्यं पुमान् मानवः, स्त्री मानवी" भो व्युत्पत्तिअनुसार । हाम्रो वैदिक संस्कृति मानव संस्कृति हो । हो वैदिक धर्म मानव धर्म हो । हाम्रो मानव सभ्यता वैदिक सभ्यता हो । हाम्रो समाजले क्रमशः आफ्नो त्यागी पनि र मुख्यवस्थित मानव सभ्यतालाई पुमाएर मर्कट सभ्यतालाई अँगालिरहेको छ, त्यो हो तथाकथित पश्चिमी सभ्यता ।

यो जैले पश्चिमी सभ्यतालाई गाली गरेको हाइन, उनिहरुकै स्वीकारोक्तिको अनुवाद मात्र गरेको हो किनभने हामी आफुलाई मनुका सन्तान हुनाले मानव हौं भनेर स्वीकार्छौं । त्यस कारण हाम्रो सभ्यता र संस्कृति सबै मानव सभ्यता, मानव धर्म र मानव संस्कृति हो । पश्चिमका डार्विन भन्ने विद्वानले Revolution Theory अर्थात् विकासवादी सिद्धान्त भन्ने पुस्तक लेखेका छन् र उनले जीवराशिका विकासको क्रम जनाएका छन् । यस क्रममा उनले जीवराशिका शरीर तथा मस्तिष्कले विकास हुँदै गर्दा बानर जातिको उत्पत्ति भएको र यसै बानर जातिबाट विकसित हुँदै मानिसको उत्पत्ति भएको स्वीकारेका छन् र उनको यस सिद्धान्तलाई पश्चिमी जगत्ले अक्षरशः स्वीकारेको छ र उनिहरु आफ्नो मानिसको परिचय दिंदा डार्विनको बन्दर उदाहरण परेको छ । यसकारण उनिहरुले नै स्वीकारेको यथार्थ वा अकाट्य तथ्यले बानरजातिको बाल र भन्दा तथा परन्तु निहरुले यसमा पाई हो भनी मेरो मौलिक बुद्धिले स्वीकार्छ ।

[illegible]

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता किसिमका हुन्थे । समान गुण, व्यवहार तथा कुलकी गुणशीलवती कन्या खोजेर प्रज्ज्वलित अग्निका समक्ष वैवाहिक विधि सम्पन्न गर्दथे । त्यस बेलाका तिनीहरूको विवाह कामपूर्तिका निम्ति नभएर सन्तानोत्पत्तिका लागि हुन्थ्यो । "रमन्ते महिषा इव" होइन । ऋतुस्नाता नारीमा पुत्रप्राप्तिका निम्ति ऋतुशुद्धिपछिको समरात्रिमा कन्योत्पत्तिका लागि विषम रात्रिमा मातृ-पितृ-कुलका क्षयाहरू, पौर्णमासी, अमातिथि, एकादशी, रिक्तातिथि, प्रदोषव्रत, दिवा-सन्ध्या, अतिगण्ड, शूल, व्याघात, व्यतिपात आदि योगहरू नभएका दिन ईश्वरचिन्तनपूर्वक गर्भाधान गरिन्थ्यो र अहिलेको जस्तो परिवार नियोजनको समस्या पनि त्यस बेला थिएन र सन्तानहरू पनि जन्मसिद्ध संस्कार भएका जन्मन्थे ।

अहिले त्यो गुरुकुल परम्परा लुप्त भएर गयो, जो चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) नै दिने किसिमको थियो । आज स्वामीजी महाराजहरूले त्यसको पुनरुद्धार गर्न थाल्नुभएको छ । यस क्षेत्रमा त्यसको सूत्रपात गर्नुभएको हो ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीले । त्यसको रक्षण गर्दै हुनुहुन्छ आत्मानन्द स्वामिजी महाराज । स्वामी डा. रामानन्दजी महाराजले महेश संन्यास आश्रम खोली सर्वाङ्गपूर्ण गुरुकुलको स्थापना गरेर सञ्चालन गरिरहनुभएको छ । ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीको वरदान र आशीर्वाद पाएका युवा यति स्वामी ज्ञानानन्द सरस्वती महाराजले हरिहर आश्रममा गरुकुल खोली त्यहाँ पठन-पाठनको व्यवस्था मिलाउनुभएको छ । यसरी देवघाट धामका त्रिमूर्ति स्वामीजी महाराजहरूले समाजको पुनरुद्धारका लागि प्रयत्न गरिरहनुभएको छ । निष्किञ्चन बनेर रहने त्यागव्रत लिएका योगीहरूबाट समाज र देशका लागि यी प्रयत्नहरू भइरहेका छन् भने यसमा समाजले अनुगृहीत भएको अनुभव गर्नुपर्ने हो ।

तर, समाजमा एउटा नराम्रो अनि भ्रान्त धारणा व्याप्त भएको देखिन्छ । तपस्वीहरू कषाय वस्त्र धारण गर्दछन् । विद्यार्थीहरू पनि तपस्वी ब्रह्मचारी हुनाले उनीहरू पनि कषायवस्त्र धारण गर्दछन् । उता विद्यालयको सञ्चालन र संरक्षण गर्नेहरू पनि संन्यासीहरू छन् । त्यहाँ सन्तानहरूलाई पढ्न पठायो भने उसलाई जोगी बनाइदिन्छन् । तर वस्तुस्थिति त्यसो होइन । यति र ब्रह्मचारीहरू परिव्राट् हुन्थे । केही शिष्यहरूलाई साथमै लिएर उनीहरूलाई शिक्षा दिँदै परिव्रजन गर्दथे । तर धेरै शिष्यहरूलाई साथमै लिएर सधैँ परिव्रजन गर्नु सजिलो थिएन । त्यसैले ऋषिहरू पत्नी विवाह गरेर आश्रम खोलेर शिष्यहरूलाई पढाउने गर्दथे र त्यस्ता धेरै गुरुकुलहरू चलाएर दश हजार विद्यार्थीहरूलाई सम्पूर्ण जीविकाको व्यवस्था मिलाएर पढाउन सक्ने गुरुलाई "कुलपति" भन्ने चलन थियो । अहिलेका पनि त्यस्ता पत्नीयुक्तहरूले तपस्वी बनेर गुरुकुल खोलेर चलाइदिएर धर्म, संस्कृति र सभ्यताको रक्षा गरिदिए योगीहरूलाई के खाँचो परेको थियो गुरुकुल चलाउन । उनीहरू तपस्या गर्थे र त्यसका माध्यमबाट देशलाई सबल बनाउँथे ।

अब आयो जोगी बनाउने कुरा । न त पहिलेका कुलपतिहरू शिष्यलाई जोगी बनाउँथे, न त अहिलेकाले बनाउँछन् । पन्ध्र वर्षदेखि बीस वर्षको अवधिसम्म गुरुकुलमा पढाएर शिष्यलाई बिदा दिन्थे । बिदा दिनुभन्दा पहिले शिष्यलाई उनीहरू प्रश्न गर्दथे– तिमी विवाह गरेर सपत्नीक बनेर गुरुकुल चलाएर बस्छौ कि गृहस्थाश्रममा फर्कन्छौ, कि परिव्रजन गर्दछौ ? शिष्यले आफ्नो बाटो रोजेपछि तदनुरूपको अन्तिम शिक्षा दिएर उसलाई बिदा गर्थे । यसरी त्यस बेला विद्याध्ययन गर्न चाहेन प्रत्येक द्विजाति (ब्राह्मण, क्षत्रिय र वैश्य)ले गुरुकुलमा जानुपर्थ्यो र वर्णानुरूपको शिक्षा लिएर उनीहरू फर्कन्थे । त्यसरी कोही परिव्राट् ब्रह्मचारी बन्दथे, कोही परिव्राजक संन्यासी हुन्थे र कोही गुरुकुल खोलेर बस्थे अनि कोही गृहस्थ बन्दथे । यी सबै मार्ग सबैले स्वेच्छाले अपनाउँथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबैभन्दा पहिलो उपदेश "सत्यं वद" का रूपमा व्यक्त भएको छ ।

अहिले प्राचीन गुरुकुल परम्परा प्रायः लुप्त भइसकेको छ । हामी मानव हुनाले मनुका सन्तति हौं - मनोरपत्यं पुमान् मानवः, स्त्री मानवी" यो व्युत्पत्तिअनुसार । हाम्रो वैदिक संस्कृति मानव संस्कृति हो । हाम्रो वैदिक धर्म मानव धर्म हो । हाम्रो मानव सभ्यता वैदिक सभ्यता हो । हाम्रो समाजले क्रमशः आफ्नो त्यस्तो पवित्र र सुव्यवस्थित मानव सभ्यतालाई गुमाएर मर्कट सभ्यतालाई अँगालिरहेको छ, त्यो हो तथाकथित पश्चिमी सभ्यता ।

यो मैले पश्चिमी सभ्यतालाई गाली गरेको हाइन, उनीहरूकै स्वीकारोक्तिको अनुवाद मात्र गरेको हुँ । किनभने हामी आफूलाई मनुका सन्तान हुनाले मानव हौं भनेर स्वीकार्छौं । त्यस कारण हाम्रो सभ्यता, धर्म, संस्कृति सबै मानव सभ्यता, मानव धर्म र मानव संस्कृति हो । पश्चिमका डार्विन भन्ने विद्वान्ले Revolutionary Theory अर्थात् विकासवादी सिद्धान्त भन्ने पुस्तक लेखेका छन् र उनले जीवराशिका विकासको क्रम बताएका छन् । त्यस क्रममा उनले जीवराशिका शरीर तथा मस्तिष्कको विकास हुँदै जाँदा वानर जातिको उत्पत्ति भएको र त्यसै वानर जातिबाट विकसित हुँदै मानिसको उत्पत्ति भएको स्वीकारेका छन् र उनको त्यस स्वीकृतिलाई पश्चिमी जगत्ले अक्षरशः स्वीकारेको छ र उनीहरू आफ्नो (मानिसको) परिचय दिँदा डार्विनकै वाक्यहरूको उद्धरण गर्दछन् । त्यसकारण उनीहरूले नै स्वीकारेको संस्कृति वा धर्मलाई हामीले वानरसंस्कृति वा वानर धर्म भन्नु हाम्रा पाश्चात्य मित्रहरूको सम्मान गर्नु हो भन्ने मेरो तार्किक बुद्धिले स्वीकार्छ ।

आज हाम्रो समाजले दिनपरदिन त्यसै कपिसंस्कृति, कपिधर्म र कपिसभ्यतालाई स्वीकार्दै गएको छ । त्यस संस्कृतिमा न त गुरुकुल हुन्छ, न त शौच आदि नै । अचेलका शिक्षणसंस्थाहरू प्रायः त्यसै संस्कृतिका पृष्ठभूमिमा खोलिएका हुनाले न त तिनमा शौच आदिको शिक्षा हुन्छ, न त कुनै शिष्टताको विकास त्यहाँ भएको देखिन्छ । ती आधुनिक विद्यालयमा पढेर निस्केकाहरूले न त मातापिताको सेवा गर्न सकेका हुन्छन् न त गुरुको, न त देवपितृहरूमाथि श्रद्धा नै उनीहरूका हृदयमा हुन्छ । न त शौच तथा आचमन, न त त्यसपछि नित्य गर्नुपर्ने गायत्रीमन्त्रको जप । यो सब नभएपछि धर्म, संस्कृति र सभ्यताको निर्मूल हुनु स्वाभाविकै हो । "छिन्ने मूले नैव शाखा न पत्रम्" । यो प्रतिस्पर्धाको युग हो । यहाँ प्रतिस्पर्धी भएर बाँच्न सिक्नुपर्छ । त्यसरी बाँच्नका लागि चलाखी सिक्नुपर्छ भनेर चलाखीका नाममा धूर्तताको शिक्षा दिइन्छ । प्रतिस्पर्धा धार्मिक, आध्यात्मिक वा चारित्रिक किसिमको नभएर केवल भौतिक किसिमको हुन्छ । त्यो भौतिक उन्नति धर्ममूलक नभएर धूर्तता वा चौर्यमूलक हुन्छ । यसैले आज हाम्रो समाजलाई अस्तव्यस्त बनाएको छ । आसुरी सम्पत्तिलाई दैवी सम्पत्ति मान्न थालिएको छ । आसुरभाव प्रदर्शनलाई प्रभुत्वको संज्ञा दिइन्छ । यसरी मानव जाति वानर जातिमा परिणत भइरहेको छ ।

पहिलेका नेपाल र भारतका गृहस्थहरू गुरुकुलमा शौचाचारपूर्वक अध्ययन गरेर गृहस्थीमा फर्किएका हुन्थे । त्यस कारण उनीहरूका क्रियाकलापहरू सबै संस्कारमूलक हुन्थे । संस्कारले शरीरलाई मात्र शुद्ध नबनाएर आत्मिक शुद्धि पनि प्रदान गर्दछ । त्यस्ता मानिसहरूमा मानसिक विचलन पनि कम हुन्छ । मानसिक विचलन कम भएको मानिस योगक्षेम वहन गर्न समर्थ हुन्छ । त्यसैले त्यसरी गुरुकुल निवासबाट फर्किएका मानिसहरू कालिदासले भनेझैं–

रेखामात्रमपि क्षुण्णादामनोर्वर्त्मनः परम् ।
न व्यतीयुः प्रजास्तस्य नियन्तुर्नेमिवृत्तयः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता किसिमका हुन्थे । समान गुण, व्यवहार तथा कुलकी गुणशीलवती कन्या खोजेर प्रज्ज्वलित अग्निका समक्ष वैवाहिक विधि सम्पन्न गर्दथे । त्यस बेलाका तिनीहरूको विवाह कामपूर्तिका निम्ति नभएर सन्तानोत्पत्तिका लागि हुन्थ्यो । "रमन्ते महिषा इव" होइन । ऋतुस्नाता नारीमा पुत्रप्राप्तिका निम्ति ऋतुशुद्धिपछिको समरात्रिमा कन्योत्पत्तिका लागि विषम रात्रिमा मातृ-पितृ-कुलका क्षयाहरू, पौर्णमासी, अमातिथि, एकादशी, रिक्तातिथि, प्रदोषव्रत, दिवा-सन्ध्या, अतिगण्ड, शूल, व्याघात, व्यतिपात आदि योगहरू नभएका दिन ईश्वरचिन्तनपूर्वक गर्भाधान गरिन्थ्यो र अहिलेको जस्तो परिवार नियोजनको समस्या पनि त्यस बेला थिएन र सन्तानहरू पनि जन्मसिद्ध संस्कार भएका जन्मन्थे ।

अहिले त्यो गुरुकुल परम्परा लुप्त भएर गयो, जो चतुर्वर्ग (धर्म, अर्थ, काम, मोक्ष) नै दिने किसिमको थियो । आज स्वामीजी महाराजहरूले त्यसको पुनरुद्धार गर्न थाल्नुभएको छ । यस क्षेत्रमा त्यसको सूत्रपात गर्नुभएको हो ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीले । त्यसको रक्षण गर्दै हुनुहुन्छ आत्मानन्द स्वामिजी महाराज । स्वामी डा. रामानन्दजी महाराजले महेश संन्यास आश्रम खोली सर्वाङ्गपूर्ण गुरुकुलको स्थापना गरेर सञ्चालन गरिरहनुभएको छ । ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीको वरदान र आशीर्वाद पाएका युवा यति स्वामी ज्ञानानन्द सरस्वती महाराजले हरिहर आश्रममा गरुकुल खोली त्यहाँ पठन-पाठनको व्यवस्था मिलाउनुभएको छ । यसरी देवघाट धामका त्रिमूर्ति स्वामीजी महाराजहरूले समाजको पुनरुद्धारका लागि प्रयत्न गरिरहनुभएको छ । निष्किञ्चन बनेर रहने त्यागव्रत लिएका योगीहरूबाट समाज र देशका लागि यी प्रयत्नहरू भइरहेका छन् भने यसमा समाजले अनुगृहीत भएको अनुभव गर्नुपर्ने हो ।

तर, समाजमा एउटा नराम्रो अनि भ्रान्त धारणा व्याप्त भएको देखिन्छ । तपस्वीहरू कषाय वस्त्र धारण गर्दछन् । विद्यार्थीहरू पनि तपस्वी ब्रह्मचारी हुनाले उनीहरू पनि कषायवस्त्र धारण गर्दछन् । उता विद्यालयको सञ्चालन र संरक्षण गर्नेहरू पनि संन्यासीहरू छन् । त्यहाँ सन्तानहरूलाई पढ्न पठायो भने उसलाई जोगी बनाइदिन्छन् । तर वस्तुस्थिति त्यसो होइन । यति र ब्रह्मचारीहरू परिव्राट् हुन्थे । केही शिष्यहरूलाई साथमै लिएर उनीहरूलाई शिक्षा दिँदै परिव्रजन गर्दथे । तर धेरै शिष्यहरूलाई साथमै लिएर सधैँ परिव्रजन गर्नु सजिलो थिएन । त्यसैले ऋषिहरू पत्नी विवाह गरेर आश्रम खोलेर शिष्यहरूलाई पढाउने गर्दथे र त्यस्ता धेरै गुरुकुलहरू चलाएर दश हजार विद्यार्थीहरूलाई सम्पूर्ण जीविकाको व्यवस्था मिलाएर पढाउन सक्ने गुरुलाई "कुलपति" भन्ने चलन थियो । अहिलेका पनि त्यस्ता पत्नीयुक्तहरूले तपस्वी बनेर गुरुकुल खोलेर चलाइदिएर धर्म, संस्कृति र सभ्यताको रक्षा गरिदिए योगीहरूलाई के खाँचो परेको थियो गुरुकुल चलाउन । उनीहरू तपस्या गर्थे र त्यसका माध्यमबाट देशलाई सबल बनाउँथे ।

अब आयो जोगी बनाउने कुरा । न त पहिलेका कुलपतिहरू शिष्यलाई जोगी बनाउँथे, न त अहिलेकाले बनाउँछन् । पन्ध्र वर्षदेखि बीस वर्षको अवधिसम्म गुरुकुलमा पढाएर शिष्यलाई बिदा दिन्थे । बिदा दिनुभन्दा पहिले शिष्यलाई उनीहरू प्रश्न गर्दथे– तिमी विवाह गरेर सपत्नीक बनेर गुरुकुल चलाएर बस्छौ कि गृहस्थाश्रममा फर्कन्छौ, कि परिव्रजन गर्दछौ ? शिष्यले आफ्नो बाटो रोजेपछि तदनुरूपको अन्तिम शिक्षा दिएर उसलाई बिदा गर्थे । यसरी त्यस बेला विद्याध्ययन गर्न चाहेन प्रत्येक द्विजाति (ब्राह्मण, क्षत्रिय र वैश्य)ले गुरुकुलमा जानुपर्थ्यो र वर्णानुरूपको शिक्षा लिएर उनीहरू फर्कन्थे । त्यसरी कोही परिव्राट् ब्रह्मचारी बन्दथे, कोही परिव्राजक संन्यासी हुन्थे र कोही गुरुकुल खोलेर बस्थे अनि कोही गृहस्थ बन्दथे । यी सबै मार्ग सबैले स्वेच्छाले अपनाउँथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैलाई कसैले कुनै किसिमको करकाप गर्दैनथ्यो ।

अहिले पनि गुरुकुलमा पढ्ने शिष्यलाई सदाचारमूलक शिक्षा दिइन्छ, जोगी बनाइँदैन । यति चाहिँ निश्चय हो, उनीहरू सामान्य जीवन र उच्च विचार तथा शिक्षाका अवश्य हुन्छन् ।

कुसंस्कृतिका प्रभावले आज हिन्दुहरूका सन्तानका शिरमा टुपी पाइँदैन । त्यसरी कुसंस्कारमा फसेर सन्तानले टुपी काट्दा नेपाली अभिभावकहरू चिन्तित हुँदैनन्, तर संस्कारयुक्त शिक्षा लिएर सन्तान सुसंस्कृत बन्दछन् कि भन्ने ठूलो त्रास देखिन्छ । यस्ता परिस्थितिमा देशवासीहरूको संस्कार कसरी बाँचोस् ?

अहिले देवघाटका त्रिमूर्तिहरू– रामानन्दजी महाराज, आत्मानन्दजी महाराज र ज्ञानानन्दजी महाराज त्यस गुरुकुल परम्पराका सम्वर्द्धनमा नित्य क्रियाशील हुनुहुन्छ, जसका लागि हामी गृहस्थहरूले जति आभार व्यक्त गरे पनि पुग्दैन ।

गुरुकुलको महत्त्व प्राचीन कालमा थियो, अहिले झन् बढी छ, किनभने त्यस बेला गृहस्थहरू पनि गुरुकुलमा अध्ययन गरेर फर्केका हुन्थे र गुरुकुलमा छँदा बसेको संस्कार उनीहरूमा हुन्थ्यो । त्यसैले त्यस बेलाका बालकहरूले गुरुकुलमा प्राप्त हुने शिक्षाको केही अंश घरैमा प्राप्त गर्न सक्दथे । यो कुरा कसैको उपनयन गर्ने अधिकार गुरुलाई मात्र नभई पितालाई पनि हुनुवाट प्रमाणित हुन आउँछ । तर आज कसैका सन्तानले त्यस्तो शिक्षा घरबाट पाउनु असम्भव छ र यसले गर्दा वर्तमान युगमा गुरुकुलको महत्त्व झन् बढेको छ ।

– साभार: हरिहर संन्यास आश्रम स्मारिका, २०५६

शुभकामना

'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेकोमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

पुनाराम पोखेल

नगर प्रमुख तथा

बुटवल नगरपालिका परिवार

भैरहवा रूपन्देही

शुभकामना

'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेकोमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

विनोदबहादुर श्रेष्ठ

अध्यक्ष

नेपाल उद्योग वाणिज्य महासंघ परिवार

पोष्ट वक्स नं. २६९, पचली

शहीद शुक्र, मिलन मार्ग, टेकु, काठमाडौँ

फोन नं. ४२६२०६१, ४२६२२१८, ४२६६८८९

फ्याक्स नं. ४२६१०२२, ४२६२००७

इमेल: fncci@mos.com.np

URL: http://www.fncci.org

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानव जीवनको लक्ष्यप्राप्तिको स्थान देवघाट धाम

✍ स्वामी रमेश भारती
उपाध्यक्ष, गलेश्वर आश्रम, देवघाट

दुःखं मे मा भूत् सुखं मे सर्वदा भूयात् (मलाई कहिले पनि दुःख नहोस्, सदा सर्वदा सुख मात्र भइरहोस्) सम्पूर्ण मानिसहरूको यस्तो चाहना देखिएको हुनाले स्वतः सिद्ध हुन्छ कि सबै नित्य सुख चाहन्छन् र सबैको लक्ष्य नित्य सुख नै हो । यहाँ प्रश्न उठ्छ कि मासनिसहरू त सम्पत्ति चाहन्छन्, मान-प्रतिष्ठा चाहन्छन्, पुत्र-पौत्रादि सन्तति चाहन्छन्, शारीरिक स्वास्थ्य चाहन्छन् । फेरि पनि विचार गर्दा यी सबैको लक्ष्य सुख नै हो भन्न सकिन्छ । यी सबै सुखका साधनहरू हुन् । सुख होइनन् ।

अब विचार उठ्छ मानिसहरूले चाहेको सुख कहाँ छ ? प्रथमतः संसारमा हेरौं कि सुख छ वा छैन ? संसारमा ठूला-ठूला व्यक्तिहरू अथाह सम्पत्तिले सम्पन्न छन् तर पनि उनीहरू नित्य सुखी छैनन् । पद-प्रतिष्ठाले युक्त व्यक्तिहरू पनि दुःखी भएर एताउति हिँडिरहेका देखिन्छन् । पुत्र-पौत्रहरूले घर भरिभराउ भएका पनि उनीहरूको आचरणले दुःखी भइरहेका छन् । शारीरिक स्वास्थ्य राम्रो भएकाहरू पनि पूर्ण सुखी छैनन् । यसरी विचार गरेर हेर्दा पनि संसारमा सुख छैन भन्न सकिन्छ । मानिसलाई वाञ्छित सुख संसारमा छैन । यसै कुरालाई सिद्ध गर्दै भगवान् श्रीकृष्णले श्रीमद्भगवद्गीतामा भन्नुभएको छ कि अनित्यमसुखं लोकम् (यो संसार अनित्य छ र सुखरहित छ) । फेरि प्रश्न उठ्छ कि के वाञ्छित सुख छँदैछैन त ? शास्त्रहरूले उत्तर दिएका छन्– सुखमात्यन्तिकं यत्तद् बुद्धिग्राह्यं अतीन्द्रियम् (अनन्त सुख छ जो इन्द्रियको पहुँचभन्दा पर छ) । यो शास्त्रवचनद्वारा थाहा हुन्छ सुख परमात्मामा छ । परमात्मा नै सुखरूप हुनुहुन्छ । अब प्रश्न उठ्दछ कि परमात्मालाई हामीले कसरी प्राप्त गर्ने त ? कहाँ प्राप्त गर्ने त ? परमात्मा कहाँ हुनुहुन्छ यस विषयमा शास्त्रहरूले भनेका छन् कि– ईशावास्यमिदं सर्वम् (यो संपूर्ण जगत् ईश्वरद्वारा ढाकिएको छ) , ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति (ईश्वर सबै प्राणीहरूको हृदयमा बस्नुभएको छ) । यसरी परमात्माको वासस्थान थाहा पाएपछि उहाँलाई प्राप्त गर्ने उपाय जान्नु आवश्यक हुन्छ ।

अब सर्वत्र व्यापक रहनुभएका परमात्मा प्राप्तिको साधनको विचार गरिन्छ । शास्त्रमा भनिएको छ–

दोषास्त्रयः सन्ति मनुष्यचित्ते मार्गास्त्रयोऽपि प्रथिताश्च शास्त्रे ।
श्रेयोर्थिभिः शोकसमुद्रमग्नैः एकाग्रचित्तेन विचारणीयः ॥

मानिसहरूको चित्तमा तीनथरीका दोष वा पर्दाहरू छन् जसले परमात्मा छोपिएर बस्नुभएको छ । शास्त्रले ती दोष हटाउन तीन प्रकारका उपायहरूको विधान गरेको छ । ती हुन्–

धर्मो निहन्ति पापौघं भक्तिर्विक्षेपनाशिनी ।
अविद्याघातकी विद्या इति वेदानुशासनम् ॥

निष्काम धर्म गरेर पापरूपी पर्दालाई हटाउनुपर्छ, निष्कपट भक्ति गरेर विक्षेपरूपी दोषलाई हटाउनुपर्छ । श्रवण, मनन र निदिध्यासन गरेर अज्ञानरूपी आवरणलाई निवृत्त गर्नुपर्दछ । यो नै वेदको आज्ञा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यी साधनहरू सम्पन्न गर्नका लागि देश, काल र परिस्थिति अनुकूल हुनुपर्दछ । त्यस्तो ठाउँमा गएर यी साधनाहरू गर्न्यौं भने हामीले परमात्मालाई प्राप्त गर्न सक्छौं र हामीले परमात्मालाई प्राप्त गरेर वाञ्छित सुख प्राप्त गर्न सकिन्छ ।

यी तीनवटा साधनका लागि पवित्र नदीहरूको तीर, सङ्गम या तपोभूमि हुनुपर्दछ, जहाँ नित्य सत्सङ्ग होस्, यज्ञ, पूजा आदि शुभ कर्म होऊन् र वेदान्त श्रवण, मनन र निदिध्यासनको वातावरण पनि होस् । हामीहरूको परिवेशअनुसार नेपाल अधिराज्यमा अवस्थित सम्पूर्ण आध्यात्मिक विशेषताले भरिएको परमात्मा प्राप्त गर्न सुगम तीर्थस्थानको रूपमा देवघाट धाम छ । जसमा त्रिशूली, गण्डकी र नारायणीको पवित्र त्रिवेणी छ । यहाँ गलेश्वर आश्रम, हरिहरं सन्न्यास आश्रम र महेश गुरुकुलजस्ता संस्थाहरू छन् जसमा सत्सङ्ग पाठ-पूजा गर्ने र वेदान्तको श्रवण, मनन र निदिध्यासनको लागि चाहिएजस्तो व्यवस्था छ ।

यस ठाउँमा बसेर साधना गर्न सक्यौं भने अवश्य नै सर्वव्यापक हृदयमा अवस्थित आनन्दस्वरूप परमात्मालाई प्राप्त गर्न सक्छौं । मनुष्यजीवनको लक्ष्य पनि यही नै हो र वाञ्छित आनन्द पनि यही हो । जीवनको सफलता नै यही हो ।

शुभकामना
'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १'
प्रकाशित हुन लागेकोमा यस पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
नगरप्रमुख
रत्ननगर नगरपालिका परिवार
रत्ननगर, टाँडी, चितवन

शुभकामना
'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १'
प्रकाशित हुन लागेकोमा यस पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
नेपाल स्टक एक्सचेन्ज लिमिटेड परिवार
सिंहदरबार प्लाजा, काठमाडौं

शुभकामना
'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १'
प्रकाशित हुन लागेकोमा यस पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
गणेश बहादुर थापा — मेयर
चेतबहादुर भट्टराई — उपमेयर
भरतपुर नगरपालिका परिवार, चितवन

शुभकामना
'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १'
प्रकाशित हुन लागेकोमा यस पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
भरतपुर उद्योग वाणिज्य संघ परिवार
नारायणगढ, चितवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटमा सत्ययुगको अवतरण

✍ हेमराज ज्ञवाली

देवघाटस्थित हरिहर संन्यासाश्रममा श्रद्धेय ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीको सम्झनामा उहाँका उत्तराधिकारी स्वामी ज्ञानानन्दको आयोजनामा भागवत्वाचनमा भारतभर प्रसिद्ध नेपाल माताकै सपूत स्वामी पुण्यानन्दबाट भागवत् प्रवचन हुने थाहा पाई आफू पनि त्यस ज्ञानगङ्गामा २-४ डुबुल्की लगाउने इच्छा लिएर २०५५ मार्ग १९ गते १० बजेतिर देवघाटस्थित महायज्ञमा पुगें । पुलबाटै यज्ञस्थलसम्म जाने बाटो भक्तजनको भीडले भरिएको हुँदा जानेलाई धैर्य गर्न भनिँदैथियो । देवघाट पारि जतातते लाउड स्पीकरबाट प्रवचन प्रसारित भइरहेकाले गण्डकीपार भइसकेपछि जहाँ उभिए वा बसे पनि प्रवचन सुन्न सकिने व्यवस्था रहेछ । ठाउँ-ठाउँमा सप्ताह यज्ञसम्बन्धी स्वागतका तुलका ब्यानरहरूले पारिको देवघाट सिङ्गारिएको देखिन्थ्यो । हिँड्ने बाटाहरू हुन सकेसम्म फराक पारी सफा गरिएको रहेछ । यज्ञस्थल हरिहर आश्रम बाहिर २-३ ठाउँमा व्यवस्थित जुत्ता-चप्पल र घरेलु सरसामान सुरक्षित राख्ने प्रबन्ध रहेछ । मण्डपभित्र बीचमा मानिस दोहोरो हिँड्ने बाटो छाडी डोरीले विभाजन गरी महिला-पुरुष श्रोता गरी करिब ८-१० हजार बस्न पुग्ने ठाउँमा पराल बिछ्याइएको रहेछ । यत्रतत्र विनम्र तर नियम पालनमा कडा स्वयंसेवकका टोली उभिई आगन्तुकका समस्या सोधी-सोधी समाधान गर्दा रहेछन् । यस प्रकार मण्डपभित्र पसी लगेको पूजा सामग्री स्वयंसेवकमार्फत् चढाउन लगाई श्रोता कक्षमा खालि ठाउँमा हामी बस्यौं ।

कथाको दोस्रो दिन बिहान पुगेकाले भागवतको प्रथम स्कन्धकै व्यासले भागवत रचना गरी शुकदेवलाई पढाएको र उता परीक्षित जन्मको सन्दर्भ ल्याउन महाभारत युद्धको अन्त्यतिर अश्वत्थामाले पाण्डव भनेर द्रौपदीका छोरालाई मारेको र अर्जुनले अश्वत्थामालाई पक्री द्रौपदीसमक्ष हाजिर गराएको आदि कथा दर्शकहरूलाई मुग्ध पार्ने गरी स्वामी पुण्यानन्दजी भन्दै हुनुहुन्थ्यो । यसै क्रममा विरक्त शुकदेवलाई पनि भागवती कथा पढ्न आकृष्ट गर्ने भनी चर्चित भागवतको दशम स्कन्धको बालकृष्ण चरित्र अन्तर्गतको यो श्लोकलाई स्वामी पुण्यानन्दले त्यसै प्रसङ्गमा मिलाएर दोहोऱ्याई तेहऱ्याई वाचन गरी गरेको व्याख्याले सारा श्रोतागण मुग्ध भइरहेका थिए । त्यो श्लोक यस्तो थियो–

बर्हापीडं नटवरवपुः कर्णयोः कर्णिकारं
विभ्रद् वासः कनककपिशं वैजयन्तीं च मालाम् ।
रन्ध्रान् वेणोरधरसुधया पूरयन् गोपवृन्दै-
र्वृन्दारण्यं स्वपदरमणं प्राविशद् गीतकीर्तिः ॥

(शिरमा मयुरको प्वाँखको मुकुट लगाउनुभएका, कानमा कनेरको फूल सिउरनुभएका, शरीरमा पीताम्बर र पाँचथरीका सुगन्धित फूलहरूको वैजयन्ती माला पहिरनुभएका, रङ्गमञ्चमा अभिनय गर्न जान लागेको नटजस्तो सुन्दर भेष, बाँसुरीको प्वालहरूमा ओठले अमृत भर्दै, पछि-पछि गोठाला साथीहरूद्वारा लोकपावन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्तिगाथा गाउँदै वैकुण्ठभन्दा पनि श्रेष्ठ वृन्दारण्यलाई आफ्ना चरणचिह्नले अझ सुन्दर गराउँदै श्रीकृष्ण वृन्दावनभित्र प्रवेश गर्नुभयो ।)

अब स्वामी पुण्यानन्द गिरिवारे नै केही चर्चा गरौं । उहाँ ओखलढुङ्गा जिल्लाको पौडेल वंशका विद्वत् कुलमै जन्मी बाल्यकालमै पढ्न बनारस जानुभएको थियो । उहाँले त्यहीं वेदान्त, न्याय, मीमांसा आदि पूर्वी दर्शनहरूको अध्ययन गरी आचार्य परीक्षासमेत उत्तीर्ण गर्नुभयो । बनारसस्थित निरञ्जन अखडाका महामण्डलेश्वर महेशानन्द गिरिबाट संन्यास दीक्षा लिई त्यहीं साधना गर्दागर्दै हाल त्यसै अखडाको प्रमुख भई आचार्य महामण्डलेश्वर पदमा आसीन हुनुहुन्छ । दिल्ली, हरिद्वार, माउन्ट आबू र पुष्करमा पनि यसका शाखा र संन्यासाश्रमहरू छन् ।

हाल हरिहर संन्यासाश्रममा भइरहेको महायज्ञ ब्रह्मलीन स्वामी परमानन्दकै स्मृतिमा उहाँले सङ्कल्प गरी पूरा गर्न बाँकी रहेको यज्ञ पूरा गरिन लागेको कुरा वर्तमान हरिहर संन्यासाश्रमका प्रमुख ज्ञानानन्द सरस्वतीबाट थाहा हुन आयो । हालैका महायज्ञअन्तर्गत धान्याचल महायज्ञमा अपेक्षा गरिएभन्दा धेरै सहयोग यस आश्रमका भक्तजनबाट प्राप्त भइरहेको जानकारी प्राप्त भयो । जनताले धान्याचलमा चढाउन ल्याएको धान पुलका मुखसम्म ट्रक र हेक्टरले ल्याई खन्याउने र त्यहाँबाट ल्याउन शाही सेनाको सहयोग देख्दा नेपालमा सत्ययुग फर्कन लागेछ कि क्या हो ? भन्ने आभास भयो । त्यसो त यसपालीको यज्ञमा शाही नेपाली सेना र मध्यमाञ्चल प्रहरी तालिम केन्द्रको विशेष सहयोग रहेको कुरा स्वामी ज्ञानानन्दले व्यक्त गरिसक्नुभएको थियो । सयौं सैनिकले धान बोकेर राशमा खन्याउन लागेको दृश्य हेर्न लायक थियो । त्यस्तै महायज्ञमा आउने सबैलाई आश्रमले खाने व्यवस्था गरेको र बिहान इच्छुक सबैलाई निःशुल्क चिया बितरण गरेको देख्दा प्रबन्धक र स्वयंसेवकहरूको निष्ठा, समर्पण र सेवाभावको प्रशंसा नगरिरहन सकिन्नथ्यो । हरिहर संन्यासाश्रमका भक्तजनले आगन्तुकलाई खुवाउन ल्याएको चामलको पनि तेस्रो दिन नै स-सानो पर्वत भइसकेको थियो । यो सब ब्रह्मलीन स्वामी परमानन्दले आफ्नो कार्यकालमा ठाउँ-ठाउँमा गरेका धार्मिक कृत्य र त्यसबाट खोलिएका विद्यालयबाट प्रभावित भक्तजनको श्रद्धाको फल हो भन्ने मलाई लाग्यो । आचार्य खेमराज केशवशरणले स्वामीज्यूको सम्झनामा परमानन्दस्मृति काव्य नै लेख्नुभएको छ । त्यस काव्यबाटै एउटा यो श्लोक यहाँ साभार उद्धृत गर्दछु–

गरी ठूला-ठूला भजन विधि आयोजनहरू ।
गराई श्रद्धाले अति विपुल धान्याचलहरू ॥
सबै श्रद्धाभेटी कण-कण समेटी खुश हुँदै ।
दिनू हुन्थ्यो सारा गुरुकुल र धर्मार्थ मठमै ॥

यस पालिको महायज्ञको शेषामृतबाट पनि हरिहर संन्यासाश्रममै एउटा उच्च विद्यालय स्थापना गर्ने लक्ष्य रहेको जानकारी वर्तमान स्वामी ज्ञानानन्दबाट पाइएकाले ब्रह्मलीन स्वामीकै परम्परा यहाँ पनि कायम हुन लागेको सुनेर सबैलाई खुसी लाग्नु स्वाभाविकै हो ।

– साभार: हरिहर संन्यास आश्रम स्मारिका, २०५६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धामको भौगोलिक अवस्थिति र यसको धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्त्व

✍ श्रीमती लक्ष्मी शर्मा पोखरेल

परिचय

देवघाट धाम नेपालको मध्यभागमा रहेको तनहुँ, चितवन र नवलपरासी जिल्लाले समेटेको अति पवित्रतम पुण्यतीर्थ हो । यो भूवैकुण्ठ दिव्यस्थलीमा आई देवगणहरू आफ्ना प्रियाहरूको साथमा निवास गर्दै यस भूमिलाई आफ्नो तपोभूमि वा साधनास्थली बनाउँथे । देवघाट धामको महत्त्वको वर्णन पुराण, उपपुराण, रामायण, वेद, संहिता आदि ग्रन्थहरूमा छिरलिएको अवस्थामा पाइन्छ । यस पवित्र क्षेत्रलाई विभिन्न नामबाट चिनाइएको छ । चतुर्भुज भगवान् विष्णुको चरणचिह्न देवघाटधाम, शिरोभाग मुक्तिनाथ (मुक्तिनारायण), जटाभाग दामोदरकुण्ड, र हृदयभाग रुरु (रिडी) क्षेत्रको रूपमा वर्णन गरिएको पाइन्छ ।[१]

नेपाल अधिराज्यको मध्य भागमा रहेको देवघाट क्षेत्र भौगोलिक दृष्टिबाट पूर्व ८४°२२' ३९ र ८४°३०'०० अक्षांश र उत्तर २७°४२'३० र २७°४७' ३० देशान्तरको बीचमा पर्दछ। समुद्रसतहबाट लगभग २०० देखि ५७५ मिटरको उचाइमा यो क्षेत्र रहेको छ। यो ठाउँ तराई र पहाडी धरातलबाट घेरिएको छ।

यस महान् तीर्थस्थलमा मुख्य सप्त गण्डकी र अन्य सहायक गण्डकी नदीहरू प्रवाहित भएर १८ गण्डकीको रूपमा सङ्गम हुन पुगेका छन् । सप्त गण्डकी (हरिहर क्षेत्र) सङ्गमस्थल देवघाट धामबाटै "नारायण" नामबाट नारायणी भएर गण्डकी प्रवाहित हुन्छिन् । नेपाल अधिराज्यको मध्यभागमा अवस्थित गण्डकी अञ्चलको उत्तर दक्षिणी भागमा रहेको तनहुँ जिल्ला भौगोलिक वर्गीकरण अनुसार मध्यपहाडी क्षेत्रमा पर्दछ । पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको महाभारत पर्वत शृङ्खलामा पर्ने अन्य पहाडी भूभागजस्तै तनहुँ लेक, वेंसी, फाँट र टारहरूबाट निर्मित छ । तनहुँ जिल्ला उत्तर-पश्चिम भएर रहेको थप्रेक डाँडा देउराली भञ्ज्याङ्लाई छुँदै दक्षिण पूर्वमा रहेको देवघाट धामसँग जोडिन पुगेको छ ।

सेती नदी माछापुछ्रे हिमालमा रहेको सरस्वती कुण्ड वा शिराबाट प्रवाहित भएर आएको छ । मादी अन्नपूर्णा हिमालबाट आएको छ । मर्स्याङ्दी नदी मानाङ्ग वा मान्धात पर्वत मनाङ्को हंसकुण्डबाट आएको छ । त्यसै गरी दरौंदी नारदपोखरीबाट आएको छ । त्यस्तै बुढी गण्डकी लार्के हिमालको शृङ्गी ऋषिको गुफाबाट आएको छ । त्रिशूली गण्डकी गोसाईं कुण्डमा रहेका १०८ कुण्डबाट प्रवाहित भएको छ । काली गण्डकी मुक्तिनाथको २७३४ फिट अग्लो हिमशिखरका काखमा रहेको विष्णुसरोवर वा दामोदरकुण्डबाट बगेकी छन् । यस तललाई स्थानीय भाषामा 'बेवार्था' भनिन्छ । यस तालदेखि माथि ९ वटा ताल छन् भनिन्छ । त्यहाँका स्थानीय मानिसहरू जनावरको शिकार खेल्न जाँदा ती तालहरू देखेको कुरा गर्दछन् । स्थानीय भाषामा ती

१. *देववाणी*, वर्ष १, अङ्क १, पृ. ६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तालहरूको नाम छोमेछु (बाजे तलाउ) हो । दामोदर कुण्डबाट भित्रभित्रै प्रवाहित भएर आएको नदी मुक्तिनाथमा देखिएको हो भन्ने स्थानीय बासिन्दाहरूको भनाइ छ ।

काली गण्डकीमा मिसिने नदीहरू र मिसिएका ठाउँहरू निम्नानुसार छन्– १. रूरू गण्डकी, रिडीमा २. रुद्रावती, वढीघाटमा ३. आँधी (अन्धावती) मिर्मिमा ४. हैमवती सेतीवेनीमा ५. माधवी, मोदीवेनीमा ६. मङ्गला, म्याग्दीको बेनीमा ७. रहु, रघु वा राखु गलेश्वरमा ८. मिर्सा तातोपानीको निकटमा ।

त्रिशूलीमा मिलेका नदीहरू निम्नानुसार छन्– १. मादी २. मर्स्याङ्दी ३. दरौंदी ४. बूढी गण्डकी ५. चेपे ६. आँखू ७. तादी ८ वेत्रावती ।

काली र त्रिशूलीमा मिसिएका १६ वटा र ती दुई गरी १८ वटा गण्डकी रहे तापनि यिनीहरू सप्तगण्डकीका नामले चर्चित छन् ।

गण्डकी नदीको प्रवाहक्षेत्र पूर्वमा लाम्टाङ्देखि लिएर धौलागिरिसम्म छ । यसमा त्रिशूली, बूढी गण्डकी, काली गण्डकी, मर्स्याङ्दी, मादी, सेती, दरौंदी, यी गण्डकीहरू मुख्य सप्तगण्डकीका रूपमा यहाँ प्रवाहित हुन्छन् । शिवशक्ति स्वरूप सद्बुद्धि र विवेकद्वारा एक मात्र धार्मिकक्षेत्र अठासी हजार ऋषिमुनिहरूको ज्ञानविज्ञान सहायक भएको देवासुर संग्राममा अर्थात् दैवीशक्ति र आसुरी शक्तिको द्वन्द्वमा दैवीशक्तिलाई विजय प्रदानार्थ सक्षम दिव्य धाम अर्थात् देवघाट धाम वासस्थानद्वारा सदा हाम्रो रक्षा होस् यस्तो कुराको उल्लेख स्कन्द पुराणमा गरिएको छ ।

देवघाट धाम देवघाट गा. वि. स. मा पर्दछ । वन-जङ्गलले घेरिएको यस पवत्र तीर्थमा वि. सं. १९९७-९८ साल पूर्व मानिसहरूको आवत-जावत र स्नान गर्ने परम्परा धेरै न्यून रहेको थियो । गलेश्वर बाबा त्यही समयतिरै प्रथम पटक देवघाट धाममा आउनुभएको थियो । चितवन नारायणघाट निवासी दानबहादुर श्रेष्ठका कथनअनुसार देवघाटमा १९९७-९८ साल पूर्वदेखि नै चितवन जिल्लापट्टिको भागमा बगरमा मेलाको बेलामा मानिसहरू बस्दथे । देवघाटको नजीकैको सीमा क्षेत्र ठोरी वा नरकटियागञ्ज विहारबाट व्यापारीहरू कपडाहरू, मर-मसला आदि ल्याई विक्री वितरण गर्ने काम गर्दथे । त्यस बेला देवघाट धामलाई 'देवघाट बजार' भनिन्थ्यो । तर 'नारायणगढ बजार' भनिँदैनथ्यो । अत: २००७-२००८ सालतिर गएर बन्दीपुरका नेवार समुदाय र मारबाडी समुदायको जमघट र बजार बस्ने क्रम चल्यो । त्यति वेलैदेखि नारायणगढ वा नारायणघाटमा बजार बस्दै आएको हो र यसको नामकरण पनि विशुद्ध रूपले २०११-२०१२ सालतिरै नारायणगढ, नारायणघाट बजार हुँदै आएको हो भन्ने कुरा दानबहादुर श्रेष्ठ स्पष्ट भन्नुहुन्छ ।

चितवन राप्तीदून पनि २००७-८ सालदेखि खुल्दै आएको हो र त्यसै बेलादेखि देवघाट धामको महत्त्व पनि बढ्दैगएको हो । यस पवित्र तीर्थस्थलमा १००८ गलेश्वर बाबा ईश्वरानन्द ब्रह्मचारीज्यूको पदार्पणले यो क्षेत्र महिमान्वित हुन गएको हो । उहाँ आउनुभन्दा पूर्व पनि यस स्थलमा तपस्वी साधु तथा सिद्ध मुनिहरू तपस्या गरी बस्दथे ।

पहिला यहाँ सिम्ठी र बयरको घारी थियो । साथै यहाँ जडीबुटीहरू पनि पाइन्थे र ती आज पनि यत्र-तत्र छरिएर रहेका छन् । यस पावन तीर्थस्थलमा आदिवासीको रूपमा बोटे (माझी) जातिहरू पहिलादेखि नै गण्डकी नदीको आसपासको क्षेत्रमा बसेका थिए । जनकलाल शर्माको कथनानुसार पहिला १० बजेदेखि ४ बजेसम्म मात्र देवघाटको तनहुँ भागमा जान सकिन्थ्यो । त्यहाँ जनावरहरू ताँती लगाएर पानी खान आउने-जाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दथे । हाल चितवन जिल्लामा पर्ने रामनगरतर्फ एक-दुई घर मात्र थिए । ती परिवारहरू गोर्खाबाट आएका थिए ।[२]

वर्तमानमा यस क्षेत्रको २ नं. वडा र ४ नं. वडाको तनहुँ जिल्लामा ब्राह्मण, क्षत्रिय, गुरुङ, मगर, बोटे (माझी), दमै, कामी, नेवार, घर्ती, चेपाङ् (प्रजा), आदि रहेका छन् । देवघाट धामको २ नं. वडा र ४ नं. वडा क्षेत्रमा केही पुरातात्त्विक महत्त्वका वस्तुहरू छन् । पुरातत्त्वविद् जनकलाल शर्माले २०१६ सालतिर यस क्षेत्रको स्थलगत अध्ययन गरी "चितवनदेखि जनकपुरसम्मका पुरातात्त्विक स्थल" नामक पुस्तक प्रकाशित गर्नुभएको छ । त्यस पुस्तकमा विभिन्न मूर्तिहरूको फोटोसमेत सङ्कलन गरिएको छ ।

देवघाट क्षेत्र पवित्र तीर्थस्थल मात्र नभएर ऐतिहासिक-सांस्कृतिक धरोहर पनि हो । त्यसैले यस क्षेत्रमा अनुसन्धान नभईकन जथाभावी घर वा कुटीहरू निर्माण गर्न दिइनुहुन्नथ्यो । किनकि शिलाखण्ड, ताम्रपत्र, कपेर बनाइएका शिलाका मूर्तिहरू यहाँको जमिनमुनि पुरिन सक्छन् । यहाँ स्थित चक्रवर्ती मन्दिर वरिपरि पञ्चदेवलको भग्नावशेष छरिएर रहेको छ । साथै गलेश्वर आश्रमको नजिकको शिवालय (ज्योतिर्लिङ्गेश्वर) वरिपरि भग्नावशेषहरू छरिएर रहेका छन् ।

धार्मिक तथा पौराणिक महत्त्व

देवघाट क्षेत्रको धार्मिक र पौराणिक महत्त्वको विषयमा केही कुरा देवघाट शब्दभित्र नै अन्तर्निहित भएर रहेका छन् । त्यसैले देवघाट शब्दको अर्थ स्पष्ट गरौँ–

देवघाट शब्दमा षष्ठी तत्पुरुष समास भएको छ, जसको अर्थ हुन्छ– देवताहरूको घाट । देवताहरू यहाँ आएर तपस्या गरी बस्ने र भ्रमण गर्ने भएकोले यस क्षेत्रलाई देवघाट भनिएको हो । त्यसै गरी देवघाट शब्दको अर्को व्युत्पत्ति रहेको छ– देवानामटनाच्चैव देवाट इति संज्ञितम् अर्थात् देवताहरू भ्रमणार्थ आएर बसेको हुँदा यस क्षेत्रको नाम देवाट रहन गयो । पाँच रात यहाँ बस्नाले बस्ने व्यक्तिमा देवत्व गुण आउँछ त्यसैले यस क्षेत्रलाई देवघाट भनिएको हो भन्ने भनाइ पनि पाइन्छ ।

अत: स्कन्द पुराणअन्तर्गत हिमवत्खण्ड पृष्ठ २३ मा 'देवघट्ट' भन्ने शब्द आएको छ । देवघट्ट शब्दबाट नै अपभ्रंश भएर देवघाट/द्यौघाट/देउघाट शब्द बनेको हो । धाम शब्दको अर्थ हो पावनस्थल ।

वराह पुराणमा यस क्षेत्रका विभिन्न नामहरू आएका छन् । ती हुन्– १. सिद्धाश्रम, २. शम्भु तपोवन ३. सप्तर्षि तपोवन ४. वराह क्षेत्र ५ शालग्राम क्षेत्र ६. वटुवामन तीर्थ ७. कदम्ब तीर्थ ८. देवह्रद ९. गजेन्द्रमोक्ष १०. देवनदी ११. देवतीर्थ १२. देवाट क्षेत्र १३. हरिहर क्षेत्र १४. आदिप्रयाग १५. चक्रतीर्थ १६. देवघाट धाम आदि ।

वराहपुराणमा भगवान् वराहले भन्नुभएको छ– जसले कृष्णा र त्रिशूली गण्डकीको सङ्गममा भक्तिपूर्वक स्नान गर्दछ उसले सय अश्वमेध यज्ञ गरेबराबर फल प्राप्त गर्दछ र यदि कसैले यहाँ प्राण छोड्दछ भने उसले मेरो सारूप्य मोक्ष प्राप्त गर्दछ । वराह भगवान् पृथ्वीलाई भन्नुहुन्छ– हे देवी ! जसरी गङ्गा र यमुनाको सङ्गम दुर्लभ छ, त्यसैगरी कृष्णागण्डकी र शुक्ला तथा त्रिशूली गण्डकीको सङ्गम पनि देवदुर्लभ छ । त्यसै गरी वराह

२. *देववाणी*, अङ्क २, वर्ष २ पृष्ठ ३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् अगाडि भन्नुहुन्छ–

अहमस्मिन् महाक्षेत्रे धरे पूर्वमुखस्थितः ।
शालग्रामे महाक्षेत्रे भूमे भागवतप्रियः ॥

अर्थात्, हे धरे ! यस पवित्र महान् क्षेत्रमा म पूर्वमुख भएर बसेको छु । शिवजी मभन्दा दक्षिण क्षेत्रमा निश्चिन्त भएर बस्नुभएको छ । म विष्णु पनि त्यहीँ नै बस्दछु । शिवजीको र मेरो स्थान कत्ति पनि टाढा छैन । अतः हामी दुईको मिलन भएको क्षेत्र भएको हुनाले यस क्षेत्रलाई हरिहर क्षेत्र पनि भनिन्छ भनी भनिएको छ–

एवमेतन्महाभागे ! क्षेत्रं हरिहरात्मकम् ।
मृता येऽत्र गतिं यान्ति मम कर्मानुसारिणः ॥

अर्थात्, हे धरे ! यसरी शिव र विष्णुको सान्निध्य भएकोले यस देवघाट धामको अर्को नाम हरिहर क्षेत्र भन्ने पनि रह्यो र यस क्षेत्रमा मेरा भक्तहरूले प्राण छोड्छन् भने तिनीहरू मेरो परम वैकुण्ठ धाममा जानछन् ।

वराह भगवान् भन्नुहुन्छ–

इत्थमादिप्रयागाख्यमादिभूतं मम प्रियम् ।
भुक्तिमुक्तिप्रदं नृणां मम सायुज्यदायकम् ॥

अर्थात्, यो आदिप्रयाग मुक्ति प्रदान गर्ने साथै मनुष्यहरूका लागि मेरो सायुज्यलोक प्राप्त गर्ने क्षेत्र हो । त्यसैले यस क्षेत्रलाई आदिप्रयाग भनिन्छ ।

भगवान्ले अगाडि भन्नुभएको छ– यहाँ विग्रहस्वरूप भएर कृष्णाका रूपमा म बहेको छु । यहाँ शङ्कर भगवान् पनि आफ्नै स्वरूप धारण गरेर त्रिशूली गण्डकीको रूपमा प्रवाहित हुनुभएको छ । यो देवघाट धाम चारकाशी मध्ये मध्यकाशी हो, साथै यसलाई भूवैकुण्ठ पनि भनिन्छ ।

यस क्षेत्रको महत्त्वको सम्बन्धमा एउटा पौराणिक कथा यस प्रकार रहेको छ– भारत वर्षको नैमिषारण्य क्षेत्रमा देवताहरू र ऋषिमुनिहरूको जमघट भयो । त्यस बेला त्यहाँ चर्चा भयो– सात द्वीपमध्ये सर्वश्रेष्ठ द्वीप कुन हो ? यस विषयमा त्यहाँ निर्णय भयो– जम्बूद्वीप । अनि त्यसमा पनि सर्वश्रेष्ठ क्षेत्र कुन हो ? यसमा निर्णय भयो– भरतखण्ड । त्यसमा पनि सर्वश्रेष्ठ क्षेत्र कुन हो ? पाशुपत क्षेत्र । त्यसमा पनि सर्वश्रेष्ठ क्षेत्र पारकोट क्षेत्र । यही पारकोट क्षेत्रलाई नै सप्तगण्डकी क्षेत्र पनि भनिन्छ । सप्तगण्डकी क्षेत्रमध्ये पनि सबै भन्दा श्रेष्ठ क्षेत्र देवघाट धाम हो भन्ने कुरा त्यस सभामा निर्णय भयो ।

यस क्षेत्रको महत्त्वको सम्बन्धमा पुराणमा लेखिएको छ–

माघमासे पुनः स्नात्वा प्रयागस्नानजं फलम् ।

अर्थात् माघ महिनाको मकर संक्रान्तिमा यहाँ स्नान गर्नाले तीर्थराज प्रयागको त्रिवेणीमा स्नान गरेको फल प्राप्त हुन्छ ।

स्कन्द पुराणअन्तर्गत हिमवत्खण्ड *(अ. ४५, पृ. ९५- ११२)*मा देवघट्ट धाम र धर्मधारा (१) त्रिशूली गण्डकीको वर्णन गरिएको छ । यस्तै पृ. १०२ बाट १२६ सम्म सप्तगण्डकीको उत्पत्ति तथा नीलकण्ठतीर्थको महिमा वर्णन गरिएको छ ।

गण्डकीको उत्पत्तिका सम्बन्धमा कुमारजी अगस्त्य ऋषिलाई आज्ञा गर्नुहुन्छ– हे ऋषिवर ! भगवती देवी (पार्वती) गोसाईंकुण्डको तलाउ देखिने पूर्वतिर पञ्चाग्नि देवता भएको ठाउँमा खुशी हुँदै संगिनीहरूको साथमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जानुभयो र त्यसपछि सबै ठाउँमा गइसकेपछि वर्तकुण्डदेखि दक्षिणतिर अति पवित्र अत्रिको आश्रममा देवीको बायाँ पाउबाट पसीना खस्यो र त्यहीँ नै गण्ड नाम गरेका महामुनि देवीका पैतालाबाट उत्पन्न भई गुफामा जमिरहेको पसिना देखे । त्यसपछि ती ऋषिले त्यही तलाउमा स्नान गरी देवीको स्तुति गरे । जब उनको स्तुतिबाट देवी प्रसन्न भइन् र उनलाई वरदान माग्न भनिन् तब गण्डर्षि भन्दछन्– हे देवी ! तपाईंकै चरणकमलमा भक्ति लागोस् । सधैँभरि तपाईंको चरणको पूजा अर्चना गरिरहन पाऊँ । त्यसपछि देवीले भनिन्– हे पुत्र ! तिमी पेरो पैतालाबाट उत्पन्न भएको हुँदा तिम्रै नामबाट धारा नदी बहनेछन् र सप्त गण्डकीको नामले तिमी प्रसिद्ध हुनेछौ । यस धारामा एक करोड वर्षसम्म सुखभोग गरेर तिमी मेरै स्वरूपमा लीन हुनेछौ, यसमा कुनै शङ्का छैन । यति भनी देवी पार्वती अन्तर्धान भइन् ।

देवीका चरणबाट उत्पन्नभएको सप्तधारा (गण्डकी) र तिनका अधिष्ठात्री देवताहरू निम्नानुसार छन्– १. त्रिशूली २. यशोधारा (बूढी गण्डकी) ३ विश्वधारा (दरौँदी) ४. कर्मदा वा शीतप्रभा (मर्स्याङ्दी) ५. रत्नधारा (मादी माद्री) ६. दुग्धप्रभा वा सुवर्णप्रभा (सेती) ७. कृष्णाभा (सुवर्णा) कालीगण्डकी । यिनीहरूको अधिष्ठात्री देवताहरू क्रमशः निम्नानुसार छन्– १. माहेश्वरी २. ब्राह्मी ३. नारसिंही ४. वैष्णवी ५. कौमारी ६. कालिका ७. गङ्गा ।

विभिन्न ऋषिमुनिहरूले यसै क्षेत्रमा आएर तपस्या गरी सिद्धि प्राप्त गरेका थिए । राजा भरतले यसै ठाउँमा आएर तपस्या गरेका थिए । उनले पछि मृगयोनि प्राप्त गरेका थिए, र अर्को जन्ममा उनी जडभरत बनेका थिए भन्ने कुरा भागवतको पञ्चम स्कन्धको सातौँ अध्यायमा वर्णन गरिएको छ ।

शुक्ला गण्डकीको तीरमा रचना गरिएको हुनाले नै शुक्ल यजुर्वेदको नाम "शुक्ल" रहेको हो भन्ने भनाइ छ ।

स्कन्द पुराण अन्तर्गत हिमवत्खण्डमा देवघाटको महत्त्वका विषयमा एउटा रोचक कथा रहेको छ– राजा रूपकेतुकी रानी कामप्रभा कुरूप भएको हुँदा राजा रूपकेतुले उनलाई ज्यादै हेलाँ गरेर दरबारकै अर्कै कोठा दिएका थिए । एक दिनको कुरो हो माघे संक्रान्तिको पर्वमा धेरै तीर्थयात्रीहरू गण्डकीको सङ्गमस्थलमा नुहाउनको लागि जान हतार हतार गरी हिँडिरहेका थिए । रानीले सोधिन्– तपाईंहरू कहाँ जाँदै हुनुहुन्छ ? उनीहरूले भने– रानी हामीहरू देवतीर्थ (देवघाट) जाँदैछौँ, स्नान गर्न । तपाईं पनि जाने भए हिँड्नुहोस् । यो सुनेर रानी साह्रै खुशी भइन् र उनी पनि देवतीर्थमा स्नान गर्न हिँडिन् । स्नान गरिसकेपछि उनले ब्राह्मणहरूलाई दान-दक्षिणा गरिन् । त्यसपछि रानी दरबारतर्फ फर्किन् । त्यसपछि दिनहुँ रानीको अनुहार र शरीरमा सौन्दर्य बढ्दैगयो । पछि राजाले आफ्नो दरबारको एउटा झ्यालको कुनाबाट रानी कामप्रभालाई देखे तर उनलाई नचिनेर तिमी सुन्दरी कन्या को हौ भनी उनलाई सोधे । रानीले केही भनिनन् । पछि राजाले ती त कामप्रभा नै हुन् भन्ने थाहा पाए र रानीलाई आफूसँगै बस्न अनुरोध गरे । तर रानीले अस्वीकार गरिन्, पछि राजाले आफ्नो गल्ती स्वीकारी रानीलाई आफूसँगै राखे ।

देवघाटको सेती र कालीको मिलनको कुरालाई लिएर रचिएको एउटा लोककथा यस्तो छ– सेती र काली स्वयं भगवान् विधाताद्वारा सिर्जना गरिएका दुई नदीरूप छोरी थिए रे ! परापूर्व कालमा आफ्नी दुई छोरीलाई सँगै लिई भगवान् मर्त्यलोक घुम्न आउँदा सबै जना अन्नपूर्णा हिमालको काखमा विश्राान्ति लिई रात बिताउन भनी सुतेछन् । सबै निदाइरहेको समय पारी काली बिस्तारै बिना आवाज पृथ्वीमा सलल्ल बगिछन् । केही समयपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बहिनी सेती ब्युँझँदा त दिदी त्यहाँ रहिनछन् । उनी दीदीलाई खोज्दै हस्याङ्-फस्याङ् गर्दै बलै हाम्फाल्दै ओरालो झरिछन् । दुई दीदीबैनी छुट्टाछुट्टै बाटोबाट हिँडेछन् । सेती बलपूर्वक झरेको हुँदा उनी धरतीमा धसिन पुगिन् र सुसाइन् पनि, पहिल्यै हिँडेकी हुनाले काली नसुसाई बिस्तारै बगिन् । यी दुईको भेट देवघाटमा भयो ।

त्रिलोकमा जति पनि तीर्थहरू छन् ती सबै नै आत्मशुद्धि गर्ने इच्छाले विभिन्न पर्व पारी यस देवघाट धाममा सम्मिलित भइरहेका हुन्छन् भन्ने विश्वास छ ।

मनुष्य वा अन्य पशु पनि देवघाट धाममा आएर मर्दछन् भने उनीहरू सीधै चतुर्भुज विष्णुरूप धारण गरेर वैकुण्ठ लोकमा जान्छन् भन्ने भनाइ छ ।

सांस्कृतिक महत्त्व

देवघाट धाममा प्रत्येक १२ वर्षमा पूर्ण कुम्भ मेला लाग्दछ र प्रत्येक ६ वर्षमा अर्धकुम्भ मेला लाग्दछ । पूर्ण कुम्भमेला १ महिनाभर लाग्दछ भने अर्धकुम्भ मेला १५ दिनसम्म लाग्दछ । देवघाट धाममा प्रथम कुम्भ मेला २०४६ सालमा भएको थियो । त्यसपछि २०५८ साल माघ महिनामा सो मेला लागेको थियो । अब २०७० सालमा यहाँ पूर्ण कुम्भ मेला लाग्नेछ । पूर्ण कुम्भ मेलाहरू अन्य निम्न स्थानमा निम्न बेलाहरूमा लाग्ने-गरेको छ–

१. पनौती (उत्तरप्रयाग धाम) काभ्रेपलाञ्चोक, माघ मासभरि ।

२. गोदावरी, काठमाडौँ, श्रावण मासभरि ।

३. प्रयागराज, इलाहावाद, भारत माघ मासभरि ।

४. हरिद्वार, भारत, वैशाख मासभरि ।

६. उज्जैन महाङ्काल, भारत, वैशाख मासभरि ।

७. नासिक पञ्चवटी, त्र्यम्बकेश्वर, गोदावरी, भारत, श्रावण मासभरि ।

पवित्र तीर्थस्थल भएको हुनाले यहाँ विभिन्न चाडपर्व हरू मनाइन्छन् । विभिन्न जातजातिका मानिसहरू समेत यस क्षेत्रमा बसेका हुनाले उनीहरूको संस्कृतिअनुसार विभिन्न चाडहरू यस क्षेत्रमा मनाइन्छन् । केही चाडपर्व र मेलाहरू यस क्षेत्रमा विशेष रूपले मनाइन्छन् ती निम्नानुसार छन्–

१. नववर्ष वा वैशाख सङ्क्रान्ति– यो दिन श्रद्धालु भक्तजनहरू टाढाटाढाबाट यहाँ आई स्नान गर्ने परम्परा रहेको छ । खास गरी मेष संक्रान्ति भएको हुनाले स्थानीय व्यक्ति मात्रै नभएर मानिसहरू वरपरका गाउँ एवं सहरबाट आई यहाँ स्नान गर्दछन् । साथै यस दिन पूजाआजा गरी मह खाने चलन पनि रहेको छ ।

२. अक्षय तृतीया– वैशाख शुक्ल पक्षमा पर्ने यो तृतीया तिथि शिव-पार्वतीको विवाह भएको दिन मानिन्छ । यस दिनमा देवघाटमा गाइदान गर्ने र हवन गर्ने चलन छ । खास गरी यस दिनमा जौको सातु खाने चलन छ । त्यसैले यहाँ रहेका आश्रमहरूमा यस दिन जौको सातु खाने चलन छ ।

३. चण्डीपूर्णिमा (बुद्धजयन्ती)– देवघाटको उत्तरी भागमा प्रायः गुरुङ्, मगर आदि जातजातिहरू रहेका छन् । उनीहरू यस पर्वमा देवघाट धाममा आई तीन दिनसम्म नाचगान गर्ने चलन छ । दिउँसोको समयमा घाँटु नाच र चुड्का नाच गर्ने परम्परा रहेको छ । साथै यस दिनमा ब्राह्मणका विभिन्न गोत्रीयहरूले पनि यस स्थानमा आई कुलदेवताको पूजा गर्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. गुरुपूर्णिमा– यस दिन यस ठाउँमा धुमधामका साथ गुरुमहाराज स्वामीज्यूहरूको र गुरुहरूको पूजा गर्ने चलन छ ।

५. गङ्गा-दशहरा– यस दिन यहाँ ठूलो भीड हुन्छ । भक्तहरू आई स्नान गरी गङ्गामाता मन्दिरमा पूजा गर्ने चलन रहेको छ ।

६. जनैपूर्णिमा– रक्षाबन्धन ब्राह्मणहरूको महत्त्वपूर्ण चाड हो । यस पर्वमा विभिन्न ठाउँबाट देवघाटमा आई सङ्गममा स्नान गरी मन्दिरमा आई पूजा गरी विधिवत् रूपमा मन्त्रिएको जनै धारण गर्ने चलन रहेको छ । अतः यो दिनको महत्त्व यस तीर्थस्थलमा विशेष रहेको छ ।

७. रक्षाबन्धन (जनैपूर्णिमा)– यस दिनमा यहाँका नदीहरूमा नुहाई मन्दिरहरूमा पूजा गरी डोरो बाँध्ने र जनै लगाउने गरिन्छ ।

८. श्रीकृष्णजन्माष्टमी– वैष्णवहरूको प्रमुख वासस्थान रहेको यो तीर्थस्थलमा यस दिन व्रत बसी, रात्रिमा जागराम बसी कृष्ण भगवान्को विशेष पूजा गर्ने चलन यहाँ रहेको छ ।

९. पितृपक्ष (सोह्र श्राद्ध)– पितृपक्षमा तीर्थमा श्राद्ध गर्न देशका विभिन्न भागबाट मानिसहरू यहाँ आउँछन् ।

१०. बाला चतुर्दशी– बाला चतुर्दशीको दिन यस तीर्थमा शतबीज छर्ने चलन छ । शतबीज छर्नको लागि बाहिरबाट र यहींको छेउछाउका गाउँबाट मानिसहरू आई विभिन्न मठ-मन्दिर र गुफामा गई शतबीज छर्ने गर्दछन् ।

११. ठूलो एकादशी– श्रवणको हरिशयनी एकादशीदेखि सुरु गरिएको चतुर्मास माहात्म्य कार्त्तिकको हरिबोधनी एकादशीको दिन समापन गरी स्नान दान आदि गर्ने चलन रहेको छ ।

१२. माघे संक्रान्ति– माघे संक्रान्ति देवघाटको विशेष चाड हो । यस दिन यस तीर्थस्थलमा लाखौं संख्यामा श्रद्धालु भक्तजनहरू स्नान गर्नका लागि आउँछन् । यस पर्वमा नेपालका विभिन्न भागबाट र भारतबाट समेत तीर्थयात्रीहरू आउँछन् । यस दिन यहाँ ठूलो मेला लाग्दछ ।

यसै दिन आश्रमको नजिकै रहेको विद्यालयमा विशेष मञ्च बनाइन्छ र त्यहाँ सन्त सम्मेलनको आयोजना गरिन्छ । सन्त सम्मेलनमा स्वामी बाबाहरूले प्रवचन गर्दछन् ।

१३. श्रीपञ्चमी– यस दिन यहाँ रहेका आश्रम तथा विद्यालयहरूमा ब्राह्मण वटुकहरूलाई व्रतबन्ध तथा अक्षरारम्भ साथै वेद पठनको सुरुआत गराउने चलन छ ।

१४. महाशिवरात्रि– यस तीर्थस्थलको तनहुँ जिल्लामा रहेको ज्योतिर्लिङ्गेश्वर महादेवको पूजा गर्न यस दिन श्रद्धालु भक्तजनहरू टाढा-टाढाबाट समेत आउँछन् ।

१५. रामनवमी– चैत्र शुक्ल नवमीका दिन पर्ने यो पर्व यस क्षेत्रमा विशेष हर्षोल्लासका साथ मनाइन्छ । यसै समयमा पारी यहाँ नौ दिनसम्म तुलसीकृत रामायण साथै भागवत पुराण लगाउने चलन छ । यो पर्व चितवनपट्टि पर्ने र नवलपरासीपट्टि पर्ने भागमा बढी मनाउने गरिन्छ भने तनहुँपट्टि पर्ने भागमा केही कम मनाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक महत्त्व

देवघाट धाम लगभग सवा दुई सय वर्षसम्म तनहुँ राज्य अन्तर्गत रहेको बुझिन्छ । नेपालको एकीकरणपछि वि. सं. १८३९ मा आएर मात्र यो क्षेत्र पूर्ण रूपमा नेपाल अधिराज्यअन्तर्गत पर्न गयो । मध्यकालमा पाल्पा र तनहुँसँग मात्र सम्बन्धित भएको देवघाट धाम आधुनिक कालको पूर्वार्द्धबाट नेपालभरि नै प्रसिद्ध हुन पुग्यो ।

यस क्षेत्रको वडा नं. ९ मा सिञ्चाङ् गढी नामको स्थान छ । यस स्थानलाई दुई प्रकारले नामकरण गरिएको छ । १. सिञ्चाङ् काफलडाँडा २. सिञ्चाङ् गढी । यी दुवै नाम अन्योन्याश्रित छन् । पहिला सिञ्चाङ् काफलडाँडाका नाउँले गाउँ पञ्चायत नामकरण गरिएको थियो, पछि २०३५ सालदेखि देवघाट गाउँपञ्चायत नामकरण गरिएको भन्ने कुरा यसै गढीका अ. हे. वं. रुद्रप्रसाद पौडेल बताउनुहुन्छ । यस गढीको नामकरणका सम्बन्धमा ऐतिहासिक पृष्ठभूमि यस प्रकार छ– तनहुँ जिल्लाअन्तर्गत दक्षिणी भेग चितवन जिल्लादेखि नै यस सिञ्चाङ् काफलडाँडा गढीमा बाइसे-चौबीसे राजाहरूले राज्य गर्थे । यस स्थानमा सेनवंश अन्तर्गत मगर राजाले राज्य गर्दा कुनै पनि व्यक्तिले राजाको आदेशबेगर काम गर्न पाउँदैनथ्यो । त्यसैले जुनकुनै सेवकलाई ठोरी (भारतको र नेपालको सीमाना) जानुपर्दा राहदानी प्रवेशपत्र लिएर पठाइने चलन थियो । राहदानी दस्तुरबापत एक माना चामल र एउटा दाउरा लिएर आई यहाँ बुझाउनुपर्ने नियम रहेछ । यदि ती वस्तुहरू नल्याएमा सजाय दिइन्थ्यो । यसरी सबैले एक-एक गरी थुप्रो लगाउँदा दाउराको ठूलो चाङ् (थुप्रो) त्यहाँ बन्थ्यो रे । अतः यसैको नामबाट सिङ् भनेको दाउरा र चाङ् भनेको राशि संयुक्त नामबाट सिञ्चाङ् भएको हो । साथै गढी भन्नाले किल्ला जनाउने हुँदा यसको नाम सिञ्चाङ् गढी रहेको हो । यस स्थलमा हाल एक प्रा. वि. र हेल्थपोष्ट छ । स्कुलको पूर्वी भागमा गढीको खण्डहरू छ । त्यसै गरी ६ नं. वडा काफलडाँडा तथा डुँडेमा बाइसे चौबीसे राजाहरूको र सेनवंशी राजाहरूको दरबारको भग्नावशेष छ । यसरी सिञ्चाङ् गढी क्षेत्रले ऐतिहासिक महत्त्व बोकेको छ ।

तनहुँ देवघाट वडा नं. २ मा रहेको चक्रवर्ती शिलाको बारेमा डिल्लीराम मिश्रको नेपाल अधिराज्यमा तनहुँ नामक पुस्तकाको ४४५ पृष्ठमा उल्लेख गरिएको छ । यो चक्रवर्ती शिला ३५-३५ सय वर्ष पुरानो भएको प्रमाण शिलापत्र भेटिएको छ र त्यो आज पनि छ भन्ने कुराको जानकारी त्यस पुस्तकमा गराउन खोजे पनि आजसम्म त्यो शिलापत्र भेटिएको छैन ।

मणि (मुनि) मुकुन्दसेन आफू राजा भएको ३५ वर्षपछि वि. सं. १६१० मा पाल्पामा आफ्ना छोराहरूलाई राज्य दिएर आफू तपस्वी मनीषीका रूपमा साधक भई देवघाट धाममा आर्य तपस्या गर्नुभएको कुराको जानकारी पूर्ण रूपमा भए तापनि वास्तविक तवरमा कति वर्षसम्म उनले कति वर्षसम्म साधना गरे त्यसको पूर्ण जानकारी हुन सकेको छैन । दिव्य चक्रवर्ती शिलालाई हाल ॐकार चक्रेश्वर महादेवको रूपमा पूजिन्छ । यस शिलाका र मणि मुकुन्दसेन प्रथमबारेमा विभिन्न विद्वान्हरूको कथन आ-आफ्नै प्रकारका छन् । ती यस प्रकार छन्–

१. योगी नरहरिनाथज्यूको "देवदेशो हिमालयः" नामक पुस्तकमा उल्लेख भएअनुसार मकवानी सेनवंशका पाल्पापालक मुनि मुकुन्द सेन प्रथमले १२ वर्षसम्म राज्यवृद्धिका उद्देश्यले कठोर तपस्या गरेथे र स्वप्नमा शिवले उनलाई दर्शन दिए । त्यसपछि उनी खड्ग दाहिने हातमा लिएर पूर्व वराहक्षेत्रतिर सैन्यसहित प्रयाण गरे । त्यसपछि दक्षिणमा हरिहर क्षेत्र, पश्चिममा रुरुक्षेत्र (रिडी), उत्तरमा मुक्तिनाथ क्षेत्रको विजययात्रा गरेर चतुस्सीमाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्गत भूभागमा चक्रवर्ती बनेर चिरकालपर्यन्त पाल्पामा राज्य गरी अन्तमा पुत्रलाई राज्य दिएर पुनः देवघाट धाममा आफूले स्थापना गरेको यस चक्रवर्ती शिला शालग्राममा नै लीन भए ।

२. डिल्लीराम शर्माको कथनानुसार देवघाट धामामा यस चक्रशिलालाई उनै मुकुन्दसेनको शिर र पाल्पा पर्वासमा रहेको शिवलिङ्गलाई मुकुन्दसेनकै ढाड मानी अद्यापि पूजा गरिन्छ । यो चक्रशिला ३ फिट लामो र १ फिट जति अग्लो छ ।

३. डा. सूर्यमणि अधिकारीका अनुसार वि. सं. १७७१ मा काश्यप गोत्रीय ब्राह्मण काशीरामले रचना गरेको "गण्डकी माहात्म्य" मा मुकुन्दसेन प्रथमले देवघाटमा आई विभिन्न धर्मकार्यहरू गरेको वर्णन पाइन्छ ।

५. डा. विष्णुप्रसाद घिमिरेको कथनानुसार मुकुन्दसेन प्रथमको राज्य गण्डकी गर्भदेशको उत्तरी सीमासम्म पुगेको देखिन आउँछ । अतः गण्डकी गर्भदेश पूरैमा नभई लगभग आधाआधीसम्म मुकुन्दसेन प्रथमको राज्यको उत्तरी सीमा पुगेको निश्चित हुन्छ ।

६. पुरातत्त्वविद् जनललाल शर्माका कथनानुसार यो चक्रवर्तीशिला टेथिस नामक समुद्रको गर्भभित्र च्यापिएर कैयौँ वर्षसम्म रहेको कछुवाको हाडको फोसिल दबिएर पाषाण रूपमा परिवर्तित भइसकेपछि यो शिला बनेको हो ।

७. श्री पं. सोमनाथ घिमिरे व्यासको कथनअनुसार चक्रवेण नामका राजाले आफ्नो पाञ्चभौतिक शरीरलाई कालीगण्डकीमा उत्सर्ग गरे । उनकै शरीर चक्रशिलाका रूपमा परिणत भएको हो भन्ने कुरा आनन्दरामायणमा उल्लेख गरिएको छ ।

८. नारायणघाट निवासी महेश्वरलाल श्रेष्ठको भनाइमा राजा हरदत्त कुमार सेनले काली गण्डकीमा आएर शरीर त्यागेका थिए र तिनकै शरीर चक्रशिलामा परिणत भई यो चक्रशिला बनेको हो ।

९. देवघाट धाम तनहुँ निवासी नारायणाचारी स्वामीको कथनानुसार स्वयं भगवान् आदि नारायण कमल वा कच्छप रूपमा यहाँ बस्नुभएको हो ।

मुकुन्दसेन राजाको बारेमा ई. सं. १८५९ मा नेपाल आएका अंग्रेज इतिहासकार डा. एफ्. बी. हेमिल्टनले आफ्नो पुस्तक 'एन एकाउन्ट अफ दि किङ्गडम अफ नेपाल' नामक पुस्तकमा केही कुरा प्रकाशित पारेका छन् । उक्त पुस्तकमा मुकुन्दसेन प्रथमले देवघाट धाममा गरेका कार्यहरूको वर्णण गरिएको छ । साथै मणि मुकुन्दसेनले आफ्नो देह पनि यही देवघाट धाममा नै त्याग गरेको कुरा पनि उनले उल्लेख गरेका छन् । हेमिल्टनले २०० वर्ष अगाडि आएर जुन खोज गरे त्यो वास्तवमा नै ठूलो महत्त्वको विषय भएको छ ।

मणि मुकुन्दसेन राजाको जन्म वि. सं. १५५३ मा भएको र मृत्यु १६२२ मा भएको कुरा मुकुन्दसेनका वंशज श्री सूर्यबहादुर सेन (ओली)को कथन छ । मुकुन्द सेन राजालाई दिल्लीका बादशाहले पाल्पामा आक्रमण गर्दा मुनि (मणि) मुकुन्द सेन राजा भागेर यस पवित्र तीर्थस्थलमा आएका हुन् भन्ने जनश्रुति रहेको छ । साथै राजा मुकुन्द सेनको सैनिक टुकडी व्यापारिक उद्देश्यको गौँडाको रूपमा दक्षिण–पश्चिम भेग पहाडी चोटिमा बस्ने गर्दथ्यो, त्यो स्थान नवलपरासी जिल्लाअन्तर्गतको गैँडाकोटमा पर्दछ । त्यस स्थानमा सैनिक टुकडीले कालिकाको स्थापना गरी मौलो गाडी पशुहरूको बलि चढाउने गरेकोले यो डाँडालाई मौलाडाँडा र कालिकालाई "मौला कालिका" भन्ने गरेको लोकोक्ति रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मध्यकालमा यो देवघाट क्षेत्र व्यापारमार्गको रूपमा रहेको थियो र यो एउटा व्यापारिक केन्द्र बनेको थियो । त्यसै गरी उपत्यकामा लिच्छवि शासन हुँदा अंशुवर्माले व्यापारिक फाइदाको निम्ति यसै देवघाट क्षेत्रबाट बाटो पर्ने सोमेश्वर गढीवाट बाटो खुलाएका थिए भन्ने विश्वास गरिन्छ ।

देवघाट धाममा प्राप्त प्राचीन मुद्राहरू

देवघाट गा. वि. स. को वडा नं. २ मा मुकुन्दसेन मन्दिर भन्दा २४ मिटर पूर्व लगभग जमिनकै सतहमा सडक खन्दै जाने क्रममा २०५३ साल मङ्सीर ५ गते तामाको करुवा आकारको भाँडोमा तामाकै मुद्राहरू सोही वडाका निवासी दीपेन्द्र धितालले प्राप्त गरेको र निज धितालले गोविन्दराज नैनावस्तीलाई खबर गरी निज नैनावस्तीकै घरमा सो मुद्रा लगी भाग लगाएर राखेको र सोही साल मङ्सीर २१ गते प्राप्त मुद्रा एउटै भाँडोमा राखी प्रहरी चौकीलाई दिई सुरक्षापूर्वक त्यस मुद्रालाई राखिएको थियो । मुद्रा प्राप्त भएको भाँडो मुस्लिम शैलीमा बनेको तामाको करुवा जस्तो आकारको थियो । उक्त भाँडोको तौल १ किलो ७०० ग्राम छ । ती मुद्राहरूमध्ये ठूलो र मध्यम खालको मुद्राको तौल ११ किलो २०० ग्राम र सानो खालको मुद्राको तौल १ किलो ७०० ग्राम गरी उक्त मुद्राको कूल तौल १२ किलो ९०० ग्राम रहेको छ ।

मुद्रा राखिएको करुवा र मुद्राहरू

सानोखाले मुद्रा र ठूलोखाले मुद्रा

यी मुद्रामा अङ्कित चिह्नहरूबाट के कुरा थाहा हुन्छ भने यी मुद्राहरू भारतमा मुगलहरूको राज्य भएको अवस्थामा बनाइएको हुन सक्दछ । मुद्रामा अङ्कित लिपि विशेषज्ञद्वारा नै पढ्नुपर्ने भएकोले पुरातत्त्व विभागले यसलाई राम्ररी विशेषज्ञद्वारा पढाउनुपर्ने देखिन्छ । यी मुद्राहरू देवघाट धामबाट झिकाई पुरातत्त्व विभागले अध्ययनका लागि पुरातत्त्व अधिकृत उद्धव आचार्यलाई सुम्पिएको थियो । उहाँले यी मुद्राहरू मुगल कालमा निर्मित भएको हुनुपर्दछ भन्ने कुरा लेखी एक सानो प्रतिवेदन विभागमा नै बुझी विभागबाटै नेपाल राष्ट्रिय मुद्रा संग्रहालयमा अध्ययन एवं संरक्षणका लागि पठाउनुभएको थियो । ती मुद्राहरू जुन ठाउँबाट ल्याइएको थियो सोही ठाउँमै लगी संग्रहालय बनाइ राख्नुपर्छ भन्ने उद्धव आचार्यको कुरा उचित देखिन्छ । यी प्राप्त मुद्राका सम्बन्धमा चर्चा गर्नुपर्दा राजा प्रताप मल्लका पालामा अङ्कित मुद्राहरूसँग यिनको तुलना गर्नुपर्ने देखिन्छ । यसको विस्तृत विवरण सत्यमोहन जोशीको 'नेपाली राष्ट्रिय मुद्रा' र मधुपर्क २०५८ चैतको अङ्कमा प्रकाशित छ ।

पुरातत्त्व अधिकृत श्री उद्धव आचार्यका भनाइमा यी प्राप्त मुद्राहरू कुनै व्यक्ति भारतमा जागीर खान जाँदा कमाएर ल्याएको सम्पत्ति एकमुष्ट ताँबाको करुवाभित्र राखी पछि उपयोग गरौँला भनी जमिनमा गाडिएको हुन सक्छ । समयान्तरमा अधिक समय वित्दा मुद्राको सम्वन्धमा जानकारी नभएर जमिनमा नै दबिएर रहेको हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्छ । यी प्राप्त मुद्राहरू अलाउद्दीन खिलजीका पालामा निर्मित मुद्रा हुन् भन्ने कुरा गरिएको छ ।

देवघाट क्षेत्र विकास समितिको स्थापना

विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०५० सालमा देवघाट क्षेत्र विकास समितिको गठन गरेको छ । सो समिति गठन गरी देवघाट क्षेत्रको सीमा निम्नानुसार तोकिएको छ–

क) तनहुँ जिल्लाको देवघाट गाउँ विकास समितिको वार्ड नं. २ र ४ का सम्पूर्ण क्षेत्रहरू ।

ख) चितवन जिल्लाको भरतपुर नगरपालिको वडा नं. १ को पूर्व कविलास गाउँ विकास समिति ।

ग) भरतपुर नगरपालिकाको वडा नं. २, ३ र ११

घ) नवलपरासी जिल्लाको गैंडाकोट गाउँ विकास समितिको वडा नं. ४, उत्तर जङ्गल र दक्षिण नारायणी सम्म, वडा नं. ३ को पूर्व काली गण्डकी, पश्चिम जङ्गल, उत्तर काली गण्डकी र दक्षिण जङ्गलभित्रका क्षेत्रहरू ।

देवघाट धाममा रहेका मूर्तिहरू

यस क्षेत्रमा सेनवंशीय राज्यकालमा मूर्तिहरू, मन्दिरहरू धेरै नै थिए होला । तापनि त्यस बेलाका मूर्तिहरू कहाँ छन् ? राम्रोसँग खोज हुन सकेको छैन । जनकलाल शर्माले २०१६ सालमा "चितवनदेखि जनकपुरसम्मका पुरातात्त्विक स्थल" भन्ने सानो पुस्तक प्रकाशित गरी मूर्तिका फोटोमा देवघाटमा रहेका कतिपय मूर्तिहरू भनी फोटो दिनुभएको छ । यस देवघाट क्षेत्रले ओगटेको बसेनी चितवनमा गणेशको मूर्ति, प्राचीन देव-देवीका मूर्तिहरूका साथै यस पुस्तकमा समावेश गरिएका केही अन्य मूर्तिहरू समेत उक्त ठाउँमा देखिँदैनन् ।

वर्तमान समयमा यस देवघाट क्षेत्रका निम्न स्थानमा मूर्तिहरू देख्न सकिन्छ–

१. मणि मुकुन्दसेन मन्दिरभित्र रहेको विष्णुशिला, सातकोणको चक्रयुक्त शिला, अन्य शिलामूर्तिहरू ।

२. गलेश्वर आश्रम स्थित ज्योतिर्लिङ्गेश्वर महादेवको भित्रपट्टि चतुर्बाहु नारायणको मूर्ति ।

३. चितवन जिल्लास्थित वागीश्वरी स्थलमा सिंहदेवीको मन्दिरनजीक सिंहका मूर्तिहरू, वायुपंखी बसाहा, सूर्यचक्र, पादुका एवं अन्य शिलाखण्डहरू ।

४. मौला कालिका मन्दिर र मूर्ति ।

५. माकुम डाँडामा रहेका मूर्तिहरू ।

देवघाट धामको धार्मिक पर्यटकीय महत्त्व

देवघाट धाम पवित्र रमणीय क्षेत्र भएकोले सबै स्वदेशी तथा विदेशी पर्यटकहरूको यतातर्फ आकर्षण हुनु स्वाभाविक हो । यस क्षेत्रका विभिन्न स्थलहरू पर्यटनका लागि उपयुक्त छन् । देवघाट धाम चितवन जिल्लाअन्तर्गत पर्ने हाल बसपार्क रहेको झोलुङ्गे पूलको पूर्वी भागमा पर्यटकहरूको लागि विश्रामगृह बनाउन सकिन्छ । त्यस्तै त्रिशूली गण्डकीको जुगेडी घाटदेखि काली त्रिशूली सङ्गमस्थल पारी नवलपरासी जिल्लामा पर्ने केलादी गाउँसम्म नमुना पर्यटकीय क्षेत्र बनाउन सकिन्छ । साथै दासढुङ्गास्थल, त्रिशूली सेती सङ्गमस्थल गाईघाट, घुमाउने ताल आदिमा पर्यटकहरूको लागि विश्रामगृह बनाउन सकिन्छ । यसबाहेक तनहुँ जिल्लाको वडा नं. २ र ४ लाई विशुद्ध तपोभूमिक्षेत्र घोषणा गर्नु धेरै राम्रो हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट क्षेत्रको महत्त्वमा वृद्धिक्रम

प्राकृतिक सुषमा छटाले भरिपूर्ण क्षेत्र भएकोले देवघाट परापूर्वकालदेखि नै यसको महत्त्व वृद्धिक्रममा रहेको छ । यहाँ अहिले दिनहुँ भक्तजनहरूको घुइंचो वृद्धिक्रममा छ । खास गरी काठमाडौं निवासी सम्पन्न व्यक्तिहरू यस स्थलमा आई जग्गा किनी कुटी (घर) बनाई बस्ने क्रम अत्यधिक बढ्दैगएको छ । खास गरी यो क्रम २०५० सालदेखि बढ्दो छ ।

देवघाटका दर्शनीय स्थलहरू

तनहुँ जिल्लाअन्तर्गत पर्ने दर्शनीय आश्रम, मूर्ति तथा मन्दिरहरू—

१. वराह-लक्ष्मी मन्दिर २. चक्रवर्ती शिला, मणिमुकुन्दसेन मन्दिर ३. पाञ्चायतन देवता ४. वशिष्ठ गुफा ५. सीता गुफा ६. दुर्गा गुफा ७. शिवालय (ज्योतिर्लिङ्गेश्वर महादेव, गलेश्वर आश्रम) ८. पाञ्चायतन देवता (पगलाबाबा अघोरी आश्रम) ९. पशुपतिनाथ मन्दिर १०. हरिहर मन्दिर (हरिहर संन्यास आश्रम) ११. महेश संन्यास आश्रम र यहाँ रहेको निर्माणाधीन शिवमन्दिर १२. श्री राममन्दिर १३. जगत्जननी दुर्गामूर्ति १४. सत्यनारायण मन्दिर १५. आचार्य पीठ (अद्वैत आश्रम) १६. लक्ष्मीनारायण मूर्ति १७. बुद्धमूर्ति १८. हनुमान्मूर्ति १९. कालिका मन्दिर (वडा नं. ४) २०. गौरीगणेश मन्दिर २१. श्री राम मन्दिर (पाञ्चायतन देवता) २२. श्री सीताराम मन्दिर २३. कमला मन्दिर २४. श्री राम मन्दिर २५. बदरीनाथ मन्दिर (निर्माणाधीन) २६. केदारनाथ मन्दिर आदि ।

देवघाट धामको चितवन जिल्लामा पर्ने मन्दिर तथा गुम्बाहरू—

१. हनुमान् मन्दिर २. विश्वशान्ति महाअष्ट चैत्य बज्रकुटी बौद्ध गुम्वा (२) ३. लक्ष्मीनारायण मन्दिर ४. साना र ठूला हनुमान् मन्दिर (सप्तवेणी सङ्गमस्थल जाने बाटो) ५. विश्वशान्ति महायज्ञस्थल ६. ललितपुर कलेजद्वारा सञ्चालित वेद विद्यालय एवं आश्रम ७. शिवमन्दिर ८. राधाकृष्ण मन्दिर ९. सर्वेश्वर राधाकृष्ण मन्दिर १०. श्री जगद्गुरु शङ्कराचार्य मन्दिर ११. गुणराज स्मारक नवराममन्दिर १२. श्री राधाकृष्ण मन्दिर १३. श्री राममन्दिर १४. गायत्री मन्दिर १५. कृष्ण मन्दिर १६. सङ्कल्पेश्वर हनुमान् मन्दिर (झोलङ्गे पुलनेर) १७. वागीश्वरीमन्दिर १८. गणेशस्थान १९. नवराममन्दिर २०. शिवमन्दिर २१. ईश्वरीमाई मन्दिर २२. हरिहर मन्दिर २३. गुह्येश्वरी मन्दिर २४. विश्वकर्मा मन्दिर २५. पशुपति मन्दिर आदि ।

देवघाट धामको नवलपरासी जिल्लामा पर्ने मन्दिरहरू—

१. मौलाकालिका मन्दिर २. लक्ष्मीनृसिंह दिव्य धाम ३. बेङ्कटेश (रामानुज) मन्दिर ४. राधाकृष्ण मन्दिर ५. शिवमन्दिर ६. गोपीधाम र सूर्यकुण्ड आदि ।

उपसंहार

देवघाट धाम पवित्र तीर्थस्थल भएकोले यहाँ बन्ने कुटी तथा आश्रमहरू प्राचीन नेपाली शैलीमा बनाइनुपर्छ । यस विषयमा अहिल्यै सोचिनुपर्छ । मठमन्दिरहरू प्राचीन शैलीमा निर्माण भएको खण्डमा यो धार्मिक स्थलको बढी महत्त्व हुने थियो र यो पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बन्ने थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



तीर्थस्थलको महत्त्व

✍ रामचन्द्र पौडेल रंघाली

तीर्यतेऽनेनेति तीर्थः अथवा तरति पापादिकं यस्मादिति तीर्थः यस व्युत्पत्तिद्वारा तृ–प्लवनतरणयोः धातुदेखि उणादि प्रत्यय थैक् भएर तीर्थ शब्द बन्दछ । तीर्थ शब्दको अर्थ अमरकोशकारले निपानागमयोस्तीर्थ मृषि जुष्टे जले गुरौ भनेका छन् । मेदिनीकोशकार, अनेकार्थसङ्ग्रहकोशकार, विश्वप्रकाश कोशकार आदि सबैजसोले तीर्थ शब्दको अर्थ यस्तै यस्तै गरेका छन् ।

अथर्ववेदले तीर्थैस्तरन्ति प्रवतो महीरिति यज्ञकृतः सुकृतो येन यन्ति *(१८-४-७)* भनेर तीर्थको महत्त्व देखाइएको छ । त्यसै गरी यजुर्वेदले नमस्तीर्थ्याय च कूल्याय च ये तीर्थानि प्रचरन्ति सृकाहस्ता निषङ्गिणः (अध्याय १६) भनेर तीर्थको महत्त्व ख्यापित गरेको छ । शङ्खस्मृतिले तीर्थान्येव तु सर्वाणि पापघ्नानि सदा नृणाम् भनेको छ । विष्णुपुराणमा भनिएको छ–

अनुपातकिनस्त्वेते महापातकिनो यथा ।
अश्वमेघेन शुध्यन्ति तीर्थानुसरणेन च ॥ *(३६। ८)*

महाभारत शान्तिपर्वमा तीर्थको महत्त्वको विषयमा भनिएको छ–

यथा देशाः शरीरीय केचिन्मेध्यतमाः स्मृताः ॥
तथा पृथिव्या देशाश्च केचित्पुण्यतमाः स्मृताः ॥ १ ॥
प्रभावादद्भुताद् भूमेः सलिलस्य च तेजसा ।
परिग्रहान् मुनीनां च तीर्थानां पुण्यता स्मृता ॥ २ ॥ *(महाभारत शान्तिपर्व)*

तीर्थको माहात्म्य जसरी गाइएको छ, त्यस्तै तीर्थको संख्याको बारेमा पनि विविध दृष्टिकोण छ । बराहपुराणमा वायु, हनुमान्, ब्रह्मा, लोमश, मार्कण्डेय, अन्य सिद्ध महात्माहरू र देवताहरूले गणना गरेर बताएको भनी तीर्थहरूको सङ्ख्या छैसठ्ठी अरब मानिएको छ ।

षष्टिकोटिसहस्राणि षष्टिकोटिशतानि च ।
गणितानि समस्तानि तीर्थान्येतानि सर्वशः ॥ *(१५९-९-११)*

मत्स्यपुराणमा साढे तीन करोड भनिएको छ । जस्तो–

तिस्रः कोट्योर्द्धकोटी च तीर्थानि वायुरब्रवीत् ।
दिवि भुव्यन्तरिक्षे च तानि ते सन्ति जाह्नवि ॥ *(१०१-५)*

यद्यपि तीर्थयात्रा काम्यकर्मभित्र लिइन्छ, तथापि यो नगर्दा दरिद्र बनिन्छ भन्ने कुरा पद्मपुराण, बृहन्नारदीय पुराण र महाभारतमा उल्लेख गरेको पाइन्छ ।

अनुपोष्य त्रिरात्राणि तीर्थान्यनभिगम्य च ।
अदत्वा काञ्चनं गाश्च दरिद्रो नाम जायते ॥ *(महाभारत वनपर्व)*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार तीर्थको माहात्म्य बताउने क्रममा स्नात्वा तारयते जन्तुः सप्तसप्तवराँस्तथा अर्थात् तीर्थस्नायीले सात अधिकार सातपछिका पिँडी तार्दछ भनिएको छ । यसैले एष्टव्याः बहवः पुत्रा यद्येकोऽपि गयां ब्रजेत् अर्थात् धरै छोराहरूको चाहना राख्नुपर्दछ, उन्पन्नमध्ये एउटैमात्र पनि गया जाओस् भनियो । यही हो तीर्थको माहात्म्य ।

यस्ता तीर्थहरू प्रत्येकको आ-आफ्नै विशेषता, विलक्षणता हुन्छन् । यीबारे लेख्न खोज्नु साँच्चिकै उद्बाहुरिद वामन हुनु हो ।

विशेषतः तीर्थ भन्नासाथ गङ्गादि नदीहरूका सान्निध्यमा रहेका स्थानहरू आउँछन् । जसमा साधु, सन्त, महन्त, देव, देवी, ऋषि, महर्षिका ऐतिहासिक चरित्रबाट पुण्यलाभ हुन्छ भन्ने भावना अन्तर्निहित हुन्छ । परापूर्वकालदेखि यस्तै मान्यता र मूल्यले पावनस्थल मानिँदैआएका छन् । सम्भवतः यस्ता स्थलहरू धेरैजसो गङ्गा नदी, नदका सङ्गमस्थल, घाट, वेणी आदि हुन्छन् । त्यसैले श्रीकृष्णले गीतामा स्रोतसामस्मि जाह्नवी तथा सरसामस्मि सागरः भन्नुभएको हो ।

वास्तवमा असंख्य तीर्थहरू तीर्थमयी पृथ्वी भए पनि यजन तप, दान, दम, क्षमा, ब्रह्मचर्य, सत्य यिनको अभावमा छयसठ्ठी अरब तीर्थकै भ्रमण गरे पनि तीर्थको तात्त्विक फल प्राप्त हुन सक्दैन ।

तस्य द्वाराणि यजनं तपो दानं दमः क्षमा ।
ब्रह्मचर्यं तथा सत्यं तीर्थानुसरणं शुभम् ॥ *(मत्स्यपुराण)*

तीर्थहरूको पनि वर्गीकरण गर्दा दैव, आसुर, आर्ष, मानुष हुन्छन् भनिएको छ । अझ संक्षेपीकरण गर्दै जाँदा त्रिविध तीर्थ मानिएका छन् । जङ्गम, मानस र भौम ।

१. जङ्गम तीर्थ– गाई, ब्राह्मण, बालकको शिर, आफ्नै दाहिने कान, सन्त, साधु, सज्जन, गुरु, माता, पिता आदि जङ्गम तीर्थ हुन् ।
२. मानस तीर्थ– दान, ज्ञान, सत्य, अहिंसा, क्षमा, धृति, पुण्य, सरलता, दया आदि मनोगत सद्भावहरू मानस तीर्थ हुन् ।
३. भौमतीर्थ– देवघाट, पशुपतिनाथ, मुक्तिनाथ, बद्रीनाथ, केदारनाथ, गया, अवन्तिका, रामेश्वर, अयोध्या आदि ।

सम्पूर्ण शास्त्रहरू पुराणको सार परोपकारः पुण्याय पापाय परपीडनम् भनी प्रतिपादन गर्ने महाभारतकारले न गङ्गासदृशं तीर्थं न देवः केशवात्परः भनेर सम्पूर्ण तीर्थमा गङ्गा उत्कृष्ट छ भनी प्रतिपादन गरेका छन् ।

होम्रो नेपाल जसरी हिमशृङ्खलाले धवलित छ, त्यसरी नै ऋषिमुनिका तप, यज्ञ, आश्रम, वास, निवास आदिले अत्यन्त पावित छ । हिमजलबाट निःसृत नदनदीका असंख्य प्रवाहले यो भूमि प्रक्षालित छ । त्यसैले यहाँ अनेकौं तीर्थहरू छन् । तिनीहरूको वर्णन हिमवत्खण्डमा गरिएको छ । हिमाच्छादित यस देशका पर्वतशिखरहरू, देउरालीहरू, सङ्गमस्थलहरू, गिरिकन्दराहरू, सबै तीर्थमय छन् । स्वयं शालिग्रामवाहिनी कृष्णा गण्डकी र गण्डकीसिञ्चित पावन क्षेत्र देवघाटको आफ्नै महत्त्व छ । यस देशका ताल, तलाउ, नदी सबैले किंवदन्ती बोकेका छन् ।

हाम्रो देशका तीर्थहरूमध्ये देवघाट अत्यन्तै पवित्र मानिन्छ । यसको महिमा यत्किञ्चित् हिमवत्खण्डमा गाइएको छ । देवघाटको बारेमा ऋक्परिशिष्टमा भनिएको छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिताऽसिते सरिते यत्र सङ्गते तत्राप्लुतासो दिवमुत्पतन्ति ।

अर्थात्, सिता (त्रिशूली) र असिता (कृष्णागण्डकी) जहाँ मिलेका छन् त्यहाँ नुहाउनेहरू स्वर्ग पुग्दछन् । द्युलोक पुऱ्याउने हुनाले नै द्यौघाट (देवघाट) नाम रहेकोबाट यस ठाउँको महत्ता सुष्पष्ट हुन्छ ।

यसै कारण उपर्युक्त ऋक् वचनलाई तोडमतोड गरी बुद्धजन्मस्थललाई भारतभित्र तान्न खोजेजस्तै गङ्गा र जमुनाको सङ्गमस्थलमा घटाउन खोजिँदैछ । तर त्यसो गर्न खोज्नु गलत हो ।

यस्ता धार्मिक, ऐतिहासिक, पर्यटकीय दृष्टिले समेत महत्त्वपूर्ण स्थलहरूको बारेमा अध्ययन-अनुसन्धान यथाशीघ्र अगाडि बढाउनुपऱ्यो । अन्यथा ढिलो हुन्छ । पछि पछुताउनुपर्छ ।

नेपाल बैंक लिमिटेड | राष्ट्रिय वाणिज्य बैंक | कृषि विकास बैंक

बैंक तपाईंको सच्चा साथी

बैंक तपाईंको सच्चा साथी, सहयोगी र शुभेच्छुक पनि हो । उद्योग, व्यापार-व्यवसाय, खेतीपाती गर्न पैसाको अभाव हुँदा बैंकले तपाईंलाई ऋण दिएर मद्दत गर्दछ । आफ्नो सीप, जाँगर र बैंकको ऋणको सदुपयोग गरेर तपाईं आफ्नो जीविका चलाउन, अर्थिक उन्नति हासिल गर्न र सामाजिक प्रतिष्ठा कमाउन सक्नुहुन्छ । त्यसैले आफूले लिएको ऋण जुन कामको लागि लिएको हो, त्यही काममा उपयोग गरी तोकिएको समयमै ऋणको साँवा र ब्याज बुझाउनुहोस् । अरूलाई पनि यही सल्लाह दिनुहोस् ।

सुरक्षित भविष्यका लागि बचत, बचतका लागि बैंक

भविष्यमा के हुन्छ, कसैलाई पनि थाहा छैन । तर आजको बचतले भोलिको गर्जो भने अवश्य टर्छ । त्यसैले आफ्नो आम्दानीको केही भाग बचत गर्नुहोस् । यस्तो बचत बैंकहरूमा राख्नुहोस् । बैंकमा तपाईंको साँवा सुरक्षित रहन्छ, ब्याज थप पाइन्छ ।

बित्तीय सहयोगका लागि बैंक

उद्योग व्यवसाय नै तपाईंको उन्नतिको मूल कारण हो । सीप र जाँगर भएर पनि पैसाको कारण व्यवसाय गर्न पाउनुभएको छैन भने आजै नजिकको बैंकमा सम्पर्क राख्नुहोस् । बैंकले उद्योग खोल्न, कृषि र सेवा व्यवसाय गर्न, भएका उद्योग व्यवसायलाई आधुनिकीकरण वा विस्तार गर्न तथा वन्द-व्यापार गर्नसमेत सरल ब्याजमा ऋण सहयोग उपलब्ध गराउँछ । यस्तो सुविधाका लागि कुनै पनि बैंकमा सम्पर्क राख्नुहोस् ।

बैंकिङ्ग प्रबर्द्धन समिति
नेपाल राष्ट्र बैंक

Standard Chartered | Nabil Limited | Nepal Bank Ltd. | Bank of Kathmandu Ltd. | Everest Bank Limited | Himalayan Bank Limited | Nepal Investment Bank Limited | Lumbini Bank Limited | NB Bank | Development Credit Bank Limited | Nepal Development Bank Limited

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक क्षण देवघाटतिर

डा. गार्गी शर्मा

हिन्दु संस्कृति परब्रह्मउन्मुखी छ । हामी जे काममा जुनसुकै रीतिरिवाजमा धर्म नै देख्छौं । कसै जनैपूर्णिमामा किन जनै फेर्छौं ? किन तीजको व्रत बस्छौं ? आदि-आदि प्रश्न गरे एउटै जवाफ दिइन्छ, धर्म हुन्छ । यो गरेपनि धर्म ऊ गरेपनि धर्म हुन्छ तर नगरे चाहिँ पाप लाग्छ । "तमसो मा ज्योतिर्गमय" "मृत्योर्माऽमृतं गमय" हाम्रो हिन्दु संस्कृतिको आरती हो । हामी जहिले पनि ईश्वरको नजिक पुग्ने आकांक्षा राख्छौं । बाटो पाए वा नपाएर उसैको खोजीमा हिंड्न चाहन्छौं । हामी ईश्वरवादी छौं र उसको अस्तित्वमा हाम्रो अविचलित विश्वास छ । हामी यति विश्वस्त छौं, यति आस्थावान् छौं कि ईश्वर सर्वशक्तिमान् छन् र उनले चाहनु मात्र पर्दछ, के पनि हुन सक्दछ, जे पनि हुन्छ । उनी असंख्य गुणका खानी मात्र नभई असाध्य शक्तिका स्रोत पनि हुन् । यसै असंख्य गुणका खानी र अपार शक्तिका पुञ्ज भएर पनि उनी दयालु छन् । आफ्नो भक्तलाई सधैं आफ्नो स्नेहको ममताको छहारी दिन्छन् । यसैले हामी उनको पूजा गर्दछौं, धूप-दीप बालेर, उनैको नाम संकीर्तन गरेर, तन्मय साधनामा लीन भएर वा अन्य केही गरेर । हाम्रो विचारमा ईश्वर सच्चिदानन्द स्वरूप छन् । कपोलकल्पित छैनन् । यसैले कुनै न कुनै स्वस्थ माध्यमबाट भगवत् ध्यानमा लाग्ने प्रयास गऱ्यौं भने अवश्य पनि ईश्वरसंग साक्षात्कार हुन सक्छौं । हामीले आफूलाई आफू संभन्नौं, यो शरीर उनैको मन्दिर मानेका छौं । कवि शिरोमणि लेखनाथ भन्दछन्–

यो दुःख भोग्ने परमेश्वरै हो
यो देह उसको रहने घरै हो
यो भत्किंदा दुः ख अवश्य मान्छ
सुटुक्क सामान लिएर जान्छ ॥१॥

यस्तै अर्का विद्वान् भन्छन्– "I live yet not I but god in me" अर्थात् म छु तर म छैन, ममा मेरो भगवान् छन् । तर उक्त भगवान् अनुभूत गर्न सर्वतोभावले समर्पण गर्नुपर्दछ । ईश्वरमय हुने प्रयास गर्नुपर्दछ । बाहिर-बाहिर लोकाचार भित्र-भित्र पापाचार गर्ने हो भने शुद्ध र स्वच्छ जीवन व्यतीत नगर्ने हो भने कुनै पनि व्यक्तिले परमपिताको सान्निध्य पाउन सक्दैन । दया, माया, प्रेम, स्नेह भक्ति आदि सदाचारी भावना आध्यात्मिक जीवनको भावभूमि हो । यही भावभूमिमा रहेर जीवनलाई सार्थक गर्ने प्रयास गरेमा परमपिताको पावन स्नेह प्राप्त गर्न सक्छौं । शुद्ध जीवन अर्थात् सदाचारी जीवन बिताउन अनेक बाधाको सामना गर्नुपर्ने हुन्छ । धर्म र नैतिकताले भन्छ- जीवनमा लोभलालच नगर, सबैप्राणीलाई दया माया गर, अहिंसाको बाटो हिँड । ठीकै छ सबै प्राणीलाई दया, माया गर्न, जातीयता र राष्ट्रियताको भेदभाव नगर्न त्यति गाह्रो हुँदैन । अहिंसा पनि अपनाउन सकिन्छ तर लोभलालचको झोली यति विशाल हुन्छ कि जति प्रयास गरेर भर्न खोजेपनि कहिल्यै भरिन्न । झन् झन् विशाल हुँदै जान्छ । धनको खाँचो नहुने पेसा कसले पायो खै ! राजमहल होस् या पराले छाप्रो यो इच्छा आकांक्षालाई कहीं निषेध छैन । जीवनको प्रत्येक पाइलामा यो प्रलोभन हिरण्मय भएर आउँछ, राजदरबार त्यागेर वनवासी जीवन बिताउन संकल्पित सीतालाई समेत प्रलोभनमा फसाउन सुनको मृग भएर आउँछ । सुन्दर स्वरूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिएर आउँछ । सीता प्रलोभनमा सजिलै फस्छिन् र रामलाई भन्छिन्– "राम त्यो सुनको मृग नभई भएन, जिउँदो अथवा मृत जसरी भएपनि ल्याउनै पर्छ" भन्ने उनको अनुरोध थियो । मृग मरीचिकामा लाग्दा हाम्रो पनि यसरी नै विवेक दृष्टि बन्द हुन्छ । यसको संमोहन जीवनसँगै बल्ल-बल्ल छुट्ला नत्र अघिपछि त्यागी भन्दा त्यागी व्यक्तिलाई पनि निकै गाह्रो पर्छ । उमेर ढल्दै जान्छ, शरीर शिथिलिदै जान्छ, तै पनि हाम्रो विवेक दृष्टि धमिलो नै हुन्छ । कतिपय व्यक्ति यस्तो प्रलोभनमा फसेर आफ्नो अन्त: चेतना गुमाउँछन् । मानव मात्रले हिँड्नुपर्ने मानवीयताको मूल बाटो बिर्सिएर त्यसै भौंतारिन्छन् । मानव धर्म के हो यस्तो मृग मरीचिमा लागेर आखिरमा हामी के पाउँछौं । जीवन के हो र यसको सार्थकता केमा छ भन्ने थाहै नपाई अवनतितिर धकेलिन्छौं । वास्तवमा मायाको अर्थ हो जो छैन (मा–छैन, या–जो) कस्तो अचम्म जो छैन त्यसैमा हामी रातदिन मरिमेट्छौं, बल र आयु यसै सिध्याउँछौं, भौतिक सुखको रहरलाग्दो स्वप्नमा मस्त हुन्छौं यति मस्त कि रोग, शोक र बृद्धावस्थाले सताउँदा पनि जीवनको वास्तविक उद्देश्य के हो, हामीले चाहेको वास्तविक सुखसमृद्धि के हो बुझ्नै सक्दैनौं तर मृत्युको म्याउँले गाँज्न आउँछ, अनि केही होश आउँछ "आखिर रहेछ श्रीकृष्ण एक न भक्ति भो न विवेक" तर यस बेला समयले लामो फड्को मारिसकेको हुन्छ, शरीर अशक्त भैसकेको हुन्छ ।

हाम्रो संस्कृति अनुसार सारा मृत्युको प्रवाहमा घुम्दा-घुम्दा हामी जब देह मुक्त हुन्छौं हामी भित्र रहेको आत्मा त्यसै बेला एकैचोटी अनन्तमा मिल्न सक्दैन, स्थूल शरीर नाश हुन्छ तर सूक्ष्म देह सजीव नै हुन्छ । यो भवमा हुँदा हामीले गरेको कर्मअनुसार उक्त सूक्ष्म देहले सुख-दु:ख भोगिरहन्छ । यही सूक्ष्म देहले भोग्नु पर्ने कर्मफलको ज्ञान हामी हिन्दुमा भएर हाम्रो हिन्दु संस्कृतिले सँधै सम्झइरहने गर्छ । "कर्म गर अर्थात् सत्कर्म गर, अरूको निन्दा नगर, आफ्नो परत्र सुधार्न सदाचारको जीवन निर्वाह गरेर ईश्वरमा आफूलाई समर्पण गर्न कहिल्यै नबिर्स" हिन्दु संस्कृतिको यही गुरुमन्त्रले गर्दा हामी भजन, कीर्तन, पूजा, आजा आदि सत्कार्य गर्न हाम्रो चित्त शुद्धि हुनै पर्छ । निस्वार्थ प्रेम भाव र विशुद्ध प्रेमयुक्त त्यागले प्रज्ज्वलित कर्म गर्न सधैं तत्पर हुनुपर्छ नत्र राजमहल छोडेर पर्णकुटीमा बसे पनि शरीरभरि खरानी घसेर हिंडे पनि हामीमा रहेको भोगवृत्तिलाई मिल्काउन र त्याग्न सकिएन भने हामी कहिल्यै सफल हुन सक्दैनौं । बाहिरी आडम्बरले मानिसलाई झन् समस्याग्रस्त बनाउँछ । हिरण्मय मृगको लालसाको त्याग अथवा भौतिकताको त्यागले नै जीवन सफल हुन्छ ।

अब प्रश्न उठ्छ के गर्ने त ? मृग मरीचिका अर्थात् सुवर्णमृगको आकर्षणबाट टा.....ढा रहन के गर्ने ? त्यागी आत्मज्ञानी ऋषिमुनीहरू यसैको उत्तर दिन्छन्-सत्कर्म गर, आफ्नो कुभावना र अनुचित लालसाबाट आफूलाई बचाऊ । आफ्नो इच्छाविपरीत जसले जति गरेपनि हामीलाई कसैले झुक्याउन सक्दैन । तृष्णामा फसेर आफैं दुर्वल हुने प्रयास गर्यौं भने मात्र झुक्किन्छौं, झुक्किने होइन ठगिन्छौं । जनकनन्दिनी सीतालाई सुवर्ण मृगले यति दुर्वल बनाइदियो, उनको विवेकबुद्धि भ्रष्ट भयो । सत्-असत्, ठीक-बेठीकसमेत छुट्टयाउन नसकेर मृगका लागि ढिपी गरिन् । लक्ष्मणको कुरा सुन्दै सुनिनन् र अझ लक्ष्मणरेखा अर्थात् मर्यादाको उल्लङ्घनसमेत गरिन् । यसैले यस्तो विवेकहीन भएर, मर्यादा उल्लङ्घन गरेर कहिल्यै जीवन सफल हुँदैन, आफ्नो लक्ष्यमा पुग्न अनवरत सत्कर्म गर्नै पर्छ । यस्तै सत्कर्ममा हिँडन पाइने मार्गहरूमध्ये तीर्थस्थल पनि एक हो ।

विश्वका विविध संस्कृतिमध्ये हिन्दुहरूको एउटा बेग्लै आफ्नो विशिष्टता छ, अरू कुनै जाति अथवा संस्कृतिभन्दा भिन्न परन्तु रमाइलो प्रवृत्ति जलतीर्थ पर्यटन । हिन्दुहरू अति जलप्रिय छन्, नीलो गहिरो समुद्र महासागर अथवा नदीमा मात्र होइन सानो पोखरीमा समेत हामीहरू दैवी छटा देख्छौं । अधिकांश चाडवाड,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सव, मेला आदि सबैमा प्रायः जलतीर्थ सम्बन्धित हुन्छ । तालतलैया खोलानाला, सागरमहासागर सबै उनै परमपिताको निवासस्थान मान्दछौं । गोसाइँकुण्ड होस् या मानसरोवर गोदावरी होस् सबै जलरासीमा हिन्दुहरूको त्यतिकै मान्यता छ, आस्था छ । समुन्द्रमन्थनवाट प्राप्त अमृत घडा जयन्तले उठाएर लैजाँदा ठाउँ-ठाउँमा अमृत पोखिएर अमृतमय भएका जलकुण्डहरू यहीं छन् । यस्तै कतै अमृतका थोपा पोखिए त कतै कालकूटविष पिएका शिवजीले विषको औडाहा शान्त गर्न जलमग्न भएका त कतै शेषशायी विष्णुको निवासस्थान भएको कारणले होला विभिन्न स्थानका जलराशीमा भने बेग्ला-बेग्लै गुण पाइन्छन् । कुनै जल नुनिलो हुन्छ त कुनै अति तातो या कुनै अति चिसो । कतिपय नदीनालाका बालुवा ढुङ्गापनि एकअर्कासँग आकारमा मिले पनि प्रकारमा नमिल्ने पाइन्छन् । कालीगण्डकीमा पाइने शालिग्राम कालो हुन्छ र त्यसभित्र सुन पनि हुन्छ । तातो पानीको कुण्डमा चर्मरोग निको गराउने क्षमता हुन्छ तर जहाँ र जस्तो भएपनि हामीलाई प्रायः सबै ताल तलैया पवित्र पावन लाग्दछ । हामी अन्त्यमा यस्तै पावन जलतीर्थमा हाम्रो स्थूल शरीर बुझाउन चाहन्छौं, हाम्रो खरानी यसैमा विसर्जित गराउन चाहन्छौं ।

नेपाल विश्वको अग्लो हिमालको काखमा रहेकोले यहाँ प्रशस्त पवित्र नदीनाला छन् । कुण्डहरू छन् । "देवघाट" पनि यस्तै पवित्र तीर्थस्थलमध्ये एक हो जहाँ गण्डकीहरू मिसिएर दोभान बनेको छ । देवघाट ऋषिमुनिहरूको महत्त्वपूर्ण तपोभूमि रहेको उल्लेख विभिन्न लेखहरूमा गरिएको छ । भनिन्छ सत्ययुगमा यो देवघाट देवस्थलले प्रसिद्ध थियो । शिवजीको वास प्रमुखरूपमा यहीं नै हुने गर्दथ्यो । त्रेतायुगमा यो स्थल वाल्मीकिको आश्रमस्थल तथा तपोभूमि बन्यो । लवकुशको बाल्यकाल यही भूमिमा वित्यो र सीताले आफ्नो सतीत्वमा लगाइएको लाञ्छनाप्रति विजय प्राप्त गरी यहींबाट धर्ती प्रवेश गरिन् । यसै गरी फेरि यो द्वापर युगमा तत्कालीन ऋषिमुनिहरूको आश्रमस्थल तथा तपोभूमि बन्यो । यसरी सत्ययुगदेखि पवित्र पावन बन्दै आएको देवघाट आजको युगमा पनि पवित्र नै रहेको छ । भनिन्छ देवघाट देवघट्ट शब्दको अपभ्रंश शब्द हो । यहाँ देवताहरूको तपस्या, सभा आदि सबै काम हुन्थ्यो । यसैले गर्दा अहिले पनि यो पवित्र पावन तीर्थ मात्र नभई देवमय स्थल बनेको छ । यही दैवी आभा र ईश्वरीय आभास पाएर कविशिरोमणि लेखनाथले आफ्नो माटो बिसाउन यही स्थल रोज्नुभयो । उहाँले काशी अथवा अन्य स्थान पनि रोज्न सक्नुहुन्थ्यो । तर उहाँको राष्ट्रप्रेम र यस स्थलको महिमाबोधको कारण यहीं आफ्नो चोला बदल्नुभयो । उहाँको शरीरका पञ्चतत्त्व यहीं विघटित भयो । कविशिरोमणि मात्र होइन युगकवि सिद्धिचरण श्रेष्ठ पनि देवघाटको विशालता र सुन्दरताबाट नलोभिई कहाँ रहनु ? कविवर श्रेष्ठ प्रथम दृष्टिमा नै यस स्थलको गूढ रहस्य स्वीकार्दछन्–

अपार संसार समुद्रपार
पुऱ्याउने नाउ यहाँ तयार
लिएर सेवा जप शील ध्यान
उतार्छ माझी बुझ तत्त्वज्ञान

अपार समुद्रपार पुऱ्याउने यो देवघाट हो । यहाँ बसेर सदाचारी जीवन व्यतीत गर्न सके निश्चय नै ब्रह्मलीन हुन सकिन्छ भन्ने धेरैको विश्वास छ । यही आशयले तत्त्वज्ञानी बन्न र परमपिताकहाँ सजिलै पुग्न सकिने आशले धेरै व्यक्ति यहाँ बसेका छन् । कतिपयले वानप्रस्थ यहीं रोजेका छन् ।

छोडी यतै खोर शरीर चट्ट
पऱ्हूँ भनी निर्मल आत्म तत्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अभ्यास यो खुर्कन एक-एक
छन् वानप्रस्थी यसमा अनेक

देवघाटको प्रवाहले सुन्न सक्ने र बुझ्न सक्नेलाई ईश्वरानुरागमा फर्क र जीवन पवित्र बनाऊ भन्ने सन्देश दिइरहेको छ । यहाँ गण्डकीको धार छ, वरिपरि वन छ, प्रकृतिको हरियाली छ, महिमामयी दिव्य धाम छ । जन्म-मरणको भावचक्रबाट मुक्त हुन खोज्नेका लागि मूल बाटो यहीं छ । केवल सुन्न सक्ने कान, देख्न सक्ने आँखा, गुन्न सक्ने मनको मात्र खाँचो छ । जसको हृदय पवित्र छ । जसले यो लोक र परलोकको भिन्नता बुझेको छ, उसलाई यहाँ पुग्दा आफ्नै घर पुगे जस्तो लाग्छ । यसैले कविवर श्रेष्ठलाई त्यहाँ पुग्दा आफ्नै घरको आसपास पुगेको अनुभव हुन्छ । जहाँ पुगे पनि जति रमणीय स्थल घुमफिर गरेपनि हाम्रो लक्ष्य घर पुग्नुहुन्छ । जहाँ पुगेर विश्राम गर्दा अपार आनन्द अनुभव हुन्छ, त्यही अनुभव यहाँ पुग्दा कविवर श्रेष्ठले बयान गरेका छन्–

आई पुगेझैं घर आसपास
सारा यहाँ वृक्ष लता र घाँस
सानन्द फेरेर सुवास श्वास
झल्काउने सत् सुखको प्रकाश

यहाँ पुगेपछि वास्तविक तत्त्वको ज्ञान हुन्छ, मूल्य, अमूल्य, रत्न, काँच र सीपी सबै चिन्न सकिन्छ । यो पुण्य धाममा पुग्नेबित्तिकै अनायासै मानव वृत्ति सात्विक बनेको अनुभव गर्नेहरू पनि प्रशस्त छन् । भनिन्छ यस्तो पुण्य धाममा प्रातः काल (स्वर्णकाल) मा स्नान गर्नेले परमपिताको अनुग्रह मनन गर्न सक्छ । देवलोकबाट निसृत दिव्यता पाउन सक्छ र हाम्रो मानसपटल खोल्ने काम पनि यसैबाट हुन्छ ।

आनन्द सौन्दर्य सिवाय अर्को
रहन्न केही जब खुल्छ बिर्को
बिर्को त्यही मानसको उघारी
यहाँ हुने चिन्मयको चिनारी

यो जीवनकालमा शरीर र जीवको घनिष्ठ संबन्ध हुन्छ । जीव परमपिताको अव्यय अंश हो । तर यस पृथ्वीमा रहन जीवलाई देह नभई हुँदैन । ब्रह्मबाट अलग्गिएर सहस्रौं देह हुँदै जीवले यात्रा गरिरहन्छ भन्ने हाम्रो पुराणादि ग्रन्थमा उल्लेख छ । त्यहीअनुरूप कविवर श्रेष्ठ पनि देवघाटको प्रवाहमा यसकै बिम्ब देख्छन् । जीवन छोटो छ, गण्डकीको प्रवाह पनि छोटो छ, तर जीवनको यात्रा लामो छ र हाम्रो सामान्य मस्तिष्कले यसलाई बुझ्न नसके जस्तै गण्डकीको प्रवाह छोटो देखौला तर यो कहिल्यै नटुङ्गिने छ । एउटा देहको अन्त्य हुँदैमा यसमा वास बस्ने जीवको यात्रा टुङ्गिन्न, शरीरै शरीर गर्दै चहार्दै आफ्नो अनन्त यात्रा सकेर मात्र अन्त्यमा ब्रह्ममा लीन हुन जान्छ ।

प्रवाह छोटो अति गण्डकीको
लामो छ यात्रा तर जिन्दगीको
टुङ्गिन्छ यो देह परन्तु यात्रा
टुङ्गिन्न है जानु छ फेरी टाढा

आफ्नो मानसको बिर्को उघार्ने प्रयास गर्नेलाई देवघाट अति महान् स्थल हो । अमर आत्मा कहिल्यै पनि विचलित नभई आफ्नो यात्रा जारी राख्दछ । निश्चय नै मृगमरीचिमा भुल्न खोज्ने देहले गर्दा केही कठिनाइ भोग्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ला, आफ्नो लक्ष्यमा पुग्न अनेक बाधाको सामना गर्नुपर्ला तर संगत र वातावरणले पनि मानिसलाई धेरै प्रभाव पार्ने हुनाले हामीले सकेसम्म राम्रो संगत र राम्रो परिवेश वातावरण पाउने प्रयास गर्नुपर्दछ । आत्मालाई चिन्न सक्नुपर्दछ । आत्मा अमर तत्त्व हो, अविनाशी छ, कहिल्यै केहीबाटै पनि यसको विनाश हुन सक्दैन र हुँदैन भन्ने सम्पूर्ण तत्त्वज्ञानीहरूको भनाइ छ ।

सुक्ने न डढ्ने न त काटिने नै
सड्ने न गल्ने न त मासिने नै
आत्मा छ यो शाश्वत पूर्ण सत्य
सम्पूर्णमा नित्य यही प्रदीप्त

युग कविको प्रस्तुत कविता पढ्दा अनेक व्यक्तिबाट देवघाटको महिमा सुन्दा मलाई पनि यस धाममा पुग्न रहर तीव्र भएको थियो । तँ चिता म पुऱ्याउँला भन्ने दैवी सम्मति अनुसार मैले पनि २०५५ सालतिर प्रथम पटक त्यहाँ पुग्ने सुअवसर पाएँ । त्यहाँको जल प्रवाह प्रकृतिश्री र वनश्रीको हरियाली सबै देख्दा मेरो मन अत्यन्त प्रफुल्लित भयो । त्यस वस्तीमा वृद्ध पिता छन्, ममतामयी आमा छन्, प्रकृति र ईश्वरप्रद शान्ति व्याप्त छ । त्यहाँको वातावरण अत्यन्त रमणीय छ तर त्यहाँ कल्पवास बसेका केही नरनारीहरूको जीवन शैलीले भने फेरि मलाई घचघच्याउन थाल्यो । मैले त्यहाँ पनि मृगमरीचिकाले लखेटेको पाएँ । तेरो र मेरोको भावले दुःख दिइरहेको देखें । मलाई लाग्यो यस्तो चित्तवृत्तिबाट मुक्त हुन कति गाह्रो हुँदो रहेछ । यसैले अन्त्यमा म देवघाट परियोजनाहरू समक्ष के निवेदन गर्न चाहन्छु भने यहाँको परमपितामयी दैवीय वातावरणमा हिरण्मय मृगले प्रवेश गर्न नपाओस् । जीवनभित्रको परम प्रदीप्त ज्योति साक्षात्कार गर्ने वातावरण अझ राम्रोसँग सिर्जना होस् । त्यहाँ प्रवेश गर्नेवित्तिकै मन दैवी प्रकाशले छाओस्, सत्यको अनुभूति गर्न सकियोस् । सर्वतोभावले समर्पण गरिएको आध्यात्मिक जीवन निर्वाह गर्न गुरु महात्माहरूको योगदान त्यहाँ पुगोस् । देवघाट सधैं देवघाट नै बनिरहोस् व्यापारकेन्द्र नबनोस् । हाम्रो वानप्रस्थ जीवन स्वीकार्न र त्यसलाई सबल बनाउन सक्ने बनोस् पार पुऱ्याउने सर्वशक्तिशाली माझी र अन्धकारबाट उज्यालोमा पुऱ्याउने दिव्य प्रकाशको दर्शन पाइयोस् । देवघाट पुण्यघाटमा कृत्रिमता फैलिएर जीवनलाई घना जङ्गलबीच प्रवेश गराएर हराउने स्थान नबनोस् । कविवर सिद्धिचरणको दिव्य पंक्ति सफल बनोस् भन्ने हामी सबै नेपालीहरूको, सम्पूर्ण मानवमात्रको आकाँक्षा छ ।

प्रारम्भ औ अन्त्य यहाँ छ एक
यहाँ उहाँ भन्ने कहाँ रहेछ
रहेछु मै माझ र छेउ टम्म
यै यादले आज छ झम्म-झम्म ।

सन्दर्भग्रन्थहरू–

१. कुहिरो र घाम (कविता संग्रह)–सिद्धिचरण श्रेष्ठ
२. देववाणी, वर्ष ४ अङ्क ४
३. कल्याण, संस्कृति विशेषाङ्क
४. कल्याण, शक्ति विशेषाङ्क
५. मानव धर्म र आस्था (कविता संग्रह), गोमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट

✍ धर्मराज थापा

प्यारो सुन्दर शान्त पावन थली देवघाटकै काखमा,
मेला चल्छ हरेक वर्ष मकरे संक्रान्तिको लाखमा ।
भेट्टिए कति कल्पवासी जनता झुप्रा र छाप्राभरि,
शास्त्री आश्रममा फुरेर कविता लेख्छु म यो सर्सरी ॥१॥
यौटा योगी थिए गलेश्वर बूढा त्यागी महात्मा भनौं,
मैले देख्तिनँ ती कहाँ गई लुके खोजौं कि थुम्को खनौं ?
द्यौताको जल भर्ने घाट भनुँ यो कृष्णा छ सङ्गम थली,
सप्तै गण्डकी बग्दछन् छलछली वेनी हुँदै कल्कली ॥२॥
वारिपारि रमाइलो छ, हरियो साल्घारीको जङ्गल,
मन्दिर, आश्रममा बजेर करताल गायन चल्यो मङ्गल ।
झिङ्गुरका सूरमा फुटेर भुमरी बग्दैछ गङ्गाजल,
शान्तिपूर्वक तीर्थवासी जतिले पापै पखाले तल ॥३॥
अम्बा, आरु, अनार, चम्सूरसँगै चम्पा, चमेली फूले,
जोगी जोगिनीले भुसुक्क घरको माया र छायाँ भूले !
मायालाई भुलिन्छ भन्नु कसरी यो जाल-जन्जालको,
भुर्-भुर् प्राण चरी उडेर नगए छोडिन्न संसार यो ॥४॥
माया बन्धनमा परेर कतिले ज्यानै गुमाई दिए,
नाना झन्झटमा फसेर कतिले ज्ञानै डुबाई दिए !
थोपा जल्कण पातमाथि ढलमल् झल्केर नै खस्तछ,
जान्नु जीवन प्राणकी वनचरी स्वर्गै गुफा पस्तछ ॥५॥
ल्याए पानी बटुक छात्रहरूले घैला भरी साँझमा,
विद्योपार्जन गर्दछन् ऋषि-मुनि सत्सङ्गको माझमा ।
बाबाले संस्कृतै पढून् भनिकनै वैदिक वेदद्ध्वनि,
भन्दै वेद-वेदाङ्ग स्कूल खुल्यो तेइस सालमा पनि ॥६॥
अल्लीपल्तिर सालघारी वनमा राजा मुकुन्देश्वर,
कालो चक्र शिला बनेर जनले पुज्दै गरेको छ र–
माझीले जब जाल फ्याँक्छ जलमा त्यो चक्र बल्झ्यो अरे,
माझी थरथर कंप भैकन उठ्यो देखेर छक्कै परे ॥७॥
ल्याए बोकी उचाली माझीहरूले त्यो चक्र पल्टिरह्यो,
धेरै वर्ष तेसै पतिङ्गर धूलोभित्रै झझल्की रह्यो !
सीताराम, वशिष्टका तप-गुफा ओडारमा देखिए,
द्यौचूली-वनमा बसेर ऋषिका धेरै कथा लेखिए ॥८॥
"मीठो लाग्छ मलाई ता प्रिय कथा प्राचीन संसारको",
प्यारो लाग्छ मलाई ता यस धरा जीवन छ एक्वारको ।
प्रेतै भै अझ प्रेम गर्न म सकौं आफ्नै धरा-धामको,
गाई कीर्तन यो कलीयुगभरि श्रीकृष्ण श्रीरामको ॥९॥

- साभारः मधुपर्क २०४४, वैशाख, वर्ष १९, अङ्क १२, पूर्णाङ्क २१५

ॐ के तपाईंको केश झर्दैछ ! चाया निकै छ !!
नआत्तिनुहोस् । हाम्रो उत्पादनहरूले केशसम्बन्धी सबैजसो समस्याहरू निराकरण गर्दछन्
उपचारका फाइदाहरू–
–केश झर्न रोक्ने, –नयाँ केश उमार्ने, –खोइरो हुनबाट बचाउने, –सेतो कपाल हुनबाट बचाउने,
–चायाँ हटाउने (जस्तोसुकै) –केशलाई मुलायम र स्वस्थ बनाइराख्ने
–कुनै साइड इफेक्ट नभएको
खुल्ने समयः दिउँसो १२ बजे, बेलुकी ६ बजे
विशेष जानकारीको लागि
हिमालयन हेयर केयर सेन्टर पोष्ट बक्स नं. १०२६१, फोन ४२२९६६३, बाङ्गेमुढा, काठमाडौं नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समुन्नत तीर्थस्थल देवघाट धाम

✍ व्यासाचार्य किशोरकुमार गौतम

नेपालमा धेरै प्राचीन तीर्थस्थलहरू छन् । नेपाल तीर्थस्थलहरूले सजिएको भूमि हो । जुन भूमिको महत्त्व पुराणादि अनेक धार्मिक ऐतिहासिक ग्रन्थहरूमा पाइन्छ । नेपालका तीर्थस्थलहरूको चर्चा गर्दा देवघाट धामको प्रसङ्गलाई उल्लेख गर्नु अनिवार्य हुन आउँछ । शास्त्रीय आधारमा देवघाट धामको महत्त्व पनि कम छैन । वर्तमान अवस्थामा जे-जस्तो देवघाट धाममा छ यसमा केही तपस्वी, सिद्ध साधक, सन्त-महात्माहरूको अथक सत्प्रयास र ठूलो लगानी र परिश्रमले गर्दा नै आज नेपालका अन्य तीर्थहरूको तुलनामा देवघाट धाम एउटा उदाहरणीय तीर्थस्थलका रूपमा देख्न सकिन्छ । यो कुनै सरकारी सहयोगमा विकास निर्माण भएको होइन । यो त सन्तहरूको झोलीको भिक्षाले मात्र भएको हो । तीर्थस्थलहरूमा हुनुपर्ने सबै प्रकारका गुण, सुविधा र विशेषता देवघाट धाममा विद्यमान छन् । देवघाट धाममा पाइने विशेष गुण, सुविधा र विशेषतालाई यसरी भन्न सकिन्छ । तीर्थस्थलमा पवित्र नदीजलद्वारा स्नानको सौभाग्य, सत्पात्रहरूमा दान, आध्यात्मिक ब्रह्मविद्याविषयक सत्सङ्ग, सुविधासम्पन्न आविस, सात्त्विक भोजन, वैदिक वाङ्मयको अध्ययनाध्यापन, सर्वदेवदर्शन, यज्ञकुण्ड मण्डप, प्रदूषणमुक्त स्वच्छ हावापानी, तीर्थस्थलको लागि उपयुक्त भौगोलिक प्राकृतिक वातावरण, गौ र ब्राह्मण र साधुजनहरूको अमोघ दर्शन आदि । यी सबै कुराहरू मिलेको नेपालका अरू तीर्थस्थलहरूमा कम पाइन्छ । यस कारणले गर्दा आध्यात्मिक वैदिक शिक्षा र भौतिक दृष्टिले समुन्नत छ देवघाट धाम ।

आध्यात्मिक दृष्टिले देवघाट तीर्थस्थलको महत्त्व के-कस्तो छ भन्ने सन्दर्भमा गण्डकी, त्रिशूली, शालग्रामशिला र देवघट्ट आदिको वर्णन महिमामाहात्म्य पौराणिक, ऐतिहासिक ग्रन्थहरूदेखि आजसम्मका अनेक लेख-रचनाहरूमा प्रशस्त वर्णन भएको पाइन्छ तापनि अझ अनुसन्धानात्मक लेख र ग्रन्थहरू आउन भने बाँकी नै देखिन्छ । शैक्षिक दृष्टिले भन्नुपर्दा एउटा देवघाट धामभित्र चारवटा वैदिक विद्यालयहरू विधिवत् रूपमा सञ्चालित हुनु सबैका लागि गौरवको विषय बन्नगएको छ ।

नेपालमा हाल पचपन्न वटा गुरुकुलहरू हाल सञ्चालित छन् । यी वैदिक विद्यालयहरूलाई श्री ५ को सरकारको तर्फबाट कुनै प्रकारको आर्थिक सहयोग मिल्दैन । केवल वैदिक शिक्षा प्रेमीहरूको सहयोगले मात्र यिनीहरू चलेका छन् । अञ्चलको दृष्टिले भन्नुपर्दा मेची अञ्चलमा मात्र ११ वटा गुरुकुलहरू छन् र जिल्लाको दृष्टिले झापामा मात्र ९ वटा वैदिक गुरुकुलहरू सञ्चालित छन् । झापामा भएका गुरुकुलहरूको नाम यस प्रकार छ–

१. श्री साङ्गवेद संस्कृत विद्यालय चारपाने ३, विवेकाश्रम झापा ।
२. श्री साङ्गवेद विद्यालय खुदुनावारी १, साघुटार ।
३. श्री अर्जुनधार संस्कृत विद्यालय, झापा ।
४. श्री ॐकारेश्वर विद्यालय गोल्धाप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

५. श्री लक्ष्मीनारायण विद्यालय माईघाट ।
६. श्री माधव संस्कृत विद्यालय सौरेडागी चारआली ।
७. गायत्री वैदिक विद्यालय कन्काई धाम ।
८. श्री पशुपति संस्कृत विद्यालय दमक ।
९. श्री सिद्धेश्वर वैदिक विद्यालय लखनपुर ।

देवघाटको प्रसङ्ग उल्लेख गर्दा देवघाटको भौतिक पक्षलाई पनि लिनु आवश्यक छ । भौतिक दृष्टिले पनि देवघाट धाम अत्यन्त सजिएको देखिन्छ । आवश्यक भवन, धर्मशाला, छात्रावास, सत्सङ्ग भवन, अत्यन्त सुन्दर मन्दिरहरू, विद्यालय भवन, गौशाला आदि आवश्यकताअनुसार निर्माण भएका छन् । पानी-बत्तीको पनि सामान्य व्यवस्था छ तर पर्याप्त हुन भने सकेको छैन । देवघाट धाम तीर्थस्थलको विकास निर्माणमा चौतर्फी योगदान पुऱ्याउनुहुने धेरै व्यक्तिहरू हुनुहुन्छ । यो लघुलेखमा सबैको नाम समेट्न संभव नहोला । ती व्यक्तिहरूमध्ये विशेष रूपले उल्लेख्य योगदान पुऱ्याउनुहुने केही तपस्वी साधक सन्तमहात्माहरू हुनुहुन्छ– ब्रह्मलीन परमपूज्य गलेश्वर बाबा, ब्रह्मलीन योगी नरहरिनाथज्यू, दण्डीस्वामी ब्रह्मलीन आशुतोषानन्दज्यू, परमपूज्य स्वामी ब्रह्मलीन परमानन्द सरस्वतीज्यू, ब्रह्मलीन अघोरी बाबा, परमपदप्राप्त स्वामी जनार्दन आचार्य, परमपूज्य श्री १००८ स्वामी सत्यप्रकाशानन्द सरस्वतीज्यू परमपूज्य सन्तशिरोमणि सम्माननीय स्वामी डा. रामानन्द गिरिज्यू, परमहंस शिरोमणि स्वामी आत्मानन्द गिरिज्यू, परमपूज्य डिल्लीराम बाबा, परमपूज्य स्वामी रामानन्द सरस्वतीसहित धेरै स्वामीज्यूहरूको योगदान र भक्तजनहरूको सहयोगमा देवघाट धामको विकास भएको छ । देवघाट धामबाट प्रेरणा लिई अन्य तीर्थस्थलहरूको पनि चौतर्फी विकास गर्न सके विश्वमा राष्ट्रको गरिमा बढ्न सक्छ ।

विश्वको एक मात्र हिन्दु अधिराज्य नेपालको पहिचान भन्नु नै हाम्रा तीर्थस्थलहरू हुन् । हाम्रो देश र नेपालीहरूको पहिचान तीर्थस्थलहरूबाट हुने भएकाले गर्दा तीर्थस्थलहरूलाई स्वच्छ सुन्दर बनाउनु हामी सबैको कर्तव्य हो । आज देवघाट धाम तीर्थस्थल नेपाल राष्ट्रको एउटा सुन्दर आभूषण बन्न पुगेको छ र सनातन धर्मानुयायीहरूको लागि ठूलो तीर्थस्थल बनेको छ । देवघाट तीर्थस्थलले अब मानिसहरूलाई अज्ञानताबाट ज्ञानतर्फ, अँध्यारोबाट उज्यालोतर्फ, मृत्युबाट अमरत्वतर्फ, भौतिकताबाट अध्यात्मतर्फ, देहभावबाट आत्मभावतर्फ, संसारबाट परमात्मातर्फ, बहिर्मुखी प्रवृत्तिबाट अन्तर्मुखी प्रवृत्तितर्फ लाग्नमा सबैलाई सहयोग गरोस् । अब यस कार्यका लागि देवघाट धाम सफल पनि भइसकेको छ । वस्तु तयार छ हामी सबै पात्र बनौं ।

शिक्षा दिवस २०६० को उपलक्ष्यमा सम्पूर्ण शिक्षक, शिक्षिका, अभिभावक, विद्यार्थी भाइबहिनीहरू तथा हाम्रा शुभचिन्तकहरूलाई सुख, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

NOBEL ACADEMY
KNOWLEDGE IS POWER

नोबेल एकेडेमी

उच्च माध्यमिक विद्यालय परिवार, नयाँबानेश्वर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटस्थित ॐ शान्ति मैयादेवी ट्रष्ट एक परिचय

✍ टंक पौडेल

वि. सं. २०१७ सालदेखि देवघाटमा रहँदैआउनुभएकी सुश्री मैयादेवी श्रेष्ठज्यूले धार्मिक, पुरातात्त्विक दृष्टिकोणले महत्त्वपूर्ण देवघाट धाममा श्री पशुपतिनाथको मन्दिर, सीतागुफा, वसिष्ठ गुफा, दुर्गा गुफालगायतका मन्दिर निर्माण गरी हिन्दुधर्मको उत्थानको लागि महत्त्वपूर्ण योगदान गर्नुभएको कुरा सर्वविदितै छ ।

उहाँ जमिन्दारको छोरी भएर पनि यस धार्मिक स्थलमा अवस्थित वसिष्ठ गुफामा ३ वर्षसम्म अनवरत रूपमा तपस्या-ध्यान गरी बस्नुभयो । देवघाटका विषयमा सोध्दा उहाँ भन्नुहुन्छ– "देवघाट साँच्चिकै सत्यधाम हो, यो कुरा मैले गुफामा बस्दा अनुभव गरेँ । राति ९ बजेतिर सीतागुफाबाट डमरु बजेको आवाज आउँथ्यो म विहान २ बजे नारायणी वेनी सङ्गममा स्नान गर्न जाँदा सङ्गम (सूर्यकुण्ड)मा ज्वाला प्रकट हुन्थ्यो र त्यसको घरजस्तो आकार धारण गर्थ्यो । गलेश्वर बाबाको आदेशानुसार म एक दिन राति १२ बजेसम्म ठूलो भीमसेन ढुङ्गामा जप गरेर बसेँ । त्यो रात पूर्णिमाको रात थियो । बाबाले भन्नुभएको थियो– १२ बजे राति तिमीले सङ्गमतिर फर्केर हेर्नू सप्तर्षिको दर्शन पाउँछ्यौ । उहाँले भन्नुभएजस्तै १२ बजे सङ्गमतिर हेर्दा मैले सातवटा ज्वाला काली गण्डकी तर्फबाट आई वेनीलाई सातपटक परिक्रमा गरेको देखेँ । पछि मैले यो कुरा गलेश्वर बाबालाई भन्दा उहाँले भन्नुभयो– तिमीले सप्तर्षिको दर्शन पायौ, तिमी मुक्त हुन्छ्यौ । बाबाले मलाई भन्नेगर्नुहुन्थ्यो- देवघाट धाम देवताहरूकै धाम हो त्यसकारण यस तीर्थभूमिलाई नछोड्नू । त्यसैले मैले त्यही धाममा बस्ने सानो कुटी बनाई २०४८ सालसम्म अधिकांश समय यहीँ व्यतीत गरेँ ।"

"सेवा हि परमो धर्मः" यो मूल मन्त्रलाई आत्मसात् गरी वि. सं. २००३ सालदेखि सेवा भावनाले अभिप्रेरित भई दीनदु:खीहरूको सेवा गर्दै समाजमा उहाँ अगाडि बढ्नुभयो । यसै क्रममा उहाँ नेपाली काँग्रेस पार्टीको सदस्यता लिएर वी. पी. कोइराला, गणेशमान, सुवर्णशमशेर, कृष्णप्रसाद भट्टराईका समीपरमा रहेर नेपाली काँग्रेसको आदर्श र सिद्धान्तका बारेमा समेत उहाँले ज्ञान आर्जन गर्नुभयो । नेपाली काँग्रेस पार्टीको काम गरे पनि उहाँले धार्मिक, आध्यात्मिक सामाजिक क्षेत्रमा बराबर योगदान गर्नुभएको छ । उहाँ दीन-दु:खीहरूलाई सेवा गर्ने कार्यमा राजनीतिक पूर्वाग्रही नभई मनुष्य जीवन पाएपछि सेवा नै गर्नुपर्छ भन्ने भावना सधैँ व्यक्त गरिरहनुहुन्थ्यो

उहाँले समाज सेवामा करोडौँ रूपैयाँ खर्च गर्नुभएको छ तर देखिने कार्य त्यति धेरै नभएकोले मैले मुमासँग यी विषयमा कुराकानी गर्दा उहाँ भन्नुहुन्छ– ठीकै छ, आफूले सक्ने कार्य समाजमा गर्ने हो, देखावटी चीज चाहिँदैन समाजले एक दिन अवश्य मूल्याङ्कन गर्छ ।

हामी प्रेम दाइ, भगवान् दाइ, सिद्ध दाइ, हरि दाइ, ऋषिराम दाइ र म बसेर एक पटक छलफल गर्यौ मुमाले २०१७ सालदेखि देवघाट क्षेत्रमा बसी समाजसेवाका धेरै कार्य गर्नुभएको छ । त्यसैले उहाँले गर्नुभएको योगदानलाई बचाइराख्नको लागि उहाँले यस स्थानमा भोगचलन गर्नुभएको जमिन, घर आदिको सदुपयोग गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उहाँकै नाममा ॐ शान्ति मैयादेवी ट्रष्ट सेवा संस्था दर्ता गरौँ र समाजमा गर्न सकिने सेवामूलक कार्य गरौँ । यस कुरामा सबैको एकमत भयो र मुमाको पनि सहमति भयो । त्यसपछि २०५४।६।१९ गते जि. प्र. का. तनहुँ दमौलीमा विधिवत् रूपमा ट्रष्ट दर्ता गरियो । उहाँले यस पुण्यस्थलमा निर्माण गर्नुभएको तीनतले पक्की भवन र यस वरिपरि रहेको लगभग १० रोपनी जग्गा समेत ट्रष्टको सम्पत्तिको रूपमा रहेको छ ।

यस संस्थाका मुख्य उद्देश्य निम्नानुसार रहेका छन्–

१. वसिष्ठ गुफा एवं ऋषिको मूर्ति, सीता गुफाको संरक्षण गर्ने ।

२. पशुपतिनाथको मन्दिर जीर्णोद्धार गर्ने, भगवती देवीको मूर्ति निर्माण गरी पूजा-आजा सञ्चालन गर्ने ।

३. यस क्षेत्रमा रहेका धार्मिक पुरातात्त्विक एवं सांस्कृतिक महत्त्व राख्ने मठ-मन्दिर एवं धर्मशालाको संरक्षण गर्ने ।

४. देवघाट धामलाई परिचित गराउन सक्दो सहयोग गर्ने ।

५. यस धार्मिक क्षेत्रमा धुम्रपान, मद्यपान, मादक पदार्थ सेवन नगर्न जनचेतना जगाउने । आदि ।

त्यस्तै उहाँले आफू महिला भएर जन्मेको हुँदा समाजमा महिलाको लागि केही गर्नुपर्छ भन्ने दृढ प्रतिज्ञा गरी चितवन भरतपुरमा मैयादेवी कन्या कलेजको निर्माण एवं स्थापना गर्नुभएको छ । त्यस कलेजको भवन हेर्दा एकजना व्यक्तिले आफ्नो पैत्रिक सम्पत्ति बेचेर सोही पैसा खर्च गरी यस्तो कार्य गरेको देख्दा धेरैलाई अचम्म र खुशी लाग्छ । अहिले सो कलेजमा लगभग ८०० जना छात्राहरूले अध्ययन गरिरहेका छन् । त्यहाँ आवश्यक पर्ने सम्पूर्ण भौतिक सामग्री उहाँबाट नै प्रदान गरिएको छ । सो कलेजको स्थापनामा लगभग एक करोड रूपैयाँ खर्च गरिएको छ । सो लगानी पछि क्याम्पसले फिर्ता गर्नुपर्दैन । उहाँ कन्या क्याम्पसमा अध्ययन गर्ने छात्रा बहिनीहरू योग्य सुशील सच्चरित्रवती विदुषीका रूपमा समाजमा प्रतिष्ठापित भएको हेर्न मात्र चाहनुहुन्छ । क्याम्पसको सञ्चालक समितिले पनि उहाँ (संरक्षक)को भावनालाई कदर गरी कार्य गरिरहेको छ ।

बिना औषधि रोगहरूको उपचार, ग्यारेन्टीका साथ !

शारीरिक र मानसिक समस्या तथा आध्यात्मिक अज्ञानताबाट मुक्ति तथा आनन्द र सफलता प्राप्तिको लागि ध्यान-योग सिकौं

कुनै पनि मानसिक वा शारीरिक समस्या जस्तै- तनाव, अशान्ति, डिप्रेशन, निराशा, घबराहट, उच्च र निम्न रक्तचाप, मोटापा, मुटु, दम, साइटिका, लम्बाइ बढाउन, छालाको रोग मधुमेह, पाचन क्रियामा कमी, जोर्नी, टाउको कम्मर र ढाड दुख्ने, दुर्व्यसनसँग मुक्ति तथा मासिक धर्मसम्बन्धी समस्याको उपचारको लागि साथै स्मरणशक्ति, धैर्य, आत्मविश्वास र मानसिक क्षमतावृद्धिको लागि तथा चिना र हात देखाउनको लागि सम्पर्क गरौं।

उपचार विधिहरू (Kinds of Therapy)

१. ध्यान-योग २. संगीत उपचार ३. एरोविक्स (लो इम्पैक्ट) ४. काउन्सेलिङ् ५. चिना र हात देखाउने ६ वास्तु सल्लाह

Swami Acharya Shree Dhruv

Counsellor, Motivator & Astrologer

Universal Spiritual Centre

Head Office:

Putalisadak, Kathmandu, Nepal

Phone: 223118, Fax: 977-1-248414

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनातन धर्ममा जलतीर्थको महत्त्व र देवघाट

✍ चेतोनाथ शर्मा आचार्य

हरेक धर्म-सम्प्रदायका नीति-नियम र अनुष्ठानहरू आ-आफ्नो रूपमा प्रसिद्ध छन् । जो सम्बद्ध ग्रन्थ त्यस सम्प्रदायका विशिष्ट व्याख्याताद्वारा निर्धारित देखिन्छन् । वैदिक या सनातन धर्मसंस्कृतिमा अन्य धर्म संस्कृतिसँग मेल नखाने धेरै कुरा छन् । जसको टड्कारो उदाहरण हो मूर्तिपूजाको मान्यता । त्यस्तै अर्को उदाहरण हो जलतीर्थको महत्त्व । अन्य धर्ममा जललाई तीर्थ मान्ने र उपासना आराधनामा जलको प्रयोग चलन देखिँदैन । तर वैदिक धर्म-संस्कृतिमा चाहिँ जलको प्रयोग धेरै मात्रामा गर्ने चलन देखिन्छ । शिवपूजा शालिग्राम शिलापूजा र अन्य देव-देवीको शिला एवं धातुनिर्मित मूर्तिको स्नान जलद्वारा नै गरिन्छ । कुनै पनि पूजा गर्दा अर्घ्य र कलशमा जलको प्रयोग गरिन्छ । देवपूजनजस्तै पितृपूजन, तर्पण र पिण्डदानमा पनि जलको प्रयोग गरिन्छ । कुशका ब्राह्मणलाई हस्तार्घ र पादार्घ जललें नै गरिन्छ । वैदिक संस्कृतिमा स्नानलाई शुद्धीकरणको रूपमा मात्र नलिएर धर्मको रूपमा पनि लिइन्छ । त्यसैले भनिएको छ–

धर्मः स्वर्गादिसाधनम्, गङ्गास्नानादियागादिव्यापारः परिकीर्तितः ॥

अर्थात्, स्वर्ग आदि उत्तम लोकको प्राप्तिमा धर्मसाधन हुन्छ र त्यस्तो धर्म पर्व विशेषमा गरिएको कोसी गण्डकी, गङ्गा, आदि नदीमा स्नान गरेर प्राप्त गर्न सकिन्छ । बेलामौकामा गरिने पुण्य कृत्य पनि अन्यत्र गरेभन्दा पवित्र नदीको सङ्गम अथवा तीरमा गरेको बढी फलदायी मानिएको छ । यसै वस्तुस्थितिलाई दृष्टिगत गर्दा भारतका मौर्य वंशका राजाहरू प्रयागमा आई ठूला-ठूला पुण्यकर्म गर्दथे भन्ने कुरा त्यहाँ स्थापित शिलापत्रहरूले स्पष्ट पार्दछन् ।

यी कुराहरूबाट वैदिक संस्कृतिमा जलको प्रयोग कति विस्तृत रूपमा गरिँदोरहेछ भन्ने कुरा थाहा हुन्छ । अब जुनसुकै जलको प्रयोग उस्तै हो कि त्यसमा केही फरकपन पनि छ भन्ने सम्बन्धमा पनि छोटो चर्चा गरौं । सामान्य दृष्टिले जुनसुकै पानी पानीको रूपमा उस्तै भए पनि गुण एवं मान्यताको परीक्षणबाट पानीको स्वरूप अलग-अलग मानिएको छ । प्रवाहको रूपले बग्ने नदीको पानी र पोखरीको पानीको गुण फरक हुन्छ । त्यसैले हीमनदीहरूको पानीको छुट्टै गुण र महत्त्व रहेको हुन्छ ।

नेपालको लगभग मध्यभागमा पर्ने देवघाट धाम पनि एउटा महत्त्वपूर्ण जलतीर्थको रूपमा प्रसिद्ध छ । यस तीर्थको महत्त्वका सन्दर्भमा पौराणिक एवं ऐतिहासिक आधारहरू थुप्रै छन् । संक्षिप्त रूपमा नेपालको उल्लेख अन्य पुराणहरूमा पनि पाइए पनि वराहपुराण र हिमवत्खण्डमा नेपालको विशद चर्चा भएको छ ।

वराह पुराणमा उल्लेख भएका विषयवस्तु दश अवतारमध्ये तेस्रो अवतार वराह र उनीद्वारा उद्धार गरिएको पृथ्वीको संवादबाट नेपालका विभिन्न भागहरू प्रकाशमा आएका छन् । नेपालका प्रसिद्ध तीर्थहरूको वर्णन सुन्ने र जानकारी लिने क्रममा पृथ्वीले सोधेपछि वराहबाट आज्ञा भयो– वसुधे शालग्राम नदीको सङ्गमस्थलमा देवघाट नामको तीर्थ छ । यो तीर्थ देवमाता अदितीको प्रार्थनाले मैले वामन अवतार धारण गरी बलिसित तीन पाउ पृथ्वी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मागेपछि दुइटा पाउद्वारा भूतलदेखि अन्तरिक्षलोकसम्म ढाकिदिएँ । तेस्रो पाउको लागि ठाउँ माग्दा अरू केही नपाएर आफ्नै शिर उनले अर्पण गरे । त्यसपछि यहाँ आएर पाउ राख्दा धसिएर यो ताल बन्यो ।

तत्र देवह्रदं नाम मम क्षेत्रं वसुन्धरे ।
यत्र क्रान्तासि मे भूमे बलेर्यज्ञविनाशनात् ॥

जुन देवह्रद नामले प्रसिद्ध भयो यस अगाडिको श्लोकमा यसको महत्ता बताउँदै भनिएको छ– अगाध रूपमा रहेको यस ह्रदमा जो व्यक्ति स्नान गर्दछ त्यस्ता भक्तलाई भगवान् मनोवाञ्छित फल दिनुहुन्छ । हुन पनि यो ह्रद शीतल अनि आनन्दप्रद छ ।

स ह्रदो वरदः श्रेष्ठो मनोज्ञः सुखशीतलः ।
अगाधः सुखदश्चापि देवानामपि दुर्लभः ॥

यस भनाइबाट अहिले विद्यमान देवघाटको स्थिति र यसको पूर्ववर्ती स्वरूपमा निकै भिन्नता भएको बुझिन्छ । स्रोतरूपले बग्ने नदीले आफ्नो छेउछाउको जमिनलाई बिस्तारै बिस्तारै काट्दैजाने हुन्छ र पछि गएर त्यस स्थानको भौगोलिक रूप नै बदलिन्छ ।

पश्चिमी भेगबाट बग्दै आएकी कालीगण्डकी र उत्तरी भेगबाट बग्दै आएकी त्रिशूली देवघाट स्थानमा जति गहिरिएर बगेका छन् पहिले त्यस्तो अवश्य थिएन । समतल जमिनभन्दा केही तलबाट बग्दै गएका यी स्रोत सङ्गम स्थलमा पुग्दा निकै गहिरो ह्रदरूपमा परिणत भएकोले होला यसलाई अगाध ह्रदको रूपमा उल्लेख गरिएको ।

यस ह्रदमा हुने माछाहरू चक्र चिह्नित हुन्छन् भन्ने कुरा बताइएको छ । त्यति मात्र नभई वराहबाट के पनि उल्लेख भएको छ भने सूर्योदयको बेला त्यहाँ धार्मिक व्यक्तिले सुनौलो कमल फुलेको पनि देख्नेछन् ।

देवघाटक्षेत्र र यहाँ मिल्ने त्रिशूली र कालीगण्डकीसित शिव र विष्णुको सम्बन्ध घनिष्टरूपमा गाँसिएको छ । त्रिशूलीको मूल स्रोत नीलकण्ठह्रद या गोसाईंकुण्ड हो । यसको उत्पत्तिमा शिवले विषपान गरेपछिको कथासँग जोडिएको छ । समुद्र मन्थन गर्दा निस्केको कालकूट विषले संसार दग्ध हुन आँट्यो । त्यसपछि देव र दानवहरूले शिवको प्रार्थना गर्न थाले । शिवले सबैको रक्षार्थ त्यो विषपान गर्नुभयो र शिवलाई त्यो विषले ज्यादै पोल्नथाल्यो । अनि छट्पटाएर शिव उत्तराखण्डको हिमाली क्षेत्रमा पुग्नुभयो । आफ्नो हातमा भएको त्रिशूल त्यहाँको भूमिमा गाड्दा त्यहाँबाट पानीको मूल फुट्यो । पानी जमेर एउटा सुन्दर पोखरी बन्यो । त्यहीँ शयन गरेपछि शिवलाई विषले पोल्न छाड्यो । गोसाईंकुण्डको पश्चिमोत्तर भागमा अहिले पनि त्रिशूलको चिह्न देखिन्छ । शिवको प्रमुख हतियार त्रिशूलसित सम्बन्ध जोडिएको त्रिशूली सप्तगण्डकीको प्रमुख स्रोतमध्ये एक हो ।

महादेवजटाजूटान्नीलकण्ठाच्छिवालयात् ।
त्रिशूलगङ्गेत्याख्याता सापि तत्र महानदी ॥

मुक्तिक्षेत्रको दामोदर कुण्ड र त्यसलाई मूल स्रोत बनाई बग्ने काली गण्डकीसित विष्णुको संबन्ध रहेको कुरा प्रसिद्ध छ । त्यस क्षेत्रमा आई विष्णु भगवान्ले तपस्या गरेका थिए र उनको गण्डस्थल रसाएर कालीगण्डकी पैदा भएकी हुन् भन्ने पौराणिक आख्यान छ । गण्डस्थलबाट पैदा भएको हुनाले गण्डकी भनिएको हो । विष्णुको शरीर नील वर्णको भएकोले गण्डकीको स्वरूप पनि नीलो वर्णको भएको हो भनिन्छ । कालीगण्डकीमा पाइने शालिग्रामलाई विष्णुको स्वरूप मानिन्छ । शालिग्रामलाई हिरण्यगर्भ, लक्ष्मीनारायण, त्रिविक्रम आदि नामले पनि पुकारिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शालिग्रामको ठूलो महत्त्व छ । त्यस महत्त्वलाई नबुझेर त्यहाँको प्रकृतिको उपजलाई जोकोहीले इच्छानुसार उठाउन पाउने हुनु त्यसमा केही बन्देज नलाग्नु नराम्रो कुरा हो । व्यापारीहरूले त्यसको बिक्री निकासा गरी अर्थार्जन गर्नु र सरकारले यससम्बन्धमा चासै नदेखाउनु उचित होइन । सरकारी स्तरबाटै यस संबन्धमा सोचिनुपर्छ ।

मुक्तिनाथ विष्णुक्षेत्र भएको हुनाले त्यहाँ जतातते देखिने बौद्ध ध्वजाहरूले पनि त्यस ठाउँको ऐतिहासिक पौराणिक महत्त्वलाई घटाइरहेका छन् । मन्दिर व्यवस्थापनमा पनि निकै त्रुटिहरू छन् । ती कुराहरूलाई हामीले सोच्नुपर्छ । हिन्दू धर्मावलम्बीहरूका लागि पशुपतिनाथपछिको महत्त्वपूर्ण तीर्थ मुक्तिक्षेत्र हो । त्यहाँ पुग्ने उनीहरूले मन्दिर वरिपरि आशा गरेअनुरूप दृश्य देख्न पाउँदैनन् । जे नामले प्रसिद्ध पीठ छ त्यहाँ त्यसै अनुसारको क्रियाकलाप हुनु र देखिनु स्वाभाविक ठहर्छ ।

काली गण्डकीको तीरमा पर्ने कागवेनी, गलेश्वर, केलादी, रामदी, रिडी जस्ता क्षेत्रविशेषले पनि आफ्नो रूपमा प्रसिद्धि पाएका छन् । काली गण्डकी योजनाले यसै नदीको जलबाट नेपाललाई झलमल्ल पार्ने लक्ष्य लिएको छ ।

सप्तगण्डकीका सबैजसो प्रवाह हिमाली क्षेत्रलाई आफ्नो मूल उत्पत्तिस्थान बनाएर प्रवाहित भएका छन् त्यसैले हिउँद होस् वा वर्षा यिनको प्रवाह कहिल्यै पनि रोकिएको हुँदैन । वैशाख जस्तो गर्मीको बेलामा सबैले हिउँ पग्लेर आएको चीसो पानीले सम्पूर्ण प्राणीहरूलाई जीवन प्रदान गरिरहेको हुन्छ ।

उत्तरी भेगबाट बग्दै आएको त्रिशूली आदि छ गण्डकी र पश्चिमोत्तरबाट बग्दैआएकी काली गण्डकीको सङ्गमस्थल देवघाट अत्यन्तै सुन्दर स्थल हो । देवानामटनाच्चैव देवाट इति संज्ञितम् । अर्थात् देवताको आगमन र अटन भइरहने हुँदा यस स्थानको नाम देवाट भएको र पछि देवघाट रहेको भन्ने बुझिन्छ ।

देवघाटमा जुनसुकै महिना वा दिनमा नुहाए पनि पुण्य प्राप्त हुन्छ । तर पनि वैशाख मास र माघ मासमा नुहाउँदा विशेष फलप्राप्ति हुन्छ भन्ने मानिन्छ । वैशाख महिनामा यहाँ स्नान गर्नाले हजार गाई दान दिएको फल पाइन्छ भनिन्छ । मकर राशिमा सूर्य हुने माघ महिनामा प्रयागमा कल्पवास बसी स्नान गर्नु अत्युत्तम कृत्य मानिन्छ त्यस महिनामा प्रयागमा स्नान गर्दा मिल्ने जुन फल छ त्यो देवघाटमा स्नान गर्दा पनि मिल्दछ । यसकारण यस तीर्थलाई प्रयागसरह नै मान्यता दिइएको पाइन्छ । देवघाटमा लाग्ने मेलामा मकर संक्रान्तिको मेला प्रसिद्ध छ ।

कुनै पनि स्थानलाई पवित्र पार्ने र राख्ने काम त्यस ठाउँको भौगोलिक अवस्थिति, त्यहाँका देवस्थलहरू र त्यहाँ साधनामा रत साधुसन्तले गर्दछन् । चितवन, तनहुँ र नवलपरासी तीन जिल्ला जोडिएको यस स्थानमा काली र त्रिशूलीको मिलन र हरियो जङ्गलले प्राकृतिक र भौगोलिक सुन्दरता दिएका छन् । सय वर्ष पहिलासम्म यो स्थल जङ्गलले ढाकिएको दुर्गम स्थल भएर रहेको थियो । केही समय यता आएर साधक, महात्मा एवं सन्तहरूको साधनास्थलको रूपमा यो स्थान प्रसिद्ध छ । सन्तहरू एवं भक्तहरूको प्रयासबाट बन्दैगएका देवमन्दिर एवं मूर्तिहरूले यो क्षेत्र भरिँदैगएको छ । तनहुँ जिल्लापट्टिको भागमा गलेश्वर आश्रम, हरिहर आश्रम र महेश सन्न्यास आश्रमले यस स्थानको शोभा बढाएका छन् । प्राचीन गुरुकुलपद्धतिको शिक्षापद्धतिलाई जीवन्त राख्ने प्रयास यी आश्रमहरूले गरेका छन् ।

जागिरबाट अवकाश पाएका विशिष्ट पदाधिकारी र अन्य साधारण गृहस्थीले पनि यस स्थानमा बसी अगाडिको जीवनमा भोगेका भोगका सबैखाले साधनहरू यहाँ बसी उपभोग गर्न थालेको देख्दा यो तपोभूमि भोगभूमिकै रूपमा परिणत हुने हो कि भन्ने शङ्का लाग्ने स्थिति देखापरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धामको ऐतिहासिक एवं धार्मिक महत्त्व

✍ आचार्य लक्ष्मीशरणदेवाचार्य

नेपाल परापूर्वकालदेखि धार्मिक इतिहासको समुज्ज्वल धरातलमा उभिँदैआएको मुलुक हो । यहाँको भौगोलिक संरचनाले देश-विदेशका सम्पूर्ण दर्शक एवं सहृदयी जनको आत्मालाई सजिलैसँग पगाल्ने, जो मुग्धकारी प्रक्रिया छ त्यो साँच्चै नै कोमल एवं अनौठो लाग्दछ । वन, पाखा, पखेरा अग्ला-अग्ला डाँडा-काँडा नदी मैदान उपत्यका, हिमगिरि तराइ फाँटलगायत विविध जातीयतामा पल्लवित भएर बाँडिएका भाषा, संस्कृति, धर्म, रीति, रहनसहन, खानपान, परिधान, परिवेशका थरिथरि गतिविधि परम्पराहरू नै दर्शनयोग्य यस भूखण्डका अमूल्य रत्न मानिन्छन् । आ-आफ्नै शैली शृङ्खलामा बाँधिएर जनजीवनलाई सहज तथा हसिलो बनाउने यहाँका उक्त थुप्रै मूल्यवान् उपकरणहरूका आँगन, छहारी, चौतारी भञ्ज्याङ् र सेरोफेरोभित्र घुम्दा वा दृष्टि लगाउँदा उपलब्ध हुन आउने जुन लोकसंस्कारहरू छन्, ती पनि चिन्तनकै दिशामा प्रवाहित भएका देखिन्छन् । त्यस्तै नाना कलाकृति कौशल व्यक्तित्व र दर्शनले भरिएको पारदर्शी साधनामय जनजीवन बाँच्ने यहाँका नागरिकहरूको रुचिकर विषय मानिन्छ ।

नैतिकता, धर्म किं वा पुण्यमय तीर्थहरूको सेवन गर्नु नै हिन्दु राष्ट्र नेपालको नैसर्गिक विशेषता हो । हाम्रो हिमवत् खण्ड नेपालको समुन्नत वैभवलाई प्राचीन इतिहास र पौराणिक दर्शनले सारस्वत क्षेत्र काश्मीर, अवन्तिकापुरी (उज्जैन) विन्ध्याटवी तथा अविमुक्त क्षेत्रको श्री-शोभाभन्दा धेरै माथिल्लो पङ्क्तिमा राखेर प्रकाशमा ल्याउने प्रयत्न गरेको देखिन्छ ।

यस विशाल सिलसिलामा हामी पुण्यसलिला गण्डकी नदीको पावन धरातलले वेष्ठित पवित्र देवघाटलाई लिन सक्छौं ।

त्रिपाद् विभूतिरत्नाय देवघट्टनिवासिने ।
शालग्रामस्वरूपाय नारायणाय मङ्गलम् ॥ १ ॥

यिनै पुण्यतमा धर्ती हुन् जसको गुरुत्वपूर्ण महिमामाथि पुराणकर्ता व्यास र इतिहासकार वाल्मीकिजस्ता महामहिम व्यक्तित्वहरूले कतै शालग्राम गण्डिकातीर्थ भन्ने नाम दिएर प्रशंसा गर्नुभएको छ भने कतै हरिहर क्षेत्र आदिप्रयाग, कदम्बतीर्थ, चक्राङ्कित भूमि देवघाट, देवघट्ट, देवघाट, आदि नामले अनेकौं प्रशंसा गर्द संज्ञापित गरेको पाइन्छ ।

अघि सत्य युगमा नारायणका स्वांश विभूति मानिने भगवान् ऋषभदेवले यिनै गण्डकी माहात्म्यमा व्यास पुलस्त्य पुलह सालङ्कायन आदि अनेकौं विशिष्ट तपोधनहरूले पनि यिनै विश्वपावनी महानदी कृष्णा गण्डकीले प्रदान गरेका शालग्रामको शिलाको समर्चनबाट नै योगसाधना एवं भक्तिमार्गको पराकाष्ठामा पुग्न सफल भएका थिए भन्ने उल्लेख गरेको पाइन्छ ।

त्यसै गरी देवघाट धामलाई राजा भरतको यज्ञस्थलीको रूपमा पनि वर्णन गरिएको छ । अघि कुनै बेला भगवान्ले अर्थात् पिता ऋषभदेवले पृथिवीको राज्य शासन गर भन्ने आदेश हुँदा आफू जेष्ठपुत्रको नाताले राजा बनेर यस हिमाली क्षेत्रको राज्यशासन चलाएका थिए ।

ईजे च यज्ञक्रतुरूपं भगवन्तम् इत्यादि उनले श्रुतिवचन र स्मृतिवचनको विधिवत् पालनपूर्वक मनमा श्रद्धाभाव प्रेमलाई स्थान दिई अग्निहोत्र, दर्शपूर्णमास, चातुर्मास्य पशु, सोम आदि नाम भएका अनेकौं यज्ञानुष्ठानद्वारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वासुदेव भगवान्को कैङ्कर्यरूप आराधनामा लागी लौकिक सुखभोगको संबन्धमा भगवान्को प्रेमसम्बन्धतिर उन्मुख पार्दै स्वयं आफ्नो जीवनका प्रत्येक क्षणहरू भगवान्का निष्ठातिर लगाउने अभ्यास गर्नुभएको थियो ।

राजा भरतले आफ्नो ज्ञान-विज्ञान तथा प्राकृतिक स्रोतलगायत वैदिक धर्म आदर्शको मूल केन्द्र भएको देवस्थली यस बृहत् आर्यावर्तका प्रभावशाली राजा भएर पनि आफ्नो यज्ञानुष्ठान र तपश्चर्याको लागि पुलहाश्रमको निकटवर्ती भूखण्ड त्रिशूली, काली मर्स्याङ्दी, शुक्ला आदि पवित्र देवनदीहरूको सङ्गमलाई उपयुक्त स्थल मान्न रहस्यकै विषय हो ।

साँच्चै भन्ने हो भने के उनलाई गङ्गा-यमुना, सरस्वतीको पुनीत सङ्गम प्रयाग र काशी विन्ध्याचल चित्रकूट किष्किन्धा, दण्डकारण्य, नैमिषारण्य, कुरुक्षेत्र आदि विशिष्ट गरिमाका धनी तीर्थस्थलहरूका बारेमा जानकारी कम थियो होला त ? तर यथार्थमा भन्नुपर्दा आदि पुरुष भगवान् नारायणले विश्वपावनी श्रीनारायणी नदीका उदरमा शालग्राम शिलामूर्ति भएर बसिदिँदा देवघाट धामले जसरी शालग्रामतीर्थ भन्ने विशेषणयुक्त उच्च कसैको स्थान प्रयत्नविना आफैँ धारण गरेको छ ।

त्यसरी नै ठूला-ठूला साधक, सन्तमहापुरुषहरूले योगसाधन, तपस्या, भजन, कीर्तन, यज्ञानुष्ठान परोपकार र सर्वजनहिताय जीवन उत्सर्ग नगरिदिएको भए यी पुण्य तीर्थहरूले तीर्थ भन्ने गरिमामय स्थान प्राप्त गर्न सक्ने थिएनन् ।

अन्यान्य तीर्थहरूको तीर्थता सन्त, महात्माहरूको साधना, भक्ति, उपासनाबाट ल्याइएको भने देवघाट धामको तीर्थता त गण्डकीनन्दन भगवान्को निवासबाट आफैँ उपस्थित भएको हो । ऋषभदेवजस्ता योग्य पिताका जेष्ठ सन्ततिका रूपमा चिनिने भरत राजा उक्त मार्मिक रहस्यका पारदर्शी विद्वान् मात्र नभई परिपक्व साधक पनि थिए । शालग्राम स्वरूपमा सुलभ भगवान्को आराधना गर्दैजाँदा यिनले आफ्नो जीवनमा धेरै कुराको अनुभव गर्न मौका पाएका थिए । एक दिनको अनुभव कस्तो थियो भने– पूजा अर्चनाबाट आफूभित्र भगवान्प्रतिको गहिरो प्रेम दिनानुदिन प्रगाढ भएर बढ्न थालेको यिनले केही लक्षणहरू थाहा पाए । अनि त यी महानुभाव प्रेमले पागल भएर अशेष भोगसामग्रीले सम्पन्न भएको समग्र ऐश्वर्य लक्ष्मीको भण्डारस्वरूप स्वर्गीय आनन्दको प्रतिबिम्ब झल्का उनै सार्वभौम पदको प्रतिष्ठा त्यागेर पुलहाश्रम भनिने आदि प्रयाग देवघाट धाममा आएर निःस्पृह जीवनयापन गर्ने सङ्कल्प गरे ।

देवघाट वरिपरिका पाखा-पखेराहरूको मनमोहक सुन्दरताले पशुपक्षी, मनुष्य सबैलाई मुग्ध पार्दछन् थरिथरिका वनस्पति बोट-विरूवा लहरा, औषधि र जडीबुटीहरूले सजिएको त्यस वन प्रान्तलाई देखेर त्यहाँ अनेक जात-जातिका चरा-चुरुङ्गी एवं वन्य पशु जनावरहरू आएर खेल्ने गर्दछन् ।

सन्त-महात्माहरूको निरन्तर उपस्थितिले गर्दा देवघाटको पुण्यदायकतामा दिनानुदिन वृद्धि भइरहेको छ बत्ती, पानी, सडक र सञ्चारजस्ता भौतिक उपकरणका पर्याप्त सौविध्यले सम्पन्न यो धार्मिक क्षेत्र बसोबासका लागि मात्र नभएर साधना, भक्ति र उपासनाका लागि पनि अत्युत्तम मानिएको छ । देवघाट धामले हामीलाई ज्ञान वैराग्य र भक्तिको सुखद छहारी प्रदान गर्न सक्छ । हामीलाई अनेकौं सुसंस्कार वा धार्मिक महा उन्नतिको बीजारोपण गर्नका लागि देवघाट धाम उपयुक्त स्थान हो । यसैले यसको संरक्षण एवं विकास अत्यन्त आवश्यक छ ।

यस पुण्य क्षेत्रको बाटा-घाटामा, वारि-पारि मठ-मन्दिर लगायत चक्रेश्वर क्षेत्रका परिसरभित्र पनि माछा मासु मदिरा र मादक लागुपदार्थको विक्रीवितरणका साथै धर्मविरोधी कामधन्दाहरूसमेत गर्न निषेध गरिनुपर्छ अन्यथा यस्ता निन्दनीय अधार्मिक कार्यहरूले तीर्थहरूको तीर्थता नष्ट हुने सम्भावना रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटको कविगोष्ठी

✍ प्रेमविनोद नन्दन

देवघाट शब्दबाट त्यसको अपरिमित महत्ताको, भावातीत अनुभूतिको, दिव्यता र पावनताको आभास मिल्दछ । मेरो चर्मचक्षुमा देखिने देवघाटभन्दा हृदयचक्षुले अनुभव गर्ने दिव्यधामको महिमाबाट म आकर्षित हुने गर्दछु । यहाँ आएर सातै गण्डकी एकाकार भएर एउटै नारायणीको अवतारमा साक्षात्कार हुन्छिन् । सम्भवत: यही सङ्गमको सार्थकता देवभूमिमा परिणत भई देवघाट नामकरण भएको हो कि ?

म यतिबेला गहिराइभन्दा किनारतिरै लाग्दैछु । त्यो तपोभूमिको वर्तमान कति दयनीय हुँदै गइरहेछ, मननीय र चिन्तनीय विषय बनेको छ । यो त्यही देवघाट हो जहाँ राष्ट्रव्यापी साहित्य सेमिनार (रामपुर २०३३)को समापनपछि देवघाटको सङ्गममा राजा महेन्द्रको प्रमुख आतिथ्यमा साँझ साहित्य गष्ठी भएको थियो । प्रसङ्गलाई अझ अलिकति तन्काउन खोज्दा रामपुरको साहित्य सेमिनारपछि देवघाटको सङ्गममा कविता वाचन गर्न सहभागी तीनसयभन्दा बढी कवि साहित्यकारहरूलाई आ-आफ्नो रचना पेस गर्न सूचित गरिएको थियो । स्वीकृत रचनाहरू मात्र सो अभूतपूर्व गोष्ठीमा वाचन गर्न दिइने सूचना थियो । यस पङ्क्तिका लेखक पनि सेमिनारको सहभागी भएको हुनाले आफ्नो रचना समयभित्रै पेस गरिएको थियो । देवघाटमा श्री ५ को सवारी हुने तथा मौसुफबाट कविता श्रवण गरिने भएको हुँदा सवारीपूर्व नै सहभागीहरू देवघाट पुगेर प्रतीक्षा गर्न भनिएअनुसार सहभागीहरू देवघाटको वारि बगरमा भेला हुन थाले । दिउँसैदेखिको यो भेला लामो प्रतीक्षापछि सवारी चलेको सूचना भयो । देवघाटका सङ्गम बीचमा बाहिरबाट मगाइएका ठूला-ठूला नाउलाई मञ्च बनाई शृङ्गार गरिएको थियो । लावा लस्करसहित श्री ५ महेन्द्रको सवारी किनारमा आइपुग्दा सबैबाट करतलध्वनिद्वारा स्वागत अभिवादन चढाइएको थियो ।

नदीको पूर्वभागमा तीनवटा डुङ्गाहरू माझीहरू सहित तैयार थिए । बीचको डुङ्गामा राजाको सवारी भयो । दुवैतिर डुङ्गामा एउटामा जनकविकेशरी धर्मराज थापा र अर्कोमा सुश्री भद्रा घलेलाई बस्न आग्रह भएपछि दुवैतिर लोकगीतको गुञ्जनसहित तीनवटै डुङ्गाहरू मञ्चतिर बढे ।

त्यसपछि को-को सहभागी हुने भन्ने सोचलाई चिरेर जम्मा एकतीस जना कविहरू मात्र सो मञ्चमा जान नाम बोलाइयो । संयोगवश त्यो एकतीसमा म पनि परेको रहेछु । त्यतिबेला म अकल्पनीय आश्चर्यमा परें । तीनसयभन्दा बढी सहभागीहरूको भेलाबाट अकस्मात् एकतीस जनाको नाम मात्र त्यहाँ आह्वान भयो । जे होस्, आफू मञ्चसम्म पुगी कविता वाचन गर्न पाउने सुअवसर पाएकोमा प्रफुल्लित भएँ । तर भित्रभित्रै मेरो अन्तरात्मा बोल्दै थियो, असङ्ख्य सहभागहिरू दिनभर बगरमा भोकप्यास बिर्सेर जुन श्रद्धाभक्तिपूर्वक कविता श्रवण गराउने आकाङ्क्षा थियो, त्यतिबेला निराश भएको सम्झँदा भने म रमाउन सकिनँ ।

सवारीको अनुशासन र मर्यादालाई शिरोधार्य गर्दै पंक्तिबद्ध भएर कविहरू उभिएका थिए । मध्यभागमा श्री ५ महेन्द्र आसनमा विराजमान होइबक्सिन्थ्यो । कवि भीमनिधि तिवारीबाट उद्घोषण सुरु हुनासाथ क्रमश:

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविहरूले कविता वाचन गरी वारि फर्किने व्यवस्था मिलाइएको थियो ।

त्यही क्रममा मेरो नाम आयो, उद्घोषकले फलानाले गीत प्रस्तुत गर्नुहुनेछ भनेपछि म घोर निराशाले भुमरीमा परें । किनभने मैले तीन दिन पहिल्यै गद्य कविता पेस गरी स्वीकृत भइसकेको थियो । त्यो रचना कुन छोपियो वा हरायो होला । सम्भवतः रचना नभेटिएकोले होला गीत गाउन आग्रह गरिएको । गीत सुनाउनेको आफ्नो कुनै सोच थिएन । तर त्यो अत्यन्त मर्यादामय मञ्चमा "मेरो त कविता हो" भन्ने साहस भएन, न त गीत गाउँदिनँ भन्नु नै मर्यादानुकूल थियो । हठात् म क्रममा उभिन पुगें । गीत गाउने र लेख्ने लामो अभ्यास भइसकेकोले जुन गीत कण्ठस्थ थियो म त्यही गीत गाउन थालें ।

"सातै डाँडा काटेर, सातै र गङ्गा तरेर
आधी है रातमा ब्युँझेर आएको मायालाई सम्झेर..... ।"

गीतको स्थायी अंश यही थियो । यो गीतको धुन लोकलयमा बद्ध भएकोले गाउन सहज भयो । तर उद्घोषक तिवारीज्यूले किन त्यस्तो धर्मसङ्कटमा पार्नुभयो, मैले बुझ्न सकिनँ । कार्यक्रमपछि उहाँसित सोच्ने समय पनि रहेन । कविता वाचनको अन्त्य हुँदा रातले वातावरणलाई ढाकिसकेको थियो । कार्यक्रमपछि बाँकी बगरको छेउमा राजाबाट अनौपचारिक दर्शनभेट बक्सने कार्यक्रम रहेछ र त्यहाँ पनि दर्शनभेट हुँदा "के छ कति गीत रेकर्ड भए ?" भन्ने जस्ता कुराहरू हुकुम हुँदा "म कवि त गायकमा पो दरिएछु भन्ने बिन्ती गरें ।

यसरी मेरो जीवनमा देवघाट सङ्गमको कविगोष्ठी अलौकिक र अकल्पनीय त छँदैथियो, उद्घोषकको आग्रहले मेरो लागि त्यो सदैव अविस्मरणीय रहेको छ ।

कविगोष्ठीको निमित्त देवघाट धाम नै किन रोजियो ? देवघाटमै भए पनि त्यो रातको भयानक परिवेशमा नाऊ जोडिएको मञ्च बनाई सीमित कविता मात्र वाचन गराउने व्यवस्था किन गरियो ? मैले आज पनि सोच्न थाल्छु कवि राजा महेन्द्र, कवि केदारमान व्यथितको परिकल्पना र तत्कालीन अञ्चलाधीश रामनारायण श्रेष्ठको अथक प्रयासबाट त्यो सम्भव हुन गएझैं लाग्दछ ।

देवघाट कविताको पनि तीर्थस्थल बनेको छ । कवि शिरोमणि लेखनाथ पौड्यालले "काशी होइन मलाई देवघाट लैजाऊ" भन्ने उद्गार प्रकट गरी देवघाटमै देहत्याग गरेको साथै युगकवि सिद्धिचरण श्रेष्ठ मेरो वानप्रस्थाश्रम देवघाट नै हो भन्दै पटकपटक देवघाटमा विश्राम लिन आइपुगेको कुराले कविहरूको तीर्थ देवघाट भन्न मन लाग्छ । देवघाट कविहरूको निमित्त कवितामयी सिद्ध भएको छ तर त्यो कवितामयी देवघाटकै अस्तित्व लोप हुने त हैन ? अव्यवस्थित वास र वस्तीहरूको अतिक्रमणबाट बचाउन देवघाट विकास समिति गठित गरिएको थियो । तर त्यो समिति केमा सीमित हुन पुग्यो ? देवघाटको पवित्रता र धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिले पनि यसको संरक्षण गरिनुपर्ने हो । देवघाटलाई दुहुन त थाल्यौं, देवघाट थाकिसकेपछि कुन घर खोज्नुपर्ने हो भावी सन्ततिहरूले देवघाट भनेको सप्तगण्डकीको पानी मात्र रहेछ, यसको पर्यावरण खोइ भन्न भोलि के उत्तर दिने ? यो यक्ष-प्रश्नको जवाफ दिने कुनै छौं कि छैनौं अथवा यो प्रश्न पनि भविष्यकै गर्भमा विलीन हुने हो, विचारणीय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाममा भएको अपूर्व कविसम्मेलन

✍ स. सुश्री भद्रकुमारी घले

पञ्चायती कालको पहिलो प्रहरमा नेपाल महिला सङ्गठनको प्रथम महिला प्रतिनिधि हुने सौभाग्य मैले पाएकी थिएँ । श्रीकृष्णचरण प्रधानको निर्देशनमा "हामी" नामक हस्तलिखित मासिक पत्रिकाको नियमित लेखकहरूमध्ये म पनि एक थिएँ । लाटो देशको गाँडो तन्नेरी भनेझैँ नेपाली गान्धी तुलसीमेहर श्रेष्ठले गान्धीकालीन भारतमा पढाउन लगेका सोह्रजना विद्यार्थीहरूमा म एक थिएँ । प्रथम रामपुर राष्ट्रिय साहित्यिक भेलामा भाग लिने साहित्यकारहरूमध्ये म पनि एक थिएँ । रामपुर साहित्य भेलाले देवघाटमा कवि सम्मेलनको आयोजना गरेको थियो । त्यस कवि सम्मेलनमा पनि म एक कवयित्रीको रूपमा सम्मिलित थिएँ । देवघाटको सङ्गममा बज्रा बाँधेर कविवर राजा श्री ५ महेन्द्र सरकारको उपस्थितिमा त्यस बज्रामा गएर कविता पढ्ने सौभाग्यशाली कविहरूमा म पनि एक थिएँ ।

त्यसै अवसरमा म पहिलो पटक देवघाट गएकी थिएँ । त्यो गण्डकीहरूको सङ्गम पवित्र स्थलमा बज्रा बाँधी अपूर्व कवि सम्मेलन भएको थियो । राष्ट्रका मात्र होइन अन्तर्राष्ट्रिय स्तरका साहित्यकारहरूको पनि त्यहाँ जमघट भएको थियो । देवघाटवारिको जङ्गल विजुली बालेर झिलिमिली बनाइएको थियो । जताततै रमाइलो वातावरण थियो । स्थान र समय सीमित भएकोले चुनिएका कविहरूलाई वज्रामा लगेर राखिएको थियो र कविता वाचन गर्न लगाइएको थियो । राजाले त्यहीँ बसेर कविता सुनिबक्सेको थियो । चार-पाँच जनाको रचना राजाले दोहोऱ्याएर वाचन गर्न भन्नुभएको थियो । रचना दोहोऱ्याएर पाठ गर्नेहरूमा म पनि एक थिएँ ।

केही वर्षपछि योगी नरहरिनाथज्यूले देवघाटको काली र त्रिशूलीको सङ्गममा ठूलो महायज्ञको आयोजना गर्नुभएको थियो । त्यसै गरी उहाँले देशमा प्राप्त जडीबुटीहरूको प्रदर्शन पनि गर्नुभएको थियो । त्यसै महायज्ञमा जाँदा मैले देवघाटको दोस्रो दर्शन गरेकी थिएँ । त्यस बेला योगीज्यूले देवघाट धामको माहात्म्यको विषयमा प्रवचन पनि गर्नुभएको थियो । त्यस देवघाट धाममा अनेकौँ ऋषिमहर्षिहरूले तपस्या गरेको र सिद्धि प्राप्त गरेको आदिकालीन अनेकौँ कथा यागीजीले हामीलाई सुनाउनुभएको थियो ।

पञ्चायत कालमा रामपुर कृषि फर्ममा नेपाल महिला सङ्गठनको केन्द्रीय र राष्ट्रिय निर्वाचन थियो । त्यसमा भाग लिन आएका महिलाहरूको एक समूह मिली बस रिजर्भ गरेर हामी देवघाट नुहाउन गएका थियौँ । त्यो मेरो देवघाट दर्शनको तेस्रो पटक थियो । तेस्रो पटकको दर्शनमा मैले गलेश्वर बाबाको दर्शन पाएकी थिएँ । हामी महिलाहरूको समूह चुनावमा भाग लिन आएका राम्रोसँग नुहाउन नपाएको केही दिन भएको थियो त्यसैले देवघाटको सङ्गममा साबुन लगाएर मस्तसँग नुहाइरहेका थियौँ । एक जना बाबा आएर हामीहरूलाई "ए आमाहरू हो यो देवघाटको पवित्र जलमा साबुन लगाएर नुहाउन हुँदैन" भन्नुभयो । त्यस बेला हामीलाई उहाँ नै गलेश्वर बाबा हुनुहुन्छ भन्ने थाहा थिएन । पछि सोधखोज गर्दा थाहा पाइयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा मुनि मुकुन्दसेन सन्ताउन्न वर्षको उमेरमा राजकाज त्यागी १६१० सालमा देवघाटमा आई मठ बनाई तपस्या गरी बस्नुभएको थियो । बाह्र वर्षसम्म तपस्या गरी बसेपछि एक दिन उहाँ अल्पनुभयो । माझीले सपनामा उहाँलाई देखेर सपनामा देखेअनुसार कालीगण्डकीमा जाल हान्दा शालिग्राम चक्र अङ्कित एउटा ठूलो ढुङ्गो जालमा परेछ र त्यसलाई ल्याएर मुनि मुकुन्द सेनको प्रतीक मानी पूजा-आजा गर्ने चलन छ । त्यसैगरी देवघाटमा वाल्मीकिआश्रम, सीता अन्तर्धान हुनुभएको स्थान पनि छन् । यस्ता महत्त्वपूर्ण कुराहरू बोकेको देवघाटको ठूलो महत्त्व छ ।

देवघाटमा ऋषि विश्वामित्रको आश्रम भएको हुनाले श्रीरामचन्द्रले यज्ञ गरेको ठाउँ र सीताले आफ्ना छोरा र कुश छोरालाई जिम्मा लगाएर धर्तीभित्र अन्तर्धान भएको ठाउँ पनि यही हो भनिन्छ । यसरी एकातिर पौराणिक ऐतिहासिक महत्त्वपूर्ण घटनास्थल भएको र अर्कोतिर शिवको त्रिशूलबाट निक्लेकी त्रिशूली र दामोदर कुण्डबाट निस्केकी काली गण्डकीको मिलनस्थल भएको देवघाटको महत्त्वपूर्ण धार्मिक स्थल हो ।

आजभोलि देवघाटमा अनेकौं वृद्धवृद्धाहरू आफ्नो वृद्धावस्था व्यतीत गरिरहेका छन् । त्यस्तै अनेकौं मठ मन्दिरहरू पनि स्थापित भएका छन् । यस धार्मिक स्थलको राम्रो संरक्षण गर्न सकेमा हाम्रो हिन्दुराष्ट्रको गरिमा बढ्छ । साथै यसलाई पर्यटक स्थलको रूपमा विकसित गर्न सकेमा यो स्थल एउटा आर्थिक स्रोत बन्न सक्छ । धार्मिक र ऐतिहासिक दृष्टिले महत्त्व बोकेको देवघाटको लुम्बिनी गुरुयोजना जस्तै देवघाटक्षेत्र विकास गुरुयोजना तयार गरेर विकास गर्नुपर्ने समय आइसकेको छ ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम
शाहदेव सरकारको ३३ औं
जन्मोत्सवको शुभ उपलक्ष्यमा
मौसुफको दीर्घायुको कामना गर्दै
देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको
कामना गर्दछु ।

शम्भु चौरसिया
सभापति
जि. वि. स. को कार्यालय
वीरगञ्ज, पर्सा

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम
शाहदेव सरकारको ३३ औं
जन्मोत्सवको शुभ उपलक्ष्यमा
मौसुफको दीर्घायुको कामना गर्दै
देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको
कामना गर्दछु ।

नगर प्रमुख
व्यास नगरपालिका, परिवार
दमौली, तनहुँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटको सामाजिक अवस्था

✍ श्रीमती विजयश्री गौतम

हिन्दु धर्म वैदिक धर्म हो । यो धर्म सनातन, पुरातन, पवित्र र सजिलो छ । हाम्रो यस धर्म-संस्कृतिमा 'मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव' को जुन मूल्य र मान्यता पहिलो कर्तव्य हो । तर आजभोलि यो मान्यता किताबमा मात्र सीमित हुन पुगेको जस्तो अनुभव हुन गइरहेको छ । यसैले गर्दा बूढा-बूढी आमा-बाबुको बेहाल भएको छ । यिनीहरूको अवस्था सारै नाजुक भएको छ । अर्काको नराम्रो कुरा चाहिँ सिक्ने र राम्रो कुरा चाहिँ नसिक्ने स्वभावले गर्दा आफूले पनि र आफ्ना परिवारले पनि दुःख पाउने स्थिति बढ्दैछ । सीमित स्वार्थ लिएर हिँड्दा तत्काल फाइदा भएजस्तो देखिए पनि समग्रमा त्यो हानिकारक हुन्छ । पैसा भएपछि अरू को चाहिन्छ र ? सबै थोक पैसाले नै पुऱ्याइदिन्छ भन्ने ठान्नु मूर्खता हो । म त सधैं जवान नै भइरहन्छु, बूढो त मैले हुनै पर्दैन भनेझैं गरी बूढाबूढीलाई समाजका बोझजस्तो ठानेर पन्छने गर्नाले पछि आफूले पनि दुःख पाइन्छ ।

अहिले देवघाट धाममा बस्ती बढेको छ । यस ठाउँमा बस्नका लागि आउने विभिन्न व्यक्तिहरूमध्ये विशेष गरी घरबाट अपहेलित भएर बुढेसकाल बिताउन आएका वृद्धवृद्धाहरूको समूह पनि ठूलै छ । के गर्नु बुढेसकालमा एउटाको सहारा त लिनै पऱ्यो । काठमाडौंमा आफ्नो जवानी बिताएर यहाँ आउनेहरू धेरै नै देखिन्छन् । त्यस्तै देशका अन्य भागहरूबाट पनि यहाँ आएर मानिसहरू बसेका छन् ।

विकासको दृष्टिले पनि यहाँ केही विकास भएको देखिन्छ । यातायातको सुविधा राम्रै छ । देवघाटसम्म पुग्ने बाटो पिच भएको छ । समय समयमा सार्वजनिक बस लाग्दछ । राम्रा-राम्रा मठमन्दिरहरू बनेका छन् । गुरुकुलहरूको स्थापना भएको छ । गलेश्वर आश्रममा तीर्थयात्रीहरूका लागि निःशुल्क बस्ने, खाने, सुत्ने व्यवस्था छ । धर्मार्थ औषधालय पनि निःशुल्क छ । बिहान, बेलुका, दिउँसो प्रवचन, भजन, आरती चल्छ । तर यस क्रममा अव्यवस्थित बस्ती बढ्दैजाँदा देवघाट प्रदूषित हुँदैगइरहेको पनि देखिन्छ । यस्तै अव्यवस्थितता बढ्दैजाने हो भने देवघाटको पनि आर्यघाटको अहिलेको अवस्था जस्तै दुर्दशा हुने देखिन्छ ।

म धेरै पहिलादेखि बारम्बार देवघाट जाने-आउने गरिरहेकी छु । त्यहाँ बस्ने धेरैसँग यसो कुराकानी गर्दा धेरैजसो मानिसहरूको उस्तै मिल्दो-जुल्दो कुरा सुन्न पाउँछु । ५० वर्षदेखि लिएर ८५ वर्ष सम्मका प्रायः मानिसहरूको भनाइ छ कि घरका छोरा-बुहारीहरूको हेलत्तो दुःख सहेर बस्नुभन्दा यहाँ आएर एक छाक खाएर भए पनि शान्तिले बस्नु बेस छ; धर्म पनि हुने, आनन्द पनि हुने । तर यहाँ पनि उनीहरू कहाँ आनन्दसँग बस्न सकेका छन् र ? काम, क्रोध, लोभ, ममता आदि मानवीय स्वभावले छोडेको छैन । छोरा-छोरी भेट्न आउँछन् कि भन्ने आसमा उनीहरू दिन काट्छन् । एक-आपसमा रिस, झगडा पनि छँदैछ । घरको दुःख र अपमान, हेलत्तो छोडेर आयो अर्को किसिमको समस्या । म र ममता जाँदैन के गर्नु सुख र शान्ति त कतै पनि छैन । "जे भए पनि आफ्नाले दिएको जस्तो ठूलो चोट र घाउ अर्काले दिएको हुँदैन त्यसैले आनन्दै छ मलाई" एउटी वृद्धा भन्छिन् । अर्की एकजना विधवा भन्छिन् "के गर्नु, घरका नोकरको बरु मान होला हामीलाई वचनवाण हानेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

खाना खान दिन्छन्, पैसै भए पुग्ने रहेछ !" यो सुन्दा मलाई लाग्यो पैसाले मानिसलाई उज्यालोबाट अन्धकार लगिरहेछ । पैसा कमाउने र सुख सुविधा पाउने होडवाजीमा धेरै हाम्रा देशका मानिसहरूले आफ्नो कर्म कर्तव्यलाई लत्याउँदै आमा-बाबुलाई रुवाउँदै विदेसिएका छन् । भोलि अशक्त हुँदा के त्यो पैसाले मात्र भरिन्छ ? के पैसा चपाउन सकिन्छ ? के त्यसले सच्चा माया किन्न पाइन्छ ? अमेरिका र युरोपका मानिसहरू पहिलाको एक्लै बस्ने रहर गर्नाले भएको भूल सुधार्न नसकेर कति दुःखी भएका छन् ?

अहिले देवघाटमा रहेका बुढाबुढीहरूको हितमा कार्य गर्ने संस्थाको आवश्यकता रहेको महसुस हुन्छ उनीहरूसँग कुरा गरी उनीहरूको रुचि के कुरामा छ ? उनीहरूलाई के-कस्ता सुविधा आवश्यक छन् उनीहरूलाई के-कस्ता मनोरञ्जनका साधन दिन सकिन्छ ? उनीहरूबाट के-कस्ता सिर्जनात्मक र समाजोपयोगी कुराहरू आउन सक्छन् ? यस किसिमको अध्ययन गरी कार्य गरेमा उनीहरूका समस्याहरूको समाधान गर्न सकिन्छ ।

काम गर्न सक्ने जवान जति सबै सहरतिर वा विदेसतिर जाने स्थिति हाम्रो देशका प्रायः सबै भागको स्थिति हो । यो कतिपयको बाध्यता होला भने कतिपयको रहर । देशमै केही गर्न सक्ने स्थितिको सिर्जना गर्नु युवाहरूको दायित्व पनि हो र सरकारले पनि यतातर्फ ध्यान दिनुपर्ने हो । आफ्ना बूढा बाबुआमाको सेवा गरेर चाहिँ नभए अर्काको देशमा गएर कमारो बनेर जस्तो काम परे पनि गर्ने यो कस्तो बिडम्बनापूर्ण स्थिति विकसित हुँदै देशमा ।

आफ्नो देशको उन्नति र विकास आफैँ गरौँ । समाजका विकृतिहरूलाई हटाउनतर्फ लागौँ । आफ्ना सम्पदा र संस्कृतिहरूलाई जोगाऔँ । म र मेरो मात्र नभनी हामी र हाम्रो भन्न सिकौँ र त्यसअनुसार व्यवहार गरौँ । जन्मेपछि मृत्यु अवश्य आउँछ, बाँचुन्जेल आफू पनि हाँसीखुसी बाँचौँ र अरूलाई पनि हाँसेर बाँच्न दिऔं यही मेरो शुभकामना छ ।

शुभकामना

अनुसन्धानमूलक 'देववाणी' पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

कमलमान गुरुङ्
सभापति
डा. महेन्द्रबहादुर कार्की
उपसभापति
एवं जिविस कास्की परिवार, पोखरा

शुभकामना

अनुसन्धानमूलक 'देववाणी' पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

हर्कबहादुर गुरुङ्
प्रमुख
गणेशबहादुर भट्टराई
उपप्रमुख
एवं पोखरा उपमहानगरपालिका परिवार, पोखरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्तिक्षेत्रका तीन अङ्ग
त्रिवेणी धाम, गजग्राह क्षेत्र र देवघाट धाम

✍ स्वामी राघवेन्द्राचार्य

नेपाल अधिराज्यको लुम्बिनी अञ्चल नवलपरासी जिल्लाको दक्षिण छेउमा त्रिवेणी धाम सुशोभित छ । यसको ठूलो धार्मिक महत्त्व छ । यस स्थानलाई देवरमणस्थान पनि भनिन्छ । नारायणी, स्वर्णभद्रा र पुण्यभद्राको सङ्गम यहीं भएको हुनाले यस क्षेत्रलाई त्रिवेणीधाम भनिएको हो । यसको पूर्वोत्तर भागमा चितवन जिल्ला, दक्षिणी भागमा केही उच्च पहाडजस्तो रहेको भागको काखमा महर्षि वाल्मीकि आश्रम र सीताजीको वनवास स्थल छ । यो स्थलले त्रेता युगदेखिको इतिहासलाई सुरक्षित राखेको छ । नवलपरासी जिल्लाको पूर्वपश्चिम फैलिएको चुरे पर्वतमालाको उच्च शिखर त्रिकुट पर्वतको दक्षिण काखमा विविध औषधिले भरिपूर्ण वृक्ष, लता आदि र विविध सुगन्धित पुष्पवाटिका एवं अनेक थरिका वन्यजन्तु हात्ती, अर्ना, मृग, बाघ, घोरल, भालु र थरिथरिका पक्षीहरूले भरिपूर्ण छ । नदीको विशाल स्वच्छ सङ्गमले यस स्थानलाई झन् सुरम्य बनाइदिएको छ ।

वर्तमान अवस्थामा यहाँ बजारको पनि केही विस्तार भएको छ । नहरहरू बनेका छन् । यहाँ विभिन्न मन्दिरहरू रहेका छन् । यहाँ विभिन्न आश्रम र विद्यालयहरूको पनि स्थापना भएको छ । यस स्थानका मुख्य विशेषता निम्नलिखित छन्–

१. माघे औंशीको दिन यहाँ मेला लाग्दछ । कैयौं मानिसहरू यहाँ स्नान गर्न आउँछन् ।

२. यहाँ वाल्मीकी आश्रम र सीताजीको वनवासस्थल रहेका छन् ।

३. यहाँ नागाबाबाका आश्रम र बालपुरी बाबाको आश्रम रहेका छन् ।

४. यहाँ राममन्दिर, चन्द्रशेखर मन्दिर, लक्ष्मीवेङ्कटेश मन्दिर, लक्ष्मीनारायण मन्दिर आदि रहेका छन् ।

गजग्राह क्षेत्र लुम्बिनी अञ्चलको पूर्व दक्षिणमा नारायणी नदीको दाहिने किनार नवलपरासी जिल्लाको पूर्वी भागमा विद्यमान छ । यो स्थान त्रिवेणी धामको उत्तर सीमानापारि रहेको छ । यसको पूर्वमा चितवन दक्षिणी भागको पश्चिमतर्फ रहेकी नारायणी नदी छन् । नदीको किनारलाई मूल बाटो बनाएर मुक्ति क्षेत्रको मुखमण्डल मुक्तिक्षेत्र पुग्ने प्रधान प्राकृतिक बाटो गएको छ । यस कारण यसलाई मुक्तिनाथको दाहिने पाउ भनिन्छ । भारतको बदरीधाम जाने द्वार हरिद्वार भएजस्तै मुक्तिनाथ जाने मूल द्वार यही हो । पुराणप्रसिद्ध गजग्राहको युद्ध र विष्णुद्वारा गजेन्द्रलाई मुक्त पारेको घटना यसै स्थानसँग जोडिएको मानिन्छ । यसैबाट यहाँको ठाउँको नाम गजग्राम रहेको हो पनि भनिन्छ । यस स्थानको महिमा पुनः जागृत गर्न यस स्थानमा स्वामी कमलनयनाचार्य अखण्ड ज्योति बाबाले विद्यालय, मन्दिर र १०८ कोठे धर्मशालाको निर्माण गरिरहनुभएको छ ।

काली गण्डकी र त्रिशूलीको सङ्गमस्थल नवलपरासी, चितवन र तनहुँ जिल्लाको मिलनस्थललाई देवघाट भनिन्छ । यस स्थानको प्राचीन नाम देवह्रद हो ।

यस स्थानसँग एउटा पौराणिक घटनाक्रम जोडिएको छ । दैत्यराज बलि अत्यन्त शक्तिशाली भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिए । इन्द्रलाई उनले पराजित गरे र देवलोकमा पनि उनैको साम्राज्य चलेको थियो । देवताहरू रुँदै कराउँ आफ्नी आमा अदिती भएको ठाउँमा पुगे । अदितीले आफ्ना पुत्रहरूको दुःख सहन नसकेर पति कश्यपसँग भनिन् हजुरले विष्णु भगवान्को आराधना गरेर उहाँलाई प्रसन्न गरी देवताहरूको दुःख निवारण गर्नुपर्‍यो । विष्णु प्रसन्न भएर उनैको पुत्रको रूपमा अवतार लिएर देवताहरूको दुःख हरण गर्ने वर दिनुभयो । केही समयपछि वामनको रूपमा भगवान्ले अवतार लिनुभयो ।

त्यस समयमा राजा बलिले नर्मदा नदीको किनारमा ठूलो यज्ञ गर्दथे । यज्ञमा अनेक दान गर्दथे । वामन भगवान् उनैको यज्ञमा जानुभयो र केवल तीन पैतालाभरिको जमिन माग्नुभयो । बलिले पनि खुसी भएर दान दिन लाग्दा भगवान् ज्यादै ठूलो भएर त्रिविक्रम रूप धारण गर्नुभयो । एक पाउ पृथ्वीमा राख्दा पाउ पृथ्वीमा धर्‍यो र पृथ्वीमा ठूलो खाल्डो बन्यो । त्यसै खाल्डोको नाम देवह्रद भयो । त्यसैलाई वामन तीर्थ पनि भनियो । त्यो ज्यादै ठूलो र गहिरो थियो । त्यसमा पानी भरियो । त्यसमा सुदर्शन चक्रको चिह्न लागेका सुनजस्ता माछाहरू खेल्दछन् । त्यस ठूलो तलाउमा छत्तीस वटा स्वर्ण कमल छन् तर त्यसलाई सबैले देख्न सक्दैनन् । कोही कोही पुण्यात्मा व्यक्तिले मात्र बिहान सूर्योदयदेखि १० बजेसम्म तिनलाई देख्न सक्दछ भनिन्छ । अहिले पनि कुनै धर्मात्मा व्यक्तिले माघमास भरि एक महिना हविष्य एक छाक खाएर नियममा बसी शुद्ध भावले स्नान गरेर व्रत गर्दछ भने उसले त्यसको दर्शन पाउन सक्दछ भनिएको छ । यस किसिमको स्नानले अश्वमेध यज्ञ गरेको फल पाइन्छ र सबै पाप पखालिन्छ भन्ने शास्त्रीय वचन छ । यस किसिमको पौराणिक घटना यस स्थानसँग जोडिएको छ ।

देवघाटमा भगवान् विष्णुको दिव्य शरीरबाट उत्पन्न भएकी कृष्ण गण्डकी र शङ्करको त्रिशूलबाट निस्केको त्रिशूली मिलेका छन् । यी दुवै मिलेपछि नदीको नाम नारायणी हुन्छ । नारायणी नदी गजग्राह क्षेत्र, त्रिवेणी र हरिहरक्षेत्र हुँदै गङ्गामा मिलेको छ । यस देवघाट क्षेत्रमा स्वर्गबाट नुहाउन आउने हुनाले नै यसको नाम देवघाट रहेको हो भन्ने भनाइ छ । विभिन्न प्राकृतिक सौन्दर्यले गर्दा यो स्थानको महत्त्व बढेको छ । केही समययता यहाँ विभिन्न मन्दिरहरू, आश्रमहरू, विद्यालयहरू बनेका छन् । यहाँ केही तपस्वीहरू पनि देखिन्छन् । यो स्थान मुक्तिनाथ जाने तेस्रो मध्यद्वार हो ।

शुभकामना
अनुसन्धानमूलक 'देववाणी' पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
विष्णुप्रसाद पोखरेल
प्रमुख
मोहनराज बस्नेत
उपप्रमुख
एवं लेखनाथ नगरपालिका परिवार, पोखरा

शुभकामना
अनुसन्धानमूलक 'देववाणी' पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।
क्षेत्रबहादुर केसी
अध्यक्ष
तथा उपत्यका नगरविकास समिति परिवार
पोखरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाम : रमणीय वृन्दावन

✍ सूब सेन

नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष श्री ५ अधिराजकुमारी प्रिन्सेस शाह २०६० माघ १२ गते शुक्रनगर र मेघौली गा. पं. सवारी भई त्यहाँको बसोबासबारे अध्ययन गरिबक्स्यो । भोलिपल्ट सौराहा र खैरेनी सवारी भयो । फर्किंदा बाटोमा यो लेखकलाई मौसुफबाट "देवघाटलाई वृन्दावनजस्तो आश्रम बनाउने कार्यक्रम राखेकी छु । चितवन, परासी र तनहुँको जङ्गल हेरिदिनुपर्‍यो । बद्रीविक्रम थापाजीलाई पनि भनेकी छु" हुकुम भयो ।

भोलिपल्ट १४ गते दुईजना सहयोगी लिई १ बजे गएर परासी र देवघाटको जङ्गल हेरें । १५ गते बद्रीविक्रम थापाज्यू पनि आउनुभयो । यस बेला श्री थापाज्यू गुठी संस्थानको अध्यक्ष हुनुहुन्थ्यो र कहलिएको समाजसेवी पनि । सहयोगीहरूसहित उहाँ र म गई परासी गैंडाकोट गाउँमाथि ५०० बिगाहा जति जङ्गल हेर्‍यौं । मानसिक रूपमा सीमा लगायौं ।

जङ्गलभित्र घुम्दा भारतीय आह्राकसीवाला ३ टोलीले जङ्गलभित्र रूख ढाली, आह्राकसी लगाई, काठ चिरी बनाई राखेको भेट्यौं । पचासौं लाखका रूख ढाली, काटी, बनाई राखेको भेट्टायौं र उनीहरूलाई तर्साई लखेट्यौं । तर काठ के गर्ने ? अर्को अञ्चल जिल्लाको कार्यक्षेत्र ? गैंडाकोट गाउँमा झरी गाउँलेलाई काँचा काठ काट्न रोक्नुहोला ! वन जोगाउनुहोला ! हामी लुम्बिनी अञ्चलाधीश र परासीका सी. डि. ओ. लाई खबर गरिदिन्छौं भन्यौं । तर जसलाई भन्यौं ती सूर्यभक्त अधिकारी थिए र उनैको त्यो काठ काट्ने टोली रहेछ । उनी र उनका नालनाता, कुटुम्ब र दाजुभाइको पेसा नै जङ्गलभित्र आह्राकसी, मिस्त्री राखी, सालका रूख ढाली, काटी काठ बनाएर विक्री गर्दै भारत पुर्‍याउने रहेछ । (एक दशकपछि उनी यस क्षेत्रका ठूला नेता भए भन्ने सुन्नमा आयो) चितवन फर्केर बुटवल अञ्चलाधीश, परासी प्र. जि. अ. लाई, प्रहरी आवाद्वारा खबर दियौं ।

२०३७ साल श्रावण ६ गते १ बजे मौसुफले ताहाचल रेडक्रस भवनमा यही विषयलाई लिएर बैठक बोलाइबक्स्यो । सर्वश्री बद्रीविक्रम थापा, वन विशेषज्ञहरू, इञ्जिनियरहरू योजनाविद्हरू, धार्मिक सांस्कृतिक क्षेत्रका विद्वान्हरू, परासी, चितवन र तनहुँका माननीय रा. पं. स. हरू, सभापतिहरू र प्र. जि. अ. हरूको व्यापक उपस्थितिमा बैठक बस्यो ।

मौसुफबाट "देवघाट क्षेत्रमा पाल्पाबाट ३००, तनहुँबाट २००, चितवनबाट ७०० बिगाहा गरी सुरुमा १२०० बिगाहा कम्तीमा लिने र थप्दै गई अथवा कति लिनुपर्छ जमिन जङ्गल लिएर २०-५० हजार विगाहामा वृन्दावन जस्तो आश्रम बनाऔं । तीर्थवासी, कल्पवासी, योगी, तपस्वीहरूको लागि, बसोबासका लागि, धर्मसंस्कृतिसम्बन्धी, संस्कृत पाठशालाहरू, पुस्तकालय, प्रवचन केन्द्रहरू, व्यायाम शालाहरू, सुरक्षित जङ्गल, जङ्गली जनावर क्षेत्र तथा यस्तै पूरा धार्मिक र आध्यात्मिक क्षेत्र निर्माण गरौं । आफ्नै देशमा भएको देवघाटजस्तो तीर्थस्थललाई बेवास्ता गर्नु भएन । वृन्दावनसरह त बनाऊँ ! सके त त्योभन्दा बढी गरे पनि हुने हो !" हुकुम भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस विषयमा सबैबाट सहमति भएपछि मौसुफकै अध्यक्षतामा देवघाट धार्मिक स्थल विकास योजना समिति बन्यो । मौसुफबाट वनजङ्गल र वन्यजन्तुको सुरक्षाको लागि वन प्रशासनका व्यक्तिहरूलाई विशेष रूपमा अह्राइबक्स्यो र अरूलाई सम्बन्धित कामबारे अह्राइबक्स्यो । योजनाविद्हरूले चाँडै नै योजना बनाई अर्को बैठक बोलाउने निर्णय भयो । यसअनुसार वन र वन्यजन्तुको संरक्षणतर्फ त केही काम भएको सुन्नमा आएन । योजना तर्जुमा, विचार विमर्श, मानसिक तयारी, भावनात्मक प्रतिबद्धता र संलग्नतातर्फ मौसुफ मियोको काम पूरा होइबक्सिन्थ्यो । तर दुर्भाग्य, २०३९ जेठ ८ गते मौसुफको स्वर्गारोहण भएपछि कहींकतैबाट बैठक बोलाउने पहल गरिएन । यो लेखकलाई सो योजना समितिको संस्थापक सदस्यको हैसियतमा योभन्दा अरू जानकारी भएन । हो होस् ! देवघाट आध्यात्मिक, धार्मिक र सांस्कृतिक दुवै दृष्टिकोणले पवित्र र महत्त्वपूर्ण स्थल रहेको छ । हो कार्यक्रमअनुसार देवघाटलाई नेपाली वृन्दावन बनाउन सकेमा नेपाली जातिको गौरव अरू बढेर जाने थियो ।

लेख्ने, छाप्ने, रङ्गीन कागजका साथै लेजर एवं म्याप लिथो जस्तो उच्च स्तरीय कागजको निमित्त सधैँ हाम्रा डिलरहरूलाई सम्झनुहोस् ।

श्री भृकुटी पल्प एण्ड पेपर नेपाल लि.
गैंडाकोट, नवलपरासी
फोन. नं. ०५६-२०२३०, २०७४३, फ्याक्स: ०५६, २११७६,
काठमाडौं, कार्यालय फोन नं. ४७१०३०, ४८६१५५, फ्याक्स नं. ४७२४४३

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।

लुम्बिनी बैंक लिमिटेड
Lumbini Bank Limited

केन्द्रीय कार्यालय:
नारायणगढ, चितवन नेपाल फोन नं. ०५६-५२४१५०/५२१९१९
फ्याक्स ०५६-५२४२५०, टेलेक्स ४१०२ LUMBK.
NP, इमेल: lumbini@mos.com.np

कर्पोरेट कार्यालय:
दरबारमार्ग, काठमाडौं, नेपाल फोन नं. ०१-४२४३१६५, ४२४३१५८,
फ्याक्स ०१-४२२७५९०

नारायणगढ शाखा:
प्रगतिपथ, नारायणगढ
फोन नं. ०५६-५२४२५०, ५२१९१९.
फ्याक्स ०५६-५२४२५

दरबारमार्ग शाखा:
दरबारमार्ग काठमाडौं
फोन नं. ४२४३१५८, ४२४३१६५
फ्याक्स ४२२७५९०

हेटौंडा शाखा:
मेनरोड हेटौंडा
फोन नं. ०५७- ५२१२१८
फ्याक्स ०५७-५२०५६४

बुटवल शाखा:
सिद्धार्थमार्ग, बुटवल
फोन नं. ०७१-५४५०५३, ५४५०५४
फ्याक्स ०७१-५४०८९७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शान्ति एवं सत्यानुभूतिका लागि साधनास्थल देवघाटधाम

✍ नारायणभक्त पौडेल

तनावग्रस्त हामी

हामी सबै जगत्मा एक अबोध शिशुका रूपमा आउँछौं । परिवार र समाजबाट विभिन्न विषयहरूबारे जानकारी लिँदै हुर्कन्छौं । हाम्रा सोच, विचार, अवधारणा, मूल्य र मान्यता स्वतन्त्ररूपमा स्वअर्जितभन्दा पनि परिवार र समाजबाट प्रदत्त हुन् । जीवन आवश्यकता र इच्छाहरूको पुञ्ज हो जसले कर्म गर्न उत्प्रेरित गर्छ । कर्म गर्दा फलका चाहना हुन्छ र यसैले दुःख निम्त्याउँछ । हामी यिनै चाहनाहरूद्वारा प्रेरित भई सधैं भौतिक उपलब्धि प्राप्त गर्नमा लागि पर्दछौं । सम्पत्ति, शक्ति, सुविधा, यश, पद, मान, प्रतिष्ठा आदिमा आनन्द खोज्दछौं । सांसारिक आवश्यकताहरू पूरा भए पनि हामीभित्र एउटा असन्तोष रहि नै रहन्छ । जीवन आनन्दकै खोज हो । आनन्द सहज आन्तरिक अवस्था हो जुन बाहिरबाट पाउन सकिन्न । तर हामी विषय र वासनाको परिपूर्तिमा लाग्दा-लाग्दै यो देहलीला समाप्त हुन्छ । ती अपूर्ण नै रहन्छन् र पुनः जन्म लिन तिनीहरूले बाध्य पार्छन् । यसरी जन्मपछि मृत्यु र मृत्युपछि पुनः अर्को जन्मको चक्र चलिरहन्छ ।

आनन्दका लागि भौतिक सुविधा मात्र अपर्याप्त

जीवनयापन गर्नमा आज विगतमाभन्दा धेरै सरसुविधाहरू उपलब्ध छन् । विकसित देशहरू सुविधा बढाएर मानव जीवन सुखी एवं आनन्दित बनाउन सकिन्छ भन्ने गलत धारणाबाट प्रेरित छन् । जति साधनसम्पन्न भए पनि समृद्ध देशहरूको मानव समुदाय आज जस्तो विषाद र तनावग्रस्त विगतमा कहिल्यै थिएन । जीवनयापनका लागि भौतिक सुविधाहरू आवश्यक छन् तर चेतनशील मनुष्यको शान्ति र आनन्दप्राप्तिमा यी मात्र पर्याप्त होइनन् भन्ने तथ्य वर्तमान अवस्थाले नै प्रमाणित गरिरहेको छ ।

तनावका कारण

जीवनयापन गर्न धेरै आवश्यकताहरू पूरा हुनुपर्छ । यिनै इच्छाहरूले हामीलाई कर्म गर्न प्रेरित गर्छन् । कर्म गर्दा फल पाउने आशा हुन्छ । फल प्राप्त हुन पनि सक्छ र नहुन पनि सक्छ । यो अनिश्चिततले दुःख र तनाव ल्याउँछ । हामी केवल चाहनाहरूको पूर्तिमै तल्लीन छौं । ज्यादै भौतिकवादी र बहिर्मुखी बनेका छौं हामीहरू । स्वभावबाट च्युत भएका छौं । "स्व"बाट टाढा भागिरहेका छौं । यसैले हामी अति तनावग्रस्त छौं । सुखी र आनन्दित बन्न बेहोसी र चिर निद्राबाट जाग्नुपरेको छ । वासना (चाहना) नै संसार हो, दुःखको मूल हो भन्ने अनुभव गर्नुपरेको छ ।

सत्यको अनुभूति कसरी गर्ने ?

जीवनमा शान्ति र आनन्द प्राप्त गर्न मानिसहरू भजन, कीर्तन, व्रत, उपवास, पूजा, उपासना, तीर्थाटन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्र, तन्त्र, दान, यज्ञ, ध्यान, योग, परोपकार, सेवा, अध्ययन, स्वाध्याय, सत्सङ्ग आदिमा लागेको पाइन्छ । यिनी चित्तशुद्धिमा सहयोग अवश्य पुऱ्याउँछन् तर सत्यको अनुभूति र सहज आनन्द प्राप्त गर्न साधनाको अपरिहार्य आवश्यकता छ । शास्त्रवचनहरू सुनेर वा सत्सङ्गबाट अथवा कसैले कसैलाई गरिदिएको प्रयत्नले मात्रै सत्यको अनुभूति हुन सक्दैन । पौडीमा सिपालु बन्न स्वयं पानीभित्र पस्नु एक अनिवार्य सर्त भए जस्तै प्रत्येक जिज्ञासुले स्वयं साधनारत रही अनुभूति गर्नु परम आवश्यक छ ।

विचार नै बाधक

सत्यको अनुभूतिका लागि गरिने प्रयासमा विचार नै प्रमुख बाधक हो । विचारशृङ्खलाले हामीलाई बहिर्मुखी बनाउँछ । यसले हामीलाई स्वबाट टाढा भगाउँछ । ध्यान वा साधना स्वलाई अनुभूति गर्ने एउटा उपयुक्त विधि हो । शरीर र मनसहितको क्रियाहीन अवस्था नै ध्यान हो । यही क्रियाहीन अवस्थामा हामी स्वयंमा रहन्छौं । तर हाम्रो चित्त वायुजस्तै ज्यादै चञ्चल छ । यसको व्यस्तता ज्यादै सघन छ । शरीरले विश्राम गरे पनि मन शान्त रहँदैन । जाग्रत् अवस्थामा मनले नानाथरि कुराहरू सोच्दछ । सुतेको बेला सपना देख्नमै व्यस्त रहन्छ । यिनै कारणले चैतन्य (सत्य) सधैं व्यस्तता र तरङ्गहरूले तरङ्गित बनेर स्वयंलाई भुलेको छ । यसरी चैतन्य आफ्नै क्रियाहरूको भीडमा परेर स्वयं हराइरहनु ज्यादै आश्चर्यजनक घटना हो । बादल नभएको आकाश र तरङ्गविनाको समुद्रजस्तै विचारशृङ्खलाहरू हटेपछि मात्र सत्यको अविच्छिन्न (सतत) दीपशिखाको अनुभव भइरहन्छ । यही बिन्दुमा संसार हराउँछ । सत्यको अनुभूति हुन्छ । प्रज्ञाको आविर्भाव हुन्छ । यो सहज आनन्द (अकारण आनन्द)को अवस्था हो । यो सत्, चित् र आनन्द अथवा सत्य, शिव र सुन्दरको अवस्थिति हो । अतः विचार विषयगत हो भने ध्यान आत्मगत (केवल चैतन्यको) अवस्था हो ।

चैतन्य नै द्रष्टा हो

चैतन्यको स्वभाव नै द्रष्टा हो । जाग्रत् अवस्थामा यसले संसारलाई हेर्छ । निद्रा अवस्थामा सपना देख्छ भने सुसुप्ति अवस्थामा स्वयंलाई देख्दछ । यसरी देख्ने या हेर्ने क्रिया चैतन्यमा सतत एवं अविच्छिन्न छ । हामीहरू त्यही चैतन्य हौं । शरीर होइनौं । अतः शरीर नासिँदा पनि चैतन्य (हामी) सदा रहिरहन्छौं । चैतन्य सदा अविनाशी छ । केवल शून्यावस्थामा मात्र चैतन्यलाई अनुभव गर्न सकिन्छ । विचारलाई दमन गरेर विचारबाट विमुक्त हुन सकिन्न । दमनबाट त झन् विकृति पैदा हुन्छ । कुनै पनि विचार पलजीवी हुन्छ तापनि विचारप्रक्रिया निरन्तर चलिरहन्छ । एउटा विचार उठ्छ, त्यो हराउँछ, त्यसको ठाउँमा अर्को उठ्छ । स्थानपूर्ति छिटो-छिटो भइरहन्छ । हामी विचारशृङ्खलामा सदा सर्वदा तरङ्गित भइरहेछौं । अतः विचारको उत्पत्तिभन्दा पनि विचार उत्पत्तिको शृङ्खला मुख्य समस्या हो ।

विचार वाह्य जगत्प्रतिको हाम्रो प्रतिक्रियाबाट उत्पन्न हुन्छ । हाम्रा आँखा, नाक, कान, घ्राण र त्वचा जस्ता ज्ञानेन्द्रियहरूले वाह्य जगत्बाट प्राप्त विषय वस्तुहरूलाई भित्र मनमा संप्रेषण गर्छन् । तिनै विषयहरूको संग्राहक नै मन हो । त्यही संग्रह अनुरूप क्रिया एवं प्रतिक्रिया अविच्छिन्न चलिरहन्छ । फलस्वरूप चेतना तनावग्रस्त, अस्थिर र चञ्चल बनिरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्विचार चैतन्य नै आनन्दस्वरूप

जब हामी विना प्रतिक्रिया (विना विचार) द्रष्टाको रूपमा रहन्छौँ तब एउटा अलौकिक शान्ति हामीभित्र अवतरित हुन्छ । एउटा गहन शून्यता परिव्याप्त हुन्छ । यो अवस्थामा चेतना क्षितिजमा एक नयाँ जागरण पैदा हुन्छ । चित्र एक अपरिसीम शान्ति र आनन्दले भरिन्छ । यही आलोकमा (शून्यतामा) सत्यको दर्शन एवं अनुभूति हुन्छ । यसका लागि सम्यक् स्मृति (परम होस, जागरण) अत्यावश्यक हुन्छ ।

परमपूज्य रहस्यदर्शी ओशो भन्नुहुन्छ– आनन्द हाम्रो स्वभाव हो भने दुःख हाम्रो आर्जन । दुःख हाम्रो चेष्टा हो, नियति होइन । आनन्द हाम्रो नियति हो । दुःख हाम्रो आयोजन हो । आनन्द तिमीभित्र छ, अन्तर आकाशमा, तर तिमी बाहिर दौडिरहेछौ । बाहिर दुःख नै पाउँछौ किनकि सुख भित्र छ । सुख तिमी स्वयं हौ ।

बगैंचामा फूलहरू लगाउन जमिन राम्रोसँग तयार पार्नु आवश्यक भएजस्तै सत्यको साधनाका लागि चित्तरूपी भूमिलाई पनि उचित तवरले तयार गर्नुपर्छ । यसका लागि पहिलो सूत्र हो वर्तमानमा जिउनु । विशेषतः साधनावस्थामा हामी वर्तमान समयमै रहौँ । विगतका स्मृतिहरू र भावी कल्पनारूतर्फ नबहौँ । सत्यलाई वर्तमान क्षणमा स्थिर रहेर मात्रै जान्न सकिन्छ । हामी विगत र भविष्यतर्फ चिन्तित रह्यौँ भने आफूसँग भएको वर्तमानको जीवित क्षणसमेत व्यर्थै नष्ट हुन्छ । सहजतासाथ जिउनु दोस्रो महत्त्वपूर्ण सूत्र हो । हाम्रा सारा कार्य र व्यवहार कृत्रिम र औपचारिक मात्र छन् । हामी सधैँ एउटा कृत्रिम खोल ओढेर चल्दछौँ । यसरी हामीले आफ्नो वास्तविकता नै बिर्सेका छौँ । अतः सदा सहजतासाथ रहनु आवश्यक छ । सरल एवं सहज जीवनमा नै साधना विकसित हुँदै जान्छ । साधनारत व्यक्तिका लागि तेस्रो महत्त्वपूर्ण सूत्र एक्लै जिउनु हो । एकान्तमा नै साधनाले जन्म लिन्छ । हामी कहिल्यै एक्लै हुँदैनौँ । सदा भीडद्वारा घेरिएर रहेका हुन्छौँ । तर भीडभाडमा रहेर पनि भीडलाई विसर्जित गर्नुपर्छ । यी सूत्रहरूअनुरूप साधनारत रहेमा शान्ति, आनन्द र सत्यानुभूतिका निमित्त चित्तलाई अनुकूल स्थिति बन्दछ । समाधि अवस्थामा पुगेपछि साधनाको जरुरत रहँदैन । अविच्छिन्न परमानन्दको अनुभूति भइरहन्छ । यही मुक्त सच्चिदानन्दको अवस्था हो ।

उपयुक्त साधनास्थल देवघाट धाम

हिमाली काखमा अवस्थित हाम्रो देशमा उपलब्ध असंख्य साधनास्थलहरूमध्ये देवघाट धाम साधना गर्न चाहनेहरूका लागि एउटा उपयुक्त साधनाभूमि हो । परम पावन सप्तगण्डकीहरूद्वारा सिञ्चित एवं पोषित यो भूमि देवी एवं देवताहरूको क्रीडास्थल हो । सदियौँदेखि यो क्षेत्र धेरै साधु, सन्त, महन्त, ध्यानी, योगी र मुमुक्षुहरूका निमित्त तपस्यास्थल, आश्रयस्थल, ज्ञानभूमि, साधनाभूमि, उपासना र कर्मभूमि रहँदैआएको छ । धेरै योगी, साधु र सन्तहरूको सदियौँदेखिको साधनाले यो क्षेत्र अत्यन्तै पावन र तरङ्गित भएको छ । अतः सत्यानुभूतिका लागि साधना गर्ने साधकहरूका निमित्त यो अति उत्तम साधनास्थल हुन सक्छ । यहाँ देवघाट वैदिक आध्यात्मिक सेवा परिषद् नामक एउटा परोपकारी संस्था यस क्षेत्रको सामाजिक, सांस्कृतिक एवं आध्यात्मिक उत्थानका लागि क्रियाशील रहिआएको छ । यसको विकास, विस्तार एवं संरक्षणमा सक्दो सहयोग पुऱ्याउनु शान्ति र सत्यको अनुभूति गर्न चाहने हामी सबैको परम कर्तव्य हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधामको छोटो परिचय

✍ राजेन्द्र लम्साल 'हिमांशु'

तीर्थमयी नेपाल जननीको मध्यभागमा अवस्थित अति पवित्र तीर्थ मानिने देवघाटको नाम नसुन्ने को होलान् । मुक्तिनारायण भगवान्का गण्डस्थलबाट प्रादुर्भूत गण्डकी र तीर्थराज दामोदर कुण्डबाट प्रादुर्भूत कृष्णासँग कागवेनीमा समागम भई विभिन्न क्षेत्रहरूको गरिमा बढाउँदै देवघाट आइपुगेकी कृष्णागण्डकी गोसाईंकुण्डबाट उद्भव भएर वेत्रावती, बूढीगण्डकी, मर्स्याङ्दी, सेती आदि लोकपावनी नदीहरूसँग मिसि आइपुगेकी त्रिशूलीको समागमस्थलको एक गरिमामय नाम हो देवघाट ।

नेपाल अधिराज्यको मध्य भाग मानिने देवघाट धाम समुद्र सतहबाट २०० देखि ५७५ मिटरसम्मको उचाइमा अवस्थित पहाडी र भित्रीमधेशी भू-भागले ओगटेको देखिन्छ । गण्डकी, नारायणी र लुम्बिनी अञ्चलको मिलनबिन्दु देवघाट एक शान्त, सौम्य र प्राकृतिक सौन्दर्यले भरिपूर्ण स्थान हो भन्न मुक्तकण्ठले सकिन्छ । अझ धार्मिक महत्त्व बोकेको देवघाट धामको महत्त्व अवर्णनीय छ । वराहपुराणका अनुसार भगवान् श्रीकृष्णको (मुक्तिनारायण) गण्डस्थलबाट पसिनाका रूपमा त्रिशूल भेदनबाट उत्पन्न भएकी त्रिशूली आदि गौरवशाली नदीहरूको सङ्गमस्थल नै देवघाट हो । वराहपुराणकै अनुसार यस देवघाटलाई देवह्रद र यसलाई नै वटु वाराह तीर्थ पनि भनिन्छ र यस देवघाटको वेणीमा चक्राङ्कित माछाहरू सदा घुमिरहने र यसै तालभित्र छत्तीस वटा सुवर्णमय कमलहरू छन् र यी कमललाई श्रद्धालु पुण्यात्माले मात्र देख्न सक्छन् भनिन्छ ।

त्यस्तै स्कन्द पुराणका अनुसार देवताका पनि देवता भएका महादेव आफ्ना गणहरूले सुशोभित भएर यस पुण्यभूमिमा रहने हुँदा यसलाई देवतीर्थ भनिन्छ । पृथ्वीमा भएका जति तीर्थहरू छन् ती सबै तीर्थहरूभन्दा कोटीगुणा फल यो देवघाटको त्रिवेणीमा स्नान गर्नाले पाइन्छ ।

यहाँ रहेका भग्नावशेष र जनश्रुतिका आधारमा पाल्पाका सेनवंशीय राजा मणिमुकुन्द सेनले देवघाटस्थित वसिष्ठ गुफामा तपस्या गरी समाधि प्राप्त गरेका थिए । देवघाट क्षेत्रको सबैभन्दा पुरानो मन्दिर चक्रेश्वर मानिन्छ । उनै राजा मुकुन्द सेनले वेणीमा स्नान गर्दा भेट्टाएको मानिने सो शिलाको चारैतिर अनौठा चक्रहरू छन् । शाहवंशीय श्री ५ महाराजाधिराजहरूबाट दर्शन गर्न नहुने सो अद्भुत शिला दिनप्रतिदिन वृद्धि हुन्छ भन्ने जनकथन पनि छ । हाल सो शिलालाई चक्रेश्वर महादेवको रूपमा अर्चना गरिन्छ । देवघाट वेणीबाट दक्षिणपर्दा एक ऐतिहासिक स्थल छ– वागीश्वरी । यहाँ मन्दिर र दरवारका अनेकौं भग्नावशेषहरू भेटिन्छन् । यहाँ सिंह साथै नन्दीका पनि धेरै मूर्तिहरू भेटिन्छन् जसले सेनवंशीय राज्यको ऐतिहासिक अवशेषलाई पुष्टि गर्छ ।

देवघाटमा मकर संक्रान्तिमा ठूलो मेला लाग्छ । अरू बेलामा पनि भक्तजन र पर्यटकहरूको घुइँचो लाग्छ । देवघाट जान नारायणघाटदेखि बस चढ्नुपर्छ । रामनगरबाट पनि देवघाट पुग्ने ग्राभेल गरिएको सडक छ । देवघाटमा बस्नको लागि साधारण धर्मशालाहरू पाउन सकिन्छ । नारायणीको कलकल ध्वनि र सिरिसिरे चीसो वतास अनि सदा हरिकीर्तनमय वातावरणमा पुछिएको छ देवघाट । यहाँ आएपछि भक्तजनहरूको मन ज्यादै प्रफुल्ल भएको देखिन्छ । भक्तजनहरूको सुविधालाई ध्यानमा राखी हरिहर आश्रम, गलेश्वर आश्रमले पनि यथाशक्य सहयोग गर्दै आएको पाइन्छ । देवघाट क्षेत्र विकास समितिले पनि यहाँको विकासमा विशेष टेक्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुऱ्याएको छ । यहाँका दर्शनीय स्थलहरूमा चितवनतर्फ राममन्दिर, श्रीराधाकृष्ण मन्दिर, विश्वशान्ति महायज्ञशाला, श्रीशङ्कराचार्य मन्दिर, श्री गुणराजस्मारक राम-कृष्णमन्दिर, श्रीशरणागति आश्रम लक्ष्मीनारायण मन्दिर आदि छन् । तनहुँतर्फ महेश संन्यास आश्रम, हरिहर मन्दिर, गलेश्वर आश्रम, सीता गुफा, वशिष्ठ गुफा, श्री चक्रवर्ती दिव्य शिला, अघोरी आश्रम आदि मुख्य छन् ।

यहाँका सबै देवालयहरूको बखान गरिसाध्य छैन । यी सबै अलौकिक गरिमामय छन् । वास्तवमा देवघाट नेपालको राष्ट्रिय सम्पदा हो । विदेशी सज्जनहरूले समेत श्री गण्डीनन्दन अर्चावतार शालग्राम तीर्थ भन्ने नाम सुन्नासाथ स-श्रद्ध नतमस्तक हुन्छन् । जसले गर्दा हाम्रो देशको गौरव बढेको छ । यस्ता महत्त्वपूर्ण स्थलहरूको भ्रमण गरी यस्ता स्थलहरूको विकास गर्न मन, वचन र कर्मले सहयोग गरौं । यो नै हाम्रो परम कर्तव्य हो ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

अजय कुमार मुडभरी

मुडभरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा. लि. परिवार

Mudbhary And Joshi Construction Pvt. Ltd.
P. Box. No. 1939,
Ph. 241182
Fax. 977-1-22-452
E-mail: mjc@mos. com.np
Tripureshwor, Teku Kathmandu

धार्मिक, आध्यात्मिक एवं सांस्कृतिक समुत्थानको लागि अनुसन्धानमूलक 'देववाणी' पत्रिकाले खेलेको भूमिकाको सराहना गर्दै यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

देवेन्द्र गिरि
सभापति
जि. वि. स. को कार्यालय
घोराही, दाङ्

धार्मिक, आध्यात्मिक एवं सांस्कृतिक समुत्थानको लागि अनुसन्धानमूलक 'देववाणी' पत्रिकाले खेलेको भूमिकाको सराहना गर्दै यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

बलीभद्र राना — मेयर
गणेश श्रेष्ठ — उपमेयर

त्रिभुवन नगरपालिका
घोराही, दाङ्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शालग्राम शब्द निर्वचन एवं शालग्राम उत्पत्ति विमर्श

✍ स्वामी गोपालशरण देवाचार

१. शालेन वृक्षविशेषेण गम्यते ज्ञायते पर्वतविशेषः । गम् गतौ धातुदेखि अकर्त्तरि च कारके संज्ञायामिति यस सूत्रले कर्मणि घञ् प्रत्यय गरेर पृषोदरादि मानेर रेफको संयोग र उपधाको वृद्धि हुँदा ग्राम यो शब्द बन्दछ

धातुहरू अनेकार्थक हुन्छन् । महाभाष्यकार पतञ्जलिले भाष्यमा धातूनामनेकार्थत्वम् भन्नुभएको छ गम्लृ गतौ धातुको अर्थ गति र ज्ञान हुन्छ ।

२. यहाँ शालशब्द दन्त्य सकार भएको पनि हुन सक्छ र तालव्य शकार भएको पनि हुन सक्छ । सल गतौ सल्यते गम्यते यो विग्रहमा कर्ममा घञ् प्रत्यय र अनुबन्धलोप वृद्धि भएर पनि साल शब्द बन्दछ ।

३. सार शब्दवाट पनि साल बन्दछ ।

भूमिनिन्दाप्रशंसासु नित्ययोगेऽतिशायने ।
संसर्गेस्ति विवक्षायां भवन्ति मतुबादयः ॥

यो वचनले सारोऽस्ति अस्मिन् प्रशस्य यस अर्थमा अर्शादिभ्योऽच् यो सूत्रले सार शब्दबाट अच् प्रत्यय टिलोप ऋलृवर्णयोर्मिथः सावर्ण्यं वाच्यम् यो वार्तिकले ऋ र लृको परस्परमा सवर्णसंज्ञा भयो । यो व्याकरण सिद्धान्तअनुसार ऋवर्ण र लृवर्ण एकै सम्झिइन्छन् । सार शब्दवाट साल शब्द बन्दछ ।

४. रायमुकुटले निघण्टुमा पुंसि भूः सहमात्रेऽपि सालो वा वर्णसर्जयोः यो वचनले साल वृक्ष वर्ण सर्जक पनि वाचक हो । साल वृक्षमात्रमा हुन्छ । प्राकारे सर्जकद्रुमे यो विश्वकोषको वचनले साल शब्दले वृक्षान्तर र दूर्गलाई पनि बुझाउँछ भने कुरा बुझाउँछ ।

५. शल गतौ यस धातुदेखि शलति वायुना चलतीति यस विग्रहमा ज्वलति कसन्तः यो सूत्रले ण प्रत्यय गर्दा शाल शब्द बन्दछ । यसको अर्थ हुन्छ– हार, नृपति, मत्स्यविशेष, वृक्षविशेष आदि । शालो हारे नृपे मत्स्य प्रभेदेसर्जपादपे यो विश्वकोषवचन नै त्यस कुरामा प्रमाण छ ।

६. शाल शब्द व्युत्पन्न र अव्युत्पन्न दुवै पक्षमा बन्दछ ।

विष्णु भगवान्को अवतार विशेषलाई शालग्राम भनिन्छ । भगवान् शालग्राम हामी सबैको लागि अर्चावतार हुनुहुन्छ । कञ्चनसलिला कृष्णा गण्डकीले हर क्षण शालग्रामलाई स्नान गराइरहेकी छिन् । कृष्णा गण्डकीको पावन तटमा मात्र शालग्राम पाइन्छन् । विश्वको कुनै पनि कुनाको हिन्दु मन्दिरमा शालग्राम पुजिन्छन् शालग्रामको यस किसिमको ठूलो महत्त्व छ । हामीले विचार गर्नुपर्ने भएको छ कि कतै शालग्राम हाम्रो दशाम भिल्लको देशमा मणि त भएको छैन ? त्यसैले शालग्रामको महत्त्व बुझौं र त्यसअनुसार आचरण-व्यवहार गरौं ।

सोमेश्वर र शालग्राम दुई पर्वत छन् । तिनमा सोमेश्वर पर्वत भगवान् शङ्करको स्वरूप र शालग्राम पर्वत भगवान् विष्णुको स्वरूप हुन् । रेवा नामकी नदीले भगवान् शङ्करको वात्सल्यभावले आराधना गर्दै तपस्या गरिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र भगवान् प्रसन्न हुनुभयो र वर माग भन्नुभयो । रेवाले हजुर मेरो छोरो हुनुहोस् भनी वर मागिन् । भगवान्ले विचार गर्नुभयो– म कसैको पनि छोरो होइन, म त अजन्मा हुँ, म कसरी कसैको छोरो हुने । उहाँले भन्नुभयो– हे देवी गजानन (गणेश)लाई अगाडि गरी लिङ्ग स्वरूपले तिम्रा गर्भमा तिम्रो छोरो भई म बस्नेछु । मेरी तिमी अपरा शक्ति स्वरूपले प्रख्यात भएकी जलमयी शिवा हौ । शिव-शक्तिका भेदले म शिव मेरी शक्ति तिमी अर्थात् म शक्तिमान हुँ तिमी मेरी अनपायिनी शक्ति हौ । हामी एकै ठाउँमा बस्नेछौँ । यस प्रकार वरदान पाएपछि रेवा शिवको सान्निध्यमा रहिन् र त्यस स्थानलाई रेवाखण्ड भनियो ।

शालग्राम पर्वत सर्वनियन्ता भगवान् विष्णुको स्वरूप हो । भगवान् शालग्रामको उत्पत्तिसम्बन्धी कथा यस प्रकार छ । गण्डकी नदीले सुकेका पात, हावा खाई, वात्सल्यभावले ओतप्रोत भई तपस्या गर्नुभयो । शालग्राम पर्वतले दर्शन दिनुभयो र भन्नुभयो– हे सुव्रते ! म तिमीसँग अत्यन्त प्रसन्न छु । आफूले चाहेको वर माग ।

भगवान्लाई आफ्नो अगाडि देखी गण्डकीले भक्तिले नम्र भएर दण्डवत्का साथै स्तुतिपाठ गर्नुभयो– हे भगवन् हजुरले दर्शन दिनुभयो । अहो मेरो कति भाग्य, ठूला योगीहरूले पनि दर्शन पाउन सक्दैनन् । हजुरबाट नै यो चराचर स्थावर-जङ्गम जगत्को सृष्टि भइरहेको छ । आदि र अन्त नभएका जुन वेदगम्य ब्रह्म भनिन्छ हजुर उही हुनुहुन्छ ।

भगवान् विष्णुले गण्डकीलाई तिमी के माग्छौ भन भन्दा गण्डकीले भन्नुभयो– हे देव ! यदि मसँग प्रसन्न हुनुहुन्छ भने मेरो गर्भमा आई मेरो सुपुत्र हुनुहोस् ।

भगवान्ले भन्नुभयो– म तिम्रो गर्भमा शालग्राम शिलारूप छोरो भएर निवास गर्छु र मेरो सान्निध्य प्राप्त गरेकी तिमी सबै नदीहरूमा उत्तम मानिनेछौ । तिम्रो दर्शन, स्पर्श, स्नान, पान, अवगाहन गर्नाले वाणी, मन, शरीरबाट भएको महापाप हरण हुनेछ । जुन व्यक्तिले वेदमन्त्रहरू पढेर विधानपूर्वक स्नान गर्छ, देवता र ऋषिहरूको पूजा गर्छ भने ऊ ब्रह्मधाम जान्छ । यस स्थानमा कसैले पितृहरूको तर्पण गर्छ भने उसले आफ्ना पितृहरूलाई तारी दिव्य वैकुण्ठ धाम पठाउँछ । त्यसै गरी मलाई सम्झँदा-सम्झँदै तिम्रो तिरमा प्राण त्याग गर्दछ भने ऊ मेरो दिव्य धाम वैकुण्ठमा आउँछ । यस प्रकार कृष्णालाई वर प्रदान गरी भगवान् विष्णु अन्तर्धान हुनुभयो ।

शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औँ शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

श्री सागरमान तुलाधर
जुजु रेडिमेड गार्मेन्ट परिवार
न्यूरोड, काठमाडौँ
फोन नं. ४२२३००४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धामको विकासको लागि गर्नुपर्ने कार्यहरू

✍ विष्णुप्रसाद धिता

जुन बेला देवघाट विकास समितिको परिकल्पना भएकों थियो, त्यस बेला समितिको उद्देश्य ज्यादै विशा र समयानुकूल थियो । तर कालान्तरमा कार्यान्वयन पक्ष हेर्दा सोबमोजिम कार्य भएको देखिंदैन । देवघाट क्षेत्रको विकासको लागि प्रमुखतः निम्नलिखित कार्यहरू गर्नु आवश्क देखिन्छ–

१. देवघाट धाम पवित्र तीर्थस्थल भएकोले त्यसको ढाँचा विभिन्न क्षेत्रका विशेषज्ञहरूको सल्लाह लि मास्टर प्लान बनाएर तदनुरूप गरिनुपर्छ ।

२. त्यस क्षेत्रमा मानिसहरूले जथाभावी जमिन अतिक्रमण गरेका छन् । यो क्रमलाई तत्का रोक्नुपर्छ । अतिक्रमण गरी बसेकाहरूलाई उनीहरूको व्यवसाय हेरी उनीहरूको व्यवस्था गर्नुपर्छ कुनै न कुनै कारणबाट सुकुम्वासी भई बसेकालाई यदि तिनीहरू श्रमजीवी हुन् भने तिनको बसोबासको छुट्टै व्यवस्था गर्नुपर्छ ।

३. गणेशस्थानको वरिपरि पुरातात्त्विक महत्त्व भएका ठाउँमा सुकुम्वासीका नाउँमा जमिन अतिक्रमण ग दिनु हुँदैन ।

४. देवघाट क्षेत्रमा विभिन्न आश्रमहरू चलिरहेका छन् । तिनीहरूको कार्य निर्धारित गरिएको हुनुपर्छ निर्धारित कार्य ती आश्रमहरूले नियमित रूपमा सञ्चालन गर्नुपर्दछ ।

५. देवघाट क्षेत्र विकास समितिको नियम-कानुन तयार गरी त्यो क्षेत्रभित्र कार्य सम्पादन गर्ने अख्तियार सो समितिलाई दिनुपर्छ ।

६. संयमित तथा सहयोगात्मक हिसाबले कार्य सम्पन्न गर्नको लागि विभिन्न प्रतिनिधिहरूको समन्व मिलाई काम गर्नुपर्दछ । समन्वयको अभाव शून्य भएको अवस्था रहिरहन दिनु हुँदैन ।

७. देवघाट धाममा रहेको श्मशान घाटको राम्रो व्यवस्था गर्नुपर्छ ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

बुद्धिरत्न बज्राचार्य

मेयर

तथा ललितपुर उपमहानगरपालिका परिवार, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधाम र यसको आध्यात्मिक महत्त्व

✍ खोमराज नेपाल

प्रकृति र अध्यात्मको बीच गहिरो सम्बन्ध रहेको हुन्छ । जुन ठाउँको प्रकृति, प्राकृतिक वातावरण, परिवेश सुन्छर हुन्छ, त्यस वातावरणभित्र आध्यात्मिकता पनि लुकेको हुन्छ । अत्यासलाग्दो, उराठलाग्दो, कोलाहल एवं अशान्ति, असुरक्षा र सन्त्रासपूर्ण स्थानमा आध्यात्मिक वातावरण पनि हुन सक्दैन । जहाँ सुन्दर, शान्त, हरियालीपूर्ण वनजङ्गलले ढाकिएको कलकलाउँदै, सुसाउँदै बगेका नदीनाला-झरनाहरू भएको एवं गुफा तथा पशुपंछीहरूको मधुर ध्वनि सुनिने स्थान हुन्छ त्यस्तो स्थानमा अवश्य पनि आध्यात्मिक भावना फस्टाउन सक्छ । यस्तै अनुपम प्राकृतिक स्थानहरूमध्येको एक हो देवघाट धाम । वास्तवमा सृष्टिकर्ता परमेश्वरले विशेष ध्यान दिएर निर्माण गरेको जस्तो भान हुन्छ यो पवित्र स्थान । दुवैतिर पवित्र नदी बगेका, हरिया वनजङ्गल र जीवजन्तुले भरिएको अलौकिक दिव्य धाम हो यो देवघाट धाम ।

पुराणादि शास्त्रहरूमा यस स्थानको बढो महिमा वर्णन गरिएको छ । यहाँ सम्पूर्ण देवी-देवताहरूले विचरण गर्दछन् भन्ने कुरा शास्त्रमा वर्णन गरिएको छ । यहाँ ठूला-ठूला ऋषिमुनिहरूले तपस्या गरेका थिए भनिन्छ । थोरै समयको लागि पनि यस स्थानमा पुगी स्थिरचित्त भई ध्यानमग्न हुँदा वास्तवमै अपूर्व शान्ति मिल्दछ । यसैले जीवनको उत्तरार्धमा मानिसहरू प्रायः यसै दिव्य धाममा आई जीवनलीला पूरा गर्न लालायित रहन्छन्, जुन कुरा हालको त्यहाँको गतिविधि र वातावरणलाई अवलोकन गर्दा पनि सहजै अवगत गर्न सकिन्छ ।

नेपालमा अन्यत्र पनि यस्ता स्थानहरू नभएका होइनन् । रिडी, राम्दी, त्रिवेणी, बराह क्षेत्र, वाल्मीकि आश्रम लगायतका थुप्रै धार्मिक, पौराणिक एवं ऐतिहासिक महत्त्व बोकेका तीर्थस्थलहरू विद्यमान छन् । तर, सबैभन्दा विशेष महत्त्व र महिमा बोकेको स्थान हो देवघाट धाम । देवघाट भन्ने नामैले पनि यस स्थानको विशेषता झलिकिन्छ भने यो स्थान सप्तगण्डकीको सङ्गममा पर्दछ साथै यसकै दक्षिणतर्फ समीपैमा पाल्पाली राजा मणिमुकुन्दसेनले निर्माण गरेको प्रसिद्ध ऐतिहासिक कालिका मन्दिर शोभायमान छ भने यस परिसरभित्र थुप्रै मठमन्दिर, यज्ञशाला, पाठशाला एवं विविध धार्मिक महत्त्वका वस्तुहरू विद्यमान रहेका छन् । यी सब कारणले गर्दा यस क्षेत्रको विशेष महिमा रहेको कुरामा दुईमत हुन सक्दैन । सहर-बजारको कोलाहलबाट टाढा रहेको सबै प्रकारका प्रदूषणमुक्त, अधिकतम समय शङ्ख-घण्टको ध्वनि सुनिने, भगवन्नाम सङ्कीर्तन, वेदाध्यन, प्रवचन भैरहने यो स्थान ज्यादै रमणीय छ । यसै कारणले यस स्थानको देवघाट नाम सार्थक देखिन्छ ।

यस दिव्य स्थानमा महात्माहरूका आश्रम, सन्न्यास आश्रम, वानप्रस्थहरूका साधना कुटीहरू एवं बटुक ब्रह्मचारीहरूको अध्ययनको लागि आश्रम विद्यालयहरू पनि रहेका छन् । ब्रह्मलीन प्रसिद्ध सन्त गलेश्वर बाबाको स्मृतिमा स्थापित गलेश्वर आश्रम पनि यहाँ रहेको छ, जहाँ साधु-सन्तहरूका अतिरिक्त ब्रह्मचारी विद्यार्थीहरूको लागि निःशुल्क भोजन र आवासको प्रबन्धसहितको पठन-पाठनको समुचित व्यवस्थायुक्त विद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सञ्चालन भइरहेको छ । असहाय वृद्ध-वृद्धाहरूको लागि यहाँ एक वृद्धाश्रम पनि सञ्चालित छ । धार्मिक दिनचर्यासहित जीवनयापन गर्न चाहने वृद्धवृद्धाहरूलाई यहाँ आश्रय प्रदान गरिन्छ । डा. स्वामी रामानन्द गिरिज्यूले निर्माण गराउनुभएको एक वानप्रस्थाश्रम पनि देवघाटमा विद्यमान छ । यसमा निश्चित रकम प्रदान गर्नेलाई आवश्यक सुविधासहितको फ्ल्याट उपलब्ध गराइन्छ । यसको अतिरिक्त यहाँ विभिन्न भक्तजन र साधनार्थी गृहस्थी वानप्रस्थहरूका व्यक्तिगत निजी आवास गृहहरू, साधना कुटीहरू पनि प्रशस्त छन् । उनी अहर्निश परमेश्वरको जप, ध्यान, कीर्तन एवं आध्यात्मिक चिन्तन-मनन हुने गर्दछ । यस्ता धार्मिक-आध्यात्मिक क्रियाकलापले देवघाट धामको अलौकिक महिमाको शोभा बढाइरहेको पाइन्छ । यस तीर्थस्थलका निवासीहरूले समय बिताउन कुनै गाह्रो हुँदैन । किनभने यहाँ नित्य विद्वान् महात्माहरूद्वारा धार्मिक, आध्यात्मिक विषयमा प्रवचन, कथावाचन, सत्सङ्गहरू भइरहन्छन् । ती सत्सङ्ग कार्यहरूमा लागेपछि समय बितेको पत्तै हुँदैन ।

भौतिक जीवनमा उच्च सफलता प्राप्त गरेका राष्ट्रिय जीवनमा ख्यातिप्राप्त व्यक्तित्वहरू, पूर्व प्रशासकहरू, प्राध्यापकहरू, कवि, साहित्यकार एवं राजनीतिज्ञहरू जीवनका पूवार्द्धमा राष्ट्र र समाजको लागि मूल्यवान् भई अर्पेर थाकी जीवनको उत्तरार्द्धमा शान्तिपूर्ण जीवन बिताउनका लागि यस स्थानमा साधनाकुटीमा बसी साधनामार्गमा लागेका देखिन्छन् । यसरी यहाँ आउनेमा कोही अस्थायी रूपमा केही समयको लागि आएका हुन्छन् भने केही स्थायी रूपमा यहीँ निवास गर्ने गर्दछन् । यसरी हामी देख्दछौँ कि यो धाम सबैको आकर्षण, श्रद्धा एवं आस्थाको स्थल हुन पुगेको छ ।

यस धार्मिक, आध्यात्मिक तीर्थस्थानको लागि ठोस नीतिनिर्माण गरी निश्चित योजना र कार्यक्रम बनाई सर्वाङ्गीण एवं बहुउद्देश्यीय विकासका निमित्त देवघाट क्षेत्र विकास समिति पनि श्री ५ को सरकारले निर्माण गरेको छ । छुट्टै ऐन नियम बनाएर यसका अधिकार र काम-कर्तव्य पनि तोकिइको छ । यसका अध्यक्षमा समाजमा ख्यातिप्राप्त सम्बन्धित विषयका ज्ञातामध्येबाट एक जनालाई अध्यक्ष र अन्य केही सदस्य मनोनित गरिन्छ । केही पदेन सदस्य हुने गर्दछन् । जस्तो छिमेकी जिल्लामध्ये सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरू एवं जिल्ला सभापति एवं मेयर तथा उक्त क्षेत्रभित्रका गाविस अध्यक्षसमेत त्यस समितिमा सदस्य हुने प्रावधान रहेको छ । यो समिति कायम भई कार्यरत नै छ । सरकार परिवर्तनका साथ यसमा पनि थपघट भइरहन्छ । यसरी समिति कार्यरत हुँदाहुँदै पनि केही कठिनाइ र कमीका कारण अपेक्षा गरेअनुसारको काम गर्न नसकिएको तथ्य सबैको सामु छर्लङ्ग छ । प्रमुख बाधा दक्ष जनशक्ति र आर्थिक अभाव नै हो । यी सब कठिनाइ र अभावका बावजूद केही राम्रा कामहरू पनि भएका छन् । यसरी नै हुँदै जानेछ भन्ने हामी आशा राख्दछौँ । यस दिव्य धामको आकर्षण र मोहले गर्दा यस पंक्तिका लेखकलाई पनि यस अलौकिक धाममा सानो कुटी बनाई बाँकी जीवन बिताउन पाए हुन्थ्यो भन्ने उत्कट चाहना छ । त्यो कुरा पूरा हुन्छ हुँदैन, भगवान्कै कृपामा निर्भर छ ।

स्थान जतिसुकै सुन्दर, शान्त भए पनि त्यो स्थान दिव्य अलौकिक हुने भन्ने कुरा त्यहाँ निवास गर्ने मानिसहरूको आचरण, व्यवहार र दिनचर्यामा भर पर्ने कुरा हो । साथै ती मानिसहरूको आचरण र दिनचर्याबाट बन्ने वातावरण परिवेशमा भर पर्ने कुरा हो । त्यस कारण त्यो ठाउँ असल छ भन्नु भन्दा पनि त्यहाँ रहने मानिसहरू कस्ता छन्, के गर्दछन्, उनीहरूको दैनिकी कस्तो छ यस कुरामा ध्यान दिनुपर्छ । अतः असल उद्देश्य र ध्येय लिएर त्यस स्थानमा निवास गर्ने र सोहीअनुसारको कर्म गर्ने हो भने मात्र यस देवघाट धाममा रहनु सार्थक हुन्छ । देवघाटमा सामान्य आउने-जाने गर्नाले र बस्नाले मात्र खास अर्थ राख्दैन । देवघाट धाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषता आध्यात्मिकतासँग गाँसिएको हुनाले यस सम्बन्धमा मनुष्यको अन्तिम आध्यात्मिक लक्ष्य के हो ? कसरी प्राप्त गर्ने एवं उपाय कस्तो हुनुपर्दछ ? यस सम्बन्धमा केही चर्चा गर्न चाहन्छु ।

परमेश्वरद्वारा रचित यस चराचर जगत्मा मनुष्य सर्वश्रेष्ठ रचना हो । यस संसारमा मनुष्य नै एक यस्तो प्राणी हो जो आफ्नो बौद्धिक मानसिक क्षमताद्वारा अन्य प्राणीभन्दा विशिष्ट पहिचान राख्दछ । उसले आफ्नो बुद्धि-विवेकद्वारा हित-अहित उचित-अनुचित एवं विधि-निषेधको पालना गर्दै आफ्नो जीवनको लक्ष्यलाई प्राप्त गर्न सक्दछ । यस चराचर जगत्को सृष्टिकर्ता ब्रह्माजीलाई जगत्को सृष्टि गरेर पनि सन्तोष भएन, तब उहाँले मनुष्यको रचना गर्नुभयो । आफूले सृष्टि गरेको मनुष्यलाई देखेर उहाँ अति प्रसन्न हुनुभयो । कारण उहाँले सम्झनुभयो कि यसै मनुष्यले नै आफ्नो पुरुषार्थद्वारा ईश्वरलाई प्राप्त गर्न सक्दछ । जे-जति उत्तम कार्य गरी उच्च स्थानमा मानिस पुग्न सक्छ त्यो सबै यसै मानव देहबाट सम्भव छ । अरू प्राणीको शरीर धारण गरेर सम्भव हुँदैन । त्यसैले भागवतमा भनिएको छ–

नृदेहमाद्यं सुलभं सुदुर्लभम् ।

मानिसको शत्रु र मित्र अरू कोही होइन । शास्त्र प्रतिपादित असल कर्म गरेर आफ्नो उद्धार गर्न सक्यो भने मित्र भयो, कमसल कर्म गरी आत्माको अवसादन गरायो भने त्यो आफ्नै शत्रु हुन्छ । त्यसैले गीतामा भगवान्श्रीकृष्ण भन्नुहुन्छ–

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥

कठोपनिषद्मा मनुष्यको लागि श्रेय र प्रेय यी दुई मार्गको निरूपण गरिएको छ–

श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ सम्परीत्य विविनक्ति धीरः ।
श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद्वृणीते ॥ २ ॥

अर्थात्, मनुष्यको अगाडि श्रेय र प्रेय दुई मार्ग छन् । विवेकशील व्यक्तिले ती दुवैको स्वरूपलाई राम्रोसँग विचार गरेर ती दुईलाई पृथक्-पृथक् रूपमा जान्दछ । बुद्धिमान् मनुष्यले प्रेय-भोग साधनको अपेक्षा श्रेय अर्थात् परमकल्याण साधनलाई नै उत्तम सम्झेर ग्रहण गर्दछ भने मन्दबुद्धि मनुष्यले लौकिक योग-क्षेमको इच्छाले भोगको साधनरूप प्रेयलाई नै वरण गर्दछ । सारांश के भने उपनिषद्को मान्यताअनुसार श्रेय परम शुभ हो भने प्रेयमार्गको अवलम्बनबाट इच्छाको पूर्ति भई सुख प्राप्त हुन्छ । श्रेयको परिणाम आत्मसाक्षात्कार हो । आत्मसाक्षात्कारबाट अविद्याको नाश हुन गई ज्ञानको प्रकाशन हुन्छ । यस प्रकार उपनिषद्मा श्रेय मार्गको अवलम्बन अनुगमनलाई नै आत्मज्ञानको साधन बताइएको छ ।

नैतिक जीवन एवं कर्मको बीचमा अन्योन्याश्रित सम्बन्ध स्थापित गर्दै निष्काम कर्मलाई नै उत्तम मार्ग मानिएको छ । सम्पूर्ण सांसारिक पदार्थमा ईश्वरीय सत्ताको दर्शन गर्दै निष्काम कर्म गर्नु नै मोक्षको श्रेणी हो । तप, दम, निष्काम कर्म एवं श्रवण, मनन एवं निदिध्यासन नै मोक्षका साधन हुन् । सत्य मोक्षको प्रतिष्ठा हो । सत्याचरण सत्यवादिता नै नीतिको आधार हो । निष्काम कर्म एवं सत्याचरण गर्ने साधक नै मोक्षको अधिकारी हुन्छ । समय भएपछिको गृहस्थले पुत्रैषणा, वित्तैषणा एवं लोकैषणालाई त्याग गरेर वानप्रस्थको धर्म निर्वाह गर्नुपर्दछ । शम, दम, तितिक्षा र समाधि आत्मज्ञानको लागि परमावश्यक हुन्छ । श्रद्धावान् लभते ज्ञानं भनिएको छ । परम ज्ञानको उपदेश दिँदै गीतामा भनिएको छ आत्मा कहिल्यै जन्मदैन र मर्दैन, शरीरको नाश भएर पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्माको नाश हुँदैन । जसरी मनुष्यले पुरानो वस्त्रलाई त्यागेर नयाँ वस्त्र धारण गर्दछ । त्यसरी नै जीवात्मा पुरानो शरीरलाई त्यागी नयाँ शरीर धारण गर्दछ । हो, यही पुरानो शरीरलाई त्यागी नयाँ शरीर धारण गर्नु नै जन्म-मृत्यु भनिन्छ । यो जन्म-मृत्यु शरीरसित सम्बन्धित कुरा हो, आत्मासित होइन । आत्मा जन्ममृत्युरहित अजर, अमर, नित्य, सनातन र चैतन्य स्वरूप छ । कायिक, वाचिक एवं मानसिक तीन प्रकारका तप हुन्छन् । तीन प्रकारका सात्त्विक तप नै परमार्थका सोपान हुन् । वानप्रस्थ एवं सन्न्यास यसै परमार्थ सोपान निर्माणका लागि आधार हुन् ।

देवघाट धाममा निवास यसै परमार्थ साधन परमार्थ सोपान निर्माणका लागि हुनुपर्दछ । अनि मात्र देवघाट धामको बसाइको सार्थकता हुन सक्दछ । अन्यथा देवघाट धाम र अन्य आधुनिक विकसित सुख-सुविधायुक्त नगरको बीचमा भिन्नता नै के हुन सक्दछ ।

साधकले यो निश्चय गर्नुपर्दछ कि जीवात्मा र परमात्मामा नि:सन्देह कुनै भेद छैन । दुवैमा एउटै आत्मा छ, भेद छ त उपाधिको । जीवको उपाधि अन्तस्करण हो र परमेश्वरको माया । जीवको उपाधि सानो छ र परमेश्वरको ठूलो यसै कारण परमेश्वरका सर्वज्ञता आदि धर्म जीवमा हुँदैन । जीवात्मा र परमात्मा पनि एक हो यसमा शङ्का छैन । सारांश के भने जीवात्मा परमात्मा तथा समस्त जगत्मा व्याप्त चेतना एक ब्रह्म हो । जो यस सत्यको गहिराइमा पुगेर ज्ञान प्राप्त गर्दछ, उसले कसैसँग पनि रागद्वेश गर्दैन ।

जो ब्रह्म सूक्ष्मभन्दा सूक्ष्म तथा नित्य छ, त्यो तिमी नै हौ तिमी त्यही हौ, यसै सत्यलाई हृदयदेखि साक्षात्कार गर्नसके जीवात्मा स्वत: सिद्ध हुन्छ । देवघाट धाममा बसेर यसै सत्यको प्राप्तिमा समर्पित हुनुपर्दछ र यसैले देवघाट धामको सार्थकता र आध्यात्मिक महत्त्व हुन सक्दछ ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

राजेशकाजी श्रेष्ठ
अध्यक्ष
नेपाल चेम्बर्स अफ कमर्स
परिवार, कान्तिपथ काठमाडौं

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

आङ्छिरिङ् शेर्पा
अध्यक्ष
एवं नेपाल पर्वतारोहण संघ परिवार
नागपोखरी नक्साल
P. Box. 1435, Nagpokhari, Kathmandu, Nepal
Tel. 4434525, 4435442
Fax: 977-104434578
E-mail: peaks@nmaulin.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



एकताक्षेत्र देवघाटधाम

✍ डा. टीकाराम पन्थी

वैदिक युगदेखि औपपुराणिक युगको अन्तसम्म लेखिएका रामायण, महाभारत, पुराणहरू र उपपुराणहरूजस्ता ग्रन्थहरूमा वर्तमान नेपाल अधिराज्यको सुस्पष्ट चित्र देख्न पाइन्छ । तिनैमध्ये पनि सुविस्तृत वर्णन वराहपुराण र गणेशपुराणमा पाइन्छ । वराहपुराण (अ. १४४, १४५, १४६)मा मुक्तिक्षेत्रदेखि त्रिवेणीसम्मको सविस्तर वर्णन छ । त्यहाँ कृष्णागण्डकीका दायाँ र बायाँ तटमा पर्ने पवित्र तीर्थहरूको रमणीयता र पवित्रताको साथै पूरै सप्तगण्डकीको धार्मिक महिमा प्रदर्शित छ । यो सम्पूर्ण गण्डकी क्षेत्र एकताको क्षेत्र हो । सृष्टिकालदेखि आजसम्म पावन यस क्षेत्रको एकतासम्पादनसम्बन्धी कुराहरू सूत्रात्मक रूपमा प्रस्तुत गर्ने चेष्टा हो यो लेख ।

१. वराहपुराणअनुसार सत्ययुगमा भगवान् विष्णुले वैकुण्ठबाट हिमालयको मुक्तिक्षेत्रमा आएर ध्यानस्थ भई दीर्घकालसम्म तप गर्नुभयो । विष्णुको अभावमा असहाय बनी रिक्तताको अनुभव गर्ने सम्पूर्ण तेत्तीस कोटी देवता त्यहीँ आए । देवताहरूको होहल्लाले भगवान् विष्णुले आँखा खोल्नुभयो । उहाँका निधार र गालामा चिटचिट पसिना आए । तिनै गाला (गण्ड)का पसिनाबाट नदी बगिन्, गण्डबाट बगेकी हुँदा नदीको गण्डकी नाम भयो । यसरी सर्वप्रथम सम्पूर्ण देवताहरू एकै ठाउँमा भेला भएको एकता-क्षेत्र हो यो ।

२. वराहपुराणअनुसार कृष्णगण्डकीले देवीको रूप बनाएर हिमालयमा ध्यानस्थ भई हजारौँ वर्षसम्म भगवान् विष्णुको आराधना गरिन् । तपस्विनी गण्डकी देवीले सुकेका पात खाएर र वायु आहार गरेर ठूलो तप गरेपछि उनीबाट प्रसन्न भएका भगवान् विष्णु प्रकट भई वरदान माग भन्दा गण्डकीले "हजुर मेरो गर्भगत पुत्र हुनुहोस्" भनी वरदान मागिन् । भगवान् विष्णुले तथास्तु भनी वर दिनुभयो र उहाँ स्वयं गण्डकीको जलमय गर्भमा, गण्डकीका पेटमा चक्राङ्कित शालग्राम भएर बस्न थाल्नुभयो । त्यसपछि सम्पूर्ण तेत्तीस कोटि देवताहरू विभिन्न आकार भएका शालग्रामको रूपमा गण्डकी माताका पेटमा बस्न थाले । यसरी गण्डकी सम्पूर्ण देवताहरूकी आमा बनिन्, देवताहरू सन्तान बने । यो भयो सान्तानिक वा पारिवारिक एकता । देवतामात्र होइन, ऋषिमुनिहरू, वेदहरू, यज्ञहरू र तीर्थहरू पनि गण्डकीको जलमय गर्भमा बस्न थालेका थिए ।

३. गण्डकी क्षेत्रमा देवताहरू मात्रै होइन, दैत्य, दानव, असुर, राक्षस, पिशाच, गुह्यक, गन्धर्व, अप्सरा, आदि पनि आउने-जाने गर्दथे । भारतवर्षमा मानवसमाज व्यवस्थित भएपछि, राज्यव्यवस्था सुरु भएपछि राजर्षि भरत आदि अनेक राजाहरू र साधारण मानिसहरू पनि आफ्ना आयुको तेस्रो भागमा छोराहरूलाई राज्य वा गृहव्यवस्थाको जिम्मेदारी सुम्पेर वानप्रस्थी बनेर गण्डकीतटमा बस्ने गर्दथे । यसरी यो वानप्रस्थाश्रमीय एकताको क्षेत्र हो ।

४. वराहपुराण अनुसार देवघाटको नाम "देवाट" हो । देव + अट = देवाटः, जहाँ देवताहरू घुम्दछन् । देवा अटन्ति यत्र भन्ने विग्रहमा अधिकरणमा अट् धातुमा घञ् प्रत्यय लागेर देवाट शब्द बन्दछ । यसरी त्यस ठाउँलाई देवदम्पतीको पर्यटनस्थल वा घुमफिर गर्ने क्षेत्र त्यहाँ बताइएको छ । वराहपुराणको वर्णनअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुको गण्डस्थल (गाला)बाट बग्ने काली गण्डकी विष्णुमूलक हुन् । मुक्तिक्षेत्रदेखि देवघाटसम्म, कालीगण्डकी मिसिने सम्पूर्ण खोलाहरू, छहराहरूको क्षेत्र विष्णुक्षेत्र हो, अर्को शब्दमा हरिक्षेत्र हो । भगवान् शिवको जटाजूटबाट (माछापुछ्रेबाट) बग्ने सेती गण्डकी र त्रिशूल, बूढीगण्डकी लगायात ६ वटा गण्डकीहरू शिवमूलक हुन् र तिनका मिसिने समस्त खोलाहरू, छहराहरूको क्षेत्र शिवक्षेत्र वा हरक्षेत्र हो । हरि– विष्णु, हर– शिव, यी दुवैको सङ्गमस्थल देवघाट हरिहरक्षेत्र हो । यसैको नामान्तर देवाट क्षेत्र हो । वाराहपुराणले दुवैतर्फबाट आई मिसिने काली-सेती-गण्डकीको सङ्गम – ह्रदलाई विशिष्ट पवित्र तीर्थ मानेको छ र त्यसभन्दा उँभोतर्फको (हाल तनहुँ जिल्लामा पर्ने क्षेत्र)लाई देवदम्पतीहरूको भ्रमणक्षेत्र मानेको छ । त्यहाँ बताइएअनुसार शिव-पार्वती, विष्णु-लक्ष्मी, इन्द्र-इन्द्रायणीलगायत सम्पूर्ण देवदम्पती आनन्दसाथ दुई-दुई जना मात्र अर्को साथी नलिईकन यहाँ घुम्ने गर्दछन् । यहाँ दम्पती-दम्पती स्वेच्छया घुम्दछन्, सबै भेला हुने र सभा-सम्मेलन गर्ने गर्दैनन् भन्ने आशय वाराहपुराणमा वर्णित छ । यसरी यो क्षेत्र एकमात्र पर्यटनस्थल हो, पर्यटकीय ऐक्यभावको क्षेत्र हो । यहाँ भ्रमण गर्न आउने कुनै देवदम्पती देवाट आई घुम्दै त्रिवेणीतर्फ झर्दथे भने कतिपय देवदम्पती हरिक्षेत्र (गङ्गागण्डकी सङ्गम)बाट घुम्दै देवाटतर्फ निक्लन्थे । भगवान् रामचन्द्र गङ्गागण्डकीसङ्गम पुगी त्यहाँबाट काठमाडौँ पुग्नुभएको र त्यहाँबाट देवाटतर्फ लाग्नुभएको थियो । उहाँ सीतासँग (दुईजनामात्र) भ्रमणमा आउनुभएको थियो । यसरी भ्रमण पूरा गरी उहाँ अयोध्या फर्कनुभयो भन्ने कथा आनन्दरामायण (राज्यकाण्ड, पूर्वार्ध सर्ग ११-१२)मा पाइन्छ ।

५. वराहपुराणले गण्डकी क्षेत्रलाई शिव र विष्णुको साझा क्षेत्र हरिहरक्षेत्र मानेको छ । यसबारे त्यसमा अत्यन्त रोचक, सारगर्भित र संवेदनात्मक कुराहरू पाइन्छन् । त्यहाँ देवघाटको वर्णन गर्ने सन्दर्भमा भगवान् वराहले पृथ्वीलाई भन्नुभएको छ– "हे पृथ्वी ! तिमी कहिल्यै पनि म (विष्णु) र शिवलाई भेददृष्टिले नहेर्नू । आवयोरन्तरं नास्ति । शिव र म त एउटै परब्रह्मका दुई व्यक्त रूप हौँ, हामी दुवै अभिन्न तद्रूपापन्न एक हौँ । यो कुरा त्यसै ग्रन्थमा अर्को अध्यायमा शिवले रुरुक्षेत्र रिडीको कालीगण्डकीतट भृगुतुङ्गमा तप गर्ने देवदत्त मुनिलाई भन्नुभएको छ– "हे मुने ! तिमीले पहिल्यै म (शिव)लाई विष्णुभन्दा भिन्न सम्झी भेददृष्टि राखेर वैष्णव बनी विष्णुको तपस्या गरेकाले तिम्रो तप भङ्ग भएको हो । हामी शिव र विष्णु एक हौँ । हरि र हर एक पुरुष मान ।" यस प्रकार यो क्षेत्र शैव र वैष्णवहरूको साझा क्षेत्र थियो । गणेशपुराण (उत्तरखण्ड, अध्याय ७० र १२६)मा देवघाटदेखि तलतिर गण्डकीको बायाँ तटवर्ती क्षेत्र, तराई प्रदेश, मिथिला साम्राज्यको सविस्तार वर्णन छ । गणेशपुराण उपपुराण हो, त्यसको रचनाकाल विक्रमको १२ औँ शताब्दी हो । भारतमा त्यस बेला वैदिकधर्मी जनसमाजका शैव, वैष्णव, शाक्त, सौर, गाणपत सम्प्रदाय विकसित भइसकेका थिए । गणेशपुराणमा सौर सम्प्रदाय र गाणपत सम्प्रदायको सविस्तार वर्णन गरेको छ । ती दुवै सम्प्रदाय नाराणी तटको (चितवन मिथिला) भूभागमा, मिथिला साम्राज्यमा विकसित थिए । त्यसमा सौरसम्प्रदायको पतन र गाणपत सम्प्रदायको अभ्युदय देखाइएको छ । गण्डकी क्षेत्र शाक्त सम्प्रदायको पनि आधारभूत क्षेत्र हो । स्कन्दपुराणअन्तर्गत मानिने हिमवत्खण्ड र शक्तिवल्लभको जयरत्नाकर नाटकले गण्डकीलाई पार्वतीका पसिनाबाट बगेकी थिइन् भन्ने सुस्पष्ट रूपमा चित्रित गरेका छन् । गण्डकी स्वयं पनि शक्तिमाता हुन्, भगवान् विष्णुलगायत तेत्तीसकरोड देवताहरूकी आमा हुन् । यस प्रकार शैव, वैष्णव, गाणपत, सौर, शाक्त यी सबैको सामूहिक क्षेत्र हो र साम्प्रदायिक एकताको क्षेत्र हो यो ।

६. देवघाट, नारायणघाट, त्रिवेणी यो भूभागमा खडा भई दुवैतर्फ हेर्दा वैदिक र अवैदिक यी दुवैथरी दर्शनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गमस्थलमा उभिएको भान हुन्छ । गण्डकीको बायाँ भाग अर्थात् पूर्वी तटवर्ती प्रदेश वैदिक वेदान्तदर्शन र अवैदिक जैन दर्शनको सङ्गमस्थल हो । ब्रह्मविद्याका उपासक राजर्षि जनक, वेदान्ती महर्षि याज्ञवल्क्य, ब्रह्मविद् भुज्यु, शाकल्य र ब्रह्मविद् गार्गी जस्ता मनीषी-मनिषिणीहरू मिथिलामा थिए । जैन साहित्य अनुसार १९ औँ तीर्थङ्कर मल्लिनाथ (श्वेताम्बर मतमा मल्लिकुमारी) र २१ औँ तीर्थङ्कर मिथिलाधिपति नमिनाथ त्यहाँ थिए । गण्डकीको पश्चिमी तटप्रदेशतर्फ पर्ने कपिलवस्तुमा वैदिक सांख्यदर्शनका प्रवर्तक कपिलमुनिले आफ्नी माता देवहूतिलाई सांख्यतत्त्व बताएका थिए । त्यहीँ अवैदिक बौद्ध दर्शनका प्रवर्तक सिद्धार्थ गौतमको जन्म भएको थियो । पुराणहरूको वर्णनअनुसार गण्डकीतट, चक्रनदीतटमा पुलहाश्रम थियो । योगी नरहरिनाथ आदि नेपाली विद्वान्हरूको निष्कर्षअनुसार म्याग्दी जिल्लाअन्तर्गत पर्ने पुला गाउँ नै पुलहाश्रम हो, जो गण्डकीको बायाँ तटमा पर्दछ । पुलहाश्रम पनि वेदान्तदर्शनको केन्द्रस्थल हो । अग्निपुराण (अ. ३८०)अनुसार राजा रहूगणलाई अद्वैत ब्रह्मज्ञानी जडभरतले पुलहाश्रममा नै ब्रह्मज्ञान दिएका थिए । देवीभागवत (८।३।१७-१९)अनुसार सांख्यदर्शनका प्रवर्तक आचार्य कपिलमुनि आफ्नी आमा देवहूतिलाई सांख्यतत्त्वको उपदेश दिएपछि हिमालयतर्फ लागी पुलहाश्रममा गई बसेका थिए । स्वायम्भुव मनुका छोरा आग्नीध्र, तिनका नाती ऋषभ र तिनका छोरा भरत पुलहाश्रमकै तपस्वी थिए । पुराणहरूअनुसार ऋषभदेव विष्णुका २४ अवतारमध्ये एक हुन् र जैनदर्शनअनुसार प्रथम तीर्थङ्कर हुन् । जैनहरूका आदिनाथ तीर्थङ्कर भगवान् ऋषभदेवले आफ्ना छोरा भरतलाई राज्य सुम्पेर पुलहाश्रममा गई तप गरेका थिए ।

अभिषिच्य सुतं वीरं भरतं पृथिवीपतिः ।
तपसे स महाभागः पुलहस्याश्रमं ययौ ॥ *(विष्णुपुराण, द्वितीयांश, अ. १ श्लो. २९)*

यस प्रकार, पुलहाश्रम वेदान्त दर्शन, सांख्यदर्शन जस्ता वैदिक दर्शन र जैन दर्शन जस्तो वैदिकेतर दर्शनका प्रवक्ताको साझा क्षेत्र हो ।

दार्शनिक मुनिहरूको मात्रै होइन, कविहरूको पनि सामूहिक क्षेत्र हो यो । दमौलीमा तप गरेर ज्ञान प्राप्त गरेका महर्षि वेदव्यासले भारतका विभिन्न क्षेत्रमा बसी वेद विभाजनका साथै महाभारत र पुराणहरूको रचना गरे । त्रिवेणीका तपस्वी वाल्मीकिले लौकिक संस्कृतमा छन्दोबद्ध गरिएको आदिकाव्य रामायण लेखे ।

७. आधुनिक युगमा पनि गण्डकी क्षेत्रकै राजा बडामहाराज पृथ्वीनाराण शाहले यसै क्षेत्रबाट राष्ट्रिय एकताको पावन कार्य सुरु गरे र सम्पन्न गरे । यो नेपालको राष्ट्रिय एकीकरणकार्य भौगोलिक, राजनीतिक दुवै पक्षमा महनीय, श्लाघनीय थियो र उहाँबाट पूरा हुन बाँकी रहेको काम उहाँकै सुपुत्र बहादुर शाहबाट सम्पन्न भयो । त्यस्तै सम्पूर्ण नेपालीलाई धार्मिक, सांस्कृतिक र भाषिक एकतामा बाँध्ने काम यसै क्षेत्रमा जन्मेका भानुभक्त आचार्यबाट सम्पन्न भयो । यसरी यी दुवै पृथ्वीनाराण शाह र भानुभक्त नेपालीहरूका वन्दनीय स्मरणीय महापुरुष बने एकतामूलक कार्यकै सन्दर्भमा ।

यसरी सांयोगिक रूपमा नै भए पनि सत्य युगदेखि वर्तमान युगसम्म एकत्वसंपादक बनेको यो गण्डकी क्षेत्र भविष्यमा पनि धर्म, संस्कृति, दर्शन, जाति, भाषा, राजनीति आदि नाना पक्षमा अनेकताका प्रश्न उठ्दा एकताको समायोजक बन्नेछ भन्ने हार्दिक अभिलाषा राख्नु हाम्रो धर्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट क्षेत्र र धार्मिक पर्यटन विकास

✍ लक्ष्मीकान्त शर्मा (लकाश) पौडेल

आमुख

नेपाल धेरै प्रकारका सम्पदासम्पन्न मुलुक हो । यस देशमा बग्ने नदीहरू, हिमालय, पर्वत, विभिन्न ताल, कुण्डहरू, धार्मिक र ऐतिहासिक महत्त्व बोकेका तीर्थस्थल- देवस्थल र प्राकृतिक सौन्दर्यपूर्ण पर्वतमाला एवं मनोरम क्षेत्रहरूले यस देशलाई भूस्वर्गका रूपमा प्रस्तुत गरेका छन् । प्राचीन धर्म संस्कृति, ऐतिहासिक महत्त्व र भूगर्भ भित्रका अमूल्य निधिको हेरचाह गरेर महान् देशका वासिन्दा कहलाई मनोकल्पित स्वप्न संसारमा रमाउने नेपालीहरू सँधैभरि यस्तै त रहनुपर्ने होइन ? हामी आशंकाको वृत्तभित्र बाँचिरहने वानी परेका छौँ । यहाँ धेरै प्रकारका योजना बन्दछन् । ती योजना भजाउन विदेशी निकायमा झोली फैलाइन्छ । मुठी, पाथीका रूपमा आएका त्यस प्रकारका दान व्यवाहरिक रूपमा सदुपयोग नहुने गरेको पनि पाइएको छ । आफ्नो स्रोत र साधनमा निर्भर रहेर योजना, तर्जुमा र कार्यान्वयन गर्न सक्ने स्थिति नआएसम्म यस्तै नियति भोग्न नेपालीहरू बाध्य हुनुपर्ने स्थिति छ । "उत्पद्यन्ते विलियन्ते दरिद्राणां मनोरथाः" भन्ने भनाई यहाँ चरितार्थ भएको छ ।

परिचय

यस्तै योजना योजनामा मात्रै सीमित रहेको देवघाट क्षेत्र विकास योजनाको विषयमा केही चर्चा गर्नु प्रासङ्गिक होला । देवघाट नेपाल अधिराज्यको केन्द्र भागमा अवस्थित प्रसिद्ध धार्मिक र ऐतिहासिक क्षेत्र हो । नारायणघाट बजारमा ६ कि. मी. उत्तरमा केन्द्र रहेको यस क्षेत्रका विषयमा पुराणहरू (वराह, स्कन्द, पद्म, हिमवत्खण्ड आदि)मा बृहत् चर्चा पाइन्छ । चितवन, तनहुँ र नवलपरासी जिल्लाको र त्रिशूली आदि नौ गण्डकी र कृष्ण गण्डकी (जसमा नौ गण्डकीको मिलन छ)को संगम भूमि देवघाट वेणी हो । देवघट्ट, गजेन्द्र तीर्थ, त्रिकुटायल, वराह क्षेत्र, चक्रतीर्थ, शालिग्राम क्षेत्र, कदम्ब तीर्थ, देवनदी संभेद, सिद्धाश्रम, शम्भु तपोवन, सप्तर्षि तपोवन आदि-आदि तीर्थहरू यस क्षेत्रमा अवस्थित छन् । यहाँ स्नान गर्नाले ठूलो पुण्य प्राप्त हुन्छ भन्ने धार्मिक विश्वासले विभिन्न पर्वहरू र माघेसंक्रान्तिमा ठूलो मेला पनि लाग्ने गरेको पाइन्छ । समुन्द्र सतहबाट १३१ देखि २७५ मिटरसम्मको उचाइमा रहेको मुख्य धार्मिक क्षेत्रको उत्तरमा ५७५ मी. उचाइसम्मको महाभारत पर्वत श्रृङ्खला छ । भित्रीमधेस र पहाडको धरातल भएको यो भूमि समशीतोष्ण छ । ऐतिहासिक महत्त्वका दृष्टिले पनि यो क्षेत्र महत्त्वपूर्ण मानिएको छ । यहाँ पाइएका प्रमाण र भग्नावशेषका आधारमा यसको प्राचीनता र ऐतिहासिकताको पुष्टि हुन्छ । पाल्पा राज्यको विस्तार भएपछि पाल्पाली राजाहरूको साथमा भूमि रहेको यस क्षेत्रमा राजा मणिमुकुन्दसेन (१५७५)ले यहाँ स्थापना गरेको चक्रेश्वरशिला, मणिमुकुन्देश्वर हरिहर मन्दिर, सीता गुफा, वशिष्ठ गुफा, आदिमा बसेर योग साधना गरेका र राजा सिंहप्रताप शाह पनि अन्तिम अवस्थामा देवघाट आएका अनेक इतिवृत्त यहाँ पाइन्छन् । यस्तै यसको आसपासको परिसरमा अवस्थित वागीश्वरी मन्दिर, गणेश स्थान, मौला कालिका मन्दिर, अघोरी आश्रम, संन्यासी आश्रम, कल्पवास क्षेत्र, वृद्धाश्रम, नदी, वनक्षेत्र आदिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनमोहक र मनोविश्रान्तिपूर्ण दृश्यहरूले यस क्षेत्रको महत्त्व अझै बढाएका छन् ।

विकास योजनाको आवश्यकता

देवघाट धार्मिक एवं पर्यटकीय दृष्टिले पनि अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो । यहाँका प्राचीन एवं पुरातात्त्विक संपदाको संरक्षण र संवर्द्धन गर्नु राष्ट्रको प्रमुख कर्तव्य हो । यसको समयमा संरक्षण नगरिएका कारण कतिपय ऐतिहासिक तथ्य, प्राचीन मन्दिर, मूर्तिहरू, शिलालेख, ताम्रपत्र, प्राचीन मुद्रा, प्राचीन दरवारका अवशेष आदि पृथ्वीको गर्भमा विलिन हुन पुगिसके । यसको अझै राम्रो संरक्षण गरिएमा यस क्षेत्रले हाम्रो गौरव वृद्धि गर्ने कुरामा दुई मत नहोला । निम्न कारणले यसको विकास गर्न आवश्यक छ–

(१) विश्वको एकमात्र हिन्दु राष्ट्रको पवित्र धार्मिक र ऐतिहासिक तीर्थस्थल भएकोले ।

(२) ऐतिहासिक र पुरातात्त्विक संपदाहरूको समयमा उचित संरक्षणका अभावमा नष्ट भएर जाने संभावना भएकोले ।

(३) समयमा योजनाबद्ध विकासको अभावबाट हुन सक्ने भोलिको अव्यवस्थित बसाइ र यस क्षेत्रको पर्यावरणीय समस्यालाई दृष्टिगत गर्नु आवश्यक भएकाले ।

(४) देशमा एउटा धार्मिक र पर्यटकीय क्षेत्रका रूपमा विकासका संभावना बोकेको ज्यादै रमणीय प्राकृतिक स्थान भएकोले । आदि

विकाससम्बन्धी पूर्व प्रयासहरू

प्रारम्भमा पाल्पाली राजा मणिमुकुन्दसेनको राज्यकाल (वि सं १५७५-१६१०) मा यस क्षेत्रको व्यापक विकास भएको आधारहरू पाइन्छन् । पछि आएर वि सं २०२० सालमा स्वर्गीय श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवबाट देवघाट क्षेत्रको विकासबारे तत्कालीन नारायणी अञ्चलाधीशसँग सोधनी भएपछि २०२० साल चैत्र ७ गते यस क्षेत्रको विकासका लागि नारायणी अञ्चलाधीश कार्यलयमा भएको वैठकबाट "देवघाट विकास समिति" को गठन भयो जसमा निम्न महानुभावहरू रहनुभएको थियो ।

१) अध्यक्ष– श्री चन्द्रमान थकाली (अञ्चलाधीश)

२) सचिव– श्री मदनमोहन जोशी (प्रधान पञ्च)

३) सदस्य– श्री डिल्लीराम बाबा (देवघाट)

४) सदस्य– श्री चीजकुमार श्रेष्ठ (रा. पं. स.)

५) सदस्य– श्री लालकुमार श्रेष्ठ (जी. सं . सभापति)

अन्यसदस्यहरूमा– अस्लामी मगर, श्यामकृष्ण प्रधान, सूर्यनारायण मिया, दीनानाथ वैरागी, मैयादेवी श्रेष्ठ, नरेश्वरानन्द शास्त्री, विष्णुलाल प्रधान, चन्द्रध्वज खाँड र मालका हाकिम हुनुहुन्थ्यो ।

यस समितिलाई श्री ५ बाट रू. १००० (दशहजार) रकम र एकहजार रोपनी जग्गा देवस्थलको लागि छुट्याइदिन हुकुमसमेत भएको थियो । यसले तनहुँपट्टि जग्गा छुट्टयाउने र मणिमुकुन्देश्वर मन्दिर परिसर व्यवस्थित गर्ने काम आरम्भ गर्दा-नगर्दै अञ्चलाधीशको सरुवा भयो । कामको सिलसिला अघि बढाउन चितवन पट्टि डिल्लीराम बाबा र पारिपट्टि गलेश्वर बाबाको बीचको सहमतीको अभाव र बाहिरबाट आएको समिति बढी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्रिय नरहेको भन्ने कुरा पछि जानकारी भएको थियो । यसै बेला विश्वशान्ति यज्ञशाला र यसको लागि जग्गा छुट्याउने कामसमेत भयो ।

२०४२ साल पौष ६ गते श्री ५ वीरेन्द्रबाट देवघाटलाई "धार्मिक तथा पर्यटन स्थलको रूपमा विकास गर्ने" भन्ने निर्देशन बक्स भएअनुसार गुठी संस्थानका तत्कालीन अध्यक्ष श्री बद्रीविक्रम थापाको संयोजकत्वमा एक कार्यदल गठन गरियो । यस कार्यदलले यस क्षेत्रको अध्ययन भ्रमण गरी २०४४ साल जेठ १४ गते प्रतिवेदन जाहेर गऱ्यो । यसमा श्री ५ बाट बक्स भएबमोजिम निम्नबमोजिम गर्ने भन्ने भएको थियो–

१) देवघाट क्षेत्रमा हाल भैराखेको सरकारी जग्गाको अतिक्रमणलाई तुरुन्त रोक्ने ।

२) देवघाट क्षेत्रलाई धार्मिक एवं पर्यटन क्षेत्रको रूपमा विकास गर्ने छुट्टै योजना तर्जुमा गरी निजी क्षेत्रलाई समेत प्रोत्साहित गर्ने ।

३) उक्त क्षेत्रमा चार किल्ला खुलाई इलाका छुट्याउनका लागि आवश्यक नाप नक्साको काम तुरुन्त गराउने । जग्गा अधिग्रहण गर्नुपर्छ-पर्दैन विचार गर्ने ।

५) देवघाट तर्थिस्थलको नजीक स्थापना भएको भट्टि (डिस्टीलरी) बन्द छ वा चालु छ श्री ५ को सरकारले जाँच गर्ने र सो उद्योग देवघाटबाट कति टाढा छ बुझ्ने ।

६) यस किसिमको उद्योग चलाउन प्रमाणपत्र दिँदा श्री ५ को सरकारले निश्चित क्षेत्रभन्दा यति टाढा यो इलाकामा भनी धार्मिक क्षेत्रलाई असर नपर्ने ठाउँ तोकी स्वीकृति दिने ।

७) गण्डकी, नारायणी र लुम्बिनी तीन अञ्चलको क्रमशः तनहुँ, चितवन र नवलपरासी जिल्लाको संगम स्थलमा अवस्थित देवघाट संबन्धी योजना सञ्चालनको सिलसिलामा काम गर्दा अञ्चल कार्यालय वा जिल्ला कार्यालयमा सम्पर्क राखी काम गर्ने भनी श्री ५ को सरकारले विशेष सूचनाद्वारा तोक्ने ।

यस्तै यस क्षेत्रको विकासका सन्दर्भमा धेरै प्रकारका प्रयासहरू भएका पाइन्छन् । मकरमेला व्यवस्थापन, मकरमेला गुरुयोजना, देवघाट धाम विकास समिति आदि नामबाट भएका प्रयासहरू पनि यस प्रतिको चासोको विषयका रूपमा रहेका पाइन्छन् ।

श्री ५ को सरकारद्वारा गठित देवघाट क्षेत्र विकास समिति र यसका प्रयासहरू

श्री ५ को सरकारको क्षेत्र विकास समिति गठन आदेश (२०५०) अनुसार नेपनल राज पत्रमा प्रकाशित गरी देवघाट क्षेत्र विकास समिति २०५१ गठन गरियो । यसमा देवघाट क्षेत्रको सीमानासमेत उल्लेख छ । जसअनुसार योजनाले समेटेको क्षेत्र (चार किल्ला) यस प्रकार छ–

क) तनहुँ जिल्ला– पूर्व र दक्षिणतर्फ त्रिशूली नदी, पश्चिम काली गण्डकी, उत्तर काली गण्डकीमा मिसिने डुँडेखोला हुँदै त्रिशूलीमा मिसिने जरायो खोलासम्मको क्षेत्र ।

ख) चितवन जिल्ला– उत्तर तर्फ देवघाट वेणीबाट त्रिशूली नदी हुँदै तीन ठुटेसम्म र त्यहाँबाट मुग्लीन नारायणगढ राजमार्ग हुँदै खाने पानी ट्याङ्कीसम्म र त्यहाँबाट पूर्वतर्फको जङ्गलबीचको पैदलमार्ग हुँदै ब्रह्मटोलसम्म दक्षिण-ब्रह्मटोल नारायणी सिँचाइको मूल नहर हुँदै पोखरा बसपार्क पम्पहाउससम्म, पश्चिमतर्फ देवघाट वेणीदेखि नारायणी नदी हुँदै पम्पहाउस (वसपार्क) र त्यसभन्दा तल नदीकिनाराको सडक हुँदै महेन्द्रराजमार्ग नारायणी पुल सम्मको क्षेत्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग) नवलपरासी जिल्ला– पूर्व नारायणी नदीको पुलदेखि नारायणी नदी देवघाट वेणी हुँदै हर्दी र त्यहाँबाट माथि खोल्सोसम्म, पश्चिम हर्दीमाथिको खोल्सो हुँदै मौलाकालिका पश्चिमतर्फको डाँडाफेदी हुँदै जयश्री खोला र त्यहाँबाट ४ नं. वडा सीमाना हुँदै आदर्शनगर मूल सडक भएर महेन्द्रराजमार्गसम्म, दक्षिणतर्फ महेन्द्रराजमार्ग हुँदै नारायणीपुलसम्मको क्षेत्र ।

यसरी तनहुँ चितवन र नवलपरासी जिल्लाअन्तर्गतको ५४३४ हेक्टर क्षेत्रफलभित्र पर्ने क्षेत्र यसको सीमाना रहेको छ ।

योजनाको उद्देश्य

योजनाका उद्देश्यहरू निम्नानुसार हुनुपर्छ–

क) देवघाट क्षेत्रलाई व्यवस्थित किसिमले धार्मिक एवं पर्यटकीय क्षेत्रको रूपमा विकसित गर्दै लैजाने ।

ख) अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्दै वन क्षेत्रको अतिक्रमणलाई निरुत्साहित गर्ने ।

ग) देवघाट क्षेत्रको प्राचीन स्वरूपमा फरक नपर्ने गरी यस क्षेत्रमा रहेका सम्पूर्ण देवस्थल, पुरातात्त्विक स्थल, मन्दिर, घाट आदिको आवश्यकताअनुसार जीर्णोद्धार एवं संरक्षण संवर्द्धन गर्ने ।

घ) तीर्थयात्राका लागि देवघाट आउने श्रद्धालु भक्तजनहरूको लागि व्यवस्थित आवास आदि भौतिक विकास र आध्यात्मिक परिसरको व्यवस्था गर्ने-गराउने ।

ङ) यस क्षेत्रभित्र बसोबास भएका विभिन्न समुदाय कल्पवासी, वैरागी र आश्रमवासीसमेत समेटी तिनीहरूको सुविधाहेतु भौतिक विकास गर्ने ।

च) विभिन्न मानवीय सेवा– वृद्धाश्रम, अनाथालय, धार्मिक प्रवचनस्थल, धार्मिक पार्क, धार्मिक वृक्षारोपण, वनसंरक्षण र पर्यावरणीय, स्वास्थ्य एवं सञ्चासेवा आदिको लागि आवश्यक सेवा-सुविधा प्रदान गर्ने किसिमका कार्य गर्नेगराउने ।

छ) यस क्षेत्रमा बग्ने त्रिशूली, कालीगण्डकी र नारायणी नदीको पानी प्रदूषित हुन नदिन एवं वहावक्षेत्रको संरक्षण र घाटनिर्माण आदि कार्य गरी संरक्षण गर्ने ।

ज) यस क्षेत्रको भौतिक विकास गर्दा नेपालीपन र धार्मिक एवं ऐतिहासिक तथ्यलाई ध्यानमा राखी गर्नुपर्छ ।

योजनाको अवधारणा

श्री ५ को सरकारले नेपाल राजपत्रमा उल्लेख गरी यस क्षेत्रको विकासका लागि सर्वप्रथम देवघाट क्षेत्र विकास समितिको गठन र गुरुयोजना तयार पार्नु मनासिब सम्झी निर्वाचन आयोगका आयुक्त रामचन्द्र शर्मा पौडेलको अध्यक्षतामा २५ सदस्यीय देवघाट क्षेत्र विकास समिति (२०५१) गठन गऱ्यो । यस समितिको सदस्य सचिव हुने गरी श्री लक्ष्मीकान्त शर्मा (लकास) पौडेललाई कार्यकारी निर्देशकको पदमा ४ वर्षका लागि नियुक्ति गरियो । यस समितिले देवघाट क्षेत्र विकाससम्बन्धी भौतिक विकासको गुरु योजना तयार पार्न निम्नलिखित महानुभाव भएको गुरुयोजना कार्यटोलीको गठन गऱ्यो ।

१. संयोजक– श्री भरत शर्मा (आवास तथा भौ. यो. मन्त्रालय)

२. सदस्य– श्री खड्गमान श्रेष्ठ (पुरातत्त्व विभाग)

३. " श्री लक्ष्मीकान्त शर्मा (कार्यकारी निर्देशक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४. " श्री धुवप्रसाद आचार्य (वन मन्त्रालय)
५. " प्रतिनिधि जलस्रोत मन्त्रालय
६. " श्री पूर्णबहादुर रानाभाट (शिक्षा सं. स. क. मं.)
७. " श्री धुवदेव आचार्य (स्थानीय प्रतिनिधि)

यस समितिले गठन भएको आठ महिनाभित्रमा गुरुयोजना (प्रारम्भिक भौतिक विकास योजना) तयार पारी श्री ५ को सरकारका मन्त्रीहरू, सचिवहरू, विशेषज्ञहरू र योजनासँग सम्बन्धित पक्षहरू रहेको सम्मेलन गरी प्रस्तुत गरियो । योजनाविद्हरूले सरकारी तौरबाट भएको भए ४ वर्ष लाग्ने गुरुयोजनाको आठ महिनामा काम सम्पन्न भएकोमा कार्यकुशलताको प्रशंसासमेत गरेका थिए । गुरुयोजनाको प्राविधिक काम सम्पन्न गर्न वास्तुविद् वसन्त राईसमेत रहेको आवास तथा भौतिक विकास विभाग मन्त्रालय मध्यमाञ्चलको सहयोग महत्त्वपूर्ण छ । योजनाको प्रारूप नक्सा (म्याप) अध्ययन गर्न चाहनेहरूका लागि आगामी पेजमा प्रस्तुत गरिएको छ ।

यो योजना तयार पार्दा यस क्षेत्रको धार्मिक महत्त्वलाई विशेष जोड दिइएको छ । त्यसपछि पर्यटकीय महत्त्वलाई स्थान दिइएको छ । वातावरण संरक्षण र कल्पवासलाई व्यवस्थित गर्ने अवधारणा आदि यस योजनाका निर्दिष्ट पक्ष देखिन्छन् ।

योजनाका प्रस्तावहरू

देवघाट क्षेत्रको विकास योजना तयार पार्दा निम्नलिखित क्षेत्रहरूका परिकल्पना गरिएको छ–

क) धार्मिक क्षेत्र– यस अन्तर्गत मन्दिर, गुफाहरू, धर्मशाला, आश्रम, कल्पवासक्षेत्र, अखाडा, विद्यालय, भजनकीर्तन गृह, गुरुकुल आश्रम, यज्ञशाला, सत्तल, पाटी, पौवा, दाहसंस्कार स्थल, क्रियापुत्रीघर, स्नानस्थल, वृद्धाश्रम, अनाथालय, समाधिस्थल, गौशाला, सामुदायिक भवन, बजारक्षेत्र आदि ।

ख) आवासीय क्षेत्र– यस अन्तर्गत आदिवासी क्षेत्र, नमुना गाउँ, बसोवास क्षेत्र, कृषि क्षेत्र, लघु कुटीर उद्योग क्षेत्र आदि छन् ।

ग) पर्यटकीय क्षेत्र– यस अन्तर्गत रिसोर्ट, पार्क, क्याम्पिङ् क्षेत्र, होटल, लज, ऱ्याफ्टिङ्, नौका विहार, वनस्पति उद्यानक्षेत्र आदि छन् ।

घ) सामुदायिक सेवा– यस अन्तर्गत सवारी विश्राम स्थल, पार्क, धर्मशाला, अतिथिशाला, सञ्चार सेवा– हुलाक, टेलिफोन, सडक, सिँढी, स्वास्थ्यचौकी, प्रहरी चौकी, खानेपानी, ढल, शौचालय, विद्युत्सेवा, बजार, सहकारी संस्था, बैङ्क, प्राकृतिक उपचार, ध्यानकेन्द्र, स्नानघाट, मसानघाट आदि छन् ।

ङ) वनक्षेत्र

च) नदीक्षेत्र, दियालो बङ्गला क्षेत्र

छ) सप्तगण्डकी योजनाबाट प्रभावित हुन सक्ने क्षेत्र आदि ।

योजना कार्यान्वयन पक्ष

प्रस्तावित योजना कार्यान्वयन गर्न गराउन कसरी सकिन्छ भन्ने सम्बन्धमा राजधानीमा पटक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



देवघाट क्षेत्र विकास समितिको योजनाको नक्साको प्रारूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पटक विशेषज्ञसहितको बैठक बसी सोअनुसार कार्य अघि बढाउने निर्णय अनुसार केही खास कार्य सम्पन्न भए । देवघाट समाज कल्याणको स्थापना र वृद्धाश्रमको लागि शिक्षा तथा समाज कल्याण मन्त्रालयबाट अनुदानको व्यवस्था गरियो । यसको लागि तत्कालीन मन्त्री मोदनाथ प्रश्रितजीको ठूलो योगदान रहेको छ । कार्यकारी निर्देशक लक्ष्मीकान्त शर्माको (मेरो) संयोजकत्वमा ६० जना वृद्धवृद्धाहरूलाई खाने-बस्ने व्यवस्था हुने एक वृद्धाश्रम पनि स्थापित गरियो । जुगेडी र हर्दीमा झोलुङ्गेपुलको लागि सर्भे र योजनामा पार्ने काम गरियो । जुगेडीको पुल बन्यो तर हर्दीको पुल भने अहिलेसम्म बनेन । गैंडाकोटबाट हर्दीसम्म जाने मोटरबाटो, कालिकामन्दिर जाने सिँढी, कालीका मन्दिरदेखि सतभैया डाँडासम्म रोप वे, स्नानघाट, दाहसंस्कार स्थलको व्यवस्था, चक्रवर्तीको विद्यालय सार्ने योजना, गा. वि. स. भवन अर्को ठाउँमा सार्ने गरी भाडामा राखी बजेट तर्जुमा, देवघाट क्षेत्र विकास समितिको कार्यालय भवन, धार्मिक वृक्ष लगाउने लगायतका कामहरू प्रारम्भ गरिएको बेला राजनैतिक नियुक्ति पाएका कार्यकारी निर्देशक (म) लाई अवकाश दिइयो । हाम्रो देशमा कार्ययोजना र कार्यान्वयनमा फरक पार्ने कुरा यही भएको छ । पूरा अवधि काम गर्न नदिई अर्को राजनैतिक पार्टीको सरकारले अर्को प्रमुख नियुक्त गरेपछि काममा शिथिलता आयो । पहिलोले गराएको योजना बुझ्न नयाँलाई समय लाग्यो । पुरानाले गरेको कामलाई अघि बढाउनुभन्दा त्यसको मतलब नराखी आफ्नो ढङ्गले अगाडि बढ्ने र अघिल्लोको काम नहेर्ने प्रवृत्तिले देवघाटमा पनि स्थान पायो । फलतः त्यस वर्ष काम गर्न थालिएका योजना अहिलेसम्म केही आधा छन्, केही जस्ताका तस्तै छन्, केही योजनामा मात्र छन् । यही हो नेपालीको साँघुरो दृष्टिकोण ।

विकासका नाममा भित्रिएका विकृति र प्रभाव

हाम्रो देशमा आधुनिकता र सभ्य बन्ने धुनमा धेरै विकृतिहरू भित्रिएका छन् । हाम्रो आफ्नो पन, संस्कृति, सभ्यता र परम्परालाई छाडेर पश्चिमाहरूको देखासिकी गर्ने प्रवृत्ति हामीकहाँ बढी छ । देवघाटमा पनि यसको प्रभाव प्रत्यक्ष वा परोक्ष दुवै किसिमले पऱ्यो । काठमाडौँका सौखीनहरूले शीतयामका लागि आरामगृह बनाउने चलन पनि चल्यो । केही उच्च ओहदामा बस्दा गरेका अपराधको प्रायश्चित्तको रूपमा देवघाट बस्ने चाहना पनि कताकति देखियो । सच्चा मनले देवघाट कल्पवास बस्ने भन्दा फेसनको रूपमा बस्न आउनेहरूको लहर चल्यो । अर्कोतिर पहिलेदेखि बसिआएकाहरूमा पनि ईंटा-सिमेन्ट प्रयोग गरेर घर बनाउने, टेलिफोन, टेलिभिजन, गिजर, रेफ्रिजेरेजटर जस्ता वस्तुको प्रयोग बढ्दैगयो । मैले यहाँ देवघाट बसेर माघे संक्रान्तिजस्ता पर्वमा पनि नारायणी स्नान नगरेर वाथरुममा गिजरको तातो पानीले स्नान गर्ने कल्पवासी पनि देखेको छु, तुलसीको मठ भत्काएर पक्की चर्पी बनाएको पनि देखेको छु । तुलसीको ठाउँमा मनीप्लान्ट रोपेको पनि देखेको छु । नेपाली शैलीका घर भत्काएर आर् सी सी बङ्गला बनाएको देखेको छु । यस बारेमा एउटा कुरा सम्झना आउँछ । देवघाट क्षेत्र विकास समितिको एउटा बैठक हरिहर मन्दिरमा बसेको थियो । त्यस बैठकमा तत्कालीन सभामुख रामचन्द्र पौडेल र पूर्व सांसद देवघाटको दीर्घकालसम्म सेवा गरेकी कल्पवासी मैयादेवी पनि सदस्यका रूपमा उपस्थित हुनुहन्थ्यो । बैठकमा नेपाली शैलीका घर बनाउने, आर सी सी महल नबनाउने कुरा चल्यो । त्यस बेला मैयादेवीले गलेश्वर आश्रमसँगै आर् सी सी घर बनाउन आरम्भ गर्नुभएको थियो । मैयादेवीले निर्माण गर्दै गर्नुभएको घरको कुरा चल्यो । त्यसमा उहाँलाई नेपाली शैलीको घर बनाउन रामचन्द्रजीले सल्लाह दिनुभयो । यसबाट मैयादेवी जङ्गिएर मेरो रिस गर्ने, डाह गर्ने भनी बैठक नै छाडेर हिँडिदिनुभयो । मैयादेवीको घर महल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शैलीमा बनेपछि अरूलाई रोक्न सक्ने कुरै भएन । यसरी समितिका विशिष्ट सदस्यबाट निर्णयको उल्लङ्घन गरियो । यस्ता कुरा नेपालमा कति हुन्छन् कति ! यो त एउटा उदाहरण मात्र हो । अहिले म हेर्छु देवघाटमा धेरै विकृति भित्रिएका छन् । बढ्दो शहरीकरण र तथाकथित सभ्य भनाउँदाको प्रभाव पनि बढी मात्रामा यहीँ छ । नैतिक चरित्र, आध्यात्मिक चेतना, योगाभ्यास, शास्त्रीय चर्चा, भजन कीर्तनभन्दा बढी ईर्ष्या, ठगी, बेइमानी, गालीगलौज, एक सम्प्रदाय र अर्को सम्प्रदायबीच शत्रुता, व्यक्तिव्यक्तिबीच अहं प्रदर्शनजस्ता विकृतिले देवघाटलाई अँगालेको देखिन्छ ।

उपसंहार

हाम्रो देशलाई शान्तिक्षेत्र बनाउने स्व. श्री ५ वीरेन्द्रको चाहना थियो । ११४ राष्ट्रले यस प्रस्तावको समर्थन गरिसकेका थिए । अहिले यहाँ हत्या, आतङ्क, लुटमार र अशान्तिले ग्रस्त जीवन बिताउनु परेको छ । देवघाट जस्तो धार्मिक क्षेत्रमा शान्ति खोज्न जाने हो भने त्यहाँ झनै अशान्ति छ । यसलाई विचारले र व्यवहारले पनि मानसिक शान्ति प्राप्त गर्ने क्षेत्र बनाउन पर्ने हो । हामीमा विचारको शुद्धीकरण नभएसम्म यो कल्पनामा मात्र सीमित हुनेछ । राजनैतिक पार्टी, समाज, स्वयं राजा र सरकार सबै पक्ष देवघाट जस्ता क्षेत्रमा विसङ्गति भित्रिन नदिन सचेत हुनुपर्ने हो । जुन चोर उही न्यायाधीश भएपछि न्याय पाउने चाहनाको के गति होला ! हामी नेपालीहरूमा चाँडो सद्बुद्धि पलाओस् । देशमा सुव्यवस्था र देवघाट जस्ता क्षेत्रहरूमा शान्तिपूर्ण विश्रान्ति लिन पाइयोस् । आदिप्रयाग हरिहर क्षेत्र भनिने यस देवघाटको शान्तिपूर्ण अभ्युदय होस् । एक दिन स्वच्छ, स्वस्थ, धार्मिक पर्यटनक्षेत्रका रूपमा देवघाटलाई देख्ने हाम्रो चाहना हामीभित्रका ईश्वरले पूरा गरून् ।

शुभकामना

श्रद्धाका पात्र ईश्वरीय अंश जो कोही प्राणी एक-आपसमा एउटै मर्यादाका बिन्दु हुन् । कसैलाई काखा, कसैलाई पाखा नगरी एउटै सूत्रमा बुन्ने गरी 'चार जात छत्तीस वर्णको फूलबारी'लाई हाम्रा राष्ट्रनिर्माता बडामहाराजाधिराजको सदुपदेशलाई हृदयङ्गम गरी लैजाने उद्देश्यका साथ एउटा बृहद् अभियान कार्यक्रम परस्पर छोइछिटो प्रथालाई हटाउन यस सेवा परिषद्ले अभियानका रूपमा लैजाने दीर्घ सोचाइ गरोस् भन्ने कामना गर्दै पाँचौं अङ्क देववाणी देवघाट धाम विशेषाङ्क भाग १ प्रकाशित हुन लागेकोमा खुशी प्रकट गर्दै यसको उत्तरोत्तर अभिवृद्धिको शुभकामना व्यक्त गर्दछु ।

वरिष्ठ उद्योगपति श्री हरिप्रसाद पाण्डे

सिर्जनाचोक ८, पोखरा, कास्की

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वागीश्वरी एवं बृहद् आध्यात्मिक परिषद् एक परिचय

✍ भरतलाल प्रधान

वि. सं. २०५२ सालमा यो बृहदाध्यात्मिक संस्था विधिवत् दर्ता भएको हो र भाद्र २३ गते यसै संस्थाको आधारबाट वास्तुशैलीको नमुनायुक्त सुर्खी, चुना, बालुवा प्रयोग गरेर अहिले देवघाटमा रहेको वागीश्वरी मन्दिर बनाइएको हो । पहिला यो मन्दिर सेनवंशी राजाहरूको समयमा निर्माण गरिएको थियो र भग्नावशेषका रूपमा यस स्थलमा प्राप्त भयो । २०४९ साल चैत्र १७ गतेदेखि २४ गते वैशाखसम्म कोटिहोम भयो । त्यसपछि २०५० साल फाल्गुण महाशिवरात्रि पर्व २६ गतेका दिन प्रथम विश्व योग आयुर्वेद सम्मेलन भएको थियो । त्यसै गरी २०५२ साल कार्तिक ५ गते वागीश्वरी मन्दिर निर्माणका लागि स्थानीय विकास मन्त्री श्री कमल थापाज्यूबाट शिलान्यास भएको थियो । त्यस बेलामा यस बृहद् आध्यात्मिक परिषद् योगी नरहरिनाथाश्रमका अध्यक्ष श्री उपेन्द्रविक्रम शाह हुनुहन्थ्यो । साथै कार्यकारिणी समितिको चयन भएको थियो । जसका सचिवमा शिवजी पन्त रहेका थिए । त्यसपछि २०५३ साल फाल्गुण १ गते सरस्वतीपूजाका दिन (श्री पञ्चमी)देखि ५ गते सम्म यस स्थलमा विश्व बृहद् बौद्धिक सन्तसम्मेलन भएको थियो ।

यस संस्थाका कार्यकारिणी पदाधिकारीहरू २०५५ साल आषाढसम्म रहे । त्यसपछि कार्यकारिणी पदाधिकारीहरूको गठन योगी नरहरिनाथज्यूको संरक्षकत्वमा हुनगयो । यसरी गठन भएका पदाधिकारीहरू निम्न रहेका छन्–

अध्यक्ष–	श्री शान्तप्रसाद पोखरेल
उपाध्यक्ष–	श्री भरतलाल प्रधान
महासचिव–	श्री रत्नकुमार राजलवट
कोषाध्यक्ष–	श्री पुष्प लोहनी
सदस्यहरू–	श्री अशोक पोखरेल
	श्री रामकृष्ण श्रेष्ठ
	श्री अर्जुन प्रधान
	श्री व्रजमोहन सोती
	श्री श्रीश थापा
	श्री गङ्गानाथ योगी

यस वागीश्वरी मन्दिर र योगी नरहरिनाथजीको आश्रम परिसरको क्षेत्रफल दुई विघा छ । हाल यस संस्थाको प्रगतिमा गौशाला निर्माण भएको छ । यो गौशालाको निर्माणकार्य २०५२ सालदेखि नै हुँदैआएको थियो । पहिला सानो रूपमा थियो, हाल केही वृद्धि भई ठूलो रूपमा हुन गएको छ । नेपालको मध्यभागमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थित देवघाट धामलाई पवित्र तीर्थस्थलको नमुना बनाउनको लागि गौशालाको विस्तृतीकरण गर्ने योजना अनुसार श्री ५ को सरकारबाट ५ लाख ८६ हजार रूपैयाँको टेण्डर आह्वान भइसकेको छ । यसमा कार्यसञ्चालन पनि चाँडै नै हुने भएको छ । वागीश्वरी क्षेत्रलाई विस्तृतीकरण गर्नको लागि जग्गा उपलब्ध गराउनको लागि श्री ५ को सरकारमा लेखापढी भइरहेको छ । साथै खानेपानीको लागि पनि श्री ५ को सरकारबाट सहयोग भई कार्यसम्पन्न भइसकेको छ ।

वागीश्वरी मन्दिरलाई पुरातत्त्व विभागबाट मन्दिर निर्माणार्थ १ लाख ८६ हजार अनुदान रकम प्राप्त भइसकेको छ । साथै देवघाट क्षेत्र विकास समितिले ५०,००० (पचास हजार) रू अनुदानस्वरूप दिएको छ । यस संस्थाको उपाध्यक्ष तथा मन्दिर निर्माणार्थ संयोजक (भरतलाल प्रधान) निजबाट एक लाख रूपैयाँ वर्ष, वर्षमा गरी ४ किस्ता दिने गरी मन्दिर निर्माणकार्य पूरा हुन गइरहेको छ । अन्य आर्थिक सहयोग जनसहभागितावाट उठाई अनुमानित ७ लाख रूपैयाँ प्राप्त हुनेभएको छ ।

यस मन्दिर निर्माणार्थ संयोजकसमेत गरी ११ जनाको समिति गठन गरिएको छ । मन्दिर निर्माणार्थ सहयोगदाता महानुभावहरूको नामावली शिलापत्रमा राखिने लक्ष्य पनि रहेको छ ।

विजया दशमी तथा शुभ दीपावली

२०६० को

पुनीत अवसरमा हाम्रा समस्त
ग्राहक, शेयरधनी तथा शुभ चिन्तक महानुभावहरूमा
हार्दिक मङ्गलमय
शुभ-कामना व्यक्त गर्दछौं ।

NB Bank
नेपाल बङ्गलादेश बैङ्क लि.
Nepal Bangladesh Bank Ltd.

A joint venture with IFIC Bank Ltd., Bangladesh



मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम
शाहदेव सरकारको ३३ औं शुभ
जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको
दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट
धाम विशेषाङ्क भाग १' प्रकाशित हुन
लागेको अवसरमा यस पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

अक्कलबहादुर मेयाङ्बो
अध्यक्ष
कोशी बस व्यवसायी संघ
परिवार
बिराटनगर
फोन नं. ०२१-५२६८८५, ०२५-८१०१७, ०२५-२०८१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधामदेखि उत्तरी विहारसम्म र यस क्षेत्रको सेरोफेरो

✍ महेश्वरलाल श्रेष्ठ

माण्डव्य ऋषिको नामबाट अपभ्रंश भई माडी शब्द बनेको हो । चितवन माडी बघौडा गा. वि. स. क्षेत्रभित्र पर्ने सोमेश्वर पहाडशृंखला (दून) र फेदीमा अनेक रहस्यमय विषय समेटिएका छन् । यस पहाडको ऐतिहासिक एवं पौराणिक महत्त्वको वर्णन अनेक धार्मिक ग्रन्थहरूमा पाइन्छ ।

नेपाल-भारत सीमाना सोमेश्वर गोबर्धना डाँडामा आदिशक्ति माँ कालीको मन्दिर अवस्थित छ । त्यहाँ दशैँभरि चण्डी, दुर्गाकवच एवं विभिन्न भगवतीका विभिन्न स्तोत्रहरूको पाठ र पूजा-अर्चना हुन्छ । भक्तजनहरूबाट शक्तिआराधना गरिन्छ । काली मन्दिरको पूर्वमा सोमेश्वर महादेवको प्राचीन लिङ्गमूर्ति हालसालै फेला परेको छ । सोमेश्वर पहाडको फेदीमा मगई खोलाको शिरमा परेवा दह छ । मगई खोलामा शालग्राम शिला पाइन्छ । बघौडा गा. वि. स. बैराठ मौजा र गर्दी गा. वि. स. चिरौली मौजामा महान् सिद्ध योगी बालपुरी बाबा स्वामीको ४८ वटा धूनीमध्ये २ धूनी छन् । बैराठको मौजामा पर्ने धूनी एकजना सुवेदीले २०२७ सालको नापीमा धूनीको जग्गा र बगैँचा हडपेर खाएका छन्, त्यसको खोजी गर्नु नितान्त आवश्यक छ ।

सोमेश्वर पहाड प्राकृतिक खनिज, वनसम्पदा, झरना, नदी-नाला तथा अन्य प्राकृतिक सम्पदाहरूले परिपूर्ण छ । यस पहाडको बदलिइरहेको परिस्थिति र वनको अति उपयोगले पहाड र जङ्गलको शोभा निरन्तर घटिरहेको छ । त्यहाँ वन्य जीव, पंक्षी तथा मूल्यवान् वृक्ष र जडिबुटीहरू लुप्त हुने खतरा निरन्तर बढ्दैगएको छ ।

माडीका चार दिशामा उत्तरमा रिउखोला, चार कोसे झाडी र चुरे नेसनल पार्क पर्दछ, दक्षिणमा सोमेश्वर पहाड नेसनल पार्क पर्दछ, पश्चिममा नारायणी नदी पर्दछ भने पूर्वमा शाही राष्ट्रिय निकुञ्ज पर्दछ । सोमेश्वर पहाड शृङ्खलाको लगभग उचाइ १५,०० फिट छ र यिनीहरूमध्ये सबैभन्दा उच्च गोवर्धना पहाडको उचाइ २८८४ फिट छ । माडी सोमेश्वर पहाडको मार्ग हुँदै गोबर्धनाको सीमा हुँदै भारतको चम्पारण रामनगर जाने प्राचीन बाटो छ । माडी बेलुवा मौजा फेदीबाट उकालों हिँडी गोबर्धना थाप्लोमा पुग्न करिब २ घण्टा जति लाग्छ । बीच बाटोमा आँपको बोटमुनि मीठो पानीको कुवा छ । पानी पिएर थकाइ मारी बटुवाहरू आफ्नो बाटो लाग्छन् । सोमेश्वर पहाडको दक्षिण पाखामा चम्पारण पर्दछ । रामनगरमा सेनवंशका राजाद्वारा स्थापित शिवमन्दिर छ जसलाई नीलकण्ठ नमदिश्वर महादेवको मन्दिर भनिन्छ ।

दक्षिण भेगमा अनेक मनमोहक दर्शनीय ऐतिहासिक स्थलहरू छन् । जसमा सकरी गली, परेवा दह, छान घुसरी नदी र मसान नदीका दुई मुहान, बतासे चौर, ८२ सिंढी, भरथरी शिव मन्दिर, भरथरी निवास स्थान, सोमेश्वर वृटिश बङ्गला, नाचन चुडिया पहाड, शिव मन्दिर, रासो गुराऊ (थारु)को पत्थर, बाघको दंबरी स्थान तथा माँ कालीको मन्दिर आदि दर्शनीय स्थलहरू छन् । उक्त ऐतिहासिक स्थलहरूको आ-आफ्नै विशेषता र गाथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् ।

रासो गुराऊ माँ कालीको परम भक्त थियो र ऊ गुरु मन्त्रको बलमा बाघद्वारा आफ्नो धानको दाहीं गराउँथ्यो भन्ने किम्बदन्ती छ । इष्ट इण्डिया कम्पनी राज्यका चम्पारण बेतियाका कलक्टर अफिसर गोबर्धनाको आरामदायी बङ्गलामा गर्मी मौसममा बस्ने गर्दथे । ती कलक्टरले एक दिन बङ्गलाबाट उकालो लागी पहाडको थाप्लोमा आई काली माईको कालो प्रस्तरको मूर्तिलाई लात्ताले र ढुंगाले हानेर मूर्तिको गर्दन, खुट्टा र हात तोडिदिएछन् र तल झरेर उनी घोडा चढी बेतिया जान बाटो लागेछन् । बाटामा भरथरी नजिक खोला भएको ठाउँमा उनी पुग्दा कालो बाघ प्रकट भएछ र उनलाई र घोडालाई बाघले मारेछ । घोडाको लास पछि त्यहीं फेला परेछ तर उनको भने लास नै बेपत्ता भएछ । लास खोज-तलास गर्दा पनि फेला नपरेपछि घटनास्थलमा ती अङ्ग्रेज कलक्टरको नाम लेखिएको स्मारक राखिएछ । त्यो स्मारक अहिले पनि त्यहाँ देख्न सकिन्छ । २०१७ सालपछि म राजनैतिक रूपमा भूमिगत हुँदा त्यही बाटो भारत-नेपाल आवतजावत गर्थें । त्यही समयमा मैले त्यो स्मारक देखेको हुँ ।

रामनगरको उत्तरतर्फ बरवा बंजरिया गाउँमा माँ कोटमहारानीको प्राचीन मन्दिर छ । भनाइ छ कि रामनगर राज्यकी महारानी छत्रकुमारीले बंजरिया माईलाई सपनामा देखिन् र माईले उनलाई तिमी मेरो पूजा गर तिमीलाई सुरक्षा दिंदै म विजयी बनाउँछु भनिन् । त्यस बेलादेखि रामनगर राज्यद्वारा प्रतिवर्ष दशैंको अवसरमा कोटमा पूजा-आजा गर्ने प्रचलन चलिआएको छ । बंजरिया गाउँबाट पश्चिमतर्फ शायरी माईको स्थान छ । पूर्वतर्फ सुभद्रा माईको मन्दिर छ जहाँ रामनवमीमा मेला लाग्छ ।

रामनगरका सेन वंश तनहुँका सेन वंशकै सन्तान हुन् । तनहुँका अन्तिम सेन राजा हरिदत्त सेनको गोरखाली राजासँग भएको युद्धमा उनको हार भएपछि उनी तनहुँ परित्याग गरी तनहुँ सिम्पानीका खनाल र चुँदीका पौडेल मन्त्री र पुरोहितहरू सँगै रामनगर गई त्यहाँका राजाका मन्त्री र पुरोहित भई रामनगरमा नै बसोबास गरेका थिए । तनहुँ सिम्पानीका खनाल र रामनगरका खनालमा कतिपय १३ दिने दाजुभाइ पनि छन् । उनीहरूले अहिलेसम्म जुठो बारेकै छन् ।

नेपालको माडी क्षेत्र र भारतको रामनगर क्षेत्र पर्यटनको दृष्टिकोणले बहुआयामी सम्भावना भएका स्थलहरू हुन् । तर यस क्षेत्रको उपेक्षा भएको कारण स्वदेशी एवं विदेशी पर्यटकहरूको नजरमा आजसम्म यो क्षेत्र ओझेलमा परेको छ । यातायात, होटल तथा समुचित सुरक्षा व्यवस्थाको अभावमा यो क्षेत्रले पर्यटकहरूलाई आकर्षित गर्न सकेको छैन । सोमेश्वर र यसको दक्षिणमा रहेको ठाउँठाउँमा रहेका ऐतिहासिक पौराणिक तथा पुरातात्त्विक धरोहरहरूको राम्रो संरक्षण गरेमा र पर्यटकहरूको लागि आवश्यक साधन-सुविधाहरूको व्यवस्था गरेमा माडी, रामनगर, सोमेश्वर पर्यटकहरूको लागि स्वर्ग नै बन्न सक्छ ।

गोद्दकदेखि पश्चिम र वाल्मीकि आश्रमदेखि पूर्व नेसनल पार्क जङ्गलभित्र अनेकौं मन्दिर र मूर्तिहरूको भग्नावशेष भएको कुरा माडी बघौडा मौजाका थारु आदिवासीहरू बताउँछन् । त्यसको खोजी र अनुसन्धान हुनु आवश्यक छ ।

वाल्मीकि आश्रममा रहेको कलात्मक ढङ्गले कुँदिएको इनार र गोद्दकको पाँच पाण्डव मन्दिरमा रहेको इनार सानो-ठूलो भए पनि ती दुवै एकै प्रकारका छन् । वाल्मीकि आश्रममा रहेको सूर्य चिह्न, देवघाट जाने बाटोमा पर्ने वागीश्वरीमा रहेको सूर्य चिह्न र देवघाट मुकुन्देश्वर नजिकको दक्षिणपूर्व दिशामा भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भग्नावशेष मन्दिरमा रहेको सूर्यचिह्न एकै प्रकारका छन्, मन्दिरको आकृति र ढुङ्गाको प्रकृति पनि उस्तै छ । वाल्मीकि आश्रम, कालीको मन्दिर, भरथरी मन्दिर, बसेनीको गणेशको मन्दिर र देवघाटको वागीश्वरीमा प्राप्त मूर्तिहरू एकै किसिमका ढुङ्गाद्वारा बनेका छन् र उस्तै किसिमले कुँदिएका छन् ।

भारतका विद्वान्, इतिहासकार एवं पुरातत्त्वविद्हरूको टोलीले जनकपुर-सीतामढी, वाल्मीकि आश्रम, भैंसालोटन आदि क्षेत्रहरूको भ्रमण गरी निरीक्षण गरेर यहाँ स्थित वाल्मीकि आश्रमलाई नै वास्तविक रामायणकालीन अवशेष ठहर गरेको छ ।

चितवन मेघौली गोलाघाट तरेर सोमेश्वरको फेदी सीतामढी चौकी ब्रह्मचौर नेशनल पार्क हुँदै पैदल बाटो हिँडेर वाल्मीकि आश्रम पुगिन्छ । बीचको बाटोमा ठूलो देवीताल र लामीताल एवं अन्य साना तालहरू छन् ।

देवघाटदेखि त्रिवेणीघाटसम्म नारायणी नदीमा मोटरबोट सञ्चालन गरेमा तीर्थयात्री पर्यटकलाई सुविधा हुने थियो । नेपाल र भारत सरकारको बीचमा समन्वय र पारस्परिक सहयोगको आधारमा यस क्षेत्रमा पर्यटन विकासका विविध संभावनाहरू छन् ।

ठोरीदेखि वाल्मीकि आश्रमसम्म सोमेश्वर पहाड प्राकृतिक इन्द्रधनुषसमान आकृति लिएर फैलिएको छ । यस क्षेत्रलाई न त आजसम्म पर्यटन स्थलको रूपमा विकसित गर्न सकियो न त पुरातत्त्व विभागले उत्खनन कार्य नै गर्न सक्यो ।

परशुराम कुण्डबाट झरेको पानी नै गोद्दक खोला बन्दछ र यो खोला रेवा खोलामा गएर मिसिन्छ । गोद्दक खोला हिँडेर परशुराम कुण्ड जाने बीच बाटोमा अष्टभुज शिवलिङ्ग स्थापित छ । बाटामा कुकुरनाथ, बिरालोनाथ, मुसानाथ, छुचुन्द्रोनाथ, गोदनाथबाबा आदिका मूर्तिहरू विद्यमान छन् । गोद्दक खोला-खोलै हिँडेर परशुराम कुण्ड पुग्न ३ घण्टा समय लाग्छ । दायाँ-बायाँ प्राकृतिक जङ्गलको हरियालीले भरिपूर्ण मनोरम दृश्य छ ।

रेवा नदीको किनारमा रहेको पाण्डव नगर (गोद्दक) नदीकै जङ्गलमा भीमसेन, अर्जुन, नकुल, सहदेव र रानी द्रौपदीको विशाल भव्य मूर्ति छ । युधिष्ठिर महाराज जिउँदै स्वर्ग गएको हुनाले युधिष्ठिरको मूर्ति राखिएको छैन । पाँच पाण्डवको मन्दिरका पुजारी परम्परागत रूपमा माडी गाउँका गुराऊँ थारू रहन्छन् । केही अबुझहरूले ती मूर्तिहरूको मुखाकृति तोडफोड गरेर बिगारिदिएका छन् । मन्दिरको दुवैपट्टिका झ्याल र मूल ढोका पूर्णरूपमा तोडिएका छन् । यो मन्दिर मूर्तिहरू र वरपर रहेका इनार आदिको जीर्णोद्धार गर्नु आवश्यक छ ।

गर्दि गा. वि. स. वडा नं. ४ अन्तर्गत महर्षि वाल्मीकि आश्रम पर्छ । यस आश्रममा रामायणकालीन प्राचीन हिन्दु संस्कृतिको गरिमा छिपेर रहेको छ । तमसा, स्वर्णप्रभा, सोमनदी, पञ्चनदी र नारायणी यस आश्रमको नजीकै मिलेका छन् । यी नदीका किनारमा स्थित रामायण कालको यो वाल्मीकि आश्रम पौराणिक एवं ऐतिहासिक स्मृतिको प्रतीक हो । आज पनि आश्रमको भग्नावशेष त्यहीँ छ । त्यहाँ रहेका पाषाण एवं अष्ट धातुको मूर्ति पुरातात्त्विक दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण छन् । आश्रमका मूर्तिहरू सोही ठाउँमा नयाँ निर्माण गरिएको मन्दिरभित्र सङ्कलन गरी राखिएको छ । ती पौराणिक ऐतिहासिक धरोहरहरूको संरक्षणको निमित्त त्यहाँ प्रहरीहरू पहरा बसेका छन् । त्यहाँ महर्षि वाल्मीकिको होम यज्ञादि कुण्ड, लवकुश पाठशाला, सीता धरतीमा प्रवेश गरेको स्थल, लवकुश जन्मस्थल, इनार आदि छन् ।

त्रिवेणीको मेलामा विभिन्न ठाउँबाट हजारौँ तीर्थयात्रीहरू आउँछन् । त्रिवेणी मेलामा पाँचदेखि दस दिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले नै धार्मिक श्रद्धालुहरूको जमघट हुन्छ । माघे औंसीको दिन स्नानपश्चात् श्रद्धालु भक्तजनहरू वाल्मीकि आश्रमको भ्रमण गर्दछन् ।

गण्डक परियोजना एवं स्थानीय गौलचौक बजारबाट २ किलोमिटर टाढा नरदेवी स्थान छ । टाढा-टाढाबाट भक्तजन आफ्नो मनोकामनाको पूर्तिको लागि यहाँ आइरहन्छन् । यहाँ विशेष गरेर आइतवार यात्रीहरूको भीड हुन्छ । प्रतिवर्ष चैत्र महिनामा यहाँ विशाल मेला लाग्छ ।

वाल्मीकि आश्रम र वाल्मीकि नगरको बीचमा हजारौं वर्ष पुरानो पाषाण निर्मित भगवान् शङ्करको जटाशङ्कर मन्दिर छ । मन्दिर वरिपरि सयकडौं वर्ष पुरानो मौलश्रीको विशाल रूख छ । रूखको फेदमा सवा मनको घण्टा छ । भनाइ छ कि आल्हा-उदलका पूर्वज एक शिवभक्त जासरले यस मन्दिरको स्थापना गरेका थिए । यसको नजीकै सङ्गममा १३३ वर्ष पुरानो प्राचीन भगवान् शङ्करको महाकौलेश्वर मन्दिर छ । चम्पारण्यका राजा उग्रसेनका वंशज शिवभक्त महाराज नवलकिशोरद्वारा यो मन्दिरको निर्माण गरिएको हो ।

नरदेवी स्थानको नजीकै भारतका अन्तिम हिन्दु सम्राट् पृथ्वीराज चौहानका समकालीन विख्यात पहलमान टूथको स्मृतिअवशेष आल्हा-उदलको पहलमानी अखडा छ । त्रिवेणी सङ्गममा नै नेपालपट्टि गुप्तेश्वर महादेवको मन्दिर छ, पाँच सय वर्षपूर्व महान् सिद्धयोगी बालपुरी स्वामीले यस मन्दिरको स्थापना गर्नुभएको हो । त्रिवेणी बजारको शिवपुरी गढी मन्दिर लगभग दुइ हजार वर्ष पुरानो मानिन्छ । भनाइ छ कि यवन तुर्क राजाहरूको पहुँचदेखि बाहिर भएको कारणले नै यो सुरक्षित रहन सक्यो । अहिले यस मन्दिरको अधिकांश भाग जमिनदेखि तल-तल धसिँदैगएको छ ।

४ मे १९६४ को दिन तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको बाहुलीबाट गण्डक बाँधको शिलान्यास भएको थियो । भारतका प्रथम तत्कालीन प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरुले भैंसालोटनको नाम वाल्मीकिनगर घोषित गर्नुभयो ।

महर्षि वाल्मीकिको जयन्ती माघे औंसीको अवसरमा त्रिवेणी धाममा स्नान गर्न नेपाल, भारत, तिब्बत, भूटान, सिक्किम आदि देशबाट लाखौं धार्मिक श्रद्धालु भक्तजन तीर्थयात्रीहरू यस ठाउँमा आउँछन् ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

लक्ष्मीरत्न बज्राचार्य

महाप्रबन्धक

एवं साझा पसल सेवा परिवार, कुलेश्वर, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाम : एक धार्मिक पर्यटकीय स्थल

✍ जनार्दन ढुङ्गाना

नारायणी अञ्चलको निकट पर्ने तीनवटा अञ्चल र तीनवटा जिल्लाको सङ्गमस्थलमा अवस्थित देवघाट एउटा वावन तीर्थको रूपमा प्राचीनकादेखि नै प्रसिद्ध छ । यहाँ ठूला-ठूला महर्षि, राजर्षि, देवर्षि तथा मनस्वी, यशस्वी, तपस्वीहरूले आफ्नो साधना केन्द्र बनाउँदै आएकाले पनि यो स्थानको महत्ता बढ्दैगएको हो । यहाँ समय-समयमा मेलाको आयोजनासमेत हुने भएकोले समग्र हिन्दु तथा बौद्धहरूको आस्था यता आकर्षित हुन थालेको छ । यसै स्थानबाट अलि पर दियालो बङ्गला छ । दियालो बालेर रातमा प्रकाश फैलाई चहलपहल बढाउने भएकोले यसको नाम दियालो बङ्गला रहेको हो । बङ्गलामा राजा महेन्द्र आउने र बस्ने गरेकोले धेरै नेपालीहरूबाट यो स्थान अपरिचित छैन । यो प्राकृतिक छटाले परिवेष्टित आनन्ददायिनी स्थल पनि हो त्यसैले यो अलौकिक अर्थात् साधारण लोकमा सबैतिर भएजस्तो नभएको वा नहुने स्थान छ । यस सन्दर्भमा कवि शिरोमणि लेखनाको पद्यमय वाक्यांश स्मरण गर्नु उचित होला–

पवित्र पुण्यस्थल देवघाट
झिल्का झरेको सुखस्वर्गबाट
खोली अँध्यारो मनको कपाट
गराउने झल्ल महाविराट

कविवर सिद्धिचरण श्रेष्ठले यहाँ देहत्याग गर्ने प्रबल इच्छा व्यक्त गरेका थिए तर कारणवश त्यसो हुन सकेन । श्री ५ महेन्द्रलाई त यो स्थल अति प्यारो लाग्यो । त्यसैले साधना गर्न र राजकाजमा समस्या परेको बेला निर्णय लिनको लागि शान्तसँग केही दिन एक्लै बस्न यहीं बङ्गलासमेत मौसुफबाट बनाइयो । राजा वीरेन्द्रबाट यस स्थललाई पर्यटकीय क्षेत्रको घोषणा गरिबक्स्यो । २०४६ पछि यहाँ अनेकौं पुरातात्त्विक वस्तुहरू प्राप्त भएका छन् । वि. सं. २०५२ सालमा गठित देवघाट क्षेत्र विकास समिति र यसको गुरुयोजनाले यस क्षेत्रको विकासमा केही थप आयामहरू सिर्जना गरेको छ । यसरी हामी परम्परा वा प्रागैतिहासिक समयदेखि नै यो स्थानको परिचय पाउँछौं । यस्तै अनेकौं वर्णन र महत्ताले गर्दा मलाई पनि यस क्षेत्रमा एकै रात भए पनि विश्राम लिएर प्रभात तथा सन्ध्याको माधुर्य रसास्वादन गर्ने रहर चल्यो । परिवारसहित २०५९ माघ महिनाको अन्त्यतिर हामी रात बस्ने गरी त्यहाँ पुग्यौं । बाठमाडौंबाट विहान ७ बजे सुविधायुक्त टुरिष्ट कोचमा ट्राभर एजेन्सीकै संयोजकत्वमा हामी काठमाडौंबाट देवघाट प्रस्थान गर्‍यौं । । मध्य दिनको १:३० बजे हामी नारायणघाट पुग्यौं । त्यहाँबाट लोकल बस लाग्ने रहेछ देवघाटको लागि । तर तुरुन्त बस नआएकोले ७-८ वर्षका नातीहरू चटपटाउन थाले । अनि हामी सैनिक व्यारेकबाट हिँडेर त्यता जान लाग्यौं । तर पनि बस आउँछ कि भन्दै फर्कि-फर्कि हेर्दै थियौं । आधा बाटो पार गरेपछि बस आयो र हामी सबै चढ्यौं । बाटोको दायाँ-बायाँ घना जङ्गल र खुला क्षितिजको चारैतर्फसम्म फैलेको समथल भूमि अनि उत्तरपटि केही अग्ला पहाडी शृङ्खलाले हामीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निकै मोहित तुल्यायो । १५ मिनेटपछि बस रोकियो । हामी देवघाट आइपुग्यौं । नारायणी नदी सुसेली हाल्दै बग्दै थिइन् । हामी पुल तरेर पारिपट्टि गयौं । परि पुगेपछि थाहा पाइयो त्यहाँ प्रमुख तीन आश्रम रहेछन्– गलेश्वर आश्रम, महेश सन्न्यास आश्रम र हरिहर आश्रम । हाम्रो साथमा श्री सुदर्शन अर्याल पनि हुनुहुन्थ्यो । उहाँ पर्यटनविद्, स्पेनिस भाषाका गुरु र व्याकरणविद् हुनुहुन्थ्यो । हाम्रो ताक गलेश्वर आश्रमतिर थियो जुन आश्रमका पीठाधीश आत्मानन्द गिरीजी महाराज हुनुहुन्थ्यो । त्यो आश्रम सङ्गमको नजीकै थियो । आश्रम नजीकै पुगेर माथितिर हेर्दा देख्यौं स्वामी १००८ आत्मानन्द महाराजज्यूले हामीलाई नै हेरिरहनुभएको रहेछ । मलाई उहाँले चिनिहाल्नुभयो र बोलाउनुभयो– जनार्दन बाबु ओ हो ! लौ-लौ उतावाट माथि नै आउने अनि पो कुरा हुन्छ । हामी माथि गयौं र दर्शन गऱ्यौं फूल-भेटीसहित । स्वामीजी हाम्रो आगमनले धेरै खुसी हुनुभयो । उहाँले भन्नुभयो– यस्तो आश्रममा बेला-बेलामा आउनुपर्छ, केही दिन बस्नुपर्छ र आध्यात्मिक चेतको दीयो जगाउनुपर्छ अनि पो साधक बनेको ठीक हुन्छ, सधैं काठमाडौंमा जावलाखेलको सत्सङ्गमा बसिरहेर यहाँको देवघाटको सुधामय स्वाद मिल्छ र ? एकजना सहायक बोलाएर उहाँले हामी बस्ने ठाउँको बन्दोबस्त मिलाउन लगाउनुभयो । केटाकेटी साना भएकाले अलि परको कोठा मिल्यो । छुट्टाटुट्टै कोठा अनि शौचालय र शयन कक्ष पनि सँगै भई पङ्खा बत्ती आदि जम्मै कुराको व्यवस्थाले आश्रमको गरिमा यसै परिपक्व बुझिन्थ्यो । त्यसपछि स्वामीजीले हाम्रा परिवार लिएर आउन भन्नुभयो । सबै परिवारलाई लिएर उहाँले भान्सा, प्रवचन स्थल, देवमन्दिर र आश्रमको परिसर सबैतिर प्रदक्षिणा गराउनुभयो । चन्दा दाताहरूको नामसमेत देखाउनुभयो जुन शिलापत्रमा कुँदिएका थिए । त्यसपछि आश्रमको व्यवस्था आय-व्यय, सहयोग, आश्रमको अनुशीलन र सामाजिक संस्कार सम्पन्न गराउने गरिमामय जिम्माको सारांशगत परिचयात्मक प्रवचन गर्नुभयो । उहाँबाट फेरि नदीमा गएर स्नान गरेर आएर भान्सामा भोजन गर्ने आज्ञा भयो र भान्सेलाई भोजन तयार गर्नको लागि ओदश दिनुभयो । हामी नदीमा ओर्लियौं । केटाकेटीहरू बगरमा चकचक गर्न थाले । हामी स्नान गरेर माथि आयौं । भोजन भयो । प्राचीन शैलीको भान्सा र स्वादिष्ट स्वास्थ्यकारी भोजन थियो । त्यसपछि केही वेर घुमघाम गरेर आयौं र सन्ध्याकालको प्रवचनमा हामी बस्यौं । त्यसपछि स्वामीजीले उहाँको शयन कक्षमा सँगै जाने इसारा गर्नुभयो र हामी पछि लाग्यौं । स्वामीजीले उच्च आसन ग्रहण गरिसकेपछि वैदिक वटुकहरू लाइन लागेर आएर उहाँको पाउ स्पर्श गर्दै दर्शन गर्दै एक-एक हुँदै गए । हामी छेउमा बसेका थियौं र हामीलाई पनि नमस्कार गर्दै साना वटुकहरू आफ्नो गन्तव्यमा लागे । धोती, भोटो र पटुका लगाएका वटुक निधारमा टीकासहित अति उज्याला देखिन्थे । यो संस्कारजन्य सभ्यताले मलाई आफ्नो बालककाल सम्झायो । कुनै बेला म पनि घरको पिंडीमा बसेर रुद्री पाठ गर्थें । हजुरबुबाले सार लगाएर पाठ गर्न सिकाउनुहुन्थ्यो । प्रत्येक दिन बिहान रुद्री पाठ गर्ने र बेलुका सन्ध्या गरेपछि धार्मिक उक्ति सुनेर मात्र खाना खान गइन्थ्यो । निकै शुद्धताको ख्याल राख्नुपर्थ्यो त्यतिखेर ।

गलेश्वर आश्रमको पूजाआजा, आश्रमको गतिविधि, रहनसहन र तौरतरिका अति सरल र शान्त थियो । जो-जति आए पनि भोजन मिल्ने रहेछ । यहाँ सक्नेले चन्दा दिने नसक्नेलाई कुनै बाध्यता नहुने रहेछ । हरिहर आश्रम, महेश सन्न्यास आश्रम र गलेश्वर आश्रम सबैमा उस्तै-उस्तै किसिमले वेदाध्ययन, पाठपूजा, प्रवचन आदि हुँदो रहेछ । मेरो उमेरको ४५ वर्ष अघि गएको देवघाट धाम र अहिलेको देवघाट नितान्त भिन्दै भएको महसुस भयो मलाई ।

यो पावन तपोभूमिमा प्राचीन समयदेखि व्यास आदि धेरै महामुनिहरूले तपस्या गरेर यस स्थानलाई पवित्र गराउनुभयो । त्यस्तै आजसमम पनि हाम्रो बुद्धिले बुझ्न कठिन पर्ने महात्माहरू अवधूतरूपमा यहाँ आएर दिव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देशहरू दिने गर्दछन् । तर हामीलाई त्यो कुराको त्यति पत्तो हुँदैन । समय वितेपछि पछिवाट बुझ्ने बानीले हामीमा सत्सङ्गको अभाववाट खट्किने एउटा अपशोच र पश्चात्तापबाहेक अरू हुँदैन । त्यसैले यो सत्सङ्गको स्थलमा बखत-बखत अरू निजी काम छोडेर पनि आउनुपर्छ र थोरै दिन बस्नुपर्छ ।

हामीहरू एकरात देवघाट बस्यौँ र भोलिपल्ट विहान स्वामीजीसँग विदा मागेर हिँडिहाल्यौँ । हामीलाई लिन सौराहाबाट आएको एउटा जिप नारायणी पारि तयार थियो । त्यसैमा बसेर हामी पावन तीर्थस्थललाई प्रणाम गर्दै तीर्थस्थलसँग विदा मागी आफ्नो बाटो लाग्यौँ । तीर्थस्थलमा धेरै समय बस्न हुन्न भन्ने पुरानो उक्तिलाई पनि मनन गर्न मन लाग्यो यतिखेर ।

यस क्षेत्रसँग सम्बन्धित विषयहरूको अध्ययन र त्यहाँको प्रत्यक्ष अवलोकनबाट यस क्षेत्रको विषयमा केही कुराहरू मेरा मनमा उठे । यस तीर्थस्थललाई गौरवमय तुल्याउन र विकसित अवस्थामा पुऱ्याउन धेरै कार्यहरू भएका छन् । त्यहाँका सामाजिक सङ्गठनले पनि धेरै कार्यहरू गरेको छ । सरकारबाट, सन्त-महात्माहरूबाट, साहु-महाजनबाट, विशेष व्यक्तिहरूबाट थुप्रै सहयोग भएको छ । स्वामीजीहरूको त व्यापक अथक परिश्रम परेको छ यस क्षेत्रको निर्माण र सङ्गठनको लागि । यसै परिप्रेक्षमा देवघाट वैदिक आध्यात्मिक सेवा परिषद् नामक एउटा परिषद् पनि यहाँ कार्य सम्पादन गर्न-गराउन गठन भएको छ ।

यो संस्थाको अध्यक्ष पदमा यसको स्थापना २०५३ सालदेखि नै आचार्य श्री नारायण प्र. तिम्सिना "मधुप" हुनुहुन्छ । सुरुमा यो परिषद्मा ११ जना सदस्यको व्यवस्था थियो र ती सदस्यहरूमध्ये म पनि एक सदस्य थिएँ भने मेरी पत्नी श्रीमती विमला ढुङ्गाना सह कोषाध्यक्षमा थिइन् । अर्को पटक पुनर्गठन हुँदा कार्यव्यापारको व्यस्तताले हामी त्यस पदमा बस्न सकेनौँ । तर श्री तिम्सिनाज्यूको अथक नेतृत्वले यो परिषद्लाई निकै गरिमामय र उच्च तुल्याएको छ । उहाँ कति मरिमेटिरहनुभएको छ र दिनरात कति लागिरहनुभएको छ भन्ने कुराको पुष्टि त परिषद्कै सौजन्यमय स्मारिकाले नै बताउँछ । यो स्मारिका पत्रिका वर्षको एकपटक प्रकाशित हुन्छ । पटक-पटक तिम्सिनाज्यूकै नेतृत्वमा कार्यक्रमहरू चलाउने, विशिष्ट व्यक्तिलाई अभिनन्दन गर्ने आदि कार्यहरू भएरहेका छन् । मुख्यतया यो परिषद्ले देवघाट मात्र होइन बरु देवघाटलाई मूल फेद बनाएर नारायणी नदीमा मिल्न आउने शाखा नदी र सप्त गण्डकी सम्पूर्ण क्षेत्रको विषयमा खोजी-अनुसन्धान गरेको छ । श्री तिम्सिनाज्यूले यसरी सप्त गण्डकी प्रदेशलाई नै नेपाली संस्कृति, भेषभूषा, धर्मकर्म तथा अनुष्ठान र साधनाको स्थल घोषणा गर्नुभएको छ जसबाट भोलिको नेपालको मौलिक छाया शुद्ध र शान्त राखी विश्वमा एक मात्र हिन्दु राष्ट्रको पहिचान गराउन यो परिषद् साधक सिद्ध बन्न सक्दछ । तर यो परिषद्लाई अझै विकसित तुल्याउन, अगाडि बढाउन सबै राष्ट्रप्रेमीको सहयोगको खाँचो छ ।

आगामी दिनहरूमा देवघाट क्षेत्रको विकासको लागि ध्यान दिनुपर्ने पक्षहरू–

१. नदीको शुद्धता– भोलिका दिनहरूमा पानीको अभावका कारण नदीकिनारमा नै बस्ती बढी हुन सक्ने सम्भाव्यतालाई ध्यानमा राखी वातावरण संरक्षणका कानुन र नियमको आवश्यक तर्जुमा गर्नुपर्छ । नत्र केही दशकभित्र यो नदीको शुद्धता समाप्त हुन सक्छ ।

२. फोहर-मैला राख्ने निश्चित स्थान– पूजा-आजा, भोज-भतेर र दैनिकरूपमा घरहरूबाट निस्कने फोहरहरलाई फाल्न सुनिश्चित स्थान बनाई फोहरको वर्गीकरण गरी तिनबाट मल आदिको उत्पादन गरी उत्पानदमुखी काम गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. पशुपक्षी र गौपालन— यस स्थलमा केही कि. मी. को दूरीसम्म सिकार खेल्न र पशुवध गर्न नपाइने नियम बनाई सक्रियताका साथ पालन गर्नुगराउनुपर्छ । माछा मार्ने, खाने, खसी काट्ने, मदिरासहितका होटल रेष्टुराँ चलाउने आदि कार्यमा रोक लगाउनुपर्छ । गौपालन व्यवसायलाई प्रवर्धन गर्नुपर्छ । ठाउँठाउँमा ठूला गाईगोठ राखी भण्डारा लगाउँदा दूध, दही, घिऊ आदिको आपूर्ति त्यहाँबाट हुने व्यवस्था मिलाउनुपर्छ ।

४. वृक्षारोपण— बोट विरुवा लगाउँदा फल खान हुने, औषधिको रूपमा प्रयोग हुने र पूजा-आजामा काम लाग्ने खालका बोट-विरुवा लगाउनुपर्छ । जडीबुटीहरूको आयमूलक रूपमा खेती गनुपर्छ ।

५. प्राकृतिक उपचार केन्द्र— प्रकृतिमा भएका जडीबुटीद्वारा उपचार गर्न र योग, व्यायाम, नियम, आचरण आदि सिकाउन यहाँ एउटा प्राकृतिक उपचार केन्द्र स्थापना गर्नुपर्छ ।

६. घरेलु उद्योग— बत्ती काल्ने, धूप बनाउने, मस्यौरा बनाउने, तितौरा बनाउने, धागो काल्ने, राडी-पाखी बुन्नेजस्ता कार्यहरू साना घरेलु उद्योगहरू यहाँ सञ्चालन गर्नुपर्छ । सत्सङ्गको बेला, पूजा, ध्यान र उपासनाको बेला बाहेक अन्य समयमा वृद्धवृद्धाहरू पनि यी काम गर्न सक्छन् र उनीहरू आत्मनिर्भर बन्न सक्छन् । मानिस काम नगरी बस्न सक्दैन र यस्तो कार्यमा भेटघाट हुँदा र काम पाउँदा मानसिक पीडा पनि मेटिन सक्छ । एकोहोरो प्रवचन र ध्यान मात्र पनि मानिसलाई पर्याप्त हुँदैन र कति वृद्ध-वृद्धाहरू काम पनि गर्न खोज्ने र धर्म पनि गर्न खोज्ने हुन्छन् ।

७. सभा र गोष्ठी— यस देवस्थललाई विकसित गर्न समयसमयमा धर्मसभाहरूको आयोजना गरिनुपर्छ । महात्माहरू, प्राध्यापकहरू, समाजसेवीहरू आदिको सेमिनार तथा गोष्ठी आयोजना गर्नुपर्छ ।

८. पर्यटकीय स्थल— सात्त्विक भोजन र अनुष्ठान रहने गरी रिसोर्ट बनाई विदेशीलाई पनि यहाँ घुमाउने र शुल्क लिने व्यवस्था गर्नुपर्छ । यहाँको राम्रो परिचयात्मक पुस्तिका बनाई ट्राभल एजेन्सीमा वितरण गर्नुपर्छ जसबाट देवघाट स्थल देश र विदेशमा परिचित बन्दछ ।

९. मानव समागमको स्थल— धार्मिक स्थलमा विदेशीलाई छिराउनै हुन्न, त्यो ठाउँ देखाउनै हुन्न भन्नु आफैँभित्रको कमजोरी हो । साइबाबाको पुट्टवर्तीमा विदेश जान्छन् र त्यहाँकै धार्मिक अनुष्ठानमा बस्छन् । त्यहाँ विकृति छिराउन पाइन्न । यस क्षेत्रलाई पर्यटकीय स्थल बनाउँदा ठूलो धनराशि एकातिर जम्मा हुन्छ भने त्यही आर्थिक स्रोतले सुधार र निर्माण गर्न धेरै सजिलो पर्छ । सबै मानिस खरानी घसेर बस्न सक्दैनन् । जोगीलाई त अत्याधुनिक वैठक र शयनकक्ष नभए प्रवचन गर्न आउँदैन भने अरूको त के कुरा । समयअनुसार कमाउन जान्नुपर्छ र खर्च गर्न पनि जान्नुपर्छ । नत्र कुरा मात्र ज्यादा काम चाहिँ अत्तो न पत्तो हुन्छ ।

१०. जलविहार— जलविहार पनि आकर्षक मनोरञ्जनको माध्यम हो । देवघाट क्षेत्र वरिपरि नदीमा जलविहारको व्यवस्था मिलाउन सकिन्छ । यस्ता विकृति नहुने गरी योजना मिलाउनुपर्छ । आन्तरिक र वैदेशिक दुवै खाले पर्यटकलाई यो कार्यक्रम राम्रो हुन्छ । धर्म र साधनाबीच पनि मनोरञ्जन आवश्यक हुन्छ ।

यीबाहेक अरू धेरै कुरा छन् जुन गरिएका छैनन् । खालि आर्थिक स्रोत बाहिरबाट आउँदैमा काम हुने होइन । के नेपालमा वैदेशिक सहयोग विभिन्न क्षेत्रमा नआएका हुन् र ? तर खै के भयो ? सहयोग आयो विकृति पनि आयो । सहयोग गयो सच्चरित्र गयो तर विकृति यहीँ रह्यो । त्यसैले आफैँबाट आर्थिक स्रोत उब्जा गरी आफैँले राम्रो ढङ्गले उपयोग गर्नुपर्छ । देवघाट आर्थिक स्रोतको ज्यादै महत्त्वपूर्ण स्थल हो । देवघाट वैदिक आध्यात्मिक सेवा परिषद्ले यस पक्षमा कम्मर कसेर ध्यान देला भन्ने सम्झेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधामको सेरोफेरोलाई चिन्तन गर्दा

✍ रामचन्द्र भट्टराई
अध्यक्ष, देवघाट क्षेत्र विकास समिति

देवघाट धाम एक परम पावन तीर्थस्थल हो भन्ने कुराको व्याख्या विभिन्न पुराणहरूमा गरिएको छ । मैले यस क्षेत्रमा आफू १५ वर्षको छँदा २०२३ सालमा पहिलो पटक पाइला टेकेको थिएँ । मेरी मुमा तीर्थ गर्नको लागि यहाँ आउनुभएको थियो र साथमा म पनि आएको थिएँ ।

त्यस बेला मेरो जीवनमा यस क्षेत्रसँग सम्बन्धित एउटा अविस्मरणीय घटना घटेको थियो । म र आमा चक्रवर्ती भएको मणि मुकुन्दसेन मन्दिरतर्फको बाटो आउँदै थियौँ, त्यहाँ रहेका एक व्यक्तिले "रिमाल" थरका ब्राह्मणले नाङ्गो आँखाले मुकुन्दसेन मन्दिरको चक्रवर्ती शिला मन्दिर हेर्नु हुँदैन, आँखा छोप्नुपर्छ भने । त्यसैले उनी आफूले आँखा छोपी मन्दिर पार भए । यो भनाइ कुन विश्वासमा आधारित थियो, त्यसको निर्क्योल केही हुन सकेन । त्यस विषयको जिज्ञासा मलाई आजसम्म पनि यथावत् नै छ ।

२८ वा २९ सालमा माघे संक्रान्ति पर्वमा देवघाट सङ्गममा नुहाउनको लागि हाल भरतपुर ऐलानीमा बस्ने मेरा परम बन्धु शिवप्रसाद भट्टराई र म देवघाट धाम पुगेका थियौँ । उमेरको जाँगरसँगै देवघाट धामका महत्त्वपूर्ण स्थान, मठ, मन्दिर, प्रसिद्ध साधु-सन्त को हुन् भनेर हामी सोधखोज गर्दै हिँड्यौँ । त्यस बेला ख्यातिप्राप्त गलेश्वर बाबा (ईश्वरानन्द ब्रह्मचारी) हुनुहुँदो रहेछ । हामी त्यो थाहा पाएर उहाँको दर्शनको लागि उहाँको समीपमा पुग्यौँ । दर्शनकै सन्दर्भमा मैले "बाबा" भनेर उहाँलाई सम्बोधन गरेँ उहाँले बाबा भन्ने होइन "गुरुमहाराज" भन्नुपर्छ भन्नुभयो र मैले "गुरुमहाराज" भनेर सम्बोधन गरेँ । उहाँसँग मेरो त्यस बखत केही कुराकानी भएको थियो जुन निम्नानुसार छ–

मैले प्रश्न गरेँ– गुरुमहाराज ! हजुरको जन्म कुन जातमा भएको थियो ?

उहाँले ठट्यौलो पारामा प्रतिप्रश्न गर्नुभयो– कुन जात जस्तो लाग्यो ?

मैले सोधेँ– गुरुमहाराज ! हजुरको अहिलेको उमेरको विषयमा जिज्ञासा लागिरहेछ, उमेर कति भयो होला ?

उहाँले भन्नुभयो– हामी जोगीको उमेरको लेखाजोखा नै हुँदैन ।

मैले फेरि सोधेँ– गुरुमहाराज ! अहिलेसम्म हजुर कुन-कुन तीर्थस्थलमा भ्रमण गर्नुभयो ?

उहाँले भन्नुभयो– संसारका सबै तीर्थस्थलहरूको भ्रमण गरी देवघाट आएको हुँ ।

मैले सोधेँ– गुरुमहाराज ! हजुर विश्वका तीर्थस्थलहरूको भ्रमण कुन साधनबाट गर्नुहुन्थ्यो ?

उहाँले केही रन्केझैँ गरेर उत्तर दिनुभयो– पद्मासनबाट । पद्मासनबाट विश्वका तीर्थस्थलहरू भ्रमण गरेँ । पद्मासनबाटै जलथलमा मेरो यात्रा हुन्छ ।

त्यसपछि म चुप लागेँ । उहाँले भन्नुभयो– राजा महेन्द्रले यो अंग्रेजी शिक्षा दिएर केटाहरूमा उद्दण्डता सुरु भएको छ । यो उद्दण्डताको चरम अवस्था राम्रो हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसपछि म २०३२ साल असारमा आफ्ना मित्र विष्णुप्रसाद मिश्रसँगै व्यवहारको कामले देवघाट आइपुगेँ । त्यस बेला कल्पवासी भक्त-भक्तिनीहरूबाट गुरुमहाराज गलेश्वर ब्रह्मलीन भइसक्नुभएको कुरा थाहा पाउँदा मन खिन्न भयो ।

त्यसपछि म पेसागत हिसाबले देवघाट धाम पटक-पटक आइरहेँ । त्यसै क्रममा म यहाँको भौगोलिक र सामाजिक वस्तुस्थितिसँग लगभग परिचित भइसकेको थिएँ । यो अन्तरालपछि २०६० साल आश्विन २९ गतेका दिन श्री ५ को सरकारबाट देवघाट क्षेत्र विकास समितिको अध्यक्षको पदमा मनोनयन गरियो । श्री ५ को सरकारले देखाएको सद्भावप्रति हार्दिक आभार व्यक्त गर्दै म सो काममा लागेँ । म सो पदको कर्तव्य अनुसार काम गर्दैजाने आफ्नो प्रतिबद्धता व्यक्त गर्दछु ।

यसरी देवघाट क्षेत्र विकास समितिले ओगटेको क्षेत्रभित्र सम्पूर्ण वस्तुस्थितिको यथार्थ पहिचान गरी भेटिएका कमजोर पक्षहरूलाई सुधार गर्दै लैजाने कार्यमा निम्नलिखित कार्यहरू प्राथमिकताको सूचिमा परेका छन्–

१. मठ (आश्रम) मन्दिरहरूको संरक्षण संवर्द्धन ।
२. गुरुकुल पद्धतिअनुसार चलेका विद्यालयहरूको संवर्द्धन ।
३. यस क्षेत्रभित्र मद्य, मांस, लागूपदार्थ र आपराधिक कार्यहरू निषेध गर्नुपर्ने ।
४. देवघाट क्षेत्र विकास समिति संस्थाको उद्देश्य परिपूर्तिको लागि यो संस्था स्वायत्त हुनुपर्ने । स्वायत्त संस्थाको रूपमा संस्थाको ऐन लागु हुनुपर्ने ।
५. उक्त ऐन लागु गर्ने सन्दर्भमा श्री ५ को सरकारको ध्यानाकर्षण गर्नुपर्ने ।
६. पिछडिएका जनजाति, आदिवासी र दलितहरूको बीचमा समन्वय गरी उनीहरूको लागि व्यवस्थित बसोबासको व्यवस्था गर्नुपर्ने ।
७. मणि मुकुन्दसेन चक्रवर्ती क्षेत्र वरिपरिका पाञ्चायन मन्दिरको भग्नावशेषहरूको उत्खनन गरी प्राप्त वस्तुहरूको संरक्षण गर्ने र वास्तुशैलीको नमुनामा चक्रवर्तीको मन्दिर र पाञ्चायन मन्दिरको निर्माण गरी धार्मिक पर्यटन वृद्धि गर्ने ।
८. निश्चित धर्मिक क्षेत्रलाई प्रभावित नपार्ने गरी आधुनिक र अत्याधुनिक मानवोपयोगी साधनहरूको प्रयोग गर्न पाउने व्यवस्था मिलाउने ।
९. देवघाट क्षेत्रभित्र बसोबास गरेका कल्पवासी भक्तजनहरूको लागि बसोबासको आधारलाई बलियो पार्ने ।
१०. वृद्धाश्रमलाई पूर्ण रूपमा व्यवस्थित गर्ने ।

मूलतः यस क्षेत्रको सर्वाङ्गीण पक्षलाई केलाई निरन्तर रूपमा आफ्नो कलमको माध्यमबाट पत्र पत्रिकामा प्रचार-प्रसार गर्दै आउनुभएका वरिष्ठ समाज सुधारक, यस क्षेत्रको चिन्तन गर्ने व्यक्तिहरूको कार्यको मूल्याङ्कन गर्नुपर्ने आवश्यकता रहेको छ । साथै धार्मिक संस्थाका माध्यमबाट आफ्नो व्यक्तित्वलाई यसै क्षेत्रको आधार बनाई हिँड्ने व्यक्तिलाई श्री ५ को सरकारबाट मूल्याङ्कन गरिनु पर्दछ । साथै यस देवघाट क्षेत्र विकास समितिले पनि यी कुराहरूको सोच पूर्ण रूपमा लागु गर्दै लैजाने लक्ष्य राख्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधाम

✍ हरिप्रसाद उपाध्याय

मुक्तिक्षेत्रबाट बगेकी शालग्रामवाहीनी गण्डकी अमृतसमान सुशीतल जलप्रवाहद्वारा तट तथा वरपरका जीवजन्तु स्थावर सबैलाई मोक्ष प्रदान गर्दै, पवित्र पार्दै, कागवेनी, जोमसोम, तातोपानी आदि ठाउँबाट प्रवाहित हुँदै कालञ्जर पर्वतअन्तर्गत अघि रघुगण राजाले तपस्या गरेको रघुनदी र गण्डकीको सङ्गमस्थलमा चक्राङ्कित विशाल शालग्राम शिला छाडेर गलेश्वरबाट म्याग्दी बेनीमा जयंतीय मङ्गला नदीलाई लिएर मुक्तिक्षेत्र पार गरी बद्दछिन् यसै बीचमा गण्डकीको किनारमा पुलस्त्य र पुलह नामका ऋषिवरहरूले तपस्या गरेको हुनाले यस क्षेत्रलाई पुलहाश्रम भनिन्छ ।

गण्डकीका पवित्र तटमा विभिन्न ऋषिहरूले तपस्या गरेको ठाउँ खनियाघाट, निरहे, सहस्रधारा, मोदीवेणी हुँदै जैमिनि ऋषिवरले तपस्या गरेको तट जैमिनिघाट (जिमिरघाट) बेलबगर, फूलबारी, पूर्तिघाट, सेतीवेणी, रुद्रवेणी, रुरुक्षेत्र (रिडी), रानीघाट, रामदी, हर्दी, हुँगी, केलादी, कोटाघाट आदि तटवर्ती ग्रामक्षेत्रलाई पवित्र पार्दै सप्त गण्डकीको समूह पश्चिमाभिमुख गरेकी त्रिशूली नदीसँग पूर्वाभिमुख भएकी काली नदीको समागम भएको पवित्र अति महत्त्वपूर्ण क्षेत्र देवघाट धाम हो । गण्डकीका तटमा रहेका विभिन्न स्थल, वन, आश्रम आदि रहेका छन् । कहीँ गण्डकीका पार्श्ववर्ती स्थल, कदम्ब तीर्थ, देवह्रद, त्रिवेणी, सिद्ध ह्रद, शम्भु तपोवन, सिद्धाश्रम, आदिप्रयाग हरिहर क्षेत्र, चक्रस्वामी तीर्थ, गजेन्द्रमोक्ष, वामन तीर्थ, सूर्यकुण्ड, चक्रतीर्थ आदिको वर्णन गरिएको छ ।

गण्डकीको शिर– गण्डकीको शिर मुक्तिनाथ तथा दामोदर कुण्ड हो भने मध्यभाग रुरुक्षेत्र (रिडी) हो । अनि कटिदेखि तलको देवघाट हुँदै त्रिवेणी पर्दछ । वराह पुराणमा भनिएको पनि छ–

मुक्तिक्षेत्रं प्रथमतो रुरुखण्डं ततः परम् ।
संभेदो देवनद्योश्च त्रिवेणी च ततः परम् ॥
क्षेत्रप्रमाणं विज्ञेयं गण्डकीसङ्गतं परम् ।
गङ्गायाः मिलिता यत्र भागीरथ्या महाफला ॥

यसै मुक्तिक्षेत्रमा भगवान् नारायणले शालग्राको रूप लिई नित्य निवास गर्नुहुन्छ । भनिएको पनि छ–

शालग्रामे गिरौ तस्मिन् शिलारूपेण तिष्ठति ।
अहं तिष्ठामि तत्रैव गिरिरूपेण नित्यदा ॥
तस्यां शिला समग्रास्तु सत्स्वरूपा न संशयः ।

मुक्तिनाथ तथा दामोदर कुण्डको जल प्रवाहबाट आएकी नदी कृष्णा गण्डकीका साथै निम्नलिखित सप्त गण्डकीहरूको समागम यही देवस्थल देवघाटमा हुन आएको छ । यसैले अति महत्त्वपूर्ण त्रिवेणी देवघाट धाम हो ।

१. मत्स्यशृङ्ग हिमालबाट प्रवाहित दुग्धप्रभा नदी (सेती गण्डकी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. दूधपोखरीबाट झरेकी माद्री (मादी)
३. दूधपोखरीबाट झरेकी चम्पा नदी (चेपे)
४. मनाङ् तालबाट झरेकी कर्मदा नदी (मर्स्याङ्दी)
५. नारद कुण्डबाट झरेकी धर्म नदी (दरौंदी)
६. नारद कुण्डबाट झरेकी वृद्धा गण्डकी (बूढी गण्डकी)
७. गोसाईंकुण्डबाट झरेकी त्रिशूली (त्रिशूली)
८. सरस्वतीकुण्डबाट झरेकी नदी (वेत्रावती)
९. सूर्यकुण्डबाट झरेकी सूर्यमती (तादी)

यी सबै नदीहरूको समूहलाई सप्त गण्डकी भनिन्छ । कृष्णा गण्डकी (देवगण्डकी) र सप्तगण्डकीहरूको सङ्गमस्थल देवघट्ट अर्थात् देवघाट क्षेत्र पर्दछ । यसैलाई देवघाट धाम भनिएको छ ।

भौगालिक देष्टिले नारायणी, लुम्बिनी र गण्डकी अञ्चलको बीचमा पर्ने यस देवघाट धाममा प्राचीन कालमा वसिष्ठ आदि महर्षिहरूले तपस्या गरको थिए । भगवान् रामले १५ वर्षको उमेरमा गण्डकी नदीको किनार हुँदै शालिग्राम क्षेत्र मुक्तिनाथको तीर्थ गर्न आउनुभएको कुरा योगवासिष्ठमा पाइन्छ । सती शिरोमणि सीताको साधनाभूमि पनि यही हो । यसै पवित्र स्थलमा गलेश्वर बाबाले आश्रम स्थापना गर्नुभएको थियो र त्यही आश्रम आज गलेश्वर आश्रमको नामलें प्रसिद्ध छ । *–साभारः हरिहर संन्यास आश्रम स्मारिका, २०५६*

हाम्रो मिष्ठान्न भण्डार अन्तर्गतका सेवाहरू–

– विवाह, व्रतबन्ध, जन्मदिन तथा अन्य चाडपर्वहरूको लागि आवश्यक मिठाइहरू अर्डरअनुसारतयार गरिन्छ ।
– यहाँ डोसा, साउथ इण्डियन र नेपाली खानाका साथै विभिन्न परिकारहरू पनि पाइन्छन् ।

हामी यहाँहरूको सेवाको लागि हर समय तत्पर छौं ।

प्रो. विष्णुप्रसाद सापकोटा
वैष्णव मिष्ठान्न भण्डार
एवं शुद्ध शाकाहारी भोजनालय
सहिदचोक, नारायणगढ, चितवन, फोनः ०५६-२५०२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधामस्थित तीन आश्रमको एक सर्वेक्षण

✍ आचार्य श्री नारायणप्रसाद शर्मा तिम्सिना "मधुप"

१. गलेश्वर बाबा आश्रम र वेदवेदाङ्ग विद्यालय

गलेश्वर बाबाको वास्तविक नाम ईश्वरानन्द ब्रह्मचारी हो । म्याग्दी जिल्लामा रहेको गलेश्वर भन्ने ठाउँमा तपस्या गरी बस्नुभएको हुनाले उहाँको नाम गलेश्वर रह्यो र उहाँकै नामबाट देवघाट स्थित उहाँ बस्नुभएको आश्रमको नाम पनि गलेश्वरबाबा आश्रम रह्यो । उहाँ वि. सं. २०२० सालमा देवघाट धाममा आई बस्न थाल्नुभयो । उहाँले वि. सं. २०२३ सालमा वेद-वेदाङ्ग विद्यालयको स्थापना गर्नुभयो । गलेश्वर आश्रमलाई आजभन्दा २०३० साल तिर "गीताश्रम" नामले नामकरण गरिएको थियो । तर अहिले त्यो नाम प्रचलित छैन ।

महान् तीर्थस्थलका रूपमा चिनिएको देवघाट धामलाई विकासको प्रारूपमा २०२२-२०२३ सालमा स्व. श्री ५ महेन्द्र वीरविक्रम शाहदेवबाट गुठी संस्थानअन्तर्गत देवघाट धाम क्षेत्रको देवदेवी स्थलको लागि वा गलेश्वर आश्रमका लागि १००० रोपनी जग्गा छुट्याइदिन हुकुम प्रमाङ्गी गर्ने सिलसिलामा तनहुँ जिल्लाअन्तर्गत वार्ड नं. २ को कित्ता नं. ९२, ९३, ९४, ९५, ९६, ९७, ९८, ९९ र १०० कित्ताहरू विभिन्न देवी-देवता कल्पवासी (भक्ति) क्षेत्र र छात्रावासको नाममा दर्ता भएको देखिन्छ । मूलत: यस सम्बन्धमा डाँछी गा. वि. स. काठमाडौँ घर भएका श्री पीताम्बर पुडासैनीका मातहतमा रहेका कागजपत्रहरू हाल कहाँ छ ? यसको जानकारी हुन सकेन ।

२०३२ सालमा गलेश्वर बाबा ब्रह्मलीन हुनुभएपछि दण्डीस्वामी आशुतोषानन्द सरस्वतीजी महाराज उहाँको पहिलो उत्तराधिकारी पीठाधीश हुनुभयो । उहाँले लक्ष्मीनन्दन ब्रह्मचारीबाट संन्यास ग्रहण गर्नुभएको थियो । उहाँ पीठाधीश हुनुभएको समय २०३३ सालतिर वेद-वेदाङ्ग विद्यालयमा विद्यार्थीहरूको संख्या लगभग ४६ देखि ५० जना हुन्थ्यो । त्यस समयमा म पनि त्यही विद्यालयमा अध्ययन गर्थें । उहाँकै कार्यकालमा आश्रमको नाममा चितवनको ब्रह्मपुरी भन्ने गाउँमा दुई बिघा जग्गा किनिएको थियो र त्यहींबाट आउने धानबाट आश्रम र विद्यालय सञ्चालन हुने गर्थ्यो । अद्यापि त्यो आय आश्रममा आउँदैछ कि छैन मेरो जानकारीमा आएन ।

गलेश्वर बाबाकै समयमा वेदवेदाङ्ग संस्कृत विद्यालयलाई विशेष फलाउने-फूलाउने काम दण्डीस्वामी आशुतोषानन्द सरस्वतीजीले गर्नुभएको थियो । उहाँले सोह्रसय चितवन भ्रमण गरी भिक्षा माग्ने काम पनि गर्नुभयो । मूलत: २०२३ सालमा स्थापना भएको वेदवेदाङ्ग विद्यालयको पठन-पाठन कार्य सुरुसुरुमा सुचारु रूपले नभएको देखिन्छ । केवल एक जना अध्यापक धनपति ज्ञवाली नाम गरेका वर्मेली गुरुले ठाँटीमा बसेर पढाउँदैआउनुभएको रहेछ । उहाँको पालामा १२ जना विद्यार्थी मात्र थिए भन्ने कुरा थाहा हुन्छ । त्यसै गरी घनानन्द नाम गरेको गुरुले पनि यस विद्यालयमा केही समय पढाउनुभएको थाहा हुन्छ । त्यसपछि क्रमश: कृष्णप्रसाद काफ्ले, श्री केशवराज शर्मा आचार्य, श्री चन्द्रमणि रेग्मी शास्त्री, श्री कमलकान्त शर्मा गुरुहरूले गलेश्वर बाबाको जीवनको उत्तरार्द्ध कालमा अध्यापन गराउनुभएको थियो ।

२०४५ सालमा दण्डीस्वामी आशुतोषानन्द सरस्वतीजीले स्वामी परमानन्द सरस्वतीजीलाई उत्तराधिकारीको रूपमा गलेश्वर आश्रमको पीठाधीश पदमा स्थापित गराउनुभयो । स्वामी परमानन्दजीले २०४६ सालमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रमको उत्तरपट्टि स्थित झुपडीको रूपमा रहेको भोजनालयलाई पक्की सिमेण्टेड गरेको भोजनालय र सन्तनिवास बनाउनुभयो । यसमा तलमाथि गरी सात कोठा रहेका छन् । त्यसै गरी पूर्वपट्टि दुईवटा धर्मशाला पनि उहाँकै कार्यकालमा बनेका हुन् । त्यो धर्मशाला भवन नबन्दै मेरा बुबा श्री खेमलाल ब्रह्मचारी त्यसै स्थानमा रहेको एउटा झुपडीमा बसेर तपस्या गर्नुहुन्थ्यो । ती दुईटा धर्मशालामध्ये एउटा धर्मशालामा औषधालय रहेको छ । यो धर्मार्थ औषधालय २०५७ साल वैशाख ९ गते भू. पू. स्वास्थ्यमन्त्री डा. रामवरण यादवज्यूबाट उद्घाटन भएको थियो । यसै धर्मशाला नजीक दुईवटा पुराना हवन कुण्ड र एउटा नयाँ हवन कुण्ड रहेका छन् । यी हवन कुण्डहरूको निर्माण स्वामी परमानन्द सरस्वतीजीकै कार्यकालमा भएको हो । यसको निर्माण दाताले गरिदिएका हुन् । वेद-वेदाङ्ग विद्यालयको नजीकै भक्तिनी जयन्तीदेवी अधिकारीले एउटा प्रवचन मञ्चको निर्माण गराई सो प्रवचन मञ्च आश्रमलाई सुम्पनुभयो । त्यस प्रवचन मञ्चमा पर्व-पर्वमा प्रवचन हुने गर्छ ।

वि. सं. २०५३ साल वैशाख १० गते आद्य जगद्गुरु शङ्कराचार्यको जन्मजयन्तीको अवसरमा स्वामी परमानन्दजीद्वारा आत्मानन्द गिरिजी महाराजलाई गलेश्वर आश्रमको पीठाधीश पदमा स्थापित गराइयो । आत्मानन्द गिरिजी महाराजले गलेश्वर बाबा आश्रम परिसरमा रहेको पुरानो प्रवचन मण्डपलाई भत्काई २०५३ सालमा नयाँ आश्रम भवन र प्रवचन हलको निर्माणको शुभारम्भ गर्नुभयो । साढे ६ फिट गहिराइ भएको मजबुत जग हालेर यो भवनको निर्माणकार्य थालियो । सो आश्रम भवनको निर्माणकार्य २०५७ सालमा सम्पन्न भयो । त्यस भवनमा तल प्रवचन हल रहेको छ । प्रवचन हलमा नै ब्रह्मनिष्ठ तपोमूर्ति १००८ गलेश्वरबाबा ईश्वरानन्द ब्रह्मचारीको मूर्ति (सालिक) स्थापना भएको छ । त्यसैको तल पछाडिपट्टि गण्डकीतिर सम्मुख भएका साधना प्रकोष्ठहरू छन् । साथै समाधिस्थल बगलमा एउटा शिवलिङ्गसहितको सालिक (मूर्ति) स्थापित छ ।

श्री गोविन्द पण्डित भन्नुहुन्छ– यो प्रवचन भवनको निर्माणको लागि लगभग ३५ लाख लाग्यो । त्यति लागतमा त्यहाँ २ वटा भोजनालय, एउटा सन्त निवास, एउटा अतिथिनिवास गरी आश्रम भवनहरू निर्माण भएका छन् । गलेश्वर आश्रम परिसरभित्र गौशाला पनि छ । यसको वृद्धिक्रम छ । साथै हाल यस आश्रमको देखिएको क्षेत्रफल १० रोपनी छ भन्नुहुन्छ श्री गोविन्द पण्डित । यस आश्रममा नित्य रूपमा यहाँ भोजनका लागि आउने आगन्तुक एवं भक्तहहरूलाई भोजन गराइन्छ । हाल यस आश्रममा संन्यासी, वृद्ध, सन्त, गुरुवर्ग आदि गरेर २०० जना जति दैनिक भोजन गर्दछन् । वेदवेदाङ्ग विद्यालय अगाडि साधक निवासको निर्माणकार्य सम्पन्न हुँदैछ । यसको लागत खर्च अनुमानित २० लाख रहेको छ । यसमा ८ कोठा रहेका छन् । आश्रम परिसरमा रहेको ज्योतिर्लिङ्गेश्वर शिवालयलाई पहिलाको शैलीलाई केही परिवर्तित गरी निर्माण गरिएको छ । २ नं. वडा स्थित देवघाट धामकै पूर्व मोहडामा गलेश्वर आश्रमकै पहलमा सन्तशिरोमणि स्वामी आत्मानन्द गिरि महाराजज्यूकै सत्सङ्कल्पबाट १७ शय्या भएको अस्पतालको निर्माणार्थ आगामी माघसम्ममा शिलान्यास हुने कार्यक्रम रहेको छ । यसको क्षेत्रफल १३ रोपनी रहने अनुमान छ ।

वेदवेदाङ्ग संस्कृत विद्यालयको विस्तृत विवरण–

स्थापना– २०२३ साल

संस्थापक– गलेश्वर बाबा (ईश्वरानन्द ब्रह्मचारी)

विद्यालयको किसिम– संस्कृत, वेदविद्याश्रम

स्तर– निम्न माध्यमिक विद्यालय (कक्षा ६, ७, ८, अथवा प्रथमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शैक्षिक सत्र	जम्मा विद्यार्थी संख्या	प्रमुख सञ्चालक	प्रधानाचार्य	शिक्षकहरू
२०२८।११।१७	३५	गलेश्वर बाबा	कृष्णप्रसाद काफ्ले	कृष्णप्रसाद काफ्ले
२०२९।९।५	३४	"	"	"
२०३०।१।९	१२	"	केशवराज शर्मा आचार्य	केशवराज शर्मा आचार्य
२०३१।१।९	१७	"	"	केशवराज शर्मा आचार्य चन्द्रमणि शास्त्री रेग्मी
२०३२।१।३०	१५	"	"	"
२०३३।१।७	४६	श्री आशुतोषानन्द सरस्वती (लक्ष्मीनन्दन ब्रह्मचारी)	"	"
२०३४	४६	"	"	"
२०३५।१।५	१७	"	"	"
२०३६।३।८	५	"	चन्द्रमणि शास्त्री रेग्मी	केशवराज शर्मा अवकाशप्राप्त, चन्द्रमणि शास्त्री रेग्मी
२०३७–३८	२२	"	"	"
२०३८–३९	२२	"	"	"
२०३९–४०	३२	"	"	"
२०४०–४१	१३	"	"	"
२०४१–४२	१८	"	"	"
२०४२–४३	१६	"	"	"
२०४३–४४	१५	"	"	"
२०४४–४५	२६	"	प्रेमराज प्याकुरेल	चन्द्रमणि शास्त्री रेग्मी अवकाशप्राप्त, प्रेमराज प्याकुरेल
२०४५–४६	३१	परमानन्द सरस्वती	हरिनारायण सापकोटा	"
२०४६–४७	२२	"	"	प्रेमराज प्याकुरेल हरिनारायण सापकोटा
२०४७–४८	२५	"	"	प्रेमराज प्याकुरेल अवकाशप्राप्त
२०४८–४९	२४	"	"	"
२०४९–५०	२७	"	"	"
२०५०–५१	३३	"	"	"
२०५१–५२	४१	"	"	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०५२–५३	३४	"	"	"
२०५३–५४	३१	स्वामी आत्मानन्द गिरि	"	हरिनारायण सापकोटा कृष्णमणि पहारी
२०५४–५५	२६	"	"	"
२०५५–५६	२१	"	"	"
२०५६–५७	२५	"	हरिप्रसाद अधिकारी	कृष्णमणि पहारी अवकाश प्राप्त हरिनारायण सापकोटा हरिप्रसाद अधिकारी ऋषिराम खनाल
२०५७–५८	२६	"	"	"
२०५८–५९	३०	"	"	"
२०५९–६०	२५	"	नारायणप्रसाद घिमिरे	हरिनारायण सापकोटा अवकाशप्राप्त नारायणप्रसाद घिमिरे श्री ऋषिराम खनाल विमल ज्ञवाली नवराज सुवेदी पद्मपाणि लामिछाने चेतनाथ अधिकारी दुर्गाप्रसाद अधिकारी धर्मदत्त न्यौपाने
२०६०–६१	३६ जम्मा विद्यार्थी संख्या ७९०	"	"	माथिका ८ जना सहित गोविन्द प्र. पण्डित

यो विद्यालयमा पढाउनको लागि २०३० सालदेखि गुठीसंस्थानअन्तर्गत दुई जना शिक्षकलाई तलब दिने व्यवस्था भएको थियो तर त्यो व्यवस्था ५०५३ सालमा बन्द भयो । हाल आश्रमबाटै शिक्षकलाई तलब दिने व्यवस्था भएको छ । २०५७ सालदेखि कक्षा ६ देखि कक्षा ८ सम्मको लागि यस विद्यालयलाई स्वीकृति दिइएको छ । उपर्युक्त तालिकाअनुसार २०२८ देखि २०६० सम्म गणना गर्दा छात्रहरूको संख्या ७९० रहेको छ । छात्रसंख्या कहिले वढ्ने र कहिले घट्ने गरेको देखिन्छ । वेद वेदाङ्ग विद्यालयको जग्गाको क्षेत्रफल ६ रोपनी रहेको छ । यस विद्यालयको भवन निर्माणार्थ अनुमानित लागत खर्च १५ लाख रहेको छ ।

२. हरिहर संन्यास आश्रम तथा परमानन्द संस्कृत गुरुकुलम्

परम पावन तीर्थस्थल देवघाट धामको तनहुँ जिल्ला वार्ड नं २ मा २०४५ साल वैशाख अक्षय तृतीयाका दिन स्वामी सत्यप्रकाशानन्दजीबाट हरिहर मन्दिर तथा आश्रम निर्माण गर्ने भनी ब्रह्मलीन स्वामी परमानन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरस्वतीज्यूको सत्प्रेरणामा शिलान्यास भएको थियो । त्यसपछि २०४८ सालदेखि विधिवत् रूपमा मन्दिरको निर्माणकार्य प्रारम्भ भयो र २०५१ सालमा सो कार्य पूरा भयो । यस मन्दिरको उद्घाटन कार्य २०५१ साल आश्विन महिनाको नवरात्र पर्वमा भएको थियो । यस मन्दिरका मूर्तिहरू राजस्थान जयपुरबाट निर्माण गरी ल्याइएका हुन् । हरिहर मन्दिरभित्र माथि र तल गरी २५ वटा मूर्तिहरू छन् । यी मूर्तिहरूको स्थापना २०५१ सालमा भएको हो । बगलमा धुवनारायणको मूर्ति र ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीको सालिक छ । यिनीहरूको स्थापना २०५६ सालमा भएको हो । आश्रममा सन्त निवास, अतिथि भक्त निवास, हवनकुण्ड आदि निर्माण भएको छ । हरिहर मन्दिरको लागत खर्च एक करोड सात लाख रूपैयाँ रहेको जानकारी आश्रमबाट प्राप्त भयो ।

यस आश्रममा स्थापित गुरुकुल श्री परमानन्द संस्कृत गुरुकुलम्लाई २०५९ को शैक्षिक सत्रदेखि श्री ५ को सरकाद्वारा स्वीकृति प्राप्त भएको हो । श्री ५ को सरकारबाट मान्यताप्राप्त वेद विद्याश्रमको पाठ्यक्रम अनुसार पढाइ हुन्छ । हाल यस निम्न माध्यमिकसम्मको स्वीकृति प्राप्त भइसकेको छ । अब विस्तारै माध्यमिक तह पनि चलाउने आश्रमको लक्ष्य रहेको छ । यस विद्यालयमा हाल चार जना गुरुहरू अध्यापनरत हुनुहुन्छ । तीमध्ये एक जना गुरुले तलब नलिई शिक्षादान गर्नुभएको छ भने अन्य गुरुहरूले पारिश्रमिक तलब लिनुभएको छ ।

परमानन्द संस्कृत गुरुकुलम्को विस्तृत विवरण–

स्थापना– २०५८ साल

संस्थापक– १००८ स्वामी परमानन्द सरस्वती

विद्यालयको किसिम– संस्कृत, वेदविद्याश्रम

स्तर– निम्न माध्यमिक विद्यालय (कक्षा ६, ७, ८, अथवा प्रथमा)

शैक्षिक सत्र	विद्यार्थी संख्या	प्रमुख सञ्चालक	शिक्षकहरू
२०५८–५९	२५	स्वामी ज्ञानानन्द सरस्वती	टङ्कप्रसाद भूषाल, चन्द्रमणि कँडेल, जगन्नाथ सापकोटा,लोकनाथ भण्डारी, दत्तात्रेय शर्मा दाहाल
२०५९–६०	३१	"	"
२०६०–६१	४०	"	"
	जम्मा विद्यार्थी संख्या ९६		

यो आश्रम तथा विद्यालय सञ्चालनार्थ विभिन्न महानुभावहरूले आ-आफ्नै तरिकाद्वारा मूर्ति कोठा निर्माण, जग्गा प्रदान आदि गरेर सहयोग गर्नुभएको छ । यस आश्रमको जग्गाको क्षेत्रफल ११ रोपनी ८ आना रहेको छ । त्यसैगरी सन्तनिवास, अतिथि निवास, छात्रावास गरी कोठाहरूको संख्या २२ रहेको छ ।

यस आश्रमको मुख्य उद्देश्य गुरुकुल पद्धतिको संरक्षण र सम्वर्द्धन गर्नु रहेको छ । त्यसै गरी आएका अतिथिहरूलाई भोजनको पनि यहाँ व्यवस्था गरिएको छ । यस कार्यको लागि दाताहरूको सहयोग नै स्रोत हो ।

३. महेश संन्यास आश्रम तथा महेश संस्कृत गुरुकुल मा. वि. एवं विद्यापीठ

तनहुँ जिल्ला वार्ड नं २ देवघाट क्षेत्रमा संघ संस्था ऐनअन्तर्गत २०५० सालमा महेश संन्यास आश्रम एवं गुरुकुलको स्थापना भएको हो । वैदिक सनातन धर्मको संरक्षण तथा संवर्द्धन र संस्कृत विद्याको प्रचारप्रसार यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संस्थाका मुख्य उद्देश्य हुन् । वैदिक सनातन धर्मको प्रचारप्रसारको लागि गौशाला बनाई गाईको सेवा गर्ने, मठ, मन्दिर, आश्रम आदि धार्मिक संस्था, सामाजिक स्थलहरूको निर्माण एवं सञ्चालनको लागि यथाशक्य सहयोग गर्ने, समाजमा बढेको दुर्व्यसन र विकृतिलाई पन्छाई धर्मपरिवर्तनको बढ्दो विकारलाई हटाउन प्रयास गर्ने पनि यस संस्थाका उद्देश्य रहेका छन् ।

यस आश्रममा नित्य धार्मिक, आध्यात्मिक प्रवचन, स्वाध्याय आदि कार्यक्रम सञ्चालन गरिन्छ । त्यसै गरी हिन्दु धार्मिक, दार्शनिक ग्रन्थहरूको प्रकाशन एवं वितरण गर्ने कार्य पनि आश्रमले गर्दैआएको छ ।

यस आश्रममा सन्त महात्मा, अतिथिहरूको सत्कार एवं यथाशक्य आवास भोजन आदिको व्यवस्था गरिएको छ ।

विभिन्न दाताहरूबाट प्राप्त सहयोगबाट नै यस आश्रम र विद्यालयको निर्माण गरिएको हो । दाताहरूबाट प्राप्त सम्पत्तिको अक्षयकोष स्थापना गरिएको छ र यसैको आधारमा आश्रम र विद्यालय सञ्चालन गरिएको छ । विद्यालयमा रहेका सम्पूर्ण छात्रहरूको लागि आवास र भोजनको व्यवस्था गरिएको छ ।

आश्रममा पुस्तकालयको पनि स्थापना गरिएको छ । विविध दुर्लभ ग्रन्थहरूको सङ्कलन गरी पुस्तकालयलाई समृद्ध बनाउँदै लैजाने उद्देश्य संस्थाको रहेको छ । वैदिक मर्यादालाई अक्षुण्ण राख्नको लागि हिन्दु धर्म र आर्य संस्कृतिको आधारस्तम्भका रूपमा रहेको संस्कृतलाई जनमुखी बनाउनको लागि यस महेश संस्कृत गुरुकुलको स्थापना भएको हो । हाल यस गुरुकुलमा निम्नलिखित कार्यक्रमहरू सञ्चालित छन्–

१. छात्रहरूलाई गुरुकुल मर्यादाअनुरूप प्राचीन संस्कृत वाङ्मयको व्यवस्थित शिक्षा प्रदान गरिँदैछ ।
२. गुरुकुल मा. वि. एवं विद्यापीठ सञ्चालनको लागि योग्य, अनुभवी र शास्त्रज्ञ गुरुहरूको लागि आवासको व्यवस्था गरिएको छ ।
३. विद्यार्थीहरूको योग्यतावृद्धिका लागि समय-समयमा अतिरिक्त क्रियाकलापअन्तर्गत वादविवाद, हाजिरीजवाफ, वक्तृत्वकला, कविता आदि प्रतियोगिताहरूको सञ्चालन गरिएको छ ।
४. गुरुकुलमा रहेका विद्यार्थीहरू प्रातः ब्रह्ममुहूर्तमा उठी नित्यकर्म (सन्ध्या, वन्दना, योग आदि) गर्दछन् ।
५. विद्यार्थीहरूको शारीरिक व्यायामका लागि निर्धारित समयमा विभिन्न खेलहरू खेलाइन्छ ।

यस गुरुकुललाई समृद्ध बनाउनका लागि निम्नलिखित भावी योजनाहरू निर्धारित छन्–

१. परिवार, समाज, राष्ट्र तथा समग्र विश्कवल्याणको लागि योग्य, सच्चरित्रवान्, अनुशासित, कर्तव्यनिष्ठ जनशक्तिको उत्पादन गर्ने ।
२. छात्रहरूलाई आधुनिक कम्प्युटर आदि प्रायोगिक विषयमा समेत दक्ष बनाउने ।
३. चेतनाको कमीले बढ्दै गएको संस्कृतको जनविरोध, स्वधर्मत्याग, परधर्माभिमुखता आदिलाई हटाउन बेलाबखत चेतनामूलक कार्यक्रमहरूको आयोजना गर्ने ।
४. हिन्दु धर्म र संस्कृतिका पक्षमा युक्तिपूर्ण अकाट्य तर्कयुक्त लेख रचनाहरूले भरिएको पत्रिका प्रकाशन गर्ने र प्रचार प्रसार गर्ने ।
५. कक्षा ६ देखि स्नातकोत्तर (आचार्य) तहसम्म कक्षा सञ्चालन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. संस्कृत वाङ्मयअन्तर्गत ज्ञान-विज्ञानका विविध शाखाको अध्ययन एवं अनुसन्धानकार्यक्रम चलाउने ।

महेश संस्कृत गुरुकुल विद्यालयको विस्तृत विवरण–

स्थापना– २०५२ साल

संस्थापक– डा. स्वामी रामानन्द गिरि

विद्यालयको किसिम– संस्कृत, वेदविद्याश्रम

स्तर– माध्यमिक विद्यालय (कक्षा ६, ७, ८, ९, १०)

शैक्षिक सत्र	विद्यार्थी संख्या	प्रमुख सञ्चालक	शिक्षकहरू
२०५२–५३	३१	डा. स्वामी रामानन्द गिरि	कृष्णप्रसाद ज्ञवाली, ऋषीश्वर लामिछाने, शुकदेव पौडेल, पीताम्बर दाहाल, वासुदेव ढकाल, हरिप्रसाद अर्याल
२०५३–५४	४१	"	डा. गुरुप्रसाद सुवेदी, अन्य यथावत्
२०५४–५५	४५	"	कृष्णप्रसाद ज्ञवाली अवकासप्राप्त, अन्य यथावत्
२०५५–५६	५०	"	लक्ष्मण सुवेदी र माधवप्रसाद उपाध्याय थपिनुभएको अन्य यथावत्
२०५६–५७	५०	"	"
२०५७–५८	५०	"	"
२०५८–५९	५०	"	"
२०५९–६०	५०	"	"
२०६०–६१	५०	"	"
	जम्मा विद्यार्थी संख्या ४१७		

यसै आश्रममा २०५६ सालमा महेश संस्कृत गुरुकुल विद्यापीठको स्थापना भएको छ । विद्यापीठलाई महेन्द्र संस्कृत विश्वविद्यालयले स्वीकृति दिएको छ र सोही विश्वविद्यालयको पाठ्यक्रम अनुसार पठनपाठन हुन्छ र परीक्षा पनि विश्वविद्यालयले नै सञ्चालन गर्छ ।

महेश संस्कृत गुरुकुल विद्यापीठको विस्तृत विवरण–

स्थापना– २०५६ साल

संस्थापक– डा. स्वामी रामानन्द गिरि

सम्बन्धन दिने विश्वविद्यालय– महेन्द्र संस्कृत विश्वविद्यालय

स्तर– स्नातक तह (शास्त्री) सम्म

शैक्षिक सत्र	तह	विद्यार्थी संख्या	प्रमुख सञ्चालक	प्राध्यापकहरू
२०५६–५७	उत्तरमध्यमा	१५	डा. स्वामी रामानन्द गिरि	डा. गुरुप्रसाद सुवेदी, शुकदेव पौडेल कृष्णप्रसाद वस्ती, पीताम्बर दाहाल बुद्धिनाथ अधिकारी
२०५७–५८	उत्तरमध्यमा	२०	"	"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०५८–५९	शास्त्री	३०	"	पीताम्बर दाहाल अवकाशप्राप्त ब्र. मधुसूदनानन्द (विशेष अध्यापक) अन्य यथावत्
२०५८–५९	शास्त्री	४०	"	"
२०६०–६१	शास्त्री	५०	"	"
		जम्मा विद्यार्थी संख्या १५५		

हाल महेश सन्न्यास आश्रमको जग्गाको क्षेत्रफल २३ रोपनी रहेको छ । आश्रम परिसरमा जम्मा ११ वटा भवन रहेका छन् । यसमा वीरगञ्जका मारवाडी सेठ गोपाल संघईले २५ लाख खर्च गरेर आश्रमको लागि बनाइदिएको भवनको नाम गोपालभवनम् राखिएको छ । पुस्तकालय एवं प्रवचन मण्डपको निर्माणको लागि १४ लाख लागेको छ भने भोजनालयको निर्माणको लागि १६ लाख खर्च भएको छ । यसरी आश्रमको गतिविधिलाई सुन्दर ढङ्गले विस्तार गर्दै आर्य संस्कृतिको जगेर्ना गर्ने काम यस आश्रमबाट भएको छ । यसबाट सभ्य सुसंस्कृत आध्यात्मिक पक्ष तथा गुरुकुलीय परम्पराको शिक्षा बलियो हुँदैजानेछ ।

मङ्गलमय शुभकामना !

श्री ५ युवराजाधिराज
पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा
मौसुफको सुस्वास्थ्य एवं दीर्घायुको
कामना गर्दछौं ।

श्री दीपक बहादुर सिंह
सभापति
जि. वि. स. को कार्यालय हेटौंडा
परिवार, मकवानपुर

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस
वीरविक्रम शाहदेव सरकारको ३३ औं
जन्मोत्सवको शुभ उपलक्ष्यमा
मौसुफको दीर्घायुको कामना गर्दै
देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको
कामना गर्दछौं ।

जीतबहादुर श्रेष्ठ
अध्यक्ष
NSLMB नेपाल श्रीलंका मर्चेन्ट बैङ्क लि.
परिवार, कमलादी
(बित्त कम्पनी ऐन २०२४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधाम : नेपालको पवित्र तीर्थस्थल

✍ शारदाप्रसाद घिमिरे

परापूर्वकालदेखि नै देवघाट एक तपोभूमिका रूपमा प्रख्यात रहँदैआएको पवित्र तीर्थस्थान हो । हामी आधुनिक युगका नेपालीका निमित्त पनि देवघाट एक उत्तम साधनास्थल हो भन्न सकिन्छ । म यहाँ देवघाट क्षेत्रको सामान्य विशेषताहरूलाई दर्शाउँदैछु । कालिञ्चोक खप्तड अथवा खोजरनाथ जस्ता विकट स्थानमा यो ठाउँ छैन । काठमाडौँसँगै पक्की सडकले यो ठाउँ जोडिएको छ । नियमित बस सेवा अथवा अरू सवारी साधनद्वारा ४।५ घण्टा भित्रै यहाँ आइपुग्न सकिन्छ । जसका मनमा "मैले जीवनको सबै दौडधूप पूरा गरेँ अब म वानप्रस्थी पारामा विश्रामपूर्ण बाँकी जीवन बिताउँछु" भन्ने भाव उब्जिन्छ ती सबैका लागि यो देवघाट क्षेत्रले "काशीवास"को धोको पूरा गर्नेछ । यहाँ कैयौँ मठ, मन्दिर र आश्रम धर्मशालाहरू बनिसकेका छन् । नयाँ कुनै निर्माणाधीन छन् र कुनैको योजना प्रारूप तयार हुँदैछ । ती सबैको जमघटद्वारा देवघाटले हामी नेपालीलाई काशी र प्रयागको पनि समन्वित सन्तोष प्रदान गर्दैछ ।

आश्रम र मन्दिरहरूका साथसाथै हिन्दु जीवन पद्धतिको आधारशीलास्वरूप गुरुकुलको सञ्चालन गर्ने सत्प्रयास पनि यहाँ गलेश्वर बाबा (श्री ईश्वरानन्द ब्रह्मचारी)को पालादेखि चलेर आएको छ । यहाँ विद्यार्थी बटुकहरूले वेदपाठ गरेको सुन्दा मात्रै पनि शान्ति मिल्छ ।

लगभग ५०० वर्ष पहिले पाल्पाली सेनबंशी राजा मणिमुकुन्दसेनले यतै आएर तपस्या गरेका थिए । ती राजा तपस्या गर्दा-गर्दै यहीँ स्वर्गे भएका हुन् । सेन राजाका पालामा देवघाटमा एउटा मन्दिर परिसरको स्थापना गरिएको रहेछ । चक्रेश्वर नाम भएको त्यस मन्दिर परिसर भित्र पाञ्चायतन देवताका पाँच मन्दिरहरू बनाइएका रहेछन् । ती मन्दिरहरका भग्नावशेष यहाँ छँदैछन् । अब ती पाँच मन्दिरका बदलामा १०। १२ वर्षअघि एउटा नयाँ मन्दिरको निर्माण गरेर सबै देवताहरूको एक स्थानमा पूजा गर्ने गरिएको छ । त्यस्तै पुरानै समयको वागीश्वरीको मन्दिरको भग्नावशेष पनि देवघाटतर्फ जाँदा-जाँदै नारायणघाट मुगलिङ्ग राजमार्गबाट करिब एक किलोमिटर पर बाटैमा भेटिन्छ । यी दुवै स्थानमा नाथ सम्प्रदायका योगीहरूको स-साना अखडा रहेका छन् ।

सीताजीको जीवनका अन्तिम निर्वासित दिनहरू यतै बितेका थिए भन्ने कुरा यहाँका श्रद्धालु वृद्धजनले सुनाउने गर्छन् । किंबदन्तीअनुसार रघुवंशी राजाहरूका कुलगुरु महर्षि वशिष्ठको आश्रम त्यस समयमा यतै थियो रे । वनवासको केही काल सीताजीले वाल्मीकिको आश्रममा र बाँकी केही काल यहाँ वशिष्ठको आश्रममा बिताउनुभएको थियो भन्ने उनीहरूको भनाइ छ । कोशी र नारायणी नदीको भूभागलाई मिथिला क्षेत्र भन्ने चलन छ । यही मिथिला क्षेत्रको जनकपुरमा सीताजीले जन्म लिनुभयो । जनकपुरमै श्रीरामसँग उहाँको विवाह सम्पन्न भयो र यसै मिथिला देशसँग सम्वन्ध जोडेर अनेकतिर यस्ता गाथाहरू सुनाउने गरिएको हुन्छ । ती गाथाहरू कुनै एक ठाउँमा सत्य भए पनि अरू सबै ठाउँका कपोलकल्पित हुन्छन् तर पनि सुन्नलाई ती रमणीय हुन्छन् ।

अब म यहाँ देवघाटको विशेषतामध्येको एक खास पक्षबारे चर्चा गर्दैछु । यहाँ विहान-बेलुका आफूले पाठै नगरे पनि मन्दिर र आश्रमहरूबाट उच्च स्वरमा विष्णुसहस्रनाम तथा रुद्राभिषेक र पर्व-पर्वमा सम्वन्धित पर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुहाउँदो पाठ गरेको सुन्न पाइन्छ । अक्सर गरेर यस्ता पाठहरू आश्रमहरूबाट क्यासेट प्लेयरको माध्यमद्वारा सबैले सुन्ने गरेर बजाइएका हुन्छन् । साथै बेलामौकामा त्यहाँ अधययनरत बटुकहरूले आफैं पनि सस्वर पाठ गरेका हुन्छन् । बिहान-बेलुका यहाँका मन्दिरहरू, आश्रमहरू र सद्गृहस्थका घरकुटीबाट पनि वातावरणलाई पवित्र बनाउँदै शङ्खध्वनि घन्किएको र ठूला घण्टाहरू बजाएको आवाज पनि आफ्नै कुटीमा बसेरै पनि सुन्न पाइन्छ ।

देवघाट क्षेत्रको चितवन र नवलपरासीको भेगपट्टि वैष्णवहरूका आराध्यदेवहरूको मन्दिरको बाहुल्य छ । गैंडाकोटमा गण्डकीको किनारमा हालै लक्ष्मी-नृसिंहको एक अत्यन्त भव्य मन्दिर बनाइएको छ । ती मन्दिरहरूबाट श्रीविष्णुसहस्रनाम, श्रीबेङ्कटेश सुप्रभात र वेङ्कटेश स्तोत्र तथा तदनुरूप अरू ललित स्तुतिपाठहरू प्रसार भएको हुन्छ । देवभाषा संस्कृतका यी श्लोकहरू ज्यादै मधुर हुन्छन् र केही दिन सुनेपछि हामीलाई पनि स्वत: कण्ठस्थ हुँदै जान्छन् । बेलाबखत त्यहाँ शिवताण्डवस्तोत्र र शिवमहिम्न:स्तोत्रका श्लोकहरू तथा रुद्रीका मन्त्रहरू घन्किएका हुन्छन् ।

देवघाटलाई दिव्य घाट बनाइराख्न हामी सबैले आ-आफ्ना तर्फबाट केही योगदान दिनु आवश्यक छ । नेपाली जनताको भावनाको कदर गर्दै श्री ५ को सरकारले देवघाट क्षेत्र विकास समितिको गठन गरेको पनि छ तर समितिबाट ठोस काम हुन बाँकी नै छ । यो समितिले नेपाली समाजको भावनालाई बुझी जिम्मेवारीपूर्वक काम गर्नु जरुरी छ । हिन्दु राष्ट्र नेपालको राष्ट्रिय पहिचान दर्साउने एक आदर्श धार्मिक थलोका रूपमा विश्वका सामु प्रस्तुत गर्न लायकको क्षेत्र निर्माण गर्न देवघाटले हामीलाई मौका दिएको छ । मौका छँदै सरकारले गम्भीर बनी आफ्नो अठोटलाई कार्यान्वयन गर्ने-गराउने बेला छ ।

देशका पाँचै विकास क्षेत्रमा एक-एक स्थान छनौट गरी देवघाट क्षेत्रजस्तै धार्मिक क्षेत्र छुट्याउँदै जानु राष्ट्रिय स्तरमा राम्रो कामको थालनी हुन्थ्यो ।

काशीको स्थान अब देवघाटले ओगट्न थालेको छ । राम्रो परम्पराको थालनी हो । देवघाट परदेश होइन । यो स्वदेशकै तीर्थ हो । सबभन्दा महत्त्वपूर्ण कुरा हामीले हाम्रै देशको तीर्थको महिमालाई बुझ्नुपर्छ । हृदयमा रामको वास छ भने "क्या काशी क्या मगहर" भन्ने लगभग ६०० वर्ष पहिलेका भारतका सन्त कवि कवीरको कथन छ । उनी आफू काशीमै बस्ने गरेका हुन् तर पनि आफ्नो अन्त्य समयमा उनले काशीलाई छाडी नजीकको 'मगहर' भन्ने गाउँमा गई बस्न थाले र त्यहीं उनले देहत्याग गरे । उस बेला मगहर गाउँमा मर्नेलाई मुक्ति मिल्दैन भन्ने चलन थियो । मोक्षप्राप्तिका लागि स्थानभन्दा कर्म महत्त्वपूर्ण हुन्छ, मन शुद्ध हुनुपर्छ, पवित्र भाव हुनुपर्छ भन्ने कवीरको कथन थियो ।

कसै-कसैले देवघाटलाई भन्दा जनकपुर, त्रिवेणी, स्वर्गद्वारी अथवा रिडीलाई तीर्थवासका लागि उत्तम ठहऱ्याएका छन् । धार्मिक हिसाबले ती स्थानहरू पनि राम्रा हुन् तर धार्मिक वातावरणको हिसाबले समान भए पनि देवघाटमा एकैसाथ ४ प्रमुख आकर्षक तत्त्वहरूको मिलाप रहेको पाइन्छ जुन अरु ठाउँमा एकैसाथ पाउन सकिन्न । अन्यत्रतिर एक-दुई कुरा भए पनि एकैसाथ सबै कुरा सुलभ हुँदैनन् । देवघाटमा पाइने आकर्षक तत्त्वहरू हुन्– १) परम पावन देवनदी, २) मनोहर तपोवन, ३) शालिग्राम क्षेत्र र ४) सिद्धाश्रम ।

देवघाट काली र त्रिशूली गण्डकीको सङ्गमस्थल हो । भारतको प्रयाग भनेजस्तै हाम्रो देशको विशेष महत्त्वको धार्मिक थलोको रूपमा देवघाट परिचित रहँदैआएको छ । यहाँ आइपुग्दा त्रिशूली र काली दुवै नदीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटधाम : नेपालको पवित्र तीर्थस्थल

✍ शारदाप्रसाद घिमिरे

परापूर्वकालदेखि नै देवघाट एक तपोभूमिका रूपमा प्रख्यात रहँदैआएको पवित्र तीर्थस्थान हो । हामी आधुनिक युगका नेपालीका निमित्त पनि देवघाट एक उत्तम साधनास्थल हो भन्न सकिन्छ । म यहाँ देवघाट क्षेत्रको सामान्य विशेषताहरूलाई दर्शाउँदैछु । कालिञ्चोक खप्तड अथवा खोजरनाथ जस्ता विकट स्थानमा यो ठाउँ छैन । काठमाडौँसँगै पक्की सडकले यो ठाउँ जोडिएको छ । नियमित बस सेवा अथवा अरू सवारी साधनद्वारा ४।५ घण्टा भित्रै यहाँ आइपुग्न सकिन्छ । जसका मनमा "मैले जीवनको सबै दौडधूप पूरा गरेँ अब म वानप्रस्थी पारामा विश्रामपूर्ण बाँकी जीवन विताउँछु" भन्ने भाव उब्जिन्छ ती सबैका लागि यो देवघाट क्षेत्रले "काशीवास"को धोको पूरा गर्नेछ । यहाँ कैयौँ मठ, मन्दिर र आश्रम धर्मशालाहरू बनिसकेका छन् । नयाँ कुनै निर्माणाधीन छन् र कुनैको योजना प्रारूप तयार हुँदैछ । ती सबैको जमघटद्वारा देवघाटले हामी नेपालीलाई काशी र प्रयागको पनि समन्वित सन्तोष प्रदान गर्दैछ ।

आश्रम र मन्दिरहरूका साथसाथै हिन्दु जीवन पद्धतिको आधारशीलास्वरूप गुरुकुलको सञ्चालन गर्ने सत्प्रयास पनि यहाँ गलेश्वर बाबा (श्री ईश्वरानन्द ब्रह्मचारी)को पालादेखि चलेर आएको छ । यहाँ विद्यार्थी बटुकहरूले वेदपाठ गरेको सुन्दा मात्रै पनि शान्ति मिल्छ ।

लगभग ५०० वर्ष पहिले पाल्पाली सेनबंशी राजा मणिमुकुन्दसेनले यतै आएर तपस्या गरेका थिए । ती राजा तपस्या गर्दा-गर्दै यहीँ स्वर्गे भएका हुन् । सेन राजाका पालामा देवघाटमा एउटा मन्दिर परिसरको स्थापना गरिएको रहेछ । चक्रेश्वर नाम भएको त्यस मन्दिर परिसर भित्र पाञ्चायतन देवताका पाँच मन्दिरहरू बनाइएका रहेछन् । ती मन्दिरहरका भग्नावशेष यहाँ छँदैछन् । अब ती पाँच मन्दिरका बदलामा १०। १२ वर्षअघि एउटा नयाँ मन्दिरको निर्माण गरेर सबै देवताहरूको एक स्थानमा पूजा गर्ने गरिएको छ । त्यस्तै पुरानै समयको वागीश्वरीको मन्दिरको भग्नावशेष पनि देवघाटतर्फ जाँदा-जाँदै नारायणघाट मुगलिङ्ग राजमार्गबाट करिब एक किलोमिटर पर बाटैमा भेटिन्छ । यी दुवै स्थानमा नाथ सम्प्रदायका योगीहरूको स-साना अखडा रहेका छन् ।

सीताजीको जीवनका अन्तिम निर्वासित दिनहरू यतै बितेका थिए भन्ने कुरा यहाँका श्रद्धालु वृद्धजनले सुनाउने गर्छन् । किंवदन्तीअनुसार रघुवंशी राजाहरूका कुलगुरु महर्षि वशिष्ठको आश्रम त्यस समयमा यतै थियो रे । वनवासको केही काल सीताजीले वाल्मीकिको आश्रममा र बाँकी केही काल यहाँ वशिष्ठको आश्रममा बिताउनुभएको थियो भन्ने उनीहरूको भनाइ छ । कोशी र नारायणी नदीको भूभागलाई मिथिला क्षेत्र भन्ने चलन छ । यही मिथिला क्षेत्रको जनकपुरमा सीताजीले जन्म लिनुभयो । जनकपुरमै श्रीरामसँग उहाँको विवाह सम्पन्न भयो र यसै मिथिला देशसँग सम्बन्ध जोडेर अनेकतिर यस्ता गाथाहरू सुनाउने गरिएको हुन्छ । ती गाथाहरू कुनै एक ठाउँमा सत्य भए पनि अरू सबै ठाउँका कपोलकल्पित हुन्छन् तर पनि सुन्नलाई ती रमणीय हुन्छन् ।

अब म यहाँ देवघाटको विशेषतामध्येको एक खास पक्षबारे चर्चा गर्दैछु । यहाँ बिहान-बेलुका आफूले पाठै नगरे पनि मन्दिर र आश्रमहरूबाट उच्च स्वरमा विष्णुसहस्रनाम तथा रुद्राभिषेक र पर्व-पर्वमा सम्बन्धित पर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुहाउँदो पाठ गरेको सुन्न पाइन्छ । अक्सर गरेर यस्ता पाठहरू आश्रमहरूबाट क्यासेट प्लेयरको माध्यमद्वारा सबैले सुन्ने गरेर बजाइएका हुन्छन् । साथै बेलामौकामा त्यहाँ अधययनरत बटुकहरूले आफैं पनि सस्वर पाठ गरेका हुन्छन् । बिहान-बेलुका यहाँका मन्दिरहरू, आश्रमहरू र सद्गृहस्थका घरकुटीबाट पनि वातावरणलाई पवित्र बनाउँदै शङ्खध्वनि घन्किएको र ठूला घण्टाहरू बजाएको आवाज पनि आफ्नै कुटीमा बसेरै पनि सुन्न पाइन्छ ।

देवघाट क्षेत्रको चितवन र नवलपरासीको भेगपट्टि वैष्णवहरूका आराध्यदेवहरूको मन्दिरको बाहुल्य छ । गैंडाकोटमा गण्डकीको किनारमा हालै लक्ष्मी-नृसिंहको एक अत्यन्त भव्य मन्दिर बनाइएको छ । ती मन्दिरहरूबाट श्रीविष्णुसहस्रनाम, श्रीबेङ्कटेश सुप्रभात र वेङ्कटेश स्तोत्र तथा तदनुरूप अरू ललित स्तुतिपाठहरू प्रसार भएको हुन्छ । देवभाषा संस्कृतका यी श्लोकहरू ज्यादै मधुर हुन्छन् र केही दिन सुनेपछि हामीलाई पनि स्वत: कण्ठस्थ हुँदै जान्छन्् । बेलाबखत त्यहाँ शिवताण्डवस्तोत्र र शिवमहिम्न:स्तोत्रका श्लोकहरू तथा रुद्रीका मन्त्रहरू घन्किएका हुन्छन् ।

देवघाटलाई दिव्य घाट बनाइराख्न हामी सबैले आ-आफ्ना तर्फबाट केही योगदान दिनु आवश्यक छ । नेपाली जनताको भावनाको कदर गर्दै श्री ५ को सरकारले देवघाट क्षेत्र विकास समितिको गठन गरेको पनि छ तर समितिबाट ठोस काम हुन बाँकी नै छ । यो समितिले नेपाली समाजको भावनालाई बुझी जिम्मेवारीपूर्वक काम गर्नु जरुरी छ । हिन्दु राष्ट्र नेपालको राष्ट्रिय पहिचान दर्साउने एक आदर्श धार्मिक थलोका रूपमा विश्वका सामु प्रस्तुत गर्न लायकको क्षेत्र निर्माण गर्न देवघाटले हामीलाई मौका दिएको छ । मौका छँदै सरकारले गम्भीर बनी आफ्नो अठोटलाई कार्यान्वयन गर्ने-गराउने बेला छ ।

देशका पाँचै विकास क्षेत्रमा एक-एक स्थान छनौट गरी देवघाट क्षेत्रजस्तै धार्मिक क्षेत्र छुट्याउँदै जानु राष्ट्रिय स्तरमा राम्रो कामको थालनी हुन्थ्यो ।

काशीको स्थान अब देवघाटले ओगट्न थालेको छ । राम्रो परम्पराको थालनी हो । देवघाट परदेश होइन । यो स्वदेशकै तीर्थ हो । सबभन्दा महत्त्वपूर्ण कुरा हामीले हाम्रै देशको तीर्थको महिमालाई बुझ्नुपर्छ । हृदयमा रामको वास छ भने "क्या काशी क्या मगहर" भन्ने लगभग ६०० वर्ष पहिलेका भारतका सन्त कवि कवीरको कथन छ । उनी आफू काशीमै बस्ने गरेका हुन् तर पनि आफ्नो अन्त्य समयमा उनले काशीलाई छाडी नजीकको 'मगहर' भन्ने गाउँमा गई बस्न थाले र त्यहीं उनले देहत्याग गरे । उस बेला मगहर गाउँमा मर्नेलाई मुक्ति मिल्दैन भन्ने चलन थियो । मोक्षप्राप्तिका लागि स्थानभन्दा कर्म महत्त्वपूर्ण हुन्छ, मन शुद्ध हुनुपर्छ, पवित्र भाव हुनुपर्छ भन्ने कवीरको कथन थियो ।

कसै-कसैले देवघाटलाई भन्दा जनकपुर, त्रिवेणी, स्वर्गद्वारी अथवा रिडीलाई तीर्थवासका लागि उत्तम ठहऱ्याएका छन् । धार्मिक हिसाबले ती स्थानहरू पनि राम्रा हुन् तर धार्मिक वातावरणको हिसाबले समान भए पनि देवघाटमा एकैसाथ ४ प्रमुख आकर्षक तत्त्वहरूको मिलाप रहेको पाइन्छ जुन अरु ठाउँमा एकैसाथ पाउन सकिन्न । अन्यत्रतिर एक-दुई कुरा भए पनि एकैसाथ सबै कुरा सुलभ हुँदैनन् । देवघाटमा पाइने आकर्षक तत्त्वहरू हुन्– १) परम पावन देवनदी, २) मनोहर तपोवन, ३) शालिग्राम क्षेत्र र ४) सिद्धाश्रम ।

देवघाट काली र त्रिशूली गण्डकीको सङ्गमस्थल हो । भारतको प्रयाग भनेजस्तै हाम्रो देशको विशेष महत्त्वको धार्मिक थलोको रूपमा देवघाट परिचित रहँदैआएको छ । यहाँ आइपुग्दा त्रिशूली र काली दुवै नदीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहाडी भूभागको यात्रा पूरा भएको हुन्छ । देवघाट, नारायणघाट, शिवघाट र त्रिवेणी हुँदै गण्डकी नदी भारतमा प्रवेश हुँदा उताका वासिन्दाले यिनलाई गण्डक भन्ने नाम दिएका छन् । धार्मिक क्षेत्र देवघाट धामको सीमाङ्कन गर्दा तीन जिल्ला तनहुँ, चितवन र नवलपरासीका ३-४ किलोमिटर भू-भागलाई समावेश गरी त्यस क्षेत्रलाई अलग पहिचान प्रदान गर्न खोजिएको छ । त्रिशूली र कालीगण्डकीले यी तीन जिल्लालाई भौगोलिक हिसाबले छुट्याउँछन् भने सांस्कृतिक हिसाबले तिनीहरूलाई जोड्ने काम गरेका छन् । देवघाटको धार्मिक क्षेत्रलाई एक वृत्तमा समेट्ने हो भने त्यसको केन्द्रबिन्दुको रूपमा दुई नदीको सङ्गमलाई मान्नुपर्छ । वराहपुराणमा यी दुवै नदीलाई देवनदी भनिएको छ । अरू पुराणहरूमा पनि यहाँका यी दुई नदीहरूको ठूलो माहात्म्य बखान गरिएको पाइन्छ । देवघाटको तीर्थसेवनको माहात्म्यवर्णन पुराणहरूमा मुक्त कण्ठले उल्लेख भएको देखिन्छ । वराहपुराणमा भनिएको छ–

सर्वे वेदाश्च यज्ञाश्च सर्वतीर्थानि चाप्युत ।
वसिष्याम सदैवात्र गण्डक्यां जगतां पते ॥
गङ्गायमुनयोर्यद्वत् सङ्गमोमर्त्यदुर्लभः ।
तथैवायं देवनद्योः सङ्गमः समुदाहृतः ॥

त्यसै गरी पद्मपुराणमा भनिएको छ–

गण्डिकायास्तु माहात्म्यं वक्ष्ये देवि विधानतः ।
यथा गङ्गा तथा सा च कथिता नगनन्दिनी ॥

श्रीकृष्णकी तनुद्भवा कालीगण्डकी र शिवतनुद्भवा त्रिशूलीगण्डकी यी दुवैको सङ्गमलाई वराहपुराणमा 'कदम्बतीर्थ' भनेर वर्णन गरिएको छ । यहाँ स्नान गर्ने मानिसले अनेक पुण्यफल प्राप्त गर्छ भनेर पुराणमा वर्णन गरेको पाइन्छ । जस्तै–

तस्मिन् ह्रदे महापुण्ये पुण्यनद्योस्तु सङ्गमे ।
स्नानाच्छताश्वमेधानां फलं प्राप्नोति मानवः ॥

प्राकृतिक हिसाबले पनि यो स्थान अत्यन्त मनोरम भएकोले देवताहरू पनि यहाँ आएर खेल्ने गर्थे भन्ने कुरा वराहपुराणमै लेखिएको छ–

नानापुष्पलतोपेतं कदलीषण्डमण्डितम् ।
आगत्य यत्र क्रीडन्ति देवानां मिथुनानि च ॥

यो देवघाट त देवताहरूको पनि पर्यटनस्थल हो । 'देवानामटनाच्चैव देवाट' इति संज्ञितम् भनिएको छ । तीर्थाटन पर्यटन भनेजस्तै देवताहरूले भ्रमण गर्ने क्षेत्र हुनाले यस स्थानलाई 'देवाट' भनियो र त्यही देवाट शब्दबाट अपभ्रंश भई देवघाट नाम रह्यो भन्ने धेरैले अनुमान गरेका छन् ।

यहाँका दुई ठूला नदीहरू त्रिशूली र कालीले हिन्दुधर्मका दुई प्रमुख चिन्तन शैली– शैव र वैष्णवलाई प्रतिनिधित्व गर्दछन् । ती दुई नदीहरूको नामैबाट दुई चिन्तनधारा, दुई शाखाशैली र परम्पराको ध्वनि सङ्केत मिल्छ । गोसाईंकुण्ड क्षेत्रमा ध्यानमग्न नीलकण्ठ भगवान्का जटाजूटबाट अवतीर्ण भएकी त्रिशूली नदीले र शिवपुरी पहाडको उत्तरदेखि गणेश हिमाल हुँदै अन्नपूर्ण गिरिशृङ्खलासम्मका सबै नामवाचक शब्दहरूले शैव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिन्तनसँग सम्बन्ध राख्छन्। कालीगण्डकी मुक्तिक्षेत्र र दामोदर कुण्डदेखिका सहस जलधाराद्वारा प्रवाहमान बनी हिमाच्छादित धवलागिरिसम्मको जलले पुष्ट बनेकी छिन् । कालीगण्डकीले चक्र परेका सुवर्ण रेखाङ्कित परम पवित्र शालिग्राम शिलालाई धारणा गरेकी हुन्छिन् । मुक्तिक्षेत्रदेखि बग्दै रुरु क्षेत्र प्रवेश गरी हृषीकेश भगवान्को स्पर्शले पुलकित हुँदै देवघाटमा अवतरित हुने कालीगण्डकीको नाम सुन्दैमा पनि वैष्णव भावधाराको स्वत: स्फुरण हुन्छ । देवघाट शैव र वैष्णव दुवै विचारधाराको भेट हुने, समन्वय हुने आनन्दित हुने सङ्गमभूमि हो । यो स्थान देवताहरूको क्रीडाभूमि हो । जहाँ परस्परको मेलमिलाप स्नेहालिङ्गन र समन्वय सम्मिलन हुन्छ तिनै ठाउँमा भगवान्को पाउ रहेको हुन्छ । छलकपट र झैझगडा हुने ठाउँमा भगवान्को दर्शन पाईंदैन । भगवान्को उपस्थिति भएको स्थानमा स्वत: देवह्रदको सिर्जना भएको हुन्छ । वराहपुराणमा भगवान्ले भन्नुभएको छ–

तत्र देवह्रदं नाम मम क्षेत्रे वसुन्धरे ।
यत्र क्रान्तासि मे भूमे बलेर्यज्ञविनाशनात् ॥

सबै धर्ममा आ-आफ्ना परम्पराअनुसार मानिसहरूले परमात्माको स्तुति, प्रार्थना र जपउपासना गर्ने विधान पाइन्छ । परमात्माको उपासनाको विभिन्न रूप हुन सक्छन् । उपासनाका विभिन्न पद्धतिमध्ये हिन्दु समाजमा प्रतिमा आदिको पूजा-अर्चना पनि प्रचलनमा छ । पूजाकै पनि दुई प्रकारका भेद छन् । ईश्वरको पूजा प्रक्रियालाई भेदोपासना र अभेदोपासना भनी दुई वर्गमा विभाजन गरेको पाइन्छ । कसैकसैद्वारा यी दुईथरी पूजाविधिलाई प्रतीकोपासना र आत्मोपासना भन्ने शब्दमा पनि उल्लेख गरिएको हुन्छ । प्रतीकोपासना गर्ने सबैले धातु, काठ, शिला प्रस्तरका मूर्तिहरूमा पूजा गर्ने गर्छन् । शालिग्रामको पूजा प्रतीकोपासनाकै एक भेद हो । शालिग्रामलाई हामीले परापूर्वकालदेखि भगवान्को प्रतीकका रूपमा पूजनीय मान्ने गरेका छौं । यस परम्पराको थालनी कहिलेदेखि भयो भन्ने कुरा यकिन गरेर भन्न सकिन्न । पौराणिक कालदेखि नै शालग्रामशिलालाई हिन्दुहरूले परम पवित्र वस्तुका रूपमा, परमात्माको प्रतीकका रूपमा, पूजा गर्दै आएका छन् । अनेक पुराणहरूमा यस कथनको पुष्टि गर्ने विविध कथा आख्यानहरू वर्णन गरिएको पाइन्छ । नेपालमा पाञ्चायन देवताहरू पूजा गर्ने चलन छ । जसका घरमा यस्तो परमपरा छ त्यहाँ अक्सर गरेर पाञ्चायन देवताका रूपमा, मूर्तिका बदला शालिग्रामलाई स्थापना गरेर पूजा गरिएको हुन्छ । विष्णु, नारायण अथवा शिवमन्दिरहरूमा पनि भगवान्को मुख्य मूर्तिका साथ नजिकमा कतै शालिग्रामहरूलाई पनि राखी पूजा गर्ने चलन छ । भारतमा शालिग्राम पाईंदैनन तर पनि जगन्नाथ धाममा जस्तै अन्ततिरका प्रसिद्ध मन्दिरहरूमा पनि शालिग्रामको पूजा गर्ने चलन छ ।

उद्यमशीलता विकास तालिम, व्यवस्थापकीय तालिम, तालिमदाताहरूलाई तालिम, साना व्यवसाय परामर्श, व्यावसायिक योजना तथा कार्यमूलक अनुसन्धान, व्यवसाय सिर्जनामा मानव संसाधन विकास, व्यावसायिक विकास तथा प्रवर्धन, प्रविधि हस्तान्तरण तथा विकास आदि सेवाको लागि सम्पर्क राख्नुहोला।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

मत्र मञ्जुषा ३६७६, त्रिपुरेश्वर काठमाडौं
फोन नं. ४२६६१६२-१६३, ४२६१३३९, ४२६१४६९,

फ्याक्स: नं. ४२६१२४१
E-mail: iedi@mos.com.np
शाखा कार्यालयहरू: पोखरा, नारायणगढ र नेपालगञ्ज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कविशिरोमणि लेखनाथ पौड्याल

अर्घौंअर्चलेदेखि देवघाटसम्म

(जीवनीपरक समीक्षा)

✍नारायणप्रसाद खनाल

भोगाशाको धमीलो भल पसि बढदा लोभको भेल भारी
पारी दुर्भावनाका पल-पल भुमरी, क्षोभका छाल मारी ।
कालिन्दी घोर काली विषय-रसमयी नित्य उर्ली बहन्छिन्
को तर्ने आँट गर्ने मकन अब भनी कानमा स्पष्ट भन्छिन् ॥

यस पद्यका रचयिता कविशिरोमणि लेखनाथ पौड्यालको जीवनयात्रा करिब ८२ वर्ष लामो रह्यो । वि. सं. १९४१।९।१५-२०२२।११।७ सम्म उनी एकासी वर्ष एक महिना २२ दिन जीवित रहे तर यिनले कहाँदेखि कहाँसम्म यात्रा गरे त्यो अझै स्पष्ट रूपमा प्रस्तुत हुन सकेको छैन । उनले बाउन्न घुस्सा र त्रिपन्न ठक्कर भने खाएकै देखिन्छ । अर्घौं-अर्चले (कास्की)देखि देवघाट (चितवन)सम्म पुगेको देखिन्छ ।

लेखनाथको जन्म पश्चिम ३ नं. कास्की पोखराको अर्घौं-अर्चलेमा भयो । दुर्गादत्त र वसुन्धरादेवीको जेठो सन्तानले घरैमा अक्षरारम्भ गऱ्यो तर एक ठक्कर यिनले गाई चराउन गोठाला गएका बेला दोपहरे भन्ने स्वाँरामा आफ्नै काका पर्ने पितृप्रसादबाट पितृप्रसादकै रूपमा आए । दोस्रो ठक्कर यिनले कास्कीबाट तनहुँ, गोर्खा, धादिङ्, नुवाकोट हुँदै काठमाडौं पुगेर तबसम्म खाए, जबसम्म यिनले तीनधारा पाकशालामा आवासीय भोजनालयको सुविधासाथ पढ्न प्रवेश पाएनन् । अनि यिनलाई जब बनारसमा मध्यमा परीक्षाको अन्तिम वर्षमा पढ्न या परीक्षा दिन जानपऱ्यो र कम्तीमा काठमाडौं, मकवानपुर, पर्सा, बारा (वीरगञ्ज) हुँदै भारतको विहार र उत्तर प्रदेश टेकेर काशी गई दिएको परीक्षामा अनुत्तीर्ण भए, तेस्रो ठक्कर यहींनिर खाए । चौथो ठक्कर तब खाए जब कास्की, तनहुँ, चितवन, पर्सा (वीरगञ्ज) हुँदै रेलयानद्वारा सप्तरी जिल्लाको छप्की वीरपुर पुग्दा पनि हजुरबा पण्डित राधाकृष्णले कमाएको बिर्ता फेला परेन । उनकी पत्नीको निधनबाट विधाता स्वयंले यिनलाई लात हान्यो र यिनी विदेशिए । हुन त पाए व्यवसाय नै गरूँला भन्ने हिक्मत बोकेका थिए तर आफू ताक्छ मूढो बन्चरो ताक्छ घुँडो भने झैं भारतको आसाम र वर्माका अनेक गाउँ चहार्दा पनि केही हात नलागी फर्केर आउँदै थिए । आसामको त्रिपुरा अगर तलामा एक अमल्दारको घरमा बस्दा जरो र अतिसारले लेथ्निएका लेखनाथले अर्को प्राकृतिक विपत्ति भोग्नुपरेको र फुकीढल भई घर फर्के रित्तै हात ! यो उनको जीवनको पाँचौं ठक्कर थियो ।

सुनिन्छ, लेखनाथ लैनचौरको चौतारोमा भोकभोकै तीनचार दिन कामको खोजीका सिलसिलामा भौतारिएका थिए रे ! यदि साँच्चै हो भने यो उनका लागि छैटौं ठक्कर हो । उनले लगत्तै भीमदरबारमा कसरी-कसरी प्रवेश पाए । त्यसपछि कास्की, स्याङ्जा, पाल्पा, गुल्मी, अर्घाखाँची अथवा पाल्पा, रूपन्देही, नौतुना, गोरखपुर, तुल्सीपुर, कोइलावास, दाङ् देउखुरी हुँदै सल्यान, प्युठान, स्वर्गद्वारीसम्म उनले यात्रा गरेका थिए र बालतपसी महाप्रभु नारायण स्वामीसँग परामर्श गरेर जोगी नवन्ने आशीर्वाद लिई पुनः काठमाडौं फर्के तर विवाह गर्ने सर्तमा !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछिका लेखनाथका भ्रमणहरू विना सुरका थिएनन् र ठक्कर खाने किसिमका नभई लक्ष्यमा पुग्ने खालका मात्र थिए । भनौं दोस्रो विवाहपश्चात् लेखनाथ काठमाडौंनिवासी हुन गए ।

लेखनाथको जीवनयात्रा जारी रह्यो । उनी विधिपूर्वक भीमशम्शेरको दरबारमा स्थापित हुन गए । त्यहाँ उनी अध्यापक, पुरोहित आदि उच्चस्तरीय ब्रह्मकर्मका लागि नियुक्त भएका थिए । राजदरबार तथा तत्कालीन विभिन्न प्रधानमन्त्रीहरूका दरबारसम्म पनि उनको सम्मान थियो– कदर थियो ।

लेखनाथलाई कविता लेख्छु भन्ने अठोट गर्न विवश बनाएको थियो– पितृप्रसादको हप्काइले ! फलतः उनी उसै समयदेखि कविता घोक्न-फलाक्न र सम्भवतः रच्न पनि उन्मुख भइरहन्थे । उनलाई लाग्यो– भानुभक्त, मोतीराम, सुब्बा होमनाथ आदिले भाषामा मीठा कविता रचेर आध्यात्मपालित समाजलाई धर्मकर्मतिर मार्गदर्शन गरिरहेका थिए तर लेखनाथ प्रथमतः काव्ययात्राका क्रममा र चढ्दो जवानीका सुरमा मोतीराम भट्टको लोकप्रिय शृङ्गारधाराका फन्दामा परे र मीठा-मीठा कविता रच्न थाले । उनलाई यस क्रममा शृङ्गार रसका संस्कृत साहित्यका कविताले र संस्कृत छात्रावासका समवयस्क सहपाठी कविहृदयशाली मित्रहरूले पनि खुब सघाए प्रभाव पारे । लेखनाथभित्रको प्रतिज्ञाबद्ध कविहृदयलाई उचाल्ने र थेचार्ने काम समस्यापूर्ति गराउने या त्यसैका माध्यमबाट कविता लेख्न सिकाउने छात्रावासको चलन तथा त्यस चलनभित्रको सदस्य आफू तल्ला कक्षाको भएकाले नबनेको हुँदा त्यो प्रतिज्ञा अझै सक्रिय रूपमा देखा पर्न थाल्यो । गुरुहरूको आँखा छली-छली साथीहरूले र अग्रजहरूले पाएको समस्यालाई पूर्ति गरेर कविता लेख्न लेखाउन पर्दा त्यो उत्सुकता अझै जाग्रत् हुन पुग्यो । यस क्रममा "शिवकुमार"का उपेक्षापूर्ण दृष्टिकोणलाई लेखनाथले स्वयं उल्लेख गरेका छन् । क्रमशः "सूक्तिसुधा" र "सुन्दरी"सम्म लेखनाथलाई पुऱ्याउनमा दधिराम, चक्रपाणि, सोमनाथ, दुर्गाप्रसाद आदिको कम महत्त्वपूर्ण भूमिका रहेन । "माधवी"का सम्पादक राममणि आदीले त उक्त पाठले लेखनाथका कविताको प्रशंसा गरिदिएकाले उनलाई अगाडि बढ्न अत्यन्त ठूलो खुराक या ऊर्जा प्राप्त भयो । अध्ययनलाई वास्ता नगरेर सिर्जनारचनालाई नै सर्वेसर्वा ठानी "अग्निधार" जस्ताका अपमानित दृष्टिकोणहरूलाई अगाडि सारेर स्वाध्ययनतर्फ उन्मुख हुन पनि "पितृप्रसाद शूल" को दुखाइ नै प्रमुख कारण देखापर्छ । भनिन्छ बालककालमा गडेको खिल र गढेको संस्कार आजीवन सजीव रहन्छ । लेखनाथको वनारसी परीक्षा औपचारिकताको परिदृश्य मात्र थियो भन्ने कुरा प्रमाणित हुन्छ । सबै विषय परिश्रम गरेर पढ्नेले न्यायमुक्तावली चाहिँ पढेनछन् भन्न कदापि सकिँदैन ।

लेखनाथका जीवन यात्राका वृत्तभित्रका उपवृत्तका रूपमा रहेको काव्ययात्राको उपक्रम यसरी नै आरम्भ भएको छ र अनेक संस्कृत, नेपाली, हिन्दी कविता रचनाका माध्यमबाट अगाडि बढेको छ, सक्रिय र सजग रहेको छ ।

कवि शिरोमणि लेखनाथ पौड्याल तत्कालीन पश्चिम ३ नम्बर कास्की पोखराको अर्घौं अर्चलेमा जन्मे र उनले कार्यक्षेत्रको खोजीमा अन्ततः उपत्यकाको राजधानी वा राजदरबारहरूलाई रोजे । दरबारको शरणार्थी होइन उनी त पूर्णतया पण्डित पदमा नै आसीन थिए । उनी हैकम चलाउँथे, पुराण वाचनमा महत्त्वपूर्ण निर्णय दिन्थे । नीतिशास्त्रका आधारमा दरबारमा गुरु बन्न र त्यसको भार बोक्नु कम गौरवको कुरा होइन । उनले निर्णय सिन्धुले झैं गाह्रा अप्ठ्यारा नैमित्तिक कार्यहरूमा गहकिला निर्णय दिनुपर्थ्यो । तर उनको साहित्य सिर्जनाको आन्तरिक ज्योति भने हमेसा प्रज्वलित भइरहन्थ्यो हृदयमा । चाहे दरबारका विलासजनित घटना होऊन्, चाहे राज्यका हित-भलाइका कुरा होऊन्, लेखनाथ साक्षी हुन्थे ती सबैमा तर ती सबै घटनाका उपर चूँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[illegible]

[illegible] । [illegible] र [illegible] । [illegible] । [illegible] ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यत्रा महान् साहित्यसाधकलाई पनि विश्वका दिग्गजहरूलाई झैँ काललेछोडेन । देवघाटका बाबा डिल्लीरामका सौजन्यले मृत्युशय्यामा शिवरात्रिको प्रतीक्षा गरिरहेका कविशिरोमणि चन्द्रमौलिका पावन लोकका निम्ति २०२२।११।७ गते शिवरात्रिका राति २।४५ बजे नफर्कने गरी प्रस्थान गरे । आज उनी यहाँ छैनन् तर उनी यहीँ कतै देवघाटतिरै छन् कि जस्तो लाग्छ । बीसवटा ग्रन्थ र सयकडौँ कविताका शब्दशब्दमा जीवन्त मनुपुत्र झैँ । "शब्दो नित्यः" झैँ । अन्तमा देवघाटलाई उनले कसरी सम्झेका छन् त्यो बुझ्नु जरुरी छ–

जो छन् सन्तोष-शान्ति द्रुम दुई तटका ती ढले जोससङ्ग
दम्भ-क्रोधादि गोही विकल हृदयमा भर्दछन् मृत्युरङ्ग ।
सङ्के डुङ्गा र फट्के सब शमदमका लाग्न थाल्यो उचाट
त्यो फेला पर्न सक्ला कसरि अब हरे । दिव्य "विश्रामघाट" । – *"विश्रामघाटको पवित्र स्मृति"* - २

आठौँ सघन राष्ट्रिय खोप दिवस - २०६०

पौष
१९ गते
शनिवार र
फागुन ९ गते
शनिवार

पोलियो रोग उन्मूलन गर्ने उद्देश्यले २०६० पौष १९ गते शनिवार र फागुन ९ गते शनिवारका दिन नेपाल अधिराज्यभरका महानगरपालिका, उपमहानगरपालिका र गाउँ विकास समितिमा राष्ट्रिय पोलियो खोप कार्यहरू सञ्चालन हुँदैछ ।

१. खोप दिवसमा खुवाइने पोलियो थप मात्रा भएकोले यसअघि पोलियो थोपा खुवाइसकेका ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरूलाई पनि पोलियो थोपा खुवाउनै पर्छ ।
२. पोलियो थोपा खुवाऔ, लुलो लङ्गडो हुनबाट बचाऔँ ।
३. पोलियो रोग उन्मूलन गर्ने साझा कार्यमा सम्पूर्ण क्षेत्रबाट आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गर्दछौँ ।

सम्झनुहोस् यही २०६० पौष १९ गते शनिवार र २०६० फागुन ९ गते शनिवारका दिन ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरूलाई पोलियो थोपा खुवाऔँ र लुलो लङ्गडो हुनबाट बचाऔँ ।

स्वास्थ्य मन्त्रालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर बोल्ने हिम्मत कस्को ? लेखनाथले तत्कालीन समाजव्यवस्थालाई अवश्यै चित्रण गरेका छन् तर आफू बचेर– किनकि एकतन्त्रीय शासनकालमा वाक्स्वतन्त्रता हुँदैन – थिएन, पञ्चायत कालमा त यो रोक थियो भने आज आएर लेखनाथले सत्ताको विरोध नगरेकाले उनी प्रतिक्रियावादी थिए भन्नु देशकालपरिस्थिति उपर आँखा चिम्लेर कलम चलाउनु हो र आफ्नो सङ्कीर्ण विचारधाराको दसी देखाउनु पनि । यसैले उनले स्तुतिपाठका काव्य कविता रचेर देशकाल परिस्थितिलाई चित्रण गरे ! समाजलाई उँभो लगाउने धर्मार्थकाममोक्ष नै भएकाले उनले पनि रिठ्ठो नबिराइकन बुद्धिविनोद, सत्यकलिसंवाद, मेरो राम, तरुण-तपसीका अतिरिक्त दर्जनौं फुटकर स्तुति रचे र देश तथा देशवासीको सेवा गरे – समाज चेतनाका उन्नतिको कार्यमा अग्रसर रहे ।

कुन कवि राज्याश्रित नभई ख्यातिको शिखरमा पुगेको छ ? त्यस्ता कविहरूको इतिहास बनेको छैन, जो राजामहाराजाहरूको आश्रयमा पुग्न सकेका थिएनन् । अश्वघोष, कालिदास, भास, भवभूति, भारवि, माघ, दण्डी, श्रीहर्ष आदि कवि-समीक्षक जोसुकै पनि राज्याश्रित थिए । नेपालकै परिप्रेक्षमा हेर्ने हो भने शक्तिवल्लभ अर्याल, हेमराज पाण्डे, सोमनाथ, राममणि आ. दी., चक्रपाणि, बाबुराम आदि अनेक कवि-विद्वान्हरूलाई लिन सकिन्छ र यसै पंक्तिमा लेखनाथ पनि पर्छन् तर अरूका तुलनामा लेखनाथको कल्पनाशक्तिले विशिष्टता हासिल गरे पनि विभिन्न स्वार्थवश धेरैजसो समीक्षकवर्गले विरोधी स्वर पनि निकालेका छन् । भानुभक्त नै आदिकवि भए, यद्यपि अरू पनि कवि थिए, देवकोटा नै महाकवि भए यद्यपि अरूले पनि महाकाव्य लेखेका छन्, बालकृष्ण नै नाट्यसम्राट् भए, यद्यपि अरूले पनि नाटक लेखेका छन्, त्यस्तै कविशिरोमणि लेखनाथ मात्र भए यद्यपि उनीअघिका पनि कविता छन् ! तर तुलना गरे हुन्छ उनका कवितासँग प्राचीन-अर्वाचीन र समकालिक कविताहरूको ! अनि थाहा हुनेछ– त्यो भाषिक माधुर्य, शाब्दिक लालित्य, आर्थिक गाम्भीर्य तथा श्रुतिरमणीयताको संजोग एकै ठाउँमा पाउनु दुर्लभ छ, तर त्यो सबै एउटै लेखनाथमा छ ! भानुभक्त र मोतीरामका कविताको भाषिक र भावगत रमणीयताका आफ्नै वैशिष्ट्य छन् भने त्यो घेरालाई नाघेर उनी धेरै-धेरै अगाडि दौडेका छन् । के अब उनका रचनामा प्रगतिशीलता छैन भनेर नाक चेप्न्याउन होला त ?

मानिसले कविको संस्कार, कर्म र चिन्तनलाई चिनेर मात्र उसका उपर समीक्षात्मक कलम चलाउनुपर्छ । लेखनाथले "पितृप्रसाद" घटनाताकदेखि "यो दुःख भोग्ने परमेश्वरै हो"सम्मका जे-जति कविता गाए, बीचको शृङ्गार कालतिरका युवा चापल्य र जवानीका तरङ्गहरूको क्षणिक रमणीयताका चकाचौंधमा पनि उनले सहभागिता अपनाए किनकि त्यो पनि समयले सिर्जिएको एक प्रवृत्ति थियो तर उनी एक्कासी समालिए । शृङ्गारबाट नेपाली भाषा-साहित्यको अभिवृद्धि मात्र रोकिएको होइन, यस्ता विलासीप्रवृत्तिबाट जनजीवनलाई अघि बढाउनुमा भन्दा पछि धकेल्नुमा मदत पुग्ने देखी उनी अध्यात्मचिन्तनबाट नै जगत्को हितभलो हुने ठानेर तदनुसार काव्य-कविता रचनातर्फ लागेका हुन् । "लक्ष्मीपूजा"ले तत्कालीन समाजमा र अझ खास गरी दरबारिया विलासका प्रसङ्गमा व्यसनका रूपमा जरा गाडेको जुवाको खराबीलाई हटाउन कम महत्त्वपूर्ण भूमिका खेलेको छैन, यतातिर समीक्षकहरूले दृष्टि दिनु जरुरी छ । आफ्नै जीवनकालमा बीसवटा सिङ्गा ग्रन्थ र सयकडौं फुटकर कविताका रचयिता लेखनाथ पूर्णतः मानववादी अध्यात्म प्रकृतिका महर्षिकल्प कवि हुन् । उनले "ऋतुविचार", "तरुण-तपसी"को प्रवृत्तिलाई संस्थागत गरेका छन्, जो उत्कृष्ट बन्न सफल रहेको छ तर उनले महाकाव्य दिन सकेनन्– आँखा कमजोर भएकोले र स्वास्थ्यले साथ नदिँदा लेखाउनु पर्ने परिस्थिति उब्जेकाले "गङ्गागौरी" अपूरै रह्यो । भनौं नेपालीले पाउनुपर्ने मीठो फल बतेलीमै सुक्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यत्रा महान् साहित्यसाधकलाई पनि विश्वका दिग्गजहरूलाई झैं काललेछोडेन । देवघाटका बाबा डिल्लीरामका सौजन्यले मृत्युशय्यामा शिवरात्रिको प्रतीक्षा गरिरहेका कविशिरोमणि चन्द्रमौलिका पावन लोकका निम्ति २०२२।११।७ गते शिवरात्रिका राति २।४५ बजे नफर्कने गरी प्रस्थान गरे । आज उनी यहाँ छैनन् तर उनी यहीं कतै देवघाटतिरै छन् कि जस्तो लाग्छ । बीसवटा ग्रन्थ र सयकडौं कविताका शब्दशब्दमा जीवन्त मनुपुत्र झैं । "शब्दो नित्य:" झैं । अन्तमा देवघाटलाई उनले कसरी सम्झेका छन् त्यो बुझ्नु जरुरी छ–

जो छन् सन्तोष-शान्ति द्रुम दुई तटका ती ढले जोससङ्ग
दम्भ-क्रोधादि गोही विकल हृदयमा भर्दछन् मृत्युरङ्ग ।
सङ्के डुङ्गा र फट्के सब शमदमका लाग्न थाल्यो उचाट
त्यो फेला पर्न सक्ला कसरि अब हरे । दिव्य "विश्रामघाट" । – *"विश्रामघाटको पवित्र स्मृति"* - २

आठौं सघन राष्ट्रिय खोप दिवस - २०६०

पौष
१९ गते
शनिवार र
फागुन ९ गते
शनिवार

पोलियो रोग उन्मूलन गर्ने उद्देश्यले २०६० पौष १९ गते शनिवार र फागुन ९ गते शनिवारका दिन नेपाल अधिराज्यभरका महानगरपालिका, उपमहानगरपालिका र गाउँ विकास समितिमा राष्ट्रिय पोलियो खोप कार्यहरू सञ्चालन हुँदैछ ।

१. खोप दिवसमा खुवाइने पोलियो थप मात्रा भएकोले यसअघि पोलियो थोपा खुवाइसकेका ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरूलाई पनि पोलियो थोपा खुवाउनै पर्छ ।
२. पोलियो थोपा खुवाऔ, लुलो लङ्गडो हुनबाट बचाऔं ।
३. पोलियो रोग उन्मूलन गर्ने साझा कार्यमा सम्पूर्ण क्षेत्रबाट आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

सम्झनुहोस् यही २०६० पौष १९ गते शनिवार र २०६० फागुन ९ गते शनिवारका दिन ५ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरूलाई पोलियो थोपा खुवाऔं र लुलो लङ्गडो हुनबाट बचाऔं ।

स्वास्थ्य मन्त्रालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्दाङ्गढी : एक चिनारी

✍श्रीमती लक्ष्मी शर्मा पोखरेल

१. भौगोलिक परिचय

नेपालको बीच भागमा रहेको चितवन जिल्ला रमणीय एक पर्यटकीय स्थल हो । २५१० वर्ग कि. मी. मा फैलिएको यो जिल्ला दक्षिणमा भारत विहारको चम्पारन जिल्ला, पूर्वमा लोथर मकवानपुर जिल्ला र उत्तरमा त्रिशूली नदी गोरखा र धादिङ् जिल्लासँग सीमा कायम भएको छ । यस जिल्लामा अधिकतम तापक्रम ३६.० डिग्री सेन्टिग्रेड र न्यूनतम ६.२० डिग्री सेन्टिग्रेड हुन्छ, वर्षा सरदर वार्षिक १,५०० मिलिलिटर हुने गर्दछ । यो भूभाग मलिलो माटो भएको स्थान हो ।

घना जङ्गलले भरिएको यस स्थानमा वि. सं. २०१३ सालदेखि जङ्गल फँडानी गरी वस्ती बसाउन सुरु भयो र केही पुराना बस्ती पहिले पनि थिए भन्ने कुरा यहाँ प्राप्त वस्तुहरूबाट थाहा भएको छ। मूलत: यस क्षेत्रमा औलो लाग्ने हुँदा मानिसहरू बस्न डराउँथे । बिस्तारै औलो उन्मूलन भएपछि आवादी बढ्यो, जनसंख्या बढ्यो । यहाँ ४२८१३.९ हेक्टर कृषियोग्य जमिन र वनक्षेत्र १,४६३३६ हेक्टर छ । चुरे र महाभारत पर्वत शृङ्खलाको बीच भागमा पर्ने भित्री मधेसको रूपमा चिनिने यो जिल्लाबाट महेन्द्र राजमार्ग गएको छ र पृथ्वीराजमार्ग र मदन-आश्रित राजमार्गले केही भागमा सुविधा पुऱ्याएका छन् । यहाँ भरतपुर र रत्ननगर दुई नगरपालिका, पहाडी ९ र अन्य २० गरी ३६ गा. वि. स. १३ स्थानीय इलाका र ४ संसदीय निर्वाचन क्षेत्र छन् ।

२. पर्यटकीय एवं ऐतिहासिक महत्त्वका स्थलहरू

पर्यटकीय एवं ऐतिहासिक महत्त्वका स्थलहरू बारे जाँदा १. शाही चितवन राष्ट्रिय निकुञ्ज, २. देवघाट धाम, ३. वाल्मीकि आश्रम, ४. विक्रमबाबा, ५. उपर्दाङ्गढी, ६. सोमेश्वर गढी, ७. चित्रसारी, ८. गोद्दक (परशुराम) कुण्ड, पाण्डवनगर, ९. वागीश्वरी, १०. शिवघाट, ११. कविलास गढी, १२. पुरानो गढी, १३. गणेशस्थान (बसेनी), १४. इच्छाकामना, १५. बीसहजार ताल १६. सतञ्चुली डाँडा आदि प्रसिद्ध ऐतिहासिक स्थानहरू छन् । अझै अन्वेषण गरेको खण्डमा अरू पनि प्राप्त हुन सक्छन् ।

३. उपर्दाङ्गढी ऐतिहासिक स्थल

चितवन जिल्लाअन्तर्गत टाँडी बजार (हाल रत्ननगर नगरपालिका)को महेन्द्र राजमार्गदेखि ६ मिल उत्तर महाभारत शृङ्खलाको दाहाखानी गा. वि. स. वार्ड नं. १ मा यो गढी रहेको छ ।

सत्य युगमा देवस्थल, त्रेता र द्वापर युगमा तपोभूमि, कलियुगमा महत्त्वपूर्ण तीर्थस्थल, प्राचीन र मध्यकालमा व्यापारिक राजमार्ग र आधुनिक कालमा आएर महत्त्वपूर्ण एवं बलियो किल्लाको रूपमा विकास हुँदै आएको चितवनमा अद्यावधि विभिन्न प्रकारका किल्लाहरू रहेको हामी पाउँछौँ । यद्यपि वर्तमान समयमा आइपुग्दा प्राचीन कालको चितवन कुन राज्यअन्तर्गत पर्दथ्यो भन्ने कुरा प्रष्ट हुन सकिरहेको छैन । लिच्छवि राजा मानदेवले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो राज्यलाई आफ्नो राज्यअन्तर्गत मिलाएको अनुमान गरिएको छ । त्यस बखत चितवन भारतसँग व्यापार गर्ने राजमार्गको रूपमा विकसित भएको थियो ।

चितवनको दक्षिणी भेगको सोमेश्वर हुँदै ठोरीतिर लाग्ने बाटो जुन भारतसँग व्यापार गर्ने एक निकाय थियो, जुन निकायलाई अंशुवर्माले खुलाएका थिए ।[1] मध्यकालमा चितवन जिल्ला सेन राज्यको अधीनमा थियो, पाल्पाका संस्थापक राजा रुद्रसेनका छोरा मुकुन्दसेन (प्रथम)ले विशाल राज्यको निर्माण गरेका थिए । उनको समयमा पाल्पा राज्यको सीमाना चारैतिर टाढासम्म फैलिएको थियो । तर मुकुन्द सेन प्रथम अत्यन्तै धार्मिक व्यक्ति भएका हुनाले उनी आफ्नो जीवनको अन्त्यतिर राज्य सञ्चालनको मोह त्यागी विभिन्न तीर्थस्थलहरूमा जीवन व्यतीत गर्न पुगे । जसको फलस्वरूप पाल्पा राज्यलाई उनका छोरा भतिजाहरूले अंशबण्डा गरे । जसअनुसार तनहुँ उनका माहिला छोरा भृङ्गसेनको अधीनस्थ राज्य रह्यो ।

मध्यकालको अन्तिम दशक अर्थात् दशौँ, एघारौँ शताब्दीमा आइपुग्दा नेपालमा प्रष्ट रूपमा पचास बाउन्न टुक्रे राज्यहरूको निर्माण भइसकेको थियो । तनहुँ राज्य चौबीसे राज्यअन्तर्गत पर्ने एउटा सानो राज्य थियो । गोर्खाका शाहवंशी राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहदेवले सम्पूर्ण स-साना राज्यहरूलाई एकताको सूत्रमा बाँधिसकेका थिए तापनि पश्चिममा रहेका चौबीसे राज्यहरूलाई भने नेपालभित्र सम्मिलित गर्न उनले सकिरहेका थिएनन् । केही वर्षपश्चात् पृथ्वीनारायण शाहका छोरा श्री ५ प्रतापसिंह शाहको समयमा वि. सं. १८३४ मा नेपाली सेनाले चितवनको उपर्दाङ्ग, कविलास, सोमेश्वर, प्याउली गढी आदि स्थानलाई आफ्नो अधीनमा ल्याए र आफ्नो राज्यमा गाभे । चितवनको बाटो भएर मुसलमान र अङ्ग्रेजहरू नेपाल भित्रने गर्दथे र यिनीहरूले कुनै समयमा नेपालमाथि आक्रमण गर्ने प्रबल सम्भावना देखिएको हुँदा यी मुसलमान तथा अङ्ग्रेजहरूको आक्रमणलाई रोक्न तथा आफ्नो सुरक्षाको निमित्त किल्ला निर्माण गर्न चितवनको भूभाग निकै उपयोगी सिद्ध भएको हुँदा पाल्पा र तनहुँ राज्यले जस्तै गोर्खाले पनि चितवनलाई महत्त्वपूर्ण दुर्गको रूपमा लिएको बुझिन्छ । उत्तरतर्फबाट भन्दा दक्षिणतर्फबाट बाह्य आक्रमणको सम्भावना प्रबल भएको हुँदा श्री ५ पृथ्वीनारायण शाहको व्यापारसँगै बाइबल र बाइबलसँगै बन्दूकको कुँदा आउँछ भन्ने मार्गदर्शन बमोजिम उनका छोरा बहादुर शाह तथा बुहारी राजेन्द्रलक्ष्मीको कार्यकालमा चितवनको उपर्दाङ्गढीमा बलियो किल्ला निर्माण गर्न लगाइएको थियो । उनले त्यस किल्लाको रक्षार्थ आफ्नो जेठा छोरा शत्रुभंजन शाहलाई सैन्यसहित खटाएका थिए, जसबाट उपर्दाङ्गढीको आवश्यकता र महत्त्व झल्कन्छ ।

राजनैतिक षड्यन्त्र र दाउपेचका कारण बेतियामा निर्वासित जीवन बिताइरहेका बहादुर शाहले नेपालनरेश प्रतापसिंह शाहलाई चितवनको बाटो गरी अङ्ग्रेजहरू नेपाल पस्न सक्ने भएको हुँदा चितवन तत्कालै विजय गर्नुपर्ने आवश्यकता देखाई पत्र लेखे बमोजिम श्री ५ प्रतापसिंह शाहले आफ्ना सैन्यदल पठाई वि. सं. १८३४ को प्रारम्भमा नै चितवनलाई नेपाल राज्यमा गाभ्न सफल भएपश्चात् श्रावण ३ गते कविलासपुर गढीमा आक्रमण गरे भने श्रावण २६ गते सोमेश्वर गढीमा पनि आक्रमण गरी दुवै गढीलाई नेपालभित्र गाभ्न सफल भएपश्चात् चितवन नेपाल अधिराज्यअन्तर्गत पर्न गयो । तत्पश्चात् सरदार रामकृष्ण कुँवर चितवनको रक्षार्थ उपर्दाङ्गढीमा किल्ला बनाई बसे ।

---

१. हेर्नू धनवज्र वज्राचार्य, "बाबुराम आचार्य र उहाँका कृतिहरू", नेपाल र एसियाली अनुसन्धान केन्द्र २०२९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर्दाङ्गढी नेपाल राज्यमा गाभिएपछि बहादुर शाहको नायबी कालमा उपर्दाङ्मा एउटा बलियो किल्ला निर्माण गर्ने कार्य भएको थियो । उपर्दाङ्गढी किल्ला पृथ्वीनारायण शाहका नाति शत्रुभञ्जन शाहले निर्माण गरी आफू त्यहीँ बसेका थिए भन्ने उल्लेख पाइन्छ । चतुर र दूरदर्शी बहादुर शाहले उक्त किल्ला निर्माण गरी त्यसको रक्षकको रूपमा आफ्ना छोरालाई त्यहाँ पठाएका थिए ।

श्री ५ राजेन्द्र वीरविक्रम शाहदेवको शासनकालमा उक्त किल्ला मर्मत गरिएको थियो । सन् १८२७ मा चितवनमा उठ्ने सम्पूर्ण सरकारी रकम उपर्दाङ्गको किल्ला मर्मतमा खर्च गर्न केन्द्रीय आदेश प्राप्त भएको थियो । डा. एफ्. बी हेमिल्टनले यस गढीमा कविलासपुरबाट १ दिन पैदल हिँडेर पुगिने कुरा उल्लेख गरेका छन् ।

ढुङ्गाको पर्खाल बनाई निर्माण गरिएको यो किल्ला निकै बलियो र सुरक्षित देखिन्छ । किल्लाको भित्री भागमा दुई तह कायम गरिएको छ । सतहको भागमा एउटा इनार र एउटा हातहतियार राख्न बनाइएको साधारण किसिमको भवन छ । उक्त भवनमा हाल राष्ट्रिय प्राथमिक पाठशाला राखिएको छ । इनार पनि सुख्खा छ । त्यस बखत वर्षाको पानी जम्मा गरी हिउँदभर पानीको समस्या समाधान गर्न सो इनार बनाइएको थियो । वि. सं. १९९० सालको भूकम्पको असरले गर्दा उक्त इनारमा पानी सङ्कलन गर्न नसकिने भएको थियो । किल्लामा एउटा मात्र ढोका छ जुन उत्तर दिशामा पर्दछ । ढोका १५ फिट अग्लो छ । किल्लाको चारैतर्फको पर्खालमा तोप हान्ने मुखहरू राखिएका छन् । लगभग ३ फिट चौडाइ र माथि-माथि साँगुरो पार्दै लगिएका ती मुखहरू सुरक्षित किसिमले बनाइएको छ । बाहिर वा तलबाट आएका तोप र गोली किल्लाभित्र पस्न नसक्ने किसिमबाट त्यो बनाइएको छ । किल्लाको बाहिर चारैतिर ७–८ फिट चौडा खाडल खनिएको छ । नजिकैको खानीबाट ढुङ्गा झिकी ठूला चाक्ला लाम्चा र बाक्ला ढुङ्गा ल्याएर यो किल्ला बनाइएको छ । यो किल्लाको दक्षिणतर्फ १०९ फिट, उत्तरमा १३४ फिट, पश्चिममा १०९ फिट र पूर्वमा ६७ फिटको क्षेत्रफल रहेको छ । यो किल्ला बाहिरबाट तोपले छेड्न नसक्ने गरी बनाइएको छ ।

चितवन नेपालको अधीनमा परेपछि उपर्दाङ्गलाई सदरमुकाम बनाई त्यहाँ सरकारी कार्यालयहरू राखिएको थियो । चितवनको तराईमा नयाँ बसोबासको कार्यक्रम सुरुवात भएपछि उपर्दाङ्गमा रहेका सरकारी कार्यालयहरू एक-एक गरी वि. सं. २०१४ सालमा भरतपुर चितवनमा सारिएका थिए ।

उपर्दाङ्गढीको मर्मत गर्नको लागि वि. सं. १८९४ मा मर्ज्यादपुरको सम्पूर्ण राजश्व लगानी गरिएको थियो । बनावटका दृष्टिले महाभारत पर्वतीय शृङ्खलामा रहेका गढीहरूमध्ये यो गढी निकै आकर्षक र बलियो देखिन्छ ।

यो गढी ठूला ढुङ्गालाई बज्रलेपनद्वारा जोडी गारो लगाएर बनाइएको छ । यो गढी निर्माण हुँदा एक बोस परको खोलाबाट सेना ताँती लागी हातैहात ढुङ्गा सारेर ल्याएका हुन् भनिन्छ । यो गढी समुद्रसतहबाट लगभग १०४० मिटरको उचाइमा रहेको छ । यस गढीमा प्राचीन समयमा प्रयोग भएका ढुङ्गाहरू ज्यादै ठूला हुनाले हात-हातै सार्न असम्भव जस्तो देखिन्छ । यसमा ८ पाटा छन् । गढीको शीर्ष भागमा बाहिर हतियारको नाल तेर्स्याएर राख्ने ९ स्थान बनाइएका छन् । गढीको बाहिर वरिपरि खाडल बनाइएको छ । शत्रुद्वारा गढीमा आक्रमण गर्न दुष्कर बनाउन उक्त स्थानमा खाडल बनाइएको बुझिन्छ । यो गढीको बाहिरी घेरा ३ पटक परिक्रमा गर्दा एक कोस बराबरको बाटो हिँडिन्छ भन्ने स्थानीय वासिन्दाको कथन छ । तर किल्लाको निर्माण क्षेत्र भने त्यति ठूलो देखिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस गढीको प्रारम्भिक निर्माण सेन राजाहरूको समयतिरै भएको थियो । तनहुँका राजा पनि समय-समयमा यसै ठाउँमा आई बस्ने गर्दथे । यो गढी भारतीय क्षेत्रतर्फबाट ठोरी, झुवानी, जुटपानी हुँदै उकालो चढेर उपर्दाङ्ग निस्कने र त्यतैबाट काउले हुँदै गोरखातर्फ लाग्ने पुरानो पैदल बाटोको आडमा बनेको थियो । यस्तै महाभारत पर्वतशृङ्खला हुँदै पूर्व-पश्चिम गर्ने बाटो पनि यसै गढी भएर गएको थियो । हाल मोटरबाटो यस क्षेत्रबाट नभएकोले यस्ता पुराना बाटोको महत्त्व घट्दै गएको देखिन्छ । पुरानो सदरमुकाम उपर्दाङ्गमै रहेकोले गढीका अतिरिक्त मालपोत, अदालत, प्रहरी कार्यालय आदिका भवन, राजदरबार, सैनिक व्यारेक आदि पनि त्यहाँ रहेका थिए ।

उपर्दाङ् एवं शेरेवास क्षेत्रबाट मानिसको सम्पर्क घट्दै गई हाल उपर्दाङ्गढी पनि भत्कने अवस्थामा पुगेको छ । अन्य सरकारी घर भत्किसके । पुरानो टुँडिखेलमा हाल प्राथमिक शिक्षा परियोजनाले विद्यालय भवन निर्माण गरेको छ । त्यहाँ रहेका बालकुमारी र वज्रयोगिनीका मन्दिर पनि भत्केका छन् । गणेशको मूर्ति गढीदेखि उत्तरतर्फको भिरालो क्षेत्रमा असुरक्षित अवस्थामा रहेको छ । उपर्दाङ्गढीदेखि दक्षिणतिरको शेरेवास, जुन ठाउँमा सरकारी घरसमेत थिए, ती पनि भत्किसके । ४-५ वटा प्रजा जातिका घर बाहेक अरू छैनन् । शेरेवास पनि दिन-प्रतिदिन निर्जन हुँदैगएको देखिन्छ । यस क्षेत्रको पुरानो ऐश्वर्य अस्ताइसकेको छ ।

सन्दर्भ सामग्री

१. कँडेल डा. देवीप्रसाद, "चितवनको संक्षिप्त वृत्तान्त", स्मारिका चितवन महोत्सव २०५३ ।

२. वज्राचार्य धनवज्र , "बाबुराम आचार्य र उहाँका कृतिहरू"

३. अधिकारी डा. सूर्यमणि, चितवनको ऐतिहासिक पृष्ठभूमि, स्मारिका चितवन महोत्सव २०५५, पृष्ठ २५

४. कँडेल, डा. देवीप्रसाद, आधुनिक चितवनको इतिहास एक झलक, स्मारिका चितवन महोत्सव २०५५ ।

५. विवेक "चितवनको परिचय विशेषाङ्क" वीरेन्द्र बहुमुखी क्याम्पस अङ्क २, वर्ष ५, भरतपुर चितवन ।

६. Hamilton, op, cit. p. 183.

७. सिर्जना पर्यटन विशेषाङ्क, अङ्क ६, २०५४ ।

मङ्गलमय शुभकामना

अनुसन्धानमूलक 'देववाणी' पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

माधव जोशी

तथा

तथा स्वाइल टेष्ट कन्सल्टेन्सी परिवार, बालाजु काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युगकवि सिद्धिचरण श्रेष्ठको "देवघाट" कवितामा गीतादर्शनको प्रभाव

✍ गोविन्दराज विनोदी

युगकवि सिद्धिचरण श्रेष्ठ (१९६९ जेठ ९, वखलढुङ्गा) नेपाली साहित्यको कविता फाँटका स्वच्छन्दततावादी धाराका महत्त्वपूर्ण कवि हुन् । १९९० मा "भुइँचालो" कविताद्वारा औपचारिक काव्ययात्रा थालनी गरेका सिद्धिचरणले आफ्ना सरल, सरस, सुन्दर लयात्मक कविताहरूमार्फत् प्रकृतिप्रेमी, राष्ट्रप्रेमी, क्रान्तिकारी र प्रगतिवादी भावनाको अभिव्यक्ति दिएका छन् । विसङ्गत एवं विकृत सामाजिक मान्यताप्रतिको असन्तुष्टिले उनलाई विद्रोही-क्रान्तिकारी कविका रूपमा स्थापित गरेको छ । उनी गरिब-दुःखीहरूप्रति सहानुभूतिशील हुँदै न्यायसिद्धान्तको स्थापनाका आग्रही बनेको पाइन्छ । समय र परिस्थितिका कारण उनले आफूभित्रका क्रान्तिकारी प्रगतिवादी चेतनाको प्रकटीकरण गरेको पाइए तापनि मूलतः उनी प्रकृतिवादी, राष्ट्रवादी कवि हुन् । प्रकृतिको असीम सौन्दर्यालोकको अभिदर्शनमा उनी रमाएका छन् र मनका दुःख-पीडाहरूलाई पन्छाएर आत्मालाई उनले परिशुद्ध पारेका छन् । युगकवि सिद्धिचरणले प्रकृतिको मानवीकरण, मानवको प्रकृतीकरण, प्रकृतिका विविध रूपको वर्णन, प्रकृति र जीवनको एकाकार सम्बन्धस्थापन, प्रकृतिका विम्बहरूबाट जीवनका आरोह-अवरोहहरूको व्याख्या, प्रकृतिबिम्बकै माध्यमबाट राष्ट्रप्रेम र क्रान्तिकारी परिवर्तनाकाङ्क्षी भावनाको प्रकटीकरण गरेर आफ्ना कवितामा कुनै न कुनै रूपमा प्रकृतिलाई स्थान दिएको पाइन्छ ।

सिद्धिचरण श्रेष्ठका उत्तरार्धका कवितामा जीवनजगत्प्रतिको गहन चिन्तनले विशेष स्थान पाएको देखिन्छ । यसै क्रममा २०४१ सालमा रचित "देवघाट" शीर्षकको कविता आध्यात्मिक चिन्तनले युक्त छ । प्रकृतिको रमणीयता र स्वच्छतामा आत्माभिभूत हुँदै कविले वानप्रस्थ जीवनप्रतिको सम्मोह यस कवितामा अभिव्यक्त गरेका छन् । कवि स्वयंको देवघाटमा कल्पवास बस्ने उत्कट आकाङ्क्षाको अभिव्यक्तिका रूपमा पनि प्रस्तुत कवितालाई लिन सकिन्छ । प्रकृतिको आनन्दमय वातावरणमा ईश्वरीय वा अध्यात्मज्योतिको अभिदर्शन गर्ने चाहना विशेषतः कविको उमेरगत प्रभावद्वारा सृजित भएझैं प्रतीत हुन्छ र यसै अभीष्टको परिपूर्णताका लागि पुण्यसलिला नारायणीको तटमा स्थित देवघाट जस्तो प्राकृत एवं धार्मिक स्थलमा कल्पवास बस्ने एषणा जागृत भएको देखा पर्छ ।

देवघाट कविता गीतादर्शनको प्रभावसेचित सुन्दर एवं उत्कृष्ट रचना हो । यसमा मूलतः ज्ञान-कर्मयोग र साङ्ख्ययोगको प्रभाव छ । प्राकृत, स्वच्छ, शान्त, निर्मल देवघाटलाई ईश्वरको वा ब्रह्मको परमशान्तिमय वा परमानन्दमय रूपसँग साक्षात्कार गर्न सकिने स्थलका रूपमा कवि सिद्धिचरणले चित्रण गरेका छन् यस कवितामा । मनको ढोका खोलेर विराट् ज्योतिपुञ्जको दर्शनका लागि सेवा, जप, ध्यानरूपी नाउ यस ठाउँमा तयार रहेको भावाभिव्यक्ति यसमा पाइन्छ । कविताका आरम्भका दुई श्लोक यस्ता छन्–

पवित्र पुण्यस्थल देवघाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झिल्का झरेका सुखस्वर्गबाट
खोली अँध्यारो मनको कपाट
गराउने झल्ल महाविराट ।
अपार संसार समुद्रपार
पुऱ्याउने नाउ यहाँ तयार
लिएर सेवा जपशील ध्यान
उतार्छ माझी बुझ तत्त्वज्ञान ।

तत्त्वज्ञान भएपछि मानिसलाई देहत्यागपश्चात् पुनः जन्मन नपर्ने र परमात्मामा एकाकार हुने कुराको ज्ञान श्रीमद्भगवद्गीतामा भगवान् श्रीकृष्णले अर्जुनलाई दिनुभएको छ–

जन्मकर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥ (४।९)

अर्थात् हे अर्जुन ! मेरो जन्म र कर्म दिव्य, निर्मल र अलौकिक छ । जुन मानिसले तत्त्वद्वारा यो कुरा जान्दछ उसले शरीरलाई छाडेर पुनर्जन्म लिनु पर्दैन, ऊ ममा नै प्राप्त हुन्छ । कवि सिद्धिचरण श्रेष्ठले सच्चिदानन्द ब्रह्मरूप परमेश्वरलाई बुझ्नका लागि प्रवहमाण गण्डकीतर्फ लक्ष्य गर्दै आध्यात्मिक ज्ञानप्रवाहतिरको आत्मानुरक्ति यसरी प्रकट गरेका छन–

अपार लीला परमेश्वरैको
को भन्न सक्ने सब यो यसै हो
यो बोध–गङ्गाबिच पुग्नलाई
यो गण्डकीको छ प्रवाह भाइ ।

यस कवितांशमा कविले एकातिर गण्डकी नदीको तटवर्ती देवघाट धामको पवित्रता, शीतलता र धार्मिक महत्त्वको बोध गराएका छन् भने अर्कातिर जीवननदीको प्रवाह समुद्राभिमुख (बोध गङ्गाभिमुख) भएकाले त्यहाँ पुगेपछि सच्चिदानन्दमा एकाकार भइने कुरा पनि देखाएका छन् । यो कुरालाई गीतामा यस्तो भनिएको छ–

यथा नदीनां बहवोऽम्बुवेगाः समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥ (११।२८)

अर्थात्, जसरी नदीहरू अधिकजलप्रवाह स्वाभाविक रूपले नै समुद्रतर्फ दौडिरहेको हुन्छ, त्यसरी नै नरलोकका वीरहरू तपाईंको प्रज्वलित मुख (महातेज वा महाज्योतिपुञ्ज) मा प्रवेश गरिरहेका छन् ।

आत्मा सर्वव्यापी र नित्य स्वरूपको छ । यो सुषुप्ति-जागृतिभन्दा पर छ । नकाटिने, नसड्ने, नगल्ने र ननासिने, शाश्वत पूर्ण सत्य एवं समपूर्णमा प्रदीप्त छ भन्ने अभिव्यक्ति कवि सिद्धिचरणले "देवघाट" कवितामा यसरी व्यक्त गरेका छन्–

सुत्ने न उठ्ने न त काटिने नै
सड्ने न गल्ने न त मासिने नै
आत्मा छ यो शाश्वत पूर्ण सत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पूर्णमा नित्य यही प्रदीप्त ।

माथिको अभिव्यक्ति गीतामा रहेको निम्नलिखित पद्यांशको प्रभावभूमिमा संरचित छ–

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।

नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥ (२/२४)

अर्थात्, आत्मा अच्छेद्य अदाह्य, अक्लेद्य, र निस्सन्देह अशोष्य छ साथै यो आत्मा नित्य, सर्वव्यापी, अचल (स्थिर) र सनातन छ ।

कवि सिद्धिचरण श्रेष्ठले रचना गरेको देवघाट पद्यमा गीताको अद्वैत दर्शनको पूर्ण प्रभाव भेटिन्छ । कवि भन्छन्–

प्रारम्भ औ अन्त्य यहाँ छ एक
यहाँ उहाँ भन्नु कहाँ रहेछ
रहेछु मै मात्र र छेउसम्म
पाँ यादले आज छु झम्मझम्म ।

श्रीमद्भगवद्गीताको दशौं अध्यायमा भगवान् श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ–

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।

अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥ (१०/२०)

अर्थात् हे अर्जुन ! म सबै प्राणीहरूका आत्मामा अवस्थित सम्पूर्णको आत्मा हुँ र सबै प्राणीहरूको आदि, मध्य र अन्त्य पनि म नै हुँ ।

सबै मानिस भगवत् स्वरूप नै हुन् भन्ने दार्शनिक चेतनाका कारण कविले पनि देवघाट कविताको उक्त पद्यांशमा निःस्पृह आत्मतत्त्व वा साक्षात् भगवत् अंशलाई "म"को संज्ञा दिएको स्पष्ट हुन्छ ।

कवि सिद्धिचरण श्रेष्ठले देवघाटमा आर्य वानप्रस्थ जीवन व्यतीत गर्नेहरूको उद्देश्य स्पष्ट पार्दै भनेका छन्–

छोडी यतै खोर शरीर चट्ट
पक्कूँ भनी निर्मल आत्मतत्त्व
अभ्यास यो खुर्कन एक-एक
छन् वानप्रस्थी यसमा अनेक ।

घरगृहस्थवाट दिक्क भएर वानप्रस्थी जीवन व्यतीत गर्न देवघाटमा थुप्रै वृद्धवृद्धाहरू आएका छन् । उनीहरूको जीवनको उद्देश्य अरू केही छैन । ईश्वरको जप-ध्यानद्वारा आत्मतत्त्व प्राप्त गर्ने प्रयास गर्नु र शरीरलाई छाडेर अर्को नयाँ शरीरमा प्रवेश गर्नु वा भगवान्मा एकाकार हुनु बाहेक अन्य कुनै विकल्प नभएका कल्पवासीहरूका भावनाको कविले ज्यादै सशक्त चित्रण गरेका छन् । उक्त पद्यांशले गीताको निम्नलिखित पङ्क्तिहरूको झल्को दिन्छ–

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।

तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥ (२/२२)

अर्थात्, जसरी मानिसहरू पुराना वस्त्र त्यागेर नयाँ वस्त्र धारण गर्दछन् त्यसरी नै जीवात्मा पुरानो शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छाडेर नयाँ शरीर प्राप्त गर्दछ ।

यहाँ कविले शरीर र खोरको अभेद रूप देखाउँदै खोर वा बन्धनबाट मुक्तिको चाह प्रकट गरेका छन् । कवि शरीर खोरबाट मक्ति मिलेपछि परमात्मामा नै एकाकार हुन चाहन्छन् अर्थात् निर्मल आत्मतत्त्व पक्रन चाहन्छन् त्यसैले वानप्रस्थीहरूलाई प्रसङ्गमा ल्याएर कविले आफ्नो अन्तरात्माको ध्वनि प्रकटीकरण गरेका छन्

सङ्घर्षमय जीवनका अनेकौं आरोह-अवरोहहरू पार गरेर मद, मोह, कामादि विकार धोई-पखाली निर्मल आत्मा लिएर आएका कल्पवासीहरूको सन्दर्भ जोडेर कविले "देवघाट"मा वस्तुको महत्त्व मर्णन गर्दै रागद्वेष विमुक्त भएर अन्त:करणको प्रसन्नता प्राप्त गर्ने वानप्रस्थहरूको जीवनप्रति आफू आकर्षित भएको भावाभिव्यक्ति दिएका छन् । कवि भन्छन्–

आँधी हुरीको पछि शान्तिधाम
धोई पखाली मद, मोह, काम
बस्छन् यहाँ कैयन कल्पवास
फैलाउँदै जीवनको सुवास ।

कविको यो अभिव्यक्तिमा गीताको निम्नलिखित श्लोकको प्रभाव देखिन्छ–

रागद्वेष वियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति । (२।६४)

अर्थात्, तर आफ्ना इन्द्रिय वशमा गर्ने अन्तस्करणको साधक आफ्नो वशमा गरिएका राग-द्वेषरहित इन्द्रियहरूद्वारा विषयमाथि विचरण गर्दै आन्तरिक प्रसन्नता वा अन्तस्करणको सुवास प्राप्त गर्दछ ।

कवि सिद्धिचरण श्रेष्ठले श्रीमद्भगवद्गीताको अध्ययन-अनुशीलनका साथै उपनिषद्हरूको उहन अध्ययन र विविध आध्यात्मिक ग्रन्थ, पूर्वीय पाश्चात्य साहित्य एवं दर्शनहरूको समेत सार ग्रहण गरेर आफ्ना रचनाहरूलाई स्तरीकृत गरेका छन् । युगकवि सिद्धिचरणले स्वच्छन्दतावादी काव्यचेतनाकै आलोकमा अध्यात्मचिन्तन प्रस्तुत गरेका छन् र आत्मपहिचान गरेर जीवनका शाश्वतता एवं वास्तविकता पहिल्याउन सन्देश प्रवाहित गरेका छन् । मूलत: आफैंमा निहित "रत्न"लाई ठम्याउन, सांसारिक सुखभोगको तुच्छतालाई बुझ्न र आफूभित्रको रहस्यमय सौन्दर्य तत्त्व वा आनन्द तत्त्व भेट्टाउन सकेमा नै जीवन सार्थक हुने कुराको अभिव्यक्ति कविले दिएका छन्–

रहेछ जो रत्न ममा प्रसुप्त
हुँदैछ विस्तार यहाँ प्रदीप्त
अमूल्य यो रत्न छुँदा मलाई
संसार कौडीसरि हुन्छ भाइ ।
आनन्दसौन्दर्य सिवाय अर्को
रहन्न केही जब खुल्छ बिर्को
बिर्को त्यही मानसको उघारी
यहाँ हुने चिन्मयको चिनारी ।

उक्त आनन्द तत्त्व वा चिन्मयलाई पहिल्याउनका लागि मानसको बिर्को खोल्नुपर्ने कुरा कविले बताएका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तमा कविले गण्डकीको छोटो प्रवाहलाई जीवनसँग दाँज्दै जीवनको क्षणभङ्गुरताको चिनारी दिएका छन् । साथै देहमा रूढ आत्माको यात्रा सुदूर परमात्मासम्म नपुगी नटुङ्गिने अर्थात् देह टुङ्गिए पनि (समाप्त भए पनि) चिन्मय आत्मतत्त्व नसिद्धिने र आत्माको जागृति एवं सृष्टिक नैरन्तर्य कायम रहिरहने कुराको अभिव्यक्ति दिंदै अन्तमा कवि भन्छन्–

प्रवाह छोटो अति गण्डकीको
लामो छ यात्रा तर जिन्दगीको
टुङ्गिन्छ यो देह परन्तु यात्रा
टुङ्गिन्न है जानु छ फेरि टाढा ॥

कविका उपर्युल्लिखित भावनाहरू मूलत: महिमामय गीतादर्शनबाट र कविको बृहत् प्रकृतिवादी– रहस्यवादी, अध्यात्मवादी चेतना तथा विशिष्ट अनुभूतिबाट निस्सृत छन् । सरल, सरस भाषाशैलीमा गहनतम विचार सम्प्रेषण गर्ने विशेषतायुक्त कवि सिद्धिचरण श्रेष्ठको अध्यात्मचेतनाको उत्कृष्ट नमुनाको रूपमा "देवघाट" कविता प्रस्तुत भएको छ ।

सन्दर्भ सामग्री

१. ईश्वर बराल (सम्पा.), नेपाली साहित्यकोश, काठमाडौं, ने. रा. प्र. प्र. २०५५ ।
२. काशीराज शर्मा सुवेदी (सम्पा.), देववाणी ३.३, काठमाडौं, देवघाट वैदिक आध्यात्मिक सेवा परिषद् २०५७ ।
३. जयदयाल गोयन्दका (टीकाकार)श्रीमद्भगवद्गीता, तत्त्वविवेचनी हिन्दी टीका, गोरखपुर, भारत, गीताप्रेस, २०४७ ।
४. राममणि रिसाल, नेपाली काव्य र कवि, काठमाडौं, साझा प्रकाशन, ५०५० ।

मङ्गलमय शुभकामना

धार्मिक, आध्यात्मिक एवं सांस्कृतिक विकासको लागि अनुसन्धानमूलक 'देववाणी' पत्रिकाले खेलेको भूमिकाको सराहना गर्दै यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

उपेन्द्र रिजाल
डाइरेक्टर
हिमालयन फीड्स प्रा. लि.
भरतपुर ८, गौरीगञ्ज, चितवन
फोन नं. ९७७, ५६-२०९६, फ्याक्स: ९७७-५६-२५८९६, इमेल: hifeeds@wlink.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटको मिथकीय एवं पुरातात्त्विक महत्त्व

✍ डी. आर. पोखरेल

नेपलका पाँच विकास क्षेत्रहरूमध्ये मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रको सीमानामा अर्थात् चितवन, तनहुँ र नवलपरासी तीन जिल्लाहरू जोडिने, कालीगण्डकी र त्रिशूलीको सङ्गममा, महाभारत पर्वत शृङ्खलाको दक्षिणी काखमा वा भावर प्रदेश (भित्री मधेस) सुरु हुने अत्यन्त मनोरम देवघाट धाम अवस्थित छ । यसलाई नेपालकै प्राचीनतम तीर्थस्थलमध्येको एक मानिन्छ । पाल्पाली राजा मुकुन्दसेनको तपोभूमि, सेन राजाहरूको शीतकालीन राजधानी, प्राचीनकालमा सारा देवताहरू जमघट हुने संघट्ट हुने स्थल, वशिष्ठ ऋषिको तपोभूमि, कर्मभूमि, लङ्काबाट फर्किएर भगवान् रामचन्द्रले अश्वमेध यज्ञ गरेको मानिने पवित्र स्थल आदि कुराहरूले देवघाट धामको ठूलो धार्मिक महत्त्व देखिन्छ । यहाँ माघे संक्रान्तिको समयमा अर्थात् वशिष्ठ जन्मजयन्तीको अवसर पारेर एक महिनासम्म मेला लाग्दथ्यो भन्ने उल्लेख पाइन्छ । वास्तवमा देवघाट प्राचीन एवं मध्यकालको महत्त्वपूर्ण व्यापारिक नाका पनि थियो । राप्ती उपत्यकाको मैदानी भागमा त्यस बेला औलोको प्रकोप, जङ्गली हिंस्रक जनावरहरूको प्रकोप हुने भएकाले समस्त गण्डकी क्षेत्रको व्यापार थलोको रूपमा यो स्थान स्थापित थियो । तिब्बत, मानसरोवरका तीर्थयात्रीहरू, पटना (पाटलीपुत्र)देखिका तीर्थयात्री एवं गोसाईं व्यापारीहरूको पहाड मधेस गर्ने बाटो र विश्राम एवं व्यापार केन्द्र देवघाट नै थियो । भीरवनाहोरी जाने बाटो देवघाट भएरै गुज्रन्थ्यो ।

देवघाटको यति ठूलो महत्त्व हुनुमा सर्वप्रथम त्यहाँको भौगालिक स्थितिको हात रहेको छ । यस पछि यहाँको पुरातात्त्विक वस्तुहरू, स्थलहरू छन् । साथै यी भौतिक वस्तुहरू र प्राकृतिक सौन्दर्य दुवैको आडमा यहाँ धार्मिक आस्था फस्टाएको छ । यहाँ विद्यमान वस्तुहरूलाई दैवीकरण, व्यक्तीकरण गरिएको छ । तिनलाई पवित्र गरेर अलौकिक बनाइएको छ । यसका आधारमा यस स्थानका विषयमा कथा-उपकथा वा किंवदन्तीहरू बनेका छन् । यसरी मिथकहरू पनि निर्माण भएका छन् र तिनको प्रभाव निकै गहिरोसँग परेको देखिन्छ ।

देवघाटको महत्त्वमा जानुअघि यहाँ के-के कुराहरू छन् भन्ने विवरण हेर्नु जरुरी छ । हाल यहा मुख्य गरी दुई प्रकारका वस्तुहरू रहेका छन् । पहिलो प्राकृतिक र दोस्रो मानवनिर्मित । प्राकृतिक वस्तुहरूमा सर्वप्रथम काली र त्रिशूलीको सङ्गमस्थल (दोभान) छ । मुक्तिनाथ क्षेत्रमा पर्ने दामोदर कुण्ड उद्गम स्थल भएको काली गण्डकी अपेक्षाकृत तातो एवं कालो पानीको लागि प्रख्यात नदी हो । यस नदीमा शालिग्राम र सुन पाइन्छ भन्ने पनि गरिन्छ । देवघाटमा त्रिशूली नदीमा दरौंदी, मादी, मर्स्याङ्दी, सेती, बूढी गण्डकी यी नदीहरू माथि नै मिसिइसकेका छन् । देवघाटमा त्रिशूली र काली गण्डकीको मिलन भएपछि नदीको नाम नारायणी वा सप्तगण्डकी हुन्छ । चितवन जिल्लापट्टिको देवघाटको एक भागबाट तनहुँपट्टि रहेको अर्को भागमा जानलाई त्रिशूलीको झोलुङ्गे पुल तरेर जानुपर्दछ । वारिपट्टि पाखामा र पारिपट्टि थुम्कोमा अनगिन्ती मठ-मन्दिर, आश्रम र घरहरू छन् । नदीपछिको दोस्रो प्राकृतिक आकर्षण थुम्को परेको डाँडो, पाखा, खोँच र कालीतर्फको भीर हो । यस्तै गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कालीतर्फको भीरमा अवस्थित सीतागुफा, वशिष्ठ गुफा, ज्यादै रहस्यमय लाग्ने अनौठा र आकर्षक प्राकृतिक स्थल वा वस्तुहरू हुन् । अन्य प्राकृतिक कुराहरूमा जङ्गल, आकर्षक भूमि, कालीगण्डकीमा पाइने शालग्राम (कालो, चिल्लो र अत्यन्त कडा ढुङ्गा), त्यहाँको बालुवामा पाइने सुनको धूलो आदि हो । यसैगरी हाल मुकुन्देश्वर मन्दिरमा राखिएको मुकुन्देश्वर चक्रशिला अर्थात् चक्रैचक्र भएको वडेमानको कछुवा आकारको शालग्राम पनि प्राकृतिक महत्त्वको वस्तु हो ।

यसपछि मानवनिर्मित वस्तुहरू छन् । यी वस्तुहरू कुनै हालसालका छन् भने कतिपय प्राचीन कालका छन् । रामचन्द्रले लङ्कावाट फर्केपछि यहाँ आएर अश्वमेध यज्ञ गर्न बनाएको यज्ञकुण्ड लगायत प्राचीन एवं मध्यकालमा बनेका मठमन्दिर र मूर्तिहरू यहाँ रहेका छन् । यस्तै गरी आधुनिक भवनहरू, मठमन्दिरहरू, आश्रम-कुटीहरू, विद्यालय, धर्मशाला, वृद्धाश्रम, चौतारा, सिँढी, बाटाघाटा, पुलपुलेसा, सार्वजनिक शौचालय, हवनालय, आदि पसल, होटल, संघ-संस्थाका अफिसहरू आदि निर्माण भएका छन् ।

प्रकृति र मानव निर्मित यी भौतिक आत्मिक वस्तुहरूद्वारा एउटा विछट्ट आकर्षण पैदा भएको छ । एउटा सौन्दर्यको रचना भएको छ । यसमा पुरातन कालदेखि चल्दैआएको धार्मिक भावना र आधुनिक विज्ञानसम्मत ऐतिहासिक पुरातात्त्विक सांस्कृतिक सोच समझदारी र भावनाहरू पनि समाविष्ट भएका छन् । हाम्रा प्राचीन पूर्वजहरूले विकास गरेका मिथकीय सोचले पनि यहाँ धर्मको बुइ चढेर फूल्ने फक्ने मौका पाएकै छ । तीर्थयात्रा वा संस्कृतिको हिसाबले मात्र माघे संक्रान्तिमा मेला भरिँदैन, यो सँगै मकर नुहाएर पाप पखाल्ने मिथकीय धारणा पनि मिसिएको छ । काली गण्डकीमा पाइने शालिग्रामलाई पुरातात्त्विक दृष्टिकोणले नियाल्ने कति तीर्थयात्री आउलान् र ! बरू पाए त्यस पत्थरलाई घर लगेर पाञ्चायत देवताको रूपमा पूज्न चाहने नै धेरै होलान् । भन्नाले शालिग्रामलाई पवित्रीकरण गरिएको छ, दैवीकरण गरिएको छ । यसमा एक प्रकारले प्राण-प्रतिष्ठा गरिएको छ । यो कालो, चिल्लो ढुङ्गा, पुरानो ढुङ्गा वा ज्वालामुखीबाट निस्किएका लाभा लगायतका पदार्थहरूको शिथिलीकरण, बज्रीकरण पश्चात् कालीगण्डकीमा यसको प्रशवन क्षेत्र एवं मुहानवाट वा यसको उद्भव क्षेत्र (मुक्तिनाथ क्षेत्र - मुस्ताङ्)बाट बग्दै आएको अति प्राचीन पत्थरलाई दैवीकरण गरिएको छ । यस पत्थरलाई यथार्थमा बुझ्न नसक्दाको हाम्रा पूर्वजहरूको निर्क्यौल हो अहिलेको शालिग्राम । वास्तवमा अहिलेको शालिग्राम पूजा मिथकीय भावना हो । र यो नै साँच्चै भन्ने हो भने अहिलेसम्मको प्रभावशाली मिथकीय चिन्तनको परिचायक हो ।

देवघाटमा मिथकीय महत्त्व भएका शालिग्रामलगायत अन्य धेरै कुराहरू छन् । यीमध्ये अन्य केही कुराहरूमा वशिष्ठ गुफा र सीता गुफा पनि हुन् । यी दुवै गुफाहरू प्राकृतिक हुन् । यी दुवै गुफाहरू तनहुँतर्फ कालीगण्डकीको पूवतर्फको भरमा (पाखोमा) अवस्थित छन् । तर यी दुई गुफाहरूलाई पवित्रीकरण गरियो । सीता गुफा रामचन्द्र लङ्कावाट फर्किएर देवघाटमा अश्वमेध यज्ञ गर्ने क्रममा वाल्मीकि आश्रममा १५ वर्ष बिताएकी रामवाट त्याज्य भएकी सीताले १५ वर्षका लवकुशसमेतलाई ल्याई रामको जिम्मा लगाएर आफू पृथ्वीभित्र प्रवेश गरेको यही गुफाबाट हो भन्ने कथाहरू जोडिएका छन् । सीता त्यही गुफाबाट पृथ्वीमा समाहित भइन् भन्ने मिथक रचियो । सीताको कारणले यो गुफा पनि पवित्र, अलौकिक र दैवी लीलाभित्रको स्थल बन्यो । यसरी यो गुफा एउटा रोमाञ्चक मिथक बन्यो । अहिले त्यस गुफाको पुरातात्त्विक, ऐतिहासिक महत्त्व भए पनि मुख्य रूपमा जनमानसमा यसको मिथकीय महत्त्व नै प्रभावशाली रहेको पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै गरी भगवान् रामचन्द्रले अश्वमेध यज्ञको निम्ति बनाएको हवनकुण्ड भनेर चिनिने यज्ञकुण्ड अझै पनि देवघाटमा देख्न पाइन्छ । रामचन्द्रको अश्वमेध यज्ञ गरिएको कुण्ड भएकोले यो अति पवित्र एवं दुर्लभ यज्ञकुण्डको रूपमा मानिएको छ । यसको पनि मिथकीय महत्त्व अति नै देखिन्छ ।

सबभन्दा ठूलो मिथक त पाल्पाली राजा मुकुन्द सेनले सोह्रौं शताब्दीमा काली गण्डकीमा नुहाउँदा फेला पारेको बडेमानको कछुवा आकारको चक्रशिला हो । यो पनि शालिग्राम नै हो । ठूलो शालिग्राम । तर यो कछुवा आकारको भएकाले संभवतः कछुवाको खबटाको फोसिल हुनुपर्छ । हजारौं वर्ष कछुवाको खबटा पानी र बालुवामा रहँदा-रहँदा त्यो पत्थरमा परिवर्तन भएको हुनुपर्छ । यो नभए पनि यत्तिकै ठूलो शालिग्राम नेपालको अध्ययनमा आएका टोनी हागनले (सन् १९५० को दशकमा) पाँच हजार मिटर अग्लो थोरुङ् भञ्ज्याङ्मा पाएका थिए । यो चित्रसहित उनको किताब नेपालको चिनारीमा उल्लेख गरिएको छ (पृ. ५४) । त्यसो भएकाले यो देवघाटको मुकुन्देश्वर चक्रशिला पनि यस्तै एउटा ठूलो शालिग्राम हो । शालिग्रामहरू ज्यादै पुराना वस्तु हुन् । टोनी हागनले थोरुङ् भञ्ज्याङ्मा फेला पारेको शालिग्राम २० करोड वर्ष पुरानो मानिएको छ । वास्तवमा शालिग्राम विशिष्ट वस्तु हो । यसभित्र सुन पाइन्छ भन्ने पनि भनाइ छ । यस्तो अति महत्त्वपूर्ण पुरातात्त्विक वस्तु भएकाले हाम्रा पूर्वजहरूले यसलाई पवित्रीकरण गरेका हुन् । ईश्वरीय वस्तु वा विष्णु भगवान्कै एक रूप ठानेका हुन् । यसै भएकाले मुकुन्देश्वर महादेवको मन्दिरमा देवघाटमा राखिएको यस चक्रशिलाको पूजा भैरहेको छ । यसलाई कतिले मुकुन्दसेनकै अवतार पनि मानेका छन् । आज यस चक्रलाई दैवीकरण, पवित्रीकरण गरी पूजा गरिँदैछ । तर यसको यो मिथकीय महत्त्व अब धेरै समय रहन सक्दैन । वरु यसको पुरातात्त्विक महत्त्व बढ्नेछ । देश विदेशका पुरातत्त्वविद्, वैज्ञानिकहरू, रसायनशास्त्रीहरू, भूगर्भवेत्ताहरूले यसबारे व्यापक अनुसन्धान गर्नेछन् । यो वास्तवमा के हो भन्ने निश्चय नै पत्ता लगाउनेछन् ।

वास्तवमा हाम्रो धर्मशास्त्र, हाम्रो रीतिथिति, हाम्रो चाडबाड, हाम्रो तीर्थस्थल, हाम्रा मठमन्दिर मिथकीय सोचका उपज हुन् किनभने हाम्रो धर्मदर्शन, हाम्रो सोच, समझदारी, हाम्रो संस्कृति स्वयं नै मिथकका आधारमा उभिएका छन् । हामीले पूर्णरूपमा विज्ञानको बाटो लिन सकेका छैनौं । कमसेकम हाम्रो दृष्टिकोण विज्ञानसम्मत बन्न सकेको छैन । हामी त हाम्रा पूर्वजहरूको विरासतमा पाएका कुराहरू लिएर टिकिरहेका छौं । हाम्रो आफ्नै कुनै सोच-विचार छैन । हामी उधारो विचारहरूमा, सुनेसुनाइएका कुराहरूमा आधारित भएका छौं । यसो भएकाले देवघाटमा मात्र हाम्रो दृष्टिकोण वैज्ञानिक हुन सक्दैन पनि ।

वास्तवमा गम्भीर अध्ययन अनुसन्धान गर्ने हो भने देवघाट एउटा महत्त्वपूर्ण पुरातात्त्विक र ऐतिहासिक स्थल ठहरिन सक्दछ । किनभने माथि चर्चा भैसकेका यज्ञकुण्डमा नै पुरातत्त्वविभागले साधारण उत्खनन गरेर केही प्राचीन मुद्राहरू, मूर्तिहरू, केही माटाका भाँडाहरू फेला पारेको छ । यहाँ अति प्राचीन मूर्तिहरू रहेको उल्लेख "राप्ती उपत्यका" पुस्तकमा उल्लेख भएको छ (पृ. १०) । जस अनुसार यहाँ मणि, व्याघ्रमुकुटधारी र ब्रह्मरन्ध्र समेतको प्रस्तुति भएको चतुर्बाहु नारायणको मूर्ति छ । यो अति प्राचीनमूर्ति ठानिएको छ । यस्तै गरी यसैसँग अर्को यज्ञोपवीत धारण नगरेको पुरुषमूर्तिको पनि उल्लेख पाइन्छ । यो पनि प्राचीन मूर्ति ठहरिएको देखिन्छ । आजकल यो मूर्ति पहिलेको ठाउँमा छैन भन्ने भनाइ पनि छ । यस्तै गरी वागीश्वरीमा सरस्वतीको प्राचीन मन्दिर रहेको र त्यसको केही अवशेषहरू आजसम्म रहेको र वागीश्वरीमा नै आजसम्म राखिएका प्राचीन मूर्तिहरू छन् भन्ने कुरा त्यहीं नै मन्दिर बनाउन लाग्नुभएका स्व. योगी नरहरिनाथले भन्ने गर्नुहुन्थ्यो । उहाँले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यही भएर वागीश्वरीमा खोलिएको मेडिकल कलेजको विरुद्ध सर्वोच्चमा रिट हाल्नुभएको थियो र त्यो मुद्दा जित्नु पनि भएको थियो । तै पनि आजसम्म त्यहाँ कुनै वैकल्पिक व्यवस्था भएको छैन । मेडिकल कलेजका २०-२२ वटा साना-ठूला भवनहरू अझै पनि बेस्याहार भएर रहेका छन् ।

देवघाटमा रहेका ऐतिहासिक पुरातात्त्विक महत्त्वका वस्तुहरूको अध्ययन-अनुसन्धान हुनु जरुरी छ । गुफा, कुण्ड, मठ-मन्दिर, मूर्तिहरू, शालिग्रामलगायत पुराना देवलहरूका भग्नावशेषहरू, सेनकालीन दरबारका भग्नावशेषहरू आदिको गम्भीर अध्ययन गरिनु जरुरी छ किनभने आजसम्म यी वस्तु र स्थलहरूको मिथकीय महत्त्व मात्र बाहिर आएको छ, यसको पुरातात्त्विक वा वैज्ञानिक महत्त्व बाहिर आउन सकेको छैन । देवघाटमा जे-जति वस्तुहरू, स्थलहरू छन् ती सबै ऐतिहासिक, पुरातात्त्विक एवं वैज्ञानिक महत्त्वका वस्तुहरू नै छन् ।

यसबाहेक हालको देवघाट धाम आधुनिक विकास शैलीमा विकास नभई प्राचीन गरिमामा आधारित भई विकसित हुँदै जानु त्यत्तिकै जरुरी छ । किनभने देवघाटको उल्लेखित महत्त्वका कारणले यहाँ कल्पवास गर्न आउनेहरूको संख्या बढिरहेको छ त्यसैले उनीहरूको लागि एउटा प्राचीन नमुनायुक्त आश्रम बनाउनुपर्छ । ठूलां पदमा रहेर रिटायर्ड भएकाहरू, समाजसेवीहरू, प्रतिष्ठित व्यापारीहरू, घाउँघरका धनीमानी व्यक्तिहरूको पनि वृद्ध जीवन बिताउने ठाउँ यही भएको छ । मनोरम हावापानी, भौगोलिक बनावट र प्राकृतिक सुन्दरता, धार्मिक एवं मिथकीय महत्त्वले गर्दा यहाँ बसोबास गर्ने मानिसहरूको जनघनत्व नित्य बढिरहने देखिन्छ । यस माथि दिनमा जनघनत्वको चाप अरू बढ्दै गएको देखिन्छ । तीर्थयात्री, बजारमा किनमेल गर्न आउने मानिसहरू, कल्पवासीहरूलाई भेट्न आउने मानिसहरू, साधु-सन्त, फकिरहरू, असक्त-अपाङ्गहरू, वृद्धाश्रममा बस्ने बुढाबुढीहरू, संस्कृत विद्यालयमा पढ्न आउने विद्यार्थीहरू, धार्मिक यज्ञ गर्न आउने आगन्तुकहरू, विवाह पार्टी, व्रतबन्ध पार्टी, भोजभतेर एवं पिकनिक मनाउन आउने टोलीहरू, छिमेकी गाउँका व्यापारी कारोवार गर्ने मानिसहरू, विदेशी पर्यटकहरूलगायत दाहसंस्कारको लागि आउने मलामीहरू, मुर्दाघाट कुर्ने मगन्तेहरू आदिको चाप यहाँ बढिरहेको देखिन्छ । यसै गरी बेलाबेलामा ठूलो भीड हुने पर्वहरू, माघे संक्रान्ति जस्ता पर्वहरूमा देवघाटमा थेगिनसक्नु भीड भएको देखिन्छ ।

हुन त यही जरुरतलाई ध्यानमा राखेर हुन सक्छ २०५१ सालमा "देवघाट क्षेत्र विकास समिति" गठन भएको थियो । त्यस समितिले देवघाटको विकासको निम्ति गुरुयोजना पनि बनाएको थियो । गौशालाहरूको निर्माण, मार्गको निर्माण, कालोपत्रे सडकहरूको निर्माण, मन्दिरहरूको निर्माण आदि गर्ने नीति तय गरेको थियो । तर आजसम्म त्यो कार्यान्वयन भएको देखिन्न । वास्तवमा आज सर्वप्रथम देवघाटको संभावना अध्ययन गरिनु जरुरी छ । सार्वजनिक धारापानी र पाइखानाको सख्त जरुरत छ । यसै गरी दाहसंस्कारको निम्ति चिताहरू र मान्छे बस्ने घर निर्माण गरी नारायणीलाई प्रदूषित हुनबाट जोगाउनु जरुरी छ । देवघाटको परम्परागत पुरातात्त्विक एवं वातावरणीय संरक्षण गर्नका निम्ति विभिन्न कार्यहरू गर्नु अत्यन्त आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाम क्षेत्रको विकासमा निहित नेपालीहरूको उन्नति

✍ सूब सेन

देवघाट नेपालको माझमा पर्ने चितवन, तनहुँ र नवलपरासी जिल्लाको मिलनकेन्द्रमा पर्दछ । वाग्लुङ्-पर्वत, गुल्मी-स्याङ्जा, पाल्पा-स्याङ्जा छुट्याउँदै आउने काली गण्डकी नदी र तनहुँ चितवन छुट्याउँदै आउने त्रिशूली नदीका मिलनस्थल यही देवघाट हो ।

दुई ठूला नदीहरूको सङ्गमस्थल यो देवघाट क्षेत्र अत्यन्त पवित्र स्थल हो । देवताहरूले नुहाउने पवित्र स्थल मानिएर यसको देवघाट नामकरण भएको भन्ने पौराणिक उक्तिहरू पाइन्छन् । देवघाट धार्मिक, सांस्कृतिक, आध्यात्मिक महत्त्व बोकेको अत्यत पवित्र तीर्थस्थल हो । साथै भौगालिक र पर्यटकीय दृष्टिकोणले समेत यो क्षेत्र अति महत्त्वपूर्ण स्थानको रूपमा रहेको छ ।

ऐतिहासिक हिसाबले हेर्दा पनि पाल्पाली राजा मुनि मुकुन्द सेनले वि. सं. १६१० देखि १६२२ सम्म यहीँ तपस्या गरेका थिए । १६२२ मा उनको स्वर्गारोहण भएपछि केही वर्ष यो स्थान सुनसान भए पनि उनका अनुयायी र पाल्पाली राज्य व्यवस्थाबाट उनको आश्रममा मन्दिर निर्माण गरी चक्रशिलालाई उनी नै शिलामा परिणत भएको मानी चक्रेश्वर माहादेव मन्दिरको स्थापना गरियो र त्यहाँ धार्मिक अन्य पहलहरू पनि भए । यहीँ गलेश्वर बाबाले आफ्नो आश्रम बनाई धर्म-संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने कार्य गर्नुभएको थियो । यहाँ रहेका देवीदेवताका मन्दिर, तपस्वीहरू, पूजाआजा र कल्पवासीहरूले प्राचीन सांस्कृतिक पक्षको उद्घाटन गर्दछन् भने यहाँ हालसालै निर्माण गरिएका भवनहरू, आश्रमहरू, विद्यालयहरूले आजको आधुनिक निर्माणको झलक दिन्छन् ।

प्रकृतिले दिएका देवघाट जस्ता स्थलहरूबाट हामीले जे-जति पाउन सक्छौँ त्यो हामीले सदुपयोग गर्न सकेका छैनौँ । हामी जुन रूपमा छौँ त्यसैमा सन्तुष्ट हुनु हुँदैन । देशको गौरव बढाउने र धार्मिक, आर्थिक क्षेत्रमा नेपाली समाजकै स्तर उठाउने काममा अग्रसर हुनुपर्छ ।

हाम्रो देश गरिब छ ? होइन । देवघाट जस्ता क्षेत्रहरू हाम्रो देशमा कैयौँ छन् । गरिब त हाम्रो कार्यशैली र विचारशैली छ । वर्तमान र भविष्यलाई हेरी काम गर्न नसक्ने हाम्रो मानसिकता गरिब मात्र होइन हरिप पनि छ । अब धेरै ढिला भइसकेको छ त्यस्तो मानसिकता त्यागेर राष्ट्रिय स्तरदेखि स्थानीय स्तरसम्म विभिन्न योजना बनाएर कार्यान्वयतर्फ लाग्नुपर्दछ ।

दियालो बङ्गलादेखि रामनरगरसम्म, वागीश्वरी आश्रमसहित चितवनको भाग, गैडाकोटको बस्तीपछाडि बेङ्कटेश्वर मन्दिरसहित मुकुन्दपुर गा. वि. स. बस्ती, भगवती मन्दिर, तनहुँको दक्षिणी भागमा रहेको देवघाटको माथिको वन, पहाडसम्मको भाग देवघाट क्षेत्र हो । यस क्षेत्रलाई विकसित गर्न निम्नलिखित निर्माणका कार्यक्रमहरू सञ्चालित गर्नुपर्छ–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैदिक सनातन धर्म-संस्कृतिको क्षेत्रमा

१. ॐकारलाई मान्ने विश्वका सबै धर्म-सम्प्रदायका लागि आफ्नो धर्म-संस्कृतिअनुरूपको कर्म गर्न उपयुक्त हुने मन्दिर, गुम्बा, मठहरूको निर्माण गर्ने ।

२. विभिन्न धर्म, संस्कृति, परम्परा र यससँग सम्बन्धित विभिन्न पक्षहरूको अधययन, अनुसन्धान केन्द्रहरूको, पुस्तकालयहरूको स्थापना सञ्चालन गर्ने ।

३. अध्ययन गर्ने र अनुसन्धान गर्नेहरूलाई तोकेको समयसम्म बसोबास, सुविधाहरूको व्यवस्था गर्ने ।

४. यस क्षेत्रमा धार्मिक सम्मेलन बैठक र प्रवचनहरू सञ्चालन गर्ने ।

५. नेपालीको संस्कृति झल्कने कार्यक्रमहरू गर्न प्रोत्साहित गर्ने ।

शिक्षाको क्षेत्रमा

१. राष्ट्रहितलाई सर्वोपरि ध्यान दिएर राष्ट्रको आध्यात्मिक, धार्मिक, सांस्कृतिक, जातीय पहिचान आदिका क्षेत्रमा अध्ययन गर्न इच्छुक नेपाली मात्र होइन विदेशीहरूलाई पनि उपयोगी हुने प्राथमिक तहदेखि विद्यावारिधिसम्मका विद्यालय र विद्यापीठहरू स्थापना र सञ्चालन गर्ने ।

२. त्यस्ता विद्यालयहरूमा संस्कृत र नेपाली तथा अन्य भाषाहरूलाई आवश्यकताअनुसार अध्ययन तथा अनुसन्धानको भाषा बनाउने ।

३. कुनै खास विषय र पक्षहरूमा आवश्यकताअनुसार तालिम र गोष्ठीहरू सञ्चालन गर्ने ।

४. देशका तथा विदेशका पनि विशिष्ट विद्वान्हरूलाई आमन्त्रण गरी उनीहरूबाट प्रवचन, तालिम गोष्ठीहरू सञ्चालन गराउने ।

५. समय, आधुनिकता आदिलाई दृष्टि राखी प्राचीन गुरुकुल पद्धतिलाई शिक्षाको शैली बनाउने ।

तपस्या तथा कल्पवासको क्षेत्रमा

१. तीर्थवासी, कल्पवासीहरूका लागि आवश्यक आश्रम, गास, वास र धर्ममय जीवन यापनका लागि उपयुक्त स्थलहरूको निर्माण गर्ने । जङ्गलभित्र साना-साना कुटी निर्माण गर्ने । जसबाट योगीहरू स्वामीहरू, भिक्षुकहरू आएर तपस्या गर्न सकून, योगसाधना गर्न सकून् ।

२. पवित्र गण्डकी नदीतिरमा निश्चित नुहाउने स्थलहरू, घाटहरू, धार्मिक प्रवचन स्थल, पूजा-पाठ गर्ने स्थल, भजन-कीर्तन गर्ने स्थलहरूको निर्माण गर्ने ।

३. सार्वजनिक चौरहरू, बगैंचाहरूको निर्माण गर्ने ।

समाजसेवाको क्षेत्रमा

१. असहाय बालबालिका, वृद्धवृद्धा र महिलाहरूका लागि अनाथाश्रम, वृद्धाश्रमहरूको स्थापना र सञ्चालन गर्ने ।

२. स्वास्थ्यको क्षेत्रमा सेवा पुऱ्याउन आयुर्वेद र प्राकृतिक उपचारसँग सम्बन्धित चिकित्सालयहरूको स्थापना र सञ्चालन गर्ने ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. शिक्षा, स्वास्थ्य आदिको क्षेत्रमा समाजसेवा गर्न इच्छुक युवा-युवतीहरूलाई तालिम दिने केन्द्रहरूको स्थापना गर्ने ।

४. धर्म, संस्कृति, नेपाली जातीय पहिचान आदि पक्षमा सर्वसाधारणलाई जानकार बनाउन समाजसेवी टोलीहरू उत्पादन गरी गाउँगाउँमा खटाई समाजसेवा गर्ने ।

प्राकृतिक सम्पदाको संरक्षणको क्षेत्रमा

१. भइरहेको प्राकृतिक वन-जङ्गल तथा वन्य जन्तुको संरक्षण गर्ने व्यवस्था मिलाउने ।

२. महत्त्वपूर्ण जडीबुटीका संरक्षण, संवर्द्धन र उपयोग गर्न अध्ययन अनुसन्धान गर्न प्रयोगशाला निर्माण गर्ने ।

पर्यटकीय क्षेत्रमा

१. नेपाली संस्कृति, परम्परा, भेषभूषा आदिको अवलोकन गर्न सकिने म्युजिमको स्थापना गर्ने ।

२. मठ, मन्दिर, गुम्बा, आश्रमहरूको स्थापना गर्ने ।

३. वन र वन्यजन्तुहरूको संरक्षण गर्ने ।

४. नदीमा जलविहार गर्ने व्यवस्था मिलाउने ।

गोवंशको संरक्षणमा

१. दूध र दूधजन्य सामग्रीको उत्पादनका लागि गौशालाहरूको निर्माण गर्ने । गौपालन गर्ने स्थानीय किसानहरूलाई सहयोग उपलब्ध गराउने ।

२. उन्नत जातका बाछा-बाछी उत्पादन गरी किसानहरूलाई वितरण गर्ने ।

३. डेरीहरूको स्थापना गर्ने ।

पुरातात्त्विक खोज, उत्खननको क्षेत्रमा

१. मुकुन्दसेन यहाँ आई तपस्या गरेको हुनाले त्यस बेलाका विभिन्न ऐतिहासिक महत्त्वका वस्तुहरू माटोमुनि पुरिएर रहेका हुन सक्छन् त्यस्ता वस्तुहरूको खोज गर्नु आवश्यक छ ।

२. देवघाट क्षेत्रमा पाइने नेपाली जातीय पहिचान झल्किने खालका सांस्कृतिक धार्मिक, सामाजिक राष्ट्रिय महत्त्व राख्ने वस्तु, लेख, अभिलेख लिपि, भेषभूषा, आदिको संरक्षणको लागि अभिलेखालय स्थापना गर्ने ।

यसरी देशको माझमा रहेको, मुक्तिनाथ र गोसाईंकुण्ड जस्ता पवित्र मूलबाट बगेका पवित्र नदीहरूको सङ्गमस्थलको रूपमा रहेको देवघाट क्षेत्र धार्मिक सांस्कृतिक, भौगोलिक हर दृष्टिकोणले नेपाल र नेपालीको लागि माता प्रकृतिले दिएको महत्त्वपूर्ण र ठूलो गौरवपूर्ण प्राकृतिक सम्पत्ति हो । समयमै यसको विकास र निर्माण गरी नेपालीको उन्नतिमा उपयोग गर्नुपर्छ, ढिलो भैसक्यो तर पनि आज यसतर्फ ध्यान दिनतिर लाग्नुपर्छ ।

माथि उल्लेख भएबमोजिमका कार्यक्रमहरू सञ्चालन गर्दै यहाँको विकास गर्ने हो भने देवघाट देशकै मात्र होइन विश्वकै धार्मिक पर्यटकहरूलाई लोभ्याउने केन्द्र बन्न सक्छ र नेपाल र नेपाली समाजलाई धार्मिक, सांस्कृतिक, आर्थिक र सामाजिक राष्ट्रिय जीवनलाई उन्नत बनाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाटसँग योगी नरहरिनाथको आत्मीय सम्बन्ध र योगीको जीवनवृत्तान्त

✍दीर्घराज प्रसाई

योगी नरहरिनाथ आधुनिक नेपालका ऋषि हुन् । योगी नरहरिनाथजस्तो देशभक्त, हिन्दुराष्ट्र र राष्ट्रभाषा नेपालीको महत्त्व बुझ्न सक्ने उहाँको दाँजोमा अरू कोही नहोलान् । संस्कृतका ठूला विद्वान् योगी नरहरिनाथले नेपाल अधिराज्य, भारत र विश्वका अनेकौँ मुलुक घुमेर काठमाडौँको मृगस्थली र देवघाट, वागीश्वरीलाई आफ्नो आश्रम कायम गर्नुभएको थियो । देवघाट सत्य र शान्तिको प्रसिद्ध धाम हो । देवघाट अनेकौँ ऋषि, महर्षिहरू र वीराङ्गनाहरूले तपस्या गरेर पवित्रस्थल बनाएका थिए । वशिष्ठ ऋषि र उनकी धर्मपत्नी अरुन्धतीजस्ता ब्रह्मवादिनीहरूले देवघाटलाई आफ्नो केन्द्रस्थल बनाएका थिए । वशिष्टगुफा, सीतागुफा यस क्षेत्रका अहिलेसम्मका यथार्थता बनेका छन् । युगौँदेखि यहाँ कैयौँ ऋषिमुनिहरू, साधु, सन्तहरूले आफ्नो तपस्याकेन्द्र र जप गरेर जीवन बिताएका छन् । कृष्णा गण्डकीसँग अन्य गण्डकी (बूढी गण्डकी, त्रिशूली, सेती, मादी, मर्स्याङ्दी, दरौँदी)को यो सङ्गमस्थल पृथ्वीको स्वर्ग हो ।

योगी नरहरिनाथ

ताप्लेजुङ्गमा जन्मी हुर्केका निरौला थरका गलेश्वर बाबाले १२६ वर्षको उमेरमा आसनमै रहेर देहत्याग गरेको यो धामलाई योगी नरहरिनाथले पनि आफ्नो आश्रयस्थल बनाएका थिए । गलेश्वर बाबालाई आत्यन्त सम्मान गर्ने ऋषि नरहरिनाथले गलेश्वरबाबाले देहत्याग गर्दा उहाँको दैवी वाणी भएको थियो भन्ने गर्नुहुन्थ्यो ।

देवघाटमा योगीद्वारा कोटीहोम यज्ञ गरी वागेश्वरी नामले प्रसिद्ध गराइएको स्थान लगायत ४२ बिगाहा जग्गा, जङ्गल सित्तैमा अथाह कमिसन खाएर २०५१ सालमा गिरिजाप्रसादको मन्त्री-परिषद्लेमेडिकल कलेज (चिकित्सा केन्द्र)लाई सुम्पे-पछि योगी नरहरिनाथमा सत्ताको विरोधमा विद्रोह उठेको थियो । देवघाटजस्तो पवित्र धाममा विदेशी शक्ति र पराइ धर्मावलम्बीहरूलाई सुम्पने काम गरिन्छ भने त्यो कति देशद्रोही काम होला ? भनी योगी नरहरिनाथले यसको विरोधमा त्यसै बेला सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्नुभयों र सरकारी वकिलहरूको हस्तक्षेपको बावजुद पनि २०५३।१।१७ मा सर्वोच्च अदालतबाट मेडिकल कलेजलाई ४२ बिगाहा दिने गरेको निर्णयलाई बदर गऱ्यो ।

योगी नरहरिनाथको पार्थिव शरीर आज हाम्रो सामु नभए पनि उहाँ नेपालीहरूको हृदयमा अमर हुनुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योगी नरहरिनाथ नेपालका अमूल्य निधि हुन् अनि एक अमर विभूति । योगी नरहरिनाथको देहावसान भएपछि नेपाली समाज शोकाकुल हुनपुग्यो । योगी नरहरिनाथको देहावसानपछि चिन्तित हुँदै श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट– योगी राष्ट्रवादको साधनामा लीन तथा हिन्दु धर्म र संस्कृतिमा निष्ठावान् उपासक हुनुहुन्थ्यो भनिबक्सेको छ । योगी नरहरिनाथ साँच्चैको देशभक्त र क्रान्तीकारी राष्ट्रवादी हुनुहुन्थ्यो । कहिल्यै पनि सुखसयल, पद र पुरस्कारको आशा राखेर उहाँ हिँड्नुभएन । त्यस्ता त्यागी पुरुषको देन र चरित्रको सजिलै वर्णन गरेर सकिँदैन । उहाँको योगदान कति छ कति । मानव सभ्यताको जन्मदाता र सभ्यताको मूल यो हिमवत्खण्ड नै हो भनेर ठोकुवा गर्ने योगी नरहरिनाथ भन्नुहुन्थ्यो– विश्वका विकासमा जगज्ज्येष्ठ हिमालय हो । मानव ज्येष्ठ हाम्रो दर्शन हो । वेद यहीँ जन्मेका, मनु यहीँ जन्मेका, उपनिषद् तराईमा बनेका हुन् । हामी यहाँका रैथाने हौँ, भगुवा होइनौँ । राष्ट्रका निर्माता पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको अभियानमा नेपाल अधिराज्यभित्र पर्न गएको कैलाशकूट मान सरोवरको विषयमा उहाँ सधैँ आत्मगौरव गर्नुहुन्थ्यो । अहिले तिब्बतभित्र रहेको नेपालकै संरक्षणमा हुँदाहुँदै वि. सं. २०१३ सालदेखि चीनको स्वशासित क्षेत्र तिब्बतको अधीनमा रहे पनि नेपालको राष्ट्रिय झण्डा कैलाशकूटका शिरमा फर्फराइरहने र हिन्दु बौद्ध धर्मावलम्बीहरूलाई त्यस क्षेत्रमा जान स्वतन्त्रता प्राप्त छ भन्ने कुरा योगी नरहरिनाथ भन्नुहुन्थ्यो । केलाशकुट मानसरोवरको भ्रमण गरेपछि योगी नरहरिनाथले कवितामय भाषामा लेख्नुभएको छ– "गोर्खा सैनिकहरू कोटमा कटकमा, कैलाशकूटमा, गङ्गातटमा, हिमाल मुकुटमा राष्ट्रध्वजा भोटमा ।" आदि उल्लेख गर्दै नेपाली राष्ट्रवादलाई उद्घोष गर्नुभएको छ ।

वेद, पुराण, उपनिषद्का प्रकाण्ड विद्वान् योगी नरहरिनाथ संस्कृत भाषामा घण्टौँ भाषण गर्न सक्नुहुन्थ्यो । धारा प्रवाहमा गएर श्रोताहरूलाई घण्टौँसम्म ज्ञानरस पिलाएर निश्चल बनाउन सक्ने क्षमता भएका योगी नरहरिनाथलाई चार वेदका हरफहरू मुखाग्र थिए । आयुर्वेदका ज्ञाता योगीजीलाई देशमा भएका जडीबुटीहरूको राम्रो ज्ञान थियो । उहाँ कुनै पनि वृक्षको नाम, काम सबै बताउनुहुन्थ्यो । वि. सं. १९७१ साल फागुन १७ गते बिहीबार कर्णाली अञ्चल, कालीकोटं जिल्लाको लालु गाउँमा जन्मनुभएका योगी नरहरिनाथले नेपाल अधिराज्यको भ्रमण गरेर सम्पूर्ण तथ्यहरू, नेपालको प्राचीन, अर्वाचीन, इतिहासको खोजी गरेर इतिहास प्रकाशनका ठेलीका ठेली प्रकाशित गराउनुभएको छ । कैयौँ त्यस्ता ठेलीहरू अझ प्रकाशित हुन बाँकी पनि छन् ।

वि. सं. १८८२ को सुगौली सन्धिबाट पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्म पुगेका नेपालीको ठूलो भूभाग गुम्न पुगेकोमा उहाँ सधैँ चिन्तित हुनुहुन्थ्यो । वि. सं. १८७२ को तथाकथित प्रस्तावित सुगौली सन्धि झूठा हो, कीर्ते हो । राजाको लालमोहर र हस्ताक्षर भएको छैन । हामी नौ कोटी गोर्खालीहरू मिलेर कीर्ते सुगौली सन्धिअघिको भूभाग फिर्ता गर्नुपर्दछ भन्ने योगीजीको जीवन्त माग थियो । सुगौली सन्धिपश्चात् नेपालले गुमाउनुपरेको पूर्वको टिष्टादेखि पश्चिमको काँगडासम्मको भू-भाग नेपालले फर्ता पाउनै पर्ने अडानलाई विभिन्न कानुनी आधारहरू प्रस्तुत गरी २०५४ साल असार ३१ गते सर्वोच्च अदालतमा योगी नरहरिनाथलगायत रामजी विष्ट, फणीन्द्र नेपालहरूसमेतले रिट निवेदन दर्ता गर्नुभएको थियो ।

सुगौली सन्धिपश्चात् काली र राप्ती नदीको बीचको सम्पूर्ण तल्लो भागहरू, राप्ती र गण्डकीबीचका सम्पूर्ण तल्लो भूमि, गण्डकी र कोशीबीचको समस्त तल्लो भू-भाग, मेची र टिष्टाबीचको समस्त तल्लो भूमि र मेची नदीभन्दा पूर्वतर्फको सम्पूर्ण पहाडी इलाकाहरूलाई तत्कालीन नेपाल सरकारले इष्ट इण्डिया कम्पनीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुम्पनुपरेको थियो ।

श्री ५ को सरकार र संयुक्त अधिराज्यबीच भएको सन् १९२३ सेप्टेम्बर २१ तारिखमा अनुमोदन गरिएका द्विपक्षीय सन्धिले सुगौली सन्धिलाई अनुमोदन गरेको भए तापनि सन् १९५० अक्टुबर ३० तारिखमा नेपाल र ब्रिटेनबीच हस्ताक्षर भएको सन्धिले त्यसअघि नेपाल र ब्रिटेनबीच भएको सुगौली सन्धिलगायतका सबै सन्धि, सम्झौता र समझदारीहरू खारेज गरेको प्रसङ्गलाई क्रमबद्ध रूपमा उल्लेख गर्दै रिटमा सुगौली सन्धिमा गुमेका सम्पूर्ण भ-भागलाई फिर्ता गरिनुपर्ने माग गरिएको छ ।

डिसेम्बर २, सन् १८१५ मा सम्पन्न सुगौली सन्धि समयक्रममा खारेज भइसक्दा र बेलायत सरकारले नेपालले गुमाएको भू-भाग पछिल्लो सन्धिपश्चात् फिर्ता गरेको देखिँदा यसरी विधिवत् नेपालमा भइसकेका उक्त भूभागमाथि आफ्नो सार्वभौम सत्ता स्थापित गर्नुपर्नेमा केवल नेपालको सरकारको भोग रहेको कुराको उठान रिटमा गरिएको छ । श्री ५ को सरकारले नेपाल अधिराज्यको संविधानको धारा ३५ (१) (३) र सन्धि ऐन, २०४७ बमोजिम सम्मानित सर्वोच्च अदालतबाट श्री ५ को सरकारलाई गुमेका ती भू-भागमाथि नेपालको नियन्त्रण कायम गर्नु-गराउनु भनी संविधानको धारा २३, ८८ (१) (२) बमोजिम परमादेश जारी गरियोस् भन्ने माग दाबी रिटमा गरिएको छ । यद्यपि सर्वोच्च अदालतले नेपाल अधिराज्यको संविधानले निर्धारित गरेको अधिराज्यको सीमानालाई मात्र आधार बनाएर ऐतिहासिक वास्तविकतालाई वास्ता नगरेर नेपाल अधिराज्यको सीमाना नेपाल अधिराज्यको संविधान २०४७ ले निर्धारित गरेको आधारमा फैसला नगरेर अन्र्राष्ट्रिय न्यायालयमा सुगौली सन्धिमा गुमेका नेपालका भू-भागहरू नेपालले फिर्ता पाउन माग गर्ने उपायको अवलम्बन गर्नुपर्दछ । सुगौली सन्धिमा गुमेका भू-भागहरू नपाउन्जेलसम्म नेपालीहरूले आफ्नो अधिकार खोजिरहनेछन् । त्यसैले सुगौली सन्धिपछि गुमेका नेपालका भू-भागहरूलाई कानुनी आधारमा मात्र हेर्न पनि हुँदैन । संयुक्त राष्ट्र संघको रोहबरमा भारतसँग माग गरेमा भारतले पनि चित्त दुखाउने कुरा नगर्ला ।

योगी नरहरिनाथ नेपालका धार्मिक क्षेत्र र धामहरूको संरक्षण गर्न सधैँ क्रियाशील हुनुहुन्थ्यो । साँच्चिकै उहाँ एक कर्मवादी योगी हुनुहुन्थ्यो । योगी नरहरिनाथको आश्रम रहेको देवघाटको वागीश्वरीको आश्रमसहितको त्यो पुण्यभूमि पराइलाई अधिकार जमाउन दिने देशद्रोही सत्ताको विरोधमा योगी नरहरिनाथले सर्वोच्च अदालतमा दिएको रिटमाथि भएको पटक-पटकको बहसपछि सर्वोच्च अदालतले यस्तो तीर्थस्थलको अतिक्रमण गर्न पाईँदैन भनेर मेडिकल कलेजलाई हटाउने आदेश जारी गरेको थियो । तर, अनेकौँ अड्चन र जबरजस्त गरेर अहिलेसम्म मेडिकल कलेज हटेको छैन । यसरी सत्ताको आडमा विदेशीहरूको खेलमैदान बनाउन चाहने जोसुकै होस् त्यस्तालाई ढिलो भए पनि त्यस्ता पवित्र धामहरूबाट हटाउन श्री ५ को सरकार सरिक हुनुपर्दछ ।

योगी नरहरिनाथको सम्बन्धमा नेपालका अनेकौँ प्रकाण्ड विद्वान्हरूको ठूलो आस्था र ममता थियो । योगी नरहरिनाथको बारेमा स्वामी प्रपन्नाचार्य भन्नुहुन्छ– "योगीजी विद्वान् मात्र होइन राष्ट्रवादी, भाषा वैज्ञानिक, साहित्यिक, दार्शनिक र प्रायः समस्त वैदिक वाङ्मयका ज्ञाता र चिन्तक हुनुहुन्थ्यो । आबाल ब्रह्मचारी, आजीवन यात्री, आजीवन विद्यार्थी, महिनौँ अन्न नखाएर दुवो, जडीबुटीहरूबाट जीवन चलाउने, राष्ट्र र राष्ट्रधर्मका जिउँदो प्रहरिको नाम हो योगी नरहरिनाथ ।"

इतिहासविद् डा. तुलसीराम वैद्य लेख्नुहुन्छ– "योगी नरहरिनाथले मेचीदेखि महाकालीसम्म घुमी त्यहाँ पाएका शिलापत्र, ताम्रपत्र, हस्तलिखित ग्रन्थहरू, ताडपत्र आदि प्रचुर मात्रामा खोजी प्रकाशनमा ल्याउनुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक पहाडी ठाउँमा पानी परी पहिरो गई एक महत्त्वपूर्ण शिलापत्र भिरमा परेको थियो । डोरीको सहाराले भिरमा गई सो शिलापत्र उहाँले बचाउनुभएको थियो र सो शिलापत्रको बेहोरा प्रकाशन गर्नुभयो । यसरी ज्यान जोखिममा राखेर ऐतिहासिक साधनहरूको खोज गर्ने व्यक्ति नेपालमा उहाँ मात्र हुनुहुन्छ ।"

इतिहासविद् नयनाथ पौड्यालले लेख्नुभएको छ– "योगी नरहरिनाथज्यू नेपाल माताका उल्लेखनीय कार्य गर्ने विशिष्ट सन्ततिहरूमध्ये एक हुनुहुन्छ । नेपाली इतिहास, संस्कृति एवं पुरातत्त्वको विषयमा सन्धिपत्र लगायत विभिन्न ग्रन्थहरूको सम्पादन गर्नुका साथै इतिहास प्रकाशन तथा हिमवत् संस्कृतिका विभिन्न अङ्कहरूको सम्पादन एवं प्रकाशन कार्य पनि उहाँले गर्नुभएको छ ।

पूर्ण प्रकाश नेपाल यात्री भन्नुहुन्छ– "योगीराजका अथक र अनवरत प्रयासको फलस्वरूप नेपाली जगत्ले विश्वसामु ठाडो शिर गर्न पाएको छ । योगी नरहरिनाथका सत्प्रयासको अक्षरसः अध्ययन परिशीलन हुनु परम आवश्यक छ ।"

बालकृष्ण पोखरेल भन्नुहुन्छ– "योगी नरहरिनाथ हिमवत्कीर्तिका उदगाता हुनुहुन्छ । स्कन्दपुराणको हिमवत खण्डलाई सिङ्गो रूपमा जनसमक्ष ल्याइदिएर उहाँले हिमाली गरिमालाई विश्वप्राङ्गणमा प्रदर्शित गरिदिनुभएको छ । मलाई प्रेरणा दिने युगपुरुष हुनुहुन्छ योगी नरहरिनाथ ।"

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्य उपदेशको खोज गरी प्रकाशनमा ल्याउनुहुने महान् राष्ट्रवादी योगी नरहरिनाथले पृथ्वीनारायण शाहलाई नेपालको शासन व्यवस्थाको आधार बनाएर चलाउनुपर्छ भनेर हर नेपालीहरूलाई उत्प्रेरित गराउनुभएको छ । उहाँ भन्नुहुन्थ्यो– राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायणशाहका दिव्य उपदेशलाई पाठ्यक्रममा राखेर भावी सन्ततिलाई नेपालको संरक्षण गराउन सचेत गराउन र दिव्य उपदेशलाई मूल मन्त्रको रूपमा राज्य सञ्चालन गर्न सत्ता पक्षको आजसम्म कुनै ध्यानाकर्षण हुन नसकेको हुँदा त्यसतर्फ सबैको विचार पुग्नुपर्ने देखिन्छ । गुरु योगी नरहरिनाथ हाम्रो बीचमा नरहे पनि उहाँ अमर हुनुहुन्छ । तैपनि उहाँको आत्माको चिर शान्तिको लागि हामी नेपालीहरूले योगी नरहरिनाथको विचारलाई सार्थक बनाउन सक्नुपरेको छ ।

विश्वमा नेपाललाई चिनाउन योगी नरहरिनाथबाट पुऱ्याइएको योगदानको चर्चा जति गरे पनि कमै हुन्छ । हिन्दु राष्ट्र, राजतन्त्र र राष्ट्रभाषा नेपालीलाई नेपालको राष्ट्रिय एकताको स्रोत मान्नुहुने योगी नरहरिनाथ नेपालको राष्ट्रियताका टेवा हुन् । त्यस्ता महान् देशभक्त अमूल्य निधिको देहावसान भएपछि नेपालमा अहिले उहाँको अभाव खड्किएको छ ।

योगी नरहरिनाथलाई कहिले सुवर्ण वैद्यको रेखदेखमा राखियो । कहिले सैनिक अस्पतालमा, कहिले वीर अस्पतालमा सघन उपचारको लागि राख्दा-राख्दै अन्तिम दिन योगीको अवस्था चिन्ताजनक भएकोले उहाँलाई वीर अस्पतालबाट आश्रम मृगस्थलीमा रहेको उहाँकै आश्रममा भक्तजनहरूद्वारा पुऱ्याइयो । मृगस्थलीमा पुऱ्याइएको ४० मिनेटमा नै योगीजी पृथ्वीबाट बिदा हुनुभयो । त्यस बेलामा गुरुकी भक्त तिम्ला श्रेष्ठ, लक्ष्मी अधिकारी र बलराम योगी त्यहीं हुनुहुन्थ्यो । बलराम योगी पाठ गर्दै हुनुहुन्थ्यो त्यसै बेला यागीले आवाज निकालेर मुख बाउँदा अक्सिजन राखेको बट्टा हल्लिएछ । तेस्रो चोटि मुख बाउँदा योगी नरहरिनाथको मुखबाट चमक निस्किएछ । त्यो ज्योति त्यस बेला लक्ष्मी अधिकारीले देख्नुभएछ । गीता, विष्णुसहस्रनाम पाठ गर्दै गरेको बेला २०५९ फागुन १३ गते राति १२ बजेर ४० मिनेट जाँदा बलराम योगीको पनि आँखामा चम्किलो प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परेछ । त्यही बेला योगीजीले प्राण त्याग गर्नुभयो । मृगस्थलीमै उहाँले प्राण त्याग्ने इच्छा राख्नुभएको थियो, त्यो कसरी मिल्न गयो भनी भक्तजनहरू आश्चर्यचकित भएका थिए ।

एउटा रोचक समाचार २०५९ फागुन २२ गते बिहीवारको गोरखापत्रमा प्रकाशित भएको छ– "मृगस्थली गोरक्षपीठस्थित दिवङ्गत योगी नरहरिनाथको समाधि रहेको क्षेत्रमा एउटा बाच्छीले नित्य परिक्रमा गर्ने गरेको छ । बाच्छीले समाधिक्षेत्र परिक्रमा गर्दै समाधिक्षेत्र कुरिरहेको दृश्य हेर्दै गोरक्ष पीठ मृगस्थलीमा बसोबास गर्ने अन्य सन्त महात्माहरू छक्क परेका छन् । योगी नरहरिनाथको शरीरलाई समाधिस्थ गर्ने बेलामा पनि उक्त बाच्छी हुलमुल छिचोल्दै योगीजीको समाधिक्षेत्रतर्फ कुदेको पशुपति मन्दिरस्थित सत्य नारायण मन्दिरका पूजारी कृष्ण धिताल बताउनुहुन्छ । रत्ननाथ मठका रविनाथ योगी बाच्छीले दिउँसो र साँझ तीन पटक समाधिस्थल परिक्रमा गर्ने र दिनभरि नै समाधिस्थलसन्मुख उभिने गरेको बताउनुहुन्छ । करिब वर्ष दिनको उक्त बाच्छी योगी जीवित रहँदा योगीजीको शयनकक्षमा समेत प्रवेश गर्ने र योगीजीले खानेकुरा दिएपछि खाएर फर्कने गरेको पूजारी कृष्ण धिताल बताउनुहुन्छ । अरु बेला डुलिरहने बाच्छी अहिले केही क्षणमै समाधिस्थलमा नै आइहाल्ने गरेको छ । बाच्छीको त्यो क्रियाकलाप देखेर पशुपति क्षेत्र भ्रमणमा आउने भक्तहरू पनि आश्चर्यमा पर्दै बाच्छीलाई हेरिरहेको दृश्य त्यहाँ देखिन्थ्यो । बाच्छी सधैं गुरुको शयनकोठामा भऱ्याङ् उक्लेर आउने र कोठाभित्र कुनै सभा-गोष्ठी भएको बेलामा त हामीहरू बाच्छीलाई जबरजस्ती तल चौरमा ओरालिदिन्थ्यौं भनी पूजारी भन्नुहुन्छ ।"

पुरातत्त्वविद् डा. साफल्य अमात्य भन्नुहुन्छ– "संस्कृत भाषा, हिन्दु धर्म, नेपाली राष्ट्रियता, राजमुकुट र इतिहाससँग सधैं अटुट सम्बन्ध राखी हिँड्ने योगी नरहरिनाथ नेपालको इतिहासका अनुसन्धाताहरूमा अगुवा हुनुहुन्छ । नेपालको इतिहासको संरचनामा उहाँको देन अमूल्य र अविस्मरणीय छ । योगी नरहरिनाथ नेपालभित्र मात्र नभएर बाहिर पनि आदर र सम्मानका साथ हेरिने एक विद्वान् हुनुहुन्छ ।"

साहित्यकार प्रकाश सायमी भन्नुहुन्छ– "एक अरब हिन्दुका धर्मगुरु योगी नरहरिनाथ आजको युगको वेदव्यास नै मानिन्छन् । सदैव नेपाल र हिन्दुत्वको चिन्ता गरिरहने योगी नरहरिनाथ एक्लो नेपाली देखेँ जसले सधैं स्वर्णिम नेपालको चित्र आफ्नो मानसबिम्बमा बनाइरहेका हुन्थे ।" (राजधानी: २०५९।११।१७) त्यस्तै डा. कृष्णप्रसाद दाहाल भन्नुहुन्छ– "योगी नरहरिनाथ एउटा पूर्णाङ्गी व्यक्तिको नाम हो । उहाँ ऐतिहासिक र पुरातात्त्विक विषयका दृष्टिले जिउँदो व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले यस सम्बन्धमा गर्नुभएको अध्ययन-अनुसन्धानले नेपाल र नेपालीलाई युगौंयुगसम्म मार्गनिर्देशन गरिरहनेछ । (राजधानी २०५९।११।१७)

२०१४ सालमा त्रिमोहन हाइस्कूल तेह्रथुम मूलपानीमा १४ वर्षको उमेरमा गुरु योगी नरहरिनाथको ३ घण्टा लामो भाषण सुनेर ज्ञानरस पिउन पाएकाले म पनि गुरुका विचारबाट साह्रै प्रेरित भएको छु ।

नेपालका विभिन्न जातिहरूले अपनाइआएको धर्म र संस्कृतिको संरक्षण गर्दै विभिन्न लिपिहरूको अनुसन्धान गर्दै हरेक क्षेत्रका धार्मिक परम्पराहरूको संरक्षण गराएर कैयौं धर्मस्थल र धामहरूको व्याख्या गर्दै नेपाललाई मौलिक प्रतिष्ठा दिलाउन सक्ने गुरु नरहरिनाथ नेपालका अमूल्य सम्पत्ति हुन् । योगी नरहरिनाथको जोडामा स्वामी प्रपन्नाचार्य अत्यन्त राष्ट्रवादी भएर सामाजिक जीवनमा प्रिय सन्तको रूपमा उदाउनुभएको छ । योगी नरहरिनाथ थापा कुलमा जन्मिएर ब्राह्मणभन्दा विद्वान् ऋषि बन्नुभएको छ भने स्वामी प्रपन्नाचार्य राई वंशमा जन्मिएर पनि सिद्ध ब्राह्मणभन्दा उच्चकोटीको न्यासध्यानमा लीन ऋषिजस्तो हुनुहुन्छ ।

श्री ५ ज्ञानेन्द्रबाट २०५९ असोज १८ गते राज्यको कार्यकारिणी अधिकार र शासनभार केही समयको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि ग्रहण गरेपछि योगी नरहरिनाथले भन्नुभएको थियो– "गएका १२ वर्षसम्म मुलुक र जनताले कस्तो दुःख-कष्ट झेल्नुपर्‍यो, कति हण्डर र धोका सहनुपर्‍यो भन्ने विषय भनिरहनुपर्दैन । जहाँ राजाको उपस्थिति हुँदैन, त्यहाँ सबैको नाश हुन्छ । १२ वर्षमा देशले केही पाउन नसकेको अवस्थामा अब केही हुन्छ भन्ने आशा जागेको छ ।" (राजधानी २०५९।६।२४) कुनै कुरा पनि नलुकाउने गुरु नरहरिनाथ बोल्ने क्रममा देशद्रोही र भ्रष्टाचारीहरूको कडा आलोचना गर्नुहुन्थ्यो । २०३३ सालतिर उहाँलाई ठूलो षड्यन्त्र गरेर जेल हालियो । नेपालमा यो अत्यन्त दुःखदायी घटना थियो । योगीजी क्रान्तिकारी राष्ट्रवादी चिन्तक हुनुहुन्थ्यो । १९६६ सालदेखि मृगस्थलीलाई विश्रामस्थल बनाएर बस्नुभएका योगीजीले देवघाट वागीश्वरीमा पनि आफ्नो आश्रम स्थापना गर्नुभएको थियो ।

नेपाल अधिराज्यको कुना-काप्चामा, उकाली, ओराली र भीर-पाखा सम्पूर्ण घुमेर, सम्पर्क राखेर, खोज, अनुसन्धान उत्खनन इत्यादि गरेर योगीजीले भारतको मुख्य-मुख्य ठाउँ, धाम, तीर्थस्थलहरूको अध्ययन गरी त्यसको ज्ञानको राम्ररी सदुपयोग गर्नुभएको थियो । भारत र विश्वका देशहरू, जापान, अमेरिका, अष्ट्रलिया, तिब्बत र श्रीलङ्काको पनि योगी नरहरिनाथले भ्रमण गर्दै विभिन्न सम्मेलनमा भाग लिएर नेपालको प्रतिष्ठा बढाउने काम गर्नुभएको थियो । उहाँको जीवनको वृत्तान्त भएको ग्रन्थ "शिखरिणी यात्रा" अत्यन्त पठनीय छ ।

योगी नरहरिनाथ शान्तिक्षेत्रका कट्टर समर्थक हुनुहुन्थ्यो । हिन्दु र बौद्धहरूलाई जहिले पनि काँधमा काँध मिलाएर हिँडाउन सक्ने क्षमता उहाँमा थियो । शान्तिको लागि लगभग १३० वटा कोटीहोम गराएर र तिनमा आफैँ प्रत्यक्ष भाग लिएर उहाँले विश्वशान्तिको सन्देश दिनुभएको थियो ।

योगी नरहरिनाथ नेपालको राष्ट्रियता र राजतन्त्रलाई ठूलो मर्यादा र सम्मानको दृष्टिले हेर्नुहुन्थ्यो । राष्ट्र र राजाको विषयमा योगीजी भन्नुहुन्थ्यो– "अहिले राजालाई निष्क्रिय पारेको छ । राजतन्त्र भएको मुलुकमा संवैधानिक राजतन्त्रको भूमिका के हो, त्यसको परिभाषा गरिएको छैन । अहिले जति काम भएका छन् ती सबै विदेशीको आडमा २-४ जनाको स्वार्थमा कोठामा बसेर गरेका छन् । पृथ्वीनारायण शाहले देश बनाउन विदेशबाट पैसा ल्याएका थिएनन् । विदेशबाट आएको आर्थिक सहायताले हामीलाई बिगारेको हो ।" (समकालीन साप्ताहिक २०५१।५।२) । उहाँ भन्नुहुन्थ्यो– "राजा र जनताको सम्बन्ध नङ् र मासुको जस्तो पिता र पुत्रको जस्तो हुनुपर्छ, राजा टाढा रैती छाडा नहोस्, राजाले मैदानमा उत्रनुपर्छ । राजा निष्क्रिय हुनु हुँदैन । राजालाई केवल धर्मको अंकुश हुन्छ । धर्म नमान्ने दुर्योधन, शिशुपालं, कंश आदि निरङ्कुशताका परिचायक हुन् । माली जस्तो भएर राजाले प्रतिपालन गरेको छ भने विरोध हुँदैन । चारजात छत्तीस वर्णको फूलवारीका राजा माली हुन् । मालीको रूपमा राजा जबसम्म रहन्छन् तबसम्म राष्ट्रको स्वतन्त्रता डग्मगाउने छैन । राष्ट्रिय स्वतन्त्रता अटल हुन्छ ।" (प्रस्फुटन मासिक २०५३ असोज) ।

हुन त साधु-सन्तहरूले राजनीतिमा लाग्नुहुन्न भन्ने एकथरी मानिसहरू भन्ने गर्छन् । तर, वैदिक शासन व्यवस्थाको प्रारम्भदेखि नै ठूला-ठूला ऋषिमुनिहरूले राजा र त्यस बेलाका शासनव्यवस्थालाई निर्देशन, सल्लाह दिने गर्थे भन्ने कुरा मनुस्मृति, कौटिल्यको अर्थशास्त्रलगायत रामायण, महाभारत र विभिन्न पुराणहरूमा उल्लेख भएको कुराहरूबाट थाहा हुन्छ । यागी नरहरिनाथ पनि योगीको रूप धारण गरेर पनि नेपाल अधिराज्यको इतिहास, लिपि, ताम्रपत्र, शिलालेख, ताडपत्र, पुरातात्त्विक कुराहरूको खोज-अनुसन्धान गर्ने र शासनसत्तामा भएका खराबी, अधर्म र मनपरितन्त्रको विरोध गर्ने र राष्ट्रका सम्वेदनशील कुराको संरक्षणमा निर्धक्क बोल्ने गर्नुहुन्थ्यो । यस्तो देखेर एकथरीले योगी नरहरिनाथलाई विवादमा मुछ्ने गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०४४ सालको साउनमा जनज्योति साप्ताहिक पत्रिकामा छापिएको समाचारमा योगी नरहरिनाथले बोलेको कुराहरूले नपालमा ठूलो हलचल मच्चाएको थियो । उहाँले भन्नुभएको थियो– "हाम्रो देश राजा भएको देश हो । यो राष्ट्र राजसंस्थाद्वारा नै सञ्चालित हुनुपर्दछ । राजा र जनताबीच नित्य र प्रत्यक्ष सम्बन्ध हुनुपर्दछ । राज्य भनेको आफूले डण्डा समातेको छाता हो । छातेलाई छाता ओढाउन दियो भने कहिलेकाहीँ ऊ आफैँले छाता ओढिदिन्छ । अंशुवर्माले आफैँ ओढिदिए । जङ्गबहादुरले आफैँ ओढिदिए । जसलाई छाता ओढाउन दिएको हो, त्यसैले ओढिदियो । राजकाजमा यस्तै हुन्छ । त्यस कारण छाता ओढ्न चाहनेले छाता आफैँ बोक्नुपर्छ । ओढ्न पनि खोज्ने, बोक्न पनि नसक्ने, यसरी काम चल्दैन । राजसंस्थाप्रति जनताको आकर्षण र आस्थामा अझ वृद्धि गर्ने हो भने कालो पर्दालाई हटाउनै पर्छ । हिन्दु धर्मअनुसार राजा निर्णायक हुन्छ, सर्वशक्तिमान हुन्छ ।" यसरी राष्ट्रियतालाई सुदृढ राख्न नेपाल अधिराज्यभरि व्याख्या गर्दै हिँडेकाले नेपाली जनमानसमा योगी नरहरिनाथको राजनैतिक व्यक्तित्व अगाडि आएको छ ।

योगी नरहरिनाथ सिद्धहस्त सत्यनिष्ठ र कर्मनिष्ठ साधक भएकाले योगीजीलाई ऋषि घोषित गर्दै सरकारले योगी नरहरिनाथलाई विभूति घोषणा गर्नुपर्दछ । अन्त पनि योगीजीको सालिक बनाइएला तर पनि योगिज्यूलाई अति नै मन परेको क्षेत्र गौशाला र देवघाट धाममा योगी नरहरिनाथको शालिक निर्माण गर्न हामी सबैको प्रयत्न हुनुपर्दछ ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औँ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

जयनारायण श्रेष्ठ
मेयर

मुक्तिप्रसाद सापकोटा
उपमेयर

पुतलीबजार नगरपालिका परिवार
स्याङ्जा, गण्डकी अञ्चल

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औँ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

सभापति तथा
जिल्ला विकास समितिको कार्यालय
परिवार
दमौली, तनहुँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गलेश्वर बाबा र योगी नरहरिनाथ

✍गोवर्धनबहादुर कार्की

गलेश्वर बाबाको दर्शन सर्वप्रथम २०२० साल मैले देवघाटमा नै उहाँकै आश्रममा पाएको हुँ । मैले भन्नुभन्दा पनि हामीहरूले भन्नु अझै उपयुक्त होला । किनभने २०२० सालमा सम्भवत: मंसीर महिनातिर नै हाल चितवन रामपुरमा पञ्चायत प्रशिक्षण केन्द्रमा पञ्चायत विकास अधिकृतहरूको सम्मेलन थियो । त्यो सम्मेलन समापनपश्चात् देवघाटबारे अर्थात् चितवन क्षेत्रमै सहवनभोजको आयोजना गरिएको थियो । त्यस बेलाका राष्ट्रिय निर्देशक मन्त्री श्री विश्ववन्धु थापा पनि त्यस कार्यमा उपस्थित हुनुहुन्थ्यो । वनभोजको तयारी हुँदै थियो हामी केही जना डुङ्गाबाट काली र त्रिशूलीको सङ्गमस्थलमा पुग्यौँ । माथि आश्रममा पुग्दा बाबालाई नदेखी हामी यताउता हेर्न थाल्यौँ । बाबा हातमा खुर्पी (एक प्रकारको माटो खन्ने सानो हाते औजार जसको प्रयोग विशेष गरी तराईमा हुन्छ) लिएर साना-साना बुटाको जराको माटो खुकुलो गर्दै हुनुहुन्थ्यो । हाम्रो समूह त्यतै लाग्यो । बाबाले भन्नुभयो– "त्यतै पर्ख म आएँ ।" बाबा हामीहरू समीप आउनुभयो र सबैलाई एक-एक बस भन्दै त्यसपछि यत्रा युवकहरू किन आइपुग्यौ भन्ने प्रश्न गर्नुभयो । हामीमध्येबाटै एकजनाले बाबा हामी रामपुर पञ्चायत प्रशिक्षण केन्द्रमा सम्मेलन गर्न आएका थियौँ । सम्मेलन सकियो र फर्कुनुपूर्व हजुरको दर्शन गर्न भनी पाउमा हाजिर भएका हौँ भने ।

गठिलो कदका प्रकाशमान मुहारका बाबाले हँसिलो अनुहारले भन्नुभयो राम्रो गऱ्यौ । वेश भयो । तिमीहरूले केही भन्नु छ भने अप्ठेरो नमानी भन । सबैले बाबा हामी दर्शनका अधिलाषी थियौँ हजुरको दर्शन पायौँ हामी सन्तुष्ट छौँ भन्यौँ । बाबाले भन्नुभयो– "आइहाल्यौ तिमीहरूले नसोधे पनि म एक थोक भन्छु सुन विचार गर । यसले तिमीहरूको साथै समाजको कल्याण गर्छ । ध्यान दिएर बुझ । हामी सबै चराचरको हृदयमा राम बस्दछन् । तिनलाई बिर्सनु हुँदैन । अब मुखले राम भन्दै गर्ने, मुखको काम बोल्ने राम बोल्नु र हातको काम काम गर्नु हो । काम गर्दा मुखलाई बाधा पर्दैन र मुखले बोल्दा हातलाई बाधा पर्दैन । अत: मुखमा राम र हातमा काग गरिरहनेलाई जीवनमा कठिनाइ आउने सम्भावना रहँदैन । उसको सुख-शान्तिमा वृद्धि हुन्छ । उसको छिमेक तथा समाजको वातावरण पनि राम्रो हुन्छ । आत्ममोक्षाय जगद्धिताय च यो दिव्य वचन सार्थक हुन्छ ।" बाबाको वचन सुनेर हामीमध्ये एकले भने बाबाका यिनै आशीर्वचन हाम्रा मार्गनिर्देशक छन् । अब आज्ञा पाए हामी बिदा हुने थियौँ । बाबाले मुस्कुराउँदै बिदा दिनुभयो । हाम्रो समूह तल ओरालो लाग्यो । म बाबाको वचनमा घोल्लिन लागेँ ।

२०२१ साल भाद्र १९ चितवनको जि. पं. सचिव भएर म चितवन गएँ । जि. पं. सचिव रहँदा पनि गलेश्वरबाबाको दर्शन गर्न म जान्थेँ तर त्यस बखत नयाँनयाँ भूमिसुधारको कार्यमा लागिपरेको र त्यसमा जिल्ला पञ्चायतसँगको समझदारीमा अनुकूलता नरहेकोले गर्दा सारै मानसिक तनाव रहँदा बाबाको अर्ति उपदेशमा म समेटिन सकिनँ । तर २०२७ सालको बाबासँगको भेटले ज्यादै प्रभाव पाऱ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनन्त श्री गलेश्वर बाबाले चर्चाको प्रसङ्गमा श्री ३ जङ्गबहादुर राणालाई आफूले देखेको भन्ने कुरा बताउनुभएको थियो । जङ्गबहादुरको बारेमा प्रश्न गर्दा उहाँले जङ्गबहादुर औतारी पुरुष भएको कुरा बताउनुभएको थियो । उहाँले आसनको छेउमा रहेको टर्च लाइट हातमा लिँदै भन्नुभयो जसले यो बनायो निश्चय पनि त्यसमा पनि औतारीपना छ तर त्यो न्यून मात्रामा रहेको अनुमान हुन्छ । समाजमा त्यस्ता व्यक्तिको अभाव हुँदैन । समाजका अग्रजहरूको जिम्मेवारी हो नयाँ-नयाँ वस्तुहरूको विकासमा ध्यान दिएर समाजमा उन्नति गर्नु । युवा समूहले यसमा बढी सक्रियता राख्नुपर्छ अगाडि बढ्न स्वार्थले बाधा दिन्छ । स्वार्थलाई पैतालामुनि राखी गतिशील हुने युवक अवश्य नै सजिलै समाजलाई डोऱ्याउन सक्षम हुन्छ । बाबाका यी कुराहरूले मलाई घच्घच्याइरहे ।

२०२७ साल चैत्र महिनाको सुरुको शनिवारको दिन म आफ्नो घरको मटानमा बसी कसरी ग्रामीण विकासलाई प्रभावकारी प्रक्रियामा बढाउन सक्षम बन्न सकिएला भनी विचार गर्दै थिएँ । एक परिचित आवाजले मेरो ध्यान आकृष्ट गऱ्यो । ठाकुरजी माथि आउनुहोस् भनी मटानैबाट मैले बोलाएँ । श्री पुष्करनाथ ठाकुर बृहद् आध्यात्मिक परिषद्को सचिव हुनुहुन्थ्यो । मेरो जन्मस्थल धनुषा जिल्लाको खजुरी गाउँमा उहाँ भाषा पाठशालामा शिक्षक भई निकै लामो समयसम्म रहनुभएको थियो र हाम्रो परिवारसित उहाँको निकै राम्रो सम्बन्ध थियो । मलाई उहाँ काजीसाहेब भनी सम्बोधन गर्नुहुन्थ्यो । ठाकुर आएर मटानमा नै रहेको खाटमा मेरै छेउमा बस्नुभयो । सामान्य भलाकुसारीपश्चात् विकाससम्बन्धी चर्चा ५, ७ मिनेट भयो । त्यसपछि उहाँले भन्नुभयो– काजीसाहेब योगीज्यूसँग भेट नगर्ने ? मैले प्रश्न गरेँ– को योगी ? उहाँले भन्नुभयो– योगी नरहरिनाथज्यू । मैले सोधेँ कहिले आउनुभयो, उहाँ कहाँ बस्नुभएको छ ? उहाँले भन्नुभयो– यहीँ हुनुहुन्छ । गोरक्षपीठ, मृगस्थलीमा नै बस्नुभएको छ । मैले जाऊँ ल भनी म उठि पनि हालेँ । हामी दुवै कुरा गर्दै गौशालातर्फ लाग्यौँ । गौशालाको चोकमा पुग्नलागेका थियौँ ठाकुरजीले भन्नुभयो– काजीसाहेब कुवै बेला संसारले हिन्दु समाजलाई जगद्गुरुको उपाधिले विभूषित गरेको थियो । त्यो हिन्दुसमाज आज कस्तो दीनावस्थामा पुगेको छ ? यसको उद्धार गर्ने किन कोही ननिस्केको ? मैले भनेँ– हामीजस्तो साधारण व्यक्तिले के गर्न सक्छ र ? उहाँले भन्नुभयो– तपाईंले यो कुरा गर्न सुहाउँदैन । मैले भनेँ– ठाकुरजी यहाँले ममा के देख्नुभएको छ र यसरी भन्नुभयो । उहाँले मतिर फर्केर भन्नुभयो तपाईं क्षत्रिय होइन ? मैले उहाँको प्रश्नको उत्तर दिँदै भनेँ– हो । उहाँले पुन: प्रश्न गर्नुभयो– क्षत्रियको कर्म के हो ? उहाँलाई मैले भनेँ– गो-ब्राह्मण तथा वेदको रक्षा गर्नु । उहाँले फेरि भन्नुभयो के यो तपाईंको कर्मक्षेत्रमा परेन ? ठाकुरजीको कुराले म स्तब्ध भएँ । मेरो मुटुमा उहाँको कुराले विझायो । म निरुत्तर भएँ । केही पर पुगेर हामी योगी श्रीनरहरिनाथजी समक्ष पुग्यौँ । योगीजीलाई मैले अभिवादन गरेँ । उहाँले मलाई भन्नुभयो– बृहद् आध्यात्मिक परिषद्मा प्रवेश गर्नुपऱ्यो । उहाँलाई मैले विनय गर्दै भने– यहाँको आज्ञा शिरोपर गर्दछु । त्यसको विधान र अन्य केही लेखहरू छन् भने पाउँ । उहाँले बृहद् आध्यात्मिक परिषद्को विधान र केही पर्चा दिनुभयो । एक छिन त्यहीँ बसी म घर आएँ ।

अर्को शनिवार उहाँकहाँ पुग्दा वैशाख लागिसकको थियो । मैले के गर्नुपऱ्यो भनी अनुरोध गरेँ र उहाँले यसको कोषाध्यक्ष भई कार्य गर्नुपऱ्यो भनी निर्देश गर्नुभयो । मैले कार्यसम्पादन गर्न थालेँ । अब बराबर योगीजीकहाँ गइरहने काम पर्न थाल्यो । योगीजीबाट जहिले गए पनि नेपालको विकाससम्बन्धी कुरा गरेको म पाउँथेँ । राजा स्व. श्री ५ महेन्द्र पनि विकासकै कुरा गर्ने तर पनि योगीजीसमक्ष राजा महेन्द्रको कुरा गर्दा योगीजीको अनुहार मलिन भएझैँ मलाई लाग्थ्यो । यसको कारण के हो भनी मैले योगीजीसँग विशेष सम्पर्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनेहरूसमक्ष जिज्ञासा राख्दा उहाँहरू सम्भवत: योगीजीले राजा महेन्द्रसमक्ष विशेष रूपमा करा राख्दा योगीजीका अनुसार नभएर हो कि भन्ने अनुमान गर्नुहुन्थ्यो । राजा महेन्द्र युवजारधिराज छँदा राजनैतिक मार्गको दर्शन गराउनमा योगीजीको ठूलो हात थियो क्यार ।

म राजा महेन्द्र र योगीजीको सम्बन्ध नजिक्याउने प्रयासमा थिएँ । म मृगस्थलीमा योगीजीको निवासमा नै राती सुत्न थालें । श्रावण मास सकिन लागिसकेको थियो तर पनि म आफ्नो लक्ष्यमा एक इन्च बढ्न नसकेकोमा सारै दिक्क लाग्न थाल्यो । एक दिन मैले योगीजीलाई भनें– गुरुजी हजुरमा जुन व्यक्तित्व जुन कर्मठता छ, जुन अध्ययन छ, जुन ज्ञान र जुन त्याग छन् ती सबै कुराले विश्वका हिन्दुको नेतृत्व दिन सक्ने क्षमता रहेको भास मलाई हुन्छ । नेपाल हिन्दु राष्ट्र भनी कराएर मात्र के हुन्छ ? हजुरले विश्व हिन्दु सम्मेलन गरी विश्वका हिन्दुहरूमा गतिशीलता ल्याउने चेष्टा गर्नुपर्ने म ठान्दछु । यस कार्यको लागि राजाको सहयोग अनिवार्य हुन्छ । मेरो यस कुरामा सम्भवत: योगीजीको चित्त बुझेछ क्यार ! उहाँले विश्व हिन्दु सम्मेलन गर्न एउटा बजेट बनाउन मलाई भन्नुभयो । मैले उहाँलाई अनुरोध गरें– गुरुजी विश्व हिन्दु सम्मेलन गर्दा कति प्रतिनिधि कहाँ-कहाँबाट बोलाउने, तिनीहरूलाई के-कस्तो सुविधा उपलब्ध गराउने र कति दिनको सम्मेलन कहाँ गर्ने ? सम्मेलनको उद्देश्य के राख्ने आदि कुराहरू खुलाउनुपर्छ । यसको जवाफमा उहाँले लेख्नुभया– सम्मेलनको उद्देश्य हिन्दु जागरण, सम्मेलन काठमाडौँमै गराउने, सम्मेलनको अवधि दश दिन, बाहिर विदेशबाट आउने प्रतिनिधिहरूलाई आउने खर्च दिने आदि । मैले दुई साताभित्रै तीन करोडको बजेट बनाएर योगीजीलाई पढेर सुनाउँदा योगीजीको मुहार उज्यालो भएको मैले ठानें । मलाई लाग्यो अब सबैले प्रयास गरेमा योगीजीले राजालाई अवश्य भेट्नेछन् । मैले सिंहदरवारमा आफ्ना साथीहरूका समक्ष भनें– कसैले प्रयास गरे योगीजीले राजालाई अवश्य भेट्नेछन् । सम्भवत: यो कुरा सचिवसमक्ष पुगेछ क्यार भाद्र महिनामा योगीजीको राजासित भेट भयो भन्ने कुरा सुनियो । २०२८ माघ १७ गते राजा महेन्द्रको स्वर्गारोहण भयो । सम्भवत: भदौको भेट नै योगीजीको राजा महेन्द्रसँगको अन्तिम भेट थियो ।

त्यसपछि मैले एक दिन योगीजीलाई अनुरोध गरें– हामीले राष्ट्रिय स्तरको सम्मेलन त गरेका छैनौँ । अन्तर्राष्ट्रिय सम्मेलन गर्ने अठोट गरेका छौँ । त्यस कारण पहिले कमसेकम एउटा राष्ट्रिय स्तरको सम्मेलन गर्न पाए बेस हुने थियो । यो चर्चा हुँदा म बृहद् आध्यात्मिक परिषद्को सचिव र कोषाध्यक्षमा श्री शारदा शम्शेर राणा हुनुहुन्थ्यो । अध्यक्ष श्री राजेश्वर देवकोटाजी हुनुहुन्थ्यो । उहाँबाट आज्ञा भयो– बेस कुरा हो । अखिल नेपाल हिन्दुधर्म सम्मेलन गर्ने एउटा बजेट बनाउनुपर्‍यो भनी उहाँले मलाई निर्देशन गर्नुभयो ।

अधिराज्यको ७५ जिल्लाबाट १२०० प्रतिनिधि तथा भारतबाट ५० जना पर्यवेक्षकसमेतलाई आमन्त्रित गर्ने, सम्मेलन काठमाडौँमा पाँच दिनको गर्ने, आदि कुरामा हाम्रो सल्लाह भयो । मैले एक सातामा तीन लाख रूपैयाँको योजना बनाएर उहाँलाई उपलब्ध गराएँ । श्री ५ को सरकारले सो रकम उपलब्ध गरायो ।

सम्मेलन हुने भयो । २०३० सालको महाशिवरात्रि पर्वको शुभ अवसरमा अनन्त श्री गलेश्वरबाबाको करकमलबाट सम्मेलनको समुद्घाटन गर्ने निर्णय लिइयो । गलेश्वर बाबालाई यथासमय देवघाटबाट काठमाडौँ ल्याइयो । तर उहाँ साधुमण्डलीमा सम्मिलित हुनु भई महाशिवरात्रिको दिन आफ्नो प्रात: कर्म सम्पन्न गरी पशुपति क्षेत्रमा सो अवसरमा आउनुभएका साधु-सन्तहरूको दर्शनार्थ साधुहरू भेला हुनुभएका स्थानमा घुम्न थाल्दा सम्मेलनस्थलमा उहाँको अनुपस्थितिले सारै अप्ठ्यारो पार्‍यो । उहाँ कहाँ हुनुहुन्छ पनि थाहा हुन सकेन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौं मानिसहरू उहाँको प्रतीक्षामा बसेका थिए । म गलेश्वर बाबालाई ल्याउन हिडें । म सरासर पशपतिनाथजीको मन्दिरमा गएँ र बाबा गलेश्वरजीलाई पशुपतिनाथको मन्दिरको प्राङ्गणमा रहेका देवी-देवताको र त्यहाँ रहेका साधुहरूको दर्शन गरी दक्षिण ढोकाबाट निस्की १०८ शिवलिङ्गको क्षेत्रमा प्रवेश गर्दा बाबा सम्मेलनको उद्घाटनको समय पनि भयो भनी उहाँलाई मैले अनुरोध गरें । मेरो कुरा सुनी बाबाले भन्नुभयो– यत्रो पर्वको बेलामा कहाँ-कहाँबाट आएका महात्माको दर्शन नगरी तेरो सम्मेलनमा जान्छु ? यो सुन्दा म झसङ्ग भएँ । मैले आफूलाई सम्हाल्दै भनें– ठीक हो, पहिले देवता सन्तमहात्माहरूको दर्शन गरेर नै सम्मेलनमा जाने हो भन्दा बाबा मुसुक्क हाँस्दै मतिर हेर्नुभयो । १०८ महादेवको दर्शन गरी त्यसका परिसरमा रहेका अन्य देवताहरूको दर्शन गर्दै भस्मेश्वरतर्फ लागी त्यहाँ आउने महात्माहरूको दर्शन गर्दै गङ्गा माईको दर्शन गर्दै वाग्मतीको पुल हुँदै रामचन्द्रको मन्दिरमा गई त्यसपश्चात् उकालोको सिँडीबाट किरातेश्वरको दर्शन गरी गोरखनाथ दर्शन गर्दै विश्वरूप पुगी विश्वरूपको मन्दिरको परिक्रमा गर्दा महात्माहरूको दर्शन गर्दै फर्कनुभयो । उहाँ सारै छिटो हिँड्नुहुन्थ्यो । मलाई उहाँसित हिँड्न सारै गारो भइरहेको थियो र अधिकांश समय मैले दगुर्नु पर्दथ्यो । सिंडीका खुड्किला पार गर्दै पुल तरी फेरि दायाँ-बायाँ लाग्नुहुन्छ कि भन्ने लागेको थियो तर सरासर सम्मेलनस्थलमा आई मञ्चमा पुग्नुभयो । सम्मेलनमा उपस्थित सबैको चित्त प्रसन्न भयो । उद्घोषकले अब सम्मेलनको कार्य सुर हुन्छ भन्नुभयो । सम्मेलनको प्रारम्भिक कार्य समापनपश्चात् उद्घोषकले अखिल नेपाल हिन्दु धर्म सम्मेलनको उद्घाटन अनन्त श्री गलेश्वर बाबाको करकमलबाट अब सम्पन्न हुन्छ भन्नुभयो । अविरल शङ्खनादबीच बाबाले सम्मेलनको उद्घाटन गर्नुभयो । उपस्थित सहभागीहरूले जयध्वनि गरे । बाबाले आफ्नो मन्तव्य दिनुभयो । उहाँको वचन मैले बुझेअनुसार सङ्क्षिप्तमा प्रस्तुत गर्दैछु ।

"सृष्टिका सबै चराचरमा रामको बास छ । हृदयमा रहेको रामलाई हर घडि मुखमा राख्दा वाणी त पवित्र हुन्छ-हुन्छ वातावरणसमेत अनुकूल बन्न पुग्दछ । त्यस व्यक्तिमा रामका चरित्र उद्भव हुने सम्भावना बढ्छ भने समाजमा सात्त्विक भावले स्थान ओगट्छ । समाज भनेको पनि व्यक्ति-व्यक्तिकै समूह हो । समाजलाई अनुकूल गराउन व्यक्तिको चरित्र उत्पादन गराउन आवश्यक छ । आज समाजको दुर्दशाको कारण नै व्यक्तिमा चरित्रको ह्रासको कारण हो । मुखमा राम हुनेको काम निश्चय रामको चरित्रअनुरूप हुने प्रष्ट देखिन्छ । कामको अर्थ लक्ष्मीसँग सम्बन्धित छ । काम गर्नुको अर्थ लक्ष्मीको सक्रियता हुन्छ । लक्ष्मीमा सक्रियता रहेमा लक्ष्मी खुसी हुन्छिन् । लक्ष्मी प्रसन्न हुँदा ऐश्वर्यको प्राप्ति र वृद्धि हुन्छ जसले व्यक्ति तथा समाजलाई उच्च स्थितिमा पुऱ्याउँछ ।"

बाबाको वचनले ओगटेका यस्ता विकाशमूलक भावलाई हामीले ग्रहण गरी कार्यान्वयन गरेमा निश्चय नै समाजको अवस्था सुधार गर्न कठिनाइ पर्दैन । कहिले पनि हामीले कठिन परिश्रम गर्न बिर्सनुहुन्न र लागेमा मुलुकको विकास सोचेको भन्दा बढी गराउन सक्ने सूझ वैदिक विज्ञानले ओगटेको छ । ब्रह्मचर्य आश्रम यसै विश्वासलाई पालना गरेर अगि बढ्ने विश्वास गरिरहेको छ । आज नेपालको उर्वर भूमिबाट १८ ग्राम अन्नको लगभग प्रतिवर्गफुट सामान्य उत्पादन भइरहेको छ । प्रतिवर्ग एक किलो अन्न उत्पादन गर्ने क्षमता नेपालको भूमिमा छ । सालाखाला १० के. जी. काउली उत्पादन गर्नु गाह्रो कुरा होइन । नेपाली जङ्गलमा श्रीखण्डको घारी तयार गर्न नसकिने होइन । मेचीदेखि महाकालीसम्म न्यूनतम एक-एक किलोमिटरको दूरीमा बाँसघारी तयार गराउन नसकिने कुरा होइन । कुरा के छ त्यसमा ध्यान कसले देओस् । मुलुकका ठूलाबडाको ध्यान कमिसनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ, खाने र खुवाउने कुरामा छ । यो के खेल हो । के कमिसन भ्रष्टाचार होइन ? एउटा ईंटको मोल ७ रू खर्च देखाउने कर्मचारी नेपालमा कार्यरत छन् । के त्यो भ्रष्टाचार होइन ? १८ किलोमिटर बाटोमा ६३ करोडको खर्चको आधार देखाउनु के त्यो भ्रष्टाचार होइन ? ११०० यु यस् डलरमा विद्युत् उत्पादन हुनेमा तीन हजार डलरभन्दा पनि बढी देखाउनु भ्रष्टाचार होइन ? यदि त्यो भ्रष्टाचार हो भन्ने लागेमा किन त्यसमा कारवाही नगर्ने ? नेपाली जीवनलाई दूषित गराउने यस्ता व्यवहारलाई के श्री ५ को सरकारले रोक्ने प्रयास गर्नुपर्ने होइन ? सामान्य मूल्यभन्दा अत्यधिक खर्च लगाई उत्पादन गरी विद्युत् मूल्य देखाई उपभोक्तालाई अप्ठेरो पारिएको छैन ? यस कदम यसको बजार नै अनिश्चित गराएको छ जसले गर्दा त्यो धन्दाले गतिशीलता लिन सकेको छैन । विद्युत्शक्तिको प्रचुर भण्डार हुँदा-हुँदै पनि हामी पेट्रोल र डिजलको भर परी आफ्नो श्रमशक्ति खेर कति गइरहेका छन् । हिमाल छेडी रेलमार्ग बनाउन सकिन्छ । यसको लागि नेपाली पाखुरामा पर्याप्त शक्ति छ । नेपालले सङ्कल्प गर्नुपर्दछ । विश्वले नेपालको यस्तो कार्यको खुसीसाथ यसलाई सहयोग गर्नुपर्दछ । यस्तो प्राकृतिक सम्पदाले सम्पन्न देश यस्तो विपन्नावस्थामा पुग्नु यो ठूलो बिडम्बना मात्र होइन, अकर्मण्यता पनि हो । बाबाको भावनाले नेपाल वा हिन्दु मात्रको उन्नतिका साथै विश्वको उन्नतिको कामना गर्दछु ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

सूर्यप्रसाद भट्टराई

अध्यक्ष

तथा नेपाल बस व्यवसायी संघ परिवार

बुटवल रूपन्देही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवघाट धाम र योगी नरहरिनाथको अन्तर्सम्बन्ध

✍ स. श्रीमती सीतादेवी गर्ग

हिले महाप्रभुलाई उहाँ अस्वस्थ हुनुभएको हुनाले औषधि गर्नको लागि वीर हस्पिटलमा राखिएको थियो । योगी नरहरिनाथजी र म उहाँलाई भेट्न त्यहाँ गएका थियौँ । सचिव रञ्जनराजजी पनि वीर हस्पिटलमा महाप्रभुजीलाई भेट्न आउनुभएको थियो ।

हिले महाप्रभु ब्रह्मलीन हुनुभयो । विडम्बना असमयमै उहाँले आफूलाई ब्रह्मलीन गराउनुभयो । उहाँका अमृतमय वचन वा उपदेशहरू ग्रहण गर्ने मौका मैले गुमाएँ । म यस्ता साधुसन्तहरूबाट उपदेश ग्रहण गर्ने अवसरहरू खोजिरहन्थेँ ।

ममा योगी नरहरिनाथज्यूप्रति श्रद्धा र भक्ति गम्भीर रूपमा वढ्दैगयो । त्यसपछि मलाई योगीजीले प्रत्येक कोटी होममा लिएर जाने गर्नुहुन्थ्यो । मैले उहाँबाट आध्यात्मिक विषयमा गहिरो प्रेरणा पाउँदैगएँ । मेरो सङ्कल्पअनुसार म ४ वटा कोटिहोममा सरिक भएँ र मैले आफ्नो जिम्मेवारी निभाएँ । अहिले म जीवनको सत्तरीऔँ वर्षमा यात्रा गरिरहेकी छु । योगी नरहरिनाथज्यू २०५९ साल फागुन १७ गते मृगस्थलीमा ब्रह्मलीन हुनुभयो । योगीज्यूको प्रेरणाले हिन्दु धर्म र संस्कृतिप्रतिको आफ्नो कर्तव्य र दायित्वको भावले मलाई अहिले पनि घच्घच्याइरहन्छ ।

गुरु योगीजीले कोटिहोम आयोजना गर्नुभएको समयमा तीन महिनासम्म पिपलको वोटमुनि बसेर वृद्धवृद्धाहरूको सेवा गर्ने मौका मैले पनि पाएको थिएँ । गुरुजी देवघाट धामलाई नैमिषारण्य क्षेत्र बनाउँछु भन्नुहुन्थ्यो । उहाँको यो सङ्कल्पले मलाई प्रभावित र प्रेरित गरेको थियो ।

श्री ५ महेन्द्र सरकारको २०२८ सालमा दियालो बङ्गलामा असामयिक निधन भएको थियो । सरकारको आत्माले शान्ति पाउन नसकेको आभास आफूले महसुस गरेको कुरा योगीजी हामीलाई बताउनुहुन्थ्यो ।

वागीश्वरीमा वास्तुकलाको नमुनायुक्त प्राचीन गरिमाले भरिपूर्ण मन्दिर तथा आश्रम निर्माण गर्ने लक्ष्य थियो योगीजीको तर त्यो पूरा नहुँदै उहाँ ब्रह्मलीन हुनुभयो । देवघाट धामलाई महान् तीर्थस्थल बनाउनको लागि उहाँले २०४६ सालमा प्रथम पटक पूर्णकुम्भ मेलाको आयोजना गर्नुभएको थियो । २०४६ सालको त्यतिबेलाको चक्षु-साप्ताहिक पत्रिकामा त्यस विषयमा लेख प्रकाशित भएको छ । त्यसपछि २०५८ सालमा पनि बाह्र वर्षको पूर्ण कुम्भ मेला देवघाटमा भएको थियो ।

योगीजी एक जना निश्छल, निडर, पुरातत्त्वान्वेषी, आजीवन ब्रह्मचारी, पदयात्री एवं त्यागी महापुरुष हुनुहुन्थ्यो । योगीजीले देवघाटलाई आफ्नो साधनास्थल बनाउनुभएको थियो । वागीश्वरीमा आई साधना गर्दा आफूलाई अपार आनन्द आउने कुरा उहाँ बताउनुहुन्थ्यो । त्यहाँ गोरखनाथजीको गुफालाई देखेर उहाँ बारम्बार त्यतातर्फ तानिनुहुन्थ्यो । यसैले मलाई लाग्छ देवघाट धाम र योगीजीबीच अन्तर्सम्बन्ध रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा हजुरबा र गलेश्वर बाबा

✍ डा. दुर्गा पोखेल

मेरा हजुरबा अर्थात् बाका पिताजी पण्डित वेदनिधि पोखेलको मैले फोटो मात्र देखेकी छु । उहाँ मेरा हजुरबा हुनुहुन्छ भन्ने थाहा नपाईकन मैले कतै त्यो फोटा मात्र देखेकी भए "ओ हो यो त कुन योगी वा ऋषिको फोटो रहेछ" भन्ने ठान्ने थिएँ । मेरा पिताजी भन्ने गर्नुहुन्थ्यो– "मेरा बा त भगवान्कै अवतार हुनुहुन्थ्यो ।" आफ्ना बा सबैलाई भगवान्को अवतार जस्तै लाग्छ भनेर मलाई पिताजीको भनाइले खासै असर गर्दैनथ्यो । एक पटक मलाई मेरी माइली फुपूले भन्नुभएको थियो– नानी तिम्रा हजुरबुबाले आफू मर्ने दिन थाहा पाउनुभयो रे र तिम्री हजुरआमालाई धनकुटामै छोडी तिमी नरोऊ म पुरानो डोको फाल्न जान्छु भनी बद्री, केदार कता-कता हो जानुभयो रे ।" दिदीले बताउनुभएअनुसार त्यतिबेला मेरा पिताजी बनारस हिन्दु विश्वविद्यालयमा आयुर्वेदाचार्य गर्दै हुनुहुन्थ्यो रे त्यसैले हजुरबुबाका साथमा माहिला बा हजुरबा जानुभएछ । आफ्नो गन्तव्यमा पुगेर पूजा-आजा गरी पलेटी कसेर ध्यान गर्दा-गर्दै हजुरबा परमधाम हुनुभयो रे । धनकुटामा आफू त्यहीँ हुँदा हजुरबाले हजुरआमालाई यस दिन म परमधाम हुन्छु भनेकोले हजुरआमाले त्यही दिन विधवाको आचरण भेषभूषा धारण गर्नु भयो रे । उतिबेला टेलिफोन थिएन खबर गर्न । तर हजुरबा-आमाको सम्बन्ध ज्यादै नजीकको भएकोले हजुरबाले भनेको कुरामा हजुरआमाले विश्वास गर्नुभएछ र घटना पनि त्यसै दिन भयो ।

हजुरबाले तपस्या गर्दा उहाँका एकजना साथी थिए रे भनेर बाहरू भन्नुहुन्थ्यो । ती हजुरबाका तपस्या गर्ने साथीलाई मैले २०२९ सालमा भेटेँ । मेरो यसरी भेट होला भन्ने कल्पनामा पनि मैले सोचेकी थिइनँ । मैले उहाँलाई चिनेको पनि थिइनँ ।

२०२९ सालमा म धनकुटा डिग्री कलेजका आइ. ए. वि. ए. का गरी जम्मा २४ जना विद्यार्थीलाई लिएर शैक्षिक भ्रमणका लागि देशका विभिन्न ठाउँमा भ्रमण गर्ने प्रसङ्गमा देवघाट पुगेँ । देवघाटका विभिन्न स्थलहरूको भ्रमण गर्ने क्रममा हामी बाबाको कुटीमा पुग्यौँ । एक अत्यन्तै प्रभावशाली



गलेश्वर बाबा र उहाँका साथी पण्डित वेदनिधि पोखेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

योगी देखेर कुरा गर्न मन लागेर म उहाँसँग कुरा गर्न थालें । कुरा गर्दै जाँदा मैले थाहा पाएँ उहाँ नै गलेश्वर बाबा हुनुहुँदोरहेछ । बाहरूले कुरा गर्दा हजुरबाको तपस्या गर्ने साथीको नाम गलेश्वर बाबा हो भन्नुभएको थियो । मैले कुराकै प्रसङ्गमा उहाँ नै हजुरबाबाको साथी हुनुहुँदोरहेछ भन्ने थाहा पाएँ । उहाँले हामीलाई आफ्नो कुटीवरिपरि घुमाउनुभयो । गलेश्वर बाबाको आशीर्वाद लिएर हामीहरू चितवनतर्फ लाग्यौं । मुङ्गलिङ् आइपुगेपछि हामी पोखरातिर लाग्यौं । बाटाभरि मलाई गलेश्वर बाबाको याद आइरह्यो उहाँको यादले मलाई कहिल्यै पनि नदेखेको हजुरबाबाको पनि सम्झना भयो ।

पछि धनकुटा पुगेर मैले गलेश्वर बाबालाई भेटेको कुरा बालाई भनें । बा पनि खुसी हुनुभयो र भन्नुभयो म पनि भेट्न जान्छु । त्यो सुनेपछि मलाई झन् बाबालाई भेटेर राम्रो काम गरेछु भन्ने लाग्यो ।

२०३० सालमा म धनकुटाबाट पद्मकन्या काठमाडौंमा सरुवा भएर आएँ । तत्कालीन श्री ५ महाराजाधिराजले बाबालाई काठमाडौंमा झिकाउनुभएको छ भन्ने सुनेर बा उहाँ कहाँ हुनुहुन्छ भनी बुझ्न जानुभयो र बाले उहाँलाई पशुपतिबाट घरैमा ल्याउनुभयो । त्यतिबेला उहाँका आँखामा जालो लागेजस्तो भएर उहाँले कम देख्न थाल्नुभएको रहेछ । बाले भन्नुभयो– बाबा ! मेरो छारो आँखाको डाक्टर छ म अप्रेसन गराइदिन्छु । बाबाले भन्नुभयो– ल गराइहाल न त अनि म पशुपति नै गएर बस्नुपर्छ । बाले भन्नुभयो– अप्रेशन गर्न त समय लाग्छ नि, आँखामा यन्त्रले हेर्नुपर्छ, काट्नुपर्छ, पट्टि लगाउनुपर्छ ।" बाबाले आश्चर्य मान्दै भन्नुभयो– लौ, म त गर्दिनँ अप्रेसन, यो त मलाई बिरामी पार्ने काम पो रहेछ । बाले बाबालाई मनाउन अनेक कोसिस गर्नुभयो तर बाबा त कोठाबाट फुत्त निस्केर म यो शरीरको कुनै भागलाई दुःख दिने पक्षमा छैन भन्दै हिँड्नुभयो । म पछि-पछि लागेर महाङ्कालसम्म पुगें । उहाँले भन्नुभयो– तिमी फर्क म जान्छु । म नरमाइलो मानी-मानी फर्कें । फर्केर मैले बालाई सोधें– बाबा कति वर्षको हुनुभयो ? बाले भन्नुभयो– बाबा सय नाघ्नुभयो । केही वर्षपछि बाबा ब्रह्मलीन भएको भन्ने खबर सुनें । मानिस भन्थे उहाँ एक सय पन्ध्र वर्षको उमेरमा ब्रह्मलीन हुनुभएको थियो ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

सहन प्रधान

प्रबन्धक

सिनर्जी एफ्. एम्. प्रा. लि.

भरतपुर १०, पो. ब. नं. ७७

फोन नं. ५२६९१६, १७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गलेश्वर बाबासँगको मेरो भेट

✍ वासुदेव शर्मा लुईटेल

२०२८ साल पौष महिनामा गलेश्वर बाबालाई भेट्नको लागि बजारबाट ट्रक चढेर बगरमा लहरी ट्रक रोकी डुङ्गा तरेर म गलेश्वर बाबाको कुटीमा गएँ । खरले बनाएको छानोमुनि बसेर उहाँसँग लगभग तीन घण्टा जति गफ भएको थियो । गलेश्वरबाबासँग मनभित्रका कुरा छर्लङ्ग पारेर भन्ने सुन्ने काम भयो । यसै सिलसिलामा मैले अघोरीलाई बाटोमा देखेको कुरा गर्दा साह्रै प्रष्टसित उहाँले टीकाटिप्पणी गर्नुभएन । अनि मैले आफूले वेद पढेको र ठूलो घर-गृहस्थी चलाएर बसेको कुरा गरें । त्यही सिलसिलामा उहाँले भन्नुभयो– मैले भनेको यौटो कुरो मानिदेऊ न त ! कुरो के हो भनेर सोध्दा उहाँले भन्नुभयो– यहाँ बसेर वेद पढाइदेऊ । मैले त्यो कुरा मानिनँ । अनि आफन्तले आफन्तसित कुरा गर्दा जसरी चित्त दुखाउँछ त्यसैगरी उहाँले चित्त दुखाउनुभएको मलाई अनुभव भयो । हाँसठट्टाकै क्रममा मैले भनें– म यहाँ जोगी हुन आएको होइन, मेरा घराँ दोटा स्वास्नी छन्, चारोटा छोरी छन्, छोरो छ, ठूलो ठाउँको हाकिमे जागिर छ, त्यसैले वेद पढाउने कुरै नउठाऔं, बरु खेतालो चाहिन्छ भने पठाइदिन सक्छु । अनि उहाँले भन्नुभयो– भो पर्दैन, त्यस्तो कमाइ-धमाइ गर्न खोज्ने पण्डित मेरा हातमा पनि दुईचारओटा छन् ।

उहाँले सोध्नुभयो– तिमी डुङ्गा चढ्दा डराउँछौ कि डराउँदैनौ ?

मैले भनें– डराउन्नँ, किन र ?

उहाँले हाँसेर भन्नुभयो– तिम्रा राजा त्यहीं पारि त बसेका छन् नि ! अस्ति नदीकिनारसम्म आइपुगेछन्, डुङ्गा चढ्नुसाटो पानीमा हात चोपलेर टाउकोतिर छर्केर फर्केछन्, अब त, कुरा बुझ्यौ ?

मैले छर्लङ्ग बुझिहालें, यहीं आउलान् र वेद पाठशाला राम्ररी चलाइदिन पऱ्यो भन्छु भनेर ढुक्क थिएँ पानी छम्केर फर्किहाले, के गर्ने अब यही उहाँको आशय थियो । मैले भनें– बुझें ।

उहाँले भन्नुभयो– जाने भए जाऊ अब । मैले चियाको कुरो उठाइहालें ।

उहाँले भन्नुभयो– बजारतिर जाऊ कालोपानी रोटी जेजे खानु छ खाऊ मकहाँ छैन पनि, दिन्नँ पनि । पग्लिसकेको तिलको लड्डु छ, ल यही खाऊ भनी उहाँले दिनुभयो ।

आशीर्वाद मैले माग्दा पनि मागिनँ उहाँले दिँदा पनि दिनुभएन ।

त्यसपछि २०३० सालमा काठमाडौं पशुपतिको वासुकी ब्रह्मचारी बस्ने गुफाको नजीकैको अर्को गुफामा आएर गलेश्वर बाबा बस्नुभएको छ भन्ने खबर मैले पाएँ । एक दिन बिहान म आफ्नो हाकिम कमलबाबुलाई लिएर त्यहाँ पुगें । गुफाभित्र मान्छे टनाटन रहेछन्, मैले ढोकैबाट हल्ला गरें । स्वर सुनेर उहाँले छिटो भित्र आऊ भनिहाल्नुभयो र हामी दुवै जना अलि भित्र पस्यौं । उभिएको उभियै ठट्यौलो भाषामा उहाँसँग दुईचार कुरा भए । उहाँले पछि कुरा गरौंला भन्नुभएको थियो त्यसपछि उहाँसँग भेट नै भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गलेश्वर बाबाको संझनामा

✍ श्रीकृष्णप्रसाद काफ्ले

ऋषिमुनिहरू तपस्यालाई नै ऐश्वर्य वा सम्पत्ति सम्झन्छन् । तपस्यालाई नै आफ्नो सम्पत्ति सम्झने त्यस्ता ऋषिहरूमा गलेश्वर बाबा पनि एक हुनुहुन्थ्यो । २०२६ सालदेखि २०३० सालसम्म म देवघाटमा अवस्थित उहाँकै विद्यालयको शिक्षक थिएँ । उहाँसँग बितेका क्षणहरूमा त्यस्ता अनेकौं स्मरणीय घटना घटेका थिए । यहाँ ती घटनाहरूमध्ये एउटा प्रस्तुत गर्दछु–

२०३० सालमा तनहुँ जिल्लामा नयाँ शिक्षा नियम लागु भएपछि एक जना निरीक्षक (उहाँले आफ्नो नाम भुवनेश्वर जोशी बताउनुभएको थियो) देवघाटस्थित गलेश्वर आश्रममा आउनुभयो । त्यहाँ केही विद्यार्थीहरूलाई आवास र खानपानको समेत सुविधा दिएर वेद पढाइन्थ्यो । ती निरीक्षकले बाबालाई तपाईं एक साधु हुनुहुन्छ विद्यार्थीलाई पनि खानपान सबै गराउनुभएको रहेछ । कति जना विद्यार्थी छन् भनेर सोध्नुभयो । बाबाले उत्तर दिनुभयो– १५ जना । अनि शिक्षक कति जना छन् नि ? उहाँले सोध्नुभयो । बाबाले उत्तर दिनुभयो– १ जना । शिक्षक म नै थिएँ । वार्तालापको क्रममा निरीक्षकले मौखिक कुराकानी गर्दै रजिष्टरमा पनि केही टिप्दै हुनुहुन्थ्यो । निरीक्षकले भन्नुभयो– नयाँ शिक्षा लागु भएपछि यसरी वेद पढाउन पाईंदैन । यो काम गर्न शिक्षा नियमले मिल्दैन । बाबाले भन्नुभयो– यस्तो तपस्या गरेर कसका छोरा कसका नाति अनाथ बालकलाई मैले शिक्षा दिन्छु भन्दा पनि अड्चन हाल्ने यो सरकार अन्धो भएछ, वीरेन्द्रको मति बिग्रेछ । अब नेपालमा राम्रो स्थिति हुनेछैन । ३० सालमा नयाँ शिक्षा लाग्यो अब आगामी ३० वर्षमा यसले सबैलाई भास्नेछ । त्यसपछि केही समयमा निरीक्षक जानुभयो ।

आज मलाई लाग्छ ऋषिमुनिहरू देशको बारेमा अत्यन्त चिन्तित हुँदा रहेछन् । पछि हुने घटनाको उनीहरूलाई सङ्केत मिलेको हुन्छ र उनीहरू त्यसको केही सूचना गर्दछन् । नयाँ शिक्षा लागु भएपछि सरकारले नियमले वस्न मिल्दैन भनेकोले म आफ्नो स्थानमा गएँ । त्यसपछि त्यहाँ शिक्षकको रूपमा केशवराज शर्मा आचार्य आउनुभयो ।

शुभकामना

धार्मिक, आध्यात्मिक एवं सांस्कृतिक विकासको लागि अनुसन्धानमूलक 'देववाणी' पत्रिकाले खेलेको भूमिकाको सराहना गर्दै यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

गोपाल गिरि
मेयर

उपमेयर
कृष्णमुरारी रौनियार

तथा वीरगञ्ज उपमहानगरपालिका परिवार
वीरगञ्ज, पर्सा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कठोरतम अघोर सम्प्रदाय र अघोरी बाबा

✍ मदनमोहन जोशी

(मैले २०३६ सालमा देवघाट तार्ने ठेक्का लिँदा अघोरी बाबासँगसँगै बेलामौकामा कुराकानी गरेको थिएँ। त्यही कुराकानीको आधारमा र उहाँसँग धेरै समय बिताउनुहुने बाबुराम जोशीबाट थाहा भएको कुराहरूको आधारमा यो लेख तयार गरिएको हो । – लेखक)

मानव समाजमा धेरै सम्प्रदायहरू छन् । मानिसले जब आफ्नो जन्म र मृत्युको बारेको कुराको, हाम्रो चेतनाको बारेमा यथार्थ ज्ञान पाउँदैन ऊ अनिवार्य रूपले एउटा पारलौकिक शक्तिको कल्पना गरेर, यसैको मातहतमा बनाइएका सम्प्रदायहरूमध्ये कुनै एक सम्प्रदायमा लाग्नु परेको हुन्छ ।

हामीलाई ब्रह्माले या ईश्वरले सृष्टि गरेको हो र हामीलाई यसो गर्नु, उसो गर्नु भनेर ईश्वरले खटाएर पठाएको हो भन्ने कुरामा विश्वास गर्नु सरल कुरा हो । किनभने अर्को कुरा हामीलाई थाहै हुँदैन । थाहा पाउन अलि अध्ययन गर्नुपर्छ, बुझ्न समय लाग्छ । अर्कोतिर जीवहरू सकेसम्म अप्ठेरो होइन सरल काम गर्न चाहन्छन्, सरल सोचाइ राख्न चाहन्छन् । सजिलोसँग यसो होला भनेर पुग्ने भए अनुसन्धान किन गर्ने ? निरीक्षण किन गर्ने ? परीक्षण गरेर सिद्ध गरेको कुरा हो कि होइन, आफूले परीक्षण गरिरहनु भन्दा काल्पनिक कुरालाई मानिदियो भने टन्टै हराउने भयो । त्यसैले मानिसहरू ईश्वरको कल्पना गरी, ईश्वरको खटनअनुसार हुन्छ भनिदिएर त्यसैको आधारमा बनेको सम्प्रदायमा लाग्न रुचाउँछन् । विश्वमा यस किसिमका सम्प्रदायहरू धेरै छन् ।

भारत र नेपालमा शैव, सम्प्रदाय र वैष्णव सम्प्रदायहरू प्रमुख छन् । ती दुवै सम्प्रदायहरूका अनेक हाँगाहरू छन् । शैव सम्प्रदायले शिवलाई र वैष्णवले विष्णुलाई मान्दछन् । ब्रह्मकुमारी भनौँ या ॐ शान्तिवाला भनौँ यो सम्प्रदाय पनि शैव हो तर शैव साइबाबालाई उनीहरू मान्दैनन् । ती दुवै मतहरूमा आपसी टक्कर हुन्छ । गृहस्थ आश्रम त्यागेर मागेर खाने सन्न्यास आश्रममा बस्न रुचाउनेहरू पनि छन् । यसमा अरू हाँगा-बिँगाहरू छन् । त्यस्तै वैष्णव सम्प्रदायका हाँगा-बिँगाहरू राममार्गी, कृष्णमार्गी, कृष्णप्रणामी र यस्तै अरू पनि छन् । प्राय: वैष्णवहरू धार्मिक रूपमा बढी कट्टर हुन्छन् । उनीहरू ठाडो टीका लगाउँछन् र दीक्षा लिने बेलामा शरीर डाम्ने कार्य गर्छन् ।

मुसलमान समाजमा छुवाछुतको चलन पाईदैन । हिन्दुहरूको पुरोहित भनेझैँ मुसलमानहरूको खलिफा, मुल्ला र मौलवी हुन्छन् । यस धर्ममा दुई सम्प्रदाय छन् । एउटा सिया र अर्को सुन्नी । सियाहरू आफूलाई मुसलमान धर्म प्रचलनमा आउने बेलादेखिको मुसलमान मान्छन् र आफूलाई शुद्ध मुसलमान मान्छन् । उनीहरू सुन्नीहरू पछि कुरान सुनेपछि मुसलमान भएको भन्ने मान्छन् र उनीहरूलाई दोस्रो दर्जाको मुसलमान मान्छन् । सुन्नीहरू मोहम्मदले उनीहरूलाई प्रत्यक्ष शिक्षा दिएर मुसलमान बनाएकोले उनीहरू सियाहरूभन्दा माथिल्लो दर्जाको हुन् भन्ने मान्यता राख्छन् । मुसलमान सम्प्रदायका यी दुई समूहमा विभिन्न राष्ट्रमा बेला-बेला टक्कर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिरहेको समाचार सुन्नमा आइरहन्छ ।

नेपालमा सुरु भएर विभिन्न धर्ममा फैलिएको धर्म बौद्ध धर्म हो । यस धर्ममा चार सम्प्रदायहरू छन् । चार सम्प्रदायमा हाल प्रचलनमा रहेका सम्प्रदाय तीन छन् । ती हुन्– महायान, हीनयान र वज्रयान । बौद्ध धर्मका मानिसहरू बढी शान्तिप्रिय हुने भएकोले अलग-अलग यानमा विभक्त भए पनि एक-आपसमा उनीहरू नराम्रो विद्वेषको भावना राख्दैनन् ।

इसाइ धर्ममा पनि दुई सम्प्रदाय छन्– प्रोटेस्टेन्ट र क्याथोलिक । उनीहरू धर्मग्रन्थ पुरानो ग्रन्थ (Old Testament) र नयाँ ग्रन्थ (New Testament)अनुसार आफूलाई दुई समूहमा विभाजित भएको मान्दछन् ।

हिन्दु धर्मअन्तर्गतको शैव धर्ममा एउटा यस्तो सम्प्रदाय छ जसलाई धेरै कम मानिसले मात्र अपनाउन सक्छ । यो अत्यन्त कठोर छ । त्यसो हुनुमा यस धर्मको दार्शनिक पृष्ठभूमिले काम गरेको छ । यस सम्प्रदायअनुसार संसारका यावत् चिज ईश्वरले सृष्टि गरेको हो । त्यसैले राम्रो र नराम्रो भन्ने विभेद केहीमा पनि छैन । आफ्नो कामअनुसार सबै चिज राम्रा छन् र कुनै समय र ठाउँअनुसार त्यही चिज नराम्रा हुन्छन् । उनीहरूको मान्यता अनुसार सबै चिज ईश्वरको सृष्टि हो र ईश्वरको सृष्टिलाई नाश गर्नु हुँदैन । कुनै जीवको हत्या गर्नुहुँदैन तर मरिसकेको जीवको शरीर छ भने त्यसको उपभोग गर्न सकिन्छ अथवा त्यसलाई खाद्य पदार्थको रूपमा लिन सकिन्छ । यस दृष्टिकोणलाई मानेर मांस जति सबै जीवको समान हो, मानिसको मासु र अरू जीवको मासुमा फरक छैन, त्यसैले मरेको मानिस छ भने त्यसको मासु खानमा पनि आपत्ति छैन भन्ने मान्यता अघोरीहरूले लिएका हुन्छन् र उनीहरू मानिसको मासु पनि खाने गर्दछन् । घिन भन्ने कुरा उनीहरूको विचारमा आउँदैन । उनीहरू स्वमलमूत्र पनि सेवन गर्दछन् । स्वास्थ्यलाई हानि गर्दैन भने जे पनि खानमा आपत्ति छैन भन्ने उनीहरूको धारणा छ । अघोर सम्प्रदायमा लाग्ने मानिसहरूले सबैमा समदृष्टि राखेर व्यवहारमा उक्त कुरा अपनाउनु पर्ने हुन्छ । उक्त कुरालाई व्यवहारमा पनि उतार्ने भए मात्र ऊ अघोर सम्प्रदायको सदस्य हुन्छ ।

यही संप्रदायको एक सदस्य देवघाट धाममा आई बसोबास गरेका थिए । उनको पहिलाको जीवनवृत्त कस्तो थियो यसबारेमा केही चर्चा गरौं । बाँके-बर्दियाको एकजना जमिन्दारको घरमा उनको जन्म हुन्छ । ती जमिन्दारको जग्गा ३ हजार विघाहा थियो । उहाँ १८ वर्षको हुँदा उनको घरमा डाँका लाग्छ । धनमाल लुटिनुको साथै उहाँका परिवारका सदस्यहरूको पनि हत्या हुन्छ । त्यस बेला त्यस्तो दुःखद घटना भएपछि उनलाई घर बस्न मन लागेन । घुम्दैफिर्दै उनी बर्मा (म्यानमार) पुगे । त्यहाँ उनको तीन वर्षसम्म अघोरी साधुसँग सङ्गत भयो । तिनै साधुबाट शिक्षा-दीक्षा प्राप्त गरी उनी अघोर सम्प्रदायको सदस्य भए ।

उनी वि. सं. २०१८ सालमा नारायणगढ आइपुगे । मेरो उनसँग त्यहाँ भेट भएको थियो । उनी भन्थे– अहिले यस सम्प्रदायका जम्मा ५ जना मानिस छन् । उनको पहिलाको वासस्थान हाल मैयादेवीको धर्मशाला भएको ठाउँमा एउटा पाटी थियो । वर्षाको समय भलले बगाएर ल्याएको मरेको मानिसको मासु उनले खाए । उनी स्वमूत्र पनि पान गर्थे । कसैले केही खाने कुरा दियो भने उनी मरेको मानिसको खप्परमा थापेर खाने गर्दथे । पहिले-पहिले मानिसहरूले उनलाई बौलाएको सम्झेका थिए । पछि उनका कुराहरू सुनेर मानिसहरू प्रभावित हुन थालेका थिए ।

पछि अघोरी पद्म कुमार पियाको दियालो पथको छाप्रोमा बस्न गए । हाल त्यहाँ पक्की घर बनेको छ । त्यहाँ छँदा अघोरीको सेवामा काठमाडौंबाट आएर सम्भ्रान्त वर्गका युवतीहरू आएर उनको खुट्टा मोल्ने कामसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि गरेको देख्ने मानिसहरू अहिले पनि धेरै जीवित छन् । अलिदिन नारायणघाटको वास गरेपछि उनी देवघाटमा बस्न गएका थिए । उनी आफ्नो स्वामित्वको जग्गामा गए र ४०० बिगाहा जग्गा बाँकी राखेर सबै जग्गा उनले बाँडिदिए । उनको खर्चको निम्ति बाँके-बर्दियाको जमिनको आयस्ता भनेर त्यहाँ काम गर्ने मानिसले नगद र जिन्सी गरी ल्याइदिने गर्दथे । सो जमिनको आयस्ता देवघाट धाममा ल्याएर देवघाट विकास समितिले सदुपयोग गर्ने गर्दथ्यो ।

उनले देवघाटमा राम्रा-राम्रा मूर्तिहरूको स्थापना गरेका छन् । उनले डेढ बिगाहा जति जमिनमा बार लगाएर बगैंचा बनाएर फलफूलका प्रायः सबैथरिका बिरूवाहरू लगाएका थिए । भजन गर्ने, पुराण लगाउने, सभा गर्ने भवनहरू उनले बनाएका थिए ।

मर्नुभन्दा ३ वर्ष अगाडि उनले आफू समाधिस्थ हुनको लागि देवघाटको आफैंले बनाएको बगौंचाको एउटा उच्च ठाउँमा समाधिस्थान बनाएका थिए । उनी त्यही ठाउँमा समाधिस्थ भए । उनी वि. सं. २०४७ साल पौष २ गते समाधिस्थ भएका थिए ।

केही समय अघोरी बाबा र मैयादेवी श्रेष्ठमा घनिष्ठता थियो । पछि के-के कारणले उनीहरूमा फाटो आयो, झगडा भयो र एकले अर्कोलाई घृणा गर्ने र गाली गर्नेसम्म पनि भएको थियो । उनीहरूको झगडाले देवघाटको विकासमा सहयोगी भूमिका निभायो । अघोरी बाबाले पहाडको भित्तोमा मन्दिर बनाएर अत्यन्त राम्रा मूर्तिहरू स्थापना गरे भने मैयादेवी श्रेष्ठले पशुपतिको मन्दिरको निर्माण गरिन् । त्यस्तै अन्य धेरै निर्माण कार्य भयो । देवघाटको विकासमा दुईजनाको प्रतिस्पर्धाले राम्रो प्रतिफल दिएको थियो ।

म्यानमारबाट फर्केपछि अघोरी कलकत्ता, दिल्ली र बम्बई जस्ता सहरहरूमा बसेर नारायणघाट र देवघाटमा आएका थिए । ठूला व्यापारी, धनाढ्य सामन्तहरू आफ्नो मानसिक शान्तिको लागि यस्तै बाबाहरूको नजिक पुग्ने गर्दछन् । यसले एकले अर्कोलाई सम्पर्कमा ल्याई व्यवसायमा वृद्धि भएको हुन्छ । त्यसैले हिन्दुस्तानका ठूला-ठूला सहरहरूबाट अघोरीलाई भेट्न मानिसहरू आइरहन्थे । उनीहरू अघोरीलाई विभिन्न उपहार र धन प्रदान गर्दथे । अघोरीसँग कहिल्यै धनको अभाव हुँदैनथ्यो ।

अघोरीबाबा सबै किसिमका नसाहरूको सेवन गर्दथे । उनलाई कलेजोको रोग थियो । उनको उपचारका लागि राजदरबारबाट खटिएका डाक्टर हेलिकप्टरमा देवघाट आउँथे । पहिले सम्पन्न परिवारको भएको नाताले पनि र बाबा बनेको कारणले पनि अघोरी बाबाको पहुँच राजदरबारसम्म थियो । युवावस्थामा सुरा, सुन्दरीको उपभोग गरेको कुरा सुनाएर सुराले गर्दा नै आफू रोगी भएकोमा उनी दुःख व्यक्त गर्दथे । देवघाटमा आएपछि उनले नसासेवन कम गर्दै लगेका थिए । अघोरी बाबाबाट कसैलाई दुःख पुगेको थिएन । बरु सबैले उनबाट धेरथोर सहयोग पाएकै थिए । देवघाटको प्रचार-प्रसार र विकासमा अघोरी बाबाले दिएको देन अविस्मरणीय छ ।

अघोरी बाबा जसरी अघोरी बन्नुभयो, त्यो सबैको लागि संभव र उचित छैन । आजको वातावरणले पनि त्यस्तो बन्ने प्रेरणा दिंदैन । जे-जस्तो भए पनि उनको स्मरणसम्म गर्ने हो । उनले लिएको बाटो जे-जस्तो भए पनि उनले देवघाटको लागि गरेका केही कार्य महत्त्वपूर्ण छन् । देवघाटको विकासमा योगदान प्रदान गरेकोमा अघोरी बाबाप्रति कृतज्ञ हुनुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गलेश्वर बाबाको प्रथम दर्शन

✍ डा. केशवराज शर्मा आचार्य

सबै मानिसको जीवनको प्रत्येक पाइलामा नयाँ-नयाँ अनुभव अवश्य हुन्छन् । मानिसले अनभवको सङ्गालो राख्न सक्यो भने अवश्य ऊ एक मार्गदर्शक हुन्छ ।

मैले २०३३ सालमा त्रि. वि. बाट शास्त्री उत्तीर्ण गरेको थिएँ । २०२६ सालमा काठमाडौं नक्साल नन्दिकेश्वर बहालमा बिहान सञ्चालित प्रौढ महिला हाइस्कुलमा अध्यापनको कार्यमा लाग्ने अवसर मिलेको थियो त्यहाँ मलाई स्थायी नियुक्ति दिइएको थियो । हाइ स्कुल प्राइभेट संस्था भएकाले पढाउँदा एक घण्टीको ८० पैसा मात्र थियो । २०२८ सालको दशैं मान्न भनी पहाड तनहुँ चुँदी रम्घा बेसी गएको थिएँ । दशैं मानेपछि घरायसी कारणले गर्दा काठमाडौं नक्सालको नन्दिकेश्वर बहालको प्रौढ महिला हाइ स्कुलमा पढाउन आउन सकिनँ ।

पहाडमा रहँदा नै जागिर खाने कुरो चलिरहेको थियो । २०२८ साल माघमा घर-छिमेकी बन्धु हरिभक्त आचार्यज्यूको साथमा ग्रहण स्नान गर्न देवघाट आएको थिएँ । देवघाट आइपुग्दा साँझ परिसकेको थियो । हाल नयाँ निर्मित विद्यालयको नैऋत्य कोणको नजिक एक सानो थुम्को परेको ठाउँ छ । त्यहाँ सीताराम नामका वैष्णव साधु हुनुहुन्थ्यो । उहाँकै कुटीमा वास बस्ने भयौं हामी । रात त्यहीं बिताइयो ।

त्यस समयको देवघाटमा बस्ती पातलो थियो देवघाट क्षेत्रमा कल्पवासी र साधुहरूको कुटी थोरै नै थिए । वरिपरि जङ्गलै-जङ्गल थियो । दक्षिणतर्फ त्रिशूली र कृष्णा (काली) गण्डकीको सङ्गम थियो ।

भोलिपल्ट प्रात: काल भएपछि गण्डकी स्नान सन्ध्यावन्दन आदि कर्म गरिसकेपछि वास बसेकै कुटीमा म फर्कें । कुटीका निवासी सीताराम वैष्णव साधुले मन्दिरमा कीर्तन हुन्छ जाऔं भनेपछि मन्दिरमा म उहाँकै साथमा आएँ ।

जहाँ हाल बाबा गलेश्वर आश्रमको नामले प्रसिद्ध आश्रम बनेको त्यहाँ आँपका वृक्ष र अन्य वृक्षहरू थिए । जहाँ अहिले नयाँ कीर्तन भवन बनेको छ त्यहाँ सानो आकारको टिनले छाएको एकतले कीर्तन घर थियो । त्यस कीर्तन घरको भित्रको समस्थलमा दक्षिणतर्फ पछाडिबाट मानिस हिँड्न हुने गरी चार अङ्गुल अग्लो चौको थियो । चौकाको बीचमा बोरा आदि बिच्छ्याइएको खरानीको घुलो सहित भएको आसन थियो । त्यही आसनमा कौपीनधारी भस्म लगाएका उत्तराभिमुख बाबा बस्नुभएको थियो । कीर्तन घरमा बायाँपट्टिको आधा भागमा पुरुष कल्पवासी र दायाँ तर्फको आधा भागमा महिला कल्पवासीहरू बस्नुभएको थियो । मलाई लिएर जाने वैष्णव साधुले मलाई बाबाको नजीकै बायाँतर्फ वसाउनुभयो ।

त्यो दिन सूर्यग्रहणको दिन थियो । कीर्तनघरमा महिला-पुरुष कल्पवासीहरूको जमघट ठूलै थियो । त्यस दिनको मन्दिरको समूहको बीचमा म नौलै मानिस थिएँ । बाबाले यी नौला मानिस को हुन् भनी प्रश्न गर्नुभयो । मैले आफ्नो घर-गाउँ यहाँ हो भनी बताएँ । बाबाले नाम सोध्नुभयो, मैले आफ्नो नाम बताएँ । उहाँले कति पढेका छौ भनी सोध्नुभयो, मैले शास्त्री उत्तीर्ण गरेको छु भनें । यति भनेपछि आफ्ना अगाडि राखिएको पुस्तकको थुप्रोको बीचबाट एउटा पुस्तक निकाली त्यो पढ्न भन्नुभयो । कीर्तनघरमा जम्मा हुनुभएका कल्पवासीहरूले सुन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी पुस्तक पढ्न सुरु गरें । पढुन सुरु गरेको पुस्तक हिन्दीमा अनूदित उपनिषद्को पुस्तक थियो । त्यो दिन सूर्यग्रहणको दिन भएकाले दिनको २।३० बजेसम्म पुस्तक पढ्ने काम भयो । गलेश्वर बाबा ग्रहण स्नान गर्न नदीको सङ्गमतर्फ लाग्नुभयो सबै कल्पवासी उहाँको पछि लागे । म पनि पछिपछि लागें । सबै जनाले स्नान सिध्याएर नदी किनारमा आई कीर्तन गर्न लागे । म पनि त्यस कार्यमा सम्मिलित भएँ । ग्रहणले छोडेपछि मोक्ष स्नान गरी सबै कल्पवासीहरू आ-आफ्नो कुटीमा जानुभयो । म पनि बास बसेकै कुटीमा गएँ । ग्रहणको मोक्ष हुँदा साँझ पर्न लागिसकेको थियो ।

सीताराम वैष्णव साधुका कुटीमा दुई रात बिताइयो । तर आफ्नो प्रसङ्ग भने मैले उठाएको थिइनँ । तेस्रो दिन बिहान विद्यालयमा पढाउन पाइने नपाइने के छ होला भनी मैले चर्चा उठाएँ साधुसँग । मलाई यस विषयमा जानकारी छैन, सबै जानकारी लिन बाबा गलेश्वरज्यूसँग नै कुरा गर्नुपर्छ भन्नुभयो । पछि वैष्णव साधुले नै मलाई लिएर गएर गलेश्वरबाबासँग भेट गराउनुभयो । हामी जाँदा बाबा आफू बस्ने कुटीबाट कीर्तन घरको आफ्नो आसनमा आई बसिसक्नुभएको रहेछ । बाबाको कुटी हाल निर्मित कीर्तन भवनको दक्षिणपूर्व मोहडामा रहेको मन्दिरको थलोमा थियो ।

बाबाले सञ्चालन गरेको विद्यालयको नाम थियो वेदवेदाङ्ग विद्यालय । बाबाले विद्यालयको प्रारम्भिक कहानी सुनाउन सुरु गर्नुभयो । उहाँले प्रारम्भमा वर्माबाट आउनुभएका नाराणघाट निवासी धनपति ज्ञावालीज्यूलाई वेद पढाउन राख्नुभएको रहेछ । उहाँले पढाउँदैको समयमा श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेव सरकार चितवन नारायणघाटको उत्तरी भेगमा रहेको दीयालो बङ्गलामा रहिबक्सेका बेला बाबाले वेद पढाउने पण्डितको माग गर्नुभएको रहेछ । बाबाको मागअनुरूप गुठीसंस्थान केन्द्रीय कार्यालय काठमाडौँलाई श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेव सरकारबाट एक वैदिक पण्डित दिनू भनी हुकुम बक्स भएको रहेछ । माग हुँदा हुँदैको समयमा धनपति ज्ञवालीज्यूको देवघाटमा नै निधन भएछ । विद्यालयमा पढाउने मानिस नभएपछि गाउँमा रहेको बज्रयोगिनी प्राथमिक विद्यालयमा रहेका शिक्षक श्रीकृष्णप्रसाद काफ्लेज्यूलाई तनहुँ दमौली शिक्षाकार्यालयले बाबाको मागअनुरूप वेदवेदाङ्ग विद्यालयमा पढाउनको लागि खटाइदिएको रहेछ । त्यस बखत विद्यालयमा पढाउने पण्डित एकजना मात्र हुनुहुँदोरहेछ । गाउँको बज्रयोगिनी प्राथमिक विद्यालय श्री ५ को सरकारको शिक्षा मन्त्रालयअन्तर्गत नै सञ्चालित थियो । यति हुँदाहुँदैको म बाबा गलेश्वरज्यूको सन्निकटमा पुगेको रहेछु । मैले बाबासँग विद्यालयमा पढाउन पाउने-नपाउने बारे चर्चा चलाएँ । बाबाले मलाई गुठीसंस्थान केन्द्रीय कार्यालय बाठमाडौँबाट कुनै पण्डित नियुक्ति लिएर नआएसम्म म खान दिन सक्छु तलब दिन सक्दिनँ, यसरी बस्ने भए हुन्छ नत्र हुँदैन भन्नुभयो । तर पछि यो प्रसङ्गको बारेमा कीर्तनघरमा बस्नुहुने केही भक्तहरूले उहाँलाई राख्न हुन्छ भन्ने कुराको सल्लाह बाबालाई दिएछन् र बाबाले पनि लौ हुन्छ भनी स्वीकार गरी गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौँलाई केशवराज शर्मा आचार्यको शीलस्वभाव राम्रो लागेकोले निजलाई विद्यालयमा पढाउनको नियुक्ति दिनुहोला भनी सिफारिस गर्दछु भन्ने बेहोराको पत्र लेखिदिनुभयो । म पत्र लिएर देवघाटबाट आफ्नो घर चुँदी रम्घाटिर लागें ।

म माघको २७ गते देवघाटबाट हिडें । देवघाटबाट हिँडेपछि म बेलुका गाईघाट बास पस्न पुगें । त्यस ठाउँमा चीसो हावा चल्दथ्यो । नदीका तीरमा सीठाले बारिएका, खरले छाइएका झुपडी चिया दोकान थिए । बेलुका गाईघाटमा पुग्दा जसले पनि तिनै झुपडीमा बास बस्नुपर्दथ्यो । त्यसैले स्वाभाविकरूपले मैले गाईघाटको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात बिताएँ । भोलिपल्ट उज्यालो भयो । उज्यालो भएपछि गाईघाट तर्न बस्नेहरूमाझ श्री ५ महेन्द्र वीरविक्रमशाहदेवको स्वर्गवास भएको कुराको गाइँगाइँ र गुईंगुईं चल्न थाल्यो । बिस्तारै त्यो कुराको सबैमा निश्चय भयो । डुङ्गा तरेर म सरासर चुँदी पुगें । घर पुगेपछि परमादरणीय सोमनाथ पौडेलज्यू र अग्निहेत्री पं. क. तीर्थराज आचार्यज्यूले मलाई काठमाडौंबाट बोलावट गर्नुभएको खबर पाएँ । त्यसपछि म काठमाडौं गएँ । काठमाडाँ पुगेपछि उहाँहरू दुवैको निकटमा म पुगें । उहाँहरूको बोलावटको प्रसङ्ग देवघाटमा बाबाको आश्रममा पढाउन पठाउने नै रहेछ ।

राजा महेन्द्र सरकारको स्वर्गवास भएको हुँदा १२ दिनसम्म गुठी संस्थान बन्द नै रह्यो । राजाको १३ दिनको काम समाप्त नहुँदासम्म मैले नियुक्ति पाउने कुरै भएन ।

त्यति बेलाको नियममा नायब बडागुरुज्यू गुठी संस्थानको पदेन अध्यक्ष हुने व्यवस्था थियो । त्यो समयमा गुठी संस्थानको अध्यक्ष श्री टेकराज पाण्डेज्यू हुनुहुज्यो । परमादरणीय गुरु सोमनाथ पौडेलज्यू र अग्निहोत्री तीर्थराज आचार्यज्यू गुठी संस्थान केन्द्रीय कार्यालयको आन्तरिक व्यवस्थापन समितिको सदस्य हुनुहुन्थ्यो । राजाको अन्त्येष्टि कर्म समाप्तिपछि उहाँहरूकै निर्देशनमा बाबा गलेश्वरको सिफारिस साथ गुठी संस्थन केन्द्रीय कार्यालयमा मैले निवेदन दिएँ । त्यसै बखत बिना श्रेणीको पण्डित पदमा मैले नियुक्ति पाएँ ।

म नियुक्तिपत्र लिएर फागुनको २८ गते देवघाट वेदवेदाङ्ग विद्यालयमा हाजिर हुन पुगें । म हाजिर भएपछि विद्यालयमा दुई जना पण्डित रहेको अवस्था भयो ।

त्यसताका देवघाटमा बस्नलायक धर्मशाला रहेनछ । देवघाटमा धर्मशाला बनोस् भन्ने अभिप्रायले बाबा गलेश्वरको सक्रियतामा तनहुँ साँगेफाँटका गङ्गादत्त आचार्यज्यूले रू ६०००।- (छ हजार), तनहुँ जि. पञ्चायतले रू ६०००।- (छ हजार), नारायणघाट बजारका साहुमहाजनले रू ६०००।- (छ हजार) र अपुग रूपैयाँ आफ्नो तर्फबाट हाली लगभग २५-२६ हजारमा धर्मशाला निर्माणको कार्य सम्पन्न भएको थियो । त्यस ठाउँमा अहिले स्वामी आत्मानन्द गिरिज्यूले नयाँ विद्यालय भवन बनाउनुभएको छ । त्यही धर्मशालामा अध्यापक र विद्यार्थी बस्दथे । अन्यत्र बस्ने डेरा थिएन ।

विद्यालयमा दुई जना अध्यापक भइसकेपछि मैले वेद, रुद्री, अग्निस्थापना, श्राद्ध जस्ता कर्मकाण्डको पुस्तक पढाउँथें भने अर्का अध्यापकज्यूले लघुकौमुदी पढाउनुहुन्थ्यो । २९, ३० सालतिर त्यस विद्यालयमा १५० जना जति विद्यार्थी हुन्थे । अर्का अध्यापक श्री ५ को सरकार शिक्षा मन्त्रालयअन्तर्गत रहेको गाउँको बज्रयोगिनी विद्यायलमा काज फिर्ता गरी जानुभयो । त्यसपछि २०३० तिर बाबाले गुठीसंस्थान केन्द्रीय कार्यालयमा अर्को वैदिक पण्डितको दरबन्दी कायम गरी पाऊँ भनी माग गर्नुभयो । उहाँको माग अनुरूप वेदवेदाङ्ग विद्यालयमा गुठीसंस्थान केन्द्रीय कार्यालयले दुई पण्डितको दरबन्दी कायम गरी अर्का वैदिक पण्डित चन्द्रमणि रेग्मीज्यूलाई नियुक्त गऱ्यो ।

बाबाले हेर आज सबैले धर्म छोडिरहेछन् । आज गउँत मन्त्रने मानिसको अभाव हुन लागिरहेछ । त्यसैले मैले विद्यालयको स्थापना गरेको हुँ । गलेश्वरमा मुक्तिनाथ आउने-जाने साधुहरूलाई खाने अन्नको व्यवस्था मिलाइदिएको छु । त्यहाँ केही मात्रामा भए पनि अन्नको व्यवस्था भएको छ । यो देवघाटमा पनि मिलाउनु परेको छ । परोपकार गरौं भनेको साधना टुटेको छ । "कर्म भनेको जाने योग नजाने रोग" भन्ने गर्नुहुन्थ्यो उहाँ । उहाँ सधैं "मुखमा राम हातमा काम" हुनुपर्छ भन्नुहुन्थ्यो । उहाँ मानिसको स्वर सुनेर नै यो मानिस यस्तो छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुहुन्यो । उहाँ सिद्ध पुरुष हुनुहुन्थ्यो । उहाँको महेन्द्र सरकारसँग अत्यन्त निकटको सम्बन्ध थियो । उहाँ भन्नुहुन्थ्यो– मैले राजालाई १० वटा प्रश्न गरेको थिएँ । सबैजसो प्रश्नको राम्रो उत्तर पाएको थिए । यौटा अङ्ग्रेजी भाषालाई किन यसरी प्रोत्साहन दिएको भन्दा केवल देश विकासको लागि आवश्यक जनशक्ति तयार पारेर अङ्ग्रेजी भाषालाई हटाइदिन्छु भन्ने राजाको उत्तर पाएँ ।"

बाबा आश्रममा बसे पनि कुनै न कुनै काम गरिरहेकै हुनुहुनथ्यो । बाबालाई कलकत्ताका एक ब्रह्मचारीले सहयोग गर्नुहुन्थ्यो । ती ब्रह्मचारी वर्षको एक पटक बाबाको दर्शन गर्न आउनुहुन्थ्यो । त्यस समयमा ब्रह्मचारीले बाबालाई दक्षिणाका रूपमा रूपैयाँ चढाएर जानुहुन्थ्यो । कलकत्ताका ब्रह्मचारीले बाबालाई पटक पटक चढाएको दक्षिणा रू ७५०००।- (पचहत्तर हजार) भएको थियो । बाबाको जीवनावस्थामा नै त्यो रूपैयाँ बैङ्कमा राख्न सकिएको थिएन । २०३२ साल जेठमा बाबा समाधिस्थ हुनुभयो । उहाँको शेषपछि बाबाका शिष्य लक्ष्मीनन्द ब्रह्मचारी बाबाको आसनमा बस्नुभयो । त्यो रूपैयाँ वेणीमा बस्ने अघोरी बाबा, चितवन नारायणघाट निवासी व्यापारी साहु श्री दानबहादुर, श्री लक्ष्मीनन्द ब्रह्मचारी र मेरो नाउँमासमेत संयुक्त खाता खोली चितवन नेपाल बैङ्क लिमिटेड नारायणगढमा राखिएको थियो । पछि त्यही रूपैयाँबाट सबैको सहमतिमा ब्रह्मपुरीमा २ बिगाहा खेत जग्गा देवघाट ज्योतिर्लिङ्गेश्वर महादेवका नाउँमा किनियो । मैले बाबाको इच्छा पूर्ति गर्ने अभिप्रायले जग्गा किन्ने काममा आफ्नो भूमिका निर्वाह गरेँ । जुन आज गलेश्वर आश्रमले सञ्चालन गरिरहेको छ ।

जब म विद्यालयमा पढाउने भएर बसेँ त्यति बेला म आश्रम र विद्यालयको काम गर्थेँ । कहिले जिल्लाका विविध कार्यालयमा, राजदरबारमा र गुठीसंस्थान केन्द्रीय कार्यालयमा पत्राचार गर्न बाबा मलाई लगाउनुहुन्थ्यो । आवश्यक परामर्श मसँग पनि लिनुहुन्थ्यो । बाबाले राजदरबारमा राजालाई पत्र लेख्दा "आशीर्वाद छ, तिमीले यसो गरिदिनू" भन्ने शैलीका बेहोरा लेख्न लगाउनुहुन्थ्यो । "निवेदन गर्दछु", "निवेदक" यी शब्द बेहोरामा पर्न दिनुहुन्नथ्यो ।

गलेश्वर आश्रमको संरक्षण गर्नमा परमादरणीय गोगी नरहरिनाथज्यूको ठूलो योगदान रहेको छ । किनभने मैले उहाँलाई त्यो समयमा काठमाडौँबाट ल्याई गलेश्वर बाबाका शिष्य लक्ष्मीनन्दज्यूलाई बाबा गलेश्वरको आसनमा देवघाटका कल्पवासी भक्त सज्जनहरूको सहयोग समेत लिई आरुढ गराएको थिएँ । पछि लक्ष्मीनन्द ब्रह्मचारीज्यू दण्डीस्वामी आशुतोषानन्द गिरिको नामले रहनुभयो । त्यसपछि आदरणीय आशुतोषानन्द गिरिज्यूले आश्रम सम्वर्द्धनका निमित्त स्वामी परमानन्दज्यूलाई पीठाधीश बनाउनुभयो । त्यसपछि आदरणीय स्वामी आत्मानन्द गिरिज्यूलाई आदरणीय परमानन्दज्यूले गलेश्वर आश्रमको पीठाधीश बनाउनुभयो । आश्रम विकासको क्रममा आदरणीय आत्मानन्द गिरिज्यूले बाबा गलेश्वरको आकाङ्क्षालाई मूर्त रूप दिँदै प्रातः र सायं समयमा आगन्तुक जतिजनालाई पनि सदावर्त भोजन गराउने चलन चलाउनुभएको छ । उहाँले वेदविद्यालयको नयाँ भवन निर्माण गरी वेद वेदाङ्गको पढाइ सञ्चालन गराउनुभएको छ । स्वास्थ्योपचारको लागि औषधालय एवं चिकित्सालय बनाउने योजना बनाइरहनुभएको छ । तपस्या गर्न बस्ने साधुसज्जनका लागि नयाँ-नयाँ भवन समेत निर्माण गराइरहनुभएको छ । जुन काम सबै मानिसका लागि सम्झनाको रूपमा रहिरहने छ ।

यसरी अहिले देवघाटमा गलेश्वर आश्रम देख्दा बाबा गलेश्वरको मूर्तिकै दर्शन गरेको अनुभूति हुन्छ । बाबा गलेश्वरको वास्तविक नाम ईश्वरानन्द ब्रह्मचारी हो । बाबाको प्रथम दर्शनले नै मलाई यो लेख लेख्न सत्प्रेरणा मिलेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रात बिताएँ । भोलिपल्ट उज्यालो भयो । उज्यालो भएपछि गाईघाट तर्न बस्नेहरूमाझ श्री ५ महेन्द्र वीरविक्रमशाहदेवको स्वर्गवास भएको कुराको गाइँगाइँ र गुईंगुईं चल्न थाल्यो । बिस्तारै त्यो कुराको सबैमा निश्चय भयो । डुङ्गा तरेर म सरासर चुँदी पुगें । घर पुगेपछि परमादरणीय सोमनाथ पौडेलज्यू र अग्निहेत्री पं. क. तीर्थराज आचार्यज्यूले मलाई काठमाडौंबाट बोलावट गर्नुभएको खबर पाएँ । त्यसपछि म काठमाडौं गएँ । काठमाडाँ पुगेपछि उहाँहरू दुवैको निकटमा म पुगें । उहाँहरूको बोलावटको प्रसङ्ग देवघाटमा बाबाको आश्रममा पढाउन पठाउने नै रहेछ ।

राजा महेन्द्र सरकारको स्वर्गवास भएको हुँदा १२ दिनसम्म गुठी संस्थान बन्द नै रह्यो । राजाको १३ दिनको काम समाप्त नहुँदासम्म मैले नियुक्ति पाउने कुरै भएन ।

त्यति बेलाको नियममा नायब बडागुरुज्यू गुठी संस्थानको पदेन अध्यक्ष हुने व्यवस्था थियो । त्यो समयमा गुठी संस्थानको अध्यक्ष श्री टेकराज पाण्डेज्यू हुनुहुन्थ्यो । परमादरणीय गुरु सोमनाथ पौडेलज्यू र अग्निहोत्री तीर्थराज आचार्यज्यू गुठी संस्थान केन्द्रीय कार्यालयको आन्तरिक व्यवस्थापन समितिको सदस्य हुनुहुन्थ्यो । राजाको अन्त्येष्टि कर्म समाप्तिपछि उहाँहरूकै निर्देशनमा बाबा गलेश्वरको सिफारिस साथ गुठी संस्थन केन्द्रीय कार्यालयमा मैले निवेदन दिएँ । त्यसै बखत बिना श्रेणीको पण्डित पदमा मैले नियुक्ति पाएँ ।

म नियुक्तिपत्र लिएर फागुनको २८ गते देवघाट वेदवेदाङ्ग विद्यालयमा हाजिर हुन पुगें । म हाजिर भएपछि विद्यालयमा दुई जना पण्डित रहेको अवस्था भयो ।

त्यसताका देवघाटमा बस्नलायक धर्मशाला रहेनछ । देवघाटमा धर्मशाला बनोस् भन्ने अभिप्रायले बाबा गलेश्वरको सक्रियतामा तनहुँ साँगेफाँटका गङ्गादत्त आचार्यज्यूले रू ६०००।- (छ हजार), तनहुँ जि. पञ्चायतले रू ६०००।- (छ हजार), नारायणघाट बजारका साहुमहाजनले रू ६०००।- (छ हजार) र अपुग रूपैयाँ आफ्नो तर्फबाट हाली लगभग २५-२६ हजारमा धर्मशाला निर्माणको कार्य सम्पन्न भएको थियो । त्यस ठाउँमा अहिले स्वामी आत्मानन्द गिरिज्यूले नयाँ विद्यालय भवन बनाउनुभएको छ । त्यही धर्मशालामा अध्यापक र विद्यार्थी बस्दथे । अन्यत्र बस्ने डेरा थिएन ।

विद्यालयमा दुई जना अध्यापक भइसकेपछि मैले वेद, रुद्री, अग्निस्थापना, श्राद्ध जस्ता कर्मकाण्डको पुस्तक पढाउँथें भने अर्का अध्यापकज्यूले लघुकौमुदी पढाउनुहुन्थ्यो । २९, ३० सालतिर त्यस विद्यालयमा १५० जना जति विद्यार्थी हुन्थे । अर्का अध्यापक श्री ५ को सरकार शिक्षा मन्त्रालयअन्तर्गत रहेको गाउँको बज्रयोगिनी विद्यायलमा काज फिर्ता गरी जानुभयो । त्यसपछि २०३० तिर बाबाले गुठीसंस्थान केन्द्रीय कार्यालयमा अर्को वैदिक पण्डितको दरबन्दी कायम गरी पाऊँ भनी माग गर्नुभयो । उहाँको माग अनुरूप वेदवेदाङ्ग विद्यालयमा गुठीसंस्थान केन्द्रीय कार्यालयले दुई पण्डितको दरबन्दी कायम गरी अर्का वैदिक पण्डित चन्द्रमणि रेग्मीज्यूलाई नियुक्त गऱ्यो ।

बाबाले हेर आज सबैले धर्म छोडिरहेछन् । आज गउँत मन्त्रने मानिसको अभाव हुन लागिरहेछ । त्यसैले मैले विद्यालयको स्थापना गरेको हुँ । गलेश्वरमा मुक्तिनाथ आउने-जाने साधुहरूलाई खाने अन्नको व्यवस्था मिलाइदिएको छु । त्यहाँ केही मात्रामा भए पनि अन्नको व्यवस्था भएको छ । यो देवघाटमा पनि मिलाउनु परेको छ । परोपकार गरौं भनेको साधना टुटेको छ । "कर्म भनेको जाने योग नजाने रोग" भन्ने गर्नुहुन्थ्यो उहाँ । उहाँ सधैं "मुखमा राम हातमा काम" हुनुपर्छ भन्नुहुन्थ्यो । उहाँ मानिसको स्वर सुनेर नै यो मानिस यस्तो छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नुहुन्यो । उहाँ सिद्ध पुरुष हुनुहुन्थ्यो । उहाँको महेन्द्र सरकारसँग अत्यन्त निकटको सम्बन्ध थियो । उहाँ भन्नुहुन्थ्यो– मैले राजालाई १० वटा प्रश्न गरेको थिएँ । सबैजसो प्रश्नको राम्रो उत्तर पाएको थिए । यौटा अङ्ग्रेजी भाषालाई किन यसरी प्रोत्साहन दिएको भन्दा केवल देश विकासको लागि आवश्यक जनशक्ति तयार पारेर अङ्ग्रेजी भाषालाई हटाइदिन्छु भन्ने राजाको उत्तर पाएँ ।"

बाबा आश्रममा बसे पनि कुनै न कुनै काम गरिरहेकै हुनुहुनथ्यो । बाबालाई कलकत्ताका एक ब्रह्मचारीले सहयोग गर्नुहुन्थ्यो । ती ब्रह्मचारी वर्षको एक पटक बाबाको दर्शन गर्न आउनुहुन्थ्यो । त्यस समयमा ब्रह्मचारीले बाबालाई दक्षिणाका रूपमा रूपैयाँ चढाएर जानुहुन्थ्यो । कलकत्ताका ब्रह्मचारीले बाबालाई पटक पटक चढाएको दक्षिणा रू ७५०००।- (पचहत्तर हजार) भएको थियो । बाबाको जीवनावस्थामा नै त्यो रूपैयाँ बैङ्कमा राख्न सकिएको थिएन । २०३२ साल जेठमा बाबा समाधिस्थ हुनुभयो । उहाँको शेषपछि बाबाका शिष्य लक्ष्मीनन्द ब्रह्मचारी बाबाको आसनमा बस्नुभयो । त्यो रूपैयाँ वेणीमा बस्ने अघोरी बाबा, चितवन नारायणघाट निवासी व्यापारी साहु श्री दानबहादुर, श्री लक्ष्मीनन्द ब्रह्मचारी र मेरो नाउँमासमेत संयुक्त खाता खोली चितवन नेपाल बैङ्क लिमिटेड नारायणगढमा राखिएको थियो । पछि त्यही रूपैयाँबाट सबैको सहमतिमा ब्रह्मपुरीमा २ बिगाहा खेत जग्गा देवघाट ज्योतिर्लिङ्गेश्वर महादेवका नाउँमा किनियो । मैले बाबाको इच्छा पूर्ति गर्ने अभिप्रायले जग्गा किन्ने काममा आफ्नो भूमिका निर्वाह गरें । जुन आज गलेश्वर आश्रमले सञ्चालन गरिरहेको छ ।

जब म विद्यालयमा पढाउने भएर बसें त्यति बेला म आश्रम र विद्यालयको काम गर्थें । कहिले जिल्लाका विविध कार्यालयमा, राजदरबारमा र गुठीसंस्थान केन्द्रीय कार्यालयमा पत्राचार गर्न बाबा मलाई लगाउनुहुन्थ्यो । आवश्यक परामर्श मसँग पनि लिनुहुन्थ्यो । बाबाले राजदरबारमा राजालाई पत्र लेख्दा "आशीर्वाद छ, तिमीले यसो गरिदिनू" भन्ने शैलीका बेहोरा लेख्न लगाउनुहुन्थ्यो । "निवेदन गर्दछु", "निवेदक" यी शब्द बेहोरामा पर्न दिनुहुन्नथ्यो ।

गलेश्वर आश्रमको संरक्षण गर्नमा परमादरणीय गोगी नरहरिनाथज्यूको ठूलो योगदान रहेको छ । किनभने मैले उहाँलाई त्यो समयमा काठमाडौँबाट ल्याई गलेश्वर बाबाका शिष्य लक्ष्मीनन्दज्यूलाई बाबा गलेश्वरको आसनमा देवघाटका कल्पवासी भक्त सज्जनहरूको सहयोग समेत लिई आरुढ गराएको थिएँ । पछि लक्ष्मीनन्द ब्रह्मचारीज्यू दण्डीस्वामी आशुतोषानन्द गिरिको नामले रहनुभयो । त्यसपछि आदरणीय आशुतोषानन्द गिरिज्यूले आश्रम सम्वर्द्धनका निमित्त स्वामी परमानन्दज्यूलाई पीठाधीश बनाउनुभयो । त्यसपछि आदरणीय स्वामी आत्मानन्द गिरिज्यूलाई आदरणीय परमानन्दज्यूले गलेश्वर आश्रमको पीठाधीश बनाउनुभयो । आश्रम विकासको क्रममा आदरणीय आत्मानन्द गिरिज्यूले बाबा गलेश्वरको आकाङ्क्षालाई मूर्त रूप दिँदै प्रातः र सायं समयमा आगन्तुक जतिजनालाई पनि सदावर्त भोजन गराउने चलन चलाउनुभएको छ । उहाँले वेदविद्यालयको नयाँ भवन निर्माण गरी वेद वेदाङ्गको पढाइ सञ्चालन गराउनुभएको छ । स्वास्थ्योपचारको लागि औषधालय एवं चिकित्सालय बनाउने योजना बनाइरहनुभएको छ । तपस्या गर्न बस्ने साधुसज्जनका लागि नयाँ-नयाँ भवन समेत निर्माण गराइरहनुभएको छ । जुन काम सबै मानिसका लागि सम्झनाको रूपमा रहिरहने छ ।

यसरी अहिले देवघाटमा गलेश्वर आश्रम देख्दा बाबा गलेश्वरको मूर्तिकै दर्शन गरेको अनुभूति हुन्छ । बाबा गलेश्वरको वास्तविक नाम ईश्वरानन्द ब्रह्मचारी हो । बाबाको प्रथम दर्शनले नै मलाई यो लेख लेख्न सत्प्रेरणा मिलेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामी परमानन्द महाराजको सङ्क्षिप्त जीवनी

✍ देवेन्द्रप्रसाद उपाध्याय

ब्रह्मलीन परमपूज्य स्वामी श्री १००८ परमानन्द सरस्वतीजी महाराजको सत्य सङ्कल्पद्वारा मिति २०५५ मार्ग १७ गतेबाट २५ गतेसमम पुण्यतम देवघाट धाममा सञ्चालित श्रीमद्भागवत पारायण प्रवचन तथा विराट् धान्याचल ज्ञानमहायज्ञको अविस्मरणीय झलक प्रत्येक प्रत्यक्षदर्शी एवं सहभागी भक्त सज्जन तथा भक्तिमती आमाहरूले अनुभव गरेकै कुरा हो । यस महायज्ञको झलकलाई प्रस्तुत गर्नुभन्दा पहिले सङ्कल्पकर्ता ब्रह्मलीन स्वामी परमानन्द सरस्वतीजीको पावन दिनचर्याका बारेमा केही उल्लेख गर्नु आवश्यक देखिएकोले सान्दर्भिक रूपमा केही कुरा म प्रस्तुत गर्दछु ।

विक्रम संवत् १९९४ आश्विन १८ गते वाग्लुङ् जिल्लाको बिहुँकोट गा. वि. स. वार्ड नं. ३ पौवाडाँडा रामपुर निवासी स्वनामधन्य पिता श्री टीकाराम कँडेल र माता अदिती कँडेलज्यूका कोखबाट प्रादुर्भूत बालकको दिनचर्या शैशवकालदेखि नै परमात्मा परमेश्वरको पुजा-अर्चनात्मक क्रीडाबाट सुरु हुन पुग्छ । भक्त बालक उपदेष्टा गुरुको खोजमा लाग्नुहुन्छ । संसारी मायामोहले उहाँलाई प्रभावित पार्दैन । तपोनिष्ठ ब्रह्मज्ञानी योगवाशिष्ठका अध्येता गर्ग गोत्रीय साधु पर्वत माताका सुपुत्र छविप्रकाशानन्द लामिछानेज्यूको सान्निध्य प्राप्त गरी गुरुसेवा र सत्सङ्गको फलस्वरूप १८ वर्षको कलिलो उमेरमा साक्षात् वैराग्यमूर्ति बन्न उहाँ पुग्नुहुन्छ । वैराग्यजन्य ज्ञानोदयले उहाँलाई गृहस्थाश्रमतिरको मार्ग अवरुद्ध गरी "यदा विरज्येत तदैव गच्छेत्" भन्ने उक्तिअनुसार गुरुका शरणमा अविचलरूपले उहाँलाई समर्पित बनायो । ब्रह्मलीन स्वामी परमानन्दजीको जीवनमा यत्रो पपरिवर्तन ल्याउन एउटा स्वप्न दैवी प्रेरणा बन्न पुगेको छ । उहाँ पहिले गाईको सेवा गरी गोठमा बस्नुहुन्थ्यो । एक रात उहाँले सपनामा साक्षात् शङ्कर भगवान्को दर्शन प्राप्त गर्नुभएपछि उहाँको मनमा ईश्वरप्रतिको आकर्षण र संसारप्रतिको विकर्षण पैदा भएको थियो । जसले गर्दा उहाँ सानै उमेरबाट सत्सङ्गको खोजीमा लाग्नुभयो । यस क्रममा उहाँले म्याग्दी जिल्लाको मुसुङ्गको लेकको आश्रममा ब्रह्मनिष्ठ छविप्रकाशानन्द लामिछानेको दर्शन सर्वप्रथम पाउनुभयो । आफ्नो गुरुको आशीर्वाद नै आफ्नो आध्यात्मिक जीवनको दिशाबोध हो भन्ने कुरा स्वामी प्रवचनको क्रममा भन्नुहुन्थ्यो ।

स्वामी परमानन्द महाराजलाई मर्यादा पुरुष भगवान् रामचन्द्र र जगद्वन्द्या माता सीताजीका पावन चरित्रले ओतप्रोत भएको रामायणले अत्यन्त प्रभावित पारेको थियो । उहाँ श्रीमद्भगवद्गीताको स्वाध्यायलाई सधैं श्रद्धापूर्वक अघि बढाउनुहुन्थ्यो । उहाँ केवल तपस्यामा मात्र लाग्नुभएन, अपितु वैदिक सनातन धर्मको, धार्मिक संस्कृतिको रक्षार्थ एवं धर्मलाई संस्थागत रूप दिने पावन विचारले धर्मसंस्कृतिलाई सुदृढ गराउन सर्वप्रथम संस्कृत वाङ्मयको प्रचारप्रसार आवश्यक ठानी मठ-मन्दिर, आश्रम र संस्कृत विद्यालय निर्माण गराउनेतर्फ उहाँ लाग्नुभयो । योगी महात्माहरूका निमित्त कोही आफ्नो र कोही विरानो पनि हुँदैनन् र साँच्चै भन्ने हो भने जगत्को मङ्गलैमङ्गल चाहने स्वामीहरूको असीम कृपाबाट नै जगत्को कल्याण भएको छ । यस परिप्रेक्ष्यमा हेर्दा स्वामीज्यूको कर्मक्षेत्रले समग्र नेपालको भू-भागलाई ओगटेको थियो । उहाँ शाङ्कर वेदान्तका प्रखर वक्ता, स्वयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुपालक र वैदिक सनातन धर्मका पालक अनि परिपोषक हुनुहुन्थ्यो । धार्मिक समन्वयमा विश्वास राख्ने स्वामीजी के वैष्णव, के शैव, के बौद्ध सम्पूर्ण सम्प्रदायीहरूका निमित्त नदीहरूका लागि महासागर जस्तै हुनुहुन्थ्यो । उहाँले दर्जनौं मठ, मन्दिरहरू, देवालय, शिवालय तथा धर्मसंस्कृतिको रक्षार्थ २५ वटा जति संस्कृत विद्यालयहरू स्थापना र सञ्चालन गराउनुभएको थियो ।

विशेष गरेर गण्डकी प्रदेशमा धार्मिक जागरणको प्रदीप्त ज्वाला जगाउने काम स्वामीजीबाट नै भएको हो । कहिले बालब्रह्मचारीको रूपमा कहिले गलेश्वर धाम देवघाटको पीठाधीशको रूपमा, कहिले वैदिक धर्म परिषद्को संरक्षकको रूपमा, कहिले नेपाल सन्त समाजको अध्यक्षको रूपमा, कहिले हरिहर संन्यास आश्रम देवघाटको संस्थापकका रूपमा उहाँले सदैव वैदिक सनातन धर्मको उत्थान गर्दैजानुभयो । उहाँको कमनीय कीर्तिको सम्मान गर्दै श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट पनि गोर्खा दक्षिणबाहु आदि पदकबाट सम्मानित गरिबक्सेको थियो । आफ्नो साठी वर्षीय जीवनलीलाको पूर्वार्द्धको २७ वर्ष उहाँले तपसाधनाको वर्षको रूपमा बिताउनुभयो । त्यसपछिका ३३ वर्ष अनगिन्ती धार्मिक स्थल मठमन्दिर निर्माण, संस्कृत विद्यालयको स्थापना, अनेक धार्मिक समारोह र अनुष्ठानको सञ्चालन गर्दैजाँदा आफूले स्थापना गरेका मठ-मन्दिर, देवालय, शिवालयहरू एवं संस्कृत विद्यालयहरूको सुदृढीकरणको चाहनाले देवघाट धाममा नै एउटा विराट् धान्याचल महायज्ञको शुभारम्भ गर्ने त्यस महायज्ञमा शुकदेवस्वरूप स्वामी १००८ पुण्यानन्द गिरिजी महाराजका मुखारविन्दबाटै परमहंस संहिता श्रीमद्भागवत महापुराणको श्रवण गर्ने सत्य सङ्कल्प गर्नुभएको थियो । विधिको बिडम्बना भनौं या त ब्रह्मलीन स्वामीको इच्छा भनौं त्यो सङ्कल्पलाई पूर्णता दिन आफ्ना सुयोग्य उत्तराधिकारी श्री १००८ स्वामी श्री ज्ञानानन्द सरस्वतीजी महाराजलाई जिम्मा दिंदै २०५३ माघ १८ गते बिहान ९.४५ बजे भगवान् पशुपतिनाथका समीप पशुपतिमा भौतिक शरीरलाई विसर्जन गरी उहाँ सर्वव्यापी परिपूर्ण ब्रह्ममा लीन हुन पुग्नुभयो । समस्त वैदिक सनातन धर्मावलम्बी जगत्लाई भौतिक रूपबाट टुहुरिन परे पनि आध्यात्मिक दृष्टिकोणबाट स्वामीजी सम्पूर्ण भक्त श्रद्धालुका हृदयमा प्रतिबिम्बित भएर रहनुभएकाले सम्पूर्ण भक्तहरूमा यो वियोगव्यथालाई सहन सक्ने क्षमताको उदय भएको थियो ।

– साभार: हरिहर संन्यास आश्रम स्मारिका, २०५६

शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी
पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

श्री टेकबहादुर गुरुङ्
हिमाल जनशक्ति म्यानपावर
वसुन्धरा, काठमाडौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा संस्कृत

✍ डा. जयराज आचार्य

१. पृष्ठभूमि

संस्कृत भाषा र त्यसमा लिखित वाङ्मय नेपाली संस्कृतिको आधार हो । नेपाली संस्कृति भनेको समन्वयात्मक संस्कृति हो, शान्तिपूर्ण सहअस्तित्वको संस्कृति हो, पारस्परिक आदान-प्रदानको संस्कृति हो । यस संस्कृतिको मूल स्रोत संस्कृत भाषा र त्यसमा लेखिएको दर्शन या विश्वदर्शन हो । जसलाई हिन्दु-बौद्ध दर्शन भन्न सकिन्छ । हाम्रो यही राष्ट्रिय संस्कृति र जीवन-दर्शनअनुरूप आज पनि हाम्रो गृहनीति र परराष्ट्रनीति निर्माण भएको छ । हामी बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्रका जनता हुनाले र त्यसै संरचनाभित्र शान्तिपूर्ण रूपले बसेका हुनाले हामी हाम्रो अन्तर्राष्ट्रिय नीति र यस सम्बन्धमा पनि यही बहुलता र शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्छौं ।

नेपालको जनसंख्यामा आर्य र मंगोल भनिने जातिहरूको बाहुल्य छ । साथै केही संख्यामा द्रविड र आग्नेयी भाषापरिवारका भाषाहरू बोल्ने मानिस पनि बस्छन् । धर्मका हिसाबले हिन्दु र बौद्ध परम्परामा विश्वास गर्नेहरू धेरै छन् । केही मुसलमान र क्रिश्चियनहरू पनि छन् । तर ती सबैमा पारस्परिक समझदारी र सहअस्तित्वको भावना छ । संक्षेपमा यही नै नेपालको टङ्कारो विशेषता हो ।

यो शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्ने नेपाली संस्कृति गत दुईहजार वर्षको नेपाली अनुभवको उपज हो । त्यो संस्कृति कसरी विकसित भयो भन्ने कुरा बुझ्न नेपालको इतिहासको पृष्ठभूमिको अलिकति सिंहावलोकन गर्नु आवश्यक हुन्छ । माथि भनिसकिएको छ कि आर्य वा हिन्दु परम्परा बहुलता विश्वास गर्ने परम्परा हो । हिन्दुहरूका वेद र वेदान्त दर्शन एकप्रकारले नास्तिक नभए पनि अज्ञेयवादी दर्शनका रूपमा देखिन्छन् । संस्कृतमा एउटा प्रसिद्ध भनाइ छ–

श्रुतिर्विभिन्ना स्मृतयश्च भिन्ना नैको मुनिर्यस्य वचः प्रमाणम् ।
धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः ॥

हिन्दु आफ्नै धर्म र परम्परामा पनि बहुलता रहेको मान्छन् र अज्ञेयवादी भईकन त्यसमा विश्वास गर्छन् । त्यसैले हिन्दुपरम्परामा ६ वटा दर्शनहरूलाई स्वीकार गरिएको छ जसमध्ये चार्वाकदर्शन पनि एक हो । जो पूर्णतया नास्तिक दर्शन मानिन्छ । यस कारण विभिन्न समयमा नेपालमा जो-जो आर्य जातिहरू आए र विभिन्न स्थानमा बसोबास गरे तिनले त्यही दर्शन अनुसारको जीवन यापन गरे । मेरो गोरुको बाहै टक्का भन्ने दुराग्रह तिनीहरूमा थिएन । एकोऽहं बहुस्याम भन्ने उनीहरूको दर्शन अनुसार उनीहरू आफूले मानिआएको धर्मलाई र अरूहरूले मानिआएको धर्मलाई एउटै गन्तव्यमा पुग्ने विविध बाटाका रूपमा हेर्थे ।

नेपालमा लिखित इतिहासको थालनी र संस्कृतको प्रवेश पनि लिच्छविहरू सँगसँगै भएको हुनाले यस प्रसङ्गमा लिच्छविहरूको चर्चा गरिनु उपयुक्त छ । काठमाडौं उपत्यकामा लिखित इतिहास पाइने सबैभन्दा पुराना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शासकहरू लिच्छविहरू थिए । यद्यपि उनीहरूभन्दा अघि किरात र गोपालवंशीहरू यस उपत्यकामा बसेका थिए, जसको लिखित इतिहास पाइन्न । उनीहरूको जीवन प्राय: शिकार, कृषि तथा पशुपालनमा आधारित थियो भन्ने अनुमान हुन्छ ।

लिच्छविहरूका करिब २०० शिलालेखहरू उपलब्ध छन् । ती सबै संस्कृतमा छन् । जसमा देखिने व्याकरणको शुद्धता र उच्च साहित्यिक शैली गुप्तकालको भारतका शिलालेखसमान छन् । तिनको भाषा र परिष्कृत साहित्यिक शैली बाहेक तिनमा पाइने एउटा महत्त्वपूर्ण पक्ष लिच्छवि शासनकालको उदार राजनीतिक, सामाजिक र धार्मिक दृष्टिकोण हो । त्यही उदारता जसले बहुलतालाई स्वीकार गरेको छ, हाम्रो वर्तमान राष्टिय संस्कृतिको बीज हो । अर्को शब्दमा भन्ने हो भने, लिच्छविकाल नै वर्तमान नेपालको उदार सामाजिक प्रवृत्तिको जग थियो । लिच्छविकालका २०० अभिलेखहरूमध्ये सबै राजाहरूले राखेका अभिलेखहरू मात्रै छैनन् । जनताहरूले राखेका अभिलेखहरू पनि प्रशस्त छन् । त्यसबाट त्यसताका कस्तो शासन व्यवस्था रहेछ भन्ने पनि अनुमान गर्न सकिन्छ ।

लिच्छविकालको पहिलो पूर्ण र महत्त्वपूर्ण शिलालेख मानदेवको चाँगुनारायणको शिलालेख हो । उनले पशुपति तिलगङ्गा र लाजिम्पाटमा विष्णुको वामन मूर्ति पनि स्थापना गरेका थिए । त्यसबाट मानदेव वैष्णव थिए भनी अनुमान गर्नु स्वाभाविक हुन्छ । तर उनकी रानी भोगिनीले लाजिम्पाटमा नै शिवलिङ्ग पनि स्थापना गरेकी थिइन् । एकजना रत्नेश्वर नामक सार्थवाहले पनि शिवलिङ्गहरू स्थापना गरेका थिए । त्यसकारण राजाको इच्छा कुनै एक मात्र देव वा देवीको भक्तिमा रहनु भन्ने थिएन । हिन्दु धर्मभित्रका विभिन्न सम्प्रदायहरूप्रति मात्र उदार होइन बौद्धधर्मप्रति पनि उनी उत्तिकै सद्भावनाकासाथ व्यवहार गर्दथे भन्ने कुरा उनले श्रीमानविहार नामक बौद्धविहार बनाएकोबाट बुझिन्छ । राजा शिवदेव त राज्यत्याग गरी बौद्धभिक्षु नै बने भनिन्छ । श्रीशिवदेव विहार पनि उनैले बनाउन लगाएका थिए ।

लिच्छविकालमा निकै यशस्वी स्थान हासिल गरेका शासक अंशुवर्माले सन् ६०८ मा आफूले कैलासकूट भवनबाट जारी गरेको हाँडीगाउँको अभिलेखमा शैव, वैष्णव, बौद्ध सबै धार्मिकस्थल र विहारहरूलाई बरावर भूमिदान गरेको कुरा उल्लेख छ । उनी शैव थिए किनकि उनले आफूलाई प्राय: "भगवत्पशुपतिभट्टारकपादानुगृहीत" भनेर लेखेका छन् । तर राज्य भनेको धर्मनिरपेक्ष संस्था हो र राज्यले सबै धर्म र सम्प्रदायहरूलाई समान दृष्टिले हेर्नुपर्छ भन्ने उनले राम्ररी बुझेको र त्यसै अनुसार व्यवहार पनि गरेको कुरा विवेकशील इतिहासकारहरूले व्याख्या गरेका छन्, (हेर्नु: बज्राचार्य ३०३०:३२२) । यो दृष्टिकोण आजसम्म पनि नेपालमा विद्यमान छ । यद्यपि नेपालका राजा हिन्दु नै हुने परम्परा छ तर राजाको बौद्ध धर्मप्रति पनि समान दृष्टिकोण रहेको मात्र होइन राजाबाट बौद्ध धर्म र परम्पराका सम्यक् पूजा महादान जस्ता कतिपय कर्मकाण्डहरूमा अनिवार्यरूपमा भाग लिनै पर्ने परम्परा पनि रहेकै छ । यो कुरा उल्लेख गर्नु किन आवश्यक छ भने युरोपमा क्याथोलिक चर्चले चलाएको धर्माधिकरण (इन्क्विजिसन)जस्तो कुनै घटना या अरू राजनीतिक शासकहरूबाट धर्मका नाममा भएको कठोर व्यवहार नेपालमा आजसम्म भएको छैन । राज्य भनेको धर्मनिरपेक्ष नै हुन्छ भन्ने कुरा यहाँ दुईहजार वर्षदेखि व्यवहारमा चलेर आएको छ । अहिले पनि यो हिन्दू राज्य भनिने भए पनि यसको व्यवहार धर्मनिरपेक्ष जस्तै रहेको छ ।

काठमाडौं उपत्यकाका मल्ल राजाहरूको शासनकाल (सन् ८७९-१७६८)मा पनि नेपाली समाज संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साहित्य र त्यसमा लेखिएका राजनीति शास्त्र, धर्म, दर्शन, न्योतिष, पुराण आदिवाटै अनुप्राणित भएको थियो । तत्कालीन नेपाल उपत्यकामा स्थिति बाँध्ने जयस्थिति मल्लले जुन सामाजिक स्थिति बाँधे त्यसको आधार संस्कृत वाङ्मय नै थियो । मल्लकालको धर्म, संस्कृति, मूर्तिकला, वास्तुकला, साहित्य, नाचगान, सङ्गीत सबै नै परम्परागत संस्कृत संस्कृति (Sanskrit culture)बाट प्रभावित रहेको प्रत्यक्ष प्रमाण आजको काठमाडौँ उपत्यकाका मठ, मन्दिर, विहार र यहाँ प्रचलित चाड, पर्व, बाजाहरूले पनि दिन्छन् । त्यो हाम्रा लागि इतिहासको विषय होइन, जीवन्त वर्तमान पनि हो ।

काठमाडौँ उपत्यकाका बाहिरका बाइसी चौबिसी र मकवानपुर आदि पूर्वका राजाहरूका राज्यहरूमा पनि संस्कृत वाङ्मयमा प्राप्त राजनीतिशास्त्र, धर्मशास्त्र, न्यायशास्त्रकै आधारमा राज्यव्यवस्था चलेको पाइन्छ । गण्डकी र कर्णाली प्रदेशका राजा रजौटाहरूका राज्यहरू नेपालमा मिल्दा उनीहरूका दरबारमा प्राप्त रामायण, महाभारत, गीता, पुराण, धर्मशास्त्र आदि ग्रन्थहरूका हस्तलिखित ठेलीहरू नेपाल ल्याइए र केही अद्यावधि राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन् । त्यसबाट पनि उनीहरूको शासनपद्धति, धर्म, संस्कृति, विचार, आदर्श के कस्तो रहेछ भन्ने स्पष्ट बुझिन्छ । हिमालय क्षेत्रमा अवस्थित गुम्बाहरूमा रहेका बौद्ध ग्रन्थहरूको मूल स्रोत पनि संस्कृत नै हो । यसरी नेपालका हिन्दु र बौद्ध धर्म या संप्रदायहरूको मूल आधारका रूपमा संस्कृत वाङ्मय रहेंको छ ।

संस्कृत संस्कृतिको परम्परा जीवन्त रहेको यही तथ्यलाई शाह राजाहरूको शासनकाल सन् (१९६८ उप्रान्त)ले पनि प्रमाणित गर्दछ । यस अवधिमा पनि संस्कृतनिष्ठ ग्रन्थहरू र परम्परा नै शासनको प्रमुख आधार बने । हाम्रो भाषा, साहित्य, संस्कृति संस्कृतबाटै अनुप्राणित भइरह्यो ।

२. नेपालमा संस्कृत अध्ययनको आवश्यकता

हामी नेपालीहरूले केही विषयहरूको ज्ञानका लागि संस्कृत भाषाको ज्ञान राख्नुपर्ने आवश्यकता देखिन्छ । ती हुन्– इतिहास, संस्कृति, धर्मकर्म र दर्शनशास्त्र, आयुर्वेद, योग, गणित, भाषा, साहित्य । संस्कृत भाषा एउटा सभ्य जातिको इतिहास र संस्कृति बोकेको भाषा हुनाले यसमा ज्ञान विज्ञानका विविध क्षेत्रहरू खुलेका पाइनु स्वभाविक छ । यसमा शायद ग्रीक र ल्याटिन भाषामा भन्दा पनि वढी ग्रन्थहरू लेखिएका छन् भन्ने कुरा विश्वको कुनै पनि ठूला पुस्तकालयहरूको सूची हेरे थाहा हुन्छ ।

इतिहास

नेपालको प्राचीन इतिहासका सामग्रीहरू प्रायः संस्कृतमा लेखिएका हुनाले हाम्रो इतिहास बुझ्न संस्कृतको अध्ययन आवश्यक छ भन्ने कुरा स्पष्ट छ । लिच्छविकालका अभिलेखहरू, गोपाल राजवंशावली आदि यसैका प्रमाण हुन् । नेपालको इतिहास, भाषा र संस्कृतिबारे लेख्ने ब्रायन् हुटन्, हजसन् ड्यानियल् राइट्, सिल्भाँ लेवी र अर्वाचीनकालका रेनिएरो नोली, ज्यूसेप् टुची, लेच्यानो पेटेक्, वर्डनाड् कोल्भर् आदि युरोपीय विद्वान्हरूसमेत संस्कृतका ज्ञाता थिए । यसबारे लेख्ने हरप्रसाद शास्त्री, भगवान्लाल इन्द्राजी आदि भारतीय तथा बाबुराम आचार्य, नयराज पन्त, धनवज्र बज्राचार्य आदि नेपाली विद्वान्हरूको त कुरै भएन ।

संस्कृति

नेपाली संस्कृतिको मूल संस्कृतपरम्परामा छ । नेपाली चाडवाडहरूको जन्मबारे संस्कृतमा लेखिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छ । परम्परागत नेपाली चित्रकला, मूर्तिकला, वास्तुकला र खासगरी मन्दिरहरूको वास्तुकला नेपालमा प्रचलित शास्त्रीय संङ्गीत, नेपाली, मैथिली र नेवारी साहित्यहरू एवं नेपालको परंपरागत शिक्षा संस्कृतबाट प्रभावित छन् । तिनको विशद ज्ञान संस्कृत भाषाको ज्ञानविना संभव छैन । अरू त के कुरा, कतिपय अभारोपेली भाषी जातजातिका पारिवारिक नाम र व्यक्तिगत नामहरू पनि संस्कृत भाषाबाट बनेका देखिन्छन् । जस्तो कि नेवार जातिका पारिवारिक नामहरू (अमात्य, बज्राचार्य, चित्रकार, जोशीं, कर्माचार्य, मल्ल, मानन्धर, प्रधान, प्रधानाङ्ग, राजवाहक, शाक्य, श्रेष्ठ, तुलाधर, आदि) र व्यक्तिगत नामहरूमा धेरै संस्कृत शब्दको प्रयोग भएबाट नेवारी संस्कृतिमा परेको संस्कृतको प्रभाव देख्न सकिन्छ ।

धर्मकर्म दर्शनशास्त्र

नेपालका धेरै जात-जातिहरूले गर्ने धर्मकर्म र कर्मकाण्डहरूमा पनि संस्कृतको प्रयोग भएको देखिन्छ । कतिपय कर्मकाण्डमा संस्कृत भाषाको प्रयोगसमेत भएको देखिन्छ भने कतिपयमा संस्कृत कर्मकाण्डको प्रभाव मात्र देखिन्छ ।

आयुर्वेद

आयुर्वेद एक यस्तो व्यवहारिक विषय छ जुन संस्कृत भाषामा लेखिएको छ । अझै पनि आयुर्वेदका सबै संस्कृत ग्रन्थहरू अरू भाषामा अनुवाद भैसकेका छैनन् र संस्कृत जान्नाले ती ग्रन्थहरू पढ्नमा ठूलो मद्दत पुग्ने छ ।

योग

योग शारीरिक एवं मानसिक स्वास्थका लागि निकै राम्रो विज्ञानका रूपमा विश्वभरी लोकप्रिय भएको छ । यसका मूलग्रन्थहरूका साथै अनेक भाष्य र टीकाहरू पनि संस्कृतमा नै छन् । त्यसको ज्ञानका लागि संस्कृत आवश्यक छ ।

गणित

प्राचीन हिन्दूहरूले गणितका क्षेत्रमा जेजति प्रगति गरे त्यो संस्कृत भाषामा लेखिएको छ । अचेल आएर वैदिक गणितका नाममा गणितका प्रश्नहरू समाधान गर्ने अनेक नयाँ रीतिहरू विकसित भएका छन् । तिनको आधार संस्कृत भाषा बनेको छ ।

नेपाली भाषा र साहित्यमा संस्कृत भाषाको प्रभाव

दक्षिण र दक्षिणपूर्वी एसियाका अनेक भाषाहरूमा जस्तै नेपाली भाषामा पनि संस्कृत भाषा र साहित्यको प्रभाव निकै व्यापक छ । त्यसैले यसको थोरबहुत ज्ञान हुन आवश्य छ । जुनसुकै साहित्य पनि परंपरा र नयाँ प्रयोगको उपज हुन जान्छ । आधुनिक युरोपेली साहित्यमा ल्याटिन, ग्रीक साहित्यको प्रभाव थोरबहुत मात्रामा अझै परिरहेजस्तै आधुनिक, हिन्दी, बङ्गाली, मराठी आदि दक्षिण एशियाली साहित्यमा संस्कृतको प्रभाव पर्नु स्वाभाविक छ । नेपालका मूर्धन्य साहित्यकारहरू भानुभक्त आचार्य, मोतिराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे आदि सबै जस्सोमा संस्कृत भाषा र साहित्यको प्रभाव टड्कारो छ । वास्तवमा प्रभाव र विस्तारको दृष्टिले ल्याटिन र ग्रीकभन्दा संस्कृत ज्यादा जीवन्त रहेको अनुभव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. संस्कृत कस्ले पढ्ने ?

यस सन्दर्भमा हेर्दा संस्कृतको अध्ययन केही मात्रामा सभ्य संसारका सबै जसो भागमा भैरहेको पाइन्छ । अष्ट्रेलीया, जापान, चीन, कोरीया, इण्डोनेशिया, थाइलैण्ड, वर्मा, श्रीलंका, भारत, रूस, जर्मनी, फ्रान्स, इटाली, हलैण्ड, नर्वे, स्वीडेन, बेलायत, अमेरीका, क्यानडा आदि देशहरूका विश्वविद्यालयहरूमा यसको अध्ययन अध्यापन आजसम्म पनि भइरहेको छ । भारत र नेपालजस्ता देशहरूमा त यसको अध्ययन झन् बढी भइरहेको छ । माथि लेखिएका विविध कारणले गर्दा नेपालमा सरकारले संस्कृतको अध्ययन-अध्यापन कार्यलाई विशेष संरक्षण र प्रोत्साहन दिइएको छ । संस्कृतको अध्ययन-अध्यापन कार्यलाई सरकारले दिएको त्यस्तो संरक्षण र प्रोत्साहन अपर्याप्त भन्न मिल्दैन । संस्कृत विश्वविद्यालय स्थापित छ । संस्कृत पढ्नेहरूलाई कुनै न कुनै किसिमको छात्रवृत्तिको व्यवस्था छ । सरकारबाहेक सामाजिक संस्थाहरूले पनि संस्कृतलाई संरक्षण गरेका छन् ।

तर संस्कृतलाई प्राप्त प्रोत्साहन र संरक्षणको पर्याप्त सदुपयोग हुन सकेको अनुभव हुँदैन । खास गरी संस्कृत वाङ्मयका क्षेत्रमा जे-जति अनुसन्धानको काम हुनुपर्ने हो त्यो त्यति भएको पाइन्न । संस्कृत पढ्नेहरूमा हीनताभास. पाइन्छ । संस्कृतका वारेमा प्रायः सबैमा हीनताभास रहेको पाइन्छ । यसो हुनाको मुख्य कारण संस्कृत वाङ्मयको अध्ययनबारे नीतिनिर्माताहरू तथा संस्कृतका विद्वान् र विद्यार्थीहरूमा यथार्थवादी र व्यवहारिक दृष्टिकोणको अभाव हुनु हो ।

संस्कृतको अध्ययन-अध्यापनबारेमा नेपालमा दुई चरमपन्थी दृष्टिकोणहरू पाइन्छन् । एकथरी. अन्ध संस्कृतप्रेमीहरू संस्कृत सबैलाई अनिवार्य रूपमा पढाइनुपर्छ भन्छन् । अर्काथरी अन्धसंस्कृत विरोधीहरू संस्कृतको यति विरोध गर्दैछन् कि उनीहरू संस्कृत विद्यालयहरूमा आगो लगाउने, बम पड्काउने, संस्कृतको जाँचमा प्रश्नपत्रहरू जलाउने आदि हिंसात्मक काममा समेत उत्रिएका छन् ।

तर यथार्थ यी दुवै चरम दृष्टिकोणको बीचतिर छ । संस्कृत पढ्न चाहने सबैले पढ्न पाउनुपर्छ र पढ्नु पनि पर्छ । तर सबैलाई अनिवार्य गर्नु हुँदैन ।

४ संस्कृतको लोकप्रियता बढाउने उपाय आवश्यक

सरल संस्कृत पढ्ने उपायहरू खोज्नु राम्रो हुनेछ । परम्परागत संस्कृत अध्ययनको शैली गाह्रो छ । पाणिनीय व्याकरण झन् गाह्रो होला । तर पढ्न चाहेमा कुनै पनि कुरा गाह्रो हुन्न । सरल संस्कृत अध्यापन गर्ने उपाय खोज्नु संस्कृत प्रेमीहरूको कर्तव्य हो ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

लालचन्द्र गैरे
मेयर

महेश काफ्ले
उपमेयर

वालिङ् नगरपालिका परिवार
स्याङ्जा, गण्डकी अञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मानव जीवनको लक्ष्यप्राप्तिका लागि प्रस्थानत्रयीको महत्त्व

✍ डा. स्वामी रामानन्द गिरि
राजपरिषद् सदस्य

चौरासी लाख योनिहरूमध्ये मानव योनि सर्वश्रेष्ठ योनि मानिन्छ । किनकि यही योनिमा आएर मात्र जीवले आफ्नो उद्धार गर्न सक्दछ । ज्ञानद्वारा मोक्ष प्राप्त गर्नु नै उसले आफ्नो उद्धार गर्नु हो । भगवान्ले गीतामा अर्जुनलाई ज्ञानभन्दा पवित्र वस्तु यस संसारका अरू कुनै पनि छैन भनी बताउनुभएको छ । जीवात्माले आफ्नो असली स्वरूपलाई बुझ्नु नै ज्ञान हो । अज्ञानकालमा जीवात्मा परमात्मादेखि भिन्न रूपले प्रतीत भए तापनि ज्ञानकालमा उसले आफूलाई परमात्मादेखि अभिन्न रूपले अनुभव गर्दछ । कुनै पनि ज्ञान प्राप्त गर्नका लागि प्रमाणको आवश्यकता पर्दछ । जसरी रूपको ज्ञानका लागि आँखाको आवश्यकता र शब्दको ज्ञानका लागि कानको आवश्यकता पर्दछ त्यसै गरी आत्माको ज्ञानका लागि प्रमाणको आवश्यकता पर्दछ । आत्मज्ञानका लागि प्रमाण हो उपनिषद् । वेदको ज्ञान भागलाई उपनिषद् भन्दछन् । उप र नि, उपसर्गपूर्वमा हुने सद्लृ धातुबाट उपनिषद् शब्द बन्दछ । विशरण, गति र अवसादन गरी सद्लृ धातुका तीन अर्थ हुन्छन् । विशरणको अर्थ हो कमजोर पार्नु, गतिको अर्थ हो प्राप्त गर्नु, अवसादनको अर्थ हो नाश गर्नु । यस प्रकार उपनिषद् भनेको त्यो रहस्यविद्या, ब्रह्मविद्या, अथवा आत्मविद्या हो, जसको अनुशीलन गर्नाले जीवात्माको अज्ञान कमजोर हुन्छ, जीवात्माले आफ्नो ब्रह्मरूपताको ज्ञान गर्दछ अनि त्यो ज्ञानद्वारा अविद्या र अविद्याको कार्य सम्पूर्ण संसारको मिथ्यात्वलाई निश्चय गरेर परम शान्तिलाई प्राप्त गर्दछ । यही परम शान्तिलाई प्राप्त गर्नु नै मानव जीवनको लक्ष्य हो ।

यस प्रकार उपनिषद्को माध्यमबाट जीवले आफ्नो लक्ष्यलाई प्राप्त गर्ने हुँदा उपनिषद्लाई श्रुतिप्रस्थान भन्दछन् । संस्कृतमा प्रस्थान शब्दका दुई अर्थ हुन्छन्– बाटो र गमन । ष्ठा धातुदेखि भाव र करण यी दुवै अर्थमा ल्युट् प्रत्यय हुन्छन् । भावमा ल्युट् प्रत्यय गर्दा प्रस्थान शब्दको अर्थ गमन भन्ने हुन्छ भने करणमा ल्युट् प्रत्यय गर्दा बाटो भन्ने हुन्छ । अतः प्रस्थानत्रयीको महत्त्व उक्त शीर्षकमा प्रस्थान शब्दको अर्थ हो बाटो अर्थात् ब्रह्मलाई प्राप्त गर्ने बाटो हो उपनिषद्को बाटो जसलाई श्रुति प्रस्थान भनिन्छ भन्ने कुरा पहिले नै बताइयो ।

त्यसपछिको दोस्रो प्रस्थान हो न्यायप्रस्थान । ब्रह्मसूत्रलाई न्याय प्रस्थान या तर्कप्रस्थान भन्दछन् । उपनिषद्कै अर्थलाई निर्णय गर्नका लागि महर्षि वेदव्यासले ब्रह्मसूत्रको रचना गर्नुभएको हो । ब्रह्मसूत्रलाई ब्रह्मविचारशास्त्र भन्दछन् । यसलाई शारीरक मीमांसासूत्र पनि भन्दछन् । शरीरमा निवास गर्ने जीवात्मालाई शारीरक भन्दछन् । मीमांसा शब्दको अर्थ हुन्छ पूज्य विचार । ब्रह्मसूत्रको अध्ययनद्वारा जीवात्माको ब्रह्मरूपताको निश्चय हुने हुनाले ब्रह्मसूत्रलाई शारीरक मीमांसासूत्र भनिएको हो । यसको अर्को नाम भिक्षुसूत्र पनि हो । विशेष गरेर ब्रह्मसूत्रको अध्ययन सन्न्यासीहरूले गर्ने हुँदा यसको अर्को नाम भिक्षुसूत्र रहन गएको हो । यस ब्रह्मसूत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समन्वयाध्याय, अविरोधाध्याय, साधनाध्याय र फलाध्याय गरी चार अध्यायहरू छन् । ५५५ सूत्र र १९२ अधिकरण छन् । अथातो ब्रह्मजिज्ञासा, जन्माद्यस्य यतः शास्त्रयोनित्वात् र तत्तु समन्वयात् गरी मुख्य चारवटा सूत्रहरू छन् । पहिलो सूत्रमा ब्रह्मविचारको प्रतीज्ञा गरिएको छ । दोस्रो सूत्रमा जसबाट संसारको उत्पत्ति, स्थिति र प्रलय हुन्छ त्यही ब्रह्म हो भनी ब्रह्मको लक्षण गरिएको छ । तेस्रो सूत्रमा ब्रह्म छ भन्ने कुरामा वेदादिशास्त्र नै मुख्य रूपमा प्रमाण छन् भन्ने कुरा बताइएको छ भने चौथो सूत्रमा सम्पूर्ण उपनिषद्को तात्पर्य ब्रह्मबोधनमा छ भन्ने कुरा बताइएको छ । अतः ब्रह्मसूत्रको चतुःसूत्री अत्यन्त प्रसिद्ध छ ।

त्यसपछिको तेस्रो प्रस्थान गीता हो । सम्पूर्ण उपनिषद्हरूलाई गाई बनाएर अर्जुनलाई बाच्छो बनएर योगेश्वर भगवान् श्रीकृष्णले यो गीतारूपी अमृतको दोहन गर्नुभएको हो । यो गीतालाई स्मृति प्रस्थान भन्दछन् । यसमा ७०० श्लोकहरू छन् । १८ अध्यायहरू छन् । गीता शास्त्रलाई तत्त्वमसि महावाक्यको व्याख्याको रूपमा स्वीकार गरिएको छ । तत्त्वमसि महावाक्यमा तत्, त्वम् र असि यी तीन पदहरू छन् । तत् पदको अर्थ परमात्मा हो भने त्वम् पदको अर्थ हो जीवात्मा । असि पदले जीवात्मा र परमात्माको एकताको बोध गराउँछ । गीतामा तीन षट्कहरू छन् । पहिलो अध्यायदेखि छैटौँ अध्यायसम्मको भागलाई प्रथम षट्क भनिन्छ । उक्त ६ अध्यायद्वारा त्वम् पदार्थको शोधनको प्रक्रिया बताइएको छ । निष्काम कर्मयोगद्वारा त्वम् पदार्थको शोधन हुन्छ । भगवान्लाई प्रसन्न गराउने उद्देश्यले गरिएको कर्मलाई निष्काम कर्म भनिन्छ । कर्मानुष्ठानकालमा चित्तवृत्तिको सम्बन्ध परमात्मासँग जुटिरहेको हुँदा निष्काम कर्मलाई योग भनिएको हो । यो निष्काम कर्मयोगद्वारा त्वम् पदार्थको शोधन हुन्छ । जीवात्माले आफूलाई शरीर, इन्द्रिय र मन-बुद्धिसँग मिसिएको नठानी उक्त शरीरादिको प्रकाशकको रूपमा जान्नुलाई त्वम् पदार्थको शोधन भनिन्छ ।

सातौँ अध्यायदेखि द्वादश अध्यायसम्मको भागलाई द्वितीय षट्क भनिन्छ । यस षट्कद्वारा तत् पदार्थको शोधनको प्रक्रिया बताइएको छ । जसरी जीवात्मा शरीरभित्र मन, बुद्धि र इन्द्रियहरूका साथ रहे पनि शरीरादिसँग यो मिलेको हुँदैन त्यसै गरी परमात्मा पनि माया र मायाको संसारभित्र रहे पनि माया र मायाको कार्य संसारले परमात्मालाई अलिकति पनि स्पर्श गरेको हुँदैन भनी जान्नुलाई तत् पदार्थको शोधन भनिन्छ । तेह्रौँ अध्यायदेखि अठारौँ अध्यायसम्मको भागलाई तृतीय षट्क भनिन्छ । यस तृतीय षट्कद्वारा शोधित त्वम् पदार्थको शोधत तत् पदार्थका साथ एकताको बोध गराइएको छ । यस प्रकार गीता शास्त्रलाई तत्त्वमसि महावाक्यको व्याख्याको रूपमा स्वीकार गरिएको छ । उपनिषद्, ब्रह्मसूत्र र गीता यी तीन ग्रन्थहरूको अध्ययनद्वारा शरीरभित्र निवास गर्ने जीवात्मा वस्तुतः परमात्मादेखि भिन्न होइन भन्ने कुराको ज्ञान हुने हुनाले उक्त तीन ग्रन्थहरूलाई प्रस्थानत्रयी भनिएको हो ।

उक्त तीन ग्रन्थहरूमा आद्य शङ्कराचार्यले भाष्य नलेखिदिएको भए हामीहरू आफ्नो बुद्धिद्वारा मात्र उक्त प्रस्थानत्रयीको अर्थ बुझ्न सक्ने थिएनौँ । अतः सम्पूर्ण मुमुक्षुहरू जगद्गुरु शङ्कराचार्यप्रति सधैँ नै ऋणी रहनेछन् । उहाँको ऋणबाट मुक्त हुनको लागि हामीले भाष्यसहित प्रस्थानत्रयीको अध्ययन, अध्यापन, प्रचार एवं प्रसारमा सधैँ लागिरहनुपर्दछ । हिन्दु राष्ट्र नेपालको मध्य भागमा रहेको देवघाट धामबाट यस कार्यमा सशक्त रूपमा अगि बढ्नुपर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानव जीवनमा धर्मको अपरिहार्यता

✍ स्वामी ज्ञानानन्द सरस्वती

संसार अचम्मको छ । यहाँका अनन्त जीवहरू अनगिन्ती आशापाशले आबद्ध रहेका छन् । यी जीवहरू सुखप्राप्तिमा चरम लोलुपता राख्दछन् तर आफ्नो र परसुखका लागि कुनै किसिमको उपयुक्त काम गर्न उनीहरू प्रायः सक्दैनन् । उज्यालोमा रम्न चाहन्छन् तर आत्मसंयम, ध्यान र ज्ञानको प्रखर दियालो बाल्न उनीहरूले सकेका छैनन् । अमरत्व चाहन्छन् तर मृत्युन्मुखी कर्ममा उनीहरू व्यग्र रहेका छन् । त्यसमा पनि सृष्टिको अमूल्य रत्न मानिएको मानव जानेर वा नजानेर विवेकहीनता र वितृष्णाको सिकार बनेको छ, जसका कारण असङ्ख्य मानवहरूको भीड छिचोलेर मानवीय गुण दिनानुदिन पतनोन्मुखी बन्दैगएको छ । अर्काका लागि खनेको खाल्डोमा आफैँ परेझैँ चरम अन्धता र अज्ञानताका कारण मानव स्वयं संसारचक्रमा परेको कटु यथार्थ कसैको अनुभूतिबाट टाढिएको छैन । सांसारिक क्लेशका कारक तत्त्व मानिएका महामारी, दैवी प्रकोप, आधि-व्याधि, दुःख-चिन्ता र रजस्तमोगुणात्मक सङ्कल्पद्वारा उत्पन्न विपत्तिको सिकार बनेको मानिस विद्यमान परिवेशमा दावानलले घेरिएको मृगशावकसमान असह्य वेदनाले उत्पीडित छ । त्यतिमात्र नभएर मानवभित्रको दानवीवृत्तिले सिङ्गो मानवसमुदायलाई हत्या, हिंसा, आतङ्क, उच्छृङ्खलता, शोषण, उत्पीडन, लुटपाट, भ्रष्टाचार, विकृति र विसङ्गतिको गर्ततर्फ धकेलेर मानवताविहीन तुल्याइदिएको छ । आखिर यस किसिमको भयावह परिस्थिति संसारमा किन निम्तियो त ? यसको एकमात्र ठोस उत्तर हो– धर्मको उपेक्षा र परित्याग । धर्मप्रति आस्था र विश्वास राख्नाले मानिस अधर्मदेखि यद्वा पापकर्मदेखि डराउँछ र ऊ सधैँ सत्कर्मतर्फ अभिप्रेरित हुन्छ । अतः वर्तमान पपरिप्रेक्ष्यमा धर्मको अत्यन्त ठूलो महत्त्व रहेको छ । धर्म शब्द "धृञ्" (धारण गर्नु) धातुमा "मन्" प्रत्ययको संयोग भई बनेको छ, जसको अर्थ हुन्छ– धारण, पोषण र रक्षण । अर्थात् मानवले धर्मलाई शिरोधारण गर्न सक्यो भने धर्मले मानवलाई धारणा गर्दछ, परिणामतः मानव पवित्र तथा निष्पाप बन्दछ अनि मानवजीवन सफल हुन्छ । अहिंसा, दया, क्षमा, परोपकार र पवित्र सङ्कल्प जस्ता गुणहरूको धारणा गरी धर्मलाई जीवनसापेक्ष बनाउन सकिन्छ भने स्वयम् मानवले धर्मद्वारा सन्तोषरूप पोषाणतत्त्व प्राप्त गर्दछ र निरतिशय सुखको अनुभूतिसमेत गर्न सक्दछ । भानवशास्त्री तथा नीतिविद्हरूको विचारमा सन्तोषभन्दा ठूलो सुख नै छैन (न सन्तोषात् परं सुखम्) । यस किसिमको परम सन्तुष्टिको कुनै पनि वस्तु तथा भौतिक पदार्थहरूले प्रदान गर्न सक्दैनन् तर धर्मवृत्तिमा रहेको मनुष्यले सो सुख प्राप्त गर्दछ । सन्तोषरूपी धन गुमाएको व्यक्ति सधैँ विशाल तृष्णा लिएर तड्पिरहेको हुन्छ । अतः भनिएको छ–

को वा दरिद्रो हि विशालतृष्णः ।

अर्थात्, विशाल तृष्णाको भुमरीमा घुमेको प्राणी नै संसारमा सबैभन्दा दरिद्र ठहरिन्छ । त्यसैले हाम्रा पूर्वज, ऋषि-महर्षिहरू सांसारिक वस्तुगत तुच्छतालाई बुझेर ज्ञानरूपी परम धनको खोजीमा जीवनशेष गर्दथे । धर्मभित्र ब्रह्म (ईश्वर) र ईश्वरभित्र धर्म रहेको छ भन्ने गूढ रहस्यका ज्ञाता थिए उनीहरू । तसर्थ परमात्मालाई धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नामद्वारा पनि आकलन गरिएको पाइन्छ ।

समष्टिगत रूपमा धर्म र ईश्वरको अभेद्य वास्तविकता हुँदाहुँदै पनि जिज्ञासुका मनमा प्रश्न उठ्न सक्छ– धर्म भनेको के हो ?

विभिन्न शास्त्रहरूमा एउटै धर्मलाई प्रकारान्तरमा परिभाषित गरेको देखिन्छ–

वस्तुस्वभावो धर्मः ।

अर्थात् वस्तुगत स्वभाव नै धर्म हो । अग्निमा दाहकत्वभाव र पानीमा शैत्यभाव रहनु नै आगो र पानीका धर्म हुन् । तर धर्मको परिभाषा केवल यी सीमित शब्दहरूभित्र हुन सक्दैन । यी पंक्तिहरूमा यस पंक्तिकारको वस्तुलक्षणगत स्वभावादिलाई धर्मको रूपमा सिद्ध गर्नु नै इष्टसिद्धि रहेको छैन, अपितु जुन धर्मको धारणा तथा आराधना गर्नाले जीवात्मा संसारचक्रको यातायातबाट छुट्कारा पाउँछ त्यस किसिमको तत्त्वको दिग्दर्शन गराउनु रहेको छ । वास्तविक रूपमा भन्नुपर्दा श्रुतिस्मृतिपुराणोक्त श्रेयस्कर कर्म नै धर्म हो ।

विहितकर्मजन्यो धर्मः । निषिद्धकर्मजन्यत्वधर्मः । – *तर्कसङ्ग्रह*

साथै श्रुतिस्मृत्यादिले निषेध गरेको कर्म नै अधर्म हो । अधर्मको मूल नै दुष्कर्म हो । अतः मनुष्यले आफ्ना लागि प्रतिकूल हुने कर्म कहिल्यै कुनै प्राणीप्रति गर्नु हुँदैन ।

आत्मनः प्रतिकूलानि परेषां न समाचरेत् ।

जुन कर्मद्वारा मानवजीवनमा समग्र श्रेयः प्राप्ति हुन्छ त्यस्तो कर्म नै धर्म हो । वैशेषिक दार्शनिक कणाद महर्षिका अनुसार

यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।

अभ्युदयको तात्पर्य हो– मानवजीवनको सर्वाङ्गीण विकास र उन्नति हुनु । त्यस्तै निःश्रेयसको अभिप्राय मोक्ष अर्थात् आवागमन (जन्म-मृत्यु)को तन्तुविच्छेद हुनु हो । धर्मले मानवलाई अर्थ, काम र मोक्ष प्रदान गर्दछ । तसर्थ सबै पुरुषार्थको माध्यम नै धर्म बन्न पुगेको छ ।

धर्मको क्षेत्र ज्यादै फराकिलो छ । यसभित्र मानवहित र प्राणीमात्रकै लागि गरिने समस्त क्रियाकलापहरूको व्याख्या तथा विश्लेषण अटाएको छ । यस दृष्टिकोणबाट हेर्ने हो भने विश्वका तमाम धर्म तथा तिनको मर्म र सिद्धान्तलाई हिन्दु धर्मले आत्मसात् गरेको छ । पूर्वी वेदान्त दर्शन तथा धर्मदर्शनका महान् व्याख्याता हाम्रा पूर्वज ऋषि-महर्षिहरूले सृष्टिको उषाकालसँगै यज्ञयाग, तपस्या, ज्ञान र स्वाध्यायकर्मलाई निरन्तरता दिँदैआएको तथ्य प्राचीन ग्रन्थ वेदमा समेत उल्लेख भएको पाइन्छ । धर्मको स्वरूप हिन्दुहरूको सर्वस्व मानिने वेदले व्याख्यान गरेको छ–

"वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः ।"

अर्थात्, वेदले विधान गरेका सम्पूर्ण शुभकर्महरू धर्म हुन् भने त्यस विवरीत कर्महरू नै अधर्म हुन् । त्यसो भए वेदमा उल्लिखित धर्मको वास्तविक स्वरूप के हो भन्ने सन्दर्भमा वेदको मर्मलाई निष्कर्षका रूपमा प्रस्तुत गर्ने मानवहरूका पूर्वज मनुको यस्तो अभिमत रहेको छ–

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्यासत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥

उपर्युक्त धर्मको लक्षणअनुसार धर्मले मानवसभ्यताको असल पक्षलाई विशेषरूपमा व्याख्यान गरी कर्तव्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तथा अकर्तव्यका बारेमा स्पष्ट पारेको छ । उक्त दश लक्षणभित्रको परिधिमा आउने जुनसुकै शुभकर्म धर्मकै रूप हुन् । आजको विश्वसमुदायमा मानवले अनुसरण गरेका जति पनि धर्महरू छन् यदि ती धर्म र तिनका सिद्धान्तहरू उपर्युक्त दश लक्षणभित्र पर्दछन् भने तिनलाई धर्मको संज्ञा दिन सकिन्छ, अन्यथा ती धर्मका नाममा केवल कलङ्क सावित हुन्छन् । समग्रमा धर्मका लक्षणहरू निम्न हुन आउँछन्–

धृतिः (अनुकूल र प्रतिकूल व्यवहारमा धैर्यधारण गर्नु)
क्षमा (क्षमाशील हुनु)
दमः (दमन अर्थात् मन, बुद्धि, चित्त र अहङ्कारलाई सात्त्विक भावमा परिणत गराउनु)
अस्तेयम् (चोरी नगर्नु, अर्काको वस्तुमा लोभ नगर्नु)
शौचम् (पवित्र रहनु अर्थात् शारीरिक तथा मानसिक भावमा पवित्रता ल्याउनु)
इन्द्रियनिग्रहः (इन्द्रियहरूलाई सत्कार्यमा लगाउनु)
धीः (बुद्धिको परिमार्जन या सात्त्विक बुद्धिको धारणा)
विद्या (ज्ञान)
सत्यम् (सथ्य वा यथार्थकथन)
अक्रोधः (रिस नहुनु)
अहिंसा (हिंसा नगर्नु अर्थात् प्राणीहत्या र निन्दा नगर्नु)
दया (परदुःख निवारण गर्नु)
त्याग (भौतिक पदार्थमा लिप्त नहुनु)
आर्जवम् (ऋजुता अथवा सरलता धारण गर्नु)
स्वाध्याय (पराविद्याको उपासना गर्नु)
ईश्वरचिन्तन (ईश्वर या ब्रह्मको चिन्तन गर्नु)

उपर्युक्त किसिमले हिन्दु धर्मको स्वरूपगत व्याख्यानलाई यस सानो लेखभित्र समाहित गर्न सम्भव छैन, त्यसैले संक्षेपमा भन्नुपर्दा उक्त लक्षणहरू प्रायः सबै धर्ममा रहेका हुन्छन् र हुनुपर्दछ पनि । यदि कुनै धर्ममा उक्त कुनै लक्षणहरू रहेका छैनन् भने सो कथित धर्मलाई धर्मको संज्ञा दिनुको कुनै औचित्य रहँदैन । हाम्रो प्राचीन वैदिक सभ्यताको इतिहासलाई हेर्ने हो भने हाम्रा पूर्वज ऋषि-महर्षि-राजर्षि तथा चर्चित भक्तहरूले धर्मको अनुसरण गरी जीवन्मुक्ति प्राप्ति गरेको रहस्य थाहा हुन्छ । जस्तोसुकै विपत्तिपूर्ण अवस्थामा पनि धैर्यको बाँध टुट्न नदिई धार्मिक अनुष्ठान गर्ने ऋषिवृन्द धृतिरूपी धर्मका शाश्वत स्वरूप हुन् । सती साध्वी द्रौपदीले क्षमारूप धर्मको पालना गरी आफ्नै पुत्रहरूको हत्या गर्ने अश्वत्थामालाई प्राणको भिक्षादान दिइन् भने देवकीले स्वयंलाई वध गर्न उद्यत कंसलाई क्षमा दिइन् । दम, अस्तेय र पवित्रतारूपी धर्मलाई ऋषिवृन्दले नै धारणा गरी जीवनलाई कृतकृत्य बनाए । अञ्जनीकुमार हनुमान् र भीष्मपितामहले जितेन्द्रिय बनी परमेश्वरका कृपाभाजन भए । विद्यारूपी धर्मको परिपालनबाट सनकादि योगेश्वरहरू मुक्त भए । सत्य सङ्कल्पद्वारा लाटो सत्यव्रतलाई विद्वान् बन्ने सफलता मिल्यो । अहिंसारूपी धर्मको पालना गरी गौतम बुद्धले भगवत्व प्राप्त गर्नुभयो । त्यस्तै त्याग र दयारूप धर्मको पालना गरी महर्षि दधीचि र शिविले आफ्नो शरीर नै परोपकारमा लगाए । यस्ता अनेकौं चरित्रहरूले मानवलाई धर्ममा समर्पित बनी परमपथको सुधार गर्दै उभयलौकिक सुखको उपभोक्ता बन्नुपर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्देश दिएका छन् । अतः हामी पनि स्वधर्मको अनुसरण गरी बाँच्ने र बचाउने प्रण गरौं । हाम्रो हिन्दु धर्म समग्र धर्महरूको मर्म तथा हृदयको स्पन्दन हो, त्यसैले स्वधर्मको परित्याग गरी अन्य धर्मको अनुसरण नगरौं । जुनसुकै धर्मबाट पनि शिक्षा र गुण लिऔं तर धर्म परिवर्तन नगरौं किनकि– स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।

हाम्रा पूर्वज ऋषि-महर्षि, मनु तथा मानवहरूले पालना गर्दैआएको अपार निधिसमानको हिन्दु धर्म भएकोले यसभित्रै रमेर जीवनलीला समाप्त गर्नुमा नै हाम्रो श्रेय सन्निहित छ । हाम्रा समग्र कर्म शुभदायक र मङ्गलकारक बनून्, श्रुतिसम्मत र धर्मसम्मत कर्म होऊन् । मानवद्वारा हुने कर्म धर्ममय बन्नुमा नै जीवनको सार्थकता रहेको छ ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

आचार्य पूर्णचन्द्र ढुङ्गेल
उपकुलपति
तथा महेन्द्र संस्कृत विश्वविद्यालय परिवार
वेलझुण्डी, दाङ्

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

नूरप्रताप राणा
अध्यक्ष
कुमारी बैंक लिमिटेड परिवार
रामशाहपथ, काठमाडौं

सूचना

यस महाशाखाको स्वीकृति वा अनुमति बेगर विभिन्न किसिमका नक्साहरू प्रकाशन वा उत्पादन गरी विक्री वितरण गरेको पाइएमा वा जग्गा नाप-जाँच ऐन २०५८ को बर्खिलाप गरेको पाइएमा सोही ऐन अनुसार कार्वाही गरिने व्यहोरा सम्बन्धित पक्षलाई जानकारी गराइन्छ ।

नेपाल अधिराज्यको कुनै पनि क्षेत्रको हवाई फोटो तथा १: २५,००० र १: ५०,००० मान नापको स्थलरूप आधार नक्साहरू, भूमिथोक नक्सा, नेपाल अधिराज्य र अन्य विकास क्षेत्र, अञ्चल, जिल्ला तथा गाविसहरूको नक्सा खरिद गर्न चाहेमा तथा आधार नक्साहरूको डिजिटल डाटा आवश्यक भएमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

नापी विभाग
स्थलरूप नापी महाशाखा, मीनभवन
फोन नं. ४४८२९२९, ४४८२३९३, Fax: 4496216

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मानवता : मूल्याङ्कनको मापदण्ड

✍ आचार्यप्रवर श्री गुलाबजीमहाराज

ईश्वरले यस सृष्टिको रचना गर्नुभएदेखि नै मानवले आफ्ना कार्यहरू, क्रियाकलापहरू एवं आदर्श, मान्यताहरूको मूल्याङ्कन गर्ने एउटा मापदण्ड खोज्ने कार्य थालेको थियो तर आजसम्म पनि त्यस कार्यमा सफलता प्राप्त गर्न सकेको छैन । कारण स्पष्ट छ– मूल्याङ्कन गर्ने परम्परा र परिपाटीमा एकरूपता छैन ।

आज हामीले कुनै उच्च होहदामा बस्ने सरकारी वा गैरसरकारी कर्मचारस्सँग सोध्यौं भने उनले सरकारी कार्यालयहरूमा मान प्रतिष्ठा, जनसम्पर्क र उच्चतम रानैतिक व्यक्तिहरूसँग घनिष्ट सम्पर्क नै मूयाङ्कनको आधार हो भनी तर्क दिन्छन् । कुनै धनाढ्य व्यवसायी वा उद्योगपतिसँग कुरा गर्दा उनले धनधान्यले भरिभराउ सेफहरू, वैङ्कमा भएका लकरहरूमा राखिएका आभूषण, राम्रो नाफामा रहेका कम्पनीहरूमा शेयर, धेरै घर-जग्गा, सम्पत्ति, निजी व्यवसाय एवं उद्योगबाट पनि प्रशस्त फाइदा प्राप्त भइरहेको स्थितिलाई नै एक मात्र मूल्याङ्कनको आधार र कसौटी मान्दै पूर्वाग्रह व्यक्त गर्दछन् । त्यस्तै शारीरिक व्यायाम गर्ने र अन्तर्राष्ट्रिय खेलकूद जगत्मा ख्यातिप्राप्त खेलाडीले स्वस्थ शरीर, आत्मसुरक्षा गर्न सक्ने क्षमता र खेलकूद जगत्मा प्रतिष्ठा प्राप्त गर्नको लागि गरिने कार्यहरूलाई नै प्राथमिकता दिन चाहन्छ । कलाकार, कवि, चित्रकार, साहित्यकार आदिले पनि कलाकारको अभिनय कुशलतालाई या कविको काव्यरचना र कविताविधानलाई या चित्रकारको तूलिकाले बनाएका विभिन्न बहुरङ्गी रेखाचित्र र छायाचित्रहरूलाई या साहित्यकारले सृजना गरेका विभिन्न साहित्यिक कृतिहरू एवं साहित्यिक योगदानलाई नै मूल्याङ्कनको आधार मान्छन् । यस्तो स्थितिमा मनुष्यको विचारशृङ्खला अल्झिन जानु स्वाभाविक हुन जान्छ । मनमा निर्णय गर्न गाह्रो हुन्छ– को सही हो र को गलत ? कसको विचारलाई प्रामाणिक मान्ने र कसको विचारलाई अप्रामाणिक ? कुन मापदण्ड सही र पालनयोग्य छ र कुन चाहिँलाई त्याग्नुपर्छ ? कुन आदर्शको हामीले आराधना गर्नुपर्छ जसले गर्दा समाज र मानवताको उत्तरोत्तर उन्नति, समृद्धि र प्रगति हुन सकोस् ।

धेरैजसो ज्ञानी, ध्यानी, विचारक, चिन्तक र तत्त्ववेत्ताहरूले धेरै चिन्तन-मनन गरेर सानातिना र महान् विषयमा वार्तालाप गरे । हाम्रा धार्मिक ग्रन्थको अध्ययन पनि गरियो । तिनबाट यथार्थ तथ्यहरू प्रष्ट भए ।

मानवको रूपरङ्ग, उसको धनदौलत, रूपैयाँ-पैसा, उसको मानसम्मान, प्रभाव, जनसम्पर्क इत्यादि कुनैलाई पनि मानवताको विशिष्टता तौलने माध्यम मान्न सकिँदैन किनकि रूपियाँपैसा, धनदौलत त उसले व्यापार, उद्योग, चोरी, डकैती, तस्करी, घुसखोरी इत्यादि माध्यमबाट पनि प्राप्त गर्न सक्छ । रूपरङ्ग पनि अभिनेता, अभिनेत्री, कलाकारले विना योग्यता पनि प्राप्त गर्न सक्छन् र रूप हुँदैमा योग्यता हुनु नै पर्छ भन्ने अनिवार्यता पनि हुँदैन । घर-जग्गा अन्य स्थायी सम्पत्ति आर्जन गरी तिनीहरूको दुरुपयोगसमेत गर्ने वा उपयोग गर्दै नगर्ने व्यक्तिहरू खोजे नभेटिने होइन । कहिलेकाहीँ त जूवा, सट्टाबजार, चिठ्ठा इत्यादिको कारणले मगन्ते पनि रातारात लखपति, करोडपति बन्न जान्छन् । के त्यस बेला तिनीहरूको धन-सम्पत्तिलाई नै मापदण्ड मान्ने त ? हिजोसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेरोजगार वा मगन्ते भई हिँड्दा कुनै मान-सम्मान, इज्जत, प्रतिष्ठा नभएको व्यक्ति रातारात पैसावाल हुनासाथ नै के प्रतिष्ठित र इज्जतदार हुन सक्छ त भन्ने प्रश्न उठ्न सक्छ । रूप-रङ्ग कति दिनसम्म टिक्न सक्छ र ? यो पनि त नाशवान् छ । वृद्धावस्थामा वा कुनै दैवी प्रकोप वा घटनाले रूपवान् व्यक्ति कुरूप वा अपाङ्ग हुन गएमा उसको मापदण्ड कहाँ जान्छ ? बलवान् व्यक्तिले पनि विरामी परेर आफ्नो स्वास्थ्य गुमायो भने उसको राम्रो स्वास्थ्यलाई नै मापदण्ड मानी कायम गरेको रायको के परिणाम हुन्छ ? यी प्रश्नहरू विचारणीय हुन जान्छन् । जुन रूपसीले आफ्नो रूपरङ्गको हेरचाहको लागि अनेकौँ प्रकारको शृङ्गारसामग्री र प्रसाधनको प्रयोग गरिरहेकी हुन्छे त्यसको रूप नष्ट भएमा रूपको आधार आधारहीन बन्न जान्छ । पहलमानले दिनहुँ दश पन्ध्र माना दूध, हलुवा, बदाम, मेवा र अन्य पौष्टिक खुराक सेवन गर्छ त्यही पहलमान अपाङ्ग भएर बसेमा वा उसको उमेरको अधिकताले आफ्नो शारीरिक क्षमताको प्रदर्शन गर्न असमर्थ भएपछि उसको आफ्नै भनाइ कति सत्य हुन जान्छ ! उच्चाधिकारीका सन्तान उच्चाधिकारी र धनाढ्य व्यापारीका पुत्र धनाढ्य नै हुन्छन् वा पिउनका छोरा पिउन र योग्य विद्वान्को सन्तान पनि विद्वान् नै हुनुपर्छ भन्ने नियम यस सृष्टिमा लागु हुँदैन ।

हाम्रो संस्कृतिले जुन कुराहरूलाई सर्वाधिक महत्त्व दिन्छ ती हुन्– मनुष्यको शालीन स्वभाव, व्यावहारिक योग्यता, परोपकार गर्ने भावना, आचार-विचारको ज्ञान, स्नेहपूर्ण व्यवहार, आदरसम्मान प्रदान गर्ने उत्सुकता, समाजसुधारका कार्यहरूमा अग्रसरता, मातृभूमिको लागि उत्सर्ग हुने प्रेरणा र राष्ट्रको सम्मान अभिवृद्धिका कार्यहरू । कतिपय यस्ता व्यक्तिहरू हाम्रो समाज र राष्ट्रमा भए जो आर्थिक दृष्टिकोणबाट गरिब भए पनि अति नै धनी पनि मानिन्थे र आफ्नो ज्ञानको अनुपम भण्डारले गर्दा उनीहरू उक्त ज्ञानरूपी धनलाई जति-जति वितरण गर्दथे, उति-उति नै बढ्दैजान्थ्यो र उनीहरूको ख्याति दिन परदिन छिमेक, टोल, गाउँ, नगर, जिल्ला, अञ्चल र राष्ट्रव्यापी हुँदै अन्तर्राष्ट्रिय जगत्मा समेत चर्चाको विषय हुन गयो । आर्थिक पक्षबाट अत्यन्त धनी व्यक्ति कहिलेकाहीँ त राष्ट्रभित्रै विख्यात हुनुको सट्टा कुख्यात हुन गएका कतिपय उदाहरणहरू हाम्रो सामु दिनहुँ देखा पर्छन् । राष्ट्र र राष्ट्रियतालाई जोगाउन आज हाम्रो राष्ट्रलाई यस्ता ज्ञानी, विद्वान्हरूको आवश्यकता छ ।

एकजना प्रसिद्ध विद्वान्को भनाइ छ– अरूलाई धनदौलत, सुन-चाँदी कमाउन देऊ । म त पैसा नभईकन पनि अमिर छु, धनाढ्य छु किनकि जे-जति कमाउँछु त्यो मेरो परिश्रम र इमान्दारीले अर्जित आम्दानी हो ।

यस्तै अर्का विद्वान्ले भनेका छन्– मसँग इमान्दारीपूर्वक कमाएका केही रूपैयाँ मात्र छन् तर त्यस अल्प रकमले पनि मलाई जुन सन्तुष्टि र सुख प्रदान गर्छ त्यो करोडपतिहरूले पनि पाउन सक्दैनन् ।

जसको हृदय उदार छ, पवित्र छ, सेवाभावनाले ओतप्रोत छ, जो समाजसेवाको लागि समय, श्रम र परिश्रम दिन सक्छ, जो राम्रा गुण, कर्मले विभूषित छ त्यो व्यक्ति नै वास्तविक अर्थमा धनवान् हो, महान् हो, समाजमा पूज्य हो, सबैको लागि अनुकरणीय हो । ऊ नै बन्धुबान्धवहरूको लागि वन्दनीय छ । उसका कर्महरू नै पूजायोग्य छन् । हामीले मानवसेवालाई नै ईश्वरआराधना मान्नुपर्छ । भगवान् श्रीकृष्णले पनि भन्नुभएको छ– मानवसेवा गर्नु नै मेरो सेवा गर्नु हो ।

आज भानुभक्तको स्मरण हुनु स्वाभाविक छ । उनीसँग पैसा थिएन तर जुन आध्यात्मिक, बौद्धिक ज्ञान थियो त्यसले गर्दा उनी आफ्नो समयका सर्वाधिक पूज्य, वन्दनीय र ज्ञानरूपी धनले अति नै धनाढ्य व्यक्तिको रूपमा प्रतिष्ठित भए । आज पनि उनी, उनका रचनाहरू, विचारहरू अनुकरणीय छन् । खालि रूपैयाँ, धनदौलतलाई नै मान्यता दिने कति अमीरहरू यस संसारमा जन्मे, हुर्के, जीवनयापन गरे, मरे तर आज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिनीहरूलाई के विशेषताको लागि सम्झिरहने ?

भगवान्ले हाम्रो यस जीवनरूपी किताबको हरेक पानामा एउटा रहस्य राख्नुभएको छ र त्यो रहस्य गुण, सद्भाव र सहयोगको इच्छा इत्यादि अनेक सत्कार्यहरूको रूपमा विद्यमान् छन् । हामीले यी रहस्यहरू बुझ्न सक्यौं भने हाम्रो जीवन परम आनन्दमय हुन जान्छ । यस्तो सुखानुभूतिको अनुभव हुन्छ जुन आफ्नै अनुभवबाट मात्र बोध गर्न सकिन्छ । विश्वका सम्पूर्ण शब्दकोशहरूका शब्दले पनि त्यसलाई पूर्णतया व्यक्त गर्न सक्दैनन् ।

जो व्यक्ति आफ्नो समय, श्रम र योग्यतालाई परोपकार र समाजसेवाका कार्यहरूमा लगाउँछ ऊ यस संसारमा मात्र होइन मृत्युपश्चात् पनि समाजका सदस्यहरूको लागि स्मरणीय हुन्छ । जोसँग धन हुँदैन उसलाई गरिब भनिन्छ तर जो व्यक्ति सदाचार, सत्कर्म, सुबुद्धि, समाजसेवा जस्ता कर्महरूबाट वञ्चित हुन्छ, त्यो त झन् गरिब र दयनीय हुन्छ ।

हिन्दी साहित्यका अति प्रकाण्ड कवि रहीमले भनेका छन्–

रहिमन वे नर मर चुके, जे नर माँगन जाहीं
पन तासे पहले वे थे जिन मुख निकसत नाहीं ।

अर्थात्, माग्न जानु त लज्जास्पद छँदैछ (चाहे त्यो कुनै सेवा, वस्तु, आभार या कर्मको आभार या कर्मको लागि होस्) तर माग्न आएको मान्छेलाई त्यसै फर्काइदिने, आफूले गर्न सक्ने सक्दो सहयोग गर्न अस्वीकार गर्ने व्यक्ति त झन् मरेतुल्य नै हुन्छ ।

हाम्रा धार्मिक ग्रन्थहरूमा उल्लिखित धार्मिक कथा, दृष्टान्त किम्बदन्तीहरूअनुसार जब द्रोणाचार्य धृतराष्ट्रको दरबारमा पुगेका थिए उनको जिउमा राम्रा वस्त्रसम्म थिएनन् । तर राजाले उनको विद्वत्ताबाट अति प्रभावित भएर राजगुरुको सम्मानित पद प्रदान गरी आफ्ना राजकुमारहरूलाई उनीबाट शिक्षाग्रहणसमेत गर्न लगाए ।

सिकन्दरको जीवनको एउटा महत्त्वपूर्ण कथाको उल्लेख पनि यहाँ प्रासङ्गिक नै हुनेछ । सिकन्दरले दिग्विजयी भई, रक्तपात, लुटपिट गरी, कैयन् निरीह प्राणीहरूको हत्या गरी, लडाईंमा विजयी भएर सन्त डायोजेनिस छेऊ गएर भने– महात्मा तपाईंको जीवनचर्याबाट म बढो प्रभावित भएको छु । आज मसँग संसारका अनेकौं दुर्लभ वस्तुहरू छन् र म तपाईंलाई केही उपहार दिन चाहन्छु । आज्ञा गर्नोस् तपाईंलाई के मनपर्छ ?

त्यस बेला सन्त डायोजनिसले उत्तर दिए– "सिकन्दर, तिमीले यत्रो काटमार गऱ्यौ । त्यतिका निर्दोष व्यक्तिहरूको हत्या गऱ्यौ । तिमी मलाई के दिन सक्छौ र ? सक्छौ भने मेरो अगाडि नउभिदेऊ । सूर्यको प्रकाश तिमीले छेकिरहेछौ, त्यसलाई निर्बाध रूपबाट मकहाँ आइपुग्न देउ, यहाँबाट हटिदेऊ । यो तिम्रो कृपा पनि होइन यो त ईश्वरको महान् कृपा हो ।" डायोजेनिसका कुरा सुनेर सिकन्दरजस्तो पराक्रमी व्यक्तिको मुखबाट लामो सुस्केराका साथ यी वाक्य निस्के "हरे मैले पराक्रमी बन्ने धुनमा यस्तो आतङ्क फैलाएर के प्राप्त गर्न सकें ? म सिकन्दर नभएको भए डायोजेनिस हुन मन पराउँथें ।"

महानता के हो ? मानवताको मूल्याङ्कन के हो र यसको प्रत्यक्ष प्रमाण हामी उपर्युक्त दृष्टान्तमा पाउँछौं ।

एक-अर्का महान् व्यक्तिसँग कसैले उनको जीवनको महानताबारे प्रश्न गर्दा उनले जवाफ दिए– "मलाई सादा जीवन नै मन पर्छ । यस अमूल्य जीवन पैसाजस्तो अर्थहीन वस्तुको सङ्कलनमा व्यर्थ फाल्न मलाई मन पर्दैन । उच्च गुण र सत्कर्म नै मनुष्यको मानवताको मूल्याङ्कनको मापदण्ड हो ।"

ब्रेन्जामिन फ्रेंकलिनलाई उनका मित्रले एकपटक सोधे– "म मेरो यत्रो धनलाई कहाँ राखूँ ?" फ्रेंकलिनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यादै सारगर्भित उत्तर दिए– "सक्छौ भने तिम्रा यी धनका थैलीहरूलाई आफ्नो टाउकोभित्र राख्नू ।" तात्पर्य के थियो भने ज्ञानी नबने वा ज्ञान नसिके सम्पूर्ण धन व्यर्थ नै जानेछ ।

सत्कर्म गर्नु नै सर्वोत्तम कुरा हो । गर्न सक्छौं भने सत्कर्म नै गरौं । वाणीबाट सत्य वचन, हातले सत्कर्म, आँखाले सत्दृश्य दर्शन होस्, हृदयले सत् आशीर्वाद मात्र देओस् । हामीले यस्तो कार्य गर्न सक्यौं भने यस संसारमा आई हामीले प्राप्त गरेको मानव-जीवनको उद्देश्यपूर्ति हुनेछ । मानवताको मूल्याङ्कनको सही मापदण्ड हामी स्वयंले गरेका कार्यहरूको लागि प्रयोग गर्न सक्नेछौं ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

दिवाकर बाँस्तोला

स्थानीय विकास अधिकारी

जि. वि. स. को कार्यालय परिवार स्याङ्जा

गण्डकी अञ्चल

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

तेलको थोपा थोपा जोगाऔं

इन्धन खर्च घटाऔं

नेपाल आयल निगम लिमिटेड परिवार

बबरमहल, काठमाडौं

फोन नं ४२६२९७०, फ्याक्स: ४२६३४७१

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

श्री शङ्करलाल अग्रवाल

पशुपति सोप इण्डस्ट्रिज प्रा. लि. परिवार

दुहवी, सुनसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा सांस्कृतिक सम्पदाको सङ्क्षिप्त अध्ययन

✍ डा. विष्णुप्रसाद घिमिरे

विश्वमानव सभ्यतालाई हेर्दा पृथ्वीमा विभिन्न खण्डमा विगतका मानवले छाडेर गएका सांस्कृतिक चिह्न एवं तिनका अवशेषहरू रहेका पाइन्छ । त्यस्ता कतिपय स्थानहरूमा भारतीय उपमहाद्वीप एवं नेपाल पनि प्राक् मानवका आवासीय क्षेत्र भएको कुरा यी क्षेत्रमा भएका समय-समयका पुरातात्त्विक उत्खननहरूबाट जानकारी हुन्छ । सिन्धु नदीको आसपासमा सन् १८२१-२२ का उत्खनन एवं नेपालको तराई क्षेत्रमा भएका समय-समयका पुरातात्त्विक उत्खनन तथा विभिन्न स्थानमा समय-समयमा प्राप्त मानव अवशेष एवं प्रस्तर औजारहरूबाट पनि विगतका मानवका सांस्कृतिक गतिविधिबारे जानकारी हुन्छ ।[१]

यसरी समय-समयमा यस भूखण्डमा निवास एवं विचरण गर्ने मानवहरूलाई विभिन्न समूहमा राखेर अध्ययन गरेको पाइन्छ । जस्तै– निग्रो, आग्नेय, भूमध्यसागरीय, पश्चिमीवृत्त, आर्य, मङ्गोल आदि ।

आदिम कालमा अफ्रिकातर्फबाट भारतीय उपमहाद्वीपमा आउने निग्रोहरू मानिन्छन् । यस जातिले छाडेका सांस्कृतिक चिह्नमध्ये चित्रकला र वृक्षपूजा उल्लेखनीय छन् ।

यसपछि पश्चिमतर्फबाटै आउने आग्नेय जातिका मानवले कृषिकर्म (नरिवल, भन्टा, केरा, तोरी, कपास आदिको खेती), जलयात्रा एवं हात्तीपालन र त्यस्तै नाग, गोही, बाँदर ढुङ्गा आदिको पूजा गर्ने चलन ल्याएका हुन् भनिन्छ ।

यस्तै भूमध्यसागरीय मानवले तुलसी, वर-पीपल, बेल आदिलाई पूजा गर्ने चलन ल्याएको कुरा कतिपयले विश्वास गर्दछन् । यसै समूहअन्तर्गतका द्रविडले देवताको पूजामा चन्दन, फूल चढाउने चलन ल्याएका र पछि आर्यहरूले आफ्ना छिमेकी अनार्यका कतिपय चालचलन अँगालेका हुन् भनिन्छ ।

आर्य समूहका मानवका विविध शाखामध्ये एल र नर्दिक ई. पू २००० देखि १५०० सम्ममा भारतका विभिन्न क्षेत्रमा बसोबास गर्न थालेको कुरा इतिहासकारहरू मान्दछन् ।[२]

यिनीहरू सिन्धुनदीको उपत्यका, हिन्दुकुश पर्वतको दक्षिणी भाग, पञ्जाब, राजपुतना, गङ्गाको माथिल्लो भाग एवं नेपालमा समेत पुगेको पाइन्छ । यसै गरी मङ्गोल समूहका मानव आयतमुण्ड र वृत्तमुण्ड नामक दुई शाखामा विभक्त भएको मानिन्छ । यीमध्ये आयतमुण्ड पुरानो र यसका शाखा-सन्तान नेपाल र आसाममा समेत

---

१. Sir John Marshall, *Mohenjo-Daro and the Indus Civilization.*
B. K. Rijal, *Archaeological Remains of Lumbini, Devadaha and Kapilvastu* (Kathmandu: Nepal and Asisn Research Centre, 1979).
S. B. Deo, *Archaeological Investigations in the Nepal Tarai* (Kathmandu: H.M.G. of Nepal 1964).

२. R. C. Majumdor, H. C. Raychandhari and K. K. Dotta, *An Advanced History of India* (London: Macmillan and co. ltd. 1963).
जनकलाल शर्मा हाम्रो समाज एक अध्ययन, २०३९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फैलिएको मानिन्छ । साथै वृत्तमुण्ड तिब्बत एवं नेपालका इलाम, पाँचथर, ताप्लेजुङ्ग, दार्जलिङ्, सिक्किम, भुटानसम्म फैलिएको मानिन्छ ।

यिनै विभिन्न समूहका मानवमध्ये धेरै आर्य तथा मङ्गोल किरातका शाखा-सन्तान धेरै छन् । कुनै न कुनै रूपमा अरूको पनि केही बसोबास रहेको पाइन्छ । भाषाविद् प्रा. बालकृष्ण पोखेलका अनुसार खस जातिका मानवको रगत आजका भारत एवं नेपालका प्रायः सबैमा फैलिइसकेको छ ।[३]

हाल नेपालका वासिन्दामा ब्राह्मण क्षेत्री, मगर, गुरुङ्, नेवार, तामाङ्, राई, लिम्बु, सेर्पा, थारु, दनुवार, चेपाङ्, कुसुण्डा, सुनुवार, वादी, दमै, कामी, सार्की, कोचे, मेचे, धिमाल, सतार, कुमाल, दराई, बोटे आदि पर्दछन् । प्राचीन कालदेखि सामाजिक, धार्मिक एवं सांस्कृतिक सहिष्णुताका साथ सांस्कृतिक संपदाको विकास भएको पाइन्छ । त्यस्ता सांस्कृतिक सम्पदालाई मूलतः निम्नलिखित रूपमा विभाजित गर्न सकिन्छ ।

१. सांस्कृतिक सम्पदा

१.१. राजदरबार

१.१.१. प्रचीनकालीन– नेपालका प्राचीनकालीन अभिलेख एवं विदेशी यात्रीका बयानबाट विभिन्न राजदरबार निर्माण हुनुको साथै तिनैबाट नेपालको प्रशासनसमेत चलेको जानकारी हुन्छ ।[४]

त्यस्ता राजदरबारहरूमा मानगृह, कैलाशकुट भवन, भद्राधिवास भवन आदि उल्लेखनीय छन् । यद्यपि ती भवन हाल भग्न भइसकेका छन्, तैपनि यिनको निर्माणसम्बन्धी बयानका आधारमा यिनीहरू महत्त्वपूर्ण देखिन्छन् ।

१.१.२. मल्लकालीन दरबार– पाटन, काठमाडौं र भक्तपुरमा विभिन्न मल्लकालीन दरबारहरू रहेका छन् ।

१.१.३. शाहकालीन दशबार– गोरखा, नुवाकोट र वसन्तपुर दरबार र पछि निर्माण भएका नारायाणहिटी दरबार एवं भीमसेन थापा र राणाहरूद्वारा निर्मित उल्लेखनीय छन् ।

१.२. किल्ला

विभिन्न समयमा निर्मित नेपालका निम्नलिखित किल्लाहरू प्रसिद्ध छन्–

१. डढेलधुराको किल्ला
२. मालिका गढी
३. दैलेख गढी
४. वल्ढेङ्गढी
५. जीतपुर गढी
६. कविलासपुर गढी
७. उपर्दाङ्गढी

---

३. प्रा. वालकृष्ण पाखेल, खस जातिको इतिहास ।

४. धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख २०३० ।
S. Beal, Buddhist Records of the Western World by Hiuan Isang, vol. III, book VII.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

८. मकवानपुर गढी
९. चीसापानी गढी
१०. हरिहरपुर गढी
११. सिन्धुली गढी
१२. चौदण्डी गढी
१३. नालापानी गढी
१४. मलाउँ किल्ला आदि ।

१.३. स्तुप वा चैत्य र विहार

नेपाल बौद्ध धर्मावलम्बीहरूको तीर्थस्थल हो । बौद्ध धर्म र संस्कृतिका केन्द्रका रूपमा रहेका नेपाली स्तुप वा चैत्यमध्ये काठमाडौँका स्वयम्भू स्तुप, बौद्धनाथ स्तुप, महाबौद्ध स्तुप, पाटनको अशोक स्तुप, लुम्बिनी स्तुप आदि उल्लेखनीय छन् ।

यस्ता विहारहरूको निर्माण लिच्छविकालमा र मल्लकालमा निकै भएको थियो । हाल लिच्छविकालीन विहारहरू देख्न नपाइए पनि मल्लकालमा बनेका विहार प्रसस्त छन् । तीमध्ये पाटनको हिरण्यवर्ण महाविहार विशेष उल्लेखनीय छ । साथै हाल कतिपय गुम्वा पनि बनेका देखिन्छन् ।

१.४. मन्दिर

नेपालमा बनेका देवीदेवताका मन्दिर विभिन्न शैलीमा बनेका देखिन्छन् । नेपालको मौलिक कलाशैली प्यागोडा शैली हो । यसको उत्कृष्ट नमुना चाँगुनारायण मन्दिर हो । यस्तै शिखर शैली वा नागर शैलीका नमुना पाटनका कृष्णमन्दिर र महाबौद्ध मन्दिर मानिन्छन् ।

१.५. तीर्थस्थल

पौराणिक ग्रन्थहरूमा नेपाली भूखण्डलाई नै तीर्थस्थलको रूपमा उल्लेख गरिएको पाइन्छ ।[५] नेपालभित्र मुक्तिक्षेत्र, पाशुपत क्षेत्र, रुरुक्षेत्र, बराहक्षेत्र, देवघाट, त्रिवेणी आदि विशेष रूपमा प्रसिद्ध तीर्थहरू छन् ।

१.६. नदी

नेपालका प्रमुख नदीहरूमा सप्तकोशी, सप्तगण्डकी, सप्त कर्णाली, मेची र महाकाली पर्दछन् । यिनमा मिसिने यीबाहेक अन्य अनगिन्ती नदीहरू छन् । नदीमा समेत देवत्व मान्ने नेपालीहरूका निमित्त यस्ता नदीका किनारमा अनेकौँ तीर्थस्थलहरू रहेका छन् ।

१.७. हिमशृङ्खला

नेपाल संसारकै धुरीका रूपमा चिनिन्छ । उच्च हिमाली शृङ्खलामा बाह्रै महिना हिउँ पर्ने हुँदा त्यस्ता

५. स्कन्धपुराण अन्तर्गत हिमवत्खण्ड काशी, २०१३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिमशृङ्खलाहरू विश्वभरिकै मानिसका लागि आकर्षणका केन्द्रबिन्दु बनेका छन् । त्यस्ता उच्च हिमालयहरूमा सगरमाथा, धौलागिरि, माछापुछ्रे, अन्नपूर्ण आदि प्रसिद्ध छन् ।

१.८. नेपाली चाडपर्व

नेपालमा विभिन्न धर्मावलम्बी र जातजातिका मानिसहरू छन् । उनीहरूले विभिन्न प्रकारका चाडपर्वहरू मनाउँछन् । भनिन्छ वर्षमा हुने जम्मा ३६५ दिन भन्दा नेपालमा मानिने चाडपर्वहरूको संख्या बढी छ । विविध भाषा, धर्म, चालचलन भएका नेपालीहरूको आ-आफ्नै चाडपर्वहरू छन् र कतिपय चाडपर्वहरू सबैका एकै किसिमका पनि छन् । ती साझा चाडपर्वहरूमा दशैं, तिहार, बुद्धजयन्ती, कृष्णाष्टमी, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति आदि छन् । यीबाहेक काठमाडौंका चाडपर्वहरूमा गाईजात्रा, इन्द्रजात्रा, बिस्केटजात्रा, घोडेजात्रा, भोटोजात्रा आदि प्रसिद्ध छन् । त्यसै गरी तराईमा छठ र पश्चिमी पहाडमा गौरा पर्व विशेष प्रसिद्ध छन् ।

१.९. वनस्पति

नेपालीले वनस्पतिमा पनि देवत्व रहेको मान्दछन् । त्यसरी दैवी शक्ति रहेको मानिने वनस्पतिहरूमा तुलसी, बर, पीपल, बेल, दुबो, आदि उल्लेखनीय छन् ।

१.१०. जनावर

देवताको स्वरूप मानिने जनावरहरूमा गाई, हात्ती, बाघ आदि छन् ।

१.११. पञ्छी

परेवालाई शान्तिको प्रतीक मानिन्छ भने ढुकुरलाई प्रेमको प्रतीक मानिन्छ । यस्ता विभिन्न चराहरू नेपालमा पाइन्छन् ।

१.१२. प्रस्तर

विभिन्न प्रस्तरहरूमा पनि देवत्वको प्रतिष्ठा दिइन्छ । शालिग्राम विष्णु भगवान्को स्वरूप हो भनी मानिन्छ ।

१.१३. वाद्य

नेपाली धर्म र संस्कृतिमा प्रचलित विभिन्न ठाउँमा रहेका वाद्यहरूको पनि आफ्नै विशेषता रहेको पाइन्छ । त्यस्ता वाद्यमा शङ्ख, घण्टा, मृदङ्ग, नर्सिङ्गा, सहनाइ, मुजुरा, झ्याली, दमाहा, मुरली, बाँसुरी, डम्फू, कर्नाल, सारङ्गी, वीणा, सितार आदि छन् ।

१.१४. नृत्य

नेपालीहरूको संस्कृतिको विशेष रूपमा नृत्य, सङ्गीत, वाद्य रहन्छन् । कलाभित्र नृत्यको विशेष महत्त्व छ । लाखेनाच, भैरवनाच, नवदुर्गानाच, कार्तिकनाच, पाड्दुरे नाच, घाँटु नाच, सोरठी नाच आदि नेपाली संस्कृतिअन्तर्गतका नाचहरू हुन् ।

१. २. महत्त्व

नेपाली सांस्कृतिक सम्पदाका विविध पक्षका आ-आफ्नै विशेषता रहेका हुन्छन् । नेपालमा राजतन्त्रात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था रहेको हुनाले ती विभिन्न राजाहरूको दरबारले सांस्कृतिक महत्त्व पनि बोकेका हुन्छन् । त्यस्तै विभिन्न समयमा बनेका किल्ला, मन्दिर, विहार, स्तुप आदिले विविध धर्म-संस्कृति र सम्प्रदायका मानिसहरूबीचको सहिष्णुतासमेत दर्साउँछन् । यद्यपि हाल लिच्छविकालीन दरबारहरू धराशायी भइसके तर पनि चिनिया स्रोत र नेपालका तत्कालीन अभिलेखबाट त्यस्ता दरबारहरूको बनावट एवं महत्त्वको बारेमा थाहा पाउन सकिन्छ । त्यस्तै अन्य दरबारहरूमा प्रयोग भएका बुट्टेकाठ, झ्याल, स्तम्भ, द्वार, तेलिया इट्टा, प्रस्तर, आदिले तत्कालीन प्रविधिबारे जानकारी दिन्छन् र तिनीहरू पर्यटन व्यवसायका स्रोतसमेत बनेका छन् ।

नेपालका महाभारत पर्वत र चुरे पर्वतीय खण्डमा भीर वा पहराको आड पारी विभिन्न किल्लाहरू बनाइएको पाइन्छ । सामरिक दृष्टिले तिनीहरूको ठूलो महत्त्व थियो ।

यस्तै बौद्ध धर्मका केन्द्रका रूपमा बनेका स्तुप वा चैत्य, विहार र अन्य देवीदेवताका मन्दिरमा पूजा, जात्रा आदिमा सबै नेपालीले भाग लिन्छन् । यिनीहरूले नेपालीहरूबीच सद्भाव बढाउन ठूलो भूमिका निर्वाह गरेका छन् ।

तीर्थस्थलहरूले पनि मानवमा शान्ति, सद्भाव बढाउन सहयोग गरेका छन् । नदी, जनावर, वनस्पति आदिसँगको व्यवहारबाट जीवनयापनमा ठूलो सहयोग प्राप्त हुने गर्दछ । पृथ्वीका समस्त प्राणी एवं वनस्पतिसँग सामञ्जस्य राखी जसरी मानवले आदि कालदेखि सांस्कृतिक विकास गर्दै आए, त्यस्ता सांस्कृतिक धरोहरहरूलाई बेवास्ता गरी आजको मानव समाज रहन कठिन हुन्छ । अतः परम्परालाई आधार मान्दै विकासतर्फ अगाडि बढ्नु श्रेयस्कर हुनेछ ।

१.३. संरक्षणका प्रयास

कुनै पनि वस्तु निर्माण र विनासको चक्रमा पर्ने गर्दछ । त्यस्तै नेपालका सांस्कृतिक सम्पदाको पनि स्थिति रहिआएको पाइन्छ । विकासोन्मुख मुलुकका रूपमा चिनिने नेपालको आर्थिक स्थिति कमजोर हुनाले पनि सदा गाँस, वास, कपासकै समस्या परिरहन्छ । तर पनि व्यक्तिगत रूपमा पनि त्यस्ता कतिपय सम्पदाको संरक्षण हुन सकेको देखिन्छ । सरकारी रूपमा भने सबै क्षेत्रमा दृष्टि पुग्न सकेको छैन । तर पनि लुम्बिनीमा लुम्बिनी विकास गुरुयोजना सञ्चालन हुँदैछ । गोरखादरबार, नुवाकोट दरबार, वसन्तपुर दरबार एवं कतिपय पुराना जीर्ण मन्दिरको मर्मत केही मात्रामा भएको देखिन्छ । समय-समयमा संरक्षण एवं मर्मत-सम्भारको खाँचो सबैमा पर्दछ । अतः सबैप्रति सम्बन्धित व्यक्ति एवं निकायको ध्यान जानु आवश्यक छ ।

१.४. निष्कर्ष

नेपालका सांस्कृतिक सम्पदाहरूमा कुनै प्रकृतिले नै दिएका सम्पदा छन् । तिनमा आघात गर्ने कार्य गर्नु हुँदैन । आघात पर्न गएमा मानवमाथि नै अनिष्ट हुने कुरा समय-समयका प्राकृतिक प्रकोपले देखाइरहेका छन् । परम्परादेखि चल्दै आएका धर्म, चाडपर्व एवं संस्कारसहितका सांस्कृतिक गतिविधि तथा पुर्खाद्वारा निर्मित कतिपय सांस्कृतिक धरोहरको संरक्षण गर्दै आजको समाज अगाडि बढ्न सकेमा मात्र आफ्नो चिह्नहरूलाई जोगाउन सकिन्छ । साथ-साथै सबै मानवप्रतिको मित्रता र सद्भाव बढाएर शान्तिकायम गर्न पनि यसले सहयोग पुऱ्याउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहास जान्नेले ठगिनु पर्दैन

✍ प्रा. डा. राजाराम सुवेदी

हामी सनातनी आर्य हिन्दुहरूको अपौरुषेय ग्रन्थ वेद हाम्रो अमर इतिहास हो । वेदमा समयको मापन दिइएको छ । त्यहाँ त्यो युगका आधार नापिएको छ । पहिलो युग सत्य युग हो । त्यसका १७ लाख २८ हजार वर्ष हुन्छन् । त्यति वर्ष व्यतीत भएपछि अर्को युगको प्रवेश हुन्छ । त्यो दोस्रोको नाम त्रेतायुग हो । त्यस युगका १२ लाख ९६ हजार वर्ष हुन्छन् । त्यति वर्ष व्यतीत भएपछि अर्को युग आउँछ, जसलावई द्वापर युग भन्दछन् । द्वापरयुगका ८ लाख ८४ हजार वर्ष हुन्छन् । त्यति वर्ष व्यतीत भइसकेपछि अन्तिम युग आउँछ जसलाई कलियुग भन्दछन् । कलियुगको अस्तित्व ४ लाख ३२ हजार वर्षसम्म रहन्छ भनी लेखिएको छ । त्यति वर्ष पनि व्यतीत भएपछि पृथ्वीमा प्रलय आउँछ । हिसाब गर्दा मानिसको उत्पत्ति आजभन्दा ४३ लाख ३५ हजार वर्ष पहिले भएको प्रमाणित हुन्छ । हामी हाल कलियुगका मानिस हौँ । हाम्रा पुर्खा सत्ययुगबाटै थिए । उनीहरू नभएका भए वा नि:सन्तान भएका भए हाम्रो अस्तित्व संभव हुने थियो ? हामी सबै नि:सन्तान हुन गयौँ भने हाम्रो अर्को पुस्ताको अस्तित्व रहन संभव छ ? अवश्य छैन । त्यसैले पुराना कुरा, पुराना मानिस, पुरानो चलन, पुराना मन्दिर, पुरानो रीतिथिति, पुराना शास्त्र, पुराना ज्ञानलाई चटक्क छोडिदिए हामी लाटा र जङ्गली बन्न जान्छौँ ।

अहिले कलियुग चलिरहेको छ । कलियुग बितेपछि भयानक प्रलय हुन्छ र सारा जीव, वृक्ष, चट्टान, वायु, जल, पृथ्वी जलमय हुन्छ । त्यसपछि फेरि सत्ययुग उदाउँछ । कुमालेको चक्र र जुवाडीले तास फिटेझैँ युग परिवर्तन भइरहन्छन् । कलियुग कति बित्यो ? भन्ने प्रश्न पनि रहरलाग्दो छ । यस वर्ष २०६० साल विक्रमाब्दमा कलियुगका ५१०४ वर्ष व्यतीत भइसके । यस पटकको कलियुग कहिलेबाट सुरु भयो ? त्यस प्रश्नको उत्तर खोजी गर्न हाम्रा पूर्वजहरूले लेखिछोडेका ज्यौतिषशास्त्र र धर्मशास्त्रका पाता पल्टाउनै पर्छ । कलियुग लाग्ने बेलामा लेखिएको हाम्रो ग्रन्थ महाभारत हो । महाभारतमा भगवान् श्रीकृष्णले ठूलो चलखेल गरेका थिए । महाभारत भनेको भाइ-भाइको मारमुग्री गरेर रगत बगाएको घटनावर्णन हो । त्यो ग्रन्थ हाम्रो इतिहासको पछिल्लो ग्रन्थ हो र पहिले कहिल्यै नभएको घटना, ज्ञान, विज्ञान, दर्शन, नीति, स्मृति, पात्र, संस्कृति, समाज, जातजाति, राम्रो-नराम्रोलाई छुट्याउन सकिने कुराको शिक्षा दिन सक्ने गुरुग्रन्थ पनि हो । कलियुगको सुरु महाभारतको युद्ध समाप्त भई भगवान् श्रीकृष्णको भौतिकरूप समाप्त भएपछि र पाण्डवले राजपाठ त्यागी परीक्षितलाई महाराज घोषित गरेपछि भयो । राजा परीक्षित ३६ वर्षका हुँदा कलियुग आरम्भ भयो । अथवा ३६ वर्षको उमेरमा परीक्षित राजा भए, सिंहासनमा आरोहण गरे । महाभारतको युद्धपछि ३६ वर्षसम्म पाण्डवहरूले हस्तिनापुरको राज्य चलाए । त्यसपछि उनीहरू स्वर्गे भए । हस्तिनापुरको शासन अभिमन्यु र उत्तराको छोरा परीक्षितका जिम्मामा आयो । महाभारतको युद्ध हुँदा भगवान् श्रीकृष्णको उमेर कति थियो ? श्रीकृष्णको उमेर १२४ वर्षको हुँदा कृष्णलीला पूरा भयो । त्यसैले २०६० वि. सं. मा ५१०४ वर्ष कलिकाल छ भने ५१०४ + १२४ = ५२२८ वर्ष कृष्णावतार भएको भयो । १२४ – ३६ = ८८ वर्षको उमेरमा श्रीकृष्णले महाभारतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धमा भाग लिई अर्जुनको सारथी भई उनलाई गीतामृत पान गराएका थिए । भगवान् श्रीकृष्णभन्दा युधिष्ठिर र भीमसेन जेठा र अर्जुन, नकुल, सहदेव कान्छा थिए । त्यसैले महाभारतको युद्ध चल्दा युधिष्ठिर ९५ वर्षका र भीमसेन ९१–९२ वर्षका सिद्ध हुन्छन् । यसबाट पहिलेका मानिसको परमायु (जीवन्तायु) जान्न सकिन्छ । ऋग्वेदमा मानवको परमायु १२५ वर्षसम्म क्रियाशील अवधि भन्ने वर्णन गरेको कुरा माथिका कुराको मेल खान्छ भने यजुर्वेदमा १०० वर्षको परमायु मानेकोले ती वेदहरूका रचनाकालको अन्तर देखा पर्दछ र ठाउँ पनि फरक देखा पर्दछ ।

हाम्रा पुराणमा पृथ्वीको सृष्टि भएको १ अरब ९५ लाख वर्ष भयो भन्ने उल्लेख छ । त्यसैलाई हामीले हेर्ने पात्रोमा सृष्टिसम्वत् उल्लेख गर्ने आधार बनाएको देखिन्छ । पृथ्वी सृष्टि भएको १ अरब ५१ लाख ६५ हजार वर्षपछि मात्र मानिसको पृथ्वीमा उत्पत्ति हुन गएको देखिन्छ । त्यसैले पृथ्वीका सारा योनिका प्राणी उत्पत्ति भइसकेपछि मानवयोनी उत्पत्ति भएको भनिन्छ । घरपरिवारमा गृहस्थीको कान्छो छोरा बाठो भनेझैं पछिल्लो सृष्टि भएको प्राणी मानिस अन्य जनावरका तुलनामा अलि बुद्धिमान् भएको थाहा हुन्छ । बुद्धिमान् यस अर्थमा कि मिलेर बस्नेले सुख पाएको देखिएको हुनाले ।

कलिगत २५ वर्षसम्म पनि परीक्षित महाराजले हस्तिनापुरको शासनको बागडोर थामेपछि उनलाई तक्षक नागले डसी परलोक हुनुपर्‍यो । त्यसरी हिसाब गर्दा महाारतको युद्ध भएको ३६ वर्षपछि राज्यारोहण गरेका राजा परीक्षित ३६ + २५ = ६१ वर्षको उमेरमा परलोक भएको कुरा सिद्ध हुन्छ । त्यति बेलाको त्यति आयु छोटो या अल्पायु नै मानिने हुँदा परीक्षित महाराजका युवक पुत्र जनमेजयले बाबुका शत्रु साधन गर्न सर्पयज्ञारम्भ गरी सारा सर्पहरू विनष्ट गर्ने अभियान चलाए । उनको अभियानलाई बीचैमा स्थगित गर्न लगाइयो । राजा जनमेजयले पुगनपुग १०० वर्षसम्म हस्तिनापुरको राज्य सञ्चालन गरे । त्यसपछि सो वंशमा शतानीक भन्ने राजा भए जसले याज्ञवल्क्यसँग तीन वेद र कर्मकाण्डको अध्ययन र कृपाचार्यबाट अस्त्रविद्या अभ्यास गरे । उनका पुत्र सहस्रानीक उनका पुत्रपौत्र क्रमशः अश्वमेधज, असीमकृष्ण, नेमिचक्र भए । राजा नेमिचक्रको राज्यकालमा हस्तिनापुरमा विशाल बाढी आएकोले त्यहाँ सभ्यता धरतीभित्र पुरियो । त्यहाँ बस्न योग्य नभएपछि नेमिचक्र कौशाम्बीपुर गएर बस्न र राज्य गर्न थालेका थिए । उनका पुत्रपौत्रमा क्रमैले चित्ररथ, कविरथ, वृष्टिमान, सुषेण, सुनीथ, नृचक्षु, सुखीनल, परिप्लव, सुनय, मेधावी, नृपञ्जय, दूर्व र तिमी भए । तिमीका वंशमा बृहद्रथ, सुदास, शतानीक, दुर्दमन, वहीनर, दण्डपाणि, निमि, क्षेमक, आदि सोमवंशी राजाहरू भएका थिए । यसरी जनमेजयपछि २६ जना राजाहरूले २६०० वर्षसम्म राज्य गरे । यसरी जम्मा २७२५ वर्षसम्म कलियुगमा सोमवंशीहरूले हस्तिनापुरको राज्य गरेपछि राज्य समाप्त भयो । (श्रीमद्भागवतमहापुराण, नवमस्कन्ध, २२ अध्याय) ।

संसारका सबै पदार्थका ६ प्रमाणमध्ये कुनै न कुनै विषयअन्तर्गत पर्दछन् । ती ६ प्रमाणमा प्रत्यक्ष (इन्द्रियज्ञानजन्य), अनुमान (अड्कल), शब्द (ध्वनि), उपमान (तुल्यवस्तु), अर्थापत्ति (अर्थालङ्कार) र अनुपलब्धि (अप्राप्ति) आदि पर्दछन् । हाम्रा सारा शास्त्रहरू माथिका ६ वटै प्रमाणका आधारमा तयार परिएका छन् । त्यहाँ उल्लेख गरिएका कुरा कुनै न कुनै किसिमबाट प्रमाण र तथ्यसँग सम्बन्धित रहेका छन् । कलियुगका २७२५ वर्ष बित्ने समयसम्म भारतवर्षमा कुरुवंशको राज्य थियो । महाभारतकालमा भारतमा पुरुवंश, भरतवंश, वाञ्चाल, मगधवंश, अनुवंश, द्रुह्युवंश, तुर्वसुवंश, यदुवंश, विदर्भवंश, सात्वतवंश, मत्स्यविराट्वंश, पर्वतीय राजा, चीनवंश, किरातवंश, कुषाणवंश, सिन्धुवंश, सौवीरवंश, काम्बोजवंश, यवन, महिस्मतिवंश, अवन्ती वंश, केकय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वंश, शाल्व वंश, माद्रेय-जाङ्गल वंश, शूरसेन वंश, पुलिन्द वंश, बोध, माल, कुशल्ष, सोशल्य, कुन्ति, कान्ति, कोशल, चेदी, करुष, भोज, सिन्धु-पुलिन्द, उत्तमाश्व, दशार्ण, मेकल, उतकल, धुरंधर, नैकपृष्ट, गोधा, मद्रकलिङ्ग, काशि, अपरकाशि, जठर, दशार्ण, गोमन्त, मन्दक, सण्ड, विदर्भ, रूपवाहिक, अस्भक, पाण्डुराष्ट्र, गोपराष्ट्र, करीति, अधिराज्य, कुशाद्य, मल्लराष्ट्र, वारवास्य, अयवाह, चक्र, चक्राति, शक, विदेह, स्वक्ष, मलज, विजय, अङ्ग, वङ्ग, कलिङ्ग, यकृल्लोमा, सुदेष्ण, प्रह्लाद, माहिक, शशिक, वाटघान, वाल्हिक, आभीर, कालतोयक, अपरान्त, परान्त, चर्ममण्डल, अटवीशिखर, मेरुभूत, उपावृत्त, अनुपावृत्त, स्वराष्ट्र, केकय, कुन्दापरान्त, माहेय, कक्ष, सामुद्रनिष्कुट, अन्ध, अन्तर्गिरि, बहिर्गिरि, अङ्गमलज, मानवर्जक, सन्तर, प्रावृषेष, भार्गव, पुण्ड्र, भर्ग, सुहृष्ट, यामुन, शक, निषद, निषध, आनर्त, नैऋत, दुर्गाल, प्रतिमत्स्य, कुन्तल, कोशल, तीरग्रह, सुरसेन, इजिक, कन्यकागुण, तिलभार, मसीर, मधुमान्, सुकन्दक, काश्मीर, सिन्धुसौवीर, गान्धार, दर्शक, अभिसार, उलूत, शैवाल, बाल्हिक, दार्वी, वानव, दर्व, वातज, आमरथ, उण, बहुवाध्य, सुदाम, सुमल्लिक, वध, करीषक, कुलिन्द, उपत्यक, वनायु, दश, पार्श्वरोम, कुशबिन्दू, कच्छ, गोपालकक्ष, जाग्ल, कुरुवर्णक, वर्वर, सिद्ध, वैदेह, ताम्रलिप्तक, ओण्ड्र, म्लेच्छ, सैसिरिध्र, पार्वतीय आदि गरी पुगनपुग १६० भन्दा बढी राज्यहरू थिए । राज्यहरूको संख्या समयानुसार थपघट हुने गर्थ्यो ।

नेपालको इतिहासमा गोपाल राजवंशावली अनुसार युधिष्ठिरको राज्यकालमा हिमाली देश नेपालमा गोपालवंशी राजा थिए । भूमिगुप्तले ८६ वर्ष राज्य गरेपछि क्रमशः जयगुप्त ७३ वर्ष ३ महिना, धर्मगुप्त ९१ वर्ष, हर्षगुप्त ६७ वर्ष, भीमगुप्त ३४ वर्ष, मणिगुप्त ३७ वर्ष, विष्णुगुप्त ४६ वर्ष, जिनगुप्त ७१. वर्ष, गरी ८ राजाले जम्मा ५०५ वर्ष राज्य गरे । गोपालवंशपछि महिषपाल राजा वरसिंह ४९ वर्ष जयसिंह ७१ वर्ष, भुवनसिंह ४१ वर्ष गरी ३ वटा राजाले १६१ वर्ष राज्य गरे । त्यसपछि महिषपाललाई हराई किरातहरूले शासन गर्न थाले । सर्वप्रथम सो वंशका राजा एलम् ९० वर्ष, पेलम् ८१ वर्ष, मेलम् ८९ वर्ष, चंमी ४२ वर्ष, धस्कं ३७ वर्ष, वलंच ३१ वर्ष ६ महिना, हुँती ४० वर्ष ८ महिना, हुरमा ५० वर्ष, तुस्के ४१ वर्ष ८ महिना, प्रसफूं ३८ वर्ष ६ महिना, पव ४६ वर्ष, दास्ती ४० वर्ष, चम्ब ७१ वर्ष, कङ्क ५४ वर्ष, स्वनन्द ४० वर्ष ६ महिना, फुकों ५८ वर्ष, सिंधु ४९ वर्ष ६ महिना, जुलं ७३ वर्ष ३ महिना, लंक ४० वर्ष, थोरं ७१ वर्ष, थुंको ८३ वर्ष, वर्म्म ७३ वर्ष ६ महिना, गुंजं ७२ वर्ष ७ महिना, पुष्क ८१ वर्ष, त्यपमि ५४ वर्ष, मुगमं ५८ वर्ष, शसरू ६३ वर्ष, गुंराँ ७४ वर्ष खिम्बुं ७६ वर्ष, गिरिजं ८१ वर्ष खुरांज ७८ वर्ष र खिंगु ८५ वर्षसम्म राजा भए । किरातवंशका जम्मा ३२ राजाहरूले पालैपालोसाग जम्मा १९३५ वर्षभन्दा बढीसमयसम्म राज्य गरेको कुरा थाहा हुन्छ । गोपाल राजाहरू ५०५ वर्ष, महिषपालहरू १६१ र किरात राजा १९३५ गरी जम्मा २५६६ वर्ष राज्य गरेको देखिन्छ । (गोपाल राजववंशावलीका पृष्ठ १७–१८) ।

नेपालको इतिहास तयार पार्दा महाभारतको युद्ध र कलिगत संवत्लाई मापक मान्नुपर्ने हुन्छ । भारतमा कुरुवंशीले २७२५ वर्ष राज्य गर्दा नेपालमा गोपाल (सायद यादवहरूको हत्याकाण्डबाट विस्थापित गोपालहरू नेपाल पहाडका खोंचहरूमा पसे), महिषपाल र किरातवंशीहरूले जम्मा २५६६ वर्ष राज्य गरेको थाहा हुन्छ । कलिगत २५६६ (२६–२७००)मा नेपालमा लिच्छविवंशको शासन स्थापना भयो । विक्रमसंवत् आरम्भ हुनुभन्दा ३०० वर्षपूर्वकालबाट लिच्छविहरूले नेपाल पसेर किरातहरूलाई अपदस्थ पारेका थिए । लिच्छविवंशका पहिला राजा लिच्छवि नामका व्यक्ति थिए । उनले विक्रमपूर्व ३०० मा यहाँ नेपालमा नयाँ वंशको राज्य स्थापना गरेको कुरा ऐतिहासिक स्रोतहरूबाट पुष्टि हुन्छ । ती नयाँ वंशका राजालाई लिच्छवि र उनको वंशलाई लिच्छवि नै भन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थालियो । लिच्छविका छोरा निमित्तकाल ५० वर्ष, मकरान्त ४१ वर्ष, काकवर्मा ७६ वर्ष, सुपुष्पदेव ७६ वर्ष, भाष्करदेव ७४ वर्ष, भूमिगुप्त ४१ वर्ष, चन्द्रवर्मा २१ वर्ष, जयवर्मा ४५ वर्ष, (वि. सं. २४०), वर्षवर्मा ५८ वर्ष, कुवेरवर्मा ७४ वर्ष, हरिवर्मा ५६ वर्ष, सिद्धिवर्मा ४१ वर्ष, हरिदत्त वर्मा ४६ वर्ष, वशुदत्त वर्मा ३० वर्ष, श्रीपति वर्मा ३४ वर्ष, शिववृद्धिवर्मा ७५ वर्ष, वसन्त वर्मा ४१ वर्ष, सुपुष्प वर्मा ५६ वर्ष, विश्व (वृषदेव) १०० वर्ष, शङ्करदेव ४० वर्ष, धर्मदेव ४१ वर्ष, मानदेव ४१ वर्ष, (वि. सं. ५२१ देखि ५६२) महीदेव ४१ वर्ष, वसन्तदेव ४९ वर्ष, उदयदेव ४५ वर्ष, गणदेव ४५ वर्ष, गुणकामदेव ५० वर्ष, शिवदेव द्वितीय ४१ वर्ष छ महिना, चम्पादेव ४१ वर्ष ९ महिना, नरेन्द्रदेव ३४ वर्ष, भीमदेव १४ वर्ष, जीवगुप्त ७४ वर्ष, विष्णुगुप्त ४५ वर्ष, शिवदेव ४१ वर्ष, अंशुवर्मा ४३ वर्ष, मानवर्मा ६५ वर्ष, कृतवर्मा ७६ वर्ष, देवलदेव १० वर्ष, ध्रुववर्मा १०८ वर्ष, भीमार्जुनदेव ३५ वर्ष र नरेन्द्रदेवले १३ वर्ष राज्य गरे । *(अर्को अङ्कमा क्रमशः ....)*

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै
'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको
उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

विक्रमबहादुर थापा
सभापति
जि. वि. स. को कार्यालय, काठमाडौं
सिनामङ्गल, काठमाडौं

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नगरप्रमुख
धरान नगरपालिका परिवार
सुनसरी

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औं शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नगरप्रमुख
विराटनगर नगरपालिका परिवार
मोरङ्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गीताको दार्शनिक पृष्ठभूमि

✍ प्रा. उपेन्द्रकुमार कार्की

सर्वव्यापी कृति

गीताको प्रसिद्धि सदियौँ पहिले चीन र जापानसम्म फिँजिएको थियो । महायान बौद्ध सम्प्रदायमा यसको प्रभाव अनुभव गर्न सकिन्छ । पछि गीता पश्चिमेली विश्वतिर लागेको थियो । जर्मनका संस्कृत विद्वान् जे. डब्लु ह्युअर (J. W. Hauer) ले यसको गहन अधययन गरेका थिए । पछि उनले गीतालाई जर्मन आस्थाको एउटा अंशमा नै रूपान्तरण गरिदिएका थिए । उनले गीतालाई अमर कृतिको शिखरमा उकास्ने काम गरेका थिए ।

गीताको उपदेश भारतीय उपमहादेशमा मात्र खुम्चिएको छैन, वरिपरिको सीमारेखालाई नाघेर यसको उपदेश सर्वव्यापी भइसकेको छ । बाह्र लाखभन्दा बढी यसका प्रतिहरू छरपष्ट भइसकेका छन् । जतिजति यसको गहिरिएर अध्ययन गरिन्छ त्यतित्यति यसको अर्थ बेग्लाबेग्लैरूपमा प्रस्तुत गरिन्छ । कसैले यसलाई बौद्धिकताको चुलीमा पुगेका प्रकाण्ड विद्वान्हरूको खुराक मान्दछन्, कसैले भाषागत सरलताको उदाहरण मान्छन्, सकैले यसलाई रहस्यको पोको ठान्छन्, कसैले यसलाई वेदको सार भन्छन् । गीताले ईश्वरका गुण, महानता र रहस्यलाई त्यस किसिमले व्याख्या गरेको छ जसको उल्लेख अरू वैदिक साहित्यमा धुइँपताल गरे पनि पाउन सकिँदैन । गीताका रचनाकार वेदव्यासले यसको अध्ययन सबैका लागि खुला भएको कुरा बताएका छन् । जुनसुकै मानिस जसले आफ्नो कल्याणको इच्छा प्रकट गर्छ उसले सम्पूर्ण भ्रमको जालो पन्छाएर यसको अधययन गर्न, मनन गर्न सक्छ र आफ्नो व्यवहारमा यसको अर्ती प्रयोग गर्न सक्छ । गीताज्ञानको सदुपयोग गरेर गृहस्थले आफ्नो जीवन अगाडि लम्काउन प्रशस्त प्रेरणा फेला पार्न सक्छ, सन्न्यासीले आफ्नो चेतनतह उन्नत पारेर मुक्तिको मार्ग प्रष्ट रूपमा देख्न सक्छ, क्रान्तिकारीले आफ्नो ध्येय सजिलै फेला पार्न सक्छ र कर्मवीर यताउता नअलमलिएर कर्मको केन्द्रबिन्दुतिर लम्कन सक्छ ।

गीताका सङ्गीतमय प्रकाह र चामत्कारिक उक्तिशैलीलाई अरू माध्यमबाट अभिव्यक्त गर्न हम्मे नै पर्छ । यसको व्याख्या गर्दा वैचारिक पक्षलाई जसोतसो श्रोतामाझ सम्प्रेषित गर्न सकिएला, तर यसको सुरताल मौलिक शैलीमा कायम राख्न जोसुकैलाई गाह्रो पर्छ । गीताप्रति हुरुक्क हुनेको ठम्याइ के छ भने विज्ञानका मूल्य यसका प्रविधि त्यही स्थितिमा प्यारो लाग्छ जब परिस्थिति शान्तिमय हुन्छ कतै खलबल हुँदैन र द्वन्द्वको परिणतिले आङ् सिरिङ्ग गराउँदैन । परिस्थिति चर्किनासाथ विवेकलाई सुम्सुम्याउँदै मानवताको शरणमा पर्नैपर्छ । वैज्ञानिक प्रविधिको कार्य भनेको आफ्नो उत्तरदायित्व फत्ते गर्नु हो, कार्य पूरा गर्दा यसले ठीक र बेठीक छुट्याउँदैन, सामर्थ्यअनुसार कार्य सम्पादन गर्न लागिरहन्छ, परिस्थिति विकराल भएपछि मानवताको सहायता लिन हारगुहार गर्नैपर्ने हुन्छ । गीताको वैचारिक पक्ष ठीक छ भन्दै अर्को पक्षको तर्क के छ भने कुनै पनि लक्ष्यपूर्तिको साधनको रूपमा विज्ञान र मानवताको प्रयोग गर्नु विवेक हो । साधनलाई लक्ष्य पक्कै बनाउनु हुँदैन, साधनले लक्ष्यपूर्तिलाई सजिलो बनाइदिन्छ । विज्ञानले छिटो लक्ष्यपूर्ति गराइदिन्छ भने मानवताले मानवीय क्षतिलाई कम गराइदिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तुलित साधन वा संस्कृतिले दुई पाटामाझ सामञ्जस्यता कायम गराउँछ । जीवनलक्ष्य खुट्याउनका लागि यस्तो तर्क प्रस्तुत गर्नेहरू गीतालाई अमूल्य सहयोगी मान्छन् । गीताबाट जीवनको उच्चतम लक्ष्य पहिल्याउन सकिने तर्क दिन्छन् । मानिसले आफ्नो ठम्याइअनुसार जीवनलक्ष्य रोज्छन् । कोही सुखमय जीवन रोज्छन्, कोही सेवामुखी, कोही आनन्दमुखी र कोही भौतिकतामय जीवनलाई नै सर्वोच्च ठान्ने गर्छन् ।

कुन शास्त्र हो ?

दार्शनिकहरूको ठम्याइमा गीतालाई दार्शनिक संहिताभन्दा धार्मिक शास्त्र (Classics)कै मान्यता प्रदान गरिन्छ । यसमा दार्शनिक विश्लेषणको तुलनामा काव्यात्मक सुवास प्राप्त गर्न सकिन्छ । सबै धर्म र सम्प्रदायका यात्रुहरू ईश्वरीय वासस्थानमा पुग्न आफूअनुसारको बाटो यसमा सजिलै फेला पार्न सक्छन् । धर्मका पनि बेग्लाबेग्ले रूपहरू यसले औँल्याउने गर्छ । वैज्ञानिक युगको आँगनमा भौतिक सुखमा लडीबुडी खेल्नेले पनि गीताको अध्ययनबाट आनन्द प्राप्त गर्न सक्छ । पूजापाठ, भजन-कीर्तन र रीतिथितिको औपचारिकता पूरा गर्नेलाई पनि धर्मको बाटो यसले देखाउन सक्छ । आध्यात्मिक जीवनका थरीथरीका पाटाहरू यसले देखाउने गर्छ । गीताको मूल भन्नै पऱ्यो भने धार्मिक जीवनबाटै प्रवाहमय भएकोले यसलाई धार्मिक शास्त्रकै क्षेत्रमा राख्ने गरिएको हो । गीताले कुनै निश्चित वैदिक सम्प्रदायलाई उकास्ने गर्दैन, यसले सम्पूर्ण सम्प्रदायलाई आफ्नो नजिक तान्ने गर्छ । शैव, वैष्णव, शाक्त र अरू सबैलाई आफूपछि लगाएर यसले वैदिक धर्ममा सर्वव्यापीकरण गरेको छ । विधर्मीदेखि नास्तिकसम्म यसभित्र आश्रय पाउन सक्छन् । गीतामा अस्तित्व मूल्यसँगै शाश्वत मूल्यसमेत फेला पर्न सकिन्छ । तर्कसँगै नैतिक धरातलसम्म पुग्न सकिन्छ । भौतिक जगत्सँगै आध्यात्मिक अदृश्य संसारसम्म पुग्न सकिन्छ । गीताले भौतिक संसारलाई तुच्छ भन्दै घृणा गर्दैन, भौतिक संसारलाई राम्रो र नराम्रोमाझको संघर्षको थलो हो भन्दछ । भौतिक संसारका सम्पूर्ण चर्तिकलाप्रति ईश्वरीय अस्तित्वलाई अति नै चाख हुन्छ । कुनै पनि गल्ती गर्नबाट, कुरूपताको सृजना गर्नबाट र द्रष्टालाई निम्तारु बनाउनबाट ईश्वरीय स्नेह खन्याएर सकेसम्म छेक्ने गरिन्छ, तर मानिस अज्ञानताको भासमा फसेकोले स्नेहको अर्थ नै ऊ बुझ्दैन । यसरी गीतामा दार्शनिकभन्दा धार्मिक काव्यात्मकताको सिरसिरे बतास एकनासले चलिरहन्छ । गीताले सर्वोच्चतालाई वैयक्तिक ईश्वरको रूपमा परिकल्पना गरेको छ जसले प्रत्यक्षीकरण प्रकृतिबाट विश्वको सृजना गर्छ । ईश्वर सबैको आत्मामा विराजमान हुन्छ । ज्याकोब बोहेमको ठम्याइअनुसार पिताको कार्य भनेको सृजना गर्नु हो, पुत्रलाई अवतारको नमुना मान्न सकिन्छ । सर्वोच्चको दुई स्वरूप हुन्छ– उच्च (परा, निर्गुण) र निम्न (अपरा, भौतिक) । ईश्वर दुवैप्रति उत्तरदायी हुन्छ । ईश्वरबाट प्रत्यक्षरूपमा दुष्टता गरिँदैन, अप्रत्यक्षरूपले वा जीवको त्रुटिबाट दुष्ट फल प्राप्त गर्न सकिन्छ ।

वैचारिक पक्ष छैन त ?

गीतालाई धार्मिक शास्त्र मात्र भनेर हुँदैन । यसमा दार्शनिक वा वैचारिक पक्ष पनि छताछुल्ल छ । तत्त्वशास्त्रीय (Metaphysical) दृष्टिकोणअनुसार गीताले कुनै पनि किसिमको तर्क प्रस्तुत गरेको छैन । तर्क त्यस बेला मात्र प्रस्तुत गरिन्छ जब सत्य ठम्याउन हम्मे पर्छ । भाष्यकारहरूले गीतालाई निरपेक्ष्य सत्य मानेकाले तर्क गर्नुपर्ने आवश्यकता नै देखिँदैन । सर्वोच्च सत्यलाई कुनै पनि प्रश्न ठड्याएर समाधान गर्न सकिँदैन, द्वन्द्वात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रणालीबाट प्राप्त उत्तरका भेउ सर्वसाधारणले पचाउनै सक्दैन, आध्यात्मिक अनुभवबाट मात्र ब्रह्मको अस्तित्व खुट्याउन सकिने ठोकुवा गीताका व्याख्याकारबाट प्रस्तुत गरिएको छ । गीताको दार्शनिक पृष्ठभूमि उपनिषद्मा आधारित छ । उपनिषद्ले सर्वोच्च ब्रह्मरूपी सत्यलाई स्वीकार गरेको छ । ब्रह्म कुनै पनि गुणबाट टाढा हुन्छ, उसको साइनो मानिसको गहिरो स्वसँग गाँसिएको हुन्छ । ब्रह्म भन्नै पऱ्यो भने विशुद्ध विषयवस्तु हो, उसको अस्तित्वलाई बाह्य वस्तुगत संसारको परिप्रेक्ष्यमा अभिव्यक्त गर्न सकिँदैन ।

ब्रह्मको बारे कुनै पनि वर्णन पटक्कै प्रस्तुत गर्न सकिँदैन । ब्रह्म अद्वैत (Non-dual) छ, जब सबै किसिमका द्वैत (Dualities) सर्वोच्च पहिचानमा विलीन हुन्छ, त्यसपछि मात्र ब्रह्मको पहिचान हुन सक्छ । भगवद्गीताले उपनिषद्को यही दृष्टिकोणलाई आत्मसात् गरेको छ । ब्रह्मलाई प्रदर्शन गर्न सकिँदैन, त्यसका बारे कुनै पनि सोचाइ प्रस्तुत गर्न सकिँदैन र यो परिवर्तनशील पनि छैन । ब्रह्म गतिशील छैन, तैपनि यो गतिशील भइरहन्छ । ब्रह्मका दुई किसिमका स्वरूप छन्– सगुण र निर्गुण । ऊ परा र अपरा दुवै हो । संसारको भित्री र बाह्य दुवै पाटा हो । यही नै गीताको तत्त्वमीमांसा हो । उपनिषद् विश्वतिर अर्थपूर्ण दृष्टिले हेर्छ । सर्वोच्च त्यही हो जसबाट सम्पूर्ण प्राणी निसृत हुन्छ । वैदिक साहित्यको ठम्याइमा ईश्वर त्यही हो जो आगोमा, पानीमा र हावामा विराजमान छ, जो सम्पूर्ण ब्रह्माण्डबाट पर छ र रूख र चराचर जगत्मा पनि आस्तित्ववान् छ । सत्य ब्रह्माण्डभन्दा पर, शाश्वत र समयविहीन छ ।

पश्चिमेली विद्वान् कोलोफोन गीतालाई तत्त्वशास्त्रीय र नैतिकशास्त्रीय दुवै गुण भएको ग्रन्थ मान्दछन् । उनैको ठम्याइमा यसलाई ब्रह्मविद्या र योगशास्त्र पनि भन्न सकिन्छ । यसलाई यथार्थको विज्ञान र यथार्थसँग साइनो गाँसिएको कला पनि भन्न सकिन्छ । आध्यात्मिक तत्त्वका कारण त्यसैले बुझ्न सक्छ जो कडा अनुशासनको पालन गर्छ । लरतरो पाराले आध्यात्मिक तत्त्वका बारे कुनै पनि भेउ प्राप्त गर्न सकिँदैन ।

एल्डस हक्स्ले गीताको वैचारिक पक्षको उत्खनन गर्दै के भन्छन् भने "यो अनित्य दर्शन (Perennial Philosophy)को सत्य रूप हो । यसमा शाश्वत मूल्यहरू छन् जुन जोसुकैका लागि अनुकरणीय छन् । यस्तो दर्शनको उदाहरण कहीँ पनि फेला पार्न सकिँदैन ।"

गीताको वैचारिक पक्षको सार भनेको मानिसका जीवनबाट आध्यात्मिक सत्य पटक्कै अलग छैन, दुवै पक्ष अभिन्न रूपमा एकदोस्रोसँग गाँसिएका छन् । यथार्थका दुई पाटा, भौतिक र परा एकदोस्रोसाग अभिन्न रूपमा गाँसिएका छन् । वैचारिक दृष्टिले गीतालाई उपनिषद् पनि भन्ने गरिन्छ । यसले वैचारिक पक्ष उपनिषद्बाट लिएको छ : गीताले यथार्थको प्रतिबिम्ब प्रष्टरूपमा देखाएको छ । मानिसका लागि एउटा नौलो बाटो देखाएको छ जसको अनुसरणबाट मुक्ति प्राप्त गर्न सजिलो हुन्छ । वैदिक धर्ममा देखा परेका वैचारिक द्वन्द्वलाई गीताले समाधान गर्दै एउटा ठोस संश्लेषण प्रस्तुत गरेको छ ।

मुक्तिमार्ग

पूर्णता प्रप्त गर्ने तीनवटा बाटा छन्– ज्ञान, भक्ति र कर्म । यिनलाई सैद्धान्तिक, संवेगात्मक र व्यावहारिक मार्ग पनि भन्न सकिन्छ । यस दृष्टिकोणअनुसार व्यक्तित्व विभिन्न किसिमका हुन्छन् । कुनै प्रतिबिम्बात्मक खालको हुन्छ भने कुनै संवेगात्मक र कुनै सक्रिय पनि हुन्छ । यी तीनवटै रूप आपसमा गाँसिएका हुन्छन् ।

सैद्धान्तिक ज्ञान प्राप्त गर्नुछ भने ब्रह्म नै प्रकाशमान ज्योति हो जहाँ प्रेम, सौन्दर्य र पवित्रता छताछुल्ल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । ज्ञान लक्ष्य र बाटो दुवै हो जुन ब्रह्ममा विलीन हुन्छ । ज्ञान बौद्धिक र आध्यात्मिक किसिमको हुनछ । वैज्ञानिक वा विभेदीकरण ज्ञानबाटै विवेक (Wisdom) प्राप्त गर्न सकिन्छ । अर्जुनले आँखाबाट सत्य देख्न सकेनन्, सत्यको दर्शन गर्न उनलाई श्रीकृष्णको माध्यमले दैवी आँखा प्राप्त गर्नु परेको थियो । उनले दैवी आँखा प्राप्त गरेर मात्र विवेक प्राप्त गर्न सके । भौतिक संसारको घेराभित्र सीमित ज्ञानले मानिसलाई टाढासम्मको यात्रा गराउँदैन, निरपेक्ष सत्यको नजिक पुऱ्याउँदैन । मानिसलाई आफ्नै स्वार्थको वरिपरि सीमित परिदिन्छ । बौद्धिक ज्ञानबाट मात्र मानिस आध्यात्मिक ज्ञानतिर फड्को मार्छ । त्यसपछि उसले सबै कुरा छर्लङ्ग देख्न सक्ने क्षमता प्राप्त गर्छ भन्ने सन्देश गीतामा प्रवाहित भएको छ ।

गीताद्वारा स्वीकृत तत्त्वशास्त्र सांख्यदर्शबाट निसृत छ । आत्मा, ईश्वर र बन्धनको चक्रबाट सबैले पार पाउनुपर्छ । ईश्वरको माध्यमबाट सबै किसिमका बन्धनबाट मुक्ति प्राप्त गर्न सकिन्छ । सांख्य दर्शनले द्वैतवादलाई पुरुष (Self) र प्रकृति (Non-self) माझ विभक्त गरेको छ । गीताले सांख्यदर्शनमा परिमार्जन गरी पुरुष र प्रकृतिलाई ईश्वरको अधीनमा पुऱ्याएको छ । पुरुष चेतनजीवनमा देखिने सम्पूर्ण परिवर्तनको सारतत्त्व हो । पुरुषलाई आत्मा भन्न सकिँदैन, यो त निष्क्रिय तत्त्व हो । यो न त संसारबाट निसृत छ, न त त्यसको अधीनमा नै छ । मानिस पुरुष होइन, पुरुषको प्राप्तिपछि नै मानिसमा यसको प्रवेश हुन्छ । प्रकृति पनि अर्को निरपेक्ष सिद्धान्त हो । यसको प्राप्ति विभेदीकरण तत्त्वबाट हुने गर्छ जसबाट सहसम्बन्ध स्थापित हुन्छ । सांख्यको ठम्याइमा सम्पूर्ण मानसिक र भौतिक घटनाक्रम प्रकृतिको विकासको परिणाम हुन् । विभिन्न अनुपातमा प्रकट भएर नै बेग्लाबेग्लै विभिन्न खाले अस्तित्व देखिने गर्छन् । पदार्थ हलुङ्गो (सत्त्व), गति (रजः) र गहुङ्गोपन (तमस्) रूपमा सक्रिय हुन्छ । गीताले सांख्यको द्वैतवादलाई ईश्वरमा समाहित गराइदिएको छ ।

पूर्वउपनिषद् साहित्यमा गीताको उल्लेख कतै भएको पाईदैन । उत्तर उपनिषद् कालमा गीताको रचना भएको हो । यार्बे (Yarbe)को विश्लेषणमा थालनीमा सांख्ययोग मीमांसाको रूपमा गीताको रचना भएको थियो । पछि मात्र श्रीकृष्ण र वासुदेव मतले यसमा प्रवेश गरेको हो । वैदिक परम्परालाई अक्षुण्ण राख्न श्रीकृष्णलाई विष्णुसँग तादात्म्य गरिएको हो । वेदान्त मतावलम्बीहरूले यसलाई वर्तमान स्वरूप प्रदान गरेको तर्क पनि प्रस्तुत गरिन्छ । गीतालाई विष्णुको नमुनामा ढालिएको पनि उल्लेख गरिन्छ ।

अर्काथरीको सामान्यीकरणअनुसार भारतीय उप-महाद्वीपमा ब्रह्मसूत्र र उपनिषद्का विभिन्न सम्प्रदायहरू उत्पन्न भए र आपसमा विवाद चरमचुलीमा पुग्यो । बौद्ध मतावलम्बीहरू कम हुँदै गएका थिए । ब्रह्म र यसको संसारसँगको साइनोबारे विभिन्न खाले व्याख्याहरू प्रस्तुत गर्न लागियो । कोही अद्वैत (Non-dualism)को व्याख्या गर्न लागे, कोही विशिष्ट अद्वैत (Qualified non-dualism)को संरक्षणमा जुटे, कोही द्वैत (Dualism) वा पुरुष र प्रकृति नै निर्धारक तत्त्वहरू हुन् भन्दै घम्साघम्सी गर्न लागे, अर्काथरी शुद्ध अद्वैत (Pure non-dualism)को बारे कुर्लिन थाले । यस्तो स्थितिमा गीताले धार्मिक चिन्तन र मूलतत्त्वका बारे आफ्नै प्रणालीको विकास गऱ्यो । गीताको उद्घोष के छ भने शाश्वत सत्यबारे एउटै सूत्र वा दृष्टिकोणबाट व्याख्या गर्न सकिँदैन । गीताले शङ्कराचार्य (ई. ७८८–८२०)को व्याख्यालाई पनि समेटेको छ । उनले संसारको मूलतत्त्व एउटै छ भनेका छन् जुन ब्रह्मबाहेक अरू केही पनि होइन । कर्मलाई उनले मस्तिष्कको शुद्धीकरणका लागि आवश्यक ठानेका छन् ।

रामानुज (११ औं शताब्दी)ले आफ्नो व्याख्यामा विश्व भ्रम को भनी कर्मको त्याग गर्नुपर्ने प्रस्तावनालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अस्वीकार गरेका छन् । संसार भ्रम भए पनि वास्तविकता हो । संसार र ईश्वरलाई उनले शरीर र आत्माको रूपमा स्वीकार गरेका छन् । सबैको साङ्गोपाङ्गलाई सामान्यीकरण गर्दै गीता के भन्छ भने ऋषि र महात्माले आवश्यक सत्यलाई बेग्लाबेग्लै दृष्टिकोणले व्याख्या गरेका छन् । शारीरिक दृष्टिकोणले हेर्दा म तिम्रो सेवक हुँ, अहंको दृष्टिकोणले म तिम्रै अंश हुँ, पुरुषको दृष्टिकोणले म तिमी नै हुँ । यो नै ठम्याइ हो । ईश्वरको अनुभव तिमी र मजस्तै हुन्छ वा वायुयानमा केन्द्रित चेतनाझैं हुन्छ ।

सन्दर्भसामग्री

Bernett, L. D., 1950, The Bhagavadgita, London.
Radhakrishnan, S., 1953, The Bhagavadgita, London.
Sharma, D. S. 1937, The Bhagavadgita, London.
Telang, K. T., The Bhagavadgita.

मङ्गलमय शुभकामना !
श्री ५ युवराजाधिराज
पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको
सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछौं ।
पुष्पदास श्रेष्ठ
डि. एम. डि
एलायन्स इन्स्योरेन्स कम्पनी लि.
दरबार मार्ग, काठमाडौं

मङ्गलमय शुभकामना !
श्री ५ युवराजाधिराज
पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको
सुस्वास्थ्य एवं दीर्घायुको
कामना गर्दछौं ।
माधव खनाल
अध्यक्ष
एम्. के. निर्माण सेवा प्रा. लि. परिवार
बबरमहल, काठमाडौं

मङ्गलमय शुभकामना !
श्री ५ युवराजाधिराज
पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको
सुस्वास्थ्य एवं दीर्घायुको
कामना गर्दछौं ।
भुवनदेव पन्त
तथा लोगो इन्डस्ट्रिज प्रा. लि.
परिवार, भक्तपुर

मङ्गलमय शुभकामना !
श्री ५ युवराजाधिराज
पारस वीरविक्रम शाहदेव सरकारको
३३ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको
सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु ।
विष्णु वाग्ले
सभापति
जि. वि. स. को कार्यालय
भरतपुर, चितवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बलिप्रथाः एक दृष्टि

✍ दिवाकर बास्तोला
स्थानीय विकास अधिकारी, स्याङ्जा

नेपालका प्रायः सबै क्षेत्र र सबै समाजमा आफ्नो इष्टसिद्धिको निम्ति देव-देवीको मन्दिरमा भाकल गर्ने, बलि दिने चलन भएको पाइन्छ । यो बलि दिने प्रथा कहिलेदेखि कसरी चलेको हो सायद कमैलाई मात्र थाहा होला । जे होस् धेरै पहिलेदेखि नै यो चल्दैआएको छ र अद्यापि पूर्ण विश्वासका साथ चलिरहेको छ । यसको वर्तमान स्थितिलाई हेर्दा यसको आयु धेरै लामो हुन नसक्ने देखिन्छ ।

प्रत्येक व्यक्तिको जीवनमा दुःखद क्षण अवश्य आएकै हुन्छ । प्रत्येक दुःखद क्षणमा ईश्वरप्रति नजिकमा मन्दिरका देव-देवीप्रति श्रद्धा र विशवासका साथ पुकारा गर्दै पूजा गर्ने, शरण पर्ने चलनले व्यापकता लिएकै छ । यसरी एउटै व्यक्ति जीवनमा कैयौं पटक देव-देवीको मन्दिरमा धाउने गर्दछ । प्रत्येक पटक भाकल गर्ने र बलि दिने गर्न नसके पनि २-३ पटक भने धरैजसो मान्छेले त्यसो गरेकै हुन्छन् । यसरी प्रत्येक व्यक्तिको हिसाब गर्दा बलिको प्रतिशत जनसंख्या भन्दा दोब्बर तेब्बर भएको पाइन्छ । एउटा जीवन सुखपूर्ण जिउने आसमा ३-४ वटा प्राणीलाई देवतालाई नै साक्षी राखी खतम गर्ने गरिन्छ । यो प्रथा हिन्दुहरूको निम्ति निन्दनीय विषय हो ।

यही बलिकै कुरालाई लिएर मेरो एकदिन एकजना महिलासँग बातचित भएको थियो । म एक गाउँमा जान उकालो चढ्दै थिएँ । बाटामा एकजना महिला ३-४ महिनाको पाठो डोऱ्याएर आउँदै थिइन् । पाठो हिँड्न गाह्रो मानिरहेको थियो । उनले काँधमा ३-४ वर्षको आफ्नो बच्चालाई बोकेकी थिइन् । पाठो म्याँ-म्याँ गरेर कराइरहेको थियो । त्यो दृश्य देखेर मलाई जिज्ञासा लाग्यो र मैले उहाँलाई सोधेँ–

यो पाठो कता लिएर जाँदैहुनुहुन्छ ? बिचरा हिँड्नै सकेको छैन ।

जाने त मनकामना हो । बजिया हिँड्दै हिँडेन, दुःख दिने भयो । आधा दिन गैसक्यो, भरेसम्ममा नपुगी भा'छैन ।

पाठो हिँडेन त के भयो ? कहिँ छोडिदिनुस् । अनि तपाईं जानुस् ।

मनकामना माईलाई भाकल गरेको छ । अस्ति नै लगिसक्नुपर्ने, ढिलो भयो, देवी रिसाएर हो कि यो कान्छो छोरो बिरामी हुन थालेको छ । अब पनि नलाने हो भने त के-के हुन्छ । .....।

पाठोलाई लगेर के हुन्छ र ?

पाठोलाई बलि दिएपछि देवी खुसी हुन्छिन्, छोरालाई निको हुन्छ ।

यति सानो पाठो हेर्दै माया लाग्ने, यसलाई बलि दिएर कहिँ देवी खुसी हुन्छिन् ? बरु रिसाउलिन्, उल्टै पाप लाग्छ ! महापाप ! तपाईं भन्नुस् त त्यो पाठोको मुख हेरेर, तपाईंलाई माया लाग्छ कि लाग्दैन ?

लाग्छ ।

तपाईंको केही बिगार गरेको यसले ?

छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि किन त ? यसलाई बलि दिन लाग्नुभयो ?

यसलाई पालेको आउँदो दसैंलाई भनेर, त्योभन्दा अघि नै बच्चा बिरामी भएकोले देवीमन्दिरमा भाकल गर्नुपर्‍यो र अहिले ल्याएकी ।

आफूले पालेकोलाई आफैंले मार्दा तपाईंको चित्त दुख्दैन ? आफ्नो बच्चा पनि त पाल्नुभएको छ नि के उसमाथि यस्तो विचार कहिल्यै गर्न सक्नुहुन्छ ?

तपाईंले पनि कस्तो कुरा गर्नुभएको, बाखाको पाठो र मान्छेको बच्चा कहिँ एकै हुन्छन् त ?

हुन त दाजुभाइ पनि एकै हुँदैनन्, तर बाबु-आमाले एकै देख्दैनन् ? दुई दाजुभाइमा १ भाइ बिरामी भयो भने अर्को दाजुलाई मारिदिने ? के एउटालाई मारेर अर्कोलाई निको हुन्छ ? निको हुने भए पनि मार्न कुनै बाबु-आमा चाहन्छन् ? मारेमा तपाईंलाई चित्त बुझ्छ ?

.....।

बोल्नु न, जवाफ दिनुस् ।

.....।

तपाईं बोल्न सक्नुभएन । अहिले असारको समय सबै किसानलाई खेतीको कामले फुर्सद छैन । एक घण्टा आराम लिँदा पनि थुप्रै नोक्सान हुन सक्ने बेला एउटा घरको मूल खम्बा तपाईं, घरको सबै काम चटक्कै छाडेर निरीह निर्दोष सानु प्राणीको केवल हत्या गर्ने उद्देश्यले आफैंलाई दुःख दिँदै त्यस विचरो पाठोलाई समेत दुःख दिँदै हिँडिरहनुभएको छ । यो सबै कुरा तपाईंलाई चित्त बुझ्दो छ ?

खै.....।

हेर्नुस्, विश्वास इच्छापूर्तिको सजिलो माध्यम हो । सबै कुरा विशवासमा मात्र संभव हुन्छन् । विश्वासविना कुनै पनि कुराहरू साध्य हुन सक्दैनन् तर विश्वास सही कामको लागि सही रूपले गरिएको हुनपर्दछ । सर्वप्रथम आफूलाई पूर्णमात्रामा चित्त बुझ्दो हुनुपर्दछ । तबमात्र विश्वास प्राप्त हुन सक्छ । अज्ञानतावश गरिएको विश्वासले आफूलाई र अर्कोलाई पनि धोखा दिन्छ । सत्यमा असत्य र असत्यमा सत्य देखिन सक्छ । राम्रोमा नराम्रो अनि नराम्रोमा राम्रो लाग्न सक्छ । विश्वास अर्काको चित्त बुझाइको निम्नि मात्र नभई आफ्नो चित्त बुझाइको निम्ति पनि हो । तपाईंमा यो पाठोलाई बलि दिएमा छोरालाई निको हुन्छ भन्ने विश्वास होला, त्यही विश्वासले यो दुःख गर्दै हुनुहुन्छ । के यो विश्वास ठीक छ ?

खै..... ।

मैले भनेको मान्नुहुन्छ भने यो पाठोलाई यहीँ छाडिदिनुस् अनि तपाईं यहींबाट फर्कनुस् । घरमा कसैले सोध्यो भने तपाईं भन्नुस् मैले काम सकेर आएँ । मासु खै त भनी सोधे भने सबै चढाइदिएँ भन्नुस् । सत्यको संरक्षणको लागि कहिलेकाहिँ असत्यको पनि सहयोग लिनुपर्छ । यदि मासु फिर्ता गर्नै पर्छ भने भने तपाईंको परिवारको उद्देश्य देवीको निहुँ पारेर आफैंले मासु खानु रहेछ भन्ने बुझिनछ । नखाई नछाड्ने हो भने देवीको नाम विकाएर नखानुस्, यो ठूलो अपराध हो ।

समाजलाई एउटा कुराले एकैचोटी चित्त बुझाउन गारो पर्छ । समाजका एक-एक व्यक्तिले आफैं-आफैंले चित्त बुझउने हो, एउटै व्यक्तिले सबैको चित्त बुझाइदिन सम्भव पनि हुँदैन । जो कुरा बुझ्छ, जसले बुझेको कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालन गर्न सक्छ त्यस्तो व्यक्तिलाई भन्नै पर्छ । जो बुझ्दैबुझ्दैन त्यसलाई भन्नु व्यर्थ हुन्छ । मेरो कुराले तपाईंको चित्त बुझेको छ भने मैले भनेझैं गर्नुस्, बुझ्दैन भने जे मन लागेको छ त्यही गर्नुस् ।

ती महिला अवाक् भइन् र ५-७ मिनेट जति घोरिइन् । उनको अनुहारमा विभिन्न कुराहरू मन्थन भइरहेझैं देखिन्थ्यो । प्रत्यक्ष रूपमा पाठोका मलिन अनुहार, शरीरको थकाइ र मेरा कुराहरू, अनि पार गर्न नसकिने बाटोको दुरी, सबैको बारेमा तर्कनाहरू आइरहेका थिए होलान् । घर फर्केपछि के भन्ने ? के गर्ने, भन्ने कुराको डर अनि समाज, समाजको संस्कार, चलन र परम्पराले जेलिएको मानिसको व्यवहार । के त्यस्तो समाजसित एक्लै मुकाबिला गर्न सकुँला त ? हुन त अहिलेसम्म मलाई यस्तो कुरा कसैले पनि सुनाएन एकजनाले भन्यो भन्दैमा घरबाट साइत गरेर हिँडिसकेकी मैले बीचबाट फर्कनु ठीक होला र ? यस्तै भावहरू उनको दिमागमा आउँदै बिलाउँदै गरेको जस्तो लाग्थ्यो ।

म पनि माथि गाउँमा पुग्नु थियो । अबेर भैसकेको थियो । म आफ्नो बाटो लागें । त्यसपछि उनले के गरिन् मलाई थाहा भएन । उनसँग विस्तृत परिचय पनि भएन । परिचय गरेको भए पनि हुने थियो, पछि कुनै बेला फेरि भेट भएमा सोध्न मिल्थ्यो । यो विचार धेरै उकालो चढिसकेपछि मात्र सुझ्यो । बाटो निकै फरक परिसकेकोले म फर्किनँ । पछुतो मान्दै म अघि बढें ।

उकालो चढ्दै गर्दा देवी देवताको मन्दिरमा बलि दिने सम्बन्धमा मेरो दिमागमा विभिन्न कुराहरू खेलिरहे । मलाई लाग्यो–

१. देवीले मासु खाएको भन्दा रगत पिएको कथा पुराणहरूमा सुनिन्छ । यस कारण देवीलाई चढाउनै पर्ने भए मासु नै चढाउनुभन्दा रगत चढाउनु बेस होला । रगत चढाउन प्राणीको हत्या नै गर्नुपर्छ, मार्नु नै पर्छ भन्ने केही छैन । शरीरको कुनै अङ्गमा कोपेर वा अलिकति काटेर रगत झिकी चढाउन सकिन्छ । हामीले रक्तदान गर्दाजस्तै केही रगत झिके त भैहाल्थ्यो ।

२. अझ अर्कोलाई काटेर वा कोपेर रगत चढाउनुभन्दा आफ्नै रगत चढाउँदा देवीप्रति श्रद्धा, त्याग र समर्पण अरू बढी प्रकट भएको मानिन्छ र देवी खुसी हुन्छिन् । जसरी बाबु-आमाको सेवा अरूद्वारा गराउँदा भन्दा छोरो आफैंले गरेकोमा आमा-बाबु बढी खुसी र सन्तुष्ट हुन्छन् ।

३. हामीहरू ढुङ्गा वा धातुको देव-देवीको मूर्तिलाई साक्षात् देव-देवी मानेर पूज्छौं । यहाँ केवल मान्नुसँग सम्बन्ध छ । त्यसैले मानिएको छ तर कुनै प्रमाण छैन । त्यसै गरी लौका, कुभिण्डो, घिरौंला, काँक्रो, नरिवल आदिलाई पनि प्राणीको रूप मानी त्यसैलाई बलि दिनु बेस हुन्छ । निर्जीव मूर्तिको निम्ति साक्षात् मूर्तिलाई बलि दिने मूर्ख्याईं गर्नुभन्दा निर्जीव मूर्तिलाई देवी मानेझैं निर्जीव कुभिण्डोहरूलाई पनि साक्षात् प्राणी मानेर बलि दिनु अनुचित होला र ? अवश्य हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदाचार र शिष्टाचार

✍ डा. चेतबहादुर कुँवर

मानिसको जन्म कर्म गर्न र कर्मको फल भोग्नको लागि हो भने अरु प्राणीको जन्म कर्मको फल भोग्नको लागि मात्र हो भन्ने भनाइ धर्मशास्त्रीहरूको छ । विधाताको सर्वोत्तम सृष्टि मानिस नै हो । मानिस चेतनशील छ । मानिस मानिस हुनका लागि उसमा विवेक हुनुपर्छ, न्याय हुनुपर्छ, निष्पक्षता हुनुपर्छ, सत् आचरण हुनुपर्छ, उसले सत्य र असत्य छुट्याउन सक्नुपर्छ । अनि वसुधैव कुटुम्बकम्को सिद्धान्तको आधारमा ऊ हिँड्ने र बाँच र बाँच्न देऊका आधारमा उसले जीवन यापन गरेको हुनुपर्छ । किनकि ऊ पशु होइन र पशुवत् आचरण उसमा हुनु हुँदैन । आदर्श मानवका लक्षण पनि यिनै हुन् । त्यसैले नै मानवलाई सामाजशास्त्रीहरू सामाजिक प्राणी र राजनीतिशास्त्रीहरू राजनीतिक प्राणी भन्दछन् ।

मानिस समाजमा जन्मन्छ, हुर्कन्छ र मर्दछ पनि तर जीवनलाई सफल पार्न र यसको अमरत्व प्राप्त गर्न उसको दैनिक जीवनमा सदाचार र शिष्टाचार जस्तो सद्गुणहरूको विकास हुनु अति आवश्यक छ ।

सदाचार शब्द सत् + आचार दुई शब्दहरू मिली बनेको छ । यसको अर्थ हुन्छ असल व्यवहार, असल चालचलन, असल बानी बेहोरा, असल रहन-सहन तथा शुद्ध आचरण आदि । यसै गरी शिष्टाचार भन्ने शब्द शिष्ट + आचार यी दुई शब्द मिली बनेको छ । यसको अर्थ हो सभ्य व्यवहार, विनयशीलता र विनम्रता आदि । असल व्यवहार र असल आचार भन्ने कुरा भावको अभिव्यक्ति हो । यस्तो वातावरण समाजमा वा व्यक्तिमा छ-छैन भन्ने कुरा सधैं समाजमा स्पष्ट भइरहेकै हुन्छ । स्वस्थ समाजले जुन कुरालाई राम्रो ठान्दछ त्यो राम्रै हुन्छ र जुन कुरालाई नराम्रो ठान्दछ त्यो विषय नराम्रो नै हुन्छ । साँचो बोल्नु, इमान्दार बन्नु, गुणी, सज्जन र आफूभन्दा मान्यजनको सम्मान गर्नु सामाजिक व्यवहारमा उत्तम कुरा ठहरिन्छ । यसै विचारअनुरूप चल्नु नै सदाचार र शिष्टाचार पनि हो । कसैलाई दुःख दिनु, बेइमानी गर्नु र धोखा दिनु अनुचित कुरा मात्र नभई अनाचार र अशिष्टता पनि हो । वास्तवमा सदाचार र शिष्टाचारको अभिव्यक्ति यो होइन ।

अधिकार र कर्तव्य व्यावहारिक जीवनका दुई अभिन्न पक्ष हुन् । एक विना अर्को खोज्नु लङ्गडो बन्नु बराबर हुन्छ । अधिकार खोजेर कर्तव्य गर्न बिर्सनु जत्तिको असफलता जीवनमा अरू केही पनि हुँदैन । प्रत्येक व्यक्तिले कार्य गर्दा अरूलाई बाधा दिन नखोज्नु नै हो मनुष्यता वा मानवता । मनुष्यतालाई अँगाल्नमा पालन गरिने कर्तव्यमै सदाचार र शिष्टाचारका गुणहरू पाइन्छन् । यी दुई जीवनका अनिवार्य आधार हुन् जसले मानिसलाई सधैं सत्पथमा डोहोऱ्याइरहेका हुन्छन् ।

व्यक्तिले आफ्नो जीवनलाई सदा सुखमय बनाउन चाहन्छ । यस अर्थमा ऊ कहिले सत्कर्म र कहिले दुष्कर्म गर्न पनि हिच्किचाइरहेको हुँदैन । यसमा बाबु-आमा वा छरछिमेकको ठूलो प्रभाव परिरहेको हुन्छ । परिवार नै जीवनको प्रारम्भिक पाठशाला भएकोले हामीलाई पारिवारिक सरसङ्गत र संस्कार जस्तो परेको छ त्यो जीवनपर्यन्त मेटिन गाह्रो पर्दछ । तर समयअनुरूप सद्विचार र सदाचार अवलम्बन गर्दैगएमा दुष्प्रवृत्ति र अस्वस्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनोभावना बिस्तारै-बिस्तारै हट्दैजान पनि सक्दछ र उसले त्यहाँ दया, करुणा, सहानुभूति, प्रेम आदि गुण सिक्दै जान सक्दछ । खालि स्वार्थमय वातावरणमा भुल्ने दृष्टिले उचित अनुचित रूपमा अनियमित व्यवहार गर्दै जान्छ भने कुनै पनि मानिसले जीवनमा सुख र शान्ति पाउने कुरा दुर्लभ नै हुन जान्छ । हुन त आजभोलि अनियमित रूपमा फाइदा लिने, इमान्दारी बिर्सने, सत्यता नअपनाउने, धर्मकार्यमा देखावटी काम गर्ने व्यक्तिको समाजमा केही छिन भए पनि कदर भएको देखिन्छ तर समाजमा मात्र होइन स्वयम् त्यो सम्मान पाउने व्यक्ति पनि अन्तस्करणदेखि प्रसन्न भएको देखिनु कठिनै पर्दछ । किनभने आत्मा विशाल छ र सत्य र न्यायको विपक्षमा ऊ कहिल्यै छैन । वास्तवमा धर्म र आस्तिकताको भावना जगाउने काम नै सदाचारीबाट हुन्छ । शुद्ध र निर्मल मन लिएर उसले जीवनमा सफलता ढिलै पाओस् तर ऊ सन्तोषी र सुखी हुन्छ किनकि ऊ सधैँ प्रसन्न चित्तको हुन्छ र मधुर वाणी उसको हुन्छ । ऊ सधैँ झन्झट र कठिनाइबाट बचेको हुन्छ । उसको सामु सद्गुणको सम्मान सधैँ हुन्छ । भन्नुको अर्थ ऊ सधैँ सम्मानित र आदरणीय हुन्छ ।

सदाचार र शिष्टाचार भन्ने गुण एक-अर्काका पूरक हुन् । सामाजिक जीवनसँग घनिष्ट स्वस्थ सम्बन्ध राख्ने आदत शिष्टाचार हो भने व्यक्तिगत र सामाजिक दुवै वातावरणमा आवश्यक देखिने चरित्र सदाचार हो भन्ने हुन्छ । जीवन सुखमय तब बन्दछ जब सामाजिक जीवनमा सदाचार र शिष्टाचारको वातावरण कायम रहेको हुन्छ । समाजमा दुराचार बढ्न थालेपछि समाज, व्यक्ति र राष्ट्रलाई नै आघात पर्न जान्छ । समाजमा स्वस्थ वातावरणको सिर्जना भई देशोन्नतिको कल्पना निरर्थक हुन जान्छ । सामाजिक जीवनलाई सुखमय बनाउन र व्यक्तित्वको विकास गराउन सदाचार र शिष्टाचार अति आवश्यक पर्दछ ।

परिवर्तनशील संसारमा जन्म र मृत्यु स्वाभाविक हो तापनि जीवनपश्चात् रहने चिज केही छन् भने ती हुन् सदाचार र शिष्टाचार जसले मानव संसारलाई युगौँयुगदेखि शान्तमय ढङ्गबाट टिकाइरहेको छ र टिकाई पनि रहनेछ । यसमा कुनै सन्देह छैन । किनभने यसैमा हाम्रो जीवनको सफलता छ ।

शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औँ शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

महेन्द्रराज राजकर्णिकार
क्यासिनो अन्ना, द अन्नपूर्ण, दरबारमार्ग,
काठमाडौँ,
फोन नं. ४२२८६५०

शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको ३३ औँ शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै 'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना. गर्दछौँ ।

नेपाल इनभेष्टमेन्ट बैंक लिमिटेड
NEPAL INVESTMENT BANK LIMITED
दरबार मार्ग, काठमाडौँ, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समस्त कोशपरम्परामा संस्कृत र अंग्रेजी कोशको प्रभाव

✍ प्रा. डा. रामचन्द्र लम्साल

१.१. परिचय

मानव जीवन र वाङ्मयको उषाकालदेखि नै विचार-विनिमयको मूल माध्यम रहेको भाषामा अभीष्ट क्षमता विकासको निम्ति कोश अपरिहार्य साधन हो । अतः पूर्वी तथा पश्चिमी जगत्मा कोशसंबन्धी सुदीर्घ तथा समृद्ध परम्परा रहेको तथ्य सर्वविदित छ । यसमा पनि कोशको प्रथम पर्वतन र अति प्राचीन स्वरूपमा दृष्टिले पूर्वी जगत् अत्यन्त महिमामय रहेको छ भने नूतन आयाम र गतिशील स्वरूपका दृष्टिले पश्चिमी जगत् अतीव गरिमामय बनेको छ । तर जहाँसम्म कोश परम्पराको विकास प्रवाहको कुरा छ, पूर्वी र पश्चिमी दुवै कोश परम्परा आ-आफ्नै गति र परिधिमा हुर्किएका र कोशविज्ञानका क्षेत्रमा आधुनिक युगको प्रवेशसम्म नै यिनीहरू छुट्टाछुट्टै प्रवाह लिएर विकसित भएका पाइन्छन् ।

कोश वाङ्मयको लामो ऐतिहासिक विकासक्रमपछि उन्नाइसौं शताब्दीले नयाँ मोड प्रदान गर्दछ । यसै शताब्दीमा पश्चिमी विद्वान्हरूबाट समेत पूर्वीय वाङ्मयमा निकै महत्त्पूर्ण कोशहरू निर्माण गरिन्छन् । अठारौं शताब्दीको उत्तरार्धमा अंग्रेजी कोशकार सेमूअल जोन्सनले कोशविधानका क्षेत्रमा प्राप्त गरेका उपलब्धिहरूले पनि यस शताब्दीलाई निकै प्रभावित पारेको पाइन्छ । फलतः पूर्वी तथा पश्चिमी दुवै वाङ्मयमा कोश निर्माणका लागि नयाँ-नयाँ आयाम थपिन्छन् । यिनै सुदृढ पृष्ठभूमिमा कोशका विविध प्रकारका साथै आधुनिक व्यवस्थित र वैज्ञानिक विधिविधान उन्नयन र विस्तार भएकाले पूर्वी संस्कृत र कोश जगत्का प्रतिनिधिमूलक संस्कृत र अंग्रेजी कोश परम्पराका चर्चा गर्दै तिनका आलोकमा समस्त कोशात्मक उपलब्धिको विवेचना गर्नु नितान्त सान्दर्भिक ठहरिन्छ ।

१.२. पूर्वी र पश्चिमी कोश परम्परा

विश्वमा विकसित निखिल कोश साहित्यलाई दृष्टिगत गर्दा औद्भविक क्षेत्रका दृष्टिले तिनलाई मूलतः पूर्वी र पश्चिमी दुई कोश परम्परामा विभाजित गर्न सकिन्छ । तिनमा पूर्वी कोशपरम्पराभित्र प्राचीनता, प्रमुखता र व्यापकताका दृष्टिले गौरवमय स्थानमा संस्कृत कोशपरम्परा अधिष्ठित भएकाले यसको सुदीर्घ परम्पराका परिप्रेक्ष्यमा कोशीय विकासक्रमको प्रवाहलाई पर्यवेक्षण गर्नु निकै लाभदायक हुन्छ भने पश्चिमी परम्पराभित्र ग्रीसेली पर्यावरणबाट निसृत भएर पनि न्यूनतम समयमा परिचर्चा, प्रकारता र प्रभावशालिता दृष्टिले अग्रणी अंग्रेजी कोश परम्परा प्रतिष्ठित रहेकाले यसका पृष्ठभूमिमा पनि विश्वभरिका कोशीय सम्मुन्नतिको सरणीलाई सर्वेक्षण गर्नु नितान्त समुचित हुन्छ । अतः उपर्युक्त उद्देश्यबाट अभिप्रेरित हुँदै समुपयुक्त दृष्टिकोणका आधारमा पूर्वीय कोश जगत्को प्रतिनिधि संस्कृत भाषा र पाश्चात्य कोश जगत्को प्रतिनिधि अंग्रेजी भाषाको कोश परम्पराको विकासक्रमलाई सर्सर्ती यस प्रकार पर्यवेक्षण गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१.२.१ संस्कृत कोश परम्पराको विकासक्रम

पूर्वीय कोश साहित्यको प्रतिनिधि संस्कृत वाङ्मयमा कोशविधानको परम्परा बौद्धिक ग्रन्थका कठिन शब्दहरूको संग्रह निघण्टुहरूको निर्माणसँगै थालनी भएको पाइन्छ । यसै कालमा वैदिक शब्दकोश निघण्टुमा समाहित शब्दहरूको अर्थमूलक निर्वचन वा व्युत्पत्ति विधानका लागि व्युत्पत्तिमूलक कोश निरुक्तको अपरिहार्यता पनि ठहऱ्याइयो र यास्क जस्ता विद्वान्बाट निरुक्त ग्रन्थको प्रणयन पनि भयो । यसरी दृष्टिगत गर्दा वैदिक र लौकिक संस्कृतको संक्रमणकालमा संस्कृत भाषाको कोशीय ग्रन्थको प्रणयन आरम्भ भएको स्पष्ट हुन्छ । त्यस युगमा कति निघण्टु र निरुक्त बने बहुधा इतिहासको गर्भमा विलुप्त भैसकेकाले वास्तविक तथ्य फेला पार्ने काम असम्भव भएको छ र प्राप्त साक्ष्यलाई आधार मान्दा पूर्वी कोशीय क्षीतिजको उषाकालमा वैदिक ग्रन्थहरूमा निहित कठिन दुर्बोध्य शब्दहरूको संग्रह निघण्टु अनेक थिए । वर्तमान कालमा पनि उपलब्ध हुने र चर्चा गरिने यास्ककृत निरुक्त नै आश्रित रहेको निघण्टुका (ग्रन्थभन्दा) अतिरिक्त अर्को निघण्टु भएको तथ्यतर्फ यास्कले नै संकेत गरेको भेटिन्छ । निरुक्तको प्रारम्भमा निघण्टव: भनी बारम्बार बहुवचन द्योतक शब्दको प्रयोगले पनि उक्त तथ्यको पुष्टि हुन्छ । यससम्बन्धी अनुसन्धाता डा. लक्ष्मण स्वरूप, प्रा. रजवाडे डा. स्कोल्ड आदिले पनि निघण्टु अनेक भएको कुरा व्यक्त गरेका छन् । यसरी समग्रमा अध्ययन गर्दा १२-२० वटा निघण्टु ग्रन्थ रहेको सहजै अनुमान गरिन्छ ।

माथिको चर्चाबाट के स्पष्ट हुन्छ भने विश्वको प्रथम कोश निघण्टु हो । विभिन्न निघण्टुहरूमध्ये कुनै एक निघण्टुमा यास्कको निरुक्त आधारित छ । यास्कलाई निघण्टु र निरुक्त दुवैको रचनाकार पनि मानिन्छ । अझ यास्कलाई निरुक्तकार मात्र मान्ने हो भने यास्कको समय कम्तिमा पनि ई. पू. आठौं शताब्दी सवीकारिएकाले निघण्टुको समय अझ पूर्ववर्ती मान्नु पर्ने हुन्छ । यसबाट के सिद्ध हुन्छ भने संस्कृत कोश ग्रन्थको त्यस समयमा रचिएका यी निघण्टु नामक संस्कृत कोश ग्रन्थका विशेषता यस प्रकार छन्–

क) यिनमा प्रारम्भिक कोश ग्रन्थमा हुने कठिन र दुर्बोध्य शब्दको सूची पाइन्छ ।

ख) यी कुनै विशिष्ट वैदिक ग्रन्थमा निहित शब्दका संग्रह हुन् ।

ग) यिनमा समस्त शब्दको नभएर कठिन शब्दको संकलन पाइन्छ ।

घ) यी नाम, अव्यय र धातुका संग्रह हुन् ।

ङ) यी परवर्ती कोशझैं ठूलो क्रमबद्ध नभएर गद्यमय रचना हुन् ।

च) यी निघण्टुको उद्देश्य वैदिक शब्दको अर्थ स्पष्ट पार्नु हो ।

प्रकारगत दृष्टिले यी चार प्रकारका छन्– १. समानार्थक धातु संकलन २. एकार्थक विभिन्न शब्दहरूको संग्रह ३. अनेक अर्थ भएका शब्दहरूको सूचीकरण ४. देवताहरूको प्रधान तथा गौण नामको समाकलन ।

यसपछि व्युत्पत्ति कोशको पूर्वरूपका दृष्टिले महत्त्वपूर्ण यास्कको निरुक्त देखापर्छ । प्रस्तुत यास्क कृत निरुक्तमा जम्माजम्मी १२ अध्याय भेटिन्छन् र यो तीन काण्डहरूमा विभाजित पाइन्छ । यसको नैघण्टुक, नैगम र दैवत नामका तीनकाण्डहरूमा डा. सिद्धेश्वर वर्माको परिगणना अनुसार १२९८ शब्दको निर्वचन गरिएको छ । यसकिसिमको नूतन कार्यले गर्दा यसलाई निर्वचनका दृष्टिले व्युत्पत्तिकोशका रूपमा अधिष्ठित मान्न सकिन्छ भने भाषा संख्याका दृष्टिले एकभाषी कोशका रूपमा प्रतिष्ठित मान्न सकिन्छ । यसबाहेक प्रस्तुत निरुक्तले गद्यमय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरूपमा शब्दको व्युत्पत्ति गर्ने अनेकार्थक शब्दको विविध किसिमले निर्वचन गर्ने र प्रयोग निर्देशन गर्ने जस्ता कोशका नूतन क्षेत्रमा योगदान दिएको छ । पूर्वीय जगत्को संस्कृत क्षितिजमा माथि चर्चित निघण्टुकार र निरुक्तकारको कोशीय रचनापछि यसै परम्परावाट अनुप्राणित महाव्युत्पत्ति नामक कोश ग्रन्थ भेटिन्छ । कोशकार पत्ता नलागेको प्रश्तुत कोशमा ९००० (नौ हजार) शब्द समाहित छन् । प्रविष्ट क्षेत्रका दृष्टिले यस कोशमा बौद्ध धर्मसँग संवन्धित पारिभाषिक शब्द पशु, वनस्पति, रोग आदिका पर्यायहरू संग्रहित छन् ।

यसपछि कोशीय विकासमा नौलो युगको सूत्रपात भयो । वैदिक संस्कृतको कठिन शब्दको सीमित परिवेशमा आधारित कोशपरम्पराले व्यापक क्षेत्रलाई ग्रहण गर्न थाल्यो । परिणामत: लौकिक संस्कृतका विभिन्न शब्दहरू कोशमा प्रविष्ट हुन थाले । यही क्रममा व्याडिको समानार्थी र अनेकार्थी शब्द भएको उत्पलिनी कोश कात्ययनका समानार्थी र अनेकार्थी शब्दमा आधारित नाममाला, भागुरिको अनुष्टुप् छन्दमा आधारित समानार्थी शब्दको त्रिकाण्ड कोश अज्ञात कोशकारको लिङ्गानुशासन रत्नकोश जस्ता संस्कृत भाषाका महत्त्वपूर्ण प्राचीन कोशको प्रणयन हुन गएको देखिन्छ । यसै परम्परामा पर्यायवाची शब्द भएको अमरूदत्तको अमरमाला, वाचस्पतिको अनुष्टुप् छन्दमा आधारित समानार्थी शब्दको विशद् संग्रह भएको शब्दार्णव, विक्रमादित्यको संसारवर्त, धन्तरिको वैद्यक निघण्टु आदिको विधान हुन्छ र संस्कृत कोश जगत् निकै उर्वर बन्दै अघि बढ्छ । अमरसिंहकृत अमरकोशका टीकाकार क्षीरस्वामीले अमरकोशका संवन्धमा प्रकाश पार्दै उपर्युक्त कोशहरू र यिनै कोश सदृश कात्यायन, रन्तिदेव, वररुचि, वोपालित, विन्ध्यावासी आदिका कोशहरूले अमरकोशको रचनामा पृष्ठभूमिको कार्य गरेको वताएका छन् । अत: यी अमरकोशपूर्वका कोशका रूपमा प्रमाणित हुन्छन् ।

यसपछि ईशवीय पाँचौं-छैटौं शताब्दीतिर संस्कृतकोश जगत्को अपूर्व कोशका रूपमा अमरकोशको रचना हुन्छ । अमरसिंहद्वारा नामलिङ्गानुशासनका नाममा प्रणीत प्रस्तुत कोशको पूर्वीय कोश जगत्मा ठूलो स्थान छ । संस्कृत वाङ्मयमा व्याकरणका दृष्टिले पाणिनीको अष्टाध्यायी जगन्माता, अमरकोश जगत्पिता भनेर अमरकोशलाई पिताको गुरुतम पदवी दिइएको छ । वस्तुत: जसरी अष्टाध्यायीले पाश्चात्य जगत्का महान् वैयाकरण नोमचम्स्की आदिलाई प्रभावित पारेको छ । त्यसैगरी अमरकोशले पाश्चात्य मुलुकका महान् कोशकार रोजेटलाई प्रभावित पारेको छ । यसबाट कोश जगत्मा अमरकोशको योगदान सुस्पष्ट हुन्छ ।

अमरकोशपछि यसबाट प्रभावित भएर विविध कोशहरू बने । यस प्रकरणमा कतिपय कोशकारले अमरकोशको नै अनुसरण गरे भने कतिपयले यसमा समाहित हुन नसकेका क्षेत्र र पद्धतिलाई अँगाल्दै नौलो विशेषताहरू पनि थपे । यस क्रममा छैटौं शताब्दीतिर शाश्वतको अनेकार्थसमुच्चय, सातौं शताब्दीतिर माधवकरको प्रमेयमाला, नवौंशताब्दीतिर महाक्षेपणको अनेकार्थध्वनिमञ्जरी, नवौं शताब्दीको उत्तरार्धतिर हलायुधको अभिधानरत्नमाला, दशौं शताब्दीतिर चक्रपाणिदत्तको शब्दचन्द्रिका, एघारौं शताब्दीतिर यादवप्रकाशको वैजयन्ती कोश र शुभाङ्कको उत्पलमी कोशको जन्म हुन्छ । यिनमा हलायुध र यादवप्रकासद्वारा प्रणीत कोशहरूको प्रसिद्धि निकै छ । पर्यायवाचिता र अनेकार्थताका क्षेत्रमा अमरकोशमा नपाइने केही शब्दहरू यिनमा पाइने हुँदा यिनको महत्त्व वढ्नु स्वाभाविकै हो । यस सिलसिलामा अनेकौं कोश रचना गर्नेमा वाह्रौ शताब्दीतिरका पुरुषोत्तमदेव र हेमचन्द्रको निकै चर्चा गरिन्छ । बंगालका कोशकार पुरुषोत्तमदेवको त्रिकाण्डशेष हारावली वर्णदर्शना, द्विरूणकोश र एकाक्षर कोश जस्ता पाँच कोश पाइन्छन् भने हेमचन्द्रको अभिधानचिन्तामणि अनेकार्थ संग्रह, निघण्टुशेष र देशीनाममाला जस्ता चारकोश भेटिन्छन् । यिनमा हेमचन्द्रको देशीनाममाला प्राकृतभाषाको मूल्यवान् कोशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिगणित हुन्छ ।

यसपछि बाह्रौं शताब्दीको उत्तरार्धमा निर्मित धरणीधर र मेदिनीकारको कोश ग्रन्थ विद्वत्कोशसमुदायमा प्रचलित रहेका थिए । यसै कालावधिमा महेश्वरको विश्वप्रकाश, अजयपालको अनेकार्थकोश, मंखको मंखकोश, श्रीहर्षको द्विरूपकोश र वोपदेवको हृदयदीपिका जस्ता निर्मित हुन्छन् । तह्रौं शताब्दीमा केशवस्वामीको नानार्थार्णव संक्षेप र कल्पद्रुमकोश उपलब्ध छन् । यिनमा अद्यावधिक खोजअनुसार संस्कृतको पर्याय कोशमा कलाद्रुमकोश विशाल ग्रन्थ हो । यसरी विकसित कोश परम्परालाई ईसवीय चौधौं, पन्ध्रौं शताब्दी कलावधिमा रचित माधवको एकाक्षर रत्नमाला, इरुगद्य द्राडाधिनाथको नानार्थरत्नमाला, मदनपालको मदनविनोद तथा नरहरिको राजनिघण्टु गधासिंहको अनेकार्थध्वनिमञ्जरी महिपको अनेकार्थतिलक पाण्डुरङ्ग विट्ठलको शीघ्रवोधिनीमाला जस्ता ग्रन्थले अघि बढाउँछन् भने सोह्रौं शताब्दीका कोशकार शुभशीलका पञ्चवर्गसंग्रह नाममाला तथा उणारिनाममाला रूपचन्द्रको रूपमञ्जरी तथा नाममाला अनि सुन्दरमणिका उक्तिरत्नाकर, शब्दरत्नाकर र धातुरत्नाकर जस्ता ग्रन्थले व्यापककता प्रदान गर्छन् । यसपछि संस्कृत कोश जगत्लाई सत्रौं शताब्दीमा हर्षकीर्तीको शारदीयाख्या नाममाला भरसेनको द्विरूपध्वनिसंग्रह शिवदत्तको शिवकोश विश्वनाथको शब्दकल्पतरु जस्ता कोश ग्रन्थहरूले विभूषित गर्छन् भने अठारौं शताब्दीमा तारामणिको शब्दमुक्तामहार्णव भास्कर राघवको वैदिककोश आदिले विकसित पार्छन् ।

यसरी समयको क्रमसँगै संस्कृतकोश परम्परा हुर्किंदै र फैलिंदै अघि बढ्दा ईसवीय सोह्रौं शताब्दीको उत्तरवर्ती समयमा यसमा द्विभाषिक कोशहरूको पनि प्रवेश हुन्छ । यस्ता कोशहरूमा कतिपय अरबी फारसी तुर्की शब्दको संस्कृतमा पर्यायविधान गरिएका पनि छन् । उदाहरणार्थ मुगल सम्राट् अकवरको राज्यकालीन विहारी कृष्णदासको पारसीप्रकाश (१५७० ई.) शाहजहाँको राज्यात्रयी वेदाङ्गरायको पारसीप्रकाश (१६४७ई.) दलपतिरायको पावन परिपाटी अनुक्रम (१७६४ ई.) तथा विक्रमसिंहको पारसी भाषानुशासन आदि ग्रन्थलाई प्रस्तुत गर्न सकिन्छ । यसै क्रममा भारतरत्न शिवजीका राज्याश्रयी रघुनाथ पण्डितद्वारा निर्मित राजव्यवहारकोश (१६७७)को पनि चर्चा गर्न सकिन्छ । यो फारसीको संस्कृत र मराठीमा अर्थविधान गरिएको तत्कालीन त्रिभाषी पारिभाषिक कोशको उदाहरण हो । पूर्वीय जगत्को आर्यभाषा संस्कृत, पालि, प्राकृत आदिमा ईशवीय उन्नाईसौं शताब्दीसँगै आधुनिक कोश निर्माणको जग आरम्भ हुन्छ । यस क्षेत्रमा युरोपेली विद्वान्हरूले प्रथमतः आधुनिक कोशको निर्माण गरी ठूलो योगदान पुऱ्याएका छन् । संस्कृत भाषाको यस किसिमको कोशहरूमा विल्सनको संस्कृत-अंग्रेजी कोश (१८१९ ई) टोरसको संस्कृत-अंग्रेजीकोश (१८४६ ई.) वाँपको संस्कृत-ल्याटिन कोश (१८४७ ई.) गोल्डस्टुकरको संस्कृत-अंग्रेजी कोश (१८५६ ई.) बर्नोफको संस्कृत फ्रान्सेली कोश (१९३२ ई.) मोनियर विलियम्सको संस्कृत-अंग्रेजी कोश (१८७२) बाथलिंग तथा राथको संस्कृत-जर्मन कोश (१८७५ ई.) रेनु र अन्यको संस्कृत फ्रान्सेली कोश (१९३२ ई) आदि प्रमुख छन् । यस क्षेत्रमा भारतीय तथा नेपाली कोशकारद्वारा निर्मित यस किसिमका कोशमा भने राधाकान्तदेवको शब्दकल्पद्रुम (१८२२-५८ ई.) सुखानन्दको शब्दार्थचिन्तामणि (१८६४-८५ ई.) तारानाथ तर्क वाचस्पतिको वाचस्पत्यम्, शिवराम आप्टेको संस्कृत–अंग्रेजी शब्दकोश (१९५७ ई) कुलचन्द्र गौतमको संस्कृत-नेपाली कोश (१९९७ ई.) पण्डित फणीन्द्र प्रसाद पाण्डेको संस्कृत-नेपाली बृहत् शब्दकोश (२००० ई.) पूनामा निर्मित संस्कृत शब्दकोश (आरम्भ१९५२ ई.) जस्ता कोश ग्रन्थहरू अतीव चर्चित छन् । यसरी पूर्वीय जगत्मा संस्कृत कोशको सुदीर्घ र समृद्ध परम्परा समयक्रमसँगै विकसित हुँदै अग्रसर भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाइन्छ ।

१.२.२. अंग्रेजी कोशपरम्पराको विकासक्रम

पश्चिमी कोश परम्पराको चर्चा गर्दा पश्चिमी जगत्को आधुनिक मूर्धन्य भाषा अंग्रेजीको कोश सम्बन्धी विकासक्रमको पृष्ठभूमिलाई दृष्टिगत गर्नु नितान्त आवश्यक छ । वस्तुत: युरोपेली आधुनिक भाषाका कोशपरम्पराको विकास अंग्रेजी भाषाको जस्तै ग्रीसेली र ल्याटिन जस्ता शास्त्रीय भाषाका कठिन शब्दको प्रचलित भाषामा अर्थ दिने क्रममा नै भएका हुन् । प्राचीन कालमा युरोपका विभिन्न देशका सम्बन्धित अध्येताले उक्त शास्त्रीय भाषामा लिखित ग्रन्थहरूको किनारामा कठिन शब्दको अर्थ लेख्ने परम्परा बसाले । तिनै विकासक्रममा कठिन शब्दको संग्रह तयार हुनथाले र तिनलाई अंग्रेजी जस्ता तत्कालीन विविध भाषामा अर्थविधान पनि गरियो । यसैको परिणतिस्वरूप पाश्चात्य कोश परम्पराको विकास भयो भने यिनै स्रोतबाट अंग्रेजी कोश परम्पराको पनि उदय भयो । यस सन्दर्भमा वेलायतमा प्राप्त सन् ७२५ "कार्पस ग्लोसरी" नामक शब्दसूचीको चर्चा गर्न सकिन्छ । जसमा प्रथम वर्णानुसार शब्दलाई संगृहीत गरिएको छ । यस्तै क्रममा ईशवीय दशौं शताब्दी आइपुग्दा नपुग्दै ल्याटिन-अंग्रेजी, ल्याटिन-फ्रान्सेली, ल्याटिन-इटालेली कोशहरू निर्मित भए ।

पश्चिमी कोश परम्परा यसरी विकसित हुँदै अघि बढ्दा अंग्रेजी कोश परम्परा पनि विकसित र सुदृढ हुन थाल्यो । उन्नयनको यस क्रममा पन्ध्रौं शताब्दीमा आएर अंग्रेजी स्रोत भाषा भएको प्रथम अंग्रेजी-ल्याटिन शब्दकोशको निर्माण भयो । जसमा २५०० शब्दहरूको पूर्णत: वर्णानुक्रममा व्यवस्थित थियो । यसपछि क्रमिक रूपमा एकातिर वर्णानुक्रममा आधारित अंग्रेजी प्रविष्टिका कोशहरू विकसित हुँदै गए भने अर्कातिर विषयानुक्रममा आधारित ग्रह, राशी, काल, ऋतु, बार, महिना, पृथ्वी, जल, आकाश आदि शीर्षकमा सगृहीत कोशहरू पनि निर्मित हुँदै रहे । यसरी अंग्रेजी कोश परम्परा क्रमश: समृद्धि, सम्मुन्नतिको मार्गमा लम्किँदै थियो । यसमा नयाँ-नयाँ आयामका प्रवेशका लागि प्रयास गरिदै थियो । यस्तैमा सन् १५८२मा रिचर्ड मुल्कास्टरले के सुझाव दिए भने अंग्रेजीमा कुनै यस्तो ग्रन्थ बन्नुपर्छ जसमा सबै शब्द समाहित होऊन् तथा तिनका ठीक हिज्जे र अर्थ पनि समायोजित रहून् । यसले अंग्रेज विद्वान्हरूको अन्त:करणमा गहिरो प्रभाव पाऱ्यो र उनीहरूलाई प्रयत्न पूरा गर्ने संकल्पमा जुट्न अभिप्रेरित गऱ्यो । यसै परिप्रेक्ष्यमा जी हार्वेको १२० पृष्ठात्मक "ए टेबुल अल्फाबेटिकल" (१६०४ ई.) रवर्ट काउड्रेको "टेबुल अल्फाबेटिकल अफ हार्डवर्डस्" (१६०४ ई.) जानबुलोकरको एन इंङ्गलिस एक्स्पोजिटर (१६१६ ई.) हेनरी कोकरमेको "द इङ्गलिस डिक्सनरी (१६२३ ई) थमस बलाउन्टको गोल्सो ग्राफिया (१६५६ई.) एडवर्ड फिलिप्सको "न्यूवर्डस् अफ वर्डस्" (१६५८ ई.) नैथन बेलीको "युनिभर्सल एटिमोलजिकल इङ्गलिस डिक्सनरी" (१७२१ ई.) जस्ता अंग्रेजी कोशहरू प्रकाशित भए । यिनमा काउड्रे र बुलोकरको कोशले निकै लोकप्रियता पाए पनि कोकरमेनको कोश नै प्रथम इङ्गलिस डिक्सनरी अभिहित कोश हो भने नैथनबेलीको कोश चाहिँ अंग्रेजी कोश परम्परामा नयाँ क्षितिजको उद्भावन र मुलकास्तरको सुझावलाई कार्यान्वयन गर्ने दिशामा अग्रसर ऐतिहासिक महत्त्वको कोश हो । यसपछि अंग्रेजी कोश परम्परामा डा. सेमुअल जोन्सनको प्रवेश संगै नयाँयुगको अरुणोदय भयो । डा. जोन्सनको सातवर्षको अनवरत प्रयासपछि सन् १७५५ मा ए डिक्सनरी अफ दि इङ्गलिस ल्याङ्ग्वेज (दुई भागमा) नामक कोश प्रकाशित भयो । अंग्रेजी शब्दका साथै उच्चारण व्युत्पत्ति, व्याकरण निर्देश, पर्याय, व्याख्या, उद्धरण र प्रयोगका क्षेत्रमा मानक स्वरूप प्रस्तुत गरेकाले अंग्रेजी भाषा जगत्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसले अत्यन्त गौरवमय स्थान अधिगत गऱ्यो । परिणामतः लगभग सत्ताईस वर्षसम्म अंग्रेजी कोशका क्षेत्रमा यसको एकछत्र आधिपत्य रह्यो । तदनन्तर सन् १७८०मा आयरेली थमस सेरिडान तथा १७९१ मा अंग्रेज विद्वान् जोन वाकस्ले जोन्सकै मार्गमा कोश प्रकाशित गरे तैपनि उन्नाइसौं शताब्दीको पूर्वाद्धसम्म नै जोन्सनको कोश अविजित रह्यो । यसरी उन्नाइसौँ शताब्दीको बृटिस अंग्रेजीलाई मानक मानेर अत्यन्त गौरवशाली कोश निर्माण भए पनि अमेरीकाली अंग्रेजीको मान्यता र विशिष्टतामा आश्रित कुनै कोशको प्रादुर्भाव हुन सकेको थिएन । यस किसिमको यथार्थताले अमेरीकाली विद्वान्हरूको मानसिकतामा प्रभाव पार्नु र यस किसिमको अभावतर्फ उनीहरूको ध्यानाकर्षण हुनु स्वभाविकै हो । यसैको फलस्वरूप प्रथमतः अमेरीकाली विद्वान् नाह वेब्सटरको ध्यान यतातिर आकर्षित भयो । लगभग पच्चीस वर्षको अविरल प्रयासपछि सन् १९२८मा अमेरिकन डिक्सनरी अफ इङ्गलिस ल्याङ्ग्वेज नामक कोश दुई भागमा प्रकाशित भयो । वेब्स्टरको सन् १८०६ मा एउटा सानो शब्दकोशको प्रकाशनपछि लगभग चालीस वर्षको यिनको सक्रियतामा यिनले शब्दकोशको उच्चारण, व्युत्पत्ति, व्याकरण, पर्याय, व्याख्या, परिभाषा, उद्धरण र प्रयोग आदि क्षेत्रमा व्यवस्थितता र प्रमाणिकता थपी अमूल्य योगदान दिए । यसले गर्दा सन् १८३० मा प्रकाशित ए कम्प्रिहेन्सिभ प्रोनन्सिङ एण्ड एक्स्प्लानेटरी डिन्सनरी अफ द इङ्गलिस ल्याङ्ग्वेज नामक कोशका प्रणेता यिनकै साथी जे वर्सेस्टर भन्दा पनि यिनी उत्कृष्ट र लोकप्रिय हुन गए । यसरी यिनी अमेरीकाली अंग्रेजी कोश ग्रन्थमा मात्र नभएर व्यवस्थित र प्रामाणिक कोशकारिताको क्षितिजमा यस्ता चम्किला तारा बने जसलाई रिचार्डन, ओगिल्भि आदिका उत्तरवर्ती कोशकारले पनि ओझेलमा पार्न सकेनन् ।

अंग्रेजी कोश परम्पराको इतिहासमा उन्नाइसौं शताब्दीको मध्यतिर एउटा नयाँ विचार पद्धतिको उदय भयो । बेस्ट मिनिस्टरका डीन डा. ट्रेन्चले लण्डनस्थित फिलोलोजिकल सोसाइटीको कार्यक्रममा अंग्रेजी कोशमा रहेका कमीकम्जोरीहरूलाई समीक्षापूर्ण लेख पढ्दै तत्कालीन अंग्रेजी कोशमा शब्दको जीवनवृत्त, त्यसको प्रयोग, जन्म, विकासक्रम आदिको ऐतिहासिक पद्धतिमा संयोजन हुनुपर्ने कुरामा जोड दिए र उक्त सोसाइटीलाई त्यस्तो कोश निर्माण गर्न आह्वान गरे । पछि यसबाट अंग्रेजी कोशजगत्मा नयाँ हलचल उत्पन्न भयो । यसैको परिणामस्वरूप सन् १९५७ मा उक्त सोसाइटीको ग्रीष्मकालीन बैठकमा ऐतिहासिक सिद्धान्तहरूमा आधारित अंग्रजी कोश निर्माण गर्ने निर्णय गरी यस सम्बन्धी दायित्व त्यस समयका चर्चित भाषाविद् र त्यसै सोसाइटी सदस्य एफ जे फर्निभललाई सुम्पियो । यिनले माथि प्रस्तावित कोशविधानमा निम्नाङ्कित विवरण समाहित गर्ने लक्ष्य निर्देश गरे–

(क) अंग्रेजीका सम्पूर्ण शब्दको सन्निवेश
(ख) शब्दको व्युत्पत्ति निर्देशन
(ग) मुख्य प्रविष्टमा त्यस समय प्रचलित मानक हिज्जेको प्रयोग
(घ) प्रविष्टिगत प्रत्येक शब्दको हरेक शताब्दीमा पाइने हिज्जेगत प्रचलन
(ङ) प्रत्येक शब्दको उच्चारण
(च) प्रत्येक शब्दको आर्थीविकासक्रम
(छ) प्रत्येक अर्थमा प्रयोगकालका साथै प्रथम प्रयोगको उदाहरण

त्यसपछि ऐतिहासिक सिद्धान्तमा आधारित कोशसम्बन्धी यिनै विवरणलाई सम्यक् रूपले समाहित गर्दै अंग्रेजी कोश संपादन गर्ने अनुष्ठान आरम्भ गरियो । बेलायतका प्रसिद्ध कविका नाति कलरिज प्रथमतः यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकमा नियुक्त भए । यस कार्यका लागि जनतामा पनि प्रशस्त हौसला अभिवृद्धि भयो । परिणामत: धेरै व्यक्तिहरूले पारिश्रमिक विना नै सामग्री संकलन गर्ने कार्यमा प्रशस्त सहयोग पुऱ्याए । यसै क्रममा यसका निम्ति संकलित शब्दको ऐतिहासिक व्याख्याका लागि दुईहजार परिश्रमी पाठकबाट ५० लाख कोशीय विवरणका पत्तीहरू उपलब्ध भए । यति हुँदाहुँदै पनि यस कोशको निर्माण कार्य पूरा गर्न पचहत्तर वर्ष लाग्यो । समयको लामो अन्तरालमा कसैको मृत्यु र कतिपयको असक्तता आदि कारणले गर्दा कलरिजको दुई वर्षको छोटो सम्पादन कार्यपछि क्रमस.एफ जे फर्मिनल, जे एच-एच मरे, एच ब्रैडले, डा. क्रेग्री तथा डा. ओनियन्स जस्ता दिद्वान्हरूले यसको सम्पादकत्वको अभिभारा वहन गरे । अन्तत: यो दश खण्ड र चौध ठेली र केही परिशिष्टमा न्यू इङ्गलिस डिक्सनरी नामले प्रकाशित भयो । कुल १८२७३०६ प्रयोगमूलक ठूलो आकारको १५४८७ पृष्ठयुक्त यस कोशमा कू शब्द ४१४८२५ छन् भने शीर्ष शब्द नै २४०१६५ छन् । यसरी यस कोशले अंग्रेजी कोश परम्परामा नयाँ आलोक प्रदान गऱ्यो जुन आधुनिक कोश जगत्को अमूल्य निधि मानिन्छ ।

यसै क्रममा अंग्रेजीका कतिपय कोशहरूको प्रणयन प्रकाशन भयो भने कतिपय कोशहरू विधायन र प्रकाशनका गर्भमा छन् । यो विकासको अक्षुण्ण र अनन्त परम्परा हो । यसैले समस्त कोशहरूको विवरण दिने संभावना पनि यहाँ रहँदैन । अत: केही उल्लेखनीय कोशहरूको नाम स्मरण गर्दै प्रस्तुत चर्चालाई विश्रान्ति दिनु वाञ्छनीय प्रतीत हुन्छ। ती हुन्–ह्विट्नेको सेन्चुरी डिक्सनरी (१८८९-९१ ई.), न्यूवर्कबाट प्रकाशित न्यू स्टैन्डार्ड डिक्सनरी (१८९३-९५ ई.), बेलायतबाट प्रकाशित स्ल्याङ्ग डिक्सनरी (१८९०-१९०४ ई.), राईटको इङ्गलिस डाइलेक्ट डिक्सनरी तथा युनिभर्सल डिक्सनरी अफ द ल्याङ्ग्वेज (१९०५ ई.), थेमस डेविड्सनको चेम्बर्स ट्वेन्टिथ सेन्चुरी डिक्सनरी (१९३९), वेब्स्टरको डिक्सनरी अफ सिनानिम्स वेब्स्टरको थर्ड न्यू इन्टरनेशनल डिक्सनरी एच बी उल्फको वेब्स्टर्स न्यू कलेनियल डिक्सनरी (१९८१ ई.), ए एस् हर्नवीको अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरी अफ करेक्ट इङ्गलिस (१९८१ ई.) आदि ।

यसरी पाश्चात्य कोश जगत्को प्रतिनिधित्व गर्ने अंग्रेजी कोशपरम्परा समयानुसार समृद्ध बन्दै विश्वका विविध भाषाका कोश परम्पराका उदाहरणीय बनेर सबैलाई अभिप्रेरित गर्न सक्ने सक्षमता अधिगत गर्न सफल भएको भेटिन्छ ।

१.३. कोशजगत्मा योगदान

यसप्रकार पूर्वी र पश्चिमी कोश परम्पराका प्रतिनिधि संस्कृत र अंग्रेजी कोश परम्पराको पर्यवेक्षण गर्दा समग्रमा के निष्कर्ष निस्कन्छ भने विश्वमा विकसित समस्त प्राच्य तथा प्रतीच्य कोश परम्परा मूलत. दुई युगमा विकसित देखा पर्छन्–

१. उन्नाईसौं शताब्दीदेखि भाषाविज्ञानको नयाँ विकास सँगै हुर्किएको कोशीय विशेषतायुक्त आधुनिक युग ।

२. त्यस भन्दा पूर्ववर्ती प्राचीन युग ।

यसरी कोशप्रणयनको क्षेत्रमा स्पष्टता परिलक्ष्यित यी दुई युगका मुख्य विशेषताहरूलाई सम्यक्रूपले समाकलन गर्न र तिनको यथोचित उपयोग गरी समुपार्जित कोशात्मक उपलब्धिहरूको सदुपयोग गर्न पूर्वोक्त पूर्वी तथा पश्चिमी कोश साहित्यका क्रमश. संस्कृत र अंग्रेजी कोशका सुदीर्घ परम्पराले वाञ्छित रूपमा जति सघाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सक्छन् त्यति अन्य भाषाका कोश परम्पराबाट अपेक्षा गर्न सकिँदैन । वास्तवमा विश्व कोश साहित्यमा नै प्रथम प्रवर्तक रहेको संस्कृत कोश परम्परा र नवप्रवर्तक भएको अंग्रेजी कोश परम्पराका माध्यमबाट नै पूर्वीय र पाश्चात्य कोश जगत्मा विकसित कोशीय परम्परा र तिनका विभिन्न युग र चरण, तद्गत् विविध स्वरूप र संप्राप्ति अनि तदीय अभिलक्षण र उपलब्धिहरूलाई समुचित किसिमले अवगत गर्न सकिन्छ । यिनै उपलब्धिका निम्ति पनि पूर्वी तथा पश्चिमी जगत्मा सुदीर्घ एवं समुन्नत परम्परा बसाल्न सफल संस्कृत तथा अंग्रेजी भाषाका कोशीय विकासक्रमको उपर्युक्त किसिमले सिंहावलोकन गर्नु नितान्त सान्दर्भिक ठहर्छ । यसका अतिरिक्त यसबाट कोशविधानका क्षेत्रमा समुन्नत उपागम, विधि, प्रविधि, शिल्पशैली एवं संरचनालाई अवगत गर्ने कार्यान्वयन गर्ने र उदीत तथा उदीयमान कोशवैज्ञानिक विकासलाई उन्नयन गर्न सहायता मिल्ने जस्ता महत्त्वपूर्ण कुराको पनि सहजै अपेक्षा गर्न सकिन्छ ।

१.४. उपसंहार

यसरी पूर्वी तथा पश्चिमी कोशविकासको सन्दर्भमा विश्वको कोशीय जगत्मा नै प्रथमत. कोशोद्भावक संस्कृत भाषा र विश्वका विविध भाषामा आधुनिक कोशीय विशेषताको संप्रवर्तक अंग्रेजी भाषाको कोशीय उद्गम र विकासको परिक्रमा गर्दा के स्पष्ट परिलक्षित हुन्छ भने विश्वकोश साहित्यमा पूर्ववर्ती प्राचीन युग र उत्तरवर्ती आधुनिक युग गरी प्रमुखतः दुई युगको विकास भएको छ । यस क्रममा पूर्ववर्ती युगमा कोशीय स्वरूपको द्रुततर परिवर्तन र परिबर्द्धन हुन्छ भने उत्तरवर्ती आधुनिक युगमा कोशीय आयाम सर्वाङ्गीण विकास, विस्तार र उन्नयन हुन्छ । यसैको परिणामस्वरूप कोशका प्रयोक्ताहरूको सामयिक आवश्यकता, उपयोगिता, आकांक्षा, सौविध्य, सुरुचि, संसर्ग, सदिच्छा, सामर्थ्य, सम्मति, मान्यता, मानसिकता आदिलाई ध्यानमा राखेर पूर्वी र पश्चिमी कोशको समृद्ध विशाल भवन तयार भएको पाइन्छ ।

मङ्गलमय शुभकामना

श्री ५ युवराजाधिराज पारस वीरविक्रम शाहदेव सरकारको
३३ औँ जन्मोत्सवको शुभ उपलक्ष्यमा मौसुफको दीर्घायुको कामना गर्दै
देववाणी पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौँ ।

श्री मदनकृष्ण श्रेष्ठ — मेयर
श्री चन्दनकृष्ण श्रेष्ण — उपमेयर

मध्यपुर थिमि नगरपालिका परिवार
भक्तपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुट्टवर्ती, तिरुपति बालाजी तथा काञ्चीपुरम् यात्रा एक संस्मरण

✍ आचार्य श्रीनारायणप्रसाद शर्मा तिम्सिना "मधुप"

२०६० साल आश्विन १३ गते बिहान ७ बजे म र मेरी आमा तीर्थयात्राको लागि घर शुक्रनगर गा. वि. स. वडा. नं १ चैतन्यवस्ती, मधुपुरी कृष्णचोक चितवनबाट निस्किएर नारायणघाटसम्म जिपमा आयौं । हामी आमा र छोरा भई यात्राका लागि हिँडेका थियौं । यो हाम्रो यात्रा पुट्टवर्ती साई. प्रशान्ति निलयम् र तिरुपति बालाजीसम्मको थियो । नारायणघाटबाट ९ बजेतिर हामी भैरहवाको बसमा चढ्यौं । हामी भैरहवा २ बजे पुग्यौं । त्यसपछि सुनौली जानको लागि मिनी बसमा चढ्यौं । सुनौलीमा भारु साटेर हामी भारततर्फ प्रस्थान गऱ्यौं ।

त्यहाँबाट भारतीय समयानुसार ३ बजे बस गोरखपुर जाने भन्ने थियो, तर साँढे तीन बजेतिर मात्र बस गोरखपुर प्रस्थान गऱ्यो । यसपछि बस ६ बजेतिर मात्र गोरखपुर पुग्यो । १३ गतेका दिन हामी गोरक्षनाथ मन्दिरकै धर्मशालामा बस्यौं । गोरक्षनाथपीठका महन्त अवेद्यनाथजीसँग भेट्ने विचार मैले गरेको थिएँ , तर भेट्न सकिनँ । मैले उहाँकै शिष्य आदित्यनाथलाई भेटें । उहाँले वासको व्यवस्था गरिदिनुभयो । त्यो दिन त्यहीँ बसी भोलिपल्ट १४ गते बुधवार बिहान ५ बजेतिर आफ्नो नित्यकर्म पूरा गरी हामी मन्दिरबाट बाहिर आई रिक्सा चढी रेलवे स्टेसनतिर आयौं ।

रेलको सिट हामीले पहिल्यै रिजर्भ गरिसकेका थियौं । त्यहाँ रिजर्वेसनको लिस्ट हेर्दा S9. 17 र 20 नं. को सीट हाम्रो रहेछ । हामीहरूले गोरखपुरबाट सीधै धर्मावरम्को टिकट लिए पनि रेल सीधै त्यहाँ नजाने भएकोले रेल गोरखपुरबाट सिकन्दरावाद हुँदै गयो । सिकन्दराबादमा रेल साँझ ६.३० मा पुग्यो । सत्य साई ट्राभल्सका मालिक नरेश राजवंशी ३७ जनाको ग्रुप लिएर काठमाडौंबाट पुट्टवर्ती साईबाबाकहाँ जाने हिसाबले आउनुभएको रहेछ । हामीहरू (आमा-छोरा) पनि उहाँहरूसँगै सिकन्दराबादबाट काचीगुडा भन्ने ठाउँसम्म ट्याक्सीमा गयौं । त्यहाँ पुग्न सिकन्दराबादबाट ८ किलोमिटर लाग्ने रहेछ । भाडा. रू २५ लाग्ने रहेछ । काचीगुडाबाट राति ९.५० मा साई पी. निलयम्सम्म ट्रेन जाँदो रहेछ । काचीगुडाबाट गोरखपुरसम्म जानको लागि चन्नईदेखि गोरखपुरसम्मको रिजर्वेसन टिकट काटियो । टीटीले प्रशान्ति निलयम्को टिकट काट्न भनेपछि धर्मावरम्बाट प्रशान्ति निलयम्सम्मको टिकट काटियो । त्यसपछि त्यहाँबाट पुट्टवर्तीको लागि ३७ जनाको ग्रुपसँगै भएर हामी आमाछोरा पनि हिँड्यौं ।

१६ गते अष्टमी तिथिका दिन बिहान ९ बजेतिर हामी पुट्टवर्ती साईबाबा आश्रममा पुग्यौं । आश्रममा बस्नको लागि व्यवस्था मिल्यो । त्यहाँ भक्तहरूको ज्यादै भीड भएकोले बाबालाई नजीकबाट दर्शन गर्न ज्यादै गाह्रो थियो । बाबा पनि बिमार हुनुभएकोले उहाँ गाडीमा चढेर भक्तहरूलाई दर्शन दिन आउनुहुन्थ्यो । १८ गते दशैंको टीकाको दिन हामीले बाबाको दर्शन केही नजिकबाट पायौं । बाबाको राम्रोसँग दर्शन गर्नको लागि एक हप्ता नै त्यहाँ बस्नुपर्ने जस्तो बुझियो । १८ गते बडा दशैंको दिन परेकोले मैले दिनको १२ बजेको शुभ मुहुर्तमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आमाबाट टीका थापें । बाबाले बनाउनुभएका यस आश्रममा रहेका महत्त्वपूर्ण वस्तुहरू चैतन्य ज्योति म्युजियम्, स्नातकोत्तर (डिग्री) कलेज, हस्पिटल, कल्पवृक्ष (बाबाले तपस्या गरेर सिद्धि प्राप्त गरेको स्थल) आदिको हामीले अवलोकन गर्‍यौं । यस क्षेत्रको अवलोकन गर्दा एउटा छुट्टै संसारमा आइपुगेको अनुभव भयो । साथै यहाँ बसेका स्वदेशी तथा विदेशी पाहुनाहरू पनि आत्मीय भावनात्मक रूपमा तन्मय भई बाबाको दर्शनमा तल्लीन भइरहेको देख्न पाइयो । पुट्टवर्ती आश्रममा हामी १६, १७ र १८ गते तीन दिनसम्म बस्यौं ।

यसरी तीन दिन पुट्टवर्तीमा बिताएपछि हामीले तिरुपति बालाजी जाने तयारी गर्‍यौं । नेपालबाट नरेश राजवंशीले ३७ जना ग्रुप ल्याएको मध्ये २२ जना मात्र तिरुपति जाने रहेछन् । हामी दुई जना थपिएपछि २४ जनाको समूह भयो । उनले सानो मिनिबसको व्यवस्था गरे । त्यसैमा चढेर हामी बेलुकी ८.३० बजेतिर तिरुपति देवस्थान पुग्यौं । हामी तिरुपति देवस्थानमा रहेको सत्य साई होटलमा बस्यौं । भोलिपल्ट १९ गते हामीले पद्मावती (लक्ष्मी)को र भगवान् गोविन्दराजको दर्शन गर्‍यौं । त्यहाँको कलात्मक शिखर शैलीमा ढुङ्गाद्वारा बनाइएका मन्दिरहरू ज्यादै मनमोहक रहेछन् ।मैले त्यहाँको केही फोटो पनि लिएँ । त्यसपछि हामी तिरुमला तिरुपति मन्दिर भएको पहाडी स्थानमा पनि गयौं । त्यहाँ पापनाशनम् भन्ने प्रसिद्ध स्थान रहेछ । त्यहाँ पानीमा नुहाएर पानीमै बसी पूजा गर्ने चलन रहेछ । केही पर आकाशबाट पहिलोपटक गङ्गाजी खसेको स्थान मानिने ठाउँ रहेछ । त्यहाँ पहाडमा पानी खसेको देखिन्छ । त्यताको भ्रमण गरी हामी भोजन गरी गाडीमा तल ओर्लियौं ।



पुट्टवर्ती आश्रमद्वार एवं कलेज

तल झरेर बेंकटाचल महात्म्यम् तथा अन्य केही पुस्तकहरू मैले किनें । त्यस दिन तिरुपति देवस्थानमा नै सत्य साई होटलमा बस्यौं र हामी भोलिपल्ट बिहान ६.३० बजेतिर तिरुमला तिरुपति देवस्थान गयौं । बालाजीको दर्शन गर्नको लागि हातमा डोरो बाँध्नुपर्ने चलन रहेछ त्यसैले हामीले तल गेटमै रू १०० तिरी २ वटा डोरो लियौं । त्यहाँ दुई घण्टा लाइनमा बसेर लगभग १२ बजेतिर दर्शन गर्न पाइयो । आमाले पहिला कपाल मुण्डन गर्न पाउनुभएन, पछि दर्शन गरिसकेपछि लाँकर भएको ठाउँमा जान निकै बेर लाग्यो । पुगेपछि आमाले ३ बजेतिर मुण्डन गर्नुभयो ।

हामीले मद्रास चेन्नई जानको लागि टिकट लिइसकेका थियौं । हामी बसपार्क गयौं । चारबजेतिर बस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चेन्नइतर्फ प्रस्थान गऱ्यो । हामी बेलुकी ८.३० बजेतिर चेन्नई बस टर्मिनलमा पुग्यौं । त्यसपछि हामी चेन्नई रेलवे स्टेशन नजीकै होटलमा बस्यौं । भोलिपल्ट समुद्रका किनारका ठाउँहरू हेर्न जानका लागि हामी त्यतातर्फ प्रस्थान गऱ्यौं । हामी पहिला गोल्डन ब्रिज भन्ने ठाउँमा पुग्यौं । त्यहाँ हेरिसकेपछि गोही पालेको ठाउँमा गयौं, त्यसपछि डाल्फिन माछा पालेको ठाउँमा गयौं । त्यहाँ माछाले भकुण्डो खेलेको एकछिन हेऱ्यौं र हाम्री महामल्ल वा महावलीपुरम् पुग्यौं । त्यहाँ पुगेर हामीले समुद्रको सौन्दर्य नियाल्यौं । मैले त्यहाँको केही फोटो पनि खिचें । त्यसपछि काञ्चीपुरम् पुग्यौं । त्यहाँबाट केही तल काञ्ची कामकोटि पीठाधीश्वर जगद्गुरु शङ्कराचार्यको आश्रम नजिकै धर्मशालामा हामी बस्यौं । भोलिपल्ट हामी काञ्ची कामकोटीकै आश्रममा बस्यौं । भोलिपल्ट २३ गतेका दिन मैले उत्तराधिकारी जगद्गुरु शङ्कराचार्य विजयेन्द्र सरस्वतीलाई देववाणीको तेस्रो र चौथो अङ्क र देवघाट धामको नक्सा सहित भविष्यमा देवघाट धाममा बनाइने आश्रमको नमुना भएको म्याप पनि टक्याएँ । काञ्ची कामकोटिमा अवस्थित लाइब्रेरी मैले अघिल्लै दिन हेरिसकेको थिएँ । २३ गतेका दिन मैले त्यहाँबाट गोरखपुरसम्मको रेलको टिकट लिएँ ।

त्यसपछि विजयेन्द्र सरस्वती शङ्कराचार्यजीसँग अनुमति लिई काञ्चीपुरबाट बसमा चढी हामी लगभग ७ बजे चेन्नई सेण्ट्रलमा पुग्यौं । राति १२. ३० बजेतिरको राप्तीसागर एक्सप्रेस ट्रेनमा चढी हामी गोरखपुरतिर प्रस्थान गऱ्यौं । २५ गते बेलुका ८.३० बजेतिर हामी गोरखपुर आइपुग्यौं । त्यहाँ रेलवे स्टेसनमा काम गर्ने एक भद्र महिला शिवकुमारी यादवको घरमा हामी बस्यौं । उहाँ धेरै नै भक्तिमती भएकोले मैले उहाँलाई सत्यसाईबाबाको र अन्य ठाउँको पनि प्रसाद दिएँ । भोलिपल्ट २६ गते बिहान हामी गोरखपुरबाट सुनौली जाने बसमा चढ्यौं । हामी १०.३० बजेतिर सुनौली आइपुग्यौं । त्यसपछि लगभग ३.३० बजेतिर नारायणघाट आइपुग्यौं ।

यसरी १३ दिनसम्मको दक्षिण भारतको यात्रा बडो रमाइलोसँग बिताई घरबाट हिँडेको चौधौं दिनका दिनका दिन हामी घर आइपुग्यौं । यी रमाइला क्षणहरू मेरा जीवनका अविस्मरणीय पाटा हुन् ।

शुभकामना

'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

महेन्द्रबहादुर कार्की
अध्यक्ष
बालाजु यन्त्रशाला
बालाजु, काठमाडौं

शुभकामना

'देववाणी', 'देवघाट धाम विशेषाङ्क भाग १' प्रकाशित हुन लागेको अवसरमा यस पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सीताराम तिमिल्सिना
सीता केयर प्रा. लि.
कालिमाटी, काठमाडौं
फोन नं. ४-२७२४२६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गीत

✍ श्रीराम आचार्य

साधारणतः आपसमा मिलिजुलीकन गाइने गीतलाई सङ्गीत भनिन्छ । वास्तवमा सङ्गीत यस्तो ललित कला हो जसको माध्यमबाट आफ्नो मनको भावलाई सुर, लय र अभिनयद्वारा व्यक्त गरिन्छ । अर्को शब्दमा भन्ने हो भने सङ्गीत एउटा समूहवाचक नाम पनि हो । चाहे त्यो भावनालाई गाएर व्यक्त गरियोस् वा वाद्य धुनद्वारा व्यक्त गरियोस् अथवा विभिन्न अभिनय र मुद्राहरूयुक्त नृत्य प्रदर्शनद्वारा गरियोस् । सङ्गीतको यसै गरिमामय महत्त्वलाई सारङ्गदेवद्वारा लिखित 'सङ्गीत रत्नाकर' ग्रन्थमा निम्न श्लोकमा यसरी परिभाषित गरिएको छ–

'गीतं वाद्यं तथा नृत्यं त्रयं सङ्गीतमुच्यते ।'

गायन, वाद्यन र नृत्य तीनै वटालाई सङ्गीत भनिन्छ अर्थात् गीत, वाद्य र नृत्यको सामूहिक नाम नै सङ्गीत हो ।

माथि गीत, वाद्य र नृत्य तीनवटै कलाको सामूहिक नाम सङ्गीत भनिए तापनि सङ्गीत भन्नाले मुख्य गरी गायन कला नै बुझिन्छ । हुन पनि सङ्गीत कलाले वाद्यवादन र नृत्य दुवैलाई मार्गदर्शन गर्दछ । यी कलाहरू स्वतन्त्र रूपले रहेको जस्तो पनि देखिन्छ । 'सङ्गीत रत्नाकर' ग्रन्थका निम्न श्लोकमा यस सम्बन्धलाई स्पष्ट उल्लेख गरिएको छ–

नृत्यं वाद्यानुगं प्रोक्तं वाद्यं गीनानुवृत्ति च ॥
अतो गीतप्रधानत्वादत्रादावभिधीयते ॥

नृत्यले वाद्यको अनुकरण र वाद्यले गायनको अनुकरण गरिने हुँदा गायनलाई प्रथम स्थानमा राखिएको छ ।

गायकले गीत गाएअनुसार बाजा बजाउनेले वाद्य धुन र ताल बजाउनुपर्दछ । त्यस्तै वाद्य धुनको सुर तालअनुसार नृत्यकारले अभिनय गरेर देखाउने गर्दछ । व्यवहारमा पनि यही क्रिया स्पष्ट रूपले देखिएको हुँदा गायनकला नै सङ्गीतको स्रष्टाको रूपमा स्थापित हुन आउँछ । वास्तवमा स्रष्टा नाद हो ।

पाश्चात्य सङ्गीत जगत्मा सुरसँग सम्बन्धित गायन तथा वादन जस्ता विधालाई मात्र सङ्गीत भन्ने गर्दछन् । नृत्यलाई छुट्टै विधाको रूपमा स्थापित गरिएको पाइन्छ ।

भौतिक जगत्को प्रत्येक अणुपरमाणुभित्र शब्दचैतन्यको अस्तित्त्व विद्यमान रहेका छ । यसै शब्द चैतन्यको समूहगत ध्वनि नै अनहद नादको रूपमा प्रस्फुटित हुन्छ । नादको आफ्नै गुणअनुसार स्वयम्भू नादहरू पहिलो नादबाटै उत्पन्न हुँदा बाह्य जगत्को आहत नाद अन्तर् अनुभूतिको प्रतिबिम्ब स्वरूप छन् । सङ्गीतको मूल स्रोत अन्तर्गत नै आत्मीय नाद पर्ने भएको हुँदा सङ्गीतको उत्पत्तिको बारे विभिन्न मतहरू पाइन्छन् । तापनि वास्तविकता भने माथि उल्लेख गरिएकै तथ्यमा आधारित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गीतको व्याख्या तथा परिभाषाहरू जस्तोसुकै रूपमा गरिए तापनि यसको अन्तिम निचोड चाहिँ प्राणीहरूको चित्ताकर्षणद्वारा आनन्द प्रदान गर्नु र त्यसलाई उत्कृष्ट स्थितिमा पुऱ्याउनु नै रहेको छ । अझ गीतमा उत्कृष्ट, जीवन्त, स्वस्थ र बहुसंख्यक मानवको हितसाधक भाव पनि भयो भने त्यसले उच्चस्तरको आनन्द (मनोरञ्जन) दिनुका साथै चेतनाको स्तर उठाउन पनि सहयोग पुग्दछ ।

सङ्गीतको उत्पत्ति

वास्तवमा सङ्गीतलाई आत्मसात् गरिसकेपछि यसको उत्पत्तिको बारेमा कुरा गर्नु भनेको अँध्यारोमा अल्मलिनु भनेजतिकै अनर्थ हुन जान्छ । यसको प्रमुख कारण सङ्गीतको गुण, समय र सीमाभन्दा पर रहनु हो । सङ्गीत अमर छ, अविनाशी छ, निरन्तर छ र यो नित्य पनि छ । यसको कहिल्यै कहीँ पनि अभाव छैन । यदि अभाव छ भने जीव चेतनाको सङ्गीतप्रति हुनु पर्ने अनुराग र लगनशीलताको अभाव छ । विश्वव्यापी ध्वनि (Cosmic Sound)को सर्वव्यपकतामा कुनै शङ्का गर्ने ठाउँ छैन तर यो सर्वव्यापक ध्वनि संसारको स्थिरताको लागि यस मण्डलमा गुञ्जिरहेको माया शब्द मात्र हो ।

ध्वनिहरूको संयुक्त उपस्थिति नै सङ्गीत हो जसमा सुर, लय, ताल, छन्द र भावको समष्टिगत स्वरूप एकै साथ प्रवाहित भइरहेका हुन्छन् । ध्वनि नै सम्पूर्ण रचनाको स्रष्टा हो, जसको अभावमा यो सम्पूर्ण रचना नै स्तब्ध मात्र नभई अणुअणुमा विखण्डन उत्पन्न भई परमाणुको रूपमा सारा अन्तरिक्षमा यो सृष्टि विलीन हुन पुग्दछ । यस सत्यलाई बुझिसकेपछि सङ्गीतमय नादको आकर्षणशक्तिलाई पनि स्वीकार्नु अत्वावश्यक र यथार्थसम्मत हुन्छ । अब सम्पूर्ण रचनाको स्रष्टाकै उत्पत्तिको खोजी गर्दै अल्मलिनु भनेको अज्ञान र मूर्खताको पात्र मात्र बन्नु हो ।

'ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनः ।'

अर्थात् ध्यानको अवस्थामा रहेका योगीहरूको मनले जुन सत्त्वलाई देख्दछन् त्यो नै माया शब्द, काल शब्द, चैतन्य शब्द र शून्य स्थानका शब्दहरू क्रमशः एकपछि अर्को शुद्ध चेतनाका अवस्थाहरू हुन् । शब्द भन्नले अन्तर्नाद भन्ने बुझ्नुपर्दछ । यही अन्तर्मुखी नाद (अनहद नाद)को छायास्वरूप रहेका बाहय ध्वनिको आकर्षण नै जड जन्य सङ्गीत हो । अन्तर्गत नादसँग बाह्य सङ्गीतोपयोगी ध्वनिको आकर्षणले नै जड सङ्गीतमय चेतनाको अनुभव हुन थाल्दछ । यही ज्ञान नै सङ्गीत हो ।

लोकाचारको क्षेत्रमा सङ्गीतको उत्पत्तिको बारेमा अनेकौँ किम्वदन्तीहरू, कथा पुराणको रूपमा प्रचारमा रहेको पाइन्छ जसको उल्लेख संक्षेपमा यस प्रकार गरिन्छ–

१. पौराणिक कालमा सङ्गीतका धनी, वेद ध्वनिका मूल कर्ता ब्रह्माजीले सरस्वती (सन्ध्या देवी)लाई, सरस्वतीले नारदजीलाई, नादरले पाँचौँ शताब्दीका भरत मुनिलाई, भरत मुनिले 'भरत नाट्यशास्त्र'-द्वारा समस्त मानवहरूलाई सङ्गीत शिक्षा क्रमशः प्रदान गरे भन्ने पाइन्छ ।

२. अर्को एक उक्तिअनुसार ब्रह्माजीबाट शिवजीले, शिवजीबाट सरस्वतीले र सरस्वतीबाट नारदादि ऋषि मुनिहरूले सङ्गीतको शिक्षा प्राप्त गरी लोकमा प्रचार गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३. शिवजीको पञ्च मुखबाट पाँच राग र पार्वतीजीबाट छैटौँ रागको उत्पत्ति भई जम्मा ६ राग र यिनैबाट पछि अनेकौँ राग रागिनीहरूको उत्पत्ति भएको मानिन्छ ।

४. सृष्टिको आदि कालमा ब्रह्माजीको उर, छाला र मांसादिबाट गायत्री, त्रिष्टुप् र अनुष्टुप् जस्ता छन्दहरूको प्रादुर्भाव भएको भन्ने पाइन्छ भने ब्रह्माजी आफ्नै सृष्टिदेखि आनन्दविभोर हुँदा चैतन्य समाधिको अवस्थामा सातवटै सुर षड्ज-सा, ऋषभ-रे, गान्धार-ग, मध्यम-म, पञ्चम-प, धैवत-ध र निषद-नी आदि प्रकट हुँदा अत्यन्त प्रसन्न भई उक्त अन्तर-नाद-ज्ञान उहाँले देवीदेवता र ऋषिमुनिहरूलाई दिनुभयो ।

५. ॐ शब्द ध्वनियुक्त भएकोले सम्पूर्ण ध्वनिको मूल स्रोतको रूपमा रहेको यो एकाक्षर शब्द नै समस्त सृष्टि र सङ्गीतको मूल कारण हो । चैतन्यसमाधिको पराकाष्ठामा यो शब्द अन्तर् भ्रुकुटीमा स्वयं उद्भाषित हुन्छ । सङ्गीतका सात सुरको ज्ञान यसभन्दा अघिल्लो अवस्थामा नै प्राप्त भइसक्दछ ।

६. सङ्गीत दर्पणका लेखक पं. दामोदरका अनुसार सङ्गीतका सात स्वरहरूको उत्पत्ति विभिन्न पशुपंक्षीहरूका आवाजको अनुकरण गरी मानव चेतनाले पत्ता लगाएको हो । जसअनुसार मुजुरबाट षड्ज, पपीहाबाट ऋषभ, बाखाबाट गान्धार, कौवाबाट मध्यम, कोयलीबाट पञ्चम, घोडाबाट धैवत, हात्तीबाट निषाद स्वरहरू प्राप्त भएको मानिन्छ ।

७. एक पटक हजरत मुसा जेठको टन्टलापुर घाममा जङ्गल र पहाड हुँदै भ्रमण गरिरहको वेला बाटोमा यिनले एउटा अत्यन्त सुन्दर ढुङ्गा देखे । त्यसै वेला एक जना देवदूत आएर उनलाई तयो ढुङ्गा लिएर जान आग्रह गरे । हिड्दै जाने क्रममा यिनलाई तीव्र प्यास लागेछ । पानी कहीँ पनि नपाउँदा यिनले प्रार्थना गर्न थाले । तुरुन्त पानी पर्न थल्यो र पानीको छिटा उक्त ढुङ्गामा पर्ना साथ ढुङ्गा सात टुक्रा भई फट्यो जसबाट पानीका सात धाराहरू प्रवाहित हुन थाले । यिनै सात धाराहरूबाट निस्केका ध्वनिहरूद्वारा हजरत मुसालाई सात स्वरहरू 'सारेगमपधनी'को ज्ञान भयो भन्ने किम्वदन्ती पाइन्छ ।

८. अरबको पहाडी इलाकामा पाइने मुसीकार नामक एक प्रकारको चराको नाकमा सातवटा प्वालहरू हुन्छन् । ती प्वालबाट बाँसुरीमा झैँ सात स्वरहरू सा रे ग म प ध नी उत्पन्न हुने गरेको बुझिन्छ ।

९. मनोविज्ञानका प्रसिद्ध विद्वान् फ्रायडका अनसार मानवमा रुनु, कराउनु, हाँस्नु, आदि स्वतःस्फूर्त स्वभाव भएजस्तै सङ्गीत पनि बालमस्तिष्कको क्रमिक विकास जस्तै मनोवैज्ञानिक सिद्धान्तको आधारमा विकसित हुँदै जान्छ ।

परम्परागत पूर्वीय शास्त्रीय सङ्गीतको संक्षिप्त परिचय

सङ्गीत कहिलेदेखि, कसरी र कसबाट प्रकट भयो ? यसको प्रारम्भिक अवस्था कस्तो थियो ? यसको उत्पत्ति कसरी भयो ? यसको स्रोत के हो ? जस्ता प्रश्नहरूका बारेमा विभिन्न मत-मतान्तरहरू रहिआएका छन् । आजसम्म यस विषयमा जेजस्ता खोज र अनुसन्धानहरू भए, प्रमाण र उदाहरणहरू सामुन्ने राखिए, तिनीहरूमा कुनै भर पर्दो विश्वासिलो वैज्ञानिक आधारहरू नभएकाले यी प्रश्नहरू अझै अनुत्तरित नै रहेका छन् ।

सङ्गीत कहिलेदेखि सुरु भयो भन्ने विषयमा विभिन्न वैदिक र पौराणिक ग्रन्थहरू, भौतिक संसारका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुमानित किम्वदन्तीहरू, वैज्ञानिक विश्लेषणको भौतिक उदाहरणहरूमा जुनसुकै कुराहरू उल्लेख भए तापनि कुनै एक निश्चित उचाइमा रहेको निरन्तर, नियमित र स्थिर ध्वनिको अस्तित्व नै अनादि, शास्वत, नैसर्गिक र सम्पूर्ण सृष्टिकै कारण स्वरूप रहेको कुरा सत्य प्रमाणित हुन आउँछ । ध्वनिका दुई प्रकार (नाद र कोलाहल वा होहल्ला) भए जस्तै संसार सृष्टिको साथसाथै स्वाभाविक सौन्दर्य र सौन्दर्यमा विकृति दुवैको एकै साथ सुरु भएको पाइन्छ । ध्वनि जहाँ सिलसिलाबद्ध, नियमित र स्थिर छ त्यहाँ सौन्दर्य, सुख र शान्ति छाएको हुन्छ भने ध्वनिको सिलसिला जहाँ टुटेको, अनियमित तथा अस्थिर छ त्यहाँ विकृति, कुरूपता र अशान्ति फैलिएको हुन्छ । त्यस्तै स्थिर ध्वनि चेतना र प्रकाशको घोतक हो भने अस्थिर ध्वनि बेहोसी, अन्धकार र अज्ञानको मूल मार्ग हो । स्थिर ध्वनि सुरिलो, मिठासपूर्ण र रसमाधुर्यको उत्पादक तत्त्व हो भने अस्थिर र अनियमित ध्वनि कर्णकटु, कोलाहल, बेसुरा बेलय र छन्दभङ्ग जस्तो अनावश्यक होहल्ला मात्र हो । जहाँ चैतन्य तत्त्वको घनत्व बढी हुन्छ । त्यहाँ स्थिर ध्वनि (मूल नाद)बाट पञ्चम सुर, पाँच वटा तीव्र सुर र पाँचवटा कोमल सुरसमेत गरी जम्मा ११ वटा सुरहरूको जन्म हुने हुँदा स्थिर ध्वनि अन्य सुरहरूको जन्मदाताको रूपमा अवस्थित रहेका हुन्छ । पर्वव्यापक ध्वनिमा यो शक्ति गौण रूपमा हुने हुँदा यसमा स्वरहरूको चेतना हुँदैन । सर्वव्यापी ध्वनि (Cosmic Sound) भनेको जड चेतनाको स्वरूप हो ।

यो विश्व ब्रह्माण्डको रचनाको साथसाथै सङ्गीतको पनि जन्म भयो । सृष्टिको प्रारम्भिक अवस्थामा भौतिक संरचनाले जब चेतनशील शरीर धारण गऱ्यो त्यसको लालनपालन, रेखदेख, स्याहारसम्हाल र संरक्षण सम्वर्द्धन विशेष चैतन्य योगको आनन्दमय अवस्थामा अन्तरनाद (अनाहत नाद) ले नै गऱ्यो ।

यसै चैतन्य समाधिको अवस्थामा ब्रह्माजीको अन्तर घटमा प्रथम राग भैरवको प्रस्फुरण हुँदा सर्वप्रथम उक्त राग शङ्कर भगवान्लाई सिकाउनु भयो । शङ्कर भगवान्ले पनि अनेकौं आलाप तानहरूद्वारा अलङ्कृत गरी ब्रह्माजीलाई सुनाउनुभएको भन्ने प्रसङ्ग पौराणिक ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । यो 'रे म ध' स्वर कोमल र 'ग नी' तीव्र भएको राग भैरव सृष्टिको आदिकालमा उत्पन्न हुनु युक्तिसङ्गत देखिन्छ । किनभने 'रे म ध' स्वरहरू कोमलत्वको प्रतीकात्मक स्वर हुनुका साथै यसमा सृष्टिको विस्तार र विकास गर्ने ममतायुक्त गुण रहेको छ भने 'ग नी' तीव्र स्वरमा अगाडि आइपर्ने विघ्न, बाधा, बन्धन र दुःख सन्ताप आदिलाई दूर गर्ने, विनाशको गुण रहेका छ । 'रे ध' स्वरमा सृष्टि 'म' स्वरमा स्थिति र 'ग नी' स्वरमा पालन गर्ने पूर्ण क्षमता रहेको छ ।

वैदिक कालमा सङ्गीत

ब्रह्माजीलाई सङ्गीत शास्त्रको जन्मदाता र मृदङ्गको निर्माताको रूपमा चिनिन्छ । वेदहरूमा सामवेद पूर्णतः सङ्गीतमय छ । सामको अर्थ नै धुन भएकोले सामवेदका मन्त्रहरू सबै नै सङ्गीतमय उच्चारण हुने गर्दथे । वैदिक कालमा स्वरित - सा, अनुदात्त - रे, उदात्त - ग आदि तीन स्वरमा साम गान गरिन्थ्यो भने यसै कालमा सात स्वरहरू विकसित भइसकेका थिए ।

'उदात्ते निषादगान्धारौ अनुदात्तऋषभधैवतौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरितप्रभवा ह्येते षड्जमध्यमपञ्चमाः ॥'

जुन यस प्रकार छन्– स्वरित सा म प, अनुदात्त -रे ध, उदात्त ग नी आदि सातै स्वरमा वेद मन्त्रको पाठ गरिन्थ्यो । यस कालमा सङ्गीतका साथै नृत्य पनि गरिन्थ्यो । देवताहरू सोमरस पान गर्दै नृत्य गर्ने र हेर्ने प्रसङ्ग यसका प्रमाणहरू हुन् ।

यजुर्वेदकालमा यज्ञादि गर्दा सामगायन अनिवार्य रूपमा गरिन्थ्यो । जहाँ महिलाहरू टाउकोमा गाग्रो बोकेर गाउँदै नृत्य गर्दथे । यस समयमा वीणावादनको साथै मृदङ्ग बजाउने गरिन्थ्यो ।

सामगानको बारेमा नारदकृत 'नारदीय शिक्षा' ग्रन्थमा विस्तृत वर्णन गरिएको छ भने त्यस पछि 'भरत-नाटयशास्त्र'मा सङ्गीत र नाट्यको सम्बन्धमा परिपक्व विवेचना गरिएको पाइन्छ । यसै क्रममा १३ औँ शताब्दीको सङ्गीतको अर्को अतुलनीय ग्रन्थ शार्ङ्गदेवकृत 'सङ्गीतरत्नाकर' सङ्गीत शास्त्रको सारभूत तत्त्वहरू रहेको अत्यन्त महत्त्वपूर्ण कृति हो । यसै शताब्दीको अन्त्यतिर उत्तरी र दक्षिणी अथवा हिन्दुस्तानी र कर्णाटकीय सङ्गीतमा भिन्नताको सुरुवात हुन्छ ।

राष्ट्रिय एकीकरणपश्चात् सङ्गीतको विकास

पृष्ठभूमि– वैदिक कालदेखि नै साहित्य, सङ्गीत कला आदिका महान् चिन्तक, साधक तथा उच्चकोटीका दार्शनिकहरूद्वारा पृष्ठपोषण हुँदै आइरहेको नेपालको महाभारत खण्डमा आदिम कलासंस्कृतिको भण्डार यथावत् रहिरहेकै अवस्थामा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण भएको थियो । एकीकरणकै सिलसिलामा वि.सं. १८२५ साल भाद्र महिनामा धुमधामसँग मनाइने परम्परागत इन्द्रजात्राको सङ्गीतमय हर्षोल्लासयुक्त पर्वको अवसर छोपी, मध्यरातमा सबै सुतेको मौकामा पृथ्वीनारायण शाह काठमाडौँलाई कब्जा गर्न सफल भए । उपत्यकाका तीनै शहर काठमाडौँ, ललितपुर र भक्तपुरलाई आफ्नो कब्जामा लिइसकेपछि राष्ट्रनिर्माता श्री ५ पृथ्वीनारायण शाहले धेरैजसो राज्यको धर्म, संस्कृति र सभ्यतालाई दृष्टिगत गरी विदेशी प्रलोभनमा नपर्न र आफ्नै देशमा प्रचलित नाचगानहरू हेरी मनोरञ्जन गर्न सर्वसाधारण जनताहरूलाई उपदेश दिएका थिए । उक्त उपदेशका बाक्य हुन्– 'आफ्ना सौख-सयललाई ता शास्त्रबमोजिमको तीनै शहर नेवारहरूको नाच झिकाई हेऱ्या पनि हुन्छ ।'

तत्कालीन सङ्गीतको स्वरूप– त्यस समय नेपालभरि नै ठूला घराना भएका ठाउँहरूमा रागरागीनीमा बाँधिएका अनेकौँ ताल, सुर, र लयकारीयुक्त बन्दिसहरू, सङ्गीत मण्डली, भजन मण्डली, घर, आँगन, चोक, डबली, जात्रा, पर्व र उत्सवहरूमा गाउने-बजाउने गरिन्थ्यो । तत्कालीन ती कलाकारहरूमा शिक्षादीक्षाको कमी र शास्त्र ज्ञान नभएको हुनाले कुनै लेख तथा लिपिहरूमा उक्त सङ्गीतका सामग्रीहरू सुरक्षित हुन सकेनन् । त्यस समयमा बौद्ध चर्याअन्तर्गत अत्यन्त गोप्य रूपमा सजधजका साथ गरिने गायन, वादन र नृत्यका विभिन्न मुद्राहरूको अभिनय गर्दै प्रदर्शन गरिने राग, ताल र सङ्गीतमय अलङ्कारयुक्त चर्या गीतिनृत्य, बौद्ध परम्पराका पुरोहित बज्राचार्यहरूद्वारा तन्त्रोक्त इष्टसिद्धिको लागि गरिने शास्त्रयुक्त सङ्गीतमय बौद्ध चर्या (चर्चा) परम्परा एकातिर जीवितै थियो भने तीनै शहर उपत्यकामा मात्रै सयौको संख्यामा दापाः खल सक्रिय रूपमा रहेका थिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चर्या गीतका रागहरू र दापा: खलका रागहरूलाई केलाउँदा यी दुवैमा आ-आफ्नै किसिमका राग नाम र स्वर अलङ्कारहरू भएको पाइन्छ । चर्याका रागहरू रागीनी पद्धतिमा धेरै मात्रामा एकरूपता रहेको भेटिन्छ । हिजोआज बौद्ध चर्याका गीतिनृत्यले आफ्नो गोपनीयताको पर्दाउघार्दै केही बाहिर जनसाधारणसम्म आउन सफल भएको छ भने दापा सङ्गीतको परम्परा ज्यादै पुरानो र अप्रचलित हुँदै प्राय: लोप भइसकेको स्थितिमा छ । यिनै तथ्यहरूलाई श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहद्वारा विभिन्न भजनमण्डप, चाडपर्वहरू, ऋतु तथा जन्मदेखि मृत्यु संस्कारसम्म चलिआएका सङ्गीत परम्पराको अध्ययन र मनन गरी आफ्नै देशको सङ्गीतमा रमाएर बस्नको लागि उपदेश भएको हो । स्वयं पृथ्वीनारायण शाहद्वारा पनि आफ्ना इष्टदेव गोरखनाथको स्तुति गुणगानयुक्त कविता रचेर गाएको भेटिन्छ जसको स्थायी र अन्तिम अन्तरा उदाहरणको लागि यहाँ दिइन्छ–

स्थायी : बाबा गोरखनाथ
सेवक सुखदाये, भजहुँ तो मन लाये ॥

अनतरा : अगम कथा गोरखनाथ कि महिमा पार नपाये ॥
नरभूपाल शाह जिउको नन्दन पृथ्वीनारायण गाये ॥

परम्परागत रूपमा चलिआएका विभिन्न चाडपर्वमा देखाइने गीत, नृत्य र मन्दिर डबलीहरूमा नित्य रूपमा गरिने भजन, गीत, नृत्य, आदि आ-आफ्नो रीति धर्मअनुसार व्यवस्थित रूपले संरक्षण गर्ने उद्देश्य राखी विभिन्न गुठीहरूको स्थापना गरिदिने काम पनि पृथ्वीनारायण शाहले गरेका थिए । नेपालको पूर्वपश्चिमका बाईसे, चौबीसे राज्यहरू र अन्य केही ससाना राज्यहरू गरी जम्म चवन्नवटा राज्यहरूमा विद्यमान धर्म, संस्कृति र सांगीतिक क्रियाकलापहरू आ-आफ्नै परम्पराअनुसार स्थानीय शैलीमा उन्नतशील हुन नसके तापनि यी राज्यहरूमा तत्कालीन सङ्गीतशैली यथावत् जीवित नै थियो । त्यसै वेला गोरखा दरबारमा प्रसिद्ध गायक तथा हजारौँ खालका रचनाकार सदारङ्ग भारतबाट आएका थिए । त्यस्तै कास्की राज्यको बाटुलेचौरमा हरिहर मिश्रको आगमन भएको र यिनै वंशमा धुरन्धर सङ्गीताचार्य लक्ष्मणदासको उदय भएको थियो । यिनी पछि दरबारिया गायकको रूपमा रहेका थिए ।

रणबहादुर शाह– शाह वंशमा सङ्गीतज्ञ स्वामी महाराजको रूपमा रणबहादुर शाह स्वयं वीणा तथा सितार बजाउने गर्दथे । यिनको जीवनकाल सङ्गीतमय रहेको र आफ्नो दरबारमा हुसेन बक्स र निजारी बक्सलाई क्रमश: गायक तथा मृदङ्गवादकका स्थानमा ससम्मान राखेका थिए भने दरबारिया गायकको रूपमा करीम सेन रहेका थिए । यी सङ्गीतका मर्मज्ञहरूलाई काठमाडौँको यट्खा टोलमा सरकारी भवन उपलब्ध गराउनुको साथै सैनिक सुरक्षाको समेत व्यवस्था गरिएको थियो । तत्कालीन नेपालका प्रसिद्ध गायक रूपनारायण श्रेष्ठ र पखावज वादक पद्म नारायण श्रेष्ठ यट्खा टोलको भजनगृहमा आफ्नो सङ्गीतकला प्रदर्शन गरिरहदा यी दरबारिया गायकहरू बडो ध्यानपूर्वक सुन्ने गर्दथे, यिनै रूपनारायण श्रेष्ठका पनाति मथुरा श्रेष्ठ नेपालका धुरन्धर गायक थिए । रणबहादुर शाहले रूपनारायण र पद्मनारायण दुवैलाई राजगायकको रूपमा नियुक्ति गरी यिनका सन्तानहरूलाई समेत सङ्गीतको पुर्ख्यौलीको रूपमा नियुक्ति गरी उक्त पदको खानगी (भत्ता)स्वरूप सन्तान दरसन्तानलाई दिने व्यवस्था गरिदिएका थिए । श्रीपञ्चमीको दिन हनुमान् ढोकामा वसन्त सुनाउने क्रम अद्यावधि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कायम नै छ । रणबहादुर शाहले सङ्गीतप्रति यति धेरै झुकाव राख्दथे कि यिनलाई राज्यप्रशासनको पनि त्यति वास्ता हुदैन्थ्यो । एक पटक यिनले काशीमा आयोजित सङ्गीत गोष्ठीमा सङ्गीत कलाको उत्कृष्ट प्रर्दशनीमा विजयी भई सुनको तानपूरा पुरस्कारस्वरूप प्राप्त गरेको कुरा ऐतिहासिक रूपमा लिइन्छ । यसबाट रणबहादुर शाहको सङ्गीतप्रति रहेको दखल स्पष्ट हुन आउँछ । यसै गरी सङ्गीतका मर्मज्ञ वयोवृद्धहरूले भनेअनुसार तानसेनको तानपूरा नेपालमा सुरक्षित रहेका थाहा हुन्छ । उक्त तानपूरा मियातानसेनका वंशज करिम सेनद्वारा श्री ५ रणबहादुरलाई दिएपछि सुनको पातामा तानपूरा प्राप्त भएको मितिसहित उल्लेख गरी तानपूरामा टाँसि करीम सेनकै इच्छाअनुसार उक्त तानपूरा सुरक्षित गरिएको बुझिन्छ ।

राजेन्द्र र सुरेन्द वीर विक्रम शाह– राजेन्द्र वीर विक्रम शाहको समयमा सङ्गीत, नाटक आदिको केही चहलपहल भएको देखिन्छ । यिनले नेवारी भाषामा सङ्गीत नाटकको पुस्तक लेखेको उल्लेख पाइन्छ । राजेन्द्र विक्रमकै शासनकाल वि.सं. १९०३ आश्विन १ गते राती गगनसिंहको पूजा कोठामा षड्यन्त्रमूलक हत्यापश्चात् नेपाल दरबारको राजनैतिक वातावरणमा ठूलो उथलपुथल आएको थियो । यसैको भोलिपल्ट रातको समयमा घटेको रक्तपातपूर्ण कोतपर्वको घटनाबाट ज्यान जोगाई उम्कन सफल भएका सङ्गीतप्रेमी राजा श्री ५ राजेन्द्र विक्रम शाह केही महिनापछि वि.सं. १९०४ मा राजीनामा चढाई काशीमा बस्न बाध्य भए । यसपछि राणाहरूको कठोर शासन व्यवस्थापन अन्तर्गत वि.सं. १९०४ मा श्री ५ सुरेन्द्र विक्रम शाहको समयमा उपत्यकामा शास्त्रीय सङ्गीतको केही चहल-पहल बढ्न थालेको आभास मिल्छ । श्री ५ सुरेन्द्र वीर विक्रम शाह स्वयं गाउँथे र सङ्गीत सम्बन्धी पुस्तक पनि प्रकाशमा ल्याएका थिए । कास्की जिल्लाको बाटुले चउरमा जन्मी भारत गई बसका सङ्गीताचार्य लक्ष्मण दासलाई झिकाई श्री ५ सुरेन्द्रले आफ्नो दरबारमा आफ्ना दरबारिया भाइभारदार तथा तालिमे नानीहरूलाई सङ्गीतशिक्षा दिने उद्देश्यले आश्रय दिई राखेका थिए । सङ्गीताचार्य लक्ष्मण दासका प्रमुख शिष्यहरूमा ठूली हसिना, सानी हसिना र संग्राम सुर आदि उल्लेखनीय छन् ।

पृथ्वी वीर बिक्रम शाह– यिनी वि.सं. १९३८ मा ६ वर्षकै उमेरमा राजा भएका थिए । श्री ५ पृथ्वी वीर विक्रम शाह सोह्र वर्ष पुगेको उपलक्ष्यमा नेपाल अधिराज्यभरि रहेका सबैजसो सितार वादकहरूलाई बोलाई विभिन्न रागहरू सुनाइएको थियो । जसमध्ये अन्तिम सितारवादन प्रस्तुत गर्ने सुचेतमान सिंह श्री ५ को नजरमा उत्कृष्ट ठहरिएका थिए । पृथ्वी वीर विक्रमकै समयमा अर्को प्रख्यात सितारवादक पं. देवचन्द्र रेग्मी हुनुहुन्थ्यो । श्री पृथ्वी वीर विक्रम शाहको अनुरोधअनुसार राग भैरवी बजाएर दरबारमा ताजखाँ लगायत सबैबाट प्रशंसित भएका थिए ।

वीर शम्शेर र सङ्गीतको स्वर्णयुग– वि.सं.१९४२ सालमा आफ्नै काका रणोद्दीपलाई षड्यन्त्रमूलक ढङ्गले हत्या गरी श्री ३ महाराजको रूपमा धीर शम्शेरका छोरा वीर शम्शेरले नेपालको इतिहास सुरु भएको थाहा हुन्छ । यिनको दरबारमा ताजखाँ, दुन्देखाँ, इनायत हुसने खाँ, राम सेवक मिश्र, बलदेव सहाय, हैदर खाँ, जगदीप मिश्र, वन्दे अलि खाँ, गुलाम हुसने खाँ आदि दरबारिया सङ्गीतज्ञको रूपमा रहेका थिए । यसवेला राणाहरूको विभिन्न दरबार लाल दरबार, सेतो दरबार, बाग दरबारलगायत नारायणहिटी दरबारमा दिनहुँ जस्तो सङ्गीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समारोह र सङ्गीतका शिक्षा, दीक्षा, तालिम आदि भइ नै रहन्थ्यो । लाल दरबारकै सङ्गीतमय वातावरणमा हरिमाया, मोखपरी, हसनपरी, मूगा र ईशकपरी प्रमुख गायिकाहरू थिए । जसले ताजखाँ तथा दुन्देखाँसँग अनेकौं ख्याल, धुपद, धमार आदिमा सङ्गीत शिक्षा प्राप्त गरेका थिए । यसवाहेक अन्य राणाहरूका दरबारहरूमा गायक, वादक, नृत्यकार तथा नाट्यकार आदिलाई आश्रय दिनुका साथै आपसमा प्रतियोगितात्मक लडन्त-भिडन्त जस्ता क्रियाकलापहरू गराएर दरबारीया भाई भारदारहरू आपसमा सङ्गीतको आनन्द लिने गर्दथे । सर्वसाधारणहरू भने यस्ता किसिमका उच्च स्तरीय प्रदर्शनद्वारा प्राप्त हुने मनोरञ्जन तथा आनन्दबाट वञ्चित नै थिए । श्री ३ महाराज वीर शम्शेरकै समय वि.सं. १९५६ साल पुष महिनामा झण्डै एक महिनासम्म विशाल सङ्गीत सम्मेलनको आयोजना वीरगञ्ज नजिकैको बगेडीमा भएको कुरा ऐतिहासिक रूपमा उल्लेख भएको पाइन्छ । जसमा भारत तथा नेपालका शीर्षस्थ सङ्गीतकारहरूले भाग लिएका थिए । उक्त सङ्गीत मसम्मेलनको प्रत्यक्ष तस्वीर 'मोरिस म्यूजिक कलेज' लखनऊमा र नेपालका केही सङ्गीतज्ञहरूको घरमा समेत सजाएर राखिएको छ । नेपालका सङ्गीतज्ञ लक्ष्मणदास मिश्र, बेगम रजिया, कालका दिन, पं. दिव्यदेव शर्मा, पं. वीरेन्द्रकेशरी आदिले त्यस सम्मेलनमा भाग लिएका थिए भने भारतका ताजखाँ, दुन्देखाँ, गुलाम हुसेन खाँ, राम सेवक र वीनकार भट्ट आदि जस्ता धेरै ठूल्ठूला गायकहरूले भाग लिएका थिए । बगेडीमा आयोजित त्यस सङ्गीत सम्मेलनले सङ्गीतसम्बन्धी निचोड निकाल्दै भातखण्डेको भन्दा अगाडि भिन्न दश थाटको परिकल्पना गरिएको थियो । जसअनुसार कल्याण थाट, भार थाट, विलावल थाट, तोडी थाट, सारङ्ग थाट, रागाङ्गमा आधारित देखिन्छन् । वि.सं. १९५८ सालमा सङ्गीतप्रेमी वीर शम्शेरको षड्यन्त्रमूलक हत्या भएपछि यस सम्मेलनबाट तयार पारिएको ग्रन्थ अधुरै रहेका हुनाले प्रकाशमा आउन नसकेको कुरा थाहा हुन्छ ।

चन्द्र शम्शेर र सङ्गीतको स्वर्ण युग– श्री ३ चन्द्र शम्शेर प्रधानमन्त्री भएको दश वर्ष पश्चात् ठूलो दरबारीया षड्यन्त्र अन्तर्गत विस्तारै असर गर्ने विषको प्रयोगबाट श्री ५ पृथ्वी वीर विक्रम शाहको वि.सं. १९६८ मा मृत्यु भएपछि पाँच वर्षको नाबालक त्रिभुवनलाई राजगद्दीमा बसालियो । श्री ५ त्रिभुवनको राज्यकालमा नानक मिश्र, वाला प्रसाद, झुम्मक मिश्र, उस्ताद उजीर, रामबहादुर तण्डुकार, मेलवादेवी, उस्ताद साहिला, उस्ताद बद्री तन्डुकार, उ. नन्दलाल, उस्ताद गणेशलाल, देवचन्द्र रेग्मी, एकराज शम्शेर, पूर्णचन्द्र रेग्मी, यज्ञराज शर्मा, कृष्ण चन्द्र रेग्मी, पं. गङ्गादत्त पराजुली, सङ्गीतप्रवीण नरराज ढकाल आदि उल्लेखनीय सङ्गीतज्ञहरू थिए । श्री ५ त्रिभुवनलाई रिझाउने झुम्मक मिश्र श्री ५ त्रिभुवनका अत्यन्त प्रियपात्र र मन पर्ने सङ्गीतज्ञ थिए । श्री ५ त्रिभुवनलाई रिझाउनको लागि यी सङ्गीतज्ञहरूले भारतका विभिन्न ठाउँका विशेष गरी वनारसबाट उस्तादहरूको सबै वाईजीहरूलाई समेत झिकाई मध्यस्थताको भूमिका समेत निभाउने गर्दथे ।

शास्त्रीय सङ्गीत स्वर्ग युगको रूपमा उन्नतिको दिशातिर अगाडि बढिरहेकै वेला प्रसिद्ध धुपद गायक दोलत खाँ र प्रो. बालाप्रसाद शर्मा, धूर्त बुद्धि भएका श्री ३ महाराजा चन्द्र शम्शेरको समयमा नेपालमा आएका थिए । प्रो. बालाप्रसादले चन्द्र शम्शेरबाट तराईमा ५०० बिघा जमिन पाएका र जुद्ध शम्शेरको नेपाली सारङ्गी बजाउँदा अश्रु विभोर भई एक हजारको थैली पुरस्कार स्वरप प्राप्त गरेका थिए । भीम शम्शेरको प्रधान मन्त्रीत्वमा प्रो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालाप्रसादको जमिन र जागिर दुवै खोसुवा भएपछि आफ्नी कान्छी महारानी र केशर शम्शेरका दरबारका तालिमे नानीहरूलाई सङ्गीत शिक्षा दिन मासिक रू ४०० मा भीम शम्शेरले यिनलाई पुनः नियुक्त गरेका थिए । प्रधानमन्त्री चन्द्र शम्शेरको सिंहदरबारकी गायिका मेलवा देवी नेपालका ख्यातिप्राप्त सङ्गीतज्ञको रपमा रहेको पाइन्छ । त्यस्तै प्रथम महिला सितारवादिका मानप्रिया डिठ्ठिनी जसले विभिन्न दरबार र भाइभारदार समक्ष आफ्नो सितार वादन गर्नुभएको थियो भने वि.सं. १९८४ मा चन्द्र शम्शेरद्वारा अमलेखगञ्जदेखि वीरगन्जसम्मको रेलमार्ग उद्घाटन गरिँदा मान प्रियाले आफैँ गीत रचना गरी सङ्गीतमय उद्घाटन समारोह सम्पन्न गर्नुभएको थियो । चन्द्र शम्शेरकै समयमा गायक भाजुवीर तण्डुकारका ठाहिँला छोरा उस्ताद उजरि तण्डुकार एक धुरन्धर गायक एवं सङ्गीतज्ञ भएका थिए । यिनका अन्य दाजुहरू र एक जना कान्छा भाई उस्ताद बद्री तण्डुकार लगायत सबै नै सङ्गीतमा लागेका थिए । उ. उजीरको सङ्गीत कलादेखि प्रसन्न भई श्री ३ महाराज चन्द्र शम्शेरले ठूलो पुरस्कार दिन खोजेका थिए । तर भोगेन्द्रराज गुर्जुले उक्त बक्सिसलाई बीचैमा रोकी उ. उजीरको व्यवस्था आफैँले गर्ने उत्तरदायित्व लिएको बुझिन्छ । उ. उजीरले दरबारिया भाइभारदारदेखि लिएर तत्कालीन सर्वसाधारण जनतालाई समेत सङ्गीत शिक्षा प्रदान गर्दथे । सुर शम्शेर, एकराज शम्शेर, डम्बर शम्शेर, भाईको छोरा रामनाथ तण्डुकार, आफ्नै जेठा छोरा नरसिंह भाइ, सङ्गीत शिरोमणि यज्ञराज शर्मा आदि उहाँका प्रमुख शिष्यहरू थिए ।

नेपालका औरङ्गजेव भन्न सुहाउने श्री ३ महाराज चन्द्र शम्शेरलाई पनि आफ्नो गायन कलाबाट खुशी पारेर उ. बद्री श्रेष्ठले ५०० रूपैया बक्सिस पाउनुका साथै प्रत्येक सङ्गीत सभामा गाए बापत रू. २० पाउने भनी तोकिदिएका थिए ।

भीम शम्शेर– श्री ३ महाराज भीम शम्शेरको समयमा सङ्गीत शिरोमणि पं. यज्ञराज शर्मा (अर्याल)द्वारा जनसाधारणमा सङ्गीत शिक्षाको प्रचारप्रसारको क्रम निकै बढाइएको थियो । सङ्गीतानुरागी साधारण जनतालाई निःशुल्क शिक्षा पनि दिने भएकोले उहाँका अगाडि पछाडि धेरै चेलाचेलीहरू लागिरहन्थे । एक पटक धेरै चेलाचेली लिई हिडिरहेको अवस्थामा यिनलाई हुलदङ्गा गरी हिडेको आरोप लगाई भीम शम्शेरले दुई दिनसम्म थुनामा राखी पछि छोडिदिएका थिए ।

वि.सं. १९८७ सालतिर भारतका सङ्गीत मार्तण्ड ओकारनाथ ठाकुर नेपाल आएको वेला उहाँकै समुपस्थितिमा भीम शम्शेरले आफ्नो टङ्गाल दरबारमा नेपालका शीर्षस्थ सङ्गीतज्ञहरूको भेला गराई प्रतियोगीतात्मक सङ्गीत जल्सा (सभा) सम्पन्न गराएका थिए । जसमा उ. नन्दलाल श्रेष्ठको गायनले नेपाली सङ्गीत जगत्को ठूलो इज्जत राखेको कुरा मर्मज्ञहरूबाट थाहा हुन्छ ।

जुद्ध शम्शेर– श्री ३ महाराज जुद्ध शम्शेरको समयमा सर्वश्रेष्ठ सितार वादकको रूपमा रहेका उ. सुचेतमान अमात्यलाई आफ्नो दरबारमा झिकाई नर शम्शेर लगायत अन्य धेरै भाइ-भारदारहरूलाई सितार सिकाउने गुरुको रूपमा राखेका थिए । डिठ्ठाको सरह मासिक तलब पाउने उ. सुचेतमानलाई आफ्नो शेषपछि विचलित नगराउ भन्ने आशयले जुद्ध शम्शेरले आफ्नो उत्तराधिकारी पद्म शम्शेरलाई जिम्मा लगाएका थिए । त्यस्तै श्री ३ महाराज पद्म शम्शेरले पनि उ. सुचतेमानको कलाको कदर गर्दै आफ्ना उत्तराधिकारी मोहन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शम्शेरलाई जिम्मा लगाएका थिए । सुब्बा तीर्थराज मानन्धर र अमृत चन्द्र जस्ता धुरन्धर पखावजीहरले ताज खाँ, दुन्दे खाँ, उजरि, नन्दलाल आदि प्रसिद्ध सङ्गीतज्ञहरूसँग सङ्गत गरेका र नेपाल तथा भारतमा समेत ख्याति प्राप्त गर्न समर्थ भएको देखिन्छ । प्रसिद्ध तबलावादक कालीप्रसाद शर्मा (अर्याल) श्री ३ महाराज जुद्ध शम्शेरको दरबारमा तालिमे नानीहरूलाई तबलावादन सिकाउनुहुन्थ्यो ।

नेपालको शास्त्रीय सङ्गीत जगत्मा उ. पद्मबहादुर पराजुली लेखकको (माताम्ह:)ले सर्वसाधारण जनताहरूमा प्रसिद्धि पाउनुभएको र उहाँ धार्मिक प्रवृत्तिको हुनका साथै अनेको शिष्यहरूलाई सङ्गीत कलाको र धार्मिक ग्रन्थहरू (विशेष गरी रामायण) गाउने शिक्षा दिनु हुन्थ्यो । श्री ३ महाराज जुद्ध शम्शेर बरावर आफ्नो दरबारमा उहाँको सङ्गीत र रामायण श्रवण गर्ने इच्छाले उहाँलाई बोलाउने गर्दथे तर उहाँ भने दरबारमा भन्दा जनसाधारणमै घुलमिल भएर रहन मन पराउनुहुन्थ्यो । उहाँलाई लिन आठ पहरियाहरू घरमा नभेटेको खण्डमा उहाँ जानु भएकै ठाउँमा लिन जाने गर्दथे । तर उहाँ भने दरबारमा कहाँ जानु ? भन्दै आठ पहरियालाई फर्काउन छल गर्नुहुथ्यो । एक दिनको प्रसङ्गअनुसार श्री ३ महाराज जुद्ध शम्शेरकी महारानीले उ. पद्म बहादुरलाई मैले गाएको यो गीत गाउनुहोस् त भन्दै यस्ता शब्दहरू गाइन् 'म त गर्नेछु लोग्ने हजुर रोजी रोजी भर्षरको गोरो ठाँटी खोजी खोजी' भनेपछि जवाफमा पद्म बहादुरले 'म त गर्नेछु हरिको भजन दिन दिन एक वारको जन्म त्यसै फाल्नु किन ?' भनी गाएर सबैलाई तिन छक्क पारिदिनुभएको थियो । यसबाहेक उहाँको विशेष नियमअनुसार राजा महाराजादेखि लिएर गाउँ सहरका साहू, महाजन र भक्तहरूमध्ये जसकहाँबाट पहिलो निमन्त्रणा आउँदथ्यो उसैकहाँ त्यो दिन जाने गर्नुहुन्थ्यो । यसरी उहाँ निष्पक्ष व्यवहारिकतालाई निर्वाह गर्नुहुन्थ्यो । सङ्गीतलाई शुद्ध र पवित्र आचरणअन्तर्गत राख्ने उद्देश्य लिई उहाँले आफ्ना जेठा छोरा भैरवबहादुर थापा (पराजुली)लाई रेडियो नेपालमा उच्छृंखल गीतको प्रचारमा लागेको थाहा पाई घरबाट निकाला समेत गर्ने कदम उठाउने भएको थियो ।

मोहन शम्शेर– नेपालमा अन्तिम श्री ३ महाराज मोहन शम्शेरको दरबारमा यज्ञराज शर्मा अर्याल आफ्ना चेलाहरू श्री नरराज ढकाल तथा पं. चेतनाथ शर्मालाई साथ लिई आफ्नो गायन प्रस्तुत गर्दथे । महाराजको धयान जतासुकै गए पनि गाइरहन बाध्यता भएको कुरा एक पटक आफ्नो गाउने सिलसिला रोक्दा मोहन शम्शेर आफैँले किन रोकेको ? भन्ने प्रश्नबाट झसङ्ग भएर तुरुन्त गाउन थालेको कुरा श्रद्धेय गुरु सङ्गीत प्रवीण श्री नरराज ढकाल स्मरण गराउनुहुन्छ ।

२००७ सालमा सङ्गीतको पृष्ठभूमि– वि.सं. २००७ सालको प्रजातन्त्र आउनुभन्दा अगाडि सङ्गीतको अधिकांश समय हिन्दी, उर्दू भाषाले ओगटेको थियो भने तत्कालीन शास्त्रीय सङ्गीतमा नेपाली साहित्यको स्थान केही अंश मात्र रहेको देखिन्छ । राणा र शाहका दरबारहरूमा हुने जल्साहरूमा भारतीय सङ्गीतज्ञहरूले नै अधिकांश स्थान ओगटेको भए तापनि नेपालका विशिष्ट गायक, वादक, नृत्य तथा नाट्यकारहरूले आफ्नो कलात्मक अस्तित्व जोगाएर राख्न समर्थ रहेको देखिन्छ । सङ्गीतको यो अत्यन्त उचचकोटीको विधा खास गरेर जनसाधारणमा सार्वजनिक रूपमा फिँजिएर रहन सकेको थिएन । किनभने साधारण जनताहरूलाई यसको शिक्षा-दीक्षा प्राप्त गर्नको लागि गुरु-शिष्य परम्परा तथा सङ्गीत विद्यालयहरूको उचित व्यवस्था थिएन । पाखा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत र ग्रामीण क्षेत्रहरूमा स्थानीय र प्राकृतिक लोकगीतहरूबाटै जनसाधारणले आफ्नो मनोरञ्जन गर्ने गर्दथे । घना बस्ती भएको सहर-बजारमा भने राजा रजौटाहरूको संरक्षणमा रहका सङ्गीतज्ञ गुरहरूकहाँ गई गुरुशिष्य परम्परामा रही साधना गर्ने, केही सङ्गीतका साधकहरू भने टोल, डवली, भजन मण्डली तथा आफ्नै किसिमका सङ्गीत जल्सा आयोजनामा गई धुवपद, धमार, ख्याल, तराना, ठमुरी, वृन्दवादन, मृदङ्ग, पखावज, तवजाको साथै विभिन्न मुद्राहरूमा नृत्य आदिको प्रदर्शन गरी जनसाधारणलाई केही मात्रामा मनोरन्जन गराउने गर्दथे जुन पर्याप्त थिएन । सिक्न र सिकाउन पनि प्रभुत्ववादी दबाबको रूपमा केही बन्देजहरू लगाइने गरिन्थ्यो ।

प्रजातन्त्रपछि सङ्गीतको स्थिति– वि.सं. २००७ सालमा देशमा प्रजातन्त्र आएपछि स्वतन्त्र गतिविधिहरूले मौलाउने अवसर पायो, जसअनुसार वि.सं. २००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना भई शास्त्रीय सङ्गीतले नेपाली जनमानसमा भिज्ने सुअवसर पायो । तत्कालीन गायक-वादकहरूमा सङ्गीत शिरोमणि यज्ञराज शर्मा, वाद्य शिरोमणि गणेशलाल श्रेष्ठ, सङ्गीत प्रवीण नरराज ढकाल, पं. चेतनाथ शर्मा, उ. बद्री श्रेष्ठ, उ. रामबहादुर, कृष्ण नारायण श्रेष्ठ, प्रा. रामप्रसाद राय, उ. रामनाथ तण्डुकार, उ. नारायणप्रसाद तण्डुकार, नीरकमल पाण्डे, द्वारिकाभक्त माथेमा आदिबाट रेडियो प्रसारणद्वारा जनमानसमा शास्त्रीय सङ्गीतलाई प्रचार गर्नमा प्रमुख भूमिका निभाएको देखिन्छ । रेडियो तथा दरबारिया प्रभावबाट बाहिर रहेका सङ्गीतका प्रकाण्ड विद्वान् गङ्गादत्त पारजुलीले आफ्ना धेरै जना चेलाचेलीलाई निःशुल्क सङ्गीत शिक्षा दिनुका साथै विद्यालयहरूमा शास्त्रीय गायन, वादन र नृत्य आदिका शिक्षाद्वारा नेपाली जनमानसमा ठूलो योगदान दिनुभएको देखिन्छ । उहाँ शास्त्रज्ञ भाषाविद् हुनुका साथै मौलिक रचनामा विशेष दखल भएमा व्यक्ति हुँदा उहाँसँग विद्वान् प्राध्यापकहरू समेत सङ्गीत अध्ययन गर्न जाने गर्दथे । तसर्थ नेपालमा उहाँलाई वाग्येकारको स्थानमा राख्न सकिन्छ ।

उ. रामबहादुर रेडियो नेपालको स्थापना कालदेखि नै शास्त्रीय सङ्गीत विद्याको निर्देशको रूपमा रहनुभएको थियो भने वाद्य शिरोमणि गणेशलाल श्रेष्ठले रेडियो नेपालका वाद्य प्रबन्धको रूपमा विभिन्न वाद्य वृन्दहरूको सामूहिक धुनको रचना समेत गर्दै २०२१ सालसम्म शास्त्रीय सङ्गीतको उठानमा विशिष्ट भूमिका निभाउनुभएको थियो । रेडियो नेपाल तथा जनपक्षीय कलाकारको रूपमा चिनिने सितारवादक आशागोपाल गुर्वाचार्यले २००८ सालदेखि २०२५ सालसम्म रेडियो नेपालमा तथा बाहिर आयोजना हुने शास्त्रीय सङ्गीतको विभिन्न सम्मेलनहरूमा सक्रिय योगदान गर्नुभएको थियो । वहाँ शास्त्रीय सङ्गीतको कठिन साधना र मर्मलाई बुझ्न समर्थ हुनुका साथै शास्त्रीय सङ्गीतमाथि बराबर भइरहने थिचोमिचोको निरन्तर विरोध गरिरहनुहुन्थ्यो । शास्त्रीय सङ्गीत गायन तर्फका हस्ती मानिने सङ्गीत प्रवीण नरराज ढकाल रेडियो नेपालको स्थापना कालदेखि हालसम्म निरन्तर रूपमा शास्त्रीय सङ्गीतको सेवामा समर्पित रही आउनुभएको छ । यस अवधिमा सितार वादनतर्फका अर्का हस्ती मानिनुहुने गणेशवहादरु भण्डारीले दरबारदेखि घरबारसम्मका आफ्ना अनेकौं चेलाचेलीलाई सितारवादनको शिक्षा दिनुको साथै वि.सं. २०१७ सालदेखि रेडियो नेपाल लगायत सङ्गीत सम्मेलन तथा सङ्गीत आयोजनाहरूमा निरन्तर भाग लिंदै जनमानसमा शास्त्रीय सङ्गीतको उच्चता बोध गराउँदै आफ्नो जीवनपर्यन्त सङ्गीतको विकासमा २०५२ सालसम्म अटुट योगदान दिइरहनुभएको थियो । उ. झुम्मक मिश्रका छोरा तबला मास्टर शम्भुप्रसाद मिश्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तबलावादन क्षेत्रमा नेपालको हस्तिकै रूपमा चिनिंदै , आफ्ना चेलाहरूको माझमा निकै ठूलो प्रेरणाको स्रोतको रूपमा रहिरहनुभएको छ । नेपालमा जलतरङ्गको क्षेत्रमा सुप्रसिद्ध सङ्गीतका मर्मज्ञ कृष्णनारायण श्रेष्ठको देन रहे जस्तै हार्मोनियममा विचित्र शास्त्रीय रागका गत तथा धुनहरू बजाएर श्रोताहरूलाई आश्चर्यचकित बनाउने साम्बदेव सापकोटाको पनि ठूलो योगदान रहेका छ । यस्तै आफ्नै कला प्रदर्शन गर्ने सङ्गीतका मर्मज्ञहरूमा इन्दिरा पाण्डे, रङ्गराव कादम्बरी, पद्मा कादम्बरी, उ. मोहनकुमार श्रेष्ठ, उ. बुद्धरत्न तुलाधर, सतीशचन्द्र रेग्मी, उमा थापा, नरेन्द्र बाटाजु, ज्ञानु राधा गोर्खाली र नृत्य जस्तो संवेदशील विषयमा विशिष्ट योगदान पुऱ्याउने नृत्यकारहरूमा गङ्गादत्त पराजुली, चन्द्रकुमार उपाध्याय, मृगेन्द्रमानसिं प्रधान, हनी श्रेष्ठ र सुरेश मिश्र आदिको नेपाली जनमानसमा विशिष्ट योगदान रहेको छ । वाद्ययन्त्र निर्माताहरूमा नरबहादुर भारती (सारङ्गी पिंवाचा र वेला), र यज्ञराज शर्मा (इष्टिका तरङ्ग), मोहनलाल बाराही (शुशिर वाद्य वा मुखले फुक्ने हार्मोनियम, चतुरङ्ग, चन्द्रचङ्ग र मनरुवा) आदि प्रमुख रहेका छन् ।

रेडियो नेपाल र प्रतिष्ठित कलाकारहरू– हाल रेडियो नेपालमा प्रतिष्ठित कलाकारहरूको श्रेणीमा निम्नलिखित कलाकारहरू शास्त्रीय सङ्गीत, गायन, वादन तथा तबला विषयमा ससम्मान आफ्नो कार्यक्रममा संलग्न रहेका छन् । जसमा सङ्गीत प्रवीण नरराज ढकाल, केशवप्रसाद भट्टराई, नारायणप्रसाद तण्डुकार, पूर्णबहादुर थापा, भवनाथ शर्मा, श्रीराम आचार्य (लेखक) आदि गायनमा छन् भने साम्बदेव सापकोटा, गोपालनाथ योगी, मोहनसुन्दर श्रेष्ठ, तारावीर सिंह तुलाधर, मोहनप्रसाद जोशी आदि वादनमा र तबला मास्टर शम्भुप्रसाद मिश्र, होमनाथ उपाध्याय आदि तबला वादनमा । रेडियो नेपालले प्रतिष्ठित कलाकारहरूको रूपमा जसरी सम्मान गर्नुपर्ने हो, गरेको छैन । उनीहरूलाई लोकगीत र आधुनिक गीत गाउने कलाकारसरह पारिश्रमिक दिनुको अर्थ वास्तविक सङ्गीतको मर्मलाई नबुझ्नु अर्थात् शास्त्रीय सङ्गीतज्ञहरूलाई हतोत्साही बनाउँदै यस क्षेत्रको अधोनति चाहनु हो । मूल्याङ्कन परिपाटीमा योग्यता र प्रतिभाभन्दा आफन्तको बढी कदर गरिने हुँदा वास्तविक सङ्गीतका मर्मज्ञहरूलाई कलासाधनाको मार्गबाट विचलित तुल्याउने जस्ता क्रियाकलाप रेडियो तथा सङ्गीतसँग सम्बद्ध अन्य संस्थाहरूले गर्ने गरेका छन् ।

श्री ५ त्रिभुवनकै शासन कालमा वि.सं. २००८ सालतिर उ. रामप्रसाद रायद्वारा वीरगन्जमा नेपाल-विहार सङ्गीत सम्मेलनको भव्य आयोजना भएको थियो । जसमा उ. गणेशलाल श्रेष्ठलाई स्वर्ण पदकद्वारा विभूषित गरियो । लगत्तै अर्को वर्ष वि.सं. २००९ सालमा उहाँले वीरगञ्जमै बृहत् शास्त्रीय सङ्गीतको आयोजना गरी सङ्गीतको प्रचारप्रसार र उन्नतिमा टेवा पुऱ्याउनुभएको थियो ।

श्री ५ महेन्द्र र सङ्गीत– श्री ५ महेन्द्रको शासनकालमा वि.सं. २०११ सालदेखि शास्त्रीय सङ्गीतले केही मात्रामा भए पनि फष्टाउने वातावरण भाएको थियो । सङ्गीत शिरोमणि पं. यज्ञराज शर्माबाट श्री ५ महेन्द्रमा एउटा सङ्गीत महाविद्यालय सञ्चालन गर्नु पर्ने अनिवार्यता विन्ती गरिएबमोजिम वि.सं. २०१२ साल फागुन २३ गते नेपाल सङ्गीत महाविद्यालयको राजा महेन्द्रबाटै समुद्घाटन भई स्थापना भयो । प्रारम्भिक अवस्थामा यस सङ्गीत महाविद्यालयलाई वार्षिक रू. बीस हजारको सरकारी अनुदान प्राप्त भएको थियो । सयौं जनाले यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विद्यालयबाट सङ्गीत शिक्षा हासिल गर्न थाले । वि.सं. २०३२ सालसम्म यस महाविद्यालयले आफ्ना शैक्षिक गतिविधिलाई सञ्चालन गर्न सक्यो । तत्पश्चात् यसको संरक्षणमा कसैले पनि ध्यान नपुऱ्याएको हुँदा शास्त्रीय सङ्गीतले एउटा ठूलो क्षति बेहोर्नु परेको थियो ।

वि.सं. २०१४ साल आषाढ ९ गते नेपाल एकेडेमीको स्थापना गरी स्वयं कुलपतिको पदमा बसी श्री ५ महेन्द्रले नेपालमा भाषा, साहित्य, कला तथा संस्कृतिको विकासमा योगदान दिनुका साथै सङ्गीत शिरोमणिलाई आजीवन एकेडेमी सदस्यको पदमा नियुक्त गरी सङ्गीत जगत्लाई ठूलो हौसला प्रदान गरिएको थियो । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको उद्देश्यअनुरूप उक्त प्रतिष्ठानमा भविष्यका कलाकारहरू तयार गर्न अनेकौं क्रियाकलापहरू सञ्चालन भए तापनि सक्षम र योग्य गुरुहरूको अभावमा यसले शास्त्रीय सङ्गीतको उन्नतीमा कुनै योगदान पुऱ्याउन सकेन । यसको मूल कारण हैकमवादी तन्त्र र वास्तविक योग्यताको यथास्थान चयन गर्न नसक्नु नै थियो । प्रज्ञा प्रतिष्ठानले आजसम्म पनि वास्तविक सङ्गीत क्षेत्रको विकासमा कुनै गहकिलो भूमिकायुक्त योजना लिई अघि बढेको देखिदैन । यस अर्थमा उक्त प्रतिष्ठान सङ्गीत कला प्रतिष्ठान नभई साहित्य प्रतिष्ठानको रूपमा स्थापित भएको जनगुनासो व्याप्त छ ।

नारायणहिटी दरबारको दक्षिण ढोकासँगै रहेका नारायण स्थानभित्र वि.सं. २०१६ सालमा श्री ५ महेन्द्रद्वारा स्थापित भजनगृहमा प्रत्येक एकादशी र विशेष धार्मिक तथा सांस्कृतिक पर्वहरूमा शास्त्रीय सङ्गीत तथा भजन कार्यक्रम आयोजकको रूपमा नियुक्त सङ्गीत प्रवीण श्री नरराज ढकालको नेतृत्वले नयाँ प्रतिभाहरूलाई सङ्गीत जगत्मा अगाडि बढाउन निकै ठूलो भूमिका खेलेको थियो तर हाल झण्डै एक दशकदेखि उक्त नारायण स्थान भजनगृहको संरक्षण तथा व्यवस्थापनमा कमी कमजोरी आउनाको कारण त्यहाँ सङ्गीतको वातावरण निम्नस्तरमा पुगेको जनगुनासो सुन्न पाइन्छ ।

सङ्गीतको संस्थागत विकास— नेपालमा सङ्गीतको विकासलाई अगाडि बढाउने क्रममा वि.सं. २०२० साल कार्तिक १ गते स्थापना भएको कलानिधि सङ्गीत महाविद्यालयले कलाकार तथा कला प्रेमीहरूकै सक्रिय सहयोगमा हालसम्म अनेकौं बाधा अड्चनहरूलाई पार गर्दै शास्त्रीय सङ्गीत जगत्मा ठूलो योगदान पुऱ्याइरहेको तथ्यलाई नकार्न सकिदैन ।

वि.सं. २०१६ सालमा स्थापित संस्कृति विभाग (सांस्कृतिक संस्थान)द्वारा विभिन्न समयमा देशका तथा विदेशबाट आउने सङ्गीतज्ञहरूको जल्साहरू आयोजना गरेर शास्त्रीय सङ्गीतको उत्थानमा प्रारम्भिक अवस्थामा यसले ठूलो योगदान पुऱ्याएको थियो ।

वि.सं. २०१७ सालमा पद्मकन्या क्याम्पस बागबजारमा आई.ए. स्तरमा र वि.सं. २०२० सालमा बी.ए. स्तरमा शास्त्रीय सङ्गीतको पाठयक्रम अनुसार क्रियात्मक तथा सैद्धान्तिक दुवै पक्षमा पठनपाठन प्रारम्भ गरिएको थियो । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको यो पहिलो प्रयासअनुसार सुरुमा इन्दिरा पाण्डे गायन तथा सितार दुवै विषयको शिक्षा दिने गर्नुहुथ्यो । पछि विश्वविद्यालयको पाठयक्रम अन्तर्गत लोकगीत समावेश गरिनुका साथै अन्य हल्का गीतहरूसमेत संलग्न गरी अतिरिक्त क्रियाकलापअन्तर्गत फिल्मी तथा आधुनिक गीतहरूसमेत सञ्चालन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको हुँदा शास्त्रीय सङ्गीतको विकासमा ह्रास आउनाको साथै यसको उन्नतिमा ठूलो बाधाअड्चन सृजना भएको छ । त्यस्तै ललितकला क्याम्पसमा पनि शास्त्रीय सङ्गीतको शिक्षा दिने व्यवस्था गरिएदेखि उपत्यकामा शास्त्रीय सङ्गीतले केही हदसम्म आफ्नो क्षेत्र विस्तार गर्ने मौका पाएको छ । उपत्यका बाहिरका क्याम्पसहरूमा पनि सङ्गीत विषयको पठनपाठन हुनु अत्यावश्यक देखिन्छ । शास्त्रीय सङ्गीतले केही हदसम्म आफ्नो क्षेत्र विस्तार गर्ने मौका पाएको छ । उपत्यकाबाहिरका क्याम्पसहरूमा पनि सङ्गीत विषयको पठनपाठन हुनु अत्यावश्यक देखिन्छ । शास्त्रीय सङ्गीतको साधना गर्ने विद्यार्थीहरूलाई अन्य सङ्गीतको पाठयक्रमको भार दिइनु हुँदैन । उनीहरूले शास्त्रीय सङ्गीतमा उच्चतम शिक्षा हासिल गरिसकेपछि मात्र सङ्गीतमा आफ्नो क्षेत्र चयन गर्ने मौक दिइनुपर्दछ । अन्यथा शास्त्रीय सङ्गीत जस्तो गहनतम साधना र परिश्रमबाट खारिनुपर्ने विषयलाई बीचैमा छाडी सरलतातिर मोडिने हुँदा शास्त्रीय सङ्गीत भविष्यमा प्रायः मृत हुन पुग्नेछ । अहिलेको परिप्रेक्ष्यमा शास्त्रीय सङ्गीत अधोगति र पतनोन्मुखी भई यस विधामा ह्रास आउनाका मुख्य कारण नै एउटै विद्यार्थीलाई शास्त्रीय, लोक र आधुनिक सङ्गीत सबैको शिक्षा एकै समयमा दिइनु हो । विश्वविद्यालय जस्तोमा बस्ने सम्बन्धित विषयसमितिका विशेषज्ञहरूले नै आज यस किसिमको अविवेकपूर्ण भूल गरिरहेको तथ्य २०४८ तथा २०५२ मा निर्मित त्रिभुवन विश्वविद्यालयको आई.ए. तथा बी.ए. तहमा पढाइने पाठ्यक्रमबाटै स्पष्ट भएको छ ।

माध्यमिक विद्यालय तहमा शास्त्रीय सङ्गीतलाई ऐच्छिक विषयअन्तर्गत पठनपाठन सुरु गरिएको भए तापनि हाल सञ्चालित विद्यालयहरूले सङ्गीतको गतिविधिलाई आवश्यक स्थान दिन नसकिरहेका हुँदा शास्त्रीय सङ्गीतको जग ज्यादै कमजोर भएको हो ।

यसरी विद्यालय तथा विश्वविद्यालयहरूको अतिरिक्त शास्त्रीय सङ्गीतको अध्ययन तथा अध्ययपन कार्यमा प्राचीनतम गुरुशिष्य परम्पराले नै महत्त्वपूर्ण भूमिका निभाइरहेको कुरा निर्वाध रूपले स्वीकारिन्छ ।

सङ्गीतको क्षेत्रमा हालसम्म नेपालमा प्रकाशित पुस्तकहरू

एकीकरणपश्चात् लेखिएका सङ्गीतसम्बन्धी ग्रन्थको नाम, लेखक र प्राप्त मितिहरूको उल्लेख यहाँ गरिएको छ–

क्र.सं.	नाम	लेखक	मिति	विधा
१	नेपाली गान मञ्जरी	होमनाथ पौडयाल	२०१५	गायन
२	सङ्गीत सुवोधिनी	लक्ष्मण शम्शेर ज. ब रा.	२०३४	गायन
३	सङ्गीतान्जली	इन्दिरा पाण्डे, सतिश चन्द्र रेग्मी, गोपाल योञ्जन	२०३४	गायन-वादन
४	सङ्गीत साधन, भाग १,२	वुद्धरत्न तुलाधार	२०३६	गायन
५	स्वर ताल परिचय	यज्ञराज शर्मा	२०३६	गायन
६	नृत्य कला	मृगेन्द्रमान सिंह प्रधान, सुरेन्द्र विक्रम शाह, सप्तमुनि वज्राचार्य, बेटी बज्रचार्य	२०३७	नृत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७	नेपाली सङ्गीत साधक	रामशरण दर्नाल	२०३८	जीवनी
८	तवला वाद्य विशारद	तेजवहादुर श्रेष्ठ	२०४०	तवला
९	नृत्य	मृगेन्द्रमान सिंह प्रधान	२०४०	नृत्य
१०	सङ्गीतको विस्तृत अवलोकन	रामशरण दर्नाल	२०४१	पाश्चात्य स्वरलिपि
११	स्मारिका	प्रकाशक कलानिधि सङ्गीत महाविद्यालय	२०५५	विविध
१२	शास्त्रीय गायन	नरराज ढकाल	२०४६	गायन
१३	नृत्य तथा नृत्यकार	मृगेन्द्रमान सिंह प्रधान	२०४९	नृत्य
१४	श्रेष्ठ सङ्गीत विज्ञान	गणेशप्रसाद श्रेष्ठ	२०४९	गायन
१५	सङ्गीत सोपान	शकुन्तला प्रधान	२०५०	गायन
१६	रागहरूको साँचो	कमल क्षेत्री	२०५३	गायन

नेपाली गान मञ्जरी— यस किताबमा सुर तालको साथै केही पारिभाषिक शब्दहरूको साधारण व्याख्या गरिएको छ । भातखण्डे स्वरलिपिमा करिब ३८ रागहरूमा विलम्बित, मध्य लयका गीतहरू र आरोह, अवरोह र पकडको साथै स्वल्पालाप आदि दिइएका छन् ।

सङ्गीत सुबोधिनी— यस पुस्तकमा दश थाट र तिनका आश्रय राग, सङ्गीतसम्बन्धी प्रारम्भिक ज्ञान, पारिभाषिक शब्द व्याख्या तथा परिभाषा आदि गर्नुको साथै केही नेपाली तथा भारतीय सङ्गीतज्ञहरूको जीवनी दिइएको छ । भातखण्डे स्वरलिपिअन्तर्गत अठार वटा रागहरूको परिचय, विलम्बित मध्य लय, गीत, आलाप, तान दिइएको छ । प्रारम्भिक स्तरका सङ्गीतका प्रशिक्षार्थीहरूलाई आवश्यक सैद्धान्तिक तथा प्रयोगात्मक पक्षका सामग्रीहरू यस पुस्तकमा उपलब्ध छ ।

सङ्गीताञ्जलि— यो पुस्तक शास्त्रीय सङ्गीतको दृष्टिकोणले सङ्गीतका प्रारम्भिक विद्यार्थीहरूको निमित्त यो पुस्तक ज्यादै नै उपयोगी रहेका छ । सङ्गीतको आधारभूत सैद्धान्तिक पक्ष तथा क्रियात्मक पक्ष दुवैलाई समेट्नुका साथै बीस वटा जति रागहरूमा विलम्बित तथा मध्य लयका गीत तथा गतहरू यस पुस्तकमा उपलब्ध भएको पाइन्छ । यस पुस्तकमा केही लोकगीतहरू पनि उल्लेख गरिएको छ ।

सङ्गीत साधन— यो पुस्तक तत्कालीन त्रिभुवन विश्वविद्यालयको पाठ्यक्रममा समावेश भएको पाठ्यसामग्रीहरूलाई समावेश गरी तयार पारिएको हो । भाग १ को १, २, ३, ४ र ५ एकाइमा सङ्गीत शास्त्रका विभिन्न महत्त्वपूर्ण बुँदाहरमा प्रकाश पारिएको छ भने छैटौं अध्यययमा सङ्गीत गायन सम्बन्धी क्रियात्मक पक्षमा बीस वटा जति रागहरू सम्बन्धित तथा मध्य लय गीत, धुपद र धमार आदि उपलब्ध छन् । सङ्गीत साधन भाग २ मा पनि एकदेखि पाँचौं एकाइसम्म विभिन्न शास्त्रीय पक्षमा व्याख्या तथा परिभाषा गर्नुको साथै छैटौं अध्यायमा २७ वटा जति रागहरूमा विलम्बित गीत, मध्यम लय गीत, धुपद तथा धमार आदिका बन्दिशहरू उपलब्ध छन् । सङ्गीत साधनका दुवै भागहरूमा गरी ४७ वटा रागहरू र अन्य सामग्रीहरू आई.ए र बी.ए. सम्मका विद्यार्थीहरूलाई पर्याप्त रूपमा उपलब्ध भएका छन् । सङ्गीत साधनका दोस्रो भागमा पाश्चात्य स्वरलिपि (Staff Notation)को तुलनात्मक रूपरेखा समेत उपलब्ध भएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देववाणी

स्वर ताल परिचय– सङ्गीत शिरोमणि पं. यज्ञराज शर्माद्वारा लिखित यस पुस्तको स्वराध्यायमा केही सैद्धान्तिक सामग्रीहरू, १९ वटा जति रागमा सरगम गीतहरू (स्वर मालिका) र २७ वटा रागहरूमा विलम्बित र मध्यलय गीतहरू छन् । तालाध्यायमा प्रचलित तालसम्बन्धी परिचय, पारिभाषिक शब्द, तिहाइ उठान, गीतका दुगुन, तीनगुन र चौगुनको लयकारी र त्रितालको घडी आदिलाई क्रियात्मक ढङ्गले बुझाउने कोसिस गरिएको छ । यो पुस्तक ज्यादै नै उपयोगी छ ।

नृत्य कला– यो पुस्तकमा शास्त्रीय नृत्यसम्बन्धी अनेकौं सामग्रीहरू उपलब्ध छन् । यसमा नृत्यको लक्ष्य, नवरस, भाव, विभाव, अनुभाव, भेद, अलङ्कार र सञ्चारी भाव आदिको परिभाषा गरिएको छ । यसमा भरत नाट्यम्, कथाकली, मणिपुरी र कत्थक नृत्यको बारेमा व्याख्या गरिएको पाइन्छ । प्राचीन शास्त्रीय चर्या नृत्यको बारेमा पनि प्रकाश पारिएको हुनाले यस पुस्तको ऐतिहासिक महत्त्व बढ्न गएको देखिन्छ ।

नेपाली सङ्गीत साधक– यस पुस्तकमा शास्त्रीय गायनतर्फका अट्टाइस जना तथा वाद्यवादनतर्फका (तालवादन र सुरवादन) उनान्तीस जना र शास्त्रीय नृत्यतर्फका चार जना साधकहरूको जीवनी लेखिएको पाइन्छ । शास्त्रीय सङ्गीतज्ञहरूको परिचयात्मक ढङ्गले जीवनी प्रस्तुत गरिनु नै यस पुस्तकको प्रमुख देन रहेको छ ।

तबला वाद्य विशारद– यो पुस्तकमा १६ वटा तालहरूका साथै केही प्रचलित तालहरूमा कायदा, पेशकार, गत, परन, उठान, मुखडा, मोहडा, टुकडा, तिहाई, रलगीलडी आदि तालसम्बन्धी आवश्यक सामग्रीले भरिएको छ । बीचबीचमा सैद्धान्तिक लेखहरू पनि रहेकोले यसको उपयोगिता झनै बढ्न गएको छ ।

नृत्य– माध्यमिक स्कुल स्तर ९ र १० कक्षाका लागि लेखिएको यो पुस्तक नृत्यसँग सम्बन्ध राख्ने सम्पूर्ण कलाप्रेमीहरूको लागि प्रारम्भिक स्तरको ज्ञान दिन सक्षम छ । अनेकौं नृत्यमुद्राहरूको सचित्र अभ्यास गर्ने तरिका र हस्त मुद्राहरूले सिङ्गारिएको यो पुस्तकले शास्त्रीय पक्षमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

स्मारिका– नेपाल कलानिधि सङ्गीत महाविद्यालयको रजत जयन्ती वर्ष (२०२०-२०४५)को उपलक्ष्यमा प्रकाशित यस पुस्तकमा सङ्गीतसम्बन्धी विविध लेख गत, गीत, राग, ताल नृत्य सामग्रीहरू समावेश गरिएकाले यो स्मारिका सङ्गीतविषयक एउटा उपयोगी प्रकाशन भएको छ ।

शास्त्रीय गायन– सङ्गीत गायनको क्रियात्मक पक्षमा यति धेरै रागहरू र यति धेरै गायनसामग्रीहरू भएको यो पहिलो पुस्तकको रूपमा भेटिएको छ । यस पुस्तकमा ६९ वटा रागहरूको परिचयसहित विलम्बित गीत, मध्यलय गीत, ध्रुपद, धमार, र ठुमरी जस्ता गेय सामग्रीहरू उपलब्ध छन् ।

नृन्य तथा नृत्यकार– यो पुस्तक नृत्यविधाको सैदान्तिक पक्षको लागि ज्यादै नै उपयोगी छ । यसमा नृत्य विधाको शास्त्रीय पक्षमा बढी प्रकाश पारिएको छ । नृत्यको लक्ष्य विभिन्न मुद्रा, रस तथा भावसम्बन्धी परिभाषा र नृत्यकारहरूको परिचयात्मक जीवनी आदि सामग्रीहरूले भरिएको यो पुस्तक ज्यादै नै उपयोगी छ ।

श्रेष्ठ सङ्गीत विज्ञान– यो पुस्तक सङ्गीतमा प्रारम्भिक ज्ञान हासिल गर्न इच्छुक समस्त सङ्गीतप्रेमीहरूको लागि उपयुक्त छ । यस पुस्तकले संक्षेपमा सैद्धान्तिक पक्षलाई समेट्न सकेको छ भने १७ वटा जति रागहरूमा साधारण मध्यलय गीत र २ वटा ध्रुवपद गीतहरू उपलब्ध छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गीत सोपान– सङ्गीत शास्त्रसमेत समावेश भएको यो पुस्तक प्रयोगात्मक दृष्टिले पनि सङ्गीतका विद्यार्थीहरूको लागि उपयोगी देखिन्छ । यस पुस्तकमा त्रि.वि.को प्रमाणपत्र तह प्रथम र दोस्रो वर्षका लागि चाहिने आवश्यक सामग्रीहरूका साथै पन्ध्र वटा रागहरू समावेश गरिएका छन् ।

सङ्गीतको विस्तृत अवलोकन– यो पुस्तक पाश्चात्य सङ्गीतको इतिहास, पाश्चात्य स्वरलिपि, पश्चिमी वाद्ययन्त्रहरू तथा केही नेपाली लोकगीतमा पाश्चात्य स्वरलिपिको उदाहरण आदिको समावेश भएको दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण भएको पाइन्छ । यस पुस्तकको सुरुमा सङ्गीत वर्णमाला, पाश्चात्य स्वरलिपिका चिह्नहरूको विकासक्रम ग्रेट सटेभ्को स्टाफ नोटेशनमा परिवर्तन र सटाफ् नोटेशनका विभिन्न साङ्केतिक चिह्नरूको साथै कर्डस् र नोड्सहरूका विभिन्न उदाहरणहरू राखिएका छन् ।

रागहरूको साँचो– यस पुस्तकमा लेखकले आफ्नै किसिमका स्वरलिपिको साङ्केतिक चिह्नहरूको पनि प्रयोग गरेका पाइन्छ । कवितात्मक राग परिचयमा आएका पारिभाषिक शब्दहरूको सूची, पचहत्तर वटा रागहरूको बुँदागत परिचय र नेपाली तथा केही हिन्दी बन्दिशहरू उपलब्ध छन् । यो पुस्तक प्रयोगात्मक दृष्टिकोणबाट ज्यादै महत्त्वपूर्ण रहको छ ।

सङ्गीतको उत्थानमा राष्ट्रिय नीति

नेपालमा प्रचलित संविधान, ऐन कानुन र विभिन्न संघ, संस्थान, प्रतिष्ठान आदिमा उल्लेखित नीतिअन्तर्गत कला-संस्कृतिको उत्थान, संरक्षण र प्रवर्द्धनका कुराहरूबाहेक सङ्गीत जस्तो गहन विधाको उन्नतिका लागि कुनै नीतिनिर्देशन तथा प्रावधानहरू उल्लेख भएको पाइदैन । आठौँ पञ्च वर्षीय योजना २०४९-२०५४ को नीति तथा योजनाअन्तर्गत उल्लिखित उद्देश्यअनुरूप नेपाल अधिराज्यको गौरवमय संस्कृति कला, साहित्य, सङ्गीत तथा राष्ट्रभाषाको संरक्षण मौलिक सृजना र अनुसन्धान गरी राष्ट्रियताको विकास र सामाजिक एकता सुदृढ गर्ने भनी सरकारले किटानसाथ सङ्गीत विधालाई समेटेको पाइन्छ । यसरी आठौँ योजनाले सङ्गीतका शास्त्रीय पक्षलाई समेत समेटी निभ्न लागेको सङ्गीतको धुकधुकीमा नयाँ जीवनको सञ्चार गरेको छ । यस बाहेक अन्य राष्ट्रिय नीतिहरूमा सङ्गीतप्रतिको अवधारणाहरूलाई कलासंस्कृतिअन्तर्गत गौण रूपमा लिइएको र सङ्गीतलाई बुझ्न तथा सङ्गीतको वास्तविक महत्त्वलाई मर्माहत तुल्याई मेटाउन खोजिएको छ ।

सङ्गीतको गहनता र महनीयता

सङ्गीतको मूल तत्त्वहरूमा सङ्गीतोपयोगी ध्वनि, लयात्मक कला र यसैको स्पन्दनबाट उत्पन्न हुने अभिनय आदि पर्दछन् भने यसको मौलिक गुण र प्रभाव क्षेत्रलाई चिन्तन-मनन गर्दा सृष्टिको आदि सत्य र चेतनाको मूल स्रोतको रूपमा सङ्गीतमय शब्द प्रतिध्वनित भइरहको पाइन्छ । सङ्गीतको यसै शाश्वत अस्तित्वको आधारमा हाल स्थापित देशहरूको भौगोलिक सीमाना निश्चित हुनुभन्दा हजारौँ वर्षअगाडिदेखि स्वर तथा रागमय सङ्गीतको अटुट शृंखला चल्दैआएको हुँदा शास्त्रीय सङ्गीत देशकालको सीमाभन्दा व्यापक र प्राचीनतम सङ्गीतपरम्पराअन्तर्गत रहिआएको स्वाभाविक र उच्चतम सङ्गीतको शास्त्रीय पक्ष हो । अध्ययन तथा अध्यापनको मूल विषय पनि यही सङ्गीत भएको अवगत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देववाणी

चितवन सहित तराईका सात जिल्लाहरूमा सायर रकम माफ गर्न जारी गरिएका दुई इस्तिहारहरू

डा. देवीप्रसाद शर्मा कडेल

परिचय

नेपालको तराईमा पर्ने जिल्लाहरू पर्सा, बारा, झापा, चितवन, बुटवल, नयाँ मुलुक आदिमा मातलमा दर्ता भएका भन्दा छुट्टै किसिमका विभिन्न फुटकर करहरू राणा शासन कालको पूर्वार्धसम्म पनि सङ्कलन गर्ने चलन थियो । त्यस्ता रकम कलम सङ्कलन गर्न इजारा वा अमानतको प्रबन्ध मिलाइन्थ्यो । त्यस समयमा कुन-कुन रकमहरूलाई सायर भनिन्थ्यो भन्ने विषयमा हालसम्म कुनै सामग्री प्रकासित भएको पाइँदैन । यहाँ प्रस्तुत दुई इस्तिहारहरूले यो अभावलाई केही हदसम्म पूरा गर्दछन् । यी दुई इस्तिहार र अरू केही सरकारी कागजपत्रहरूको अध्ययनका आधारमा सायर रकमअन्तर्गत काश्चराई, गाजा, भट्टी, चर्सा, सिङ्ग, जलकर, सिँगडा, हाट्पिठीया, मेलाधाम, मखाना, पचना-पचनी, सुगुरचरी, मेहेत्तराई, चुरिहारी, कोटवारी, बीसहर, सुकुम्वासी ढिकी, नट कंगाली आदि समावेश गरिएको प्रमाणित हुन आउँछ । त्यस बखत अति स-साना व्यवसाय र पेसामा समेत करहरू लगाइएको पाइन्छ । राजकीय करहरू त जोगी एवं सन्तहरूलाई पनि लगाइएको थियो । करको भारले पिल्सिएका सर्वसाधारण जनतालाई कर सङ्कलन गर्ने ठेकदार र उनका मानिसले गर्न सम्मको शोषण गरेका थिए । सायर रकमहरूको निश्चित दरबन्दी कायम भएको थिएन । विभिन्न ठाउँमा फरक-फरक दर भएबाट इजारादरलाई आफूखुसी सङ्कलन गर्न अनुकूल वातावरण थियो । सरकारले बढी बढाउका आधारमा जसले बढी रकम बुझाउने कबुल गर्छ उसैलाई इजारा दिने हुँदा ठेकदार, फटकेदार, लटकेदार, तहसिलदार आदिको जनतामाथिको स्वेच्छाचारितालाई नियन्त्रण गर्न कमै महत्त्व दिने गरेको पाइन्छ किनभने सरकारले लोककल्याणभन्दा राजस्व सङ्कलनलाई प्राथमिकता दिन्थ्यो । इजारादारले सरकारलाई बुझाउनुपर्ने निर्धारित रकम सङ्कलन गर्न नसकेको अवस्थामा आफ्नो घरघडेरी वा चल सम्पत्तिबाट पूरा गर्नुपर्ने स्पष्ट कानुनी प्रावधान थियो । अमानतमा काम गर्ने तहसिल्दारले पनि निर्धारित रकम उठाउन नसके सजाय तिर्नुपर्थ्यो भने बढी रकम सङ्कलन गर्ने व्यक्तिले पुरस्कारसमेत प्राप्त गर्न सक्थे । त्यसबखत सरकारी खर्च देशभित्रैबाट सङ्कलन गरिन्थ्यो । बाह्य सहयोग हुँदैनथ्यो । आन्तरिक स्रोतहरूबाट नै सबै कुरा चलाउनुपर्ने हुँदा कडा आर्थिक अनुशासन थियो । भ्रष्टाचारीमाथि ठाडो कार्यबाही गर्न सकिन्थ्यो । माथिल्ला तहका मानिसहरूको खर्च र विलासीताका सामान आन्तरिक स्रोतबाट नै चलेको थियो । त्यस कारण जनता करको भार र इजारादार एवं तहसिल्दारको पेलाइमा परेर कष्टमय जीवन बिताइरहेका थिए । शोषण र दमन चरम सीमामा पुगेपछि जनता जनार्दनले सायर रकम भार इजारादार एवं तहरिल्दारको शोषणबाट मुक्ति पाउन सरकारमा बिन्तीपत्र चढाएपछि वि. सं. १९४५ मा प्रधानमन्त्री वीर शमशेरले ठूला-ठूला बजार, काश्चराई, गाजा, भट्टी र चर्सा बाहेकका अरू सायर रकमहरू माफी गरी त्यसबाट सरकारलाई पर्न आउने घाटा पूर्ति गर्न रैतानले तिर्दै आएको जोतको पोत रकममा साबिकको भन्दा ६ पैसाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरले बढाई रकम सङ्कलन गर्ने प्रबन्ध मिलाउन सरकारी आदेश (इस्तिहार) जारी गरेका थिए । अचानक सायर रकम खारेज गर्दा हाटबजार र मेलाधाममा सरकारी नियन्त्रण नरहँदा अराजकता र लुटपिट बढ्न गई ग्राहक, व्यापारी र तीर्थयात्रीको जिउधनको सुरक्षा हुन सकेन । त्यसकारण वि. सं. १९५० मा विगतमा माफ गरेका सायर रकमहरू सङ्कलन इजारा अथवा अमानतको प्रबन्ध मिलाएको घोषणा भयो । त्यसपछि १९७० सम्म सायर रकमहरू उठाउने कार्य नियमित रहन गयो । वार्षिक पचासौं हजार सायर रकम उठ्ने गरेको उल्लेख पाइन्छ । वीर शम्शेरले सायर रकम पुनः उठाउन सुरु गरे तर वृद्धि गरेको जोतको पोत रकम घटाएनन् । जसबाट जनतालाई दोहोरो मार पर्नगयो । किसानले आफ्ना जमिनमा उब्जाएका चिजहरू हाटबजार र मेलाधाममा विक्री गर्न लैजाँदा समेत जमिनको बत्ती, मालको कौडी महसुल भनी जथाभावी इजारादार र तहसिल्दारले रकम उठाउने गर्दथे । आवश्यक उपभोग्य वस्तुहरू खरिद गर्दा पनि मनपरी तरिकाले कर असुल्ने उर्दथे । यसले गर्दा किसान एवं उपभोक्ताले चार आना मूल्य बराबरको मालसामान खरिद वा विक्री गर्दा वस्तुको मूल्यको ५० प्रतिशतसम्म सायर रकम तिर्नुपर्ने अवस्था थियो । उता १९४५ वि. सं. मा वृद्धि गरिएको जोतको पोत रकम पनि कायमै थियो । यसरी दोहोरो तेह्रो मारमा परेका सर्वसाधारण जनताले चन्द्र शमशेरको समयमा करको भार इजारादारको शोषणबाट मक्ति पाउन सरकारमा बिन्तीपत्र चढाए । सुधारवादी चन्द्र शमशेरले जनताको हितलाई ध्यानमा राखेर १९७१ साल श्रावण १ गतेदेखि सायर रकमहरू माफ गरेको घोषणा गरे । सायर रकमसम्बन्धी इस्तिहारहरू तल प्रस्तुत गरिएको छ ।

इस्तिहारहरू—

इस्तिहार नं. १ (१९४५ वि. सं.)

मधेश जील्लाका चौधरी कानुगोये पटवारी. गुमास्ता जेठरैती भलादमी रैती गैह्र चार वर्ण छत्तीस् जात् गैह्र प्रती मालमा लम्वरी ज्मावंदीमा गाभियाका रकं वाहेक फुटकर ठेक इजारामा र अमानतमा बन्दोवस्त भै असुल तहरिल भै आयाका सायर रकं गैह्रको ठेकदार, कटकेदार लटकेदार फटकेदार. तहसीलदारले तीमी रैती दुनीञालाई पीर पाऱ्याको बुझिनाले हामीबाट रैती दुनीञालाई पनी पीर न पर्न्या सर्कारको दाना पनि न हराउन्या इंतीजाम गरी ७ जिल्लामै चितौन बुटौल नञा मुलुक समेत गैह्र जिल्लाका सायर मध्ये ठूला ठूला वजार र काश्चराई गाजा भट्टी चर्सा रकं बाहेक अरु सायर रकं गैह्र ४५ सालका बालीदेषी महसुल नलाग्न्या गरी छोडी सो छुटेका रकंका ज्माको दामासाहीले रैतानमा लाग्न्या जोतका पोत ज्मा फी रूपैञा /११ का दरले लगतमा बढाई लीनाको हुकुं मर्जी बक्स्यौं अमलाको नाउमा सनद गरी बक्स्याको छ. सायर रकं माफ बक्सी रैतान पोतामा बढाई लियाको हामी रैती दुनीञालाई सुविस्ता हवस भन्ना निमित्त रहेछ भनी तपसीलमा लेषीयाका वेहोरा बुझी षातीर्मा रही अमलाका नाउमा भैगयाका सनद बमोजीम तीर्न्या कां गर ----------१

मधेस जील्ला जील्लामा लम्बरी ज्मावंदीमा दर्ता भै असुल तहसील भै आयाकामा हालात रकम बाहेक मालबाट छुट्टै अमानतमा रही बन्दोबस्त भै असुल तहसील भै आयाको तिमी रैती दुनीञा हरूलाई थाहै छ--२

सो लम्वरी ज्मावन्दीमा दर्ता भयाको बाहेक मालबाट छुट्टै बन्दोबस्त भयाका माहालात सायर रकम गैह्र दुनिञा रैती महाजन व्यापारीहरूबाट असुल तहसील गरी लीन पाउन्या हुनाले सो रकम ठेक इजारा लीनालाई ठेकदार खडा भै साल सालमा हाना हान भै राबीक ज्मामा सालसालमा ज्मा बढी असुल तहसील भै सर्कारमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दाषील भै आयाको पनी तिमी रैती दुनीत्रालाई थाहै छ----------३

सो रीतसँग सालवसाल सर्कारको ज्मा बढ्दै आयाको रकम् हुनाले सो रकम् साविकमा ठेक्का अमानत जुं बन्दोवस्तसंग रही असुल तहसील भै आयाको छ अब पनी सोही बमोजीम बन्दोवस्त गरी असुल तहसील सर्कारको ज्मा बराबर बढ्ने छ सो पनी तीमीहरू रैतीलाई थाहै छ----------४

सर्कारबाट ठेकेदारलाई ज्मा बढाई दिन्या ठेकदारले ज्मा बढाई कटकेदारलाई दीन्या कटकेदारले पनी ठेकदारसँग लीयाको ज्मामा बढाई लटकेदारलाई दीन्या लटकेदारले पनी नाफा पायो भन्या फटकेदारलाई दी नाफा माथी नाफ नाफा माथी नाफा गरी तीमी दुनीत्रालाई पीरायाको तीमी दुनीत्राले आजसम्म सहेकै थीयौ त्यो पनी तीमी हरूलाई थाहै छ कोही कोही जील्लाबाट अघी यो माहालात सायर र पोतमा भीडी यां हामीलाई सुबीस्ता हुदो हो भनी रपोट पनी दियाका थीयौ ----------५

हाल हामीले पनी सोही रपोट हेरी तजबीज गर्दा दुनीत्राबाट उठ्याका रूपैत्रा सर्कार दाषील गर्नु पर्छ की दुनीत्राका पेटमा पर्नु पत्र्या हो बीचका मानीसले अनेक तरहको पीर पारी लुटपीठ गरी अजोग्य हो मुनासीब रपोट दीया भन्या हाम्रा चीत्तमा पनी लाग्यो----------६

हरेक ठेकदार कटकेदार लटकेदार फटकेदार गैह्र सबैले नाफा खाने ... तिमी दुनीत्रा माथी हो तीमी दुनीत्राबाट उठेपछी सर्कारमा दाषील हुनु पर्छ की तीमी दुनीत्रामा रहनु पर्छ बीचमा अरूले षानु ठीक होइन ठेकदार कटकेदार लटकेदार फटकेदार गैह्र सबैले षायाको ज्मा सर्कारबाट लाया सर्कारको दरै बढ्नया हो ता पनी तीमी दुनीत्रालाई पीर पारी सर्कारले सालसालमा बढने ... तीमी दुनीत्रा लाई पीर पर्दै जाने हुनाले सर्कारको हक अरू बीच बीचकाले षायाको नाफा तीमी रैती दुनीत्रालाई नलागी सुख सुबीस्ता हवस् भन्ना नीमीत्त अब देषी कटकेदार लटकेदार फटकेदारले षान्या नाफा छुट्याई सुपत सर्कारबाट ठेकदारलाई लागेको कलमको रूपैत्रा मात्र तीरी तीमी रैती दुनीत्रा सुख पाउछौ ----------७

बेपारी माल अनाज बचछ बेपारी कीं छन् हामी दुनीत्रा माथी नाफा षायाको कसो गरी हो भनौला हेर भोगलानीत्रा महाजन अथवा सरहदीया महाजन अनाज तेलहरू गैह्र षरीद गर्न तीमीहरूसंग आउछन् सो षरीद गर्न आउदा आफुले विक्री गर्ने आफ्ना शहर बजार गाउ गाउमा बुझी सो भाउमा बाटामा बोकाई लैजान्या मात्र जन को हीसाव सर्कारमा तीर्ने सायरको हीसाब गैह्र ज्मा गरी तेसमाथी रैतीसंग अनाज तेल षरीद गरी लगी विक्री गरी षान्छन् सर्कारबाट ती बेपारीलाई सायर नली बक्स्या सो जमामा हरजन बेपारले ज्मा बाड्दैनन् नवाध्यापछी तीमी दुनीत्राले हीसाव सांटी वीक्री षरीद गर्न पाउछौ पाया पछी तीमी दुनीत्रा लाई सुविस्ता हुनछ सो भया पछी त्यो सायरको ज्मा तीमी दुनीत्रा रैतीका कपालमा लाग्दो रहेछ की बेपारी तीर्दा रहेछन् तीमीहरू बुझ----८

स्रोत कुमारी चोक अड्डा

पोका नं. १८२

इस्तिहार नं. २ (१९७१ वि. सं.)

आगे ७ जिल्लामै चितवन् बुटवल नत्रा मुलुक समेत गैह्र जिल्लामा जिमीदार रैयत भलादमीहरूको यथोचित उप्रान्त हाट् पिठीयामा जमीन्को बत्ती र माल्को कौडी महसुल रकम् १ जलकर रकम् १ पचनापाचनी ज्ञ सिंगाडा रकम् १ समेत अघि ४५ साल्मा माफ गरी छोडी बक्सेको फेरी ५० सालदेषी लेषीयाका रकमहरू ठेक्का लागी र अमानत तहसील भै तेसबाट साल्को पचासौं हजार रूपैत्रा तहसील भै सर्कार दाषील भै आयाको हो तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सरहदका तीमी रैती दुनीञाहरूले आफुलाई चाहिन्या चीज वस्तु खरीद गर्नालाई आफ्ना लम्वरी जमीन्मा उब्जेका मालहरू हाट् पिठीयामा विक्री गर्न लादा जमीन्को बत्ती मालको कौडी महसुल भनी जथाभावीसंग लीदीने र आफुलाई चाहीने माल खरिद गरी लीदा पनी महसुल लाग्छ भनी लीदिदा चार आना सम्मको माल षरीद विक्री गर्दा डेढ दुई आनासम्म महसुल बुझाउन परी तीमीहरूलाई दुख पीर परेको जाहेर हुँदा तीमी रैयत दुनीञालाई सुविस्ता हवस् भन्ना निमीत्त लिखीयाका रकम समेत तपसील्का दफा दफामा लेखीया बमोजीम रकम महसुल १९७१ साल श्रावण १ गतेदेखि माफी गरी छोडी सबैलाई थाहा हवस् भन्ना निमित्त इस्तिहार जारी गरी बक्सेको छ रैयतका सुविस्ता निमित्त सर्कारबाट रकम माफी बस्केको भन्ने जानी १९७१ साल श्रवण १ गतेदेखि तपसीलका दफा दफामा लेषीञाको थिती बन्देजमा रहने काम गर ----------

तपसील

माल बिर्ता गुठीमा लागेका देहायमा रकम ७१ साल श्रावण १ गतेदेखी दुनीञालाई माफी गरी छोडी बक्सेको हुनाले ठेक्का लागी आयाका भया ठेक्का तोडीदिनु अमानत भै आयाको भया अमानत तहसील नगर्नु नगराउनु हाट् पिठीयाको बत्ती कौडी महसुल समेत देहायका रकम १९७१ साल श्रावण १ गते देखि कसैले तहसील नगर्नु नबुझाउनु भन्ने पिठीया पिठीयामा ढोल पिटाई दिनु भन्ने सनद भै ढोल समेत पिठीयाको हुनाले देहायका मात बिर्ता गुठी समेतमा १९७१ साल श्रावण १ गतेदेखि ठेक्का वा अमानतबाट तहसील हुने छैन कसैले महसुल रकम बुझाउनु पनी पर्दैन नबुझाउनु माफी भयाको रकम कसैले तहसील गर्न आया पक्री नगीच अड्डामा बुझाइदिनु अैन बमोजीम सजायह हुनेछ----------

हाट् पिठीया रकम्-----१ सिंगडा रकम् -------- १

जलकर रकम् -------१ पचना पाचनी रकम्----- १

मरवाना रकम्-------१

जिह्मं कौटिल्यं वक्रभावोऽवश्यंभावि तथा न येषु जिह्मम्" (१।१६) इत्यादिकवाक्यजातस्य, गीतावृत्तौ च "अनिष्टादिकर्मफलत्रयं परमहंसपरिव्राजकानामेव लब्धभगवत्स्वरूपात्मैकत्वशरणानां न भवति, भवत्येवाऽन्येषामज्ञानां कर्मिणामसन्न्यासिनाम्" (१८।६६) इति वाक्यस्य, ब्रह्ममीमांसासूत्रभाष्ये "ब्रह्मसंस्थ इति हि ब्रह्मणि परिसमाप्तिरनन्यव्यापारतारूपं तन्निष्ठत्वमभिधीयते, तच्च त्रयाणामाश्रमाणां न सम्भवति, स्वाश्रमविहितकर्माननुष्ठाने प्रत्यवायस्मरणात्, परिव्राजकस्य तु सर्वकर्मसन्न्यासात् प्रत्यवायो न सम्भवत्यननुष्ठाननिमित्तः" इति वाक्यस्य (३।४।२०) च प्रयोक्तुः, "कृत्स्नभावात् तु गृहिणोपसंहारः" (३।४।४८) इति ब्रह्ममीमांसासूत्रवाक्यस्य व्याख्यानेऽनुचितमतिसंक्षेपमाश्रितवतश्च शङ्करस्य वैदिक-सनातन-वर्णाश्रमधर्मस्य सम्यगाकलने काऽपि न्यूनताऽवगम्यते, तथापि गीतावृत्तेः (गीताभाष्यस्य) उपोद्घाते "जगतः स्थितिं परिपिपालयिषुः स आदिकर्ता नारायणो विष्णुर् भौमस्य ब्रह्मणो ब्राह्मणत्वस्य रक्षार्थं देवक्यां वसुदेवाद् अंशेन कृष्णः किल सम्बभूव, ब्राह्मणत्वस्य हि रक्षणेन रक्षितः स्याद् वैदिको धर्मस् तदधीनत्वाद् वर्णाश्रमभेदानाम्" इति वदन्, ब्रह्ममीमांसासूत्रभाष्ये च "इदानीमिव कालान्तरे-ऽप्यव्यवस्थितप्रायान् वर्णाश्रमधर्मान् प्रतिजानीत, ततश्च व्यवस्थाविधायि शास्त्रमनर्थकं स्यात्" (१।३।३३) इति वदन्, तैत्तिरीयोपनिषद्व्याख्यायां च "असन्नेव स भवति" (२।६) इत्यादेः सन्दर्भस्य व्याख्याने "यो नास्ति ब्रह्मेति मन्यते स सर्वस्यैव सन्मार्गस्य वर्णाश्रमव्यवस्था-लक्षणस्याऽश्रद्दधानतया नास्तित्वं प्रतिपद्यते ब्रह्मप्रतिपत्त्यर्थत्वात् तस्य, अतो नास्तिकः सोऽसन् असाधुरुच्यते लोके, तद्विपरीतः सन् योऽस्ति ब्रह्मेति चेद् वेद स तद्ब्रह्मप्रतिपत्तिहेतुं सन्मार्गं वर्णाश्रमादिव्यवस्थालक्षणं श्रद्दधानतया यथावत् प्रतिपद्यते यस्मात् ततः तस्मात् सन्तं साधुमार्गस्थमेनं विदुः साधवः" इति च वदन् शङ्करः वेदादिशास्त्रे तत्प्रतिपादितवर्णाश्रमादिलक्षणधर्मे च दृढया आस्थया युक्त एवाऽवगम्यते । वेदादिशास्त्रस्याऽनर्थकताया आपादकः पक्षस् तस्य कृतेऽसहनीय एव दृश्यते । शङ्करकृता उक्ता उपनिषद्व्याख्या-गीताव्याख्या-ब्रह्ममीमांसासूत्रव्याख्यारूपास् त्रयो ग्रन्था मोक्षधर्मपरका एवेति तत्र भवता तेषां ग्रन्थानां रचना सन्न्यासाश्रमे समाश्रिते एव यदि कृतास् तथापि आत्मविचाररूपेणैवैते ग्रन्था ग्रहीतुं शक्या इति तेषां रचनेनैव तत्र भवता वेदादिशास्त्रोक्त-सन्न्यास-धर्मस्योल्लङ्घनमेव कृतमिति वक्तुं तु समुचितं न भाति । केनाऽपि प्रकारेण शङ्करभगवत्पादेन वेदादिशास्त्रोक्त-सन्न्यासाश्रम-धर्मस्योल्लङ्घनमेव कृतमिति स्वीकृतेऽपि कैश्चित् तत्र भवतः अवतारपुरुषत्वेन गृहीतत्वात् तत्र भवतः शास्त्रोल्लङ्घनकारिचरितस्याऽपि अनिन्द्यत्वे स्वीकृतेऽपि सर्वेषां वेदमार्गानुयायिनां सन्न्यासिनां कृते तत्र भवतः शास्त्रोल्लङ्घनकारि तच् चरितम् अनुसरणीयम् आदर्शभूतं च चरितमिति स्वीकर्तुं नैव युज्यते । तथा स्वीकारे तु वेदादिशास्त्रव्यवस्था निरर्थिकाऽऽपद्यते ।

उक्तविधे वेदादिशास्त्रार्थाचारव्यतिकरे वेदादिशास्त्रप्रतिकूलचरितैः कथितैर् वेदमार्गस्थैः सन्न्यासिभिस् तेषां तादृशस्य चरितस्य समर्थकैरन्यैर् वाऽपि जनैर् वेद-स्मृति-पुराणादिशास्त्रोक्ताया उक्तप्रकारायाः सन्न्यासधर्म-व्यवस्थायाः शास्त्रयुक्तियुक्ताऽन्यथाव्याख्या कर्तव्या, अथवा कथितैर् वेदमार्गस्थैः सन्न्यासिभिर् वेदशास्त्रप्रतिकूलं चरितं त्याज्यम्, शास्त्रप्रामाण्यरक्षायां प्रतिकूलत्वं च परिहरणीयम्; अथवा वयं वेदबाह्यलिङ्गिन एव स्मः; अस्माकं वेदशास्त्रप्रामाण्यरक्षणे प्रयोजनं नास्तीति तैर् जैन-बौद्ध-साधुभिरिव स्पष्टतया स्वीकर्तव्यं वक्तव्यं च; तैर् हि जैनकुलज-रजनीशाऽनुज-शैलेन्द्रशेखरेण यथा पत्रिकायां चर्चितेन रूपेण शैलेन्द्रसरस्वतीति नामाऽऽदाय काषायवस्त्र-रुद्राक्षमालादिकं परिधाय लोकवञ्चनं क्रियमाणमवगम्यते तथा लोकवञ्चनं नैव कर्तव्यमित्येव न्याय्यो व्यवहारो भवति । श्री१०८युतः, श्री१००८युतः, अनन्तश्रीविभूषितः, महामण्डलेश्वरः, आचार्यमहामण्डलेश्वरः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादीनामशास्त्रीयाणां निरर्थकानां दम्भमूलानामुपाधीनां धारणेन प्रचारणेन च लोकवञ्चनं कर्तुमपि वेदमार्गस्थानां सन्न्यासिनां कृते सर्वथाऽसाम्प्रतमेवाऽवसीयते ।

२८. शास्त्रवादिनां वैदिकविदुषां शास्त्रप्रामाण्यरक्षायां जागरूकता प्रयासश्च भवेदित्याशा

वैदिक-सनातन-वर्णाश्रमधर्मशास्त्रविज्ञानाम् अन्येषामपि वेदशास्त्रवादिनां सत्यनिष्ठानां सच्चरितानामास्तिकानां विदुषाम् एतस्मिन् विषये विचारस्य परिष्करणे लोके वेदादिशास्त्राणां मर्यादायाः प्रामाण्यस्याऽपि परिरक्षणे च जागरूकता भवेत् प्रयासश् च चलेदित्याशास्यते ।

वेदमार्गप्रतिष्ठापनाय ब्राह्मणान् प्रति व्यासोऽपि विरौति हि । तथा हि–

स्थापयध्वमिमं मार्गं प्रयत्नेनाऽपि हे द्विजाः ।
स्थापिते वैदिके मार्गे सकलं सुस्थिरं भवेत् ॥
यः स्थापयितुमुद्युक्तः श्रद्धयैवाऽक्षमोऽपि सः ।
सर्वपापविनिर्मुक्तः साक्षाज् ज्ञानमवाप्नुयात् ॥

–इति स्कन्दपुराण-सूतसंहितायां ज्ञानयोगखण्डे २०।५४,५६ ।

नेपालीमा अनुवाद

वैदिक-सनातन-वर्णाश्रम-धर्ममा सन्न्यासिको धर्म र वेदादिशास्त्रको प्रामाण्य

[यास्क-पाणिनि-कात्यायन-पतञ्जलि-वररुचि-भर्तृहरिहरुका शाश्वत व्याकरणसिद्धान्तको अनुसरण गर्ने स्वाद्ध्यायशालाकुटुम्बका नेपाली वर्णोच्चारणशिक्षा, 'जिम्दो नेपालि भासा' (पैलो खण्ड तथा दोस्रो खण्ड) इत्यादि ग्रन्थमा प्रतिपादित भाषाव्याकरणसिद्धान्तको अनुकूल रूपमा मध्यममार्ग लिएर यो लेख प्रस्तुत गरिएको छ ।]

१. वैदिक सन्न्यासिधर्मको चर्चाको आवश्यकता

आजभोलि पश्चिमि राजनीति, अर्थनीति, समाजनीति, शिक्षानीति इत्यादिका प्रभावले हाम्रो मूल वैदिकपरम्परा ओझेलमा पर्दै गएको छ, वेद-वेदाङ्ग-वेदोपाङ्ग-स्मृति-पुराणादि शास्त्रको अध्ययन र प्रचार साह्रै शिथिल भएको छ र सन्न्यासाश्रमका समेत कतिपय लेखेपढेकै व्यक्तिहरुले पनि शास्त्रमर्यादा छोडि बोल्न लेख्न र काम गर्न थालेकाले हाम्रो मूल वैदिकपरम्परा अज्ञानान्धकारमा हराउँदै जान लागेको देखिञ्छ । एसबाट हाम्रा धर्मसंस्कृतिमा वाह्य आक्रमण मात्र हैन आन्तरिक दोषहरु पनि बड्दै गएर हाम्रो धर्मसंस्कृति जर्जर हुँदै जान लागेको अनुभव हुँदै छ । एस विषयमा स्वाद्ध्यायशालाकुटुम्बले चेतना जगाइ समुचित कार्य गर्ने वातावरण तयार बनाउन विविधरूपमा सानोतिनो जोसकेको प्रयास गर्दै आएको छ । स्वाद्ध्यायशालाकुटुम्बले शिक्षा, कल्प, व्याकरण,

१. नेपाली भाषाको प्रचलित वर्णविन्यासको नियमभन्दा केही भिन्न रूपमा लेखकवाटै प्राप्त भएअनुसार यो लेख प्रस्तुत गरिएको छ । – *सम्पादक*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निरुक्त, छन्दशशास्त्र, ज्योतिष इ छओटै वेदाङ्गहरुले सहित मन्त्रसंहिता-ब्राह्मणग्रन्थात्मक आँफ्ना शाखाका वेदको विशेष रूपमा अध्ययन-मनन र अनुसन्धान गरेर तथा प्रकाशित ५६ स्मृतिहरुको र १८ पुराणहरुको पनि अनुशीलन गरेर "वैदिक धर्म मूल रूपमा" भन्ने ग्रन्थ प्रकाशित गरेको छ (संवत् २०४५); भारतवर्षमा मुसलबानहरुको शासन स्थापित भएपछि आजभन्दा १००० वर्ष जति अगिदेखि नै आँफ्ना शाखाको वेदको र सूत्रग्रन्थको प्रतिकूल भ्रष्ट र अशुद्ध रूपमा पुगेका माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाध्यायि ब्राह्मणहरुका स्नानसन्ध्योपासनादि नित्यसदाचारकर्मका, गर्भाधान-पुंसवनादि संस्कारकर्मका र अन्त्येष्टि-श्राद्धकर्महरुका पद्धतिहरुको पनि संशोधन र परिष्कार गर्न वैदिक-मन्त्र-सङ्ग्रह नामको ग्रन्थ पनि प्रकाशित गरिएको छ (सं.२०५२); प्रकाशित भएका अरु सबै सन्ध्योपासनादि पद्धतिहरुको स्वशाखासूत्रप्रतिकूलता देखाइ सम्बद्ध विषयहरु विस्तारपूर्वक समावेश गरेर विस्तृत नेपालि भूमिका राखेर माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदशाखाका अध्येताका कुलका ब्राह्मणहरुका लागि कात्यायन-त्रिकण्डिक-स्नानसूत्रको पूर्ण अनुकूल सन्ध्योपासनपद्धति (२०५६) र ब्रह्मयज्ञपद्धति (२०५९) पनि प्रकाशित गरिएका छन् । तेस्तै प्रकारले कात्यायन-श्राद्धकल्पसूत्रानुसारि एकोद्दिष्टश्राद्धपद्धति पनि प्रकाशित गरिएको छ (२०५८) । शासकीय पञ्चाङ्ग-निर्णायक-समितिबाट नियन्त्रित वर्तमानकालमा प्रचलित पञ्चाङ्गहरुको अवैदिकता देखाएर वैदिक-कालगणना-पद्धतिको पुनर्जागरण गर्न प्रयास पनि स्वाद्ध्यायशालाकुटुम्बबाट गरिइराखेको छ । तेसमा आकाशदर्शन पञ्चाङ्ग भन्ने पञ्चाङ्गमा वैदिक सौर-चान्द्र वर्ष अयन ऋतु मास अधिमास पक्ष तिथिको समावेश गर्ने व्यवस्था पनि गरिइरहेको छ । एस विषयको पत्रिकाहरुद्वारा पनि प्रचार पनि गरिइराखेको छ । किन्तु तिनै काममा पनि शास्त्रका प्रकाशलाइ र धर्मको अनुशासनलाइ नरुचाउनेहरुबाट बाधाविरोध पनि आइलाग्ने गरेको छ । तथापि शास्त्रको आड र प्रकाश नभएमा हाम्रो धर्मसंस्कृति ठगहरुको जनतालाइ अज्ञानान्धकारमा रुमल्ने साधन मात्र हुनपुग्ने डर हुने हुँदा र ऐले पनि हिन्दुधर्मलाइ मूल रूपमा शास्त्रीय वर्णाश्रमव्यवस्थामै आधृत धर्म मानिँदै गरेको हुँदा वैदिक-सनातन-वर्णाश्रम-धर्मका मूल मार्गका विभिन्न प्रमुख पक्षहरुको प्रामाणिक शास्त्रीय परिचय प्राप्त गर्न चाहाने सज्जनहरुका लागि व्यवहारमा शास्त्रप्रतिकूल रूप लिन पुग्नाले शास्त्रलाइ नै निरर्थक साबित गर्न लागिरहेको सन्न्यासिहरुको आचरणका परिप्रेक्ष्यमा शास्त्रीय सन्न्यासिधर्मको संक्षिप्त परिचय तल प्रस्तुत गरिँदै छ ।

२. वेदादिशास्त्रको महिमा र तेसको प्रामाण्यको रक्षाको आवश्यकता

वेदादि शास्त्र भनेको प्राणिमात्रका कल्याणका लागि सर्वहितैषि ब्रह्माजि-ऋषि-मुनि-शिष्टहरुले उपदेश गर्दै गर्नाले आजसम्म पनि उपलब्ध हुँदै गरेको, कल्याणकारि मार्गको प्रकाशक, सनातन, अटल ज्योति हो । त्यो जतिखेर जुन समुदाय बलियो भयो तेतिखेर तेसैले आँफ्ना स्वार्थलाइ हेरेर बनाउने र चलाउने आजभोलिको संविधान-विधि-नियम जस्तो वस्तु हैन । तेसैले वेदादिशास्त्रको महिमा धेरै छ । वेदादिशास्त्र भनेको राजाहरुका, मन्त्रिहरुका, सचिवहरुका, सेनापतिहरुका, शोषकहरुका, सामन्तहरुका, धनिहरुका र बलिया बाङ्गाहरुका उपर पनि नैतिक दबाब दिने र तिनलाइ पनि सन्मार्गमा चल्न प्रेरणा दिने शाश्वत तत्त्व हो । तसर्थ हामिले वेदादिशास्त्रको महिमा सुरक्षित गर्दै वेदादिशास्त्रले देखाएकै मार्गले धर्म-अर्थ-काम-मोक्ष चारै पुरुषार्थका सिद्धिका लागि काम गर्ने गर्न उचित हुञ्छ । एकछिन आँफ्नो बल पुग्छ भन्दैमा शास्त्रलाइ छोडेर मनलाग्दि गर्न उचित हुँदैन । वेदादिशास्त्रको प्रामाण्यका विषयमा स्वाद्ध्यायशालाबाट प्रकाशित पूर्वोक्त ग्रन्थहरु र तिनमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मयज्ञपद्धतिको भूमिका विशेष रूपमा हेरेर वैदिक धार्मिक सज्जनहरुले विशेष विचार गर्नु उचित छ ।

धर्मकै नाममा धर्मभावनाले नै गरिएको काम पनि वेदादिशास्त्रलाइ अप्रमाण बनाउने गरेर गरिञ्छ भने त्यो राम्रो र कल्याणकारि नमानिने र विनाशकारि नै हुने कुरामा हाम्रा शास्त्रले लोकको ध्यान आकृष्ट गर्दै आएका छन् । जस्तै–

(क) तिमिले तेसरि काम गरेर राम्रो गरेनौ, किन भने तिमिले वेदलाइ र स्मृतिलाइ नै अप्रमाण बनाइदिएउ ।[1]

(ख) वेदको अप्रमाणत्व गर्नु, ऋषिका वचनको निन्दा गर्नु, सबै काममा शास्त्रव्यवस्था नमानि अव्यवस्था गर्नु, यो आँफ्नो नाश गर्ने काम हो ।

३. वैदिकसन्न्यासिधर्मको विचार

अब याँहाँ वैदिकसन्न्यासिका धर्मका विषयमा वेदादिशास्त्रका आधारमा संक्षेपमा विचार प्रस्तुत गरिञ्छ ।

४. संसारका सम्पूर्ण विषयमा वैराग्य भएपछि मात्र सन्न्यासि हुनपर्छ

संन्यास लिने विषयमा माध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेद-शतपथब्राह्मणमा र अन्यत्र पनि सम्पूर्ण संसारको सर्वथा त्याग गर्नेले नै सन्न्यासाश्रम लिएर हिँण्नु भनिएको छ । जस्तै–

(क) प्रव्रज्या (सन्न्यास) लिनेहरु एसै ब्रह्मलोकको मात्र चाहाना राखेर प्रव्रज्या लिञ्छन् ।

(ख) तेस कारणले एस्तो जान्ने माञ्छे मानसचञ्चलतारहित, जितेन्द्रिय, सबै व्यवहारबाट निवृत्त, सहनशील र वेदवाक्यमा श्रद्धायुक्त भएर आँफुमा नै परमात्मालाइ देखोस् ।

(ग) त्यो एसै आत्मालाइ जानेर ब्राह्मणहरु पुत्रको इच्छा, धनको इच्छा, लोकको इच्छा पनि छोडेर भिक्षावृत्ति लिञ्छन् ।

(घ) गृह–कलत्र–पुत्रादि सम्पूर्ण लोकको परित्याग गरेर हिड्ने सन्न्यासि विवर्ण अनाकर्षक गैरिकधातुरक्त वस्त्र लाएर, केश मुँडेर, केइ कुराको पनि सङ्ग्रह नगरिकन, शरीर–वचन–मनले शुद्ध र कसैको पनि द्रोह नगर्ने भएर भिक्षा मागेर खाँदो छँदो ब्रह्मभावमा पुग्न समर्थ हुञ्छ ।

(ङ) परमात्मन्, मबाट भूलोक त्यागियो; परमात्मन्, मबाट अन्तरिक्षलोक त्यागियो; परमात्मन्, मबाट स्वर्गलोक त्यागियो; परमात्मन्, मबाट भूलोक अन्तरिक्षलोक स्वर्गलोक (तिनै लोक) त्यागियो ।

तिनै श्रुतिवचनका व्याख्या-स्पष्टीकरणका रूपमा लिन सकिने एस्तै अरु वचन पनि पाँइञ्छन् । तिनैका आधारमा स्मृतिहरुमा र पुराणहरुमा समेत आत्मज्ञानको मात्र चाहाना गर्ने, अर्थोक केइ पनि नचाहाने व्यक्तिले मात्र सन्न्यास लिनु अरुले नलिनु, अरुले सन्न्यास लिएमा मुक्ति मिल्दैन, उल्टो नरक पर्नपर्छ भन्ने कुरा स्पष्ट रूपमा वताइएको छ । जस्तै–

(क) जब मनमा सबै थोकमा वैराग्य भयो तब नै विद्वान्ले सन्न्यास लिनु, वैराग्य नभै सन्न्यास लिएमा पतित हुनसक्छ । धनका लागि वा अन्न–वस्त्रका लागि वा प्रतिष्ठा–मान–सम्मानका लागि जसले सन्न्यास लेला, दुवै लोकबाट भ्रष्ट हुने त्यो मोक्ष पाँउन योग्य हुँदैन ।

१. एस प्रकार भावानुवादका रूपमा प्रस्तुत वचनहरुका मूल रूप र स्थलनिर्देशहरु संस्कृतलेखमा विलोकनीय छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) विरक्तले सन्न्यास लिनु, अविरक्त गृहस्थाश्रममा बस्नु, विरक्त नभैकन सन्न्यास लिने अधम ब्राह्मण नरक जाञ्छ ।

(ग) तेस कारणले रागद्वेषादि मानस मल हटेका जनले दण्डधारण गर्ने (सन्न्यास लिने) हो, मानस मल नहटेका माञ्छेले सन्न्यासधर्मको पालन गर्न सक्तैन, उसलाइ विषयले गौंच्छन् ।

(घ) सन्न्यासका लागि सबैका निमित्त वैराग्य आवश्यक हुञ्छ, विरक्त नभैकन जो सन्न्यास लिन खोच्छ, त्यो अवश्य पनि पतित हुञ्छ ।

(ङ) जैले मनमा सम्पूर्ण वस्तु प्रति वितृष्णा जाग्छ, तैले नै विचारवान् सज्जनहरु सन्न्यास लिन चाहाञ्छन्, वितृष्णा नजागिकन सन्न्यास लिने मानिस पतित हुनसक्छ ।

(च) जैले कर्मफल-नरकरूपका सबै लोकमा राम्ररि वैराग्य आउँछ, तेसै वेला अग्निको त्याग गरेर (गृहस्थाश्रमबाट वा वानप्रस्थाश्रमबाट) सन्न्यासमा जानु ।

(छ) षड्वर्गको (काम-क्रोध-लोभ-मोह-मद-मात्सर्यको) संयम गर्न नसक्ने, विषयलोलुप, इन्द्रियहरुका सुरमा चल्ने तथा ज्ञान-वैराग्य नभएको जुन माञ्छे त्रि-दण्ड (सन्न्यासचिह्न) धारण गरेर अन्नवस्त्र-मठादि प्राप्त गरेर जीविका चलाउँछ; धर्मनाश गर्ने तेस माञ्छेले देवताहरुलाइ, आँफ्नो आत्मालाइ र आँफुमा रहेको म-(परमात्मा)लाइ पनि ढोंट्छ र त्यो राग-द्वेषादि दोष नगलेको माञ्छे एस लोकबाट पनि गिर्छ र परलोकबाट पनि गिर्छ ।

(ज) विरक्तको सन्न्यास लिनमा अधिकार हुञ्छ, विरक्त नभएमा कुनै अवस्थामा पनि सन्न्यास लिने अधिकार हुँदैन; यो वेदवाक्य सत्त्य हो झुटो हैन भन्ने मेरो धारणा छ ।

(झ) हे ब्राह्मण, श्रुति-स्मृतिविहित नित्यकर्महरुको अनुष्ठान गर्नाले महापापरूपि मल क्षीण भएका माञ्छेको चित्तशुद्धि हुञ्छ, चित्तशुद्धि भएपछि संसारमा दोषदृष्टि उदाउँछ, संसारमा दोष देखेपछि नै वैराग्य उत्पन्न हुञ्छ, सम्पूर्ण संसारबाट विरक्त भएकाको नै सन्न्यास हुन सक्छ, एस कुरामा सन्देह छैन ।

(ञ) राग-द्वेषादि मल नहटेका अवस्थामा गेरुवावस्त्र-धारणरूप (सन्न्यासिलिङ्ग) जो छ त्यो भोगेच्छाका लागि हो भन्ने जान; त्यो काषायवस्त्रधारण देखावटि धर्म गर्ने मुडिएकाहरुको जीविका चलाउनका लागिको हो भन्ने मेरो धारणा छ ।

(ट) जनतालाइ ठग्न लिइएको सन्न्यासका छलले जनतालाइ ठग्ने, अन्न-वस्त्र-मठ-धन-मान-प्रतिष्ठाको भोग कसरि जुटाउने कसरि धान्ने इत्यादि कुराको एक मात्र चिन्ताले आतुर भएको, रात-दिन मोहान्धकारमा परिरहेको, उक्त भोगका लागि गरिएका उद्योगले परेका परिश्रमले आकुल भएको, परमेश्वरका श्रुति-स्मृतिरूप आज्ञाको लङ्घन गर्ने, अज्ञ जनताले गरेका सम्मानले गर्दा खराब मात चडेको मलाइ हे दीन-अनाथहरु प्रति गरिने दयाका खानि परम आनन्दरूप प्रभु, रक्षा गर्नुहोस् ।

५. चित्तविक्षेपका कारणहरुको परिहार गर्न नै सन्न्यासि हुने हो

विषयहरुमा चित्त दगुर्ने कारणहरुको सर्वथा परिहार गरि निरन्तर आत्मचिन्तन गर्न नै सन्न्यास लिने विधान "ब्रह्मसंस्थोऽमृतत्वमेति" (ब्रह्ममा राम्ररि रहेको व्यक्ति अमृतत्वमा पुग्छ) भन्ने मूल श्रुतिमा भएकाले वेदका सन्न्यास-व्यवस्थाको स्पष्टीकरण र व्याख्या गर्ने वचनहरुले र स्मृतिपुराणहरुका वचनहरुले पनि चित्तविक्षेप हुने कारणहरुको सर्वथा परिहार गर्न नै होला सन्न्यासिहरुका विषयमा नानाप्रकारका निषेधहरु देखाएका छन् । तिनमा नारदपरिव्राजकोपनिषद्, सन्न्यासोपनिषद्, मनुस्मृति, याज्ञवल्क्यस्मृति, महाभारत, पुराण इत्यादि ग्रन्थमा देखाइएका प्रमुख निषेधहरु क्रमशः तल देखाइञ्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६. सन्न्यासिले एक ठाममा धेरै दिन बस्न हुँदैन

वेदमार्गका कुटीचरबाएक अरु सन्न्यासिले गाममा वा नगरमा वा तीर्थमा नै पनि नित्य वास गर्न हुँदैन, वर्षा ऋतुमा बाएक अरु समयमा गाममा एक रात, नगरमा र तीर्थमा पाँच रातसम्म मात्र बस्नहुञ्छ, सँधै एउटै निश्चित घरमा बस्न पनि हुँदैन, रुखमुनि वा भत्केका छोडेका घरमा वा देवालयादिमा एक्लै अनिश्चित वास बस्नपर्छ, तेसो गर्नाले नै स्थान, बन्धु इत्यादिको राग-मोह क्षीण हुनसक्छ र मोक्ष प्राप्त गर्न सकिञ्छ भन्ने श्रुति-स्मृति-पुराणहरुको भनाइ छ । जस्तै–

(क) (सन्न्यासि) गाममा एक रात, सहरमा पाँच रात, पुण्यक्षेत्रमा पाँच रात, तीर्थमा पाँच रात आश्रयगृहरहित, स्थिरबुद्धि र झुटो नबोल्ने भएर पर्वतका गुफाहरुमा बसोस् ।

(ख) दुब्लो भएर गाममा एक रात सहरमा पाँच रात, पानि पर्ने चार मैना गाममा वा सहरमा बसोस् । शुक्लपक्ष-कृष्णपक्षलाइ नै पनि मास मानिने हुँदा दुइ मैना (बर्खा) गाममा वा सहरमा बसोस् ।

(ग) पानि पर्ने समयबाएक अरु समयमा गाममा एक रात र नगरमा पाँच रात मात्र बसोस्; वर्षा ऋतुमा (गाममा वा नगरमा) चार मैनासम्म बसोस् ।

(घ) गाममा एक रात बसोस्, नगरमा पाँच रात बसोस्, जो जाञ्छ (एक ठाममा बस्तैन) त्यो यति (सन्न्यासि) हो, एक ठाममा बस्ने त सन्न्यासयोगको उपहास गर्नेवाला हो ।

(ङ) मन-इन्द्रिय-संयत भएका सन्न्यासिहरुको आठ मैनासम्म विहार (भ्रमण) हुञ्छ, (बर्खाका) चार मैना वा दुइ मैना त एक ठाममा निवास गरोस् ।

(च) (सन्न्यासिले) गाममा एक रात वास गर्नु, नगरमा पाँच रात वास गर्नु त्यौंहाँ पनि तेसरि बस्नु जसरि बस्ता एसको (सन्न्यासिको) कसैसित वा केइमा पनि प्रेम वा वैरभाव उत्पन्न हुँदैन ।

(छ) नगरमा पाँच रातसम्म मात्र बस्ने र गाममा एक रातसम्म मात्र बस्ने (सन्न्यासिहरु हुञ्छन्) ।

(ज) एक ठाममा नटाँस्सिएको, एउटा गामलाइ नै औंफ्नो भ्रमणक्षेत्रादि विषय नबनाउने (सन्न्यासि) सबैथोकबाट छुट्टिएर गमनशील हुञ्छ; सबैथोकबाट राम्ररि छुट्कारा लिएको उ (सन्न्यासि) सँधैं एउटै नदीतटका बालुवामा सुत्नेवाला पनि हुँदैन ।

(झ) लट्ठि, कमण्डलु र गैरिकधातुरक्त (गेरुवा) वस्त्र मात्र जसले धारण गर्छ, सँधैं प्रवास (यात्रा) गरिरहञ्छ, एक ठाममा रहँदैन, तेइ नै सन्न्यासि भनिएको छ ।

(ञ) सन्न्यासि सँधैं भ्रमण गर्छ, घरघरमा बस्तैन, अन्न-वस्त्र-मठ-धन-मान-प्रतिष्ठादिका लोभले कसैलाइ पनि मन्त्र र विद्या दिँदैन, मठ कुटी इत्यादि आश्रम बनाउँदैन, ब्रह्मबाएक अरुथोकको वासना पनि गर्दैन, गृहस्थ-वानप्रस्थादि अरु व्यक्तिसित सङ्गत पनि गर्दैन, सर्वथा मोहरहित र आसक्तिरहित हुञ्छ ।

(ट) सन्न्यासिहरुका लागि केइमा पनि आसक्ति नहुनु मुक्तिको लक्षण हो, सङ्गतबाट सम्पूर्ण दोषहरु उत्पन्न हुञ्छन्; सङ्गतले योगमा चडिसकेको योगि पनि तल खसालिञ्छ भने राम्ररि योगमा न चडेको अल्पबुद्धि योगि तल खसालिञ्छ भनेर त के भनिरहन पर्ला र ।

वैदिक सन्न्यासिले धुलाले ढाकिएर माञ्छेले छोडेका घरमा वा रुखमुनि बस्नु इत्यादि भन्ने नारदपरिव्राजकोपनिषद्को विधान छ । जस्तै–

(सन्न्यासि) धुलाले ढाकिएको, माञ्छे नभएका छोडेका भत्केका घरमा आश्रय लिने अथवा रुखमुनि वास गर्ने, प्रिय वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रिय भन्ने सबै कुरा छोडेको, हिंड्दै जोंदा जोंहाँ घाम अस्ताउँछन् तेईं सुत्ने, आगो पनि नभएको, आवासगृह पनि नभएको, जे प्राप्त हुन्छ तेसैका आधारमा बाँच्ने, इन्द्रियहरुको दमन गर्नेवाला जितेन्द्रिय र मननशील हुनु ।

७. सन्न्यासिले अरुसित घुलमिल हुन हुँदैन एक्लै हिंड्नपर्छ

वैदिक सन्न्यासिले अरु अनेक वा एक व्यक्तिसित पनि घुलमिल नगर्नु एक्लै नै हिँण्नु भन्ने उपनिषद्-स्मृति-पुराणका वचनहरु छन् । जस्तै–

(क) सन्न्यासिले नगर वा ग्राम (अर्थात् ठुलो जनसमुदायसँग घुलमिल) गर्न हुँदैन, तेसै प्रकारले मिथुन (अर्थात् दोस्रो माञ्छेसित जोडि भएर हिंड्ने काम) पनि गर्न हुँदैन; इ तिन कुरा गर्ने सन्न्यासि आँफ्नो धर्मबाट च्युत हुन्छ ।

(ख) सन्न्यासिले वानप्रस्थसित र गृहस्थसित कैलेइ पनि घुलमिल नगरोस्, उसले अज्ञात (अपरिचित) रूपको आचरण प्राप्त गर्न चाहोस्; उसलाइ हर्षले न छोपोस् ।

(ग) सन्न्यासि सिद्धि (मुक्ति) प्राप्त गर्न सँधैं सहायरहित भएर एक्लै हिँण्नु, एक्लाको मुक्ति हुने कुरा देख्तो माञ्छेले न केइ त्याग्छ न गुमाउँछ ।

(घ) शास्त्रोक्त लक्षण भएको सन्न्यासि एक्लो हो, दुइटा सन्न्यासिको जोडि मिथुन मानिएको छ, तिन सन्न्यासिहरुको समूह गाम बताइएको छ, तेसभन्दा माथि त नगर जस्तै हुन्छ । नगर त बनाउन हुँदैन, गाम वा जोडि पनि बनाउन हुँदैन, इ तिन कुरा गर्ने सन्न्यासि आँफ्नो धर्मबाट च्युत हुन्छ । तेसपछि (मिथुनादि बनाएपछि) तिनका परस्परमा राजाका कुरा र भिक्षाका कुरा हुन्छन्, नजिक पर्नाले परस्परमा प्रेम, छुल्याइँ र रिसडाड हुन्छन्, एसमा सन्देह छैन । लाभका लागि र पूजा-सम्मान-सत्कार प्राप्त गर्नका लागि व्याख्यान-प्रवचन गर्नु, शिष्यहरुको सङ्ग्रह गर्नु इ र एस्तै अरु पनि नाना प्रपञ्चहरु निन्दनीय सन्न्यासिहरुका हुन्छन् ।

(ङ) सन्न्यासि आँफैमा रमाउँदो र कसैको पनि आड नलिँदो छँदो, सबै प्राणिको मित्र, चित्तचपलतारहित र परमात्मपरायण भएर एक्लै हिंडोस् ।

(च) धेरैको एकै ठाममा वास भएमा कल-झगडा होला, दुइ जाना एक ठाममा भए पनि राजवार्ता-भिक्षावार्तादि वार्ता होला; तेस कारणले सन्न्यासि कुमारीको बालो झैं एक्लो नै हिंडोस् ।

८. सन्न्यासिले मठहरु बनाउन हुँदैन

वैदिक सन्न्यासिले मठ, कुटी, आश्रम इत्यादि बनाउन हुँदैन, अहन्ता (अहम्भाव) ममता त्याग्नपर्छ, वर्षा ऋतुका चौमासबाएक अरु समयमा एक ठाममा धेरै दिन बस्न हुँदैन भन्ने पुराणको निश्चित व्यवस्था छ । जस्तै–

सन्न्यासिले मठ कुटी आश्रम इत्यादि नबनाउनु, अहम्भाव र ममता छोड्दिनु, रोगादिले हिँण्न सक्तैनसक्ने आपत् नपरेका वेलामा बाएक बर्खाका चार मैनालाइ छोडेर अरु समयमा एक ठाममा नबस्नु ।

९. सन्न्यासिले स्त्री, द्रव्य इत्यादिको संसर्ग गर्न हुँदैन

तीव्र ज्ञान वैराग्य भएकै सन्न्यासिले पनि स्त्री, धन, भूषण, राम्रो वस्त्र इत्यादिको संसर्गै गर्न हुँदैन; फुल, चन्दन, तैलादि सुगन्धि द्रव्यहरुको सन्न्यासिले सर्वथा त्याग गर्नपर्छ, तेसो नगरे त उ देहात्मवादि हुनपुग्छ भन्ने पुराणको उपदेश छ । जस्तै–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तीव्र ज्ञानले र वैराग्यले युक्त भएको भएपनि स्त्री धन भूषण असल वस्त्र इत्यादिका संसर्गले सन्न्यासि अवश्य भ्रष्ट हुन पुग्छ, सन्न्यासिले फुल, चन्दन, तेल इत्यादि सुगन्धि द्रव्य वर्जित गर्नु, अन्यथा उ देहात्मवादि हुन पुग्ला ।

१०. सन्न्यासिले पुराना अनाकर्षक विवर्ण वस्त्र लाउनपर्छ

वेदमार्गका सन्न्यासिले अरुले बाटामा फालेका थोत्रा सेता धोति-उपर्नाहरु धोएर गेरुवा माटाले रँगाएर तुनतान पारेर बाइरि लुगा लाउनपर्छ, भिक्षा मागेर खानपर्छ, भूमिमा सुत्नपर्छ, गुह्य अङ्ग ढाक्ने मात्र लुगा लाउनपर्छ, जाडो छेक्न कन्था मात्र ओड्नपर्छ, खराउ वा जुत्ता लाउन हुन्छ, अर्थोकको सङ्ग्रह गर्न हुँदैन; राम्रा सेता पएँला सुकिला उज्ज्वल आकर्षक वस्त्र र उनका रेशमका वस्त्रहरु लाउन हुँदैन, रुआ हालेर बनाएका सिरक दोलैँहरु लिन हुँदैन, ति लिने सन्न्यासि त पतितै हुन्छ इत्यादि भन्ने वेदादिशास्त्रको व्यवस्था छ । जस्तै–

(क) फाटेर फालिएका मल नलागेका वस्त्रहरु जोडेर कन्था बनाएर गैरिकधातुले रँगाएको बहिर्वस्त्र सन्न्यासिले लाउनु ।

(ख) सडकमा थोत्रा लुगा थुप्रै फालिञ्छन्, भिक्षा सबै ठाममा पाँइञ्छ, पृथिवी नै फराकिलो ओच्छ्यान छँदैछ, सन्न्यासिहरु केले दुःखित हुञ्छन् ?

(ग) गुह्य अङ्ग ढाक्ने वस्त्र, जाडो हटाउने कन्था र जुत्ता पनि सन्न्यासिले लिनु, अर्थोकको सङ्ग्रह नगर्नु ।

(घ) उन केशबाट बनेको भनि जान्नु, रेसमि कपडा मल छोड्ने किराबाट बनेको जान्नु, मनलाइ वशमा राख्न सक्ने सन्न्यासिले कस्तूरी-रोचना-रक्तचन्दनहरु वर्जित गर्नु ।

(ङ) भेडाको उनले बनेको अधिक वस्त्र, डसना-सिरक-दोलैँ इ कुराहरुको प्रतिग्रह गर्नाले सन्न्यासि पतित हुञ्छ, एस कुरामा सन्देह छैन ।

११. सन्न्यासिले धातुको भाँडो लिन हुँदैन

वेदमार्गका सन्न्यासिले धातुको भाँडो लिन हुँदैन, तुम्बाको वा काठको वा माटाको वा बाँसको भाँडो मात्र लिनपर्छ भन्ने शास्त्रको आज्ञा छ । जस्तै–

(क) तुम्बो, बाँसको ढुम्रो, कठौतो, माटाको कतरो एति चार प्रकारका मात्र सन्न्यासिका भाँडा हुञ्छन्, पाँचौं प्रकारको भाँडो हुँदैन ।

(ख) सन्न्यासिका धातुले नबनेका कोत्रासोत्रा नपरेका भाँडा हुञ्छन्, ति भाँडाको श्रौतयज्ञका काष्ठपात्रहरुको झैं नै पानिले शुद्धि हुने कुरा मानिञ्छ । तुम्बो, कठौतो, माटाको कतरो, बाँसको ढुम्रो इनै सन्न्यासिका भाँडा हुन् भनि स्वायम्भुव मनुले भनेका थिए ।

(ग) सन्न्यासिका भाँडा माटो-बाँस-काठ-तुम्बाले बनेका हुञ्छन्, इनको शुद्धिको साधन पानि र गाइका पुच्छरका रुमले गरिने पुछपाछ हो ।

(घ) तुम्बो, कठौतो, माटाको कतरो, बाँसको ढुम्रो इ चार प्रकारका सन्न्यासिका भाँडा हुञ्छन् भनेर प्रजापति मनु भन्नुहुञ्छ ।

१२. सन्न्यासिले भिक्षा मागेर खानपर्छ

वेदमार्गका कुटीचरबाएक अरु सन्न्यासिले एक जानाको मात्र अन्न खान हुँदैन, भिक्षा मागेर प्राणधारणका लागि आवश्यक मात्र भोजन गर्नपर्छ; मिठो र धेरै खान हुँदैन, शरीर दुब्लो पातलो बनाउनपर्छ, शरीरमा बोसो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाग्न दिन हुँदैन; स्वागत-सत्कारपूर्वक दिएका वस्तुहरुबाट र सम्मान-पुरस्कारहरुबाट आँफुलाइ अलग राख्नपर्छ, दिनमा एक छाक मात्र भिक्षा माग्नपर्छ इत्यादि भन्ने पनि वेदादि शास्त्रको विधान छ । जस्तै–

(क) मौरिको जस्तो वृत्तिले आहार खोंदो छँदो सन्न्यासि दुब्लो भएर बोसो बड्ने काम नगर्दै घिउलाइ रगतलाइ भैं नै त्यागोस् ।

(ख) जसरि बोसो बड्दैन तेसरि प्राण धान्नका लागि जे जस्तो मिल्छ त्यो खाओस् ।

(ग) सन्न्यासिले बरु म्लेच्छहरुकै घरबाट पनि मौरिले भैं थोरै-थोरै भिक्षा माग्ने काम गर्नु, बृहस्पतितुल्य ब्राह्मणैका घरबाट पनि एकजानाको मात्र अन्न त नखानु ।

(घ) ब्राह्मण-क्षत्रिय-वैश्य-शूद्र सर्वजातका घरबाट थोरै-थोरै भिक्षा माग्नु अथवा ब्राह्मणहरुका घरमा एकजानाको मात्र अन्न खानु इ दुइ कुरामा सर्वजातका घरबाट थोरै-थोरै भिक्षा माग्नु जाति हो, ब्राह्मणैको पनि एकजानाको अन्न खानु जाति हैन ।

(ङ) भोजनलम्पट जो सन्न्यासि कुनै वेला एकजानाको मात्र अन्न खाने हुन्छ, अनेक अयुत सङ्ख्याका (तिस हजार) प्रायश्चित्तले पनि तेसको तेस एकान्नभोजनपापको प्रायश्चित्त हुन सक्ने कुरा शास्त्रमा देखिएको छैन । हे ब्राह्मण, यदि सन्न्यासि लोभले शरीरको पुष्टि गर्नमा लाग्छ भने त त्यो वर्णाश्रमिहरुमा निन्दित र चण्डालतुल्य हो भन्ने जान्नपर्छ ।

(च) जुन सन्न्यासि मोहले (अज्ञानले) वा अरु कुनै कारणले एकजानाको अन्न खानेवाला हुन्छ, तेसको कुनै पनि प्रायश्चित्त धर्मशास्त्रहरुमा बताइएको छैन ।

(छ) काशिमा भिक्षा दिनेवालि विश्वनाथकि गृहिणी हुन्, तेस कारणले मोक्ष चाहानेवाला सन्न्यासिले (काशिमा पनि) सँधैं भिक्षा माग्नपर्छ ।

(ज) भिक्षाका लागि घुम्नु, आरण्यकग्रन्थको पाठ गर्नु, स्नान गर्नु, ब्रह्मात्माको ध्यान गर्नु, शौच गर्नु र ज्ञानप्राप्तिका लागि महादेवको शतरुद्रियमन्त्रले स्तुति गर्नु इ छ कुरा सन्न्यासिले राजदण्डको पालना गरे भैं सर्वथा गर्नपर्छ ।

(झ) स्वागत-सत्कारपूर्वक पाँइने सदन्नभिक्षालाभादिलाइ सन्न्यासिले सबै प्रकारले घृणा गरोस्, तेस्ता सत्कारपूर्वकका लाभले त मुक्त भैसकेको सन्न्यासि पनि मायामोहरूपि संसारमा बाँधिन्छ ।

(ञ) किन कि, सम्मानले योगसिद्धिको ठुलो हानि गर्छ, लोकबाट बेवास्ता गरिएको सन्न्यासिले जीवात्म-परमात्मयोगरूप सिद्धि पाउँछ, तेस कारणले जीवात्म-परमात्मयोगका साधनामा लागेको सन्न्यासि वैदिक-वर्णाश्रमधर्मानुयायि सन्तहरुको आश्रमधर्मलाइ दूषित (कलङ्कित) नबनाउँदो छँदो जसो गर्दा माञ्छेले उसको बेवास्ता गर्छन्, सङ्गतमा आउँदैनन् तेसै गरेर चलोस् ।

(ट) जुन घरमा विशेष भिक्षा वा भोजन पाउला, तेस घरमा फेरि जो जाँदैन त्यो सन्न्यासि हो, आर्को (तेस घरमा फेरि जाने) सन्न्यासि मानिएको छैन ।

(ठ) सन्न्यासिले दिनमा एक छाक मत्रै भिक्षा मागोस्, भिक्षाको विस्तार गर्न नलागोस्, भिक्षाविस्तारमा टाँस्सिएको सन्न्यासि त इन्द्रियहरुका विषयहरुमा पनि टाँस्सिन थाल्छ ।

(ड) स्वस्थ अवस्थाका सन्न्यासिले ज्ञानमा दुर्बल हुनाले यदि कुनै वेला जिह्वालोलताले दुइ छाक भोजन गऱ्यो भने तेसको प्रायश्चित्तका रूपमा चान्द्रायणकृच्छ्र गर्नु ।

(ढ) घरमा धुआँ निस्कन छोडेपछि र आगो बल्न छोडेपछि जुन सन्न्यासि उत्तम ब्राह्मणहरुका घरमा मौरि भैं गरि थोरैथोरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षा माग्छ त्यो सन्न्यासि मानिञ्छ, तेसो नगर्ने सन्न्यासि मानिँदैन ।

(ण) सन्न्यासिले जतिले देह अडिञ्छ, तेति थोरै-थोरै गास खाओस्, उसले घरहरुमा पीडा नहुने गरेर मौरिको जस्तो थोरैथोरै भिक्षा माग्ने वृत्ति लियोस् ।

(त) सन्न्यासिले थोरै अन्न खाने गरेर तथा एकान्तस्थलमा बस्ने गरेर पनि विषयहरुले तानिइरहेका इन्द्रियहरुलाइ विषयहरुबाट निवृत्त गराओस् ।

(थ) अन्नमा हुने आसक्तिले गर्दा शरीरमा बल बड्छ, घमण्ड हुन थाल्छ, इन्द्रियहरुका विषयहरुमा आसक्ति पनि हुञ्छ; अनि काम, क्रोध र लोभ पनि उत्पन्न हुञ्छन् र अवश्य नै नरकमा पतन पनि हुञ्छ ।

(द) जीवात्म-परमात्मयोगरूप सिद्धिको चाहाना गर्ने तथा भिक्षा गरेर शरीर अड्याइरहेका सन्न्यासिहरुमा मात, रिस-डाड, अभिमान इत्यादि दोषहरु घट्दै जाञ्छन् ।

१३. सन्न्यासिले घिउ तेल इत्यादि खान हुँदैन

वेदमार्गका सन्न्यासिका लागि घिउ कुकुरको मुतजस्तो हो, मह जाँडरक्सिजस्तो हो, तेल सुँगुरको मुतजस्तो हो, दाल लशुनजस्तो हो, मासहरुका रोटिबाराहरु गाइको मासुजस्ता हुन्, दुद (माञ्छेको) मुतजस्तो हो, तेस कारणले वेदमार्गका सन्न्यासिले घिउ, मह, तेल, दाल, रोटि-पुवा-बारा-फुरौला, दुद नखानु भन्ने उपनिषद्को आदेश छ । जस्तै–

सन्न्यासिका लागि घिउ कुकुरको मुतजस्तो हो, मह जाँडजस्तो हो, तेल सुँगुरको मुतजस्तो हो, दाल लशुनतुल्य हो, माषका बारा इत्यादि गाइको मासुजस्तो हो, दुद माञ्छेको मुतजस्तो हो, तेस कारणले सन्न्यासिले घिउ इत्यादि वर्जित गर्नु ।

१४. सन्न्यासिले पकाएर वा पकाउन लगाएर खान हुँदैन

वेदमार्गका सन्न्यासिले अरुले नै पकाएको अन्न भिक्षा मागेर खानपर्छ, आँफुले कुनै वस्तु काट्न, फोर्न, पकाउन हुँदैन; अरुलाइ पकाउन लगाएर खान पनि हुँदैन, जुन राष्ट्रमा नैष्ठिक ब्रह्मचारिले वा सन्न्यासिले पाक गर्न आगामा इन्धन हाल्छन् त्यो राष्ट्र बिलाएर जाञ्छ; एक पल्ट पनि आँफै पकाउने वा पकाउन लगाउने सन्न्यासिले तिन कृच्छ्र प्रायश्चित्त गर्नपर्छ, जानिजानि वारंवार पकाउने सन्न्यासिको त प्रायश्चित्तै हुँदैन, आर्कालाइ पकाउन लगाउने सन्न्यासिले त पशु-पक्षि-कीट-सरीसृपादि तिर्यग्योनिमा जन्म लिन पर्ने हुञ्छ इत्यादि भन्ने शास्त्रको उपदेश छ । एस विषयमा पुनाका आनन्दाश्रमबाट प्रकाशित विश्वेश्वरसरस्वतीकृत यतिधर्मसङ्ग्रह भन्ने ग्रन्थमा समेत धेरै वचन सङ्गृहीत छन् । जस्तै–

(क) जुन सन्न्यासि केइ कुरा पनि काट्ने फोर्ने पकाउने काममा प्रवृत्त हुञ्छ, तेस्तो पातक देखेर देख्ने माञ्छेद्वारा मरणाशौचको विधि गरिञ्छ ।

(ख) जुन राष्ट्रमा नैष्ठिक ब्रह्मचारि वा सन्न्यासि पकाउनका लागि आगामा झारपात वा दाउरा हाल्छन्, त्यो राष्ट्र बिलाएर जाञ्छ ।

(ग) जुन देशमा जैले सुकै पनि ब्रह्मचारि अथवा सन्न्यासि अज्ञानले गर्दा पकाउने काम गर्छ, तेसपछि त्यो देश सए वर्षसम्म मनुष्यरहित र सुक्खा लाग्ने पनि हुञ्छ ।

(घ) कनिका, पिना, तक्र (बाक्लो मोइ), साग, मुला, फल इत्यादि पाकेको होस् वा नपाकेको होस् तिनलाइ अज्ञानले गर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पकाउँदो छँदो सन्न्यासि शुद्धिका लागि प्राकृत तिन कृच्छ्रहरु गरोस्, बुद्धिपूर्वक पकाउने काम वारंवार गर्नाले त सन्न्यासि पकाउने कामले भएको पातकबाट (प्रायश्चित्तले पनि) छुट्कारा पाउन सक्तैन ।

(ङ) जुन सन्न्यासिले पाकेको अथवा नपाकेको वस्तु कहिँ पकाउँछ, त्यो सन्न्यासि आँफ्नो आश्रमधर्मको लोप गर्नाले पशु-पक्षि-सरीसृपादि तिर्यग्योनिमा जन्म लिन पुग्छ ।

(च) जुन सन्न्यासि आँफै पकाएर खाञ्छ, तेसका शुद्धिका लागि प्रायश्चित्तका रूपमा तिनोडा सान्तपन कृच्छ्रको विधान गरिञ्छ; अरुलाइ पकाउन लाएर जुन सन्न्यासि खाञ्छ, तेसका शुद्धिका लागि प्राजापत्य कृच्छ्रको विधान गरिञ्छ ।

१५. सन्न्यासिको अन्न ब्राह्मणले खान हुँदैन र मठाधीश सन्न्यासिलाइ छुन पनि हुँदैन

सन्न्यासिले अन्नदान गर्न हुँदैन, अन्नदान गर्ने सन्न्यासि नरकमा पर्छ अन्नदानपरायण सन्न्यासि दानद्वारा तेस सन्न्यासिलाइ त्यो अन्न दिनेलाइ, अन्नलाइ, आँफुलाइ र त्यो अन्न लिनेलाइ इ चारैलाइ पिर्छ, सन्न्यासिको अन्न खाने ब्राह्मणले चान्द्रायण प्रायश्चित्त गर्नपर्छ, सन्न्यासिको अन्न, सन्न्यासिका भाँडामा परेको अन्न, सन्न्यासिका प्रेरणाले प्राप्त भएको अन्न पनि खान हुँदैन, ति अन्नमध्ये कुनै एक अन्न पनि खाएमा चान्द्रायण गर्नपर्छ; सन्न्यासिका मठमा ब्राह्मणादिले अन्न खान हुँदैन, खाएमा चान्द्रायण प्रायश्चित्त गर्नपर्छ, मठाधीश सन्न्यासिलाइ छोएमा आँफ्ना शुद्धिका लागि आँफुले तेसवेला लगाएका लुगासमेत धोइ पछारि स्नान गर्नपर्छ भन्ने पनि शास्त्रशिष्टवचन देखिञ्छन् । जस्तै–

(क) अन्नदान गर्नेवाला सन्न्यासि र वस्त्रादिको दान लिने सन्न्यासि ति दुवै मन्दबुद्धि (आँफ्ना आश्रमका धर्मको राम्रो ज्ञान नभएका) हुनाले दुर्गन्धि नरकमा सुल्पुग्नेवाला हुन् ।

(ख) अन्नदानपरायण सन्न्यासिले दानद्वारा त्यो अन्न सन्न्यासिलाइ दिनेवालालाइ, अन्नलाइ, आँफुलाइ र जसलाइ अन्न दिञ्छ तेसलाइ पनि खति गराउँछ ।

(ग) मौरिले भैँ भिक्षा बटुलेर जुन सन्न्यासिले ब्राह्मणलाइ दिञ्छ, त्यो सन्न्यासि नरक जाञ्छ, तेस्तो अन्न खाने ब्राह्मणले शुद्धिका लागि चान्द्रायणकृच्छ्र गरोस् ।

(घ) सन्न्यासिको अन्न, सन्न्यासिका भाँडामा रहेको अन्न, सन्न्यासिका प्रेरणाले जुन अन्न प्राप्त भएको छ त्यो अन्न एति तिन प्रकारका अन्न खान योग्य हुँदैनन्, इ तिन अन्नमध्ये कुनै अन्न खाने ब्राह्मणले चान्द्रायणकृच्छ्र गरोस् ।

(ङ) आचाररहित ब्राह्मणको अन्न, पतित माञ्छेको अन्न, सन्न्यासिको अन्न, शूद्रको अन्न र विधवाको अन्न पनि कुकुरको मासुजस्तो हो ।

(च) सन्न्यासिका मठहरुमा अन्न खान योग्य हुँदैन, खाएमा चान्द्रायणकृच्छ्र गरोस्, मठाधीश सन्न्यासिलाइ छोएमा शुद्धिका लागि लाएका वस्त्र सहित नै स्नानार्थ जलमा डुबोस् ।

१६. सन्न्यासिले दान दिन-लिन हुँदैन

वेदमार्गका सन्न्यासिले कुनै द्रव्य, वस्त्र, गृह, भूमि इत्यादि पनि आँफुले दान लिन पनि हुँदैन, अरुलाइ दान दिन-लगाउन र दान लिन-लगाउन पनि हुँदैन भन्ने पनि वेदादिशास्त्रको निश्चित व्यवस्था छ । जस्तै–

(क) सन्न्यासिले दान नलिनु, अरुलाइ पनि दान नदिलाउनु, कैलेइ पनि सपनामा पनि सन्न्यासिले कसैलाइ पनि दान दिन-लिन प्रेरणा नगर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ख) आर्काका लागि पनि सन्न्यासिले दान लिन हुँदैन, कुनै प्रकारले पनि दान दिन पनि हुँदैन ।

(ग) एक कौडि मात्र पनि दान लिने र सङ्ग्रह गर्ने गरेमा तेस-तेस स्थलमा दिन-दिनै हजार गाइ मारेको पाप सन्न्यासिलाइ लाग्छ, यो सनातन श्रुति हो ।

१७. सन्न्यासिले कुनै द्रव्यको पनि सङ्ग्रह गर्न हुँदैन

वेदमार्गको सन्न्यासि मुण्डित, केइ कुरामा पनि स्वत्व नराख्ने, क्रोधरहित र सर्वथा सङ्ग्रहरहित हुनपर्छ; हिरण्य (नगद) सङ्ग्रह गर्ने सन्न्यासिलाइ त देख्नेले पनि आँफ्नो शुद्धिका लागि लगाएका लुगासमेत धोइ पछारि स्नान गर्नपर्छ, कुनै पनि सम्पत्ति लिने सन्न्यासि नराधम हो र त्यो एक महाकल्पसम्म घोर नरकमा पाक्छ, एक कौडि मात्र पनि सङ्ग्रह गरेमा सन्न्यासिलाइ दिनदिनै हजार गाइ मारेको पाप लाग्छ, द्रव्यसङ्ग्रह गर्ने सन्न्यासि अवश्य पतित हुन्छ र तेस्ता सन्न्यासिलाइ वेदमार्गका अरु सज्जन ब्रह्मचारि-गृहस्थ-वानप्रस्थ-सन्न्यासिहरुले बहिष्कार गर्नपर्छ र तेस्ता सन्न्यासिलाइ देखेमा तिनले आँफ्ना शुद्धिका लागि लगाएका लुगासमेत धोइ पछारि स्नान गर्नपर्छ इत्यादि भन्ने धर्मसूत्रादि शिष्टपरिगृहीत शास्त्रवचन छन् । जस्तै–

(क) सन्न्यासि मुडुलो, ममतारहित, नरिसाउने र केइ कुराको पनि सङ्ग्रह नगर्ने हुनु ।

(ख) त्यो सन्न्यासि अवश्य पतित हुन्छ, जुन सन्न्यासिको बुद्धिपूर्वक वीर्यत्याग र द्रव्यको सङ्ग्रह हुन्छ ।

(ग) जो सन्न्यासि भएर हिरण्य (नगत) सङ्ग्रहगर्छ तेसलाइ देख्दा मात्र पनि देख्नेले शुद्धिका लागि वस्त्रसहित जलावगाहनरूप स्नान गर्नु । सन्न्यासि भएर पनि धन लिने जुन अधम माञ्छे छ, त्यो सम्पूर्ण पृथिवी जल इत्यादि महाभूतहरु प्रकृतिमा विलीन नभइञ्जेल (महाप्रलय नभइञ्जेल, एक महाकल्पसम्म) भयङ्कर नरकमा पाक्छ ।

(घ) भूमि (जमिन), गाइ-गोरु, हिरण्य (सुन, चाँदि इत्यादि नगद द्रव्य) जुन सन्न्यासिका सङ्गृहीत द्रव्य छन्, तेस्तो पाप देखेर देख्ने माञ्छेले तेस्तो अनर्थ देख्दा हुन गएको पाप पखाल्न वस्त्रसहितै जलावगाहनरूप स्नान गरोस् ।

(ङ) तिल, धान, हिरण्य (नगद), गाइ, भूमि, दासी, घर इत्यादि जो सन्न्यासिका लागि सङ्ग्रह गर्न धर्मशास्त्रले निषेध गरेका वस्तु छन्, तिनलाइ लिएर जुन सन्न्यासिले भोग गर्छ, तेस सन्न्यासिलाइ त्यागिदिनु । त्यो सन्न्यासि वैदिक-सनातन-वर्णाश्रमधर्मका साधनामा लागेका सज्जनहरुका लागि बहिष्कार्य हुन्छ, त्यो सन्न्यासि स्मृतिशास्त्रमा पतित मानिएको छ; ब्रह्माजिले वेद-स्मृति-पुराणशास्त्रद्वारा स्थापित गरेको मर्यादालाइ तोडेको तेस सन्न्यासिलाइ देखेर तेसलाइ देख्दा भएको प्रत्यवाय हटाउन वस्त्रसहित जलावगाहनरूप स्नान गर्नु ।

१८. सन्न्यासिलाइ भूमि हिरण्य रत्न अश्वादिवाहन सेतो वस्त्र इत्यादि दिने व्यक्ति नरक पर्छ

वेदमार्गका सन्न्यासिलाइ भूमि, हिरण्य, रत्न, अश्वादिवाहन, शुक्लाम्बर, कन्या इत्यादि दान गर्नाले दाता पनि नरकमा पर्छ भन्ने स्मृतिवचनहरु पाँइञ्छन् । जस्तै–

(क) सन्न्यासिलाइ काञ्चन (सुन चाँदि इत्यादि नगद) दिएर, ब्रह्मचारिलाइ पानसुपारि दिएर तथा चोरहरुलाइ अभयदान दिएर दिनेवाला पनि नरक जाञ्छ ।

(ख) सेतो वस्त्र, हात्ति घोडा रथ साइकल मोटरसाइकल मोटरकार डोला तामदान इत्यादि यान (वाहन), पानसुपारि, सुन चाँदि तामो पित्तल काँसो ढलोट फलाम इत्यादि धातु दान लिएर सन्न्यासिले आँफु जन्मेको कुललाइ र जस्को दान लिएको छ तेस्को कुललाइ पनि नष्ट गराउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) कन्या, भूमि, सुन, रत्न, घोडा, हात्ति, अरु वाहन, अरु सङ्ग्रहद्रव्य जो छन्, सन्न्यासिलाइ वा ब्रह्मचारिलाइ दिइएका छँदा ति द्रव्य दिनेवाला गृहस्थका लागि नरक दिनेवाला हुञ्छन् ।

१९. सन्न्यासिले धेरै शिष्य जोड्न र व्याख्यान प्रवचन गर्ने गर्न हुँदैन

वेदमार्गका सन्न्यासिले धेरै शिष्यहरुसित सम्बन्ध गर्ने, अनेक प्रकारका ग्रन्थहरु पड्ने बानि गर्ने, व्याख्यान-प्रवचनहरु गर्ने गर्न पनि हुँदैन, तीर्थसेवि हुन, उपवासपरायण हुन र कुनै कर्तव्यमा बाँधिन पनि हुँदैन, सन्न्यासिले केवल श्रवण-मननादि मात्र गर्नपर्छ इत्यादि भन्ने वेदादिशास्त्रको निश्चित उपदेश छ । जस्तै–

(क) सन्न्यासिले शिष्यहरुको सङ्ग्रह नगर्नु, धेरै ग्रन्थहरुको अभ्यास नगर्नु, व्याख्यान-प्रवचनहरुको उपयोग नगर्नु, कहिँ पनि कुनै प्रकारका पनि लोकसङ्ग्रहादि कार्यहरुको आरम्भ नगर्नु ।

(ख) सन्न्यासि सँधैं तीर्थको सेवा गर्ने नहुनु, उपवासपरायण पनि नहुनु, नानाग्रन्थ पड्नमा संलग्न पनि नहुनु, व्याख्यान-प्रवचन-परायण पनि नहुनु ।

(ग) पड्न पर्ने पनि केइ छैन, भन्न सुनाउन पर्ने पनि केइ छैन, कैलेइ पनि सुन्न पर्ने पनि केइ छैन; इ सबै कुराले सम्पन्न भएको माञ्छे नै वास्तवमा सन्न्यासि हुञ्छ, आर्को (पड्न पर्ने, भन्न पर्ने, सुन्न पर्ने काम बाँकि भएको माञ्छे) सन्न्यासि हुँदैन ।

(घ) गृहस्थको स्वशाखाश्रुतिसूत्रादिविहित नित्य-नैमित्तिक कर्मको त्याग, ब्रह्मचारिको अग्निपरिचरण-भिक्षायाचनादि व्रतको त्याग, वानप्रस्थको ग्रामीण-अन्नवस्त्रोपभोगादि ग्रामसेवा, सन्न्यासिका विविधकार्यकरण-लेखनादि हस्तचापल, व्याख्यान-प्रवचनादि वाक्चापल, तीर्थभ्रमणादि पादचापल, चक्षुश्चापल, श्रोत्रचापल इत्यादि इन्द्रियचापल जो जसका हुञ्छन्, ति एस्ता आश्रमिहरु आश्रमधर्मको उपहास गराउने निन्दनीय आश्रमिहरु हुन्, परमेश्वरका मायाले गर्दा विशेष रूपमा मूढ हुन पुगेका ति आश्रमिहरुलाइ सज्जनले दया गरेर उपेक्षा (बेवास्ता) गरिदिनु ।

(ङ) सन्न्यासिको केइ पनि लौकिक कर्तव्य छैन, छ भने त्याँहाँ धर्मसाङ्कर्य हुन जाञ्छ, तेस कारणले सन्न्यासिहरुको आत्मतत्त्वको मननादिमा मात्र अधिकार छ ।

(च) सदा मौनधारण गर्ने, ब्रह्मचर्यको पालना गर्ने (स्त्रीस्मरणादि आठै प्रकारका मैथुनको परिहार गर्ने), दोहोरो बोलिचालिले रहित समेत भएर जसले सबैथोक ब्रह्ममय देख्छ, त्यो नै शास्त्रमा सन्न्यासि भनिएको छ ।

(छ) शौच गर्नु, स्नान गर्नु, भिक्षा माग्नु, सँधैं एकान्तको सेवन गर्नु इ चार मात्र सन्न्यासिले गर्ने काम हुन्, पाँचौं काम छैन ।

२०. सन्न्यासिले मञ्चमा र कुनै प्रकारका यानमा पनि चड्न हुँदैन

मेच, खटिया, मञ्च इत्यादिमा चड्नाले बस्नाले र कुनै पनि प्रकारका यानमा चड्नाले त वेदमार्गको सन्न्यासि पतितै हुञ्छ भन्ने पनि वेदको नै स्पष्ट उक्ति छ । यानहरुमा चडेकामा वेदमार्गका सन्न्यासिले सान्तपन-व्रतादि प्रायश्चित्त गर्नपर्छ भन्ने पनि शिष्टसम्मत शास्त्रवचन देखिञ्छ । जस्तै–

(क) १.मञ्च-मेच-कौच इत्यादिमा आरोहण, २.सेतो वस्त्र, ३.स्त्रीको चर्चा, ४.वाक्-पाणि-पाद-चक्षुः-श्रोत्रादि इन्द्रियको चपलता, ५.दिनमा शयन (निद्रा), ६.हात्ति, घोडा, रथ, डोला, तामदान, साइकल, मोटरसाइकल, मोटरकार, बस इत्यादि यानमा आरोहण इ ६ कुरा सन्न्यासिका पतनका कारण हुन् ।

(ख) हिँण्ने शक्ति हुँदाहुँदै तामदान घोडा हात्ति गोरु गाडा रथ इत्यादिमा स्वेच्छाले चडेमा प्रायश्चित्तका लागि सन्न्यासिले सए प्राणायामले सहित भएको सान्तपनकृच्छ्ररूप व्रत गर्नु, हिँण्ने शक्ति हुँदैनभएर उक्त प्रकारका यानमा चड्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यवाय हुन गएकामा एउटा प्राजापत्यकृच्छ्र नै पापनिरसन गर्नेवाला हुन्छ ।

२१. सन्न्यासिले लोकसङ्ग्रहका निम्ति काम गर्न हुँदैन

वेदमार्गका काषायवस्त्रादिलिङ्गधारि सन्न्यासिले आँफ्नो मोक्षका निमित्त नै सदा साधना गर्नपर्छ, अरु धर्म-अर्थ-कामका लागि र लोकसङ्ग्रहका लागि वा लोकोपकारका लागि पनि गृहस्थहरुसित सम्मिलित हुने, धार्मिक सङ्घसंस्था खडा गर्ने, तिनको संरक्षक हुने, अध्यक्ष वा सदस्य हुने, मठ-आश्रमहरु बनाउने, बनाउन लगाउने, विद्यालय-छात्रावास, औषधालय इत्यादि खोल्ने चलाउने वा खोल्न चलाउन लगाउने, भाषण-प्रवचन गर्ने इत्यादि कुनै कामको पनि आरम्भ गर्न हुँदैन, कुनै कुरामा पनि संलग्न हुन हुँदैन, सबै कुराको सर्वथा उपेक्षा गर्नपर्छ भन्ने वेदादिशास्त्रको निश्चित उपदेश छ । जस्तै–

(क) कुनै कार्यको पनि आरम्भ नगर्ने गृहस्थ र कार्यव्यस्त सन्न्यासि इ दुइटा आँफ्ना आश्रमधर्मका विपरीत कर्म गर्नाले विरक्त हुन सक्तैनन् (शोभित हुँदैनन्) ।

(ख) सन्न्यासिले कुनै फलका लागि गरिने कर्म, हिंसायुक्त कर्म जो छन् ति कर्म र लोकसङ्ग्रहका लागि गरिने धर्मकर्म पनि आँफुले गर्दै नगर्नु, अरुद्वारा पनि नगराउनु ।

(ग) तेस कारणले ब्रह्मज्ञानि सन्न्यासिले आत्माको श्रवणरूप पण्डितकर्म प्राप्त गरेपछि ज्ञान अध्ययन धार्मिकत्व इत्यादिको प्रख्यापनादि गर्ने समेतका दम्भ–दर्पले रहित भएका तथा इन्द्रियहरु प्रौढ नभएका बालकको चित्तजस्तो सरल चित्त लिएर बस्ने इच्छा गरोस् ।

(घ) श्रुतिमा 'बाल्येन तिष्ठासेत्' भनेको ज्ञान, अध्ययन, शास्त्रव्याख्यातृत्व, विद्या–धर्म–दर्शन–सदाचारप्रचारकत्व, धर्मसंस्थापकत्व इत्यादि कुराले युक्त रूपमा आँफुलाइ लोकका अगाडि प्रस्तुत नगरिकन बस्न इच्छा गरोस् भनेको हो भन्ने मानेमा मात्र उक्त श्रुतिमा विधान गरिएको प्रधान विषय ज्ञानाभ्याससित एस वाक्यको उपकार्य–उपकारकभावले समन्वय हुन सक्ने हुनाले तेस श्रुतिको तेस्तै अर्थ मान्नपर्छ ।

(ङ) सन्न्यासि उत्कट चिह्न र उत्कट आचार नभएको हुनु ।

(च) सन्न्यासि हिंसाको अथवा अनुग्रहको कुनै कामको पनि आरम्भ नगर्नेवाला हुनु ।

(छ) सन्न्यासिले एस लोकमा सुख, सुविधा, मान, प्रतिष्ठा, प्रसिद्धि इत्यादिको कामना नगर्ने र परलोकका स्वर्गसुखको पनि कामना नगर्ने भएर चल्नु ।

(ज) हे भूपते, सन्न्यासिले धर्म अर्थ काम इ तिन पुरुषार्थका लागि गरिने सबै कार्यारम्भहरुलाइ त्याग्नु, मित्र–शत्रु–उदासीन सबैमा तुल्य दृष्टि राख्ने हुनु, सबै नै प्राणिमा समदर्शि हुनु ।

(झ) भिक्षामाग्ने खबटो वा कतरो, रुखको फेदको वास, थोत्रो वस्त्र, सहायरहितत्व (एक्लोपना), सम्पूर्ण प्राणिमात्रको उपेक्षा (बेवास्ता) एति नै सन्न्यासिको लक्षण हो ।

(ञ) सन्न्यासिले मोर्नमा सुख पनि नमानोस्, बाँच्नमा सुख पनि नमानोस्, वेतनभोगि कर्मचारिले नियोजकको अरोटलाइ पर्खे झैं काल मत्रै पर्खोस् ।

(ट) सन्न्यासि जुनवेला हृदयले नै सम्पूर्ण पदार्थ प्रति इच्छारहित हुन्छ, तेसवेला एस लोकमा रहँदा र यो लोक छोडेपछि पनि शाश्वत (नित्यसिद्ध) सुख पाउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२२. सबै आश्रमका व्यक्तिले स्वधर्मको पालन गर्नपर्छ

सबै आश्रमका व्यक्तिले आँफ्ना-आँफ्ना आश्रमका धर्महरुको पालना गर्नाले नै उनिहरुको कल्याण हुन्छ, आँफ्ना आश्रमको धर्म छोड्नाले उनिहरु नरक पर्न पर्छ भन्ने वैदिकशास्त्रको उपदेश छ । जस्तै–

(क) सबै आश्रमिहरुका लागि आँफ्नो आश्रमको धर्मको पालन परम यशस्कर (सिद्धिदायक) हुन्छ, अविवेकि चित्त भएका माञ्छेहरु आँफ्ना धर्मबाट हीन भएर नरकमा पर्छन् ।

(ख) जसले आँफ्नो वर्णाश्रमादिको धर्म छोडेर आर्काका वर्णाश्रमादिको आचरण गर्छ, त्यों नै पाखण्ड हो भनेर जान्नपर्छ, त्यो सम्पूर्ण धर्मका फलबाट वञ्चित हुन्छ ।

(ग) धर्मबुद्धिले गरिएको भएपनि जुन कृत्यले आँफ्ना वर्णधर्मलाइ र आश्रमधर्मलाइ बाधा पार्छ तेस्तो *विधर्म*लाइ, आर्को वर्णका लागि वा आर्को आश्रमका लागि वा आर्को व्यक्तिविशेषका लागि शास्त्रले विधान गरेको *परधर्म*लाइ, माञ्छेले आँफ्नो आश्रमको धर्मभन्दा भिन्न रूपमा स्वेच्छाले गरिने *धर्माभास*लाइ, जैन-बौद्धादि पाखण्डको *उपधर्म* भनिने धर्मलाइ, शास्त्रका शब्दलाइ तोडमरोड गरेर सिद्ध गर्न खोजिएका *छलधर्म*लाइ समेत इ पाँचैलाइ अधर्मकै हाँगाबिँगा भन्ने जानेर धर्मविशेषज्ञले शास्त्रनिषिद्ध पातकलाइ भैं नै छोड्दिनु ।

(घ) हे राजन् अहिंसा, सत्यवचनादि, अरुको द्रव्य नलिने काम, शौच, इन्द्रियहरुको वशीकरण र आँफ्ना-आँफ्ना वर्णाश्रमादिको पालन सबै तीर्थहरुको यात्राको फल दिने हुन्छ ।

(ङ) तेस कारणले आँफ्नो वर्णका लागि धर्मशास्त्रले विधान गरेका धर्मको अनुष्ठान गर्ने र नित्य-नैमित्तिककर्मादि सदाचारको पालना गर्ने मनुष्यद्वारा नै परमात्मा आराधित हुन्छन् ।

(च) जो माञ्छे कर्मले मनले र वचनले पनि आँफ्नो वर्णको र आश्रमको विरुद्ध कर्म गर्छन् ति अनेक प्रकारका नरकहरुमा पर्छन् ।

२३. शास्त्रमा स्वधर्म भनेको मुख्य रूपमा वर्ण-वर्णको र आश्रम-आश्रमको आँफ्नो-आँफ्नो धर्म नै हो

स्वधर्म भनेको हिन्दुधर्म हो भनेर हिन्दुधर्मको मनगडन्ते परिभाषा बनाएर केवल आँफ्नो राजनीतिक दुनो सोज्याउने र ब्राह्मणादि वर्णाश्रमिहरुलाइ आँफ्नो वर्णधर्म र आश्रमधर्म छोडेर क्रिश्चियन-मुस्लिमहरुको सेवक भएर खान रमाउने बनाउनेतिर पनि लोकमा घनेरा माञ्छे लागेका देखिञ्छन् । किन्तु हाम्रा शास्त्रमा स्वधर्म भनेको मुख्य रूपमा आँफ्नोआँफ्नो वर्णधर्म र आश्रमधर्म नै हो । *"राम्ररि गरिएको परधर्मभन्दा विगुण (ठिक प्रकारले नगरिएको) भएपनि आँफ्नो धर्म नै बर्ता हितकारि हुन्छ, आँफ्नै धर्ममा रहेर मोर्नु कल्याणकारि हुन्छ, आर्काको धर्म गर्नु डरलाग्दो हुन्छ"* (गीता ३।३५, द्र.-१८।४७) भन्ने उपदेश गर्नेवाला कृष्णले गीतामा अर्जुनलाइ *"आँफ्नो धर्मको विचार गरेर तिमि विचलित हुन हुँदैन, क्षत्रियका लागि धर्मानुकूल युद्धभन्दा बर्ता कल्याणकारि आर्को काम छैन"* (गीता २।३१) इत्यादि वचनद्वारा आँफ्नो क्षत्रिय वर्णका धर्ममा अर्थात् युद्धमा डट्न भनेकाले समेत उक्त कुरा सबैले बुज्ने नै कुरा छ । तल प्रस्तुत पुराणवचनहरुबाट पनि स्वधर्म भनेको मुख्य रूपमा वर्ण-वर्णका र आश्रम-आश्रमका आँफ्ना-आँफ्ना शास्त्रोक्त सामान्य र विशेष धर्म नै हुन् भन्ने बुजिञ्छ–

(क) वर्णहरुका र आश्रमहरुका सामान्य र विशेषसहित जो फरक-फरक सदाचार छ त्यो स्वधर्म भनिञ्छ ।

(ख) श्रुति-स्मृति-पुराणहरुमा वर्णधर्मरूपले र आश्रमधर्मरूपले बताइएको सनातनधर्मको मनुष्यहरुले सदा राम्ररि पालना गर्नपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(ग) आँफ्नो धर्मकर्मबाट गिरेका तथा वर्णले र आश्रमले रहित भएका पापिहरु पिपले भोरिएका नरकमा दस हजार वर्षसम्म अवश्य दुःख पाउँछन् ।

(घ) पुण्य ब्राह्मणत्वलाइ त्यागेर लोभले मोहित भएर जुन ब्राह्मणहरु कुकर्मका आधारमा जीविका गर्छन् ति नरक जानेवाला हुन् ।

(ङ) जो माञ्छे कर्मले मनले र वचनले पनि आँफ्नो वर्णको र आश्रमको विरुद्ध कर्म गर्छन् ति अनेक प्रकारका नरकहरुमा पर्छन् ।

(च) ब्रह्मचर्याश्रम गृहस्थाश्रम वानप्रस्थाश्रम र सन्न्यासाश्रम इ चार आश्रमभन्दा बाहिरका र वेदोक्तधर्मभन्दा बाहिरका जो माञ्छे छन्, जो विकर्मले जीविका चलाउँछन् ति सबै नरक जानेवाला हुन् ।

(छ) आँफ्ना धर्मबाट च्युत भएको ब्राह्मण छादेको वस्तु खाने राँकेभुतरूपको प्रेत हुन पुग्छ, आँफ्ना धर्मबाट च्युत भएको क्षत्रिय अपवित्र मुर्दा खाने कटपूतन भन्ने प्रेत हुञ्छ, आँफ्ना धर्मबाट च्युत भएको वैश्य पिप खाने मैत्राक्षज्योतिक नामको प्रेत हुञ्छ, आँफ्ना धर्मबाट च्युत भएको शूद्र चैलाशक नामको प्रेत हुञ्छ ।

मैत्रायणीयोपनिषद्मा पनि आश्रमधर्ममा व्यवस्थित हुनु नै तपस्वि हुनु हो भन्ने कुरा गरि स्पष्ट रूपमा आँफ्ना-आँफ्ना वर्णका र आश्रमका धर्मलाइ नै स्वधर्म भनिएको देखिञ्छ । जस्तै–

वेद पढ्नु, स्वधर्मको आचरण गर्नु, आँफ्ना आश्रममा क्रियाशील हुनु स्वधर्मको मुख्य व्रत एइ हो, एसबाट ऊर्ध्वगति हुञ्छ, अन्यथा अधोगति हुञ्छ, वेदमा बताएको स्वधर्म एइ वर्णाश्रमधर्म हो; आँफ्नो धर्मको अतिक्रमण गर्ने त आश्रमि नै हुँदैन, आश्रममा नै व्यवस्थित नभएको व्यक्तिलाइ तपस्वि भन्न उचित हुँदैन; तपस्या नै नभएका व्यक्तिको आत्मज्ञानलाभ वा कुनै कर्ममा सिद्धि हुने कुरै हुँदैन ।

शास्त्रीय वस्तुस्थिति उक्त प्रकारको भएको हुनाले जसले वर्णाश्रमधर्मव्यवस्था मान्दैन उसले वेद-स्मृति-पुराणशास्त्रहरुमा श्रद्धा गर्न मिल्दैन । उसका लागि चार्वाक, जैन, बौद्ध इत्यादि नास्तिकहरुका लागि भैँ नै वेद-स्मृति-पुराणशास्त्र सर्वथा त्याज्य हुन जाञ्छन् ।

२४. वर्णधर्म-आश्रमधर्मको अतिक्रमण गर्नेले श्रुति-स्मृति-पुराणोक्त धर्मको उपदेश गर्न सक्तैन

वर्णधर्म-आश्रमधर्मको अतिक्रमण गर्नेले श्रुति-स्मृति-पुराणोक्त धर्मको उपदेश गर्न सक्तैन । एस सम्बन्धमा 'स्वधर्मकै अतिक्रमण गरेर आँफै नरक पर्ने काम गर्नेले धर्मको के यथार्थ उपदेश गर्ला र !' भन्ने वैदिक आस्तिक-शिरोमणि कुमारिलभट्टका संस्कृत मूल भनाइलाइ पनि क्षत्रियेण भन्ने पदका स्थानमा सन्न्यासिना भन्ने पद राखेर तलको अनुवादको रूप दिएर मनन गर्नु राम्रै होला–

आँफ्ना आश्रमका धर्मको अतिक्रमण गरेर जसले वैदिक सन्न्यासि भएर पनि प्रवचनकर्तृत्व र प्रतिग्रहीतृत्व स्वीकारेको छ तेसले वैदिक धर्मको अविकारित रूपमा उपदेश गर्ला भन्ने के विश्वास, 'परलोकमा धर्मराजबाट नाना नरकयातनारूप कठोर दण्ड मिल्ने काम जानि-जानि गरिरहेका व्यक्तिलाइ टाडैबाट त्यागिदिनु, जसले आँफैलाइ ठग्छ, उ अरुको हितकारि कसरि हुन सक्ला' भन्ने कुरा भनिएकै छ ।

प्रवचनशील र प्रतिग्रहशील शाक्यसिंहको र सन्न्यासिको स्वधर्मातिक्रमण तुल्य नै हुञ्छ, शाक्यसिंहको स्वधर्मातिक्रमण, सन्न्यासिको स्वाश्रमातिक्रमण तेत्ति फरक हो ।

२५. आश्रमधर्मको अतिक्रमण गर्ने सन्न्यासिहरु पाखण्डि नै ठहर्ने देखिञ्छन्

उक्त प्रकारका शास्त्रीय स्थितिमा आँफ्नो आश्रमधर्मको कुनै आपत्ले वा बाध्यताले हैन स्वेच्छाले नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हाँसिखुसि अतिक्रमण वा परित्याग गर्ने र वेदमार्गका सन्न्यासि हुम् भन्ने सन्न्यासिहरु वेद-स्मृति-पुराणका व्यवस्थाहरुलाइ बुटले कुल्चने वाहादुरहरुका वा वर्णाश्रमको ठेगानै नभएका व्यक्तिहरुका वा अज्ञहरुका दृष्टिमा जे ठहरे पनि वैदिक शास्त्रीय व्यवस्थाका विज्ञहरुका दृष्टिमा त पाखण्डि नै ठहर्ने देखिञ्छन् ।

वैदिक-सनातन-वर्णाश्रमधर्ममा सन्न्यासिहरुका धर्मको वेदादिशास्त्रले गरेको व्यवस्था उक्त प्रकारको भएकाले र लोकमा वेदमार्गका सन्न्यासि मानिएका साधु, सन्त, महात्मा, स्वामि इत्यादि भनिने आजभोलिका सन्न्यासिहरुबाट स्वेच्छाले उक्त व्यवस्थाको विपरीत आचरण गर्ने गरिँदा हाम्रा धर्ममा वेदादिशास्त्र नै प्रमाण हुन् र वेदादिशास्त्र नै हाम्रा वर्णाश्रमका आचारका व्यवस्थापक हुन् भन्ने सिद्धान्तमा खलल पर्न आउने खण्ड पर्न गएको देखिञ्छ । एसबाट हाम्रो वैदिक मूल शास्त्रीय धर्मको रक्षा वा पालन गर्नमा प्रतिकूल प्रभाव पर्न गएको देखापरेको छ । उपाकुर्वाण ब्रह्मचारिका र गृहस्थाका लागि वेदाध्ययनको र शुद्धवंश्य-सन्ततिको पालनपोषणशिक्षणादि आँफ्नो असाधारणधर्मको पालनाका लागि आवश्यक हुँदा अरु धर्मको यथाशक्ति अनुकल्परूपले पनि अनुसरण गर्न जसरी वेदादिशास्त्रले अनुमति दिएको छ, काषायवस्त्रादि लिङ्गधारि वैदिक सन्न्यासिका लागि विद्यालयस्थापनादि लोकसङ्ग्रहकर्म गर्ने अनुमति वेदादिशास्त्रले तेसरि दिएको देखिँदैन । एस्तै सबै कुराका विचारले पञ्चदशीकारले शास्त्रज्ञान तत्त्वज्ञान भएका व्यक्तिले पनि शास्त्रको लङ्घन गरेर स्वेच्छाले आचरण गर्ने हो भने आची खाने कुकुरको र तत्त्वज्ञानिको के भेद भयो र भनेका होलान् । पञ्चदशीकारले भनेका छन्–

तत्त्व बुजेर पनि काम-क्रोध-लोभ-मोह-मद-मात्सर्यहरुको सर्वथा त्याग गर्दैनौ भने कर्मविधान गर्ने शास्त्रका आदेशको लङ्घन गर्नेवाला तिम्रो त्यो स्वेच्छाचारिता ठहर्ने छ । अद्वैततत्त्व बुजेका विद्वान्ले पनि स्वेच्छाचारि भएर कामकुरा गर्ने हो भने अशुचि पदार्थ खाने विषयमा तत्त्वदर्शि व्यक्तिको र कुकुरको के भेद भयो र ?

तेसै भएर वैदिकहरुले वेदले र धर्मशास्त्रले प्रतिषेध गरेका काम कदापि नगर्नु भन्ने कुरा पुराणमा विशेष रूपमा भनिएको देखिञ्छ । जस्तै–

धर्मशास्त्रहरुले र वेदले पनि सङ्क्षेपमा निषेध गरेका काम वैदिकधर्मानुयायि माञ्छेले कैलेइ पनि भुलेर पनि नगर्नु ।

२६. मोक्षसाधनमात्रपरायणतारूप स्वधर्मको अतिक्रमण गरेमा सन्न्यासिहरुलाइ राजाले दण्ड गरि तिनलाइ तेस कामबाट निवृत्त गराउनपर्छ

मोक्षसाधनमात्रपरायणतारूप स्वधर्मको अतिक्रमण गर्ने सन्न्यासिलाइ राजाले दण्डित गरेर तेस कामबाट तिनलाइ निवृत्त गराउनु, राजाले तेसो नगरेमा अधर्मबाट बिटुलिएको धर्मले राजाकै हानि गर्छ, सन्न्यास लिएर आँफ्ना धर्ममा नबस्ने सन्न्यासिलाइ राजाले निदारमा कुकुरको खुट्टाको चिह्न डामेर देशनिकाला गर्नु इत्यादि भन्ने शास्त्रवचन देखिञ्छन् । जस्तै–

(क) विविध सन्न्यासहरुमा रहेका वृथा-आचरण गर्ने माञ्छेलाइ राजाले दण्ड दिएर वृथा-आचारणबाट निवृत्त गराउनु, किन भने अधर्मका मिसावटले बिटुलिएको धर्म उपेक्षित हुँदा शासकलाइ नै हानि पुऱ्याउने हुञ्छ ।

(ख) वेदविद्या पड्न ब्रह्मचर्याश्रममा बस्नु, सबैको पालना गर्न गृहस्थाश्रमि हुनु, मनको र इन्द्रिहरुको दमन गर्न वानप्रस्थ हुनु, मोक्ष सिद्ध गर्न सन्न्यासि हुनु; उक्त व्यवस्था छोडेर अन्यथा व्यवहार गर्ने वर्णाश्रमि जातिहरु राजाका दण्डनीय हुञ्छन् ।

(ग) सन्न्यास-आश्रम लिएर पनि जो आँफ्ना आश्रमका धर्ममा बस्तैन, तेसलाइ राजाले निदारमा कुकुरको खुट्टाको चिनो डामेर झट्टै नै देशनिकाला गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(घ) ब्राह्मणधर्म, ब्रह्मचारिधर्म, गृहस्थधर्म, सन्न्यासिधर्म इत्यादि धर्मका आधारमा जीविका चलाउने जो व्यक्ति आँफ्नो-आँफ्नो त्यो-त्यो धर्मका व्यवस्थाबाट च्युत हुञ्छ तेसलाइ पनि राजाले दण्ड दिएरै चेताउनु ।

(ङ) जो आँफ्नो धर्ममा बस्तैन त्यो बाउ होस् वा आचार्य (गुरु) होस् वा मित्र होस् वा आमा होस् वा पत्नी होस् वा छोरो होस् वा पुरेत होस् जोसुकै पनि राजाका लागि अदण्डनीय (दण्ड दिन नहुने) हुँदैन ।

२७. 'आद्य शङ्कराचार्य' र वैदिक-सन्न्यासिधर्म

